[illegible]


# एन्गेल्स

## परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति



एन्गेल्स · परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति

# एन्गेल्स



F Engels

सबै देशका मजदुरहरू, एक होऔं!

# फ्रेडरिख एन्गेल्स

# परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति

लुइस मोर्गनको अनुसन्धानको
परिप्रेक्ष्यमा

प्रगति प्रकाशन
मास्को

अनुवादक – राजेन्द्र मास्के

पाठकहरूमा अनुरोध

यस पुस्तकको सम्पादन र अनुवादसम्बन्धी आफ्ना मन्तव्य र सुझावहरू यसको ठेगानामा पठाउने अनुरोध गर्दछौं –

जुबोव्स्की बुलभार, १७,
मास्को, सोभियत संघ

Ф. Энгельс
ПРОИСХОЖДЕНИЕ СЕМЬИ, ЧАСТНОЙ СОБСТВЕННОСТИ И ГОСУДАРСТВА
на языке непали

F. Engels
THE ORIGIN OF THE FAMILY, PRIVATE PROPERTY AND THE STATE
in Nepali

रूसी भाषाबाट अनूदित •
प्रगति प्रकाशन • सन् १९८६

सोभियत संघमा मुद्रित

Э $\frac{0101010000-734}{014(01)-85}$ 220–86

## अनुक्रमणिका

सन् १८८४ मा प्रकाशित पहिलो संस्करणको भूमिका . . . . ८
सन् १८९१ मा प्रकाशित चौथो जर्मन संस्करणको भूमिका . . . ११
१. मानवजातिका प्रागैतिहासिक चरणहरू . . . . . . . . . १७
१) जंगली युग . . . . . . . . . . १८
२) बर्बर युग . . . . . . . . . . २०
२. परिवार . . . . . . . . . . . . . २५
३. इरोक्वा गोत्र . . . . . . . . . . . १००
४. यूनानी गोत्र . . . . . . . . . . . ११८
५. एथेन्समा राज्यको उत्पत्ति . . . . . . . . १३०
६. रोममा गोत्र तथा राज्य . . . . . . . . . १४४
७. केल्ट तथा जर्मन गोत्र . . . . . . . . . १५७
८. जर्मनहरूमा राज्यको उत्पत्ति . . . . . . . १७४
९. बर्बरता र सभ्यता . . . . . . . . . . १८६
टिप्पणीहरू . . . . . . . . . . . . २१४
नाम निर्देशिका . . . . . . . . . . . २३१
जाति नामानुक्रमणिका . . . . . . . . . २४६
साहित्यिक तथा पौराणिक पात्रहरू . . . . . . . २४७

# प्रकाशकीय

'परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति' पुस्तक एंगेल्सले सन् १८८४ को मार्चदेखि मेको अन्त्यसम्म – दुई महिनाभित्रमा लेख्नुभएको थियो।

मार्क्सले मानवशास्त्रीहरूको अध्ययन गर्दा अमेरिकी प्रगतिशील वैज्ञानिक लुइस हेनरी मोर्गनको 'प्राचीन समाज' पुस्तकसम्बन्धी विस्तृत टिप्पणीहरू लेखिएको कापी तैयार गर्नुभयो। यो पाण्डुलिपि मार्क्सले सन् १८८०-१८८१ मा तयार पार्नुभएको थियो र त्यसमा पुरै आलोचनात्मक टिप्पणीहरू एवम् उहाँका आफ्नै धारणाहरूको साथै अन्य लेखकहरूबाट लिएका धेरै सामग्रीहरू पनि सम्मिलित थिए। यस पाण्डुलिपिको अध्ययन गर्नुभएपछि र मार्क्स र उहाँले प्रतिपादन गर्नुभएको इतिहासको भौतिकवादी व्याख्या तथा प्राचीन समाजसम्बन्धी उहाँहरूको दृष्टिकोणको मोर्गनको पुस्तकले पुष्टि गरेको छ भन्ने कुरामा विश्वस्त हुनुभएपछि एंगेल्सले मार्क्सका टिप्पणीहरूको साथै मोर्गनको पुस्तकमा प्रस्तुत गरिएका केही निष्कर्षहरू तथा तथ्यहरूको प्रयोग गरी एउटा छुट्टै पुस्तक लेख्नुपर्ने आवश्यकता महसुस गर्नुभयो। यस कार्यलाई एंगेल्सले आफ्नो साथी मार्क्सको "अन्तिम अभिलाषाको पूर्ति" ठान्नुभएको थियो। पुस्तक लेख्ने क्रममा एंगेल्सले यूनान र रोम, प्राचीन आयरल्याण्ड र प्राचीन जर्मनीबारे आफूले गरेको अनुसन्धानबाट प्राप्त अतिरिक्त विभिन्न थप सामग्रीहरू पनि प्रयोग गर्नुभएको थियो।

एंगेल्सले आफ्नो यस कृतिमा मार्क्सवादी साहित्यमा पहिलो पटक ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट परिवारको विकासमाथि प्रकाश पार्नुभयो। परिवारलाई ऐतिहासिक तत्त्वको रूपमा विश्लेषण गर्दै उहाँले परिवारका विभिन्न रूपहरू – प्राचीन सामूहिक विवाहदेखि लिएर निजी स्वामित्वको उत्पत्ति भएपछि प्रचलनमा आएको एकविवाह प्रथासम्म – सामाजिक विकासका विभिन्न चरणहरूसितको सम्बन्ध तथा उत्पादन पद्धतिमाथि यी रूपहरूको निर्भरताको उद्घाटन गर्नुभयो। उत्पादन शक्तिहरूको विकास हुँदै गएअनुसार सामाजिक व्यवस्थामाथि वंश-सम्बन्धको प्रभाव घट्दै गयो र निजी स्वामित्वको प्रादुर्भाव भएपछि त्यस्तो समाजको उत्पत्ति भयो, जसमा "पारिवारिक व्यवस्था स्वामित्वका सम्बन्धहरूमा पूर्णतः निर्भर हुन्छ" ('हेर्नुस्' यस संस्करणको पृ० ६)।

एंगेल्सले कुशलता पूर्वक भविष्यको पनि परिकल्पना गर्नुभयो। उहाँले निजी स्वामित्वको प्रभुत्व कायम रहेको अवस्थामा हुने नारीहरूको असमान स्थितिको आर्थिक कारण अस्पष्ट्याउनुभयो र पूँजीवादी उत्पादन प्रणालीको उन्मूलन भएपछि मात्र नारीले वास्तविक स्वतन्त्रता प्राप्त गर्न सक्नेछिन् भन्ने कुरा देखाउनुभयो। एंगेल्सका अनुसार, समाजवादी समाजमा मात्र, जहाँ सामाजिक उत्पादनमा नारीको सहभागिता रहन्छ, सामाजिक जीवनका समस्त क्षेत्रमा नारी र पुरुषका बीचमा पूर्ण समानता हुन्छ, नारी परतन्त्रको बोझबाट मुक्त हुनेछिन् र त्यो बेला आउँदो नयाँ समाजले जन्माउँछ, पुरुष र नारीको पूर्ण समानता, एक अर्काप्रति आदरको भावना र सच्चा प्रेममा आधारित परिवारको सर्वोत्कृष्ट रूपको प्रादुर्भाव हुन्छ।

एंगेल्सको यस कृतिको अधिकांश भागमा स्वामित्वको उत्पत्ति र विभिन्न रूपहरूको विकासको विश्लेषण गरिएको छ। एंगेल्सले निजी स्वामित्वमा आधारित व्यवस्था नित्य होइन र मानव इतिहासको एक लामो अवधिसम्म उत्पादनका साधनहरूमाथि सामूहिक स्वामित्व रहेको थियो भन्ने कुरा सबल रूपमा प्रमाणित गर्नुभएको छ। एंगेल्सले उत्पादन शक्तिहरूको विकास एवम् श्रमको उत्पादनशीलताको वृद्धिको कारण मानिसले आफूलाई चाहिने भन्दा बढी उत्पादन गर्न सक्ने सम्भावना पैदा हुन्छ, जसको फलस्वरूप निजी स्वामित्व र मानिसद्वारा मानिसको शोषणको प्रादुर्भाव हुन्छ र यस प्रकारले समाज परस्परविरोधी वर्गहरूमा विभाजित हुन्छ भन्ने कुरा देखाउनुभएको छ।

राज्यको उत्पत्ति र सारतत्त्व नै एंगेल्सको यस कृतिको प्रमुख विषयवस्तु हो, यसको केन्द्रबिन्दु हो। एंगेल्सद्वारा यस समस्याको व्यापक अनुसन्धान राज्यसम्बन्धी मार्क्सवादी सिद्धान्तको अभिवृद्धिमा एक महत्त्वपूर्ण चरण थियो र यस दृष्टिकोणले हेर्दा यो भन्नु उहाँको यो पुस्तक 'लुइ बोनापार्टको अठारौं ब्रुमेर' र 'फ्रान्समा गृहयुद्ध' जस्ता मार्क्सका उत्कृष्ट कृतिहरू र त्यसपछि एंगेल्सकै 'ड्यूहरिङ मतखण्डन' जत्तिकै महत्त्वपूर्ण छ।

एंगेल्सको यो पुस्तक प्रत्यक्षतः ती वैज्ञानिकहरूको विरुद्ध लक्षित छ

को राज्यलाई सबै नागरिकहरूको हितको रक्षा गर्ने भनी गरिएको झुटो
कालदेखि शक्तिको रूपमा प्रस्तुत गर्ने कोशिश छन्। प्राचीन यूनान, प्राचीन
रोम तथा जर्मनीमा राज्यको उत्पत्तिको उदाहरणमा एंगेल्सले स्पष्ट तथा
तर्कपूर्ण ढङ्गले देखाउनुभएको छ – प्रथमतः उत्पत्ति कालदेखि नै राज्य शासक
वर्गको हातमा शोषितमाथि आधिपत्य कायम राख्ने हतियार बन्दै आएको छ, उसले
ती वर्गहरूको आधिपत्य कायम राख्ने हतियार बन्दै आएको छ, उसले
अध्ययनमा आधुनिक समयसम्मको आफ्नो प्रभाव कायम राखेका हुन्छन्। आफ्नो
कृतिमा एंगेल्सले राज्यका विभिन्न ऐतिहासिक रूपहरूको विश्लेषण गर्नुभएको
छ र विशेषतः पुँजीवादी प्रजातान्त्रिक गणराज्यको विश्लेषण गर्नुभएको छ,
जसलाई पुँजीवादका पक्षपोषकहरूले प्रजातन्त्रको सर्वोच्च प्रतिबिम्बको रूपमा
प्रस्तुत गरेका छन्। एंगेल्सले यस गणराज्यलाई प्रजातन्त्रको मुकुटमा चढाएर
राख्न खोजेका छन्।
यो पुँजीवादी व्यवस्थाको एक ढाँचाको रूपमा प्रस्तुत गर्नुभएको छ।

मजदुर आन्दोलनका कार्यकर्ताहरूको विशिष्ट हितमा र
विशेषतः जर्मन सामाजिक-जनवादका अवसरवादी तत्वहरूका विरुद्ध सैद्धान्तिक
संघर्षमा एंगेल्सले यहाँ आह्वान गर्नुहुन्छ, पुँजीवादी
राज्यको संसदीय व्यवस्था जहाँसम्म यही आह्वान गर्छ एंगेल्स भन्नुहुन्छ,
पुँजीको सत्ता कायम रहन्छ, कुनै पनि प्रकारको प्रजातान्त्रिक स्वतन्त्रताले
श्रमिक जनतालाई स्वतः मुक्ति प्रदान गर्न सक्दैन। त्यसको साथै उहाँले
सर्वहारावर्गको लागि प्रजातान्त्रिक स्वतन्त्रताको संरक्षण तथा विस्तारलाई
पुँजीवादविरुद्धको संघर्षमा अत्यन्तै महत्वपूर्ण ठान्नुभएको छ, जसले समाजका भावी
क्रान्तिकारी रूपान्तरणको लागि उपयुक्त परिस्थितिको सिर्जना गर्छ।

उत्पादन शक्तिहरूको विकासक्रमअनुरूप सम्पत्ति सम्बन्धको
उत्पादन पद्धति पनि बदलिँदै जान्छ र त्यसैले निजी सम्पत्ति र वर्ग-
विभाजन पद्धति पनि बदलिँदै जान्छ र समाजको विकासक्रममा अनिवार्य
नियमको उत्पत्ति र परस्परविरोधी वर्गहरूमा समाजको विभाजनले अनिवार्य
र निर्वाचित रूप लिन पुग्छ भन्ने कुराको विश्लेषण गर्दै एंगेल्सले आफ्नो
पुस्तकमा पुँजीवादी समाजमा उत्पादक शक्तिहरूको उच्चस्तर विकासले निजी
स्वामित्व र शोषक वर्गहरूलाई लगातै अनिवार्यतासाथ उत्पादनको विकासमा
प्रत्यक्ष बाधक बनाइदिन्छ भन्ने कुरो र मार्क्सको सिद्धान्तअनुसारको निष्कर्षलाई
विकसित गर्नुभएको छ। यसले सर्वहारा वर्गको अनिवार्यताको पुष्टि
गर्दछ र पुँजीको शोषणमूलक पुँजीवादी राज्यतन्त्रको पतन भएर सत्ताको स्थापना
गर्ने विधिको राज्यको – सर्वहारा अधिनायकत्वको, जुन प्रजातन्त्रको
सर्वोच्च रूप हो – स्थापनाद्वारा मात्र यो क्रान्ति सफल हुन सक्दछ भन्ने कुरा
मार्क्स र एंगेल्सले बारम्बार दोहोर्‍याउनुभएको थियो।



राज्यसम्बन्धी मार्क्सवादी सिद्धान्तलाई, जुन एंगेल्सले यति परिष्कृत रूपमा
प्रस्तुत गर्नुभएको थियो, पछि गएर नयाँ ऐतिहासिक युगको मागअनुरूप
लेनिनले आफ्नो महान कृति 'राज्य र क्रान्ति' मा थप विकसित
गर्नुभएको थियो।

सन् १८९० मा आदिम समाजको इतिहाससम्बन्धी नयाँ सामग्री जम्मा
भएपछि एंगेल्सले आफ्नो पुस्तकको नयाँ संस्करणको लागि तयारी गर्ने
काम थाल्नुभयो। यस संस्करणको तयारी क्रममा उहाँले प्रस्तुत विषयमा प्राप्त
सम्पूर्ण नवीनतम सामग्रीको अध्ययन गर्नुभयो। उहाँले रूसी वैज्ञानिक मार्क्सिम
कोभालेभ्स्कीका रचनाहरूको पनि अध्ययन गर्नुभएको थियो। प्रथम
संस्करणमा र विशेषतः परिवारसम्बन्धी परिच्छेदमा, जसमा पुरातत्वविज्ञान
तथा नृवंशशास्त्रका नवीनतम उपलब्धिहरूमाथि ध्यान दिइएको छ, उहाँले
थुप्रै परिवर्तन र सुधारहरू गर्नुको साथै धेरै नयाँ अंशहरू पनि थप्नुभयो।
परन्तु ती परिवर्तनहरू र संशोधनहरूले एंगेल्सले प्रस्तुत गर्नुभएका निष्कर्ष-
माथि कुनै प्रभाव पारेनन्। नयाँ वैज्ञानिक तथ्यहरूले झैँ पनि तिनै निष्कर्ष-
हरूको पुष्टि गरे, ती निष्कर्षहरूको महत्व बढाएको मात्र हो। हुन त मोर्गनको
पुस्तकबाट उद्धृत केही कुराहरूमा नयाँ वैज्ञानिक तथ्यहरूको परिप्रेक्ष्यमा
विशिष्ट संशोधनहरू गर्नु आवश्यक थियो (उदाहरणको लागि, मोर्गनद्वारा
प्रस्तुत इतिहासको वर्गीकरण तथा परिभाषाहरू), तर विज्ञानको भावी विकासले
पनि एंगेल्सको कृतिमा प्रस्तुत प्रमुख धारणाहरूलाई पूर्ण रूपले सही सिद्ध
गर्ने कुरा नै प्रमाणित गर्‍यो।

एंगेल्सको पुस्तकको चौथो, संशोधित तथा परिवर्धित संस्करण सन्
१८९१ को अन्तमा स्टुटगार्टबाट प्रकाशित भयो र त्यसपछि यस पुस्तकमा
कुनै पनि परिवर्तन गरिएन; एंगेल्सले यस पुस्तकको लागि एउटा नयाँ
भूमिका पनि लेख्नुभएको थियो (हेर्नुस्, प्रस्तुत संस्करण, पृ० १९)।

प्रस्तुत संस्करण सन् १८९१ मा प्रकाशित चौथो जर्मन संस्करणअनुसार
छापिएको छ र यसमा पहिलो तथा चौथो जर्मन संस्करणको लागि लेखिए-
का भूमिकाहरू पनि सामेल गरिएका छन्।

# सन् १८८४ मा प्रकाशित पहिलो संस्करणको भूमिका

निम्न अध्यायहरू केही मात्रामा एक अन्तिम अभिलाषा पूरा गर्ने प्रयास- को रूपमा प्रस्तुत गरिएका छन्। स्वयम् कार्ल मार्क्सले मोर्गनको अनुसन्धान- का परिणामहरूलाई इतिहासको भौतिकवादी अध्ययनको रूपमा आफ्नो (म भन्न सक्छु, केही मात्रामा हामी दुवै जनाले) प्राप्त गरेका तथ्यहरू- सित सम्बद्ध गर्न चाहनुभएको थियो र केवल यसै प्रकारले मात्र तिनको सम्पूर्ण महत्व स्पष्ट पार्न चाहनुभएको थियो। वास्तवमा मोर्गनले अमेरिकामा इतिहासको त्यस भौतिकवादी धारणाको आफ्नै तरिकाले पुनः आविष्कार गरे, जुन मार्क्सले चालीस वर्षअघि नै उद्घाटन गरिसक्नुभएको थियो र यसै धारणाको आधारमा बर्बर युग र सभ्य युगको तुलना गर्दै मुख्यमुख्य कुँदाहरूमा उनी तिनै नतिजामा पुगे, जुन नतिजामा मार्क्स पुग्नुभएको थियो। जसरी जर्मनीका अधिकृत अर्थशास्त्रीहरूले वर्षौंसम्म ठूलो उत्साहपूर्वक 'पूँजी' बाट चोरी गर्ने तर त्यस पुस्तकलाई भने लगातार चुप्पीको षड्यन्त्रद्वारा [illegible] गर्ने कोशिश गर्दै आए, बेलायतको "प्रागैतिहासिक" विज्ञानका प्रवक्ता- हरूले पनि मोर्गनको 'प्राचीन समाज' पुस्तकप्रति* त्यही व्यवहार गरेका छन्। मेरो यस रचनाले केही मात्रामा त्यस अभावको पूर्ति गर्न सक्ला, जुन

* «Ancient Society, or Researches in the Lines of Human Progress from Savagery through Barbarism to Civilization» by Lewis H. Morgan, London, Macmillan and Co., 1877 (लुइस हेनरी मोर्गन, 'प्राचीन समाज' अर्थात् असभ्यताबाट बर्बर युग हुँदै सभ्यताको युगसम्मको मानव प्रगतिसम्बन्धी अनुसन्धानहरू', लण्डन, म्याकमिलन एण्ड कम्पनी, सन् १८७७)। यो पुस्तक अमेरिकामा छापिएको थियो र लण्डनमा बेहुदा प्रकारले पाइन्छ। केही वर्ष अघि लेखकको मृत्यु भयो।



गर्न पूरा गर्ने मौका मेरा दिवंगत मित्रले पाउनु भएन। तर मार्क्सले मोर्गन- बाट पुस्तकबाट सारिएका सामग्रीमा उद्धरणहरूको (१) आफ्नै समालोचना- को टिप्पणीहरू जस्ता सम्बन्धित छन् र यसैले [illegible] त्यहीँको आलोचनात्मक टिप्पणीहरू जस्ता संगाँ छन् र मैले जहाँसुकै सम्भव भयो त्यहाँ तिनलाई यहाँ उद्धृत गरेको छु।

भौतिकवादी धारणाअनुसार तात्कालिक जीवनको उत्पादन र पुनरुत्पादन नै इतिहासमा अन्ततोगत्वा निर्णायक तत्वको रूपमा रहेका हुन्छन्। तर यसको आफ्नो दुई प्रकारको हुन्छ। एकातर्फबाट जीवन धारणको उत्पादन अर्थात्, भोजन, वस्त्र तथा आवासहरूका साधनहरू र त्यसका लागि आवश्यक औजारहरू उत्पादन हुन्छन् भने अर्कोतर्फ, स्वयम् मानवको उत्पादन, वंश वृद्धि हुन्छ। जुन सामाजिक व्यवस्थाअन्तर्गत कुनै निश्चित ऐतिहासिक युग र कुनै निश्चित देशका मानिसहरू बाँचेका हुन्छन्, त्यो व्यवस्था उत्पादनद्वारा अर्थात् एकातिरबाट श्रमको विकासको अवस्थाद्वारा र अर्कोतिरबाट परिवारको विकासको अवस्थाद्वारा निर्धारित हुन्छ। श्रम जति अविकसित अवस्थामा हुन्छ, त्यसको उत्पादनको परिमाण जति सीमित हुन्छ र फलतः सामाजिक सम्पदा जति कम हुन्छ, त्यतिकै बढी सामाजिक व्यवस्था वंशगत सम्बन्धहरूमा निर्भर रहन्छ। त्यसका बावजूद वंशात्मक सम्बन्धहरूमा आधारित यस सामाजिक ढाँचाको परिधि- भित्र श्रमको उत्पादनशीलता क्रमशः विकसित हुँदै जान्छ र यसको साथै निजी स्वामित्व र विनिमय, आर्थिक विषमता, अर्कोको श्रमशक्तिको प्रयोग गर्ने सम्भावना आदि पनि बढ्दै जान्छन् र यसै कारणले वर्गीय अन्तरविरोध- हरूको आधार पनि बढ्दै जान्छ—नयाँ सामाजिक तत्वहरूले कैयौं पिँढीहरूको सिलसिलामा पुरानो सामाजिक व्यवस्थालाई नयाँ स्थिति-अनुकूल बनाउने प्रयास गर्दै जान्छन् र अन्ततोगत्वा यी दुवैको पारस्परिक विरोधले पूर्ण परिवर्तनको स्थितिमा पुऱ्याउँछ। वंशात्मक सम्बन्धहरूमा आधारित पुरानो समाज र नवोदित सामाजिक वर्गहरूबीचको टक्करको फलस्वरूप विस्फोट हुन्छ। राज्यको रूपमा संगठित एक नयाँ समाजले त्यसको स्थान लिन्छ, जसका निम्नस्तरीय एकाइहरू वंशात्मक सम्बन्धहरूमा नभएर क्षेत्रीय एकीकरणमा आधारित हुन्छन्—यस समाजमा पारिवारिक व्यवस्था स्वामित्वका सम्बन्ध- हरूमा पूर्णतः निर्भर हुन्छ, अनि त्यसपछि वर्गीय अन्तरविरोधहरू र वर्गसंघर्षले स्वतन्त्रतापूर्वक विकास गर्दछन् र हाम्रो अहिलेसम्मको सम्पूर्ण लिखित इतिहासको सार पनि यही हो।

मोर्गनको महान् देन के कुरामा छ भने उनले हाम्रो लिखित इतिहासको

गत प्रागैतिहासिक आधारका आम लक्षणहरूको पुनर्उद्घाटन गरे र उत्तरी अमेरिकाका आदिवासीहरूका वंशात्मक सम्बन्धहरूबाट प्राचीन यूनान, रोम तथा जर्मनीको इतिहाससम्बन्धी अहिलेसम्म पूरा नखोलिएका महत्वपूर्ण रहस्यहरूको कुञ्जी पत्ता लगाए। उनको पुस्तक एक दिनको परिश्रमको फल होइन। झण्डै चालीस वर्षको अध्ययनको सिलसिलामा उनले सम्पूर्ण सामग्री पूर्णतः आत्मसात गरेका थिए। यसै कारणले उनको यो पुस्तक हाम्रो समयका अति विरला युगान्तरकारी कृतिहरूमध्ये एक मानिएको छ।

प्रस्तुत रचनामा के कुरा मोर्गनले पत्ता लगाएका हुन् र के मैले थपेको छु भन्ने कुरा पाठकले आफ्नै सजिलैसित छुट्याउन सक्नु हुनेछ। यूनान र रोमसम्बन्धी ऐतिहासिक खण्डहरूमा मैले आफूलाई मोर्गनद्वारा प्रस्तुत सामग्रीहरूमै मात्र सीमित नराखी आफूसित भएका सामग्रीहरू पनि थपेको छु। केल्टहरू र जर्मनहरूसम्बन्धी अध्यायहरू मुख्यतया मेरा आफ्नै हुन्; यी विषयहरूमा उपलब्ध जे जति सामग्री थिए ती प्रायः सबैजसो उनका आफ्ना थिएनन् र जहाँसम्म जर्मनहरूको प्रश्न छ, टासिटसको रचनाको अतिरिक्त, श्रीमान् फ्रीमनका निम्नकोटिका उदारवादी मिथ्याकरणहरूसिवाय अरू कुनै सामग्री उपलब्ध थिएन (२)। ती आर्थिक तर्कहरू, जुन मोर्गनले आफूलाई चाहिने उद्देश्यहरूको लागि पर्याप्त थिए, मेरो उद्देश्यको लागि पूर्णतः अपर्याप्त थिए, त्यसैले मैले शुरुदेखि नै ती तर्कहरूलाई नयाँ तरीकाले प्रस्तुत गरेको छु। अन्ततः, ती सम्पूर्ण निष्कर्षहरूको लागि, जहाँ प्रत्यक्षतः मोर्गनको भनाइ उद्धृत गरिएको छैन, म आफैं उत्तरदायी छु भन्ने कुरा स्वतःसिद्ध छ।

२६ मे १८८४ तिर लेखिएको।

| | |
|---|---|
| Friedrich Engels, «Der Ursprung der Familie, des Privateigenthums und des Staats». Hottingen-Zürich, 1884 | कार्ल मार्क्स र फ्रेडरिख एंगेल्स, सङ्कलित रचना संग्रह, द्वितीय ( रूसी ) संस्करण, खण्ड २१, पृ० २५-२७ बाट अनुदित। |

# सन् १८९१ मा प्रकाशित चौथो जर्मन संस्करणको भूमिका

## आदिम परिवारको इतिहासबारे
## ( बाखोफेन, मक-लेनन, मोर्गन )

यस पुस्तकका अघिल्ला बृहत् संस्करणहरू लगभग ६ महिनादेखि बजारमा उपलब्ध छैनन् र प्रकाशकले* मलाई नयाँ संस्करण तयार गर्ने अनुरोध गरेको पनि धेरै भइसक्यो। केही बढी जरूरी काममा व्यस्त रहनुपरेकोले अहिलेसम्म मलाई यो काम पूरा गर्न बाधा पुग्यो। पहिलो संस्करण प्रकाशित भएको सात वर्ष बितिसकेको र यस अवधिमा परिवारका आदिम रूपहरूको अध्ययनमा पनि व्यापक सफलताहरू प्राप्त भइसकेका छन्। त्यसैले पुस्तकको मूल पाठमा महत्वपूर्ण सुधारहरू र थप गर्नु आवश्यक हुन आयो। यो कुरा पनि विशेष रूपमा किन आवश्यक हुन गयो भने प्रस्तुत पाठको स्टेरियो-मुद्रण गरिने कुराले पुस्तकमा बढी हेरफेर गर्ने सम्भावनाबाट मलाई केही समयको लागि वञ्चित तुल्याउने भयो।

त्यसैले मैले ध्यानपूर्वक सम्पूर्ण पुस्तकको संशोधन गरेको छु र विभिन्न स्थानमा आवश्यक थप गरेको छु, जसमा, मलाई आशा छ, विज्ञानको वर्तमान स्थितिलाई पर्याप्त मात्रामा ध्यान दिइएको छ। यसको अतिरिक्त, यस भूमिकामा मैले बाखोफेनदेखि मोर्गनसम्म परिवारको इतिहाससम्बन्धी दृष्टिकोणहरूको कसरी विकास हुँदै आयो भन्ने कुराको संक्षिप्त विवरण पनि प्रस्तुत गरेको छु। मुख्यतया मैले किन यसो गरेको हुँ भने आदिम इतिहाससम्बन्धी बेलायती धाराका प्रतिनिधिहरूको आफ्नो अन्धराष्ट्रवादी प्रवृत्तिको फलस्वरूप मोर्गनको खोजले आदिम इतिहाससम्बन्धी दृष्टिकोणमा ल्याएको क्रान्तिप्रति मौन रहन यथाशक्य हरसम्भव प्रयास गर्दै छन्, तर पनि उनीहरू नै मोर्गनका निष्कर्षहरूलाई आफ्नो आविष्कारको रूपमा प्रस्तुत गर्नबाट कति पनि लाज मान्दैनन्। यस्तो अन्य देशहरूमा पनि कहीं-कहीं निकै उत्साहपूर्वक यस बेलायती उदाहरणको अनुकरण गरिंदै छ।

मेरो यस पुस्तकको अनुवाद विभिन्न विदेशी भाषाहरूमा गरिएको छ। सबभन्दा पहिले त इटालियाली भाषामा अनुवाद गरियो, जुन «L'origine

* इ० डिट्स—सं०

della famiglia, della proprietà privata e dello stato, versione riveduta dall'autore di Pasquale Martignetti» शीर्षकअन्तर्गत सन् १८८५ मा Benevento बाट प्रकाशित भइसकेको थियो। त्यसपछि इयोआन नेदेज्देद्वारा अनूदित रुमेनियाली अनुवाद यास्से शहरबाट प्रकाशित हुने पत्रिका Contemporanul ('समकालिक') का सेप्टेम्बर १८८५ देखि मे १८८६ सम्मको अङ्कहरूमा «Origina familiei, proprietatei private si a statului, traducere de Jean Nadejde» शीर्षकअन्तर्गत प्रकाशित भयो। अनि सन् १८८८ मा गेर्सन त्रियरको सम्पादनमा «Familjens, Privatejendommens og Statens Oprindelse, Dansk af Forfatteren gennemgaaet Udgave» शीर्षकअन्तर्गत कोपेनहेगनबाट डेनिश भाषामा यो पुस्तक प्रकाशित भयो। प्रस्तुत जर्मन संस्करणबाट अनरी राभेद्वारा अनूदित फ्रान्सेली संस्करण अहिले छापिँदै छ।

* * *

साठीँ दशकको शुरुसम्म परिवारको इतिहासबारे कुनै कुरा अस्तित्वमा थिएन। यस क्षेत्रमा इतिहास-विज्ञान अझै पूर्णतः मोजेजका पाँच पुस्तकहरू* प्रभावमा थियो। त्यहाँ कुनै ठाउँमा भन्दा बढी विस्तारपूर्वक त्यहाँ वर्णन गरिएको परिवारको पितृसत्तात्मक रूप नै निर्विवाद रूपमा परिवारको सबभन्दा प्राचीन रूप हो भनी स्वीकार मात्र गरिएको नभएर अझ, बहुविवाह-बाहेक, त्यसलाई आधुनिक बुर्जुवा परिवारकै रूपसरह मानिएको थियो। यसरी देखाइन्थ्यो मानौँ, वास्तवमा परिवारले कुनै पनि प्रकारको ऐतिहासिक विकास पार गरेको छैन। धेरैमा भए आदिम कालमा अव्यवस्थित यौन-सम्बन्धको एक अवधि अस्तित्वमा हुनसक्थ्यो भन्नेसम्म स्वीकार गरिन्थ्यो। निस्सन्देह, एक विवाहबाहेक पूर्वेली बहुपत्नीविवाह र भारत-तिब्बतीय बहुपतिप्रथाबारे पनि जानकारी थियो। तर यी तीनै प्रथालाई ऐतिहासिक क्रमअनुसार सुव्यवस्थित गर्न सकिँदैनथ्यो र तीनैलाई कुनै पनि परस्पर असम्बद्ध अस्तित्वमा रहेको रूपमा प्रस्तुत गरिएको थियो। केही प्राचीन जनजातिहरूमा पिताको नामबाट

* बाइबलमा उल्लिखित किंवदन्तीअनुसार, भविष्यवक्ता तथा कानूनदाता मोजेजले प्राचीन यहूदीहरूलाई मिश्रवासीहरूको दासताबाट मुक्त गरेर उनीहरूलाई धार्मिक ग्रन्थ प्रदान गरेका थिए। —अनु०



नभएर माताको नामबाट वंशावली बनाउने प्रथा थियो, जसमा नारी वंशा-नुक्रम मात्रै महत्त्वपूर्ण मानिन्थ्यो र अहिले पनि केही जङ्गली जातिहरूमा यो प्रथा कायमै छ। कतिपय आधुनिक जनजातिहरूमा निश्चित, केटाकेटी ठूला समूहहरूभित्र विवाह निषेध गरिन्छ र यस्तो प्रथा संसारभरि नै पाइन्छ भेट्टाइन्छ। हुन त यस्ता थेरै पनि यी तथ्यहरूबारे ज्ञान थियो र यस्ता उदाहरणहरू दिन अनिच्छित भइँदै थिए तर यस प्रकारको विस्तृत अनुसन्धान-मार्फ केहीकेही थिएन। यसरी यी तथ्यहरूको व्याख्या गर्ने हो भनेर पनि थिएन। एडवर्ड टाइलरको «Researches into the Early History of Mankind etc.» (सन् १८६५) मा समेत यी तथ्यहरूलाई केही जङ्गली जातिहरूका बीचमा प्रचलित अग्निद्वारा फलामको औजारले छुन नहुने प्रथा अथवा त्यस्तै अरू कुनै धार्मिक मूर्खताहरू सरह नै 'विचित्र प्रथाहरू' को रूपमा उल्लेख गरिएको छ।

सन् १८६१ मा बाखोफेनको पुस्तक 'मातृसत्ता' को प्रकाशनपश्चात् मात्र परिवारको इतिहाससम्बन्धी अध्ययन शुरू भएको हो। त्यस कृतिमा लेखकले निम्न प्रस्थापनाहरू प्रस्तुत गरेका छन् — १) शुरुमा मानवजातिमा यौन-स्वच्छन्दता कायम थियो र यस अवस्थालाई लेखकले "हेटेरिज्म" जस्तो अनुपयुक्त शब्दले चित्रण गरेका छन्; २) यस स्वच्छन्दताले गर्दा पिता को हो भन्ने कुरा निश्चित रूपमा छुट्याउन असम्भव थियो, त्यसैले माताको नामबाट—मातृसत्ताअनुसार मात्रै वंशावली बनाउन सकिन्थ्यो र शुरुमा सबै प्राचीन जनजातिहरूमा यही प्रथा प्रचलित थियो; ३) यसै कारणले गर्दा नयाँ पिँढीका एक मात्र निश्चित जन्मदाताको रूपमा आमा भएका नाताले उनको सम्मान तथा आदरको पात्र हुन्थे र बाखोफेनको विचार-अनुसार यस कुराले नारीको पूर्ण आधिपत्य gynaecocracy कायम गराएको थियो; ४) एकविवाह प्रथामा सङ्क्रमण गर्ने काम, जसको फलस्वरूप नारीमाथि पूर्णतः एउटै मात्र पुरुषको अधिकार रहन गयो, प्राचीन धर्मनिषेध-को उल्लङ्घन थियो (अर्थात् वास्तवमा त्यस नारीमाथि अन्य पुरुषहरूको प्राचीन परम्परागत अधिकारको उल्लङ्घन थियो), यस उल्लङ्घनको लागि प्रायश्चित्त गर्नुपर्थ्यो अथवा क्षतिपूर्तिको लागि ती स्त्रीले निश्चित अवधिसम्म परपुरुषहरूलाई सुम्पनुपर्थ्यो।

यी प्रस्थापनाहरूको प्रमाणस्वरूप बाखोफेनले अत्यावश्यक लगनशीलतासाथ प्राचीन साहित्यबाट सङ्कलन गरिएका कतिपय उद्धरणहरू प्रस्तुत गरेका छन्। उनको मतानुसार "हेटेरिज्म"बाट एक विवाहतर्फ र मातृसत्ताबाट पितृसत्तामा

सङ्क्रमण बाहकार्य युनानीहरूमा भैराइरहेछ, धार्मिक विचारधाराहरूको क्रमिक विकासको फलस्वरूप, पुरानो दृष्टिकोणको प्रतिनिधित्व गर्ने परम्परागत देवकुलमा नयाँ दृष्टिकोणको प्रतिनिधित्व गर्ने नयाँ देवताहरूको प्रवेश र नयाँ देवताहरूले पुराना देवताहरूलाई क्रमशः पछाडि धकेली पृष्ठभूमिमा नै पुऱ्याउनु यसको कारण थियो। यस प्रकारले बाखोफेनको धारणाअनुसार पुरुष तथा नारीको पारस्परिक सामाजिक स्थितिमा जुन ऐतिहासिक परिवर्तनहरू भए तिनको कारण मानव जीवनका ती वास्तविक अवस्थाहरूको परिवर्तन नभएर मानिसहरूको मस्तिष्कमा पर्नुको यी परिस्थितिहरूको धार्मिक प्रतिबिम्ब नै थियो। बाखोफेनले एस्किलसको 'ओरेस्टिया' नाटकको अर्थ पनि यसै दृष्टिकोणमा लगाएका छन् र विनाशक बाबीको मातृसत्ता र वीरयुगमा उदीयमान तथा विजयी पितृसत्ताको बीचमा वीर युगमा चलेको सङ्घर्षको चित्रण हो भनेका छन्। क्लिटेम्नेस्ट्राले आफ्नो प्रेमी एगिस्थसको लागि आफ्ना पति एगामेम्नोनको हत्या गरिन्, जो भर्खरै मात्र ट्रोय युद्धबाट फर्केका थिए; तर तिनको छोरा ओरेस्टसले, जो एगामेम्नोनतर्फबाट जन्मेका थिए, पिताको हत्याको बदला लिन आफ्नी आमाको हत्या गरे। मातृसत्ताका रक्षिका—एरिनी राक्षसीहरू ओरेस्टसको पिछा गर्छन्! मातृसत्ताअनुसार मातृ-हत्या सबभन्दा जघन्य अपराध थियो, जसको कुनै प्रायश्चित्त हुन सक्दैनथ्यो। परन्तु अपोलो, जसले आफ्नो मन्दिरका दैवीय वक्ताद्वारा ओरेस्टसलाई यो काम गर्न प्रोत्साहित गराएका थिए र एथेना, जसलाई यसको कथामा साक्षिणी थियो—दुवै पितृसत्तामा आधारित नयाँ व्यवस्थाका प्रतिनिधि थिए—ओरेस्टसको रक्षा गर्दछन्। एथेना दुवै पक्षको कुरा सुन्दछिन्। ओरेस्टस र एरिनीहरूको बीचमा जुन बहस हुन्छ, त्यसमा सम्पूर्ण विवादको सार संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ। ओरेस्टस भन्दछन्, आफ्नो पति र मेरो पिताको हत्या गरेर क्लिटेम्नेस्ट्राले दोहोरो अपराध गरेकी छिन्, किन एरिनी राक्षसीहरूले तिनीभन्दा धेरै ठूलो अपराध गर्ने क्लिटेम्नेस्ट्राको पिछा गर्दैनन् र बरु मेरो पिछा गर्दछन्? यस प्रश्नको उत्तर पनि बडो आश्चर्यजनक छ।

"जुन पतिको गरिन् तिनले हत्या थिएन उनीसित तिनको रगतको नाता"

रगतको नाता नपर्ने व्यक्तिको हत्याको, चाहे उसै हत्या गर्ने आइमाईका पति नै किन नहोउन्, प्रायश्चित्त हुन सक्छ र एरिनी राक्षसीहरूलाई त्यसको कुनै चासो छैन। रगतको नाता पर्ने व्यक्तिको हत्याको बदला



लिने मात्र उनीहरूको कर्तव्य हो र मातृसत्ताको नियमअनुसार माताको हत्या प्रायश्चित्त नै हुन नसक्ने जघन्य अपराध हो। अब अपोलो ओरेस्टसको पक्षमा वकालत गर्न थाल्दछन्। एथेना एरियोपागस — एथेन्सियनहरूका पञ्चहरूमध्ये मतदानको लागि यो प्रश्न राख्दछिन्; सफाइ दिने र अपराधी साबित गर्ने बोल्ने दुवै पक्षमा बराबर मत पर्दछन्, पञ्चसभाकी अध्यक्षाको रूपमा एथेनाले ओरेस्टसको पक्षमा मतदान गर्दछिन् र उनलाई निर्दोष घोषित गर्दछिन्। यसरी मातृसत्तामाथि पितृसत्ताको विजय भयो, स्वयम् एरिनी राक्षसीहरूको भाषामा "नयाँ पुस्ताका देवताहरू" ले विजय प्राप्त गरे, अन्ततोगत्वा एरिनी राक्षसीहरूले नयाँ प्रतिभारा स्वीकार गरे र नयाँ व्यवस्थाको सेवामा कार्य गर्न सहमत भए।

'ओरेस्टिया' को यो नयाँ तर पूर्णतः सही व्याख्या बाखोफेनको सम्पूर्ण पुस्तकमा एक उत्कृष्ट तथा सुन्दर खण्ड हो। परन्तु, यो कुरा पनि स्पष्ट हुन्छ कि बाखोफेनलाई एरिनी राक्षसीहरू, अपोलो र एथेनामाथि अर्थात् युनानी वीर कालमा मातृसत्ता हटाएर पितृसत्ता कायम गर्ने चमत्कारपूर्ण कार्य तिनै देवताहरूले सम्पन्न गरेका थिए भन्ने कुरामा कम्तीमा पनि त्यत्तिकै विश्वास छ, जति आफ्नो समयमा एस्किलसलाई उनीहरूमाथि विश्वास थियो। प्रष्ट छ, धर्मलाई विश्व इतिहासको निर्णायक प्रेरक तत्व ठान्ने यस दृष्टिकोणले अन्ततोगत्वा विशुद्ध रहस्यवादमा पुऱ्याउँछ। त्यसैले बाखोफेनको ठूलो किताबको मोटो पुस्तक आद्योपान्त लगनका साथ पढ्ने काम ज्यादै कठिन हुन्छ र सधैं उपयोगी पनि हुन सक्दैन। तर यी सबै कुराले नयाँ बाटो देखाउने एक अन्वेषकको रूपमा उनले दिएको देनको महत्व घटाउन सक्दैनन्; उनी नै पहिला व्यक्ति थिए, जसले स्वच्छन्द यौन-सम्बन्धले भरिपूर्ण आदिम कालको अज्ञात अवस्थासम्बन्धी शब्द आफ्नो ठाउँ युनानी तथा एसियाली जनजातिहरूमा एकविवाह प्रथा शुरू हुनुभन्दा पहिले त्यस्तो अवस्था थियो, जुन बेला रीतिथितिको कुनै पनि प्रकारको उल्लङ्घन नगरी पुरुषले मात्र धेरै नारीहरूसित यौन-सम्बन्ध राख्न सक्ने होइन, नारीले पनि धेरै पुरुषहरूसित यौन-सम्बन्ध राख्न सक्दथिन् भन्ने कुरा प्राचीन शास्त्रीय साहित्यबाट लिइएका धेरै प्रमाणहरूद्वारा साबित गरे; उनले यो कुरा पनि प्रमाणित गरे कि यो प्रथा लोप हुँदै क्रमशः एकविवाहको मूल्यको रूपमा स्त्रीहरूले परपुरुषसमक्ष सीमित आत्मसमर्पणमा गर्नुपर्थ्यो र यसरी यस प्रथाले आफ्नो छाप छोडेको थियो; यस कारण शुरूमा माताकै आधारमा वंशानुक्रम चल्यो; मातृसत्ताको यो असाधारण महत्व एकविवाह कालमा

र पिता को हो भन्ने कुरा थाहाको हुन्नाउन सकिने र कानूनमा पनि पैतृकताले मान्यता पाउने अड्गकयसम्म पनि धेरै समयसम्म आएर्थे रह्यो। फलस्वरूप, आफ्ना केटाकेटीको एक मात्र प्रमाणित जन्मदाताको रूपमा आमाको मान्यताले आमाहरूलाई र आम रूपमा स्त्रीहरूलाई नै यस्तो उच्च सामाजिक स्थिति प्रदान गरेको थियो, जुन उनीहरूले त्यसपछि कहिल्यै प्राप्त गर्न सकेनन्। हो, बाखोफनले यी सब प्रस्थापनाहरू यति स्पष्टतासाथ प्रस्तुत गर्न सकेनन्, उनको रहस्यवादी विश्वदृष्टिकोण यसमा बाधा बनेको थियो। तर उनले यी प्रस्थापनाहरूको औचित्य साबित गरे र सन् १८६१ मा पूरै एक क्रान्तिको सूत्रपात गरे।

बाखोफनको मोटो ग्रन्थ जर्मन भाषामा अर्थात् त्यस जातिको भाषामा लेखिएको थियो, जसले त्यस बेला आधुनिक परिवारको प्रागितिहासमा सबभन्दा कम रुचि राख्दथ्यो। तसर्थ यस पुस्तकले लोकप्रियता प्राप्त गर्न सकेन। यस क्षेत्रमा बाखोफनका निकटतम उत्तराधिकारीले, जो सन् १८६५ मा देखा परेका थिए, उनको बारेमा सुनेकासम्म पनि थिएनन्।

यी उत्तराधिकारी थिए – जोन फेर्ग्युसन मक-लेनन, जो पूर्ववर्ती आफ्ना अग्रगामीका प्रतिकूल थिए। बाखोफन अति प्रतिभाशाली रहस्यवादी व्यक्ति थिए भने उनी नीरस वकिल थिए; बाखोफनको लेखाइमा एक कविको प्रबल कल्पना भेटिन्छ भने मक-लेननको कृतिमा न्यायालयमा बहस गर्ने एक वकिलका सबल तर्कहरू। मक-लेननले प्राचीन तथा आधुनिक युगका धेरैजसो जङ्गली, बर्बर र केही सभ्य जातिहरूमा समेत यस्तो विवाह-प्रथा पत्ता लगाए, जसमा दुलहा एक्लै अथवा आफ्ना साथी भाइहरूसित मिलेर दुलहीलाई उनको परिवारबाट अपहरण गरेको स्वाङ पार्नुपर्दछ। यो प्रथा शायद, यस्तो पुरानो प्रथाको अवशेष हो, जब एक जाति (tribe) का पुरुषहरूले साँच्चै नै बाहिरबाट, अर्को जातिबाट, आफ्ना लागि पत्नी अपहरण गर्थे। यसरी यस "अपहरण-विवाह" प्रथाको उत्पत्ति भयो? जबसम्म लोग्नेमान्छेले आफ्नै जातिमा स्वास्नी भेट्टाउन सक्थ्यो, यस्तो विवाहको कुनै आवश्यकता पर्दैनथ्यो। तर प्रायः किसिमले हामी प्रायशः के पनि पाउँदछौं भने अविकसित जनजातिहरूमा यस्ता निश्चित समूहहरू भेट्टाउँछन् (सन् १८६५ सम्म पनि यस्ता समूहहरू प्रायशः जनजाति नै मानिन्थे), जसभित्र विवाह-सम्बन्ध निषेध गरिएको हुन्छ र लोग्नेमान्छेले स्वास्नी र स्वास्नीमान्छेले लोग्ने आफ्नो समूहबाहिर नै खोज्नुपर्दछ। यसको अतिरिक्त फेरि त्यस्ता जनजातिहरू पनि छन्, जहाँ निश्चित



समूहका लोग्नेमान्छेहरूले आफ्नो समूहभित्र स्वास्नी रोज्नुपर्दछ। मक-लेननले पहिलो खालका समूहलाई बाह्यविवाही र दोस्रोलाई अन्तर्विवाहीको नाम दिएका छन् र त्यहीँ नै बिलकुलै हिचकिचाहट बाह्यविवाही तथा अन्तर्विवाही "जातिहरू" का बीचमा तीव्र प्रतिपक्षता हुन्छ भन्ने धारणा गर्न पुगेका छन्। यद्यपि बाह्यविवाह सम्बन्धी उनको आफ्नै अनुसन्धानले पनि बहुसङ्ख्यक र यदि सम्पूर्ण कुराहरूमा नभए पनि धेरैजसोमा यो प्रतिपक्षता उनको आफ्नो कल्पनाबाहेक अरू केही थिएन भन्ने कुराको प्रमाण उनको समक्ष राखिदिएको छ, तापनि उनले यसै प्रतिपक्षतालाई आफ्नो सम्पूर्ण सिद्धान्तको आधार बनाएका छन्। यस सिद्धान्तअनुसार बाह्यविवाही जातिले अन्य जातिका स्त्रीहरूसित मात्र विवाह गर्न सक्दछन्, र जङ्गली युगको लागि स्वाभाविक विभिन्न जातिहरूका बीच निरन्तर युद्धको स्थितिमा अपहरण नै यस्तो विवाहको एक मात्र साधन बन्न सक्दछ।

["मक-लेनन फेरि सोध्दछन् – बाह्यविवाहको यो प्रथा कहाँबाट शुरू भयो? रगतको नाता र रक्त-सम्बन्धको अवधारणासित यसको कुनै सरोकार थिएन – यी त्यस्ता घटनाहरू हुन्, जुन धेरैपछि मात्र विकसित भए। जङ्गलीहरूको बीचमा व्यापक रूपमा प्रचलित, छोरी जन्मनासाथ तिनको हत्या गर्ने प्रथासित चाहिँ यसको सम्बन्ध हुनसक्छ। यस परिपाटीले गर्दा प्रत्येक जातिमा लोग्नेमान्छेहरू बढी हुन थाले, जसको निकटतम अनिवार्य परिणामस्वरूप एउटी स्वास्नीमान्छेले एकैसाथ धेरै लोग्ने राख्ने चलन अर्थात् बहुपतिप्रथा प्रचलनमा आयो। उनको विचारअनुसार, सन्तानकी आमा को हो भन्ने कुरा थाहा हुन र बाबु को हो भन्ने कुरा थाहा नहुनुको कारणले नै पुरुषको नाताअनुसार नभएर नारीको नाताअनुसार मात्र वंशावली बनाइन्थ्यो। यो मातृसत्ताको प्रथा थियो। जातिभित्र स्वास्नीमान्छेको अभावको – त्यस अभावको, जुन बहुपतिप्रथाले कुनै मात्रामा पूर्ति त गर्दथ्यो तर पूर्णतः हटाउनचाहिँ सक्दैनथ्यो – अर्को परिणाम अन्य जातिहरूबाट नियमित रूपमा जबरजस्ती केटी भगाउने प्रथा नै थियो।"]

["बाह्यविवाह र बहुपतिप्रथा एउटै र त्यही कारणले पैदा हुन्छ, जुन कारण हो, लोग्नेमान्छे र स्वास्नीमान्छेको सङ्ख्यात्मक असन्तुलन; यसै कारणले सबै बाह्यविवाही जातिहरूमा आरम्भ कालमा बहुपति प्रथा प्रचलित थियो.... भन्ने कुरा हामीले स्वीकार गर्नुपर्दछ, यसै कारणले बाह्यविवाही जातिहरूमा रक्त-सम्बन्धको पहिलो पद्धतिको

रूपमा आमाको तर्फबाट निर्धारित गरिने रगतको नाता मात्र ज्ञात थियो भन्ने कुरा हामीले निर्विवाद ठान्नुपर्छ" (मक-लेनन, 'प्राचीन इतिहासको रूपरेखा', १८८६ः 'आदिम विवाह', पृ० ११४)"।

मक-लेननको देन कस्तो रहेको छ भने उनले त्यस कुराको सर्वव्यापी विस्तार र ठूलो महत्वतर्फ हाम्रो ध्यान आकृष्ट गरे, जसलाई उनले बाह्यविवाह भन्ने संज्ञा दिएका छन्। परन्तु बाह्यविवाही समूहहरूको अस्तित्व उनले पत्ता लगाएका होइनन् र यसलाई उनले यो कुरा बुझेका पनि थिएनन्। यस उनी भन्दा पहिलेका धेरै पर्यवेक्षकहरूका विभिन्न विवरणहरूको – जसलाई मक-लेननले आफ्नो सामग्रीका स्रोतको रूपमा प्रयोग गरेका छन् – चर्चा नगर्ने हो भने पनि, लेथमले (सन् १८५९ मा प्रकाशित «Descriptive Ethnology») भारतका मगरहरूबीच प्रचलित यस प्रथाको सही वर्णन गरेका थिए र सामान्यता सबै जातिहरूमा भेटिन्छ भन्ने विचार प्रकट गरेका थिए। अनि हाम्रो मोर्गनले पनि सन् १८४७ मै इरोक्वाहरूसम्बन्धी आफ्ना पत्रहरूमा («American Review» मा प्रकाशित) र सन् १८५१ मा प्रकाशित «League of the Iroquois» नामक कृतिमा जातिहरूको यस समूहमा उक्त प्रथाको अस्तित्व रहेको कुरा प्रमाणित गरेका छन् र यस प्रथाको सही विवरण प्रस्तुत गरेका छन्। यसको फलस्वरूप, हामीले के पनि देख्नेछौं भने मक-लेननको अधिवक्ताको दिमागले मातृसत्ताको क्षेत्रमा बाखोफेनको रहस्यवादी कल्पनाले भन्दा धेरै बढी भ्रम खडा गरेको छ। मक-लेननको अर्को देन कस्तो छ भने उनले मातृसत्तालाई नै मानवजातिको उत्पत्तिको प्रारम्भिक प्रक्रियालाई स्वीकार गरे, यद्यपि यस कुरामा पनि, जस्तो उनी आफैले पछि गएर स्वीकार गरेका छन्, बाखोफेनले उनलाई उछिनेका थिए। तर यहाँ पनि उनका धेरै अस्पष्टताहरू छन्। उनी सधैं "स्वास्नीमान्छेको माध्यमबाट मात्रै निर्धारित हुने नाता" (kinship through females only) को कुरा गर्दछन् र विकासको प्रारम्भिकताका कारण र त्यस्तै किसिमले पछिल्ला अवस्थाहरूको लागि समेत, जुन बेला उत्तराधिकारको उत्पत्ति र अधिकार पूर्णतः मातृसत्ताअनुसार निर्धारित गरिए तापनि पुरुष पक्षबाट पनि नाता स्वीकार गरिन्थ्यो र निर्धारित गरिन्थ्यो, उपर्युक्त अभिव्यक्तिकै निरन्तर प्रयोग गर्दछन्। यो एक कानुनवेत्ताको सङ्कीर्णता हो, जसले आफ्नो लागि कुनै निश्चित कानुनी परिभाषा तयार गरिसकेको हुन्छ र त्यस्तो स्थितिमा पनि त्यही शब्दलाई अपरिवर्तित रूपमा प्रयोग गर्न छोड्दैन, जहाँ त्यस्तो शब्दको प्रयोग गर्न नसकिने अवस्थामा हुन्छ।



परन्तु मक-लेननको सिद्धान्त जतिसुकै विश्वसनीय देखिए तापनि स्वयम् लेखकलाई समेत यो सिद्धान्त अभीष्ट मात्रामा आधारसम्मत लागेको थिएन जस्तो देखिन्छ। यसै कारणले उनी आफैं

"स्वास्नीमान्छेको अपहरण गर्ने अवश्यम्भावी स्पष्ट प्रथा" (काल्पनिक) "ती जातिहरूमा नै सबभन्दा व्यापक रूपमा फैलिएको पाइन्छ, जहाँ लोग्नेमान्छेको नाता (अर्थात् लोग्नेमान्छे पट्टिबाट निर्धारित गरिने रक्त-सम्बन्ध) नै मुख्य मानिन्छ" (पृ० १४०)

भन्ने कुरातिर हाम्रो ध्यान आकर्षित गर्दछन् र फेरि भन्दछन्:

"आश्चर्यजनक कुरा के छ भने जहाँ बाह्यविवाह र रक्त-सम्बन्धका प्राचीनतम स्वरूप सँगसँगै अस्तित्वमा रहन्छन्, त्यहाँ, जहाँसम्म हामीलाई ज्ञात छ, शिशुहत्या नियमित व्यवहारको रूपमा प्रचलित छैन" (पृ० १४६)।

यी दुवै तथ्यहरूले मक-लेननको सिद्धान्तको प्रत्यक्ष रूपमा खण्डन गरेका छन् र उनी यी तथ्यहरूको विरुद्ध नयाँ, अझ बढी अस्पष्ट अनुमानहरू मात्रै प्रस्तुत गर्न सक्दछन्।

यसो भए तापनि उनको सिद्धान्तले बेलायतमा ठूलो समर्थन प्राप्त गर्‍यो र व्यापक चर्चाको विषय बन्न पुग्यो। बेलायतमा मक-लेननलाई परिवारको इतिहासका संस्थापक र यस क्षेत्रमा सबभन्दा ठूलो विद्वानको रूपमा ठानियो। बाह्यविवाही "जातिको" अन्तर्विवाहीलाई उल्टाउने उनको प्रयास, केही अपवाद तथा संशोधनहरूको विपरीत, प्रचलित दृष्टिकोणको सर्वमान्य आधारको रूपमा कायम रह्यो र यो त्यस्तो पर्दा बन्न पुग्यो, जसले यस क्षेत्रमा कुनै पनि प्रकारको पूर्वाग्रहरहित विश्लेषणलाई असम्भव तुल्याइदियो र फलतः यस क्षेत्रमा कुनै पनि किसिमको निर्णायक पाइलो चाल्ने सम्भावना रहन गएन। मक-लेननको देनलाई बढाइ-चढाइ गरेर प्रस्तुत गर्ने जुन प्रथा बेलायतमा प्रचलित छ र जसको देखासिकी अन्य मुलुकहरूमा पनि गरिएको छ, त्यसको प्रतिरोधमा यस कुरामा जोड दिनु आवश्यक देखिन्छ भने बाह्यविवाही तथा अन्तर्विवाही "जातिहरू" को अविचारपूर्ण प्रस्तुत गरेर उनले जुन नोक्सानी पुऱ्याए त्यो उनको अनुसन्धानबाट भएको फाइदाभन्दा बढी नै छ।

परन्तु छिट्टै यस्ता तथ्यहरू बढीभन्दा बढी देखिन थाले, जुन उनको सिद्धान्तको सुनौलो फ्रेमभित्र अटाउन छोडे। माक-लेनन विवाहका तीनवटा रूपसित मात्र परिचित थिए। ती हुन् –बहुपत्नीप्रथा, बहुपतिप्रथा तथा एकविवाह। यस विषयमा ध्यान आकर्षित भइसकेपछि, अविकसित जातिहरूमा लोग्नेमान्छेहरूको एक समूहले स्वास्नीमान्छेहरूको एक समूहसित नै संयुक्त वैवाहिक सम्बन्ध जोड्नेजस्ता विवाहका रूपहरू पनि थिए भन्ने तथ्य साबित गर्ने नयाँनयाँ प्रमाणहरू पत्ता लाग्न थाले। **लबकले** (सन् १८७० मा प्रकाशित «The Origin of Civilization» पुस्तकमा) यस सामूहिक विवाह (Communal marriage) लाई ऐतिहासिक तथ्यको रूपमा स्वीकार गरे।

यसको लगत्तैपछि, सन् १८७१ मा **मोर्गनले** नयाँ र धेरै कुरामा निर्णायक सामग्री प्रस्तुत गरे। इरोक्वाहरूका बीचमा रक्त-सम्बन्धको जुन खालको विशिष्ट पद्धति भेटिन्थ्यो, त्यो संयुक्त राज्य अमेरिकाका सबै आदिवासीहरूमा समान रूपले प्रचलित छ, तर यो त्यो व्यवस्था त्यहाँ प्रचलित विवाह प्रथाबाट उत्पन्न नातासम्बन्धको सर्वथा विपरीत भए तापनि सम्पूर्ण महाद्वीपमा नै फैलिएको छ भन्ने कुरामा उनी विश्वस्त भए। उनले अमेरिकी संघीय सरकारलाई अन्य जातिहरूको रक्त-सम्बन्ध पद्धतिबारे प्रमाणहरू संकलन गर्न प्रेरित गराए र यस कामको लागि प्रश्नावली र तालिकाहरू तयार पारे, जसका उत्तरहरूको आधारमा उनले निम्न कुरा ठम्याए– १) अमेरिकाका इण्डियनहरूका बीचमा प्रचलित रक्त-सम्बन्धको पद्धति एसियाका बहुसंख्यक जातिहरूमा पनि विद्यमान छ र परिवर्तित रूपमा अफ्रिका र अस्ट्रेलियामा पनि भेटिन्छ; २) यस पद्धतिको पूर्ण व्याख्या सामूहिक विवाहको त्यस रूपमा पाइन्छ, जुन हाल हवाइ द्वीप तथा अस्ट्रेलियाका अन्य द्वीपहरूमा लुप्तप्राय छ, र ३) यस विवाहरूपको अतिरिक्त तिनै द्वीपहरूमा रक्त-सम्बन्धको फेरि त्यस्तो पद्धति पनि अस्तित्वमा रहेको पाइन्छ, जसको व्याख्या अझ प्राचीन र अहिले समयमा लुप्त भइसकेको सामूहिक विवाहप्रथाद्वारा मात्र गर्न सकिन्छ। आफूले संकलन गरेको सामग्री र त्यस सामग्रीको आधारमा प्राप्त निष्कर्षहरू मोर्गनले आफ्नो पुस्तक «Systems of Consanguinity and Affinity», 1871 मा प्रकाशित गराए र यस प्रकारले यस बहसलाई अझ बढी विस्तृत क्षेत्रमा प्रस्तुत गरे। रक्त-सम्बन्धका प्रणालीहरूबाट शुरू गरेर उनले तिनको अनुरूप नै परिवारका रूपहरूको पनि पुनर्निर्माण गरे र यस प्रकारले मानवजातिको प्रागैतिहासिक कालको अनुसन्धान गर्ने र त्यसको अझ गहन अवलोकन गर्ने सम्भावना प्रदान गरे।



यस प्रणालीले मान्यता पाएको भए मक-लेननको परिष्कृत सिद्धान्त तासको घरझैं ढल्न पुग्थ्यो होला।

मक-लेननले 'आदिम विवाह' («Studies in Ancient History», 1876) को नयाँ संस्करणमा आफ्नो सिद्धान्तको पक्षमा वकालत गर्ने प्रयास गरे। उनी आफैंले परिवारको इतिहासलाई अनुमानहरूको आधारमा अति कृत्रिम तरिकाले प्रस्तुत गरेका छन्, तापनि आफ्नो भनाइको पुष्टिको लागि लबक र मोर्गनबाट मात्र प्रमाणहरूको माग नगरेर उनी यस्ता अकाट्य सबुतहरू माग्दछन्, जुन स्कटल्याण्डको अदालतमा मात्र स्वीकार्य हुन सक्दछन्। यो माग एक यस्ता व्यक्तिले गरेका हुन्, जो आफैं जर्मनहरूका बीचमा विद्यमान मामा-भान्जाका बीचको घनिष्ठ सम्बन्धको आधारमा (Tacitus, «Germania» परिच्छेद २०), ब्रिटेनहरूका बीचमा दस-बाह्र जना पुरुषहरूले सामूहिक पत्नीहरू राख्ने चलन छ भन्ने सिजरको भनाइको आधारमा र बर्बरजातिहरूमा सामूहिक पत्नी राख्ने चलन छ भन्ने प्राचीन लेखकहरूका अन्य सम्पूर्ण कथनहरूको आधारमा यी जातिहरूमा बहुपति प्रथा प्रचलित थियो भन्ने निष्कर्षमा बिनाकुनै हिचकिचाहट पुग्दछन्! यो कुरा गर्दा यस्तो लाग्छ, मानौं हामी कुनै सरकारी वकीलको भाषण सुन्दैछौं, जो आफ्नो मुद्दाको बहसमा अभियुक्तलाई कुनै पनि प्रकारका अभियोगहरू लगाउन स्वतन्त्र ठान्दछ तर विरोधी पक्षको वकिलबाट चाहिँ आफ्नो प्रत्येक शब्दको लागि नियमसिद्ध तथा कानूनी रूपमा पूर्णतः सही सबुत प्रस्तुत गर्ने माग गर्दछ।

मक-लेनन भन्दछन्, सामूहिक विवाह मनगढन्ते कल्पना मात्र हो र यस प्रकारले उनी बाखोफेनभन्दा पनि धेरै पछि पुग्दछन्। उनको भनाइ-अनुसार मोर्गनद्वारा प्रतिपादित रक्त-सम्बन्धको प्रणाली सामाजिक शिष्टाचारको सामान्य नियम मात्र हो र यो कुरा यस तथ्यले प्रमाणित गर्दछ भन्ने अमेरिकी इण्डियनहरू परदेशीहरूलाई – गोराहरूलाई – समेत भाइ अथवा पिता भनेर नै सम्बोधन गर्दछन्। पिता, माता, भाइ, बहिनी आदि शब्दहरू कुनै पनि अर्थ नराख्ने सम्बोधनका तरिका मात्र हुन् भन्ने धारणा र उक्त भनाइमा कुनै फरक देखिँदैन, किनभने क्याथोलिक धर्माधिकारीहरू र भिक्षुणीहरूलाई पनि पिता र माता भनेर सम्बोधन गरिन्छ, मठवासी तथा मठवासिनीहरू र यहाँ म्यासोनहरू एवम् बेलायती शिल्प संघका सदस्यहरू पनि सभा-सम्मेलनहरूमा एक-अर्कालाई भाइ बहिनी भनेर सम्बोधन गर्दछन्। संक्षे-

पक्ष भन्ने हो भने आफ्नो सिद्धान्तको पुष्टिको लागि मक-लेननले युक्ति तर्क प्रस्तुत गरे, त्यो अत्यन्तै कमजोर थियो।

तर एउटा कुरो मुद्दा थियो, जसमा कसैले मक-लेननको खण्डन गरेको थिएन। बाह्यविवाही तथा अन्तर्विवाही "जातिहरू"को प्रतिपक्षिताको धारणाको, जसमा उनको सम्पूर्ण प्रणाली आधारित थियो, खण्डन गरिएको मात्र होइन, बरु त्यसलाई सर्वत्र नै परिवारको इतिहासको आधारशिलासमेत मानियो। यस प्रतिपक्षतालाई मक-लेननले जसरी पुष्टि गर्ने कोशिश गरे, त्यो पर्याप्त रूपमा विश्वासप्रद छैन र उनी आफैंले प्रस्तुत गरेका तथ्यहरूको समेत खण्डन गर्दछ भन्ने कुरा स्वीकार गरियो। परन्तु यो प्रतिपक्षता स्वयम्-लाई अर्थात् दुइ परस्परविरोधी प्रकारका पृथक तथा स्वतन्त्र लघुजातिहरूको, जसमध्ये एक प्रकारका लघुजातिहरूले आफूभित्रै स्वास्नी रोज्थे भने अर्को प्रकारका लघुजातिहरूमा यस किसिमको रोजाइ पूर्णतः प्रतिबन्धित थियो भन्ने कुराको अस्तित्वलाई सबहुवाक्य सत्य ठानिन्थ्यो। उदाहरणको लागि पाठकले जिरो-ट्युलोनको «Les origines de la famille» (1874) र लबकको «Origin of Civilisation» (चौथो संस्करण, सन् १८८२) समेत हेर्ने सम्झनु छ।

त्यो मुद्दा यही हो, जसको विरुद्ध मोर्गनको प्रमुख ग्रन्थ «Ancient Society» (1877) लक्षित थियो र मेरो प्रस्तुत कृति यसै ग्रन्थमा आधारित छ। त्यो कुरा, जसबारे मोर्गनले सन् १८७१ मा एक अस्पष्ट धारणा मात्र बनाउन समर्थ भएका थिए, यहाँ पूर्ण स्पष्टताका साथ विश्लेषण गरिएको छ। वास्तवमा बाह्यविवाह र अन्तर्विवाहमा कुनै अन्तर्विरोध छैन; बाह्यविवाही "जातिहरूको" अस्तित्व भएको कुरा अहिलेसम्म कहीं पनि प्रमाणित भएको छैन। परन्तु त्यस बेला, जबसम्म सामूहिक विवाह प्रचलनमा थियो, – कुनै बेला सायद पनि सबतिरै यही प्रणाली प्रचलित भएको हुनुपर्छ – जाति मातृपित-सम्बन्धद्वारा बाँधिएका विभिन्न समूहहरू, वंशहरूमा विभाजित थियो, जसभित्र विवाह सम्बन्ध पूर्णतः प्रतिबन्धित थियो, त्यसैले एक वंशका लोग्नेमान्छेहरूले जातिभित्रै स्वास्नी रोज्न सक्थे र प्रायशः यसै गर्थे पनि, तर उनीहरूले आफ्नो वंशभन्दा बाहिर स्वास्नी खोज्नुपर्थ्यो। यस प्रकारले वंश पूर्णतः बाह्यविवाही थियो भने सबै वंशहरू सम्मिलित भएको जातिचाहिँ त्यत्तिकै पूर्णतः अन्तर्विवाही थियो। यही परिणामले नै मक-लेननको कृत्रिम संरचनाको अन्तिम अवशेषलाई पनि नष्ट पारिदियो।

तर मोर्गनले आफूलाई यतिमै सीमित राखेनन्। अमेरिकी इण्डियनहरूको वंशप्रथाले आफ्नो अनुसन्धानको क्षेत्रमा दोस्रो निर्णायक पाइलो चाल्ने आधार प्रदान गर्‍यो। मातृसत्तात्मक आधारमा संगठित यस वंशमा उनले त्यो आरम्भिक रूप पत्ता लगाए, जसबाट प्राचीन कालका सभ्य जनजातिहरूमा पाइने पितृसत्तात्मक आधारमा संगठित वंशहरूको विकास भएको थियो। यूनान तथा रोममा प्रचलित वंशप्रथा, जुन त्यस बेलासम्म सम्पूर्ण इतिहासविद्हरूको लागि एक रहस्यको रूपमा प्रस्तुत थियो, अमेरिकी इण्डियनहरूबीच प्रचलित वंशप्रथाको पृष्ठभूमिमा स्पष्ट हुने भयो र यसद्वारा सम्पूर्ण आदिम इतिहासको लागि नयाँ आधार प्राप्त भयो।

सभ्य जनजातिहरूको वंशभन्दा पहिले देखा परेको मातृसत्तामा आधारित आदिम वंशसम्बन्धी यो आविष्कार आदिम इतिहासको लागि त्यत्तिकै महत्त्वपूर्ण छ, जति जीवविज्ञानको लागि डार्विनको विकासको सिद्धान्त र राजनीतिक अर्थशास्त्रको लागि मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्त महत्त्वपूर्ण छन्। यस आविष्कारले मोर्गनलाई पहिलो पटक परिवारको इतिहाससम्बन्धी त्यो रूपरेखा तयार पार्ने सम्भावना दियो, जसमा अहिलेसम्म ज्ञात भएको सामग्रीको आधारमा आम रूपमा विकासका मुख्य मुख्य चरणहरू मात्र भए पनि निर्धारित गर्ने सम्भावना प्राप्त भयो। यस प्रकारले आदिम इतिहासको अध्ययनमा एक नयाँ युगको थालनी भएको कुरा जसलाई पनि स्पष्ट हुन आउँछ। मातृसत्तामा आधारित वंश त्यस्तो मेरुदण्ड बन्यो जसको वरिपरि यो सम्पूर्ण विज्ञान घुमिरहेछ। यो आविष्कार भएपश्चात् कुन दिशातिर र के कुराको अध्ययन गर्नु आवश्यक छ र प्राप्त परिणामहरूलाई कसरी वर्गीकरण गर्नुपर्छ भन्ने कुरा स्पष्ट भयो। फलस्वरूप मोर्गनको पुस्तक प्रकाशित हुनुभन्दा पहिलेको तुलनामा हाल यस क्षेत्रमा धेरै प्रगति भएको पाइन्छ।

अब बेलायतमा पनि आदिम समाजसम्बन्धी सम्पूर्ण इतिहासविद्हरूले मोर्गनका आविष्कारहरू स्वीकार गर्न, अथवा बढी स्पष्ट रूपमा भन्ने हो भने कुन्न थालेका छन्। परन्तु हाम्रो दृष्टिकोणमा जुन क्रान्ति हुन आएको छ, त्यसको श्रेय मोर्गनलाई नै छ भन्ने कुराचाहिँ उनीहरूमध्ये प्रायः कसैले पनि हालसम्म स्वीकार गरेको पाइँदैन। बेलायतमा उनको पुस्तकबारे यथासम्भव पूर्ण रूपले मौन रहने गर्दछन् र स्वयम् मोर्गनप्रतिचाहिँ उनका पुराना कृतिहरूको लागि अनुग्रहपूर्ण प्रशंसा देखाएर काम चलाउन खोज्दछन्; उनको रचनामा विभिन्न प्रसंगहरूका भने गहन विश्लेषण गर्दछन् तर उनका वास्तवमा नै महान आविष्कारहरूबारे चाहिँ अति हठपूर्वक मौन रहने गर्दछन्। «Ancient Society» को पहिलो संस्करण हाल बजारमा भेटिँदैन।

अमेरिकामा यस्तो पुस्तकको खपत छैन; स्पष्ट छ, बेलायतमा यस पुस्तकको सबैं उपेक्षा गरियो र पूर्व एक नयाँ फर्मको पालनी गरेको यस पुस्तकको एक मात्र संस्करण, जुन अझै बजारमा पाइन्छ, हो—यसको जर्मन अनुवाद।

यस मौनताको कारण के हुन सक्छ, जसमा मौनताको षडयन्त्रविधान झन् केही पाउन सकिँदैन, विशेषगरी यो बेलाबखत उद्धरणहरूमाथि ध्यान दिने हो भने, जुन उद्धरणहरू आदिम इतिहासका हाम्रा यी मान्यमान्य विशेषज्ञहरूले केवल शिष्टाचार तथा आफ्ना सहकर्मीहरूप्रति आदरको भावना प्रदर्शन गर्ने उद्देश्यले आफ्ना रचनाहरूमा स्थान दिने गरेका छन्? के त्यो कारण मोर्गन अमेरिकी भएकोमा र विभिन्न तथ्यहरूको सङ्कलन (जुन सङ्कलनलाई हरु प्रकारको सम्मान दिन्छ सक्छन्) गर्ने उत्कट अभिलाषा भएकोमा र आदिम समाजको अध्ययन गर्ने अङ्ग्रेज इतिहासविद्हरूलाई, जब समस्या त्यस सङ्कलित सामग्रीलाई वर्गीकृत तथा व्यवस्थित गर्नुपर्ने आवश्यकतासम्बन्धी सामान्य मूलभूत धन्यवादहरूमाथि अर्थात् सङ्क्षेपमा भन्ने हो भने उनीहरूका विचारहरूको लागि आवश्यक सामान्य मूलभूत प्रस्थापनाहरूमाथि आश्रित हुन जान्थ्यो, त्यस बेला ती दुइ जना प्रतिभाशाली विदेशीहरू—बाखोफन र मोर्गनको शरण लिन बाध्य हुनु पर्थ्यो, धेरै बेमज्जा लागेको कुरामा त निहित छैन? जर्मनलाई त केही छैन तर अमेरिकालाई नि? जब अमेरिकालीको प्रश्न उठ्छ प्रत्येक अङ्ग्रेज देशभक्त बन्न पुग्दछ। संयुक्त राज्य अमेरिकामा मैले यसबारे निकै रमाइला उदाहरणहरू देख्न पाएँ। फेरि त्यसमाथि मक-लेनन आदिम इतिहाससम्बन्धी बेलायती धाराका एक किसिमले आधिकारिक रूपमा नै स्वीकृत संस्थापक तथा प्रमुख थिए र उनले शिशु-हत्यादेखि लिएर बहुपतिप्रथा र अपहरण-विवाह हुँदै मातृसत्तात्मक परिवारसम्म, परिवारको इतिहाससम्बन्धी जुन सिद्धान्त कृत्रिम तरिकाले तयार पारेका थिए, त्यस सन्दर्भमा उनीबारे आफ्नो श्रद्धापूर्ण चर्चा हुनु एक प्रकारको परिष्कृत प्रथा नै बनिसकेको थियो। एक-दोस्रोको पूर्ण प्रतिपक्षीको रूपमा रहेका बाहुविवाही तथा अन्तर्विवाही "जातिहरूको" अस्तित्वबारे थोरैथोरा पनि शङ्का देखाउनु अपराधतुल्य पाप ठानिन्थ्यो। त्यसैले जब मोर्गनले यी सम्पूर्ण पवित्र जगभूतहरूको खण्डन गरिदिए, उनको यस कार्यलाई कुनै मात्रामा हेलङ्का नै ठानियो। फेरि त्यसमाथि उनले यी कुराको यस्ता तर्कहरूद्वारा खण्डन गरे जसो तिनको औचित्यबारे कसैले कुनै पनि किसिमको शङ्का उठाउन सक्ने ठाउँ नै रहन सकेन। यसरी मक-



लेननका पूजारीहरू अहिलेसम्म पनि अस्पष्टमान बाहुविवाह र अन्तर्विवाहको बीचमा डगमगाइरहेका छन्। अब त उनीहरू कसरी भिन्नैबाट पुष्टिमैकेको छन्, जसले आफ्नो पुरी उठाउँदै यस्तो बेला आइसकेको छ—अर्थात्, हामी पनि त्यस्ता मूर्खहरू नि, यति सानो कुरा पनि नहिल्ने थाहैले राम्रा भाउन सकेनौं!

यद्यपि स्कूलको पूर्ण उपेक्षाको साथ अन्यको लागि यस्ती पनि अघराधले ल्याउने मोर्गनले तृतीयले जस्तो सम्बन्धको, वस्तु उत्पादक समाजको अर्थात् हाम्रो वर्तमान समाजको आधारभूत रूपको मात्र आलोचना नगरेर भावी सामाजिक रूपान्तरणको चर्चा पर्दा त्यस्ता शब्दहरूको समेत प्रयोग गर्न पुगे, जुन कार्ल मार्क्सले मात्र गर्न सक्दथे। यसैले त यतिसम्म दुत्कारइएको। मोर्गनले आफ्नो अपराध मासिकको दण्ड पाए। मक-लेननले बडो रोषपूर्वक उनमाथि आरोप लगाए—"उनी ऐतिहासिक पद्धतिको पूर्णतः घृणा गर्दछन्", त्यस्तै जेनेभावासी प्रोफेसर जीरो-ट्यूलोनले पनि सन् १८८४ मा यस कथनको अनुमोदन गरे। के यी तिनै श्रीमान जीरो-ट्यूलोन होइनन्, जो अझ सन् १८७४ सम्म पनि (Origines de la famille मा) मक-लेननको बाहुविवाही सिद्धान्तको भुलभुलैयामा डगमगाइरहेका थिए र जो मोर्गनको मद्दतद्वारा मात्र त्यहाँबाट निस्केका थिए?

यहाँ आदिम इतिहाससम्बन्धी ती अन्य उपलब्धिहरूको चर्चा गरिरहने आवश्यकता छैन, जसको श्रेय मोर्गनलाई छ। यससम्बन्धी सबै आवश्यक कुराहरू मेरो रचनाका सम्बन्धित स्थानहरूमा भेट्टाउन सकिनेछ। मोर्गनको प्रमुख कृति प्रकाशित भएको चौध वर्षभित्र हाल आदिम मानव-समाजको इतिहाससम्बन्धी हाम्रोसित उपलब्ध सामग्री निकै सम्पन्न भइसकेको छ; नृवंशशास्त्रीहरू, यात्रीहरू तथा आदिम समाजका पेशेवर इतिहासविद्हरूको अतिरिक्त तुलनात्मक कानूनको अध्ययनमा लागेका कानूनवेत्ताहरूले पनि यस क्षेत्रमा प्रवेश गरे र विभिन्न नयाँ सामग्रीहरू तथा नयाँ दृष्टिकोणहरू प्रस्तुत गरे। यसको परिणामस्वरूप मोर्गनका केही अनुमानहरू अप्रमाणित अथवा निराधार नै ठहरिन गए। परन्तु यस प्रकारले सङ्कलित नयाँ सामग्रीको आधारमा उनका महत्वपूर्ण अवधारणाहरूको स्थानमा अन्य कुनै अवधारणा बनाउने आवश्यकता भने कतै देखिएन। आदिम इतिहासको अध्ययन गर्ने जुन प्रणाली मोर्गनले प्रस्तुत गरेका थिए, त्यो आज पनि प्राय रूपमा मान्य नै छ। अझ के पनि उल्लेख गर्न सकिन्छ भने जुन मात्रामा यस

महान् उत्तरविश्वका प्रवर्तक उनी नै हुन् भन्ने कुरा लुकाउन खोजिँदै छ त्यसै अनुपातमा यस प्रणालीको लोकप्रियता पनि बढ्दै गइरहेको छ*।

लन्डन १६ जुन, १८९१

फ्रेडरिख एन्गेल्स

«Die Neue Zeit» पत्रिका Bd. 2, № 41, 1890-1891 र Friedrich Engels «Der Ursprung der Familie, des Privateigenthums und des Staats», Stuttgart, सन् १८९१ मा प्रकाशित

कार्ल मार्क्स तथा फ्रेडरिख एन्गेल्स, सङ्कलित रचना सङ्ग्रह, खण्ड २२, (दोस्रो रूसी संस्करण) बाट अनूदित, पृ० २१४-२२४

*सेप्टेम्बर १८८८ मा न्यू-योर्कबाट फर्कँदा मैले रोचेस्टर चुनाव-क्षेत्रबाट निर्वाचित अमेरिकी कांग्रेसका एक भूतपूर्व सदस्यलाई भेटेको थिएँ। उनी लुइस मोर्गनसित परिचित थिए। दुर्भाग्यवश उनले मलाई मोर्गनबारे धेरै कुरा बताउन सकेनन्। मोर्गन एक साधारण नागरिकको हैसियतले रोचेस्टरमा बस्दथे र आफ्नो सम्पूर्ण समय वैज्ञानिक खोजमा लगाउँथे। उनका भाइ, जो एक कर्नेल थिए, वाशिङ्टनमा रक्षा मन्त्रालयमा काम गर्दथे। भाइको मद्दतबाट उनले आफ्नो अनुसन्धान कार्यप्रति सरकारी निकायमा चासो बढाउन सफल भए र आफ्ना केही कृतिहरू सरकारी खर्चमा छपाउन लगाए; मेरा सहवार्ताकारको भनाइअनुसार उनले पनि आफू कांग्रेसको सदस्य रहेको बेला यस कार्यमा धेरै पटक मोर्गनलाई सहयोग पुऱ्याएका थिए।

# १

# संस्कृतिका प्रागैतिहासिक चरणहरू

मोर्गन पहिला विद्वान् थिए जसले मानवजातिको आदिम इतिहासलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्ने प्रयास गरेका थिए। जबसम्म उपलब्ध सामग्रीहरूमा हुने महत्त्वपूर्ण परिवर्तनले निश्चित हेरफेर गर्ने आवश्यकता पैदा गर्दैन, तबसम्म निस्सन्देह उनले प्रस्तुत गरेको वर्गीकरण नै सर्वमान्य हुनेछ।

तीन मुख्य युगहरू – जङ्गली युग, बर्बर युग तथा सभ्य युग – मध्ये स्वभावतः पहिलका दुई युगहरू र तेस्रो युगमा सङ्क्रमण नै उनको अध्ययनको विषयवस्तु बनेका छन्। यी दुईमध्ये प्रत्येक युगलाई उनले जीवन यापनका साधनहरूको उत्पादनमा भएको प्रगतिअनुरूप निम्न, मध्य तथा उन्नत चरणको रूपमा प्रस्तुत गरेका छन्। किन यसो गरियो भन्ने कारण बताउँदै मोर्गन भन्छन् –

> "प्रकृतिमाथि मानवजातिको श्रेष्ठता र प्रभुत्वको सार पुन चरणमा छ भन्ने कुरामा यस उत्पादनमा प्राप्त दक्षताले नै निर्णायक भूमिका खेलेको हुन्छ; सम्पूर्ण जीवहरूमध्ये केवल मानिसले मात्र खाद्य पदार्थको उत्पादनमाथि प्रायः असीमित नियन्त्रण कायम गर्न सक्यो। मानव प्रगतिका सबै महान् युगहरू प्रत्यक्ष रूपमा जीविकाका स्रोतहरूको विस्तारका युगहरूअनुरूप हुन्छन्"। (१)

यसै प्रक्रियाको साथसाथै परिवारको पनि विकास हुँदै जान्छ, तर विकासक्रमलाई विभिन्न कालमा विभाजित गर्नको लागि हामी परिवारबाट अपेक्षित मापदण्ड प्राप्त गर्न सक्दैनौं।

# १. जङ्गली युग

**१. निम्न चरण।** यो मानवजातिको शैशवकाल हो। यस बेला मानिसहरू आफ्नो आदिम वासस्थल, अर्थात् उष्ण प्रदेशीय तथा अर्द्धउष्ण प्रदेशीय जङ्गलहरूमा बस्ने गर्थे। उनीहरू आंशिक रूपमै भए पनि रूखहरूमा बसोबास गर्थे। यसै आधारमा मात्र ठूलठूला हिंस्रक जीवजन्तुहरूको बीचमा उनीहरूले आफ्नो अस्तित्व जोगाउन सक्ने कुरा बुझ्न सकिन्छ। फलफूल, आखर, परिपक्व तथा विभिन्न कन्दमूल आदि नै उनीहरूको आहार हुन्थ्यो। मानिसहरूले बोल्न सिक्नु यस युगको सबभन्दा ठूलो उपलब्धि थियो। ऐतिहासिक युगमा पाइएका कुनै पनि जनजातिले यो आदिम अवस्था पार गरेनन्। यो युग कैयौँ हजार वर्षसम्म रहिरहेको हुनुपर्दछ, तापनि प्रत्यक्ष प्रमाणहरूको आधारमा भने हामी यस युगको अस्तित्व साबित गर्न सक्दैनौँ। परन्तु यदि हामी मानवजातिको अभ्युदय पशुलोकबाट नै भएको हो भन्ने कुरा स्वीकार गर्दछौँ भने यस सङ्क्रमण कालको अस्तित्वलाई स्वीकार्न पनि बाध्य हुनुपर्दछ।

**२. मध्यम चरण।** यो चरण त्यस बेलादेखि शुरू हुन्छ, जब मानिसले आफ्नो खानेकुराको रूपमा माछालाई (जसमा गँगटो, शंखेकीरा तथा अन्य जल-जन्तुहरू पनि पर्ने गर्दछन्) प्रयोग गर्न र आगोमा खाना पकाउन शुरू गर्‍यो। यी दुवै कुरा एक अर्कासित परस्पर सम्बन्धित छन्, किनभने आगोको प्रयोगद्वारा मात्र माछालाई खानेकुराको रूपमा उपयोग गर्न सकिन्छ। यो नयाँ आहारको प्रयोग हुन थालेपछि मानिसहरू हावापानी र स्थान-माथिको निर्भरताबाट मुक्त भए। नदीको प्रवाह र समुद्रतट हुँदै मानिसहरू आफ्नो जङ्गली अवस्थामा पनि पृथ्वीको अधिकांश भागमा बसोबास गर्न सफल भए। निम्नपुरापाषाण अर्थात् तथाकथित पाषाणपूर्वीय युगका भद्दा रूपमा बनाइएका नतापिएका ढुङ्गे हतियारहरू पूर्ण अथवा आंशिक रूपमा यसै युगमा देखा परेका हुन्, जुन हतियारहरू सबै महाद्वीपहरूमा फैलिएका छन् र यो कसरी मानिसहरूले पृथ्वीका विभिन्न भागमा बसोबास गर्न थाले भन्ने कुराको प्रत्यक्ष प्रमाण हो। नयाँनयाँ भूभागहरूमा बसाइँ सर्दै र नयाँ खोजहरूको निरन्तर सक्रिय आकाङ्क्षाको साथै घर्षणद्वारा आगो निकाल्ने कलामा निपुणता प्राप्त गरेपछि मानिसको लागि विभिन्न नयाँ खाद्य पदार्थहरू, जस्तो मात्र स्टार्च भएका कन्दमूलहरू, जसलाई तातो खरानीमा अथवा खाडलभित्र बनाइएको आगोको भट्टीमा पोलिन्थ्यो, सुलभ हुन थाले; त्यस्तै लट्ठी र भालाको आविष्कारपछि शिकारबाट कहिलेकाहीं प्राप्त हुने पशु-



पक्षीको मासु पनि अतिरिक्त भोजन बन्न थाल्यो। वास्तवमा पूर्णरूपेण शिकारी जातिहरू, जसको वर्णन प्रायः पुस्तकहरूमा भेटिन्छ, अर्थात् शिकार-द्वारा मात्र जीवन निर्वाह गर्ने जातिहरू कहिल्यै अस्तित्वमा थिएनन्, किनभने शिकारबाट खाद्य पदार्थ प्राप्त गर्ने काम अति नै अनिश्चित कुरा थियो। यस चरणमा खाद्य पदार्थको निरन्तर अभावले गर्दा नै नरमांसभोजन आरम्भ भएको हुनुपर्छ, जुन प्रथा धेरै लामो अवधिसम्म कायम रह्यो। अस्ट्रेलियाका आदिवासीहरू र धेरैजसो पोलिनेशियावासीहरू अहिलेसम्म पनि यही मध्यम चरणमा छन्।

**३. उन्नत चरण।** यो चरण धनु र वाणको आविष्कारबाट शुरू हुन्छ। यस आविष्कारको फलस्वरूप जङ्गली पशुपक्षीको मासु मानिसहरूका स्थायी भोज्य पदार्थ बन्न गयो र शिकार मानव श्रमको एक सामान्य क्षेत्रको रूपमा परिणत भयो। धनु, ताँदो र वाणजस्ता अस्त्रहरू निकै जटिल थिए, जसको आविष्कारको लागि निकै लामो कालदेखि सञ्चित अनुभव तथा अति तीक्ष्ण बुद्धि एवम् उत्कृष्ट मानसिक क्षमताको आवश्यकता थियो। त्यसै प्रकारको लागि अन्य अनेकौँ आविष्कारहरूसित परिचित हुनु पनि जरुरी थियो। धनु र वाणसित परिचित तर कुमालेको कलासित भने अपरिचित (यस कलाको थालनीलाई नै मर्गनले बर्बर युगमा सङ्क्रमणको प्रमुख लक्षण मानेका छन्) जनजातिहरूलाई एक अर्कासित दाँजेर हेर्दा हामी वास्तवमा गाउँहरूमा बसोबास गर्ने प्रवृत्तिका शुरुआतहरू पाउँदछौँ, उनीहरूले जीवन-यापनका साधनहरूमाथि निश्चित मात्रामा आफ्नो नियन्त्रण कायम गरिसकेको अर्थात् काठका भाँडाकुँडा बनाउन, रूखको बोक्राबाट निकालिने धागोबाट हातले (तानको प्रयोगबिना) कपडा बुन्न र बेतका टोकरीहरू तथा परिष्कृत (नवपाषाणीय) ढुङ्गे हतियारहरू बनाउन सिकिसकेको पाउँदछौँ। यस चरणमा मानिसहरूले आगो र ढुङ्गे बञ्चरोको सहायताले प्रायशः सिङ्गो रूखबाट डुङ्गा बनाउन र कहींकहीं घर बनाउनको लागि मुढा र फल्याकहरू तयार गर्ने क्षमता पाएका थिए। उदाहरणको लागि यी सम्पूर्ण उपलब्धिहरू हामी उत्तर-पश्चिमी अमेरिकाका इन्डियनहरूमा पाउँदछौँ, जो धनु र वाणसित परिचित भए तापनि कुमालेको कलासित भने अपरिचित नै छन्। जङ्गली युगको लागि धनु र वाण त्यत्तिकै निर्णायक अस्त्र थिए, जति बर्बर युगको लागि फलामको तलवार र सभ्य युगको लागि आग्नेयास्त्र।

# २. बर्बर युग

**१. निम्न चरण।** यो युगको शुरुआत कुमालेको कला अस्तित्वमा आएपछि भएको हो। अधिकांश अवस्थामा बेत अथवा काठका भाँडाहरूलाई आगोमा नडढोस् भन्ने उद्देश्यले बाहिरबाट माटोले पोतेर बनाइन्थ्यो र यसै चलनबाट उतातिर माटाका भाँडाहरू बनाउने कलाको थालनी भएको हो भन्ने कुरा साबित गर्न सकिन्छ, किनभने मानिसहरूले यस्तो माटोको भाँडोभित्रको काठ अथवा बेतको भाँडोबिना पनि काम चलाउन सकिँदो रहेछ भन्ने कुरा छिट्टै बुझे।

अहिलेसम्मको वर्णनबाट हामी कुनै निश्चित अवधिसम्म मानवजातिको विकासप्रक्रिया सबै जातिहरूमा एकै प्रकारले चलेको थियो र कुनखुर्नै प्रदेशमा भए पनि यस प्रक्रियामा कुनै खास अन्तर थिएन भन्ने कुरा बुझ्दछौँ। परन्तु बर्बर युगमा प्रवेश गर्नासाथ हामी एक यस्तो चरणमा पुग्दछौँ, जब दुवै ठूलठूला महाद्वीपहरूको प्राकृतिक स्थितिमा निहित अन्तरले आफ्नो प्रभाव देखाउन थाल्दछ। पशुपालन, पशु-प्रजनन तथा खेतीपाती बर्बर युगका लाक्षणिक विशेषताहरू हुन्। पूर्वी गोलार्द्धमा अर्थात् तथाकथित पुरानो विश्वमा प्राय सबै प्रकारका पालनीय पशुहरू र एउटाबाहेक अरु सबै प्रकारका अन्नहरू उपलब्ध थिए, भने पश्चिमी गोलार्द्ध अर्थात् अमेरिकामा, र त्यो पनि केवल त्यसको दक्षिणतिरको एक भागमा, एउटै प्रकारको पालनीय पशु मात्र थियो, जसलाई लामा भनिन्छ र खेतीयोग्य एउटै प्रकारको अन्न मात्र अर्थात् मकै थियो, जो अन्नहरूमा सर्वश्रेष्ठ थियो। प्राकृतिक वातावरणमा निहित यस अन्तरको फलस्वरूप अब यसपछिदेखि प्रत्येक गोलार्द्धका बासिन्दाहरूले आफ्नै विशेष मार्गबाट विकास गर्न थाले र दुवै गोलार्द्धमा मानव विकासका विभिन्न चरणहरूमा निहित विशेषताहरूले पनि बेग्लाबेग्लै रूप लिन थाले।

**२. मध्यम चरण।** पूर्वमा यो चरण पशुपालनबाट शुरु हुन्छ भने पश्चिममा सिँचाइको प्रयोगसहित खाद्य बोटबिरुवाको खेती र भवननिर्माणको लागि एडोब (घाममा सुकाइएको कच्चा ईंट) र ढुङ्गाको प्रयोगबाट शुरु हुन्छ।

हामी आफ्नो वर्णन पश्चिमबाट शुरु गरौँ, किनभने यहाँ युरोपेलीहरूले अमेरिकामाथि विजय प्राप्त गर्नुअघि मानिसले कहीँ पनि यो चरण पार गरेको थिएन।



बर्बरताको निम्न स्तरमा रहेका इण्डियनहरू (मिसिसिपी नदीको पूर्व-पट्टिका सबै आदिवासीहरू यसै अवस्थामा थिए) लाई युरोपेलीहरू पश्चिम गोलार्द्धमा पुग्नुअघि नै आफ्नो बारीमा मकैको खेती गर्ने कुनैनकुनै तरिकाको ज्ञान थियो, सम्भवतः उनीहरू त्यस्तै किसिमले फर्सी, तरबुजा तथा विभिन्न प्रकारका सागपातहरूको खेती गर्दथे र यस्तो खेतीबाट प्राप्त हुने खाद्य पदार्थ उनीहरूको आहारको निकै महत्वपूर्ण हिस्सा बनिसकेको थियो। उनीहरू ठेकै बारले घेरिएका गाउँहरूमा काठले बनेका घरहरूमा बस्दथे। उत्तर-पश्चिमी जातिहरू, विशेषतः कोलम्बिया नदी-क्षेत्रका बासिन्दाहरू अझै पनि जङ्गली युगको उच्चतर चरणमै थिए र उनीहरू न माटोको भाँडो बनाउन जान्दथे, न त खेतीपाती नै गर्दथे। यसको विपरीत न्यू मेक्सिकोका तथाकथित पुएब्लो इण्डियनहरू (४), मेक्सिकोलीहरू, मध्य अमेरिकालीहरू र पेरुवासीहरू युरोपेलीहरूको आगमन कालमा बर्बर युगको मध्यम चरणमा थिए। उनीहरू गढजस्तो देखिने, ईंटा अथवा ढुङ्गाबाट बनेका घरहरूमा बस्दथे, कृत्रिम ढङ्गबाट पटाइ गरिने बारीमा मकै र स्थान तथा हावापानीअनुसार अन्य विभिन्न खाद्य बोटबिरुवाहरू रोप्दथे र त्यसबाट प्राप्त हुने फलफूल नै उनीहरूको भोजनको मुख्य स्रोत हुन्थ्यो। त्यस्तै केही मात्रामा पशुपालन पनि शुरु भइसकेको थियो – मेक्सिकोवासीहरू टर्की तथा अन्य पन्छीहरू पाल्दथे भने पेरुवासीहरू लामा पाल्ने गर्दथे। यसका अतिरिक्त उनीहरू धातुको पनि प्रयोग गर्दथे तर फलामको प्रयोग गर्न भने अझै जानेका थिएनन्, त्यसै कारणले त्यस बेलासम्म ढुङ्गाका हतियारहरू र औजारहरू नै प्रचलित थिए। स्पेनवासीहरूको विजयले उनीहरूको सम्पूर्ण बाँकी स्वतन्त्र विकास प्रक्रियालाई एक्कासि टुङ्ग्याइदियो।

पूर्वमा बर्बर युगको मध्यम चरण त्यस बेलादेखि आरम्भ भयो जब मानिसहरूले दूध र मासु प्राप्त हुने पशुहरू पाल्ने काम थाले। परन्तु यहाँका मानिसहरू लामो समयसम्म खेतीपातीबाट अनभिज्ञ नै रहे भन्ने देखिन्छ। ठूलठूला बथानको पालन र संवर्द्धनले नै आर्य तथा सामी जातिहरूलाई अन्य बर्बर जातिहरूबाट छुट्याएको हुनुपर्दछ। युरोप र एसियाका आर्यहरू अझ पनि पशुहरूको लागि समान नाम प्रयोग गर्दछन् तर बोटबिरुवाहरूका नामचाहिँ प्रायः फरक छन्।

उपयुक्त स्थानहरूमा घरेलु पशुहरूको बथान बन्न थालेपछि गोठाले जीवनको आरम्भ भयो। सामी जातिहरूले युफ्रेटिस (Euphrates) र टिग्रिस (Tigris) नदीका हरियाली घाँसे मैदानहरूमा यो जीवनको आरम्भ गरे

भने आर्यहरूले भारतका तथा पर सुभावहरूमा ओक्सस (Amu-Darya) र जक्सार्तीज (Syr-Darya) तथा डोन र द्नेपर नदीहरूका किनारमा रहेका मैदानहरूमा। सम्भवत: यस्तै चौपाया-क्षेत्रका विभागहरूमा पहिलो पटक पशुपालन कार्य आरम्भ भयो। त्यसैले पछिल्ला पिंढीका मानिसहरूलाई गोठाले जातिहरूको उत्पत्ति तिनै इलाकाहरूमा भएको हुनुपर्दछ भन्ने लाग्यो, तर वास्तवमा ती इलाकाहरू मानवजातिको शैशव कालमा उनीहरूको पालन-पोषणको लागि त परै जाओस् यी पिंढीहरूका सबभन्दा पुर्खाहरूको लागि पनि नभएर बर्बर युगको निम्न चरणका मानिसहरूको लागि समेत बसोबास गर्न उपयुक्त थिएनन्। त्यसको विपरीत, मध्यम चरणमा रहेका यी बर्बर जातिहरूलाई गोठाले जीवनको बानी परिसकेपछि उनीहरू नदीका किनारमा अवस्थित हरियाली उपत्यकाहरू छोडेर आफ्ना पूर्वजहरूले बसोबास गरेका जङ्गली भूभागमा फर्काई लाने कुरा सपनामा पनि सोच्न सक्दैनथे। अब आर्य तथा सामीहरू उत्तरी एवम् पश्चिमी इलाकाहरूतर्फ धकेलिए, त्यस बेलासम्म पनि उनीहरू पश्चिम एशिया तथा युरोपका जङ्गली इलाकाहरूमा बसोबास गर्न असमर्थ थिए। त्यसै बेलादेखि मात्र उनीहरू त्यहाँ बसोबास गर्न समर्थ भए, जब उनीहरूले अन्नको खेती गर्न थाले र जमिन त्यति उर्वर नभए पनि आफ्ना गाईवस्तुको लागि, विशेषत: जाडो मौसममा, दानाको पुन्याउन सक्ने भए। यो कुरा धेरै सम्भव छ कि यहाँ गाईवस्तुहरूलाई आहाराको लागि नै अन्नको खेती शुरू गरिएको थियो र पछि गएर मात्र अन्न मानिसहरूको खाद्य पदार्थको महत्त्वपूर्ण स्रोत बन्न पुग्यो।

आर्यहरू र सामीहरूलाई भोजनको लागि दूध र मासुको कमी थिएन र विशेषगरी बालबच्चाहरूको विकासमा यस भोजनले निकै राम्रो प्रभाव पारेको थियो। शायद यसै कारणले होला यी दुवै जनजातिले बढी सफलतापूर्वक आफ्नो विकास गरे। वास्तवमा बर्बर युगको निम्न चरणमा रहेका इण्डियनहरूको, जसको आहारमा नै मासु प्रायः थियो, भन्दा नयाँ मेक्सिकोका पुएब्लो जातिका शाकाहारी इण्डियनहरूको खोपडी सानो हुन्छ। यो चरणमा नरमांसभोजन बिस्तारैबिस्तारै लुप्त हुँदै जान्छ र कतैकतै बाँकी रहे पनि एक धार्मिक रीति-रिवाजको रूपमा अथवा जादु-संस्कारको रूपमा मात्र देखिन्छ, जुन प्राय एउटै कुरा हो।

**३. उन्नत चरण।** यस चरणको शुरुआत फलामको धातु पगाल्ने कलाको आविष्कार भएपछि हुन्छ र अक्षर लेख्ने कलाको आविष्कार तथा



साहित्यिक लेखाइको लागि अक्षरको प्रयोग हुन थालेपछि यस चरणले सभ्य युगमा संक्रमण गर्न थाल्दछ। हामीले माथि नै उल्लेख गरिसकेका छौं, पूर्वी गोलार्द्धका बासिन्दाहरूले मात्र यो चरण स्वतन्त्र रूपले पार गरे र यस चरणमा उत्पादनको जति विकास भयो त्यति अघिल्ला सम्पूर्ण चरणहरूमा सम्मिलित रूपमा पनि भएको थिएन। वीर कालका यूनानीहरू, रोमको स्थापना हुनुभन्दा केही अघि पहिलेका इटालीका जातिहरू, टासिटसको समयका जर्मनहरू र भाइकिङहरूको समयका नर्मनहरू यसै चरणमा पर्दछन्।

सबभन्दा महत्त्वपूर्ण कुरा त के हो भने घरेलु पशुले तान्ने फलामको हलो पहिलो पटक यसै चरणमा देखा पर्‍यो। हलोको आविष्कारले वृहत् स्तरमा खेतीपाती गर्ने सम्भावना पैदा भयो — मान्छेले खनजोत गर्न सिक्यो र त्यसको साथै त्यस समयको अवस्थामा जीवन यापनका साधनहरूमा व्यावहारिक: असीमित वृद्धि हुन गयो। फेरि जङ्गल फडानी गरेर खेती गर्ने काम पनि शुरू भयो; जुन काम फलामको बन्चरो र फलामको कोदालोबिना वृहत् स्तरमा हुन सक्दैनथ्यो। यस प्रक्रियाको साथसाथै जनसङ्ख्याको तीव्र वृद्धि हुन थाल्यो, सानासाना बस्तीहरूमा घना आबादी हुन थाल्यो। मान्छेले खनजोत गर्न सिक्नुभन्दा पहिले पाँच लाखजति मानिसहरू एउटै केन्द्रीय नेतृत्वअन्तर्गत बस्न सफल हुनको लागि पूर्णत: असाधारण अवस्थाहरूको सृजना भएको हुनुपर्दथ्यो र शायद यस्तो स्थिति कहिल्यै पनि अस्तित्वमा रहेन।

होमरका कविताहरूमा, विशेषत: 'इलियाड' मा, हामी बर्बर युगको उन्नत चरणको पूर्ण विकास भएको पाउँदछौं। फलामका परिष्कृत औजारहरू, लोहारको धमनी, हाते चक्की, कुमालेको चक्र, खानेतेल र रक्सी बनाउने कला, धातु प्रशोधन, जुन कार्य धातुका वस्तुहरूको निर्माण गर्ने एक कलाको रूपमा विकसित भयो, गाडा र युद्ध-रथहरूको निर्माण, मुढा र फल्याकहरूद्वारा जहाजको निर्माण, एक कलाको रूपमा शिल्पकारिताको प्रारम्भिक विकास, मिनारहरू र बुर्जी पर्खालहरूले घेरिएका शहरहरूको निर्माण, होमरको महाकाव्य र सम्पूर्ण पौराणिक कथाहरू — तिनै कुराहरूको उत्तरदायित्वसहित यूनानीहरूले बर्बर युगबाट सभ्य युगमा प्रवेश गरे। यी सब कुरा सेजर र यस टासिटसको ती जर्मनहरूसम्बन्धी, जो संस्कृतिको त्यस चरणको शुरुआतमा उभेका थिए, जहाँबाट होमरको युगका यूनानीहरू अब माथिल्लो चरणमा उक्लने तयारी गर्दै थिए (४), वर्णनसित दाँजेर हेर्ने हो भने बर्बर युगको उन्नत चरणमा उत्पादनको विकास कति सम्पन्न थियो भन्ने कुरा हामीले बुझ्नेछौं।

मोर्गनको अनुसरण गर्दै मैले जङ्गली युग तथा बर्बर युग हुँदै सभ्यताको थालनीसम्म मानवजातिले गरेको विकासको यहाँ जुन चित्र प्रस्तुत गरें, त्यो निश्चित नवीनतम विशेषताहरूले भरिपूर्ण छ र अझ महत्त्वपूर्ण कुरा त के छ भने यी विशेषताहरू निर्विवाद भएका छन्, किनभने यी कुरा उत्पादनसित प्रत्यक्ष रूपमा सम्बन्धित छन्। तैपनि यो चित्र त्यस चित्रको तुलनामा धमिलो र तुच्छ, जुन हाम्रो यात्राको अन्त्यमा हाम्रो समक्ष देखा पर्नेछ। त्यसै बेला मात्रै हामीले बर्बर युगबाट सभ्य युगमा सङ्क्रमणको पूरा चित्र प्रस्तुत गर्न र यी दुइ युगहरूका बीचमा कति ठूलो अन्तर थियो भन्ने कुरा देखाउन सफल हुनेछौं। हामीलाई हाम्रो मोर्गनद्वारा प्रस्तुत वर्गीकरणलाई निम्न रूपमा प्रस्तुत गर्न सक्दछौं: जङ्गली युग – त्यो अवधि जुन बेला मुख्यतया प्रकृतिमा पाइने वस्तुहरू आफ्नो उपयोगको लागि प्रयोग गरिन्थ्यो; मानिस-द्वारा निर्मित वस्तुहरू मुख्यतया यस्तो उपयोगको लागि सहायक मात्र हुन्थे। बर्बर युग – पशुपालन र खेतीपातीको थालनीको अवधि अर्थात् त्यो काल, जब मानव क्रियाशीलताको फलस्वरूप उत्पादनलाई वृद्धि गर्ने तरिकाहरू सिकियो। सभ्ययुग – प्राकृतिक वस्तुहरूको अझ बढी प्रशोधन गर्ने कलामा दक्षताप्राप्तिको अवधि, वास्तविक अर्थमा उद्योग तथा कलाको विकासको अवधि।

२

# परिवार

मोर्गनले, जसले आफ्नो जीवनको एक लामो अवधि इरोक्वाहरूको, जो अहिले पनि न्यूयोर्क राज्यमा बस्दछन्, माझमा बिताएका थिए र उनलाई तिनीहरूमध्येको एक प्रजाति (सेनेका प्रजाति) ले धर्मपुत्र बनाएको थियो, के कुरा पत्ता लगाए भने तिनीहरूको बीचमा वंश-सम्बन्धको एक यस्तो प्रथा प्रचलित थियो, जुन प्रथा तिनीहरूको यथार्थ पारिवारिक सम्बन्धसित मेल खाँदैन। तिनीहरूको बीचमा दुवै पक्षले सजिलैसित सम्बन्ध-विच्छेद गर्न सक्ने एक विवाहप्रथा प्रचलित थियो, जसलाई मोर्गनले "युग्म परिवार" भनेका छन्। यस्तो दम्पतिबाट जन्मेको सन्तानले सबैबाट मान्यता पाउँथ्यो, त्यसैले त्यस्ता सन्तानलाई मातापिता, पुत्रपुत्री, भाइबहिनी इत्यादि भनेर सम्बोधन गर्ने हो भन्ने कुरामा कुनै पनि शङ्का हुन सक्दैनथ्यो। तर यथार्थ जीवनमा चाहिँ यी शब्दहरू अर्कै तरिकाले प्रयोग गरिन्छन्। इरोक्वा पुरुषले आफ्ना छोराछोरीलाई मात्र नभएर आफ्ना दाजुभाइका छोराछोरीलाई समेत छोराछोरी नै भनेर बोलाउने गर्दछन् र छोराछोरीहरू पनि उनलाई बुबा नै भनेर सम्बोधन गर्दछन्। आफ्ना दिदीबहिनीका छोराछोरीलाई चाहिँ उनी भान्जाभान्जी भन्दछन् र तिनीहरू उनलाई मामा भन्दछन्। यसैगरि इरोक्वा स्त्री आफ्ना छोराछोरीका साथै आफ्ना दिदीबहिनीका छोराछोरीलाई पनि छोराछोरी नै भनेर सम्बोधन गर्दछिन् र उनीलाई तिनीहरू आमा भनेर सम्बोधन गर्दछन्। तिनी आफ्ना दाजुभाइका छोराछोरीलाई चाहिँ भदाहा भदै भनेर सम्बोधन गर्दछिन्। ठीक यस्तै किसिमले दाजुभाइका छोराछोरी अथवा दिदीबहिनीका छोराछोरीहरू पनि आपसमा दाजुभाइ अथवा दिदीबहिनी नै भन्ने गर्दछन्। यसको विपरीत स्त्रीहरूका छोराछोरी र तिनका भाइका छोराछोरीहरू आपसमा भान्जीदाजु-भान्जीभाइ अथवा भान्जीदिदी-भान्जी-बहिनी भन्ने गर्दछन्। यी केवल कुनै महत्त्व नराख्ने शब्दहरू मात्र होइनन्;

यी शब्दहरू वंश-सम्बन्धको निकटता एवम् दूरता तथा समानता एवम् असमानतासम्बन्धी वास्तविक दृष्टिकोणहरूका अभिव्यक्ति हुन्। यी दृष्टिकोणहरू वंश-सम्बन्धको एक पूर्णतः व्यवस्थित प्रणालीका आधार हुन् र यस प्रणालीले कुनै व्यक्ति विशेषको वंश सम्बन्धका सयौं रूपहरूलाई अभिव्यक्त गर्दछ। अझ यो प्रणाली पूर्णतः सम्पूर्ण अमेरिकी इण्डियनहरूमा मात्र प्रचलित भएको होइन (अहिलेसम्म एउटा पनि अपवाद देखा परेको छैन), यस्तै किसिमले भारतका प्राचीन बासिन्दाहरू, डेकान (दक्षिण भारत) का द्राविड जातिहरू र हिन्दुस्तानका गौरा जातिहरूमा पनि यो प्रथा झन्डै अपरिवर्तित रूपमा भेटिइन्छ। दक्षिण भारतका तामिलहरू र न्युयोर्क राज्यका सेनेका जातिका इरोक्वाहरूमा भेटिइने विभिन्न वंश-सम्बन्धका दुइ सयभन्दा बढी रूपहरू आज पनि एकैनासका छन्। सबै अमेरिकी इण्डियनहरूको जस्तै यी भारतीय जातिहरूको वंश-प्रणाली र प्रचलित पारिवारिक व्यवस्थामा आधारित वंश-सम्बन्धहरू आपसमा मेल खाँदैनन्।

यस कुराको व्याख्या कसरी गर्ने? सबै जङ्गली तथा बर्बर जातिहरूको सामाजिक व्यवस्थामा वंश-सम्बन्धले कुन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ, त्यसमा व्यापक रूपमा प्रचलित यस व्यवस्थाको महत्त्वलाई दुइचार कुरा गरेर त्यत्तिकै बिर्सिदिन मिल्दैन। अमेरिकामा व्यापक रूपमा प्रचलित, त्यस्तै किसिमले एसियामा पनि पूर्णतः अर्कै प्रकारका जातिमा विद्यमान र थोरबोर परिवर्तित रूपमा अफ्रिका एवम् अस्ट्रेलियामा समेत पत्ता लगाइने यस व्यवस्थाको ऐतिहासिक व्याख्या हुनु आवश्यक छ। यस व्यवस्थालाई म्याक-लेननले जस्तो कुरैकुरामा उडाउन सकिँदैन। बाबुआमा, दाजुभाइ, दिदी-बहिनी—यी सम्बोधनका औपचारिक शब्दहरू मात्र होइनन्, यी शब्दहरूले पूर्णतः निश्चित र अति गम्भीर पारस्परिक दायित्व व्यक्त गर्दछन्, जसको समष्टि यी जातिहरूको सामाजिक प्रणालीको महत्त्वपूर्ण अंश बनेको छ। यसको पनि व्याख्या भेटियो। वर्तमान शताब्दीको पूर्वार्द्धमा स्यान्डविच (हवाई) टापुहरूमा परिवारको एक यस्तो रूप अस्तित्वमा थियो, जसमा यस्तै बाबुआमा, दाजुबहिनी, छोराछोरी, काकाकाकी (मामामाइजू), भतिजाभतिजी (भदाहाभदै) हुन्थे, जस्तो अमेरिकी तथा प्राचीन भारतीय वंश-सम्बन्ध प्रणालीमा हुने गर्थ्यो। तर एउटा अति आश्चर्यको कुरा छ! हवाई टापुहरूमा प्रचलित वंश-सम्बन्ध प्रथा पनि त्यहाँ अस्तित्वमा रहेको परिवारको वास्तविक रूपसित मेल खाँदैन। त्यहाँ दाजुभाइ र दिदी-बहिनीका सबै छोराछोरीहरू बिनाकुनै अपवाद दाजुभाइ दिदीबहिनी मानि-



न्थे, र आफ्नो आमा तथा उनका दिदीबहिनी अथवा आफ्ना बाबु र उनका दाजुभाइहरूका मात्र नभएर आफ्ना आमाबाबुका सबै दाजुभाइ र दिदी-बहिनीहरूका छोराछोरीहरू सबै समान रूपले छोराछोरी मानिन्थे। यस प्रकारले एकातिर वंश-सम्बन्धको अमेरिकी प्रणालीले परिवारको एउटा बढी प्राचीन रूपतिर सङ्केत गर्दछ, जसको अस्तित्व हाल अमेरिकामा बिलाइसकेको छ तर हवाई टापुहरूमा भने वास्तवमा अझै पनि विद्यमान छ, भने अर्को-तिर, हवाई टापुहरूमा विद्यमान वंश-सम्बन्धको प्रणाली परिवारको झन प्राचीन रूपतिर औंल्याउँदछ, जसको अस्तित्व, वास्तवमा, वर्तमान कालमा हामी कतै पनि भेट्टाउन सक्दैनौं, यद्यपि त्यसको अस्तित्व हुनैपर्दथ्यो, किनभने यस प्रकारको वंश-सम्बन्ध प्रथाको प्रादुर्भाव अन्यथा हुन सक्ने नै थिएन।

> मोर्गन भन्दछन्, "परिवार एक सक्रिय प्रक्रियाको शुरुवात हो। परिवार कहिल्यै स्थिर हुँदैन र समाजले तल्लो अवस्थाबाट माथिल्लो अवस्थामा विकास गर्दै गएअनुसार यसले पनि सधैं निम्न रूपबाट उच्च रूपमा सङ्क्रमण गरिरहेको हुन्छ। यसको विपरीत, वंश-सम्बन्ध प्रणाली निष्क्रिय हुन्छ; परिवारले एक लामो अवधि पार गरिसकेपछि मात्र यस प्रणालीमा प्रगति हुन्छ र त्यसै बेला मात्र यसमा मौलिक परिवर्तन देखा पर्दछ, जब परिवारमा मौलिक परिवर्तन हुन्छ"। (६)

मार्क्स भन्नुहुन्छ, "राजनीतिक, कानुनी, धार्मिक तथा दार्शनिक प्रणाली-हरूमा पनि खास रूपमा यही कुरा लागु हुन्छ" (७)। परिवारले विकास गर्दै जान्छ तर वंश-सम्बन्धको प्रथाचाहिँ यथास्थितिमा रहन्छ। यस प्रकारले वंश-सम्बन्धको प्रथा एक रीतिको रूपमा मात्र विद्यमान रहन्छ भने परिवारले विकसित हुँदै यसको सीमा नाघिदिन्छ। जसरी पेरिस नजिकै भेट्टाइएको एक स्तनधारी पशुको अस्थिपञ्जरको आधारमा क्युभियेले यो थैला-धारी पशुको अस्थिपञ्जर हो र त्यहाँ कुनै जमानामा हाल लुप्त भइसकेका थैलाधारी पशुहरू पाइन्थे भन्ने प्रामाणिक निष्कर्ष निकाले; हामी पनि ऐतिहासिक रूपमा प्राप्त भएको वंश-सम्बन्धको प्रथाको आधारमा यसै प्रथा-अनुसारको एक पारिवारिक रूप, जुन हाल भेट्दैनौं, अस्तित्वमा थियो भन्ने कुरा त्यत्तिकै दृढतापूर्वक प्रमाणित गर्न सक्दछौं।

वंश-सम्बन्धका उपर्युक्त प्रणालीहरू र परिवारका रूपहरू वर्तमान कालमा प्रचलित प्रणालीहरू र रूपहरूबाट कुन कुरामा फरक छन् भने तिनमा प्रत्येक बालकका धेरै आमाबाबु हुन्थे। वंश-सम्बन्धको अमेरिकी प्रणालीअनुसार,

कुरा हवाईमा विद्यमान परिवार प्रणालीसित मिल्दोजुल्दो छ, नातागोता र शिवोसहिती एउटै र उही आधारका आधारमा हुन सक्दैनन्; त्यसको विपरीत हवाईमा प्रचलित वंश-सम्बन्धको प्रथा अनुसारचाहिं परिवारमा यस प्रथाले एक सैद्धान्तिक रूपमा मान्यता पाएको छ। यहाँ हामी समक्ष परिवारका प्रथा विभिन्न रूपहरू खडा छन्, जुन अहिलेसम्म स्वीकृत एक मात्र अस्तित्वमा रहेका रूपहरूको पूर्णतः विपरीत छन्। परम्परागत धारणाअनुसार एकविवाहको मात्र अस्तित्व रहेको छ र साथै के कुरा पनि स्वीकारिएको छ भने केही पुरुष व्यक्तिगत रूपमा बहुविवाह गर्दछन् र एउटै स्त्रीका धेरै लोग्ने पनि हुन सक्दछन्। अनि सदाचारको उपदेश दिने एक कूपमण्डूकले झैं व्यवहारमा चाहिं यी अलिखित नियमलाई लत्याएको तथ्य बन्धनको बुझाइ, विवाहसम्बन्ध प्रायः उल्लङ्घन गरिन्छ भन्ने तथ्यको ढाकछोप गरिन्छ। तर यसको विपरीत, आदिम समाजको इतिहास अध्ययन गर्दा हामी त्यस्ता अवस्थाहरूको सङ्केत भेट्टाउँदछौं, जहाँ लोग्नेमान्छेहरूले धेरै स्वास्नी राखेका हुन्थे र स्त्रीहरूका स्वास्नीहरूमध्ये प्रत्येकका धेरै लोग्ने हुन्थे; त्यसैले ती सबै स्त्री-पुरुषहरूका छोराछोरीहरू समान रूपले सबैका छोराछोरी मानिन्थे। यस अवस्थामा धेरै परिवर्तनहरू हुन्थे र त्यस बेलासम्म यस्ता परिवर्तनहरू हुँदै जान्थे जबसम्म यस प्रथाले एकविवाह प्रणालीमा पूर्णतः सङ्क्रमण गर्दैन। यी परिवर्तनहरू यस्ता देखिन्छन् भने सामूहिक विवाहको घेरा शुरूमा निकै व्यापक थियो तर पछि गएर यो घेरा क्रमशः साँघुरिंदै गयो र अन्ततोगत्वा वर्तमान समयमा प्रचलित युग्म परिवारको स्थितिमा नपुगुन्जेलसम्म यो प्रक्रिया चालू नै रह्‌यो।

यस प्रकारले उल्टो क्रममा परिवारको इतिहासको पुनर्रचना गरेर मोर्गन आफ्ना अधिकांश सहकर्मीहरूको समर्थनसहित निम्न निष्कर्षमा पुग्दछन्—एक यस्तो आदिम अवस्था थियो, जब एउटा जातिभित्र स्वच्छन्द यौन-सम्बन्ध प्रचलित थियो, त्यसैले प्रत्येक स्त्रीमाथि प्रत्येक पुरुषको र प्रत्येक पुरुषमाथि प्रत्येक स्त्रीको समान रूपले अधिकार रहन्थ्यो। गत शताब्दीदेखि नै यस्तो आदिम अवस्थाबारे चर्चा हुँदै आएको हो, तर त्यस्ता चर्चाहरू सामान्य शब्दहरूमै सीमित रहन्थे; बाखोफनले मात्रै यस समस्यामाथि गम्भीरतापूर्वक सोचविचार गरे र ऐतिहासिक तथा धार्मिक किंवदन्तीहरूमा यस स्थितिको सङ्केत खोज्न थाले। यो उनको एउटा निकै महत्त्वपूर्ण देन हो। उनले भेट्टाएका यी सङ्केतहरूले हामीलाई आज क्रमशः स्वच्छन्द यौन-सम्बन्धहरूको सामाजिक चरणतिर नभएर यौन-सम्बन्धको पछि देखा



परेको रूप—सामूहिक विवाहतिर फर्काउँदछन् भन्ने कुरा अब हामीलाई थाहा भइसकेको छ। उक्त आदिम सामाजिक चरण, यदि त्यस्तो चरण होस्नै तै अस्तित्वमा थियो भने पनि, यति प्राचीन युगमा थियो भने अब हामी यसैसँग यसको अस्तित्वको कुनै प्रत्यक्ष प्रमाण कुनै पछौटे अवस्थामा रहेका वनमानिसहरूका सामाजिक पुरावशेषहरूमा पनि भेट्टाउने आशा गर्न सक्दैनौं। बाखोफनको देन के कुरामा निहित छ भने उनले यस प्रश्नलाई नै अनुसन्धानको मुख्य प्रश्न बनाइदिए*।

पछिल्लो केही समय यता मानवजातिको यौन-जीवनमा यस प्रारम्भिक चरणको अस्तित्व अस्वीकार गर्ने फैशन चलेको छ। मानवजातिलाई यस "कलङ्क" बाट मुक्त गर्ने चाहन्छन्। यस सम्बन्धमा कुनै प्रत्यक्ष प्रमाण नभए पनि तर्क मात्र प्रस्तुत गरेर मुख्यतया पशु जीवनको नै उदाहरण दिइन्छ। वेस्टरमार्क ('विवाह र परिवारको विकास', सन् १८८८) नामक पुस्तकमा पशु जीवनसम्बन्धी त्यस्ता धेरै तथ्यहरूको सङ्कलन गरेका छन्, जसबाट यहाँ पनि निम्न स्तरमा पाइने अनियन्त्रित यौन-सम्बन्ध पाइन्छ भन्ने कुरा प्रमाणित हुन्छ। परन्तु म यी सबै तथ्यहरूबाट एउटै मात्र निष्कर्ष निकाल्न सक्दछु, त्यो हो—अहिलेसम्म मानव र उसको आदिम जीवनावस्थाको प्रश्न छ, त्यस सम्बन्धमा यी तथ्यहरूले कुनै पनि कुरा प्रमाणित गर्दैनन्।

---

*बाखोफनले यस आदिम अवस्थालाई हेटेरिज्मको संज्ञा दिएर, आफूले यस्तो लगाएको र यस अनुमान लगाएको भने देख होला, यस कुरालाई यति कम बुझेका रहेछन् भन्ने देखाए। यूनानीहरूले हेटेरिज्म भन्ने शब्द अविवाहित अथवा एकपत्नीत्वको स्थितिमा रहेका पुरुषहरूको अविवाहिता नारीहरूसितको यौन-सम्बन्ध देखाउन प्रयोग गर्ने गरेका थिए। यस शब्दले गर्दा के कुरा देखाउँदछ भने विवाहको एउटा त्यस्तो रूप अस्तित्वमा थियो, जसको सीमाबाहिर रहेर यस्तो यौनसम्बन्ध स्थापना गरिन्छ र जसमा वेश्यावृत्ति पनि, कम्तीमा पनि एक सम्भावनाको रूपमा निहित हुन्छ। यो शब्दको प्रयोग अर्को अर्थमा कहिल्यै गरिएको थिएन। मैले र मोर्गनले पनि त्यसै अर्थमा यो शब्द प्रयोग गरेका थियौं। बाखोफनका अति महत्त्वपूर्ण खोजहरू उनको काल्पनिक विचारको रहस्यमय आवरणभित्र यस्तो अविश्वसनीय ढङ्गबाट लुकेका छन्, मानौं पुरुष र नारीको जीवनमा जुन सम्बन्धहरू ऐतिहासिक रूपमा प्रादुर्भूत भएका छन्, तिनको स्रोत उनीहरूको यथार्थ जीवन-अवस्थामा नभएर मानिसहरूको तत्सम्बन्धी धार्मिक धारणाहरूमा थियो।

मेरुदण्डीय पशुहरूको दीर्घकालीन पुस्ता बीचमा रहेका शरीरक्रियात्मक कारणहरू हुन सक्छन्: प्रथमतः चराहरूमा, बच्चाहरूको पालनपोषणको बेला बढी समयमा पोथीलाई मद्दतको आवश्यकता पर्दछ; चराहरूको एकनिष्ठ सहवासको दृष्टान्तबाट मानिसहरूको बारेमा कुनै पनि कुरा प्रमाणित गर्न सकिँदैन, किनभने मानवजातिको उत्पत्ति पक्षीहरूबाट भएको होइन। फेरि एकनिष्ठ यौन-सम्बन्धलाई नै नैतिकताको पराकाष्ठा ठान्ने हो भने फित्ते-जुकालाई नै सर्वश्रेष्ठ ठान्नुपर्दछ, जसका ५० देखि २०० सम्म मेरुखण्डहरू अथवा खण्डहरूमध्ये प्रत्येकमा पुरुष र स्त्री दुवै प्रकारका यौनाङ्गहरू हुन्छन् र जसको सम्पूर्ण जीवन यी खण्डहरूमध्ये प्रत्येकमा स्वयम् आफैंसित मैथुन गर्नमै बित्दछ। हामीले आफ्नो विवेचनालाई स्तनपायी पशुहरूमै सीमित राख्ने हो भने पनि यहाँ हामी यौन-जीवनका सबै रूपहरू देख्न पाउँदछौं — स्वच्छन्द यौन जीवन, सामूहिक यौन-सम्बन्धका चिन्हहरू, एक भाले-पशुको धेरै पोथी-पशुहरूसितको यौन-सम्बन्ध, एकनिष्ठ यौन-सम्बन्ध आदि; जसमा एउटै रूप मात्र अर्थात् एउटा पोथी-पशुको अनेक भाले-पशुहरूसितको यौन-सम्बन्ध मात्र भेटिँदैन। केवल मानवजाति मात्र यस रूपसम्म पुग्न सक्यो। हाम्रा निकटतम सम्बन्धीहरू – चारहाते पशुहरूमा समेत भाले र पोथी जातिका बीचको सम्बन्धमा नानाथरीको विभिन्नता पाइन्छ। यस दायरालाई अझ साँघुरो पार्ने हो र मानवसदृश वनमानिसहरूलाई लिने हो भने हामी लेटुर्नोबाट मात्र थाहा पाउन सक्दछौं, तिनीहरूमध्ये कतैमा एकनिष्ठ यौन-जीवन (८) भेटिन्छ भने कतैमा बहुपत्नी यौन-सम्बन्ध भेटिन्छ, तर जीरो-टयोलोनले उद्धृत गरेअनुसार सोस्यूरको भनाइअनुसार गिबनहरूमा एकनिष्ठ यौन-सम्बन्ध नै कायम रहन्छ भन्ने छ। हाले मात्र प्रकाशित वेस्टरमार्कको ('मानव विवाहको इतिहास', लण्डन, सन् १८९१) पुस्तकमा प्रस्तुत मानवसदृश वनमानिसहरूको एकनिष्ठ यौन-सम्बन्धबारे भनाइहरू पनि यसका प्रमाण हुन सक्दैनन्। सङ्क्षेपमा, उपलब्ध तथ्यहरू यस्ता छन् कि इमानदार लेटुर्नो निम्न कुरा स्वीकार्न बाध्य हुन्छन्:

"स्तनपायी पशुहरूको बौद्धिक विकासको स्तर र यौन-सम्बन्धको रूपमा कुनै निश्चित अनुरूपता भेटिँदैन।" (९)

अनि एस्पिनास त झन् ('पशु समाज', सन् १८७७, पुस्तकमा) सीधै भन्दछन्:



"बथान नै पशुहरूमा देखिने सर्वोच्च सामाजिक समूह हो। बथान विभिन्न परिवारहरूबाट बनेजस्तो भान हुन्छ, तर सुरुदेखि नै परिवार र बथान परस्परविरोधी हुन्छन् र यी दुइ कुराको विकासमा उल्टो अनुपात भेटिन्छ"।

पारिवारिक रूपमा तथा अन्य कुनै रूपमा सहजीवन बिताउने मानवसदृश वनमानिसहरूबारे उपर्युक्त तथ्यबाट हामी प्राय कुनै पनि निश्चित कुरा थाहा पाउन सक्दैनौं; उपलब्ध तथ्यहरू प्रत्यक्षतः एक अर्कालाई काट्ने खालका छन्। हुन पनि यो कुनै आश्चर्यको कुरा होइन। असभ्य अवस्थामा रहेका मानवजाति कस्तो थियो भन्ने विषयमा हामी जे जति तथ्यहरू पाउँदछौं ती सीमित अति विरोधाभासपूर्ण हुन्छन् र तिनको आलोचनात्मक अध्ययन तथा छानबीन गर्नु अति आवश्यक हुन्छ। फेरि बाँदर-समाजको अध्ययन मानव समाजको अध्ययनभन्दा धेरै जटिल पनि हुन्छ। त्यसै कारणले हामीलाई हामीले यस्ता पूर्णतः अविश्वसनीय सूचनाहरूमा आधारित सब निष्कर्षहरूलाई अस्वीकार गर्नुपर्दछ।

परन्तु एस्पिनासको पुस्तकको उक्त अंश हामीले माथि उद्धृत गरेका थियौं, त्यसमा हामीले राम्ररी बुझ्न टेक्ने ठाउँ भेट्टाएका छौं। उच्चस्तरीय पशुहरूका बथान र परिवार एक अर्काका पूरक हुँदैनन्, बरु एक अर्काका विरोधी हुन्छन्। मैथुन-ऋतुको समयमा पुरुष-पशुहरूको ईर्ष्याको भावनाले कसरी बथानको एकता कमजोर हुनजान्छ अथवा अस्थायी रूपमा नष्ट नै गरिदिन्छ भन्ने कुरा एस्पिनासले अति स्पष्ट रूपमा वर्णन गरेका छन्।

"जहाँ परिवार घनिष्ठ रूपमा एकबद्ध रहन्छ, त्यहाँ दुर्लभ अपवादको रूपमा मात्र बथानको प्रादुर्भाव हुन्छ। यसको विपरीत जहाँ स्वच्छन्द यौन-सम्बन्ध अथवा एक भाले-जनावरको अनेक पोथी-जनावरहरूसित यौन-सम्बन्ध प्रचलित हुन्छ, त्यहाँ प्रायः स्वतः बथानको उत्पत्ति हुन्छ...। बथानको उत्पत्तिको लागि पारिवारिक सम्बन्ध कमजोर हुनुपर्दछ र हरेक जनावर आफू स्वतन्त्र हुनु आवश्यक हुन्छ। त्यसैले हामी चराचुरुङ्गीहरूमा सङ्गठित बथान विरलै भेट्टाउँदछौं...। यसको विपरीत हामी स्तनपायी जनावरहरूमा निश्चित हदसम्म सङ्गठित समाज भेट्टाउँदछौं, किनभने यहाँ प्रत्येक पशु आफ्नो परिवारमा हराउँदैन...। तसर्थ बथानको सामूहिक भावनाको उत्पत्तिकालमा यस भावनाको लागि पारिवारिक सामूहिकताको भावनाभन्दा ठूलो शत्रु

अरू केही हुँदैन। सीधै गर्नौं – यदि परिवारभन्दा बढी सङ्गठित कुनै सामाजिक रूप विकसित भएको थियो भने त्यसको एक मात्र कारण थियो – त्यस कालले त्यस्तो परिवारलाई विलिनियो, जसमा आधारभूत परिवर्तन भइसकेको थियो। त्यसको अतिरिक्त यही कारणले गर्दा नै पछि गएर बढी उपयुक्त परिस्थितिको निर्माण भएपछि फेरि गर्न सक्ने परिवारको सङ्गठन गर्ने सम्भावना प्राप्त भयो" (एस्पिनास, सन् १८८४ मा प्रकाशित 'विवाह र परिवारको उत्पत्ति' नामक पुस्तकबाट जीरो-टयोलोनिद्वारा उद्धृत, पृष्ठ ५१८-५२०)।

पशुजगत्बाट हामी के कुरा थाहा पाउँदछौं भने मानव समाजसम्बन्धी ऐतिहासिक निष्कर्ष निकाल्दा पशु समाजको पनि निश्चित महत्त्व रहन्छ, तापनि यो महत्त्व केवल नकारात्मक नै रहन्छ। हामीलाई जहाँसम्म ज्ञान छ, सर्वोच्च पृष्ठवंशीय जनावरहरूमा दुई प्रकारका परिवार मात्रै पाइन्छन्: एउटा भाले-माउको अनेक पोथी-समूहसहितको सहवास तथा अर्को भाले र पोथीको सहवास। दुवै अवस्थामा परिवारमा एउटै मात्र उमेर पुगेको भाले, एउटै मात्र पति हुनसक्दछ। भालेको ईर्ष्याले, जसले पशु-परिवारलाई सुदृढ बनाउने कार्य साथसाथै असम्भवपूर्ण पनि हुन्छ, परिवार र बथानको बीचमा विरोधाभास पैदा गराउँदछ। यस ईर्ष्याको फलस्वरूप बथानले, जुन उच्चतर सामाजिक रूप हो, कुनै अवस्थामा पूर्णतः आफ्नो अस्तित्व गुमाउँदछ भने अन्य अवस्थामा मैथुन-ऋतुको समयमा एकबद्धता गुमाउँदछ अथवा छिन्न-भिन्न हुन्छ, गर्दा भए पनि यसको भावी विकास थामिन्छ। पशु परिवार र आदिम मानव समाज आपसमा मिल्दा कुरा हुन् भनी प्रमाणित गर्न यही एउटा तथ्य पर्याप्त छ। पशु अवस्थाबाट निस्केका आदिमानवलाई या त परिवारबारे कुनै ज्ञान थिएन र ज्ञान थियो नै भने पनि त्यस्तो परिवारको, जसको जनावरहरूमा अस्तित्व थिएन। मानव अवस्थामा प्रवेश गर्ने मानिसको जस्तो निःशस्त्र जीवले पृथक जीवनको स्थितिमा थोरै अल्पसङ्ख्यामा आफ्नो अस्तित्व कायम राख्न समर्थ हुन्थ्यो, जस्तो वेस्टरमार्कले शिकारीहरूको पर्यवेक्षणको आधारमा उल्लेख गरेअनुसार गोरिल्ला र चिम्पान्जी जीवहरूमा समूह-जीवनको सर्वोच्च रूप युग्म सहवास हुन्छ। परन्तु विकासको क्रममा पशु अवस्थाबाट मुक्त हुन र प्रकृतिमा ज्ञात भएको सबभन्दा महान् प्रगति सम्पन्न गर्नको लागि एउटा अर्को तत्त्वको आवश्यकता थियो – समूहको संयुक्त शक्ति र सामूहिक प्रयासले व्यक्तिको आत्मरक्षाको लागि अपर्याप्त शक्तिको आपूर्ति



गर्नु आवश्यक थियो। मानवसदृश कपिहरू अहिले जुन अवस्थामा बाँच्दछन्, ठीक त्यस्तै अवस्थाबाट मानव स्थितिमा सङ्क्रमण पूर्णतः असम्भव हुन्थ्यो। यी कपिहरू त विकासको मुख्य क्रमबाट कटिसकेको पार्श्वीय शाखाको रूपमा प्रतीत हुन्छन्, जो क्रमशः लुप्त हुँदै छन् अथवा कम्तीमा पनि पतनावस्थामा छन्। यी परिवारका रूपहरूमा र आदिम मानव परिवारका रूपहरूमा समानता छ भन्ने सबै प्रकारका निष्कर्षहरू अस्वीकार गर्नको लागि यही एउटा कुरा नै पर्याप्त छ। वास्तवमा वयस्क पुरुषहरूमा बीचमा ईर्ष्याको अभाव र पारस्परिक सहनशीलता नै त्यस्ता ठूलठूला स्थायी समूहहरूको निर्माणको पहिलो शर्तको रूपमा थियो, जसको परिवेशमा मात्रै पशु अवस्थाबाट मानव अवस्थामा सङ्क्रमण सम्भव थियो। वास्तवमा परिवारको त्यो सबैभन्दा पुरानो, सबैभन्दा आदिम रूप कुन हो, जसको इतिहासमा अकाट्य प्रमाण पाइन्छ र जुन अहिले पनि कतैकतै भेटिन्छ? त्यो हो सामूहिक विवाह अर्थात् विवाहको त्यो रूप, जसमा पुरुषहरूको पूरै समूहले नारीहरूको पूरै समूहसित स्वतन्त्र यौन-सम्बन्ध राखेको हुन्छ र जहाँ ईर्ष्याको लागि कुनै स्थान पाएको हुँदैन। त्यसपछि, विकासको अझ पछिल्लो चरणमा, हामी बहुपति प्रथाजस्तो असाधारण रूप फेला पार्दछौं, जहाँ कुनै पनि प्रकारको ईर्ष्याको भावना झन् दुर्लभ हुन्छ र त्यसै कारणले जनावरहरूको बीचमा यो प्रथा बिलकुलै भेटिँदैन। परन्तु हामीलाई ज्ञात भएका सामूहिक विवाहका रूपहरू यति अनौठा र जटिल स्थितिहरूसित सम्बन्धित छन् भने तिनले त्यसभन्दा पहिलेका र त्यसभन्दा सरल यौन-सम्बन्धका रूपहरूलाई अनिवार्यतः इङ्गित गर्दछन् र अन्ततः, सबैभन्दा गहिरो अनियन्त्रित यौन-सम्बन्धहरूको एक त्यस्तो युगको सङ्केत पाइन्छ, जब अनुरूप पशु अवस्थाबाट मानव अवस्थामा सङ्क्रमण भएको थियो। त्यसैले जनावरहरूमा भेटिने यौनसम्बन्धका रूपहरूको अध्ययनले हामीलाई फेरि त्यही बिन्दुमा फर्काउँदछ, जुनबिन्दुबाट हामीलाई सधैं सधैंको लागि अघि बढाउनुपर्ने थियो।

अनि अनियन्त्रित यौन-सम्बन्ध भनेको के हो? यसको अर्थ हो, हाम्रो युगमा अथवा विगतका युगहरूमा लगाइएका प्रतिबन्ध तथा बन्देजहरू त्यस बेला लागू थिएनन्। ईर्ष्याले गर्दा लगाइएका बन्देजहरू भत्किएर टुटेर गए भन्ने कुरा त हामीले देखिसक्यौं। यस ईर्ष्या सापेक्षिकतः पछि आएर मात्रै विकसित भएको भावना हो भन्ने कुरामा कुनै शङ्का छैन। हाडनाता करणी-सम्बन्धी धारणाबारे पनि यही कुरा भन्न सकिन्छ। सुरुमा केवल दाजुभाइ-

दिदीबहिनी मात्रै लोग्ने-स्वास्नीको रूपमा रहेका हुँदैनन्, बरु पनि धेरै जनजातिहरूमा बाबुआमा र छोराछोरीका बीचमा यौन-सम्बन्ध राख्न पाइन्छ। बैनक्राफ्ट ("उत्तरी अमेरिकाका प्रशान्त महासागरीय राज्यहरूका आदिवासीहरू", खण्ड १, सन् १८७५) को भनाइअनुसार बेरिङ्ग जलडमरूमध्यको किनारामा बसोबास गर्ने काभियाक जातिहरू र अलास्काका नजिकैको काड्याक टापुका बासिन्दाहरूमा बिटिश उत्तरी अमेरिकाको भित्री प्रदेशमा बसोबास गर्ने तिन्नेह जातिमा यस्तो यौन-सम्बन्ध अहिले पनि भेट्टाइन्छ। त्यस्तै लेतुर्नोले पनि चिप्पेवा इन्डियनहरू, चिलीका बसोबासी गर्ने कुकु प्रजाति तथा कैरीबियन र हिन्दचीन प्रायद्वीपका करेन जातिहरू-सम्बन्धी यस्तै तथ्यहरू सङ्कलन गरेका छन्; प्राचीन पार्थेनहरू, फारसीहरू, शकहरू तथा हुणहरू आदिबारे पुरा अनेक प्राचीन यूनानीहरू र रोमनहरूले गरेका छन् त्यसको त उल्लेखै नगरे पनि हुन्छ। हाडनाता करणीको आविष्कार हुनुभन्दा पहिले (यो एउटा आविष्कार नै हो र त्यसमा पनि अति मूल्यवान) बाबुआमा र छोराछोरीहरूबीचको यौन-सम्बन्ध दुई अलग पिँढीका मानिसहरूबीचको यौन-सम्बन्धभन्दा बढी घृणित हुन सक्दैनथ्यो। दुई बेग्लाबेग्लै पिँढीका व्यक्तिहरूबीचको यस्तो यौन-सम्बन्ध त वर्तमान अत्याधुनिक राष्ट्रहरूमा समेत पाइन्छ र तापनि त्यस कुरालाई लिएर त्यति ठूलो मुख बिगारिँदैन। साठी वर्ष नाघेका बूढी "कन्या" हरूकोत, यदि तिनीहरू धनाढ्य भएमा धनी छन् भने, कहिलेकाहीँ झन्डै तीस वर्षका युवाहरूसित विवाह गर्छन्। हामीलाई ज्ञात सबैभन्दा पहिलो परिवारको रूपभन्दा आदिम अवस्थाहरूबाट हाडनाता करणीको धारणालाई हटाई दिने हो भने—जुन हाम्रो वर्तमान धारणाभन्दा पूर्णतः फरक छ र प्रायशः उक्त धारणाको प्रतिकूल हुनेगर्दछ—हाम्रो यौन-सम्बन्धको त्यस्तो रूप भेट्टाउँदछौं जसलाई अव्यवस्थितभन्दा अरू केही भन्न सकिँदैन। अव्यवस्थित जुन अर्थमा भने पनि सम्बन्धहरूमा यस्ता ती बन्देजहरू लगाइएका थिएनन्, जुन पछि गएर चलन रीति-रिवाजद्वारा लगाइए। तर यस कुराबाट दैनिक व्यवहारमा पनि सम्बन्धहरूमा अनिवार्यतः पूर्ण अव्यवस्था थियो भन्ने निष्कर्षचाहिँ कदापि निकाल्नुहुँदैन। यसरी युगल परिवारको रूपमा अस्थायी सहवास, जस्तो यसबेला बहुपत्नीत्व अवस्थाहरूमा हुनेगर्दछ, सामूहिक विवाहमा अधिक चलन थिएन। यदि यौन-सम्बन्धहरूको आदिम रूप अस्वीकार गर्ने शोधकर्ताहरूको भाउमा सबभन्दा पछि देखा परेका वेस्टरमार्कले युग्म त्यस्तो स्थितिलाई, जब जन्मसम्म पुरुष र नारी सह-जीवन बिताउँदछन्, विवाहको संज्ञा दिएका छन् भने, हामी उल्लेखन



सक्दछौं—अव्यवस्थित यौन-सम्बन्धहरूको अवस्थामा पनि यस प्रकारको विवाहको अस्तित्व हुनसक्दथ्यो र यस्तो विवाह अव्यवस्थित यौन-सम्बन्धको अर्थात् रीति-रिवाजद्वारा निर्धारित यौन-सम्बन्धहरूमाथि बन्देज नलगाइएको अवस्थाको प्रतिकूल हुँदैनथ्यो। निस्सन्देह वेस्टरमार्कको दृष्टिकोण "स्वच्छन्द यौन-सम्बन्धको अर्थ व्यक्तिगत प्रवृत्तिहरूको दमन हो", त्यसैले "यसको सबभन्दा वास्तविक रूप वेश्यावृत्ति नै हो" (१०) भन्ने धारणामा आधारित छ भने त्यसलाई भन्दा विपरीत कस्तो लाग्छ भने जबसम्म हामी आदिम परिस्थितिहरूलाई वेश्यालयको चश्मा लगाएर हेर्ने बन्द गर्दैनौं, तबसम्म यो कुरा राम्ररी बुझ्न सक्दैनौं। सामूहिक विवाहबारे छलफल गर्दा हामी यस प्रसङ्गमाथि विचार-विमर्श गर्नेछौं।

मोर्गनको भनाइअनुसार अव्यवस्थित यौन-सम्बन्धहरूको यस आदिम अवस्थाबाट सम्भवतः धेरै अघि नै परिवारका निम्न रूपहरू विकसित भए:

**१. हाडनाताको सम्बन्धमा आधारित परिवार**—यो परिवारको पहिलो चरण हो। यस चरणमा विवाहित समूहहरू पिँढीअनुसार विभाजित छन्—सबै बाजे र बजैहरू परिवारको सीमाभित्र एक अर्कोको लागि लोग्ने-स्वास्नी मानिन्छन् र ठीक त्यसै किसिमले उनीहरूका छोराछोरीहरू पनि अर्थात् बाबुआमाहरू पनि लोग्ने-स्वास्नी हुन्छन्; ठीक त्यसै प्रकारले ती आमाबाबुहरूका छोराछोरीहरूबाट सामूहिक लोग्ने-स्वास्नीको तेस्रो समूह निस्कन्छ। अनि उनीहरूका छोराछोरीहरू अर्थात् पहिलो पिँढीका पनातिपनातिनीहरू चौथो समूह बनेका हुन्छन्। यस प्रकारले परिवारको यस रूपमा पूर्वज तथा सन्ततिहरूले र बाबुआमा तथा छोराछोरीले मात्रै पारस्परिक (आधुनिक भाषामा भन्ने हो भने) दाम्पत्य अधिकार तथा कर्तव्यको सम्बन्ध राख्न सक्दैनन्। सबै दाजुभाइ तथा दिदीबहिनी, दुई पुस्ता, तीन पुस्ता र यहाँसम्म टाढाका नातेदारहरू—सबै दाजुभाइ-दिदीबहिनी मानिन्छन् र यसै कारणले नै एक अर्काका पति-पत्नी मानिन्छन्। परिवारको यस चरणमा दाजुभाइ-दिदीबहिनीको नाता-सम्बन्धमा उनीहरूबीचको यौन-सम्बन्धलाई स्वाभाविक कुरा मानिन्छ*। यस्तो परिवारको नमूनाको रूपमा उक्त युगल परिवारबाट

*मार्क्सको रचना 'निबेलुङ्गेन' मा आदिम कालको जुन पूर्णतः विकृत चित्रण प्रस्तुत गरिएको छ, त्यसबारे मार्क्सले सन् १८८२ को बसन्तमा लेखिएको एक चिठीमा (११) अति कडा शब्दमा आफ्नो मन्तव्य प्रकट गर्नुभएको छ। "दाजुले बहिनीलाई पत्नीको रूपमा अङ्गीकार गर्नु कुरा

जन्मेको सन्तानलाई लिन सकिन्छ, असको प्रत्येक पछिल्लो पुस्ता हवै आपस- मा दाजुभाइ-दिदीबहिनी मानिन्छन् र यही कारणले एक दोस्रोका पतिपत्नी पनि।

रक्तनाताको सम्बन्धमा आधारित परिवार लुप्त भइसकेको छ। मानव इतिहासलाई ज्ञात भएका अति असभ्य जनजातिहरूमा समेत एउटा परि-

---

कहिल्यै सुनिएको छ?" (१२)। वाग्नरका यी "विलासी देवताहरू", जो प्रचेष्ट आधुनिक ढङ्गले गरिने आफ्नो प्रेम-लीलामा कौटुम्बिक व्यभिचार- लाई पनि किञ्चित स्थान दिने गर्दछन्, बारे टिप्पणी गर्दै मार्क्सले लेख्नुभएको छ: "आदिम कालमा बहिनी पत्नी हुन्थिन् र त्यस बेला यो कुरा नैतिक नै मानिन्थ्यो" (सन् १८८४ को संस्करणमा एन्गेल्सको टिप्पणी)।

वाग्नरका एक फ्रान्सेली मित्र तथा प्रशंसक (बोन्ये) यस टिप्पणीसित सहमत छैनन् र भन्दछन्, यहाँ 'जेठी एड्डा' मा नै, जसमा वाग्नरको 'एगिसड्रेक्का' आधारित छ लोकीले फ्रेयामाथि आरोप लगाउँदछन्, "देवता- हरूको समक्ष तिमीले आफ्नो दाजुलाई अङ्कमाल गर्यौ"। यस आधारमा उनले मान्दछन् कि त्यस ताका नै दाजुबहिनीको बीचमा विवाह प्रतिबन्धित थियो भन्ने निष्कर्ष निकालिएका छन्। तर 'एगिसड्रेक्का' मा भने त्यो समय प्रतिबिम्बित भएको छ, जब पुराना पौराणिक कथाहरूमा मानिसहरूले विश्वास गर्न छोडिसकेका थिए। देवताहरूमाथिको यो अत्यन्त लुसियनको ढङ्गबाट गरिएको छ। यदि यहाँ लोकीले मेफिस्टोफिलिसले जस्तो फ्रेयामाथि आरोप लगाउँदछन् भने यो कुरा वाग्नरको हितमा छैन। यस काव्यमा पनि पछि गएर न्योड्र्लाई ओडेले भन्दछन्—"आफ्नी बहिनीको कोखबाट तैंले यस्तो छोरो जन्मायौ" (vidh systur thinni gaztu slikan mögu) (१३)। यता हो, न्योड्र् आस-देव थिएनन्, उनी भान- देव थिए र 'इङ्गलिङ्गस वीर-गाथा' मा उनी भन्दछन्, भान-देवहरूको देशमा दाजुभाई-दिदीबहिनीबीचमा विवाह एक सामान्य कुरा हो तर आस-देव- हरूमा यस्तो प्रथा छैन (१४)। यस कथनबाट भानहरूभन्दा आसहरू बढी पुराना देवता थिए भन्ने बुझिन्छ। जे भए तापनि, न्योड्र् आस-देवहरूका बीचमा एउटै स्तरका देवताको रूपमा रहेका थिए र त्यसै कारणले 'एगि- सड्रेक्का' बाट के कुरा बढी प्रमाणित हुन्छ भने नर्वेमा देवताहरूको वीर- गाथा लेखिएको समयमा दाजुभाइ-दिदीबहिनीको बीचमा, कम्तीमा पनि देवताहरूका बीचमा, विवाह-सम्बन्धले कुनै पनि प्रकारको घृणा पैदा गराउँदै-



वारको अस्तित्व भएको एउटा पनि निर्विवाद दृष्टान्त भेट्टाइएको छैन। तर यस्तो परिवारको अस्तित्व **हुनुपर्दथ्यो** भन्ने कुरा स्वीकार गर्नेतर्फ हवाई द्वीपहरूमा प्रचलित रक्त-सम्बन्धको त्यस प्रणालीले हामीलाई बाध्य गराउँ- दछ, जुन आजसम्म पनि पोलिनेसियाका सबै द्वीपहरूमा प्रचलित छ र जसमा रक्त-सम्बन्धको त्यस्तो स्तर भेट्टिन्छ, जुन परिवारको यस रूपअन्तर्गत मात्रै उत्पन्न हुनसक्दछ। परिवारको सम्पूर्ण भावी विकासले, जुन कुरा यस्तो रूप एक आवश्यक प्रारम्भिक अवस्था थियो भन्ने मान्यतामा आधारित छ, हामीलाई यस निष्कर्षमा पुग्न बाध्य गराउँछ।

२. **पुनालुआ परिवार**। मातापिता तथा पुत्रपुत्रीहरूका बीचको यौन- सम्बन्धमाथि प्रतिबन्ध परिवारको संगठनात्मक विकासमा पहिलो पाइलो थियो भने दाजुभाइ-दिदीबहिनीबीचको यस्तो सम्बन्धमाथि प्रतिबन्ध दोस्रो पाइलो थियो। यो पाइलो दाजुभाइ-दिदीबहिनीको उमेरमा हुने अत्यधिक समा- नताले गर्दा पहिलो पाइलोभन्दा निकै महत्त्वपूर्ण तर कठिन थियो। शायद सानो (अर्थात् एउटै आमाबाट जन्मेका) दाजुभाइ तथा दिदीबहिनीहरू- बीचको यौन-सम्बन्धमाथि प्रतिबन्ध लगाउने कामबाट शुरू भएको यो प्रक्रिया एकै चोटि पूरा भएन। शुरूमा यो प्रतिबन्ध एकाध घटनामा मात्र लगाइयो र शनैःशनैः असले एक नियमको रूप लिन थाल्यो (हवाई द्वीपहरूमा यस वर्ष शताब्दीमा समेत यस नियमका अपवादहरू भेट्टाइएका थिए)। अन्तमा यो नियम परिवारका सार्वजनिक शाखाहरूमा पनि अर्थात् हाम्रो आधुनिक भाषा- मा भन्ने हो भने छोराछोरी, नातिनातिनी, पनातिपनातिनीहरूका दाजुको सम्बन्ध भएका भाइबहिनीहरूका बीचमा समेत विवाह-सम्बन्धमाथि प्रतिबन्धको रूपमा पुगियो। मोर्गनको भनाइअनुसार यो कुरा "नैसर्गिक छनोटको सिद्धान्त कसरी लागू हुन्छ भन्ने कुराको उत्कृष्ट दृष्टान्त" (१५) हो। दाजुभाइ तथा दिदीबहिनीहरूका बीचमा विवाहलाई एक नियम र कर्तव्यको रूपमा मान्यता दिने जातिहरूको तुलनामा ती जातिहरूले, जसमा यस पाइलाले गर्दा

---

नथ्यो। वाग्नरको बचाउ उचित ठहऱ्याउन खोज्ने नै हो भने शायद 'एड्डा' काव्यबाट भन्दा गोटेको कृतिबाट उद्धरण प्रस्तुत गर्नु बेस हुनेछ, जसले आफ्नो 'ईश्वर र देवदासीको गीत' शीर्षक काव्यमा देवदासीहरूको धार्मिक आत्मसमर्पणबारे यस्तै भूल गरेका छन् र यस प्रथालाई आधुनिक वेश्या- वृत्तिसित धेरै मात्रामा मिल्दोजुल्दो देखाउन खोजेका छन्। (सन् १८९१ को संस्करणमा एन्गेल्सको टिप्पणी।)

हुनसक्ला कल्पनासम्म अनिवार्य लगाइयो, झन्डै छिटो र पूर्णतासाथ विकास गर्ने चाहिं भन्ने कुरामा पुग्न सकेका छैन। यस गाइलाको कति सफल प्रभाव पर्‍यो भन्ने कुरा त प्रत्यक्षतः यसको प्रभावमा परेर प्रादुर्भाव भएको र स्थापनाको प्रारम्भिक उद्देश्यको सीमानाबाट धेरै अघि बढिसकेको गोत्र प्रथाले नै प्रमाणित गर्दछ; जसमा पृथ्वीका सबै जस्तो पनि बहुसंख्यक बर्बर जन-जातिहरूको सामाजिक व्यवस्था आधारित छ र जसबाट रोम तथा यूनानमा हामी सीधै सभ्यताको युगमा प्रवेश गर्दछौं"।

प्रत्येक आदिम परिवार दुई वटा पुस्तापछि टुक्रिन्थ्यो र त्यसपछि विभाजित भइहाल्थ्यो। आदिम साम्यवादी सामूहिक गार्हस्थ्य अर्थव्यवस्थाले, जुन बिलकुलै अपवाद बर्बरयुगको मध्यकालको पूर्व विकाससम्म नै प्रचलित थियो, कुटुम्बसमुदायको अधिकतम आकार निर्धारित गर्थ्यो र त्यस्तो समुदाय-को आकार परिस्थितिअनुसार बदलिए तापनि प्रत्येक निश्चित स्थानको लागि झन्डै सुनिश्चित नै हुनेगर्थ्यो। परन्तु एउटै आमाका सन्तानहरूको बीचमा यौन-सम्बन्ध वर्जित हुनुपर्छ भन्ने धारणा पैदा हुनासाथ पुरानो कुटुम्ब समुदायहरूको विभाजन तथा नयाँको प्रादुर्भाव (तर यी नयाँ समुदाय-हरू पारिवारिक समूहसँग अनुरूप हुनुपर्छ भन्ने कुरा आवश्यक थिएन) मा यसले आफ्नो प्रभाव नपारी रहन सक्दैनथ्यो। दिदीबहिनीहरूका एक प्रकारा अनेक समूहहरू एक कुटुम्बसमुदायका केन्द्र बन्थे भने उनीहरूका आफ्नै दाजुभाइहरू अर्को कुटुम्बसमुदायका केन्द्र बन्थे। यस्तो अथवा मिल्दो-जुल्दो किसिमले रक्त-सम्बन्धमा आधारित परिवारबाट परिवारको त्यस रूपको अभ्युदय भयो, जसलाई मोर्गनले पुनालुआ परिवारको संज्ञा दिएका छन्। हवाईमा प्रचलित प्रथाअनुसार दिदीबहिनीहरूको निश्चित संख्या, तिनीहरू आफ्नै दिदीबहिनी होउन् अथवा टाढाको नाता पर्ने (अर्थात् दुई पुस्ताको सम्बन्ध, तीन पुस्ताको सम्बन्ध इत्यादि), आफ्ना सामूहिक पतिहरूका सामू-हिक पत्नीको रूपमा रहन्थे, तर ती पतिहरूमा उनीहरूका दाजुभाइहरू सम्मिलित हुँदैनथे; ती पतिहरू अब आपसमा एक अर्कोलाई दाजुभाइ भनेर सम्बोधन गर्दैनथे र उनीहरू आपसमा दाजुभाइ हुन पनि सक्दैनथे। उनीहरू अब एकअर्कालाई "पुनालुआ" भनेर सम्बोधन गर्थे, जसको अर्थ हुन जान्छ नजीकको साथी अथवा associé*। यस्तै किसिमले दाजुभाइहरूको एक समूह—आफ्नै अथवा टाढाको नाता पर्ने, स्त्रीहरूको एक समूहसित विवाह

*सहयोगी, साझेदार—सं०



सम्बन्धमा बाँधिएका हुन्थे, तर यी स्त्रीहरू उनीहरूका आफ्ना दिदीबहिनी हुँदैनथे र यी स्त्रीहरू पनि एक अर्कालाई "पुनालुआ" भनेर सम्बोधन गर्थे। पारिवारिक ढाँचाको यो शास्त्रीय रूप थियो र पछि गएर यस ढाँचामा विभिन्न परिवर्तनहरू भए। यस ढाँचाको आधारभूत विशेषता के थियो भने परिवारको एक निश्चित परिधिभित्र पतिहरू र पत्नीहरूको एक समुदाय हुन्थ्यो तर पत्नीका आफ्नै दाजुभाइहरू र पछिगएर अब टाढाका दाजुभाइ-हरूलाई यस परिधिभित्र पर्दैनथे, त्यसै किसिमले पतिका दिदीबहिनीहरू पनि यस परिधिभित्र पर्दैनथे।

परिवारको यसै रूपले रक्त-सम्बन्धको त्यस परिधिलाई पूर्ण रूपले हाम्रो समक्ष प्रस्तुत गर्दछ, जुन अमेरिकाका प्रचलित व्यवस्थामा अभिव्यक्त भएको पाइन्छ। यस पनि मेरी आमाका दिदीबहिनीका छोराछोरीहरू उहाँका पनि छोराछोरी कहलिन्छन् र यसै किसिमले मेरा पिताका दाजुभाइका छोराछोरीहरू उहाँका पनि छोराछोरी मानिन्छन्, तर अब मेरी आमा आफ्ना दाजुभाइहरूका छोराछोरीहरूलाई भतिजाभतिजी भन्नुहुन्छ, मेरो पिता आफ्ना दिदीबहिनीका छोराछोरीहरूलाई भान्जाभान्जी भन्नुहुन्छ र ती सबै मेरा मावली (भान्जा)—दाजुभाइ र मावली (भान्जी)—दिदीबहिनी हुन्छन्। कारणमा त्यति बेला, जब मेरी आमाका दिदीबहिनीहरूका पतिहरू पनि अझै उहाँका पति नै मानिन्छन् र यसै किसिमले मेरो पिताका दाजु-भाइहरूका पत्नीहरू पनि उहाँका पनि पत्नी नै मानिन्छन्—वास्तविक जीवनमा नभए पनि कानुनी रूपले मात्रै ती—आफ्नै दाजुभाइहरू र दिदीबहिनीहरूका बीचको यौन-सम्बन्धलाई समाजले अलग्गै गरेपछि अहिलेसम्म बिलकुलै भेदभाव दाजुभाइ र दिदीबहिनी मानिएका ती दाजुभाइ-दिदीबहिनीका छोराछोरी दुई श्रेणीमा विभाजित हुन्छन्: एकाअर्की बराबर (र टाढाको नाताको लागि समेत) दाजुभाइ-दिदीबहिनीकै रूपमा रहन्छन्, अर्कातिरचाहिं—एक अवस्थामा दाजुभाइका छोराछोरीहरू र अर्को अवस्थामा दिदीबहिनीका छोराछोरीहरू—दाजुभाइ-दिदीबहिनी रहँदैनन्, उनीहरूका साझा आमाबाबु हुनसक्दैनन्—न साझा पिता नै हुन्छ न त साझा माता नै; त्यसै कारणले यहाँ पहिलो पटक भान्जाभान्जी, भतिजाभतिजी, भान्जाभान्जी (मावली)—दाजुभाइ दिदी-बहिनीको एक नयाँ श्रेणीको आवश्यकता पर्नजान्छ, जुन श्रेणी पहिलेको पारिवारिक व्यवस्थामा पूर्णतः निरर्थक हुन्थ्यो। जुनै पनि प्रकारको एकनिष्ठ विवाहमा आधारित परिवारमा नाता सम्बन्धको अमेरिकी व्यवस्था पूर्णतः वाहियात हुने जस्तो जान्छ भने पुनालुआ परिवारमा यही कुरा पूर्णतः

उपयुक्त ठहरिन्छ। यस प्रमाणबाट एउटा कुरा पुनालुआ परिवारमा स्वाभाविक र निश्चयपूर्वक प्रमाणित हुन्छ। कतैतिर पनि त्यस हदसम्म, जुन हदसम्म नाता सम्बन्धको यो प्रणाली प्रचलित थियो, पुनालुआ परिवार अथवा यस्तै किसिमको कुनै चाहिँ रूप अस्तित्वमा हुनुपर्दछ।

यदि स्पेनबाट अमेरिका आएका भिक्षुहरूले जस्तो भी अर्धशीत पादरीहरूले इसाई धर्माचरणविरत मेल नखाने भी यौन-सम्बन्धहरूलाई केवल "घोरपाप" मात्र नठानिदिएका भए हामीले, सायद, सम्पूर्ण पोलिनेशियाबाट परिवारको यस रूपबारे, जसको हवाई टापुहरूमा वास्तवमा नै अस्तित्व थियो भन्ने कुरा प्रमाणित गरिसकेको छ, यस बढी सामग्रीहरू प्राप्त गर्न सक्ने थियौं होला*। बर्बर युगको मध्यावस्थामा रहेका किरैनाहरू "राज-बाज जस्ता मिलेर सामूहिक पत्नीहरूसँग बस्दछन् र भाइ जेठै दाजुभाइहरू दाजुभाइहरूसँग र आमाबाबुहरू आफ्ना छोराछोरीहरूसँग सामूहिक जीवन बिताउँदछन्" भन्ने बैंक्रफ्टको भनाइबाट (१७) त्यस बेला सामूहिक विवाह अस्तित्वमा रहेको कुरा नै स्पष्ट रूपमा साबित हुन्छ। बर्बर युगमा आमाहरूका सामूहिक पत्नीहरू राख्न सक्ने उमेरका प्रजा-बान्धु जस्ता छोराहरू हुँदैनथे, परन्तु नाता-सम्बन्धको पुनालुआ परिवारअनुरूप रहेको अमेरिकी व्यवस्थामा भने दाजुभाइहरूको दुवै सङ्ख्या हुन्छ, जिनमध्ये अनेक पुस्ताका साख्खै दाजुभाइहरू मात्र नभएर भतिज र हजुरबा सबै दाजुभाइहरू साथसाथै दाजुभाइसरह नै मानिन्छन्। "आमाबाबुहरू आफ्ना छोराछोरीहरूसँग" भन्ने कुरामा बैंक्रफ्टले गल्ती गरेको पनि हुन सक्छ, यद्यपि यस अवस्थामा बाबु-छोरा अथवा आमा-छोरी एउटै वैवाहिक समूहमा रहने सम्भावनालाई पूर्ण रूपले अस्वीकार गर्न सकिँदैन, तर बाबु र छोरी भने एउटै समूहमा कदापि रहन सक्दैनन्। यही तरिकाले मात्र यस अथवा त्यस किसिमको

*स्वच्छन्द यौन-सम्बन्ध, उसको तथाकथित "तागाबारे गर्भाधान" ["Samplzeugung"] का अवशेषहरूले, जसलाई बाखोफेनले आफ्नो आविष्कार ठानेका छन्, हामीलाई सामूहिक विवाहतर्फ फर्काउँदछन् भन्ने कुरामा अब कति पनि शङ्का रहन नपाउने हुन्छ। "यदि बाखोफेन जी "पुनालुआ" विवाहहरूलाई "अवैध" ठान्दछन् भने त्यस युगका मानिसहरूले अधिकांश, नजीक अथवा टाढाका नाता-सम्बन्ध भएका दाजुभाइ र दिदीबहिनीहरूका बीचमा हुने धेरैजसो विवाहहरूलाई पनि सहोदर भाइबहिनीहरूका बीचको विवाह जस्तै हाम्रा नजरमा अवैध ठान्ने होलान्" (मार्क्स) (१९)।



सामूहिक विवाह प्रथाको आधारमा जङ्गली तथा बर्बर जनजातिहरूमा सामूहिक पत्नीहरू राख्ने प्रथाको, जसका उल्लेख हेरोदोतस तथा अन्य प्राचीन लेखकहरूले गरेका छन्, व्याख्या गर्न सकिने पर्दछ। वाट्सन र केइले (The People of India पुस्तकमा) अवध (गङ्गाको उत्तरी भाग) का ठाकुर जातिको विषयमा जुन वर्णन गरेका छन्, त्यसमा पनि यही कुरा लागू हुन्छ। वाट्सन र केइ लेख्दछन्, "तिनीहरू प्रायः पूर्ण असम्बन्धित (यौन-सम्बन्धको दृष्टिकोणले) तरीकाले ठूलठूला समुदायहरूमा बस्दछन् र दुई व्यक्ति लोग्नेस्वास्नी ठानिए पनि उनीको विवाह-सम्बन्ध नाम मात्रको हुन्छ"।

धेरैजसो अवस्थामा एक संस्थाको रूपमा गोत्रको उत्पत्ति पुनालुआ परिवारबाटै भएको हुनुपर्छ। हुन त अस्ट्रेलियाको वैवाहिक वर्ग प्रणालीबाट (१८) पनि गोत्रको प्रादुर्भाव भएको हुनसक्छ — अस्ट्रेलियाका आदिवासीहरूमा गोत्र प्रथा छ, तर उनीहरूमा पुनालुआ परिवारको अस्तित्व सम्म देखिएको छैन, अपितु उनीहरूमा सामूहिक विवाहको अझ बढी भद्दा रूप मात्र अस्तित्वमा रहेको पाइन्छ।

सामूहिक परिवारका सबै रूपहरूमा बालकका बाबु को हुन् भन्ने कुरा थाहा हुँदैन तर उसको आमा को हुन् भन्ने कुराचाहिँ थाहा हुन्छ। यद्यपि आमाले यस सामूहिक परिवारका सबै केटाकेटीहरूलाई छोराछोरी नै भन्दथिन् र तिनीहरूप्रति मातृ-कर्तव्यको पालना पनि गर्दथिन्, तापनि आफ्ना साख्खै छोराछोरीहरू को हुन् भन्ने कुराचाहिँ उनी छुट्याउँदथिन्। यसबाट यो कुरा स्पष्ट हुन्छ कि जहाँ सामूहिक विवाह प्रचलनमा हुन्छ, त्यहाँ **आमाको** तर्फबाट मात्र वंशक्रम निर्धारित हुनसक्दछ र त्यसै कारणले **नारी वंशानुक्रमले** मात्र मान्यता पाएको हुन्छ। वास्तवमा सबै जङ्गली जातिहरू तथा बर्बर युगको निम्न चरणमा रहेका जातिहरूमा यही कुरा पाइन्छ र यो कुरा पत्ता लगाउनु बाखोफेनको सबैभन्दा महत्त्वपूर्ण देन हो। मातृवंशानुक्रमको निर्विवाद मान्यता र कालान्तरमा गएर यसैको आधारमा विकसित भएको उत्तराधिकारीका सम्बन्धलाई बाखोफेनले मातृ-सत्ताको संज्ञा दिएका छन् र संक्षिप्तताको दृष्टिले म पनि यही संज्ञा प्रयोग गर्न चाहन्छु। तर यो संज्ञा त्यति उपयुक्त होइन, किनभने सामाजिक विकासको यस चरणमा कानूनी अर्थमा सत्ताजस्तो कुनै कुराको प्रादुर्भाव भइसकेको थिएन।

अब यदि हामीले पुनालुआ परिवारका दुई आदर्श समूहहरूमध्ये कुनै एकलाई अर्थात् साख्खै र टाढाको नाता-सम्बन्धमा बाँधिएका दिदीबहिनीहरू

( अर्थात् आफ्नै दिदीबहिनीहरूका पतिको, तीनको तथा अझ टाढाका कुलहरू ) लाई र उनीहरूका छोराछोरीहरू तथा तिनका आमातर्फका सहोदर एवम् टाढाका दाजुभाइहरू ( जो हाम्रो पूर्वनिर्धारित धारणाअनुसार दिदीहरूका सन्तान होइनन् ) लाई समेत मान्ने हो भने हामी समस्त व्यक्तिहरूको त्यो समूह पाउँछौं, जुन व्यक्तिहरू पछि गएर आरम्भिक गोत्रका सदस्यहरूको रूपमा देखा पर्दछन्। गोत्रका यी सबै सदस्यहरूको एउटै सामूहिक पुर्खा हुन्थिन्, जुन पुर्खाका प्रत्येक पुस्ताका नारी सन्तानहरू दिदीबहिनी मानिन्थे। तर यी दिदीबहिनीहरूका लोग्नेहरू उनीहरूका दाजुभाइ हुन सक्दैनन् र त्यसैले उनीहरू त्यस पुर्खाका सन्तान हुन सक्दैनन् र त्यसैले किनियमै त्यस रक्त-सम्बन्ध समूहको सदस्य पनि हुन सक्दैनन्, जुन समूहले पछि गएर गोत्रको रूप लियो। परन्तु उनीहरूका छोराछोरीहरूचाहिँ यस रक्त-सम्बन्ध समूहमा सम्मिलित हुन्थे, किनकि मातृ वंशानुक्रमले मात्र निर्णायक भूमिका खेलेको हुन्छ, अर्थात् यहाँ वंशानुक्रम मात्र निर्विवाद हुन्छ। सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरू र मामाहरूका पारस्परिक नाताका टाढाकी दाजुभाइ र दिदीबहिनीहरूका बीचमा समेत यौन-सम्बन्धमाथि प्रतिबन्ध लगाएपछि उपर्युक्त समूहले गोत्रको रूप लिन पुग्यो अर्थात् मातृपक्षी रक्त-सम्बन्धका नातेदारहरूको निश्चित रूपमा निर्धारित समूहमा परिणत हुन पुग्यो, जुन नातेदारहरूले आपसमा विवाह-सम्बन्ध गर्न सक्दैनन्। त्यसै बेलादेखि यस समूहले सामाजिक एवम् धार्मिक चरित्रका अन्य सामान्य संस्थाहरूद्वारा आफूलाई सनुहान पुष्ट तुल्याउँदै लग्यो र एउटै जातिका अन्य गोत्रहरूभित्र यसको भिन्नता बढ्दै गयो। यस विषयमा विस्तृत रूपमा पछि चर्चा गरिनेछ। तर यदि हामी गोत्रको विकास अनिवार्य रूपमा मात्र नभएर एक स्वाभाविक प्रक्रियाको रूपमा पुनालुआ परिवारबाट नै भएको हो भन्ने ठान्छौं भने प्रायः ती सम्पूर्ण जनजातिहरूमा अर्थात् लगभग सबैजसो बर्बर तथा सुसंस्कृत जातिहरूमा, जसमा गोत्रीय संस्थाहरूको चिन्ह भेट्टाउन सकिन्छ, परिवारको यस्तो रूप अस्तित्वमा थियो भन्ने कुरा प्रायः निस्सन्देह स्वीकार गर्ने आधार पाइन्छ।

जुन बेला मोर्गनले आफ्नो पुस्तक लेखेका थिए, त्यस बेलासम्म हामीलाई सामूहिक विवाहसम्बन्धी धेरै सीमित ज्ञान थियो। वर्गहरूमा संगठित अस्ट्रेलियाका आदिवासीहरूको सामूहिक विवाह प्रथाबारे अलि केही कुरा थाहा थियो र उनको अतिरिक्त सन् १८७१ मै मोर्गनले हवाईका पुनालुआ परिवारसम्बन्धी उपलब्ध सामग्रीहरू (१६) प्रकाशित गराइसकेका थिए।



पुनालुआ परिवारले एकातिर अमेरिकी इन्डियनहरूमा प्रचलित गोत्र प्रथाबारे, जुन प्रथामा मोर्गनका सम्पूर्ण अनुसन्धानहरू आधारित थिए, स्पष्ट पार्यो भने अर्कोतर्फ उसबाट मातृसत्तात्मक गोत्रहरूको विकासक्रमको प्रारम्भिक बिन्दु भेट्टाउन र बल्लबल्ल यस प्रकार अस्ट्रेलियाली आदिवासीहरूभन्दा केही माथिल्लो स्तरको विकासको प्रतिनिधित्व गर्दछ। यस तथ्यबाट पनि मोर्गनले पुनालुआ परिवारलाई सामूहिक विवाहभन्दा अघिल्लो एक आवश्यक चरण ठानेका थिए र यस परिवारलाई प्राचीन कालमा व्यापक रूपमा प्रचलित प्रथाको रूपमा स्वीकार गरेका थिए भन्ने कुरा स्पष्ट हुन्छ। त्यसपछि मात्र हामीले सामूहिक विवाहका अन्य कतिपय रूपहरूसित परिचित हुने मौका पायका छौं र अब अहिले मोर्गन अलि टाढा पुगेका छन् भन्ने कुरा पनि हामीलाई थाहा छ। तर जे भए तापनि मोर्गनले पुनालुआ परिवारको रूपमा सामूहिक विवाहका सबै सर्वोच्च एवम् आदर्श रूपहरूको, उसको आधारमा अझ उच्च रूपमा सङ्क्रमणको सबभन्दा सरल तरिकाले व्याख्या गर्न सकिन्छ, परिचित हुने सौभाग्य पाएका थिए।

सामूहिक विवाहसम्बन्धी आफ्नो ज्ञानमा महत्त्वपूर्ण वृद्धिको लागि हामी अङ्ग्रेज धर्मप्रचारक लोरिमर फाइजनप्रति सबभन्दा बढी आभारी छौं। उनले परिवारको यस रूपको जन्मथलो – अस्ट्रेलियामा नै धेरै वर्षसम्म यस रूपको अध्ययन गरेका थिए (२०)। उनले दक्षिणी अस्ट्रेलियाको माउन्ट ग्याम्बियर क्षेत्रमा बसोबास गर्ने अस्ट्रेलियाली नेग्रोहरूमा विकासको निम्न चरण फेला पारे। यहाँ सम्पूर्ण जाति क्रोकी र कुमिटे नामक दुई वर्गहरूमा विभाजित छ। प्रत्येक वर्गभित्रका सदस्यहरूले आपसमा यौन-सम्बन्ध राख्न पाउँदैनन्। अर्कोतिर, एउटा वर्गका प्रत्येक पुरुषहरू अर्को वर्गका प्रत्येक नारीहरूका जन्मजात पति हुन्छन् र ती नारीहरू अर्को वर्गका पुरुषहरूका जन्मजात पत्नी हुन्छन्। एक व्यक्तिको एक व्यक्तिसित नभएर दुई समूहहरूका बीचमा, एक वर्गको अर्को वर्गसित विवाह-सम्बन्ध जोडिन्छ। उल्लेखनीय कुरा के छ भने यहाँ न उमेरको भिन्नता, न त रक्त-सम्बन्धको निकटता नै यौन-सम्बन्धको लागि कहिल्यै बाधक बन्दछ; एक मात्र बन्देज दुई बाहिरका विवाही वर्गहरूका बीचको विभाजनद्वारा निर्धारित हुन्छ। क्रोकी वर्गको प्रत्येक पुरुष कुमिटे वर्गकी प्रत्येक नारीको वैध पति हुन्छ। परन्तु प्रत्येक पुरुषकी आफ्नी आफ्नै छोरी पनि एक कुमिटे नारीको सन्तानको नाताले मातृसत्ताअनुसार कुमिटे नै हुन्छिन्, त्यसैले तिनी जन्मजात रूपमा क्रोकी वर्गका प्रत्येक पुरुषकी र फलतः आफ्ना पिताकी समेत पत्नी हुन्छिन्। जे भए तापनि

वर्गहरूको सहअस्तित्वसित हामी यस रूपमा परिचित छौं, तथा रूपमा तिनको संकलहरूले यस कुरामा कुनै पनि सन्देह रहँदैन। यस प्रकारले यस सहअस्तित्वको अभ्युदय या त त्यस बेला भएको हुनुपर्दछ, जब हवाइका मानिसको बीचमा सम्पूर्ण स्पष्ट प्रथाहरूको अभावमा पनि भाइबहिनी र छोरा-छोरीका बीचको यौन-सम्बन्धलाई मानिसहरूले कुनै पनि कुनै विशेष घृणाको दृष्टिले हेर्दैनथे — र त्यस अवस्थामा वर्गहरूको यस्तो व्यवस्था अनिवा-र्यतः यौन-सम्बन्धको अवस्थाबाट उत्पन्न भएको हुनुपर्दछ; या त वैवाहिक वर्गहरूको अभ्युदय हुने बेलामा नै भाइबहिनी र छोराछोरीको बीचमा यौन-सम्बन्धमा प्रतिबन्ध लगाउने प्रथा अस्तित्वमा हुनुपर्दछ र अहिले आएर अवस्थामा वर्तमान स्थितिले रक्त-सम्बद्ध परिवार अस्तित्वमा रहेको कुरालाई संकेत गर्दछ र त्यसको लागि विवाहको पहिलो चरणको रूपमा देखा पर्दछ। पछिल्लो अवस्था नै बढी सम्भव देखिन्छ। जहाँसम्म मलाई थाहा छ, अस्ट्रेलियामा भाइबहिनी र छोराछोरीहरूका बीचमा यौन-सम्बन्धको कुनै दृष्टान्त भेट्टाइएको छैन, मातृसत्ताक प्रथाको बाद पछि देखा परेको वंश — मातृसत्तामा आधारित गोत्रले पनि यस रूपमा यस्ता सम्बन्धहरू-माथिको प्रतिबन्धलाई यस व्यवस्थाको उत्पत्तिभन्दा पहिले नै अस्तित्वमा रहेको हुने कुराको मौन स्वीकृति प्रदान गरेको पाइन्छ।

दुइ वर्गीय प्रणाली दक्षिणी अस्ट्रेलियाको माउण्ट ग्याम्बियर क्षेत्रको अतिरिक्त त्यहाँबाट अझ पूर्वतिर रहेको डार्लिङ नदी प्रदेशमा र उत्तर-पूर्वी क्षेत्र — क्विन्सल्याण्डमा पनि भेट्टाइन्छ। यस प्रकारले यो प्रणाली निकै व्यापक रूपमा फैलिएको पाइन्छ। यस प्रणालीमा दाजुभाइ-दिदीबहिनीहरूका बीचमा, मातृपक्षका दाजुभाइका छोराछोरीहरूका बीचमा र दिदीबहिनीहरूका छोराछोरीहरूका बीचमा मात्र विवाह मनाही छ; किनभने तिनीहरू एउटै वर्गका सदस्य हुन्छन्। अर्कोतर्फ दाजुभाइ तथा दिदीबहिनीका छोरा-छोरीहरूले आपसमा विवाह-सम्बन्ध जोड्न सक्दछन्। हाडनाता करणीमाथि प्रतिबन्ध लगाउने अर्को पाइलो हामी न्यू साउथ वेल्सको डार्लिङ नदीको तटवर्ती क्षेत्रमा बसोबास गर्ने कामिलारोई जातिमा पाउँदछौं, जहाँ पहिले दुइ वर्गमा विभाजित जाति पछि चार-चार वर्गमा बाँडियो। यहाँ यी चार-मध्ये प्रत्येक वर्ग अरु कुनै निश्चित वर्गसित सामूहिक रूपमा विवाह-सम्बन्ध बाँधिएको हुन्छ। पहिल्का दुइ वर्गहरू जन्मजात रूपमा एक दोस्राका पतिपत्नी हुन्छन्; आमा पहिलो अथवा दोस्रो कुन वर्गकी सदस्या थिन् भन्ने आधारमा उनका छोराछोरीहरू तेस्रो अथवा चौथो वर्गमा पर्ने गर्दछन्; पछिल्ला दुइ वर्गका छोराछोरीहरू पनि, जो त्यसै किसिमले एक दोस्रासित



विवाह-सम्बन्धमा बाँधिएका हुन्छन्, पहिलो र दोस्रो वर्गहरूमा पर्ने जान्छन्। यस प्रकारले एउटा पुस्ता सधैं पहिलो र दोस्रो वर्गमा पर्ने जान्छ भने त्यस-पछिको पुस्ता तेस्रो र चौथो वर्गमा पर्ने जान्छ, अनि तेस्रो पुस्ता फेरि पहिलो र दोस्रो वर्गहरूमा पर्ने जान्छ। यस प्रथाअनुरूप दाजुभाइ र दिदी-बहिनी (आमापट्टिका) का छोराछोरीहरू पतिपत्नी हुन सक्दैनन्, तर तिनी दाजुभाइ-दिदीबहिनीहरूका नातिनातिनीहरूचाहिँ पतिपत्नी हुन सक्दछन्। यो अनौठो किसिमको जटिल प्रणालीले त्यस बेला अझ जटिल रूप लिन पुग्दछ, जब यस प्रणालीभित्र, कम्तीमा पनि पछिबाट आएर, मातृसत्तात्मक गोत्र व्यवस्था गाँसिन्छ। तर यस विषयमा यहाँ विस्तारपूर्वक चर्चा गरिरहने सम्भावना छैन। यस प्रकारले हामी पाउँदछौं, हाडनाता करणीमाथि प्रतिबन्ध लगाउने प्रवृत्ति पटकपटक देखा पर्दछ, तर उद्देश्यको स्पष्ट ज्ञानविना नै, अनायास र स्वस्फूर्त रूपमा।

सामूहिक विवाह, जुन यहाँ पनि अस्ट्रेलियामा वर्गहरूका बीचको विवाह-को रूपमा प्रचलित छ, प्रायशः सम्पूर्ण महाद्वीपभरि नै छरिएका पुरुषहरूको कुनै एक वर्गको स्त्रीवर्गसँग व्यापक रूपमा छरिएका नारीहरूसितको विवाह हो र यस सामूहिक विवाहको गम्भीर विश्लेषण गर्ने हो भने यो यस्तो स्थिति जस्तो भयानक देखिँदैन जति वेश्यालयको दृष्टिले हेर्ने बानी परिसकेका हाम्रा फिलिस्टिनहरूको कल्पनामा यो कुरा देखा परेको छ। यसको विपरीत, सामूहिक विवाहजस्तो कुरा अस्तित्वमा छ भन्ने अनुमानसम्म पनि लगाउन मानिसहरूलाई वर्षौं वर्ष लाग्यो र हालसालै मात्र यसको अस्तित्वबारे फेरि विवाद चल्न थालेको छ। सतही पर्यवेक्षकको लागि यो कुरा कुनै कमजोर किसिमको एकनिष्ठ विवाहको रूपमा र कतैकतै बहुपत्नी प्रथाको साथै कहिलेकाहीं पतिपत्नीले एक अर्कालाई धोका दिने व्यवहारको रूपमा देखा पर्दछ। यी विवाह-सम्बन्धहरूलाई व्यवस्थित तुल्याउने नियम पत्ता लगाउन फाइसन र होविटले जस्तो वर्षौंसम्म अध्ययन गर्नु आवश्यक छ। यस नियमले व्यव-हारमा एक सामान्य युरोपेलीलाई आफ्नो वैवाहिक प्रथाको सम्झना गराउँछ — यो नियमअनुसार परदेशबाट आएका कुनै अस्ट्रेलियाली जसले आफ्नो घरबाट हजारौं कोस टाढा आफूले नबुझेको भाषामा बोल्ने मानिसहरूको माझमा प्रायशः, प्रत्येक बस्तीमा र प्रत्येक जातिमा आफ्नो लागि त्यस्ता आइमाईहरू भेट्टाउँदछ, जो बिनाकुनै प्रतिरोध एवम् हिचकिचाहट उससमक्ष आत्मसमर्पण गर्न तयार हुन्छन्, यस्तै धेरै पत्नी भएको पुरुषले चाहिँ आफ्ना स्वास्नीहरूमध्ये एउटीलाई आफ्ना अतिथिलाई रातभरको लागि सुम्पन्छ।

जहाँ एक पुरुषसँग केवल पत्नीविवाह र बहुपत्नीत्व मात्र देखिन्छ, त्यहाँ सामान्यतया कठोरतापूर्वक नियमको पालना भएको पाइन्छ। त्यहाँका नागरिक त्यस आगन्तुकको विवाह-वर्गका सदस्य हुन्, जसले उनीहरू त्यसका सम्भावित पत्नी हुन्। नैतिकताको त्यही नियमले, जसले आदिवासीहरूलाई एक प्रकारको हालमा सुम्पेको हुन्छ, एक प्रतिबन्धित सम्बन्धित विवाह-वर्गभन्दा बाहिर कुनै पनि प्रकारको यौन-सम्बन्धमाथि प्रतिबन्ध लगाएको हुन्छ र जसले यस नियमको उल्लङ्घन गर्दछ, ऊ आफ्नो जातिबाट निष्कासित हुन्छ। त्यस्ता आदिवासीहरूमा पनि, जहाँ आइमाई चोर्ने प्रथा छ, जो यथा व्यापक रूपमा प्रचलित छ र धेरै ठाउँमा त त्यस प्रथाले वैधानिक मान्यतासमेत प्राप्त गरेको हुन्छ, विवाह-वर्गहरूसम्बन्धी नियमको कठोरतापूर्वक पालना गरिन्छ।

आइमाईहरूको अपहरणमा नै हामी एक-विवाह प्रथामा सङ्क्रमणका चिन्हहरू देख्दछौं र यो कुरा कम्तीमा पनि युगल-विवाहको रूपमा देखिन्छ। जब कुनै युवकले आफ्ना साथीहरूको सहायताले केटी चोरेर अथवा भगाएर ल्याउँछ, उनीहरू सबै पालैसित तिनीसँग सम्भोग गर्दछन् र त्यसपछि तिनी त्यस युवककी पत्नी बन्छिन्, जो यस अपहरणको आयोजक हुन्छ। यसको विपरीत यदि चोरी भएकी आइमाई आफ्नो लोग्ने छोडेर कुनै अर्को लोग्नेमान्छे कहाँ भाग्छिन् भने तिनी पछिल्लो लोग्नेमान्छेकी स्वास्नी हुन्छिन् र पहिलाले तोमाथि आफ्नो विशेषाधिकार गुमाउँदछ। यस प्रकारले आम रूपमा आफ्नो अस्तित्व कायम राखेको सामूहिक विवाहको साथै र त्यसैको सीमाभित्र अन्य व्यक्तिहरूलाई समावेश नगरिने सम्बन्धहरू र केही समयसम्मको लागि अलगअलग दम्पतिहरू जोडा हुने प्रक्रियाको उत्पत्ति हुन्छ र यसको साथै बहुपत्नी प्रथा पनि प्रचलनमा रहन्छ। यस प्रकारले यहाँ पनि सामूहिक विवाह विलाउन थाल्दछ, तर प्रश्न केवल मात्र छ कि युरोपेली प्रभावअन्तर्गत कुन कुरा पहिले विलाउँदछ — सामूहिक विवाह अथवा यस प्रथाका अनुयायी अस्ट्रेलियाली नेग्रोहरू?

जे होस्, अस्ट्रेलियाका आदिवासीहरूमा प्रचलित सम्पूर्ण कबिलाका बीचमा विवाह-सम्बन्ध जोड्ने प्रथा सामूहिक विवाहको अति निम्न तथा आदिम स्वरूप हो, जबकि पुनालुआ परिवार, जहाँसम्म हामीलाई थाहा छ, सामूहिक विवाहको सबभन्दा विकसित स्वरूप हो। सम्भवतः पहिलो स्वरूप घिरन्ता-बञ्जारा जातिहरूको सामाजिक विकासको स्तर अनुरूप छ भने दोस्रो स्वरूपअन्तर्गत आदिम साम्यवादी समुदायहरूका अपेक्षाकृत स्थायी बस्तीहरू पर्दछन्, यसबाट सीधै अर्को, अझ उन्नततरीय अवस्थामा सङ्क्रमण



हुन्छ। विवाहका यी दुइ स्वरूपहरूका बीचमा हामी निश्चय नै कतिपय केही अन्तरिम चरणहरू भेट्टाउँदछौं; यहाँ हामीसमक्ष अहिले पनि नयाँ र प्रायः अछुतो अनुसन्धानको क्षेत्र छ।

३. युगल परिवार। सामूहिक विवाहको प्रचलनकालमा अथवा अझ त्यस पहिल्यै जोडाजोडा बाँधेर अल्पकालसम्म युगल-जीवन अस्तित्वमा थियो; धेरै पत्नीहरूमध्ये एउटी लोग्नेमान्छेकी मुख्य स्वास्नी (त्यस बेला सायद नै सबभन्दा मनपर्ने स्वास्नी भन्न मिल्छ होला) हुन्थिन् र तिनको पति अरू लोग्नेहरूमध्ये एक जना मुख्य लोग्ने हुन्थ्यो। यस स्थितिले युरोपेली धर्म-प्रचारकहरूलाई निकै भ्रममा पार्यो, उनीहरू सामूहिक विवाहमा कहिले सामूहिक पत्नीहरूसितको अनियन्त्रित यौन-सम्बन्ध देख्दथे र कहिले उच्छृङ्खल व्यभिचार। परन्तु गोत्रको विकास हुँदै गए अनुसार र ती "दाजुभाइ" र "दिदीबहिनी"हरूका समूहहरू, जसको बीचमा विवाह असम्भव थियो, बढ्दै गएअनुसार युगल परिवारमा सीमित रहने मानिसहरूको प्रवृत्ति पनि बढ्दै गएको हुनुपर्दछ। रक्त-सम्बन्धीहरूका बीचमा विवाह हुन नदिने प्रवृत्ति-लाई गोत्रले तिएको प्रोत्साहनले यस कुरालाई अझ अघि बढायो। यस प्रकारले हामी पाउँदछौं, इरोक्वाइहरू र बर्बरयुगको निम्न-चरणमा रहेका अधिकांश इन्डियनहरूमा उनीहरूको कानुनअनुसार मानिने सबै नातेदारहरूका बीचमा विवाह-सम्बन्ध बनाइँदो छ र यस्ता नातेदारहरूका प्रकारहरू सयौं छन्। वैवाहिक सम्बन्धमाथि यस्तो प्रतिबन्धको जटिलता बढ्दै गएअनुसार सामूहिक विवाह अनुरूप असम्भव हुँदै गयो र सामूहिक विवाहको स्थान युगल विवाहले लिन थाल्यो। आर्थिक कारणहरूले गर्दा बहुपत्नीत्व विरलै व्यवहारमा देखिए तापनि यस अवस्थामा पुरुषले एउटै मात्र पत्नी राख्दछ, तर बहुपत्नीत्व र पराइका पत्नीसँगगमन पुरुषको अधिकारको रूपमा कायमै रहन्छन्। साथै सहवासकालमा नारीले अधिकांश स्थितिमा कठोरतापूर्वक पातिव्रत्यको पालना गर्नुपर्ने हुन्छ र परपुरुषगमनको लागि उनले कठोर सजाय पाउँदछिन्। परन्तु कुनै पनि पक्षले सरलतापूर्वक विवाह-सम्बन्ध विच्छेद गर्न सक्दछ र केटा-केटीहरूमाथि आमाको अधिकार पूर्ववत कायमै रहन्छ।

रक्त-सम्बन्धीहरूका बीचमा विवाह-सम्बन्ध निषेध गर्ने यो निरन्तर बढ्ने बढ्दो प्रवृत्तिमा पनि प्राकृतिक छनोटको नियम नै कायम रहेको पाइन्छ। मोर्गनको शब्दमा भन्ने हो भने "रगतको नाता नभएका गोत्रहरूका सदस्य-हरूबीचको विवाहले शारीरिक तथा बौद्धिक रूपमा अति स्वस्थ सन्तान जन्माउँदछ, दुइ विकासशील जातिहरूको मिश्रणबाट स्वभावतः नयाँ पुस्ताका

मानिसहरूसँग खुलन र ओसिएलको आफ्नार त्यो दुवै जातिहरूको सद्भुत समाजको थोक बराबर हुन पुग्दथ्यो" (३९)। यस प्रकारले, गोत्रको रूपमा सङ्गठित जातिहरूले यहाँदेखि जातिहरूमाथि श्रेष्ठता जमाउने भए अथवा यहाँदेखि जातिहरूलाई पनि आफ्नो यथा अनुसरण गर्न बाध्य गराउन भए।

यस्तरी आदिम कालमा परिवारको विकास त्यो परिधि निरन्तर साँघुरिँदै जाने प्रक्रियामा निहित थियो, जुन परिधिले प्रारम्भमा सम्पूर्ण जातिलाई समेटेको थियो र जसभित्र पुरुष र नारीका बीचको वैवाहिक सम्बन्धले सामूहिक रूप लिएको हुन्थ्यो। क्रमशः समयमा नजिकका, त्यसपछि अझ टाढाका र अन्तमा सबै नातेदारहरूलाई समेत यस परिधिबाट हटाउँदै लैजाने प्रक्रियाले गर्दा अन्ततोगत्वा कुनै पनि किसिमको सामूहिक विवाह असम्भव हुन गयो; फलतः अझ कमजोर रूपमा सम्बन्धित विवाहित दम्पति मात्र त्यस समूहको रूपमा रहन गयो जसको विघटनपछि विवाहको अस्तित्व नै खतम हुनसक्थ्यो। एकनिष्ठ विवाहको उत्पत्तिमा व्यक्तिगत यौन-सम्बन्धको, जुन अर्थमा हामीले आज यस सम्बन्धलाई बुझेका छौं, कति गौण भूमिका थियो भन्ने कुरा यसै तथ्यले मात्र पनि स्पष्ट पार्दछ। यस कुरालाई विकासको यस चरणमा रहेका सबै जातिहरूको व्यावहारिक जीवनले अझ राम्ररी साबित गर्दछ। यदि परिवारका पहिलेका स्वरूपहरूमा पुरुषलाई कहिल्यै स्त्रीको कमी रहेन र त्यसको विपरीत अझ आवश्यकताभन्दा पनि बढी हुने सक्थ्यो भने, अब आएर स्त्रीको कमी हुन थाल्यो र स्त्री खोज्नुपर्ने भयो। त्यसै कारणले युगल विवाहको प्रादुर्भावको साथै नारीको अपहरण र खरिदजस्ता कुरा शुरू हुन्छन् – यी कुरा कुनै व्यापक रूपका मात्र भए पनि त्यस गहिरो परिवर्तनका व्यापक रूपमा चिह्नित **लक्षणहरू** थिए, उसले सिर्फ गहिरो जरा भित्रसम्मको थियो, अर्थात् तिनै लक्षणहरूको आधारमा, जसको सम्बन्ध केवल स्वास्नी खोज्ने तरिकाहरूसँग मात्रै थियो, पाण्डित्य छोडेर मन पराउने म्याकलेननले यसको आधारमा "अपहरण-विवाह" र "खरिद-विवाह" जस्ता परिवारका विशिष्ट स्वरूपहरूको कल्पना गर्न पुगे। यसको अतिरिक्त अमेरिकी इण्डियनहरू र (विकासको त्यसै चरणमा रहेका) केही अरू जातिहरूमा विवाहको प्रबन्ध विवाह गर्ने केटा र केटीको आफ्नो विषय नभएर, प्रायशः उनीहरूको विचारसम्म पनि सोधिँदैन रे यो काम पूर्णतः उनीहरूका आमाहरूमाथि छोडिन्छ। यस प्रकारले प्रायः दुइ जना पूर्ण रूपमा अपरिचित व्यक्तिहरूको विवाहको सम्झौता हुन्छ र भावी दुलहा-दुलहीलाई उक्त सम्झौताबारे



विवाह हुने बेलामा मात्र थाहा दिइन्छ। विवाहअघि दुलहीका नातेदार-हरूलाई (अर्थात् तिनका आमातिरका नातेदारहरूलाई, तर तिनका बाबु अथवा बाबुतर्फका नातेदारहरूलाई होइन) दुलहाले उपहारहरू दिन्छ। यी उपहारहरू केटी दिए बापत चुकाउने मूल्य हो। पति वा पत्नीमध्ये कसैको पनि इच्छाअनुसार कुनै पनि बेला विवाहसम्बन्ध विच्छेद गर्न सकिन्छ। तर धेरै जातिहरूमा, उदाहरणको लागि इरोक्वा जातिमा, यस्तो विवाह-विच्छेदप्रति विस्तारै नकारात्मक दृष्टिकोण बढ्दै गयो। लोग्नेस्वास्नीको झगडा हुँदा दुवै पक्षका नातेदारहरूले मध्यस्थता गर्दछन् र उनीहरूको प्रयास विफल भएपछि मात्र विवाह-सम्बन्ध तोडिन्छ। यस अवस्थामा केटाकेटीहरू आमाकै साथमा रहन्छन् तर दुवै पक्षको पुनःविवाह गर्ने अधिकार कायमै रहन्छ।

युगल परिवार स्वयम् अति कमजोर र अति अस्थिर भएकोले कुनै छुट्टै घरव्यवस्था गर्ने आवश्यकता उत्पन्न हुन सक्दैन, अथवा यस्तो घरव्यवस्था गर्न इच्छाले पहिलेदेखि चल्दै आएको साम्यवादी कुटुम्ब प्रणालीको विघटन गर्ने आवश्यकता देखा पर्दैन। तर साम्यवादी कुटुम्ब प्रणालीको अर्थ घरमा नारीको आधिपत्य हो, त्यसै किसिमले आमालाई मात्र जन्मदाता मानिन्छ, जिनमध्ये निश्चयपूर्वक बाबु को हो भन्न प्रायः असम्भव हुन्छ। यस प्रकारले नारीले अर्थात् आमाहरूले ठूलो सम्मान पाएका हुन्छन्। सामाजिक विकासको आदिम कालमा नारी पुरुषकी दासी थिइन् भन्ने धारणा अठारौं शताब्दीको प्रबोधनकालदेखि हामीले उत्तराधिकारमा पाएका अति मूर्खतापूर्ण धारणाहरूमध्ये एक हो। सबै जङ्गली जातिहरू र बर्बर युगका निम्न, मध्यम तथा अंशतः उच्च चरणमा रहेका सबै जातिहरूमा स्त्री स्वतन्त्र मात्र थिइनन्, उनी ठूलो आदर र सम्मानकी पात्र पनि हुन्थिन्। अझ युगल-विवाहको समयमा नारीको स्थिति कस्तो थियो भन्ने विषयमा सेनेका प्रजातिका इरोक्वाहरूका बीचमा धेरै वर्षसम्म धर्म प्रचारकको रूपमा काम गरेका आर्थर राइटको भनाइ उल्लेखनीय छ। उनी लेख्छन्, "जहाँसम्म उनीहरूको पारिवारिक व्यवस्थाको प्रश्न छ, त्यस बेला, जब उनीहरू अहिले प्राचीन ढङ्गका लामालामा घरहरूमा बस्थे" (केही परिवारहरू एकै साथमा बस्ने साम्यवादी कुटुम्ब समुदाय) "...त्यहाँ सधैं कुनै एउटा कुल" (गोत्र) "को आधिपत्य रहन्थ्यो र आइमाईहरू अन्य कुल" (गोत्र) "बाट आफ्ना लागि लोग्ने रोज्थे।... घरमा सामान्यतः नारी पक्षको शासन चल्थ्यो। घरको भण्डार सामूहिक हुन्थ्यो; तर यदि कुनै अभागी लोग्ने अथवा प्रेमीले आफ्नो आलस्य अथवा अकर्मण्यताले गर्दा सामूहिक भण्डारमा आफ्नो हिस्सा जुटाउन-

पर्ने हिस्सा पुऱ्याउन सकेन भने उसको दुर्गति हुन्थ्यो। उसका जतिसुकै केटाकेटी किन नहुन् र घरमा उसका जतिसुकै सामान किन नहुन्, उसले कुनै पनि बेला पोका कस्ने र घरबाट सदाको लागि निस्कने आदेश पाउन सक्थ्यो। उसले कुनै प्रकारको प्रतिरोध देखाउने कोसिससम्म पनि गर्न सक्दैनथ्यो। घर उसको लागि नरक बन्थ्यो र कुलवंशमा" (गोत्रमा) "फर्कनु बिनाय उसको लागि अर्को उपाय रहँदैनथ्यो वा उसले कुनै अर्को गोत्रमा फेरि विवाह गर्नुपर्थ्यो र प्रायः यस्तो हुने गर्दथ्यो। अरू सब ठाउँमा झैं गोत्रहरूमा पनि आइमाईहरू अति शक्तिशाली हुन्थे। कस्तो घटना पनि घट्ने गर्थ्यो भने उनीहरू आफ्ना कोनका सरदारलाई एक सामान्य योद्धाको श्रेणीमा खसाल्नलाई हिचकिचाउँदैनथे" (२२)।

आदिमकालमा व्यापक रूपमा फैलिएको स्त्री-सत्ताको भौतिक आधार साम्यवादी कुटुम्ब समुदाय थियो, जसमा अधिकांश अथवा सबैजसो स्त्रीहरू एउटै गोत्रका हुन्थे र पुरुषहरू अन्य विभिन्न गोत्रहरूबाट आउँथे – यो आविष्कार बाखोफेनको तेस्रो महत्त्वपूर्ण देन हो। म के कुरा पनि भन्न चाहन्छु भने जङ्गली तथा बर्बर जातिहरूका आइमाईहरू कठोर परिश्रमको बोझले लादिएका हुन्छन् भन्ने यात्रीहरू तथा धर्मप्रचारकहरूको धारणाले उक्त कथनको खण्डन गर्दैन। समाजमा नारीको स्थान पुरुष र नारीबीचको श्रम-विभाजनद्वारा नभएर पूर्णतः अरू नै कारणहरूद्वारा निर्धारित हुन्छ। ती जातिहरूमा, जहाँ हाम्रो धारणाअनुसार आइमाईहरूले आफूले गर्नैभन्दा धेरै कडा काम गर्नुपर्ने हुन्छ, आइमाईहरूप्रति हाम्रा युरोपेलीहरूले भन्दा धेरै बढी आदरको भावना राख्दछन्। देखावटी आदर-सत्कारको पात्र बनेकी र हर प्रकारको वास्तविक श्रमबाट अलग्गिएर सभ्य युगकी महिलाले बर्बर युगकी कठोर परिश्रम गर्ने महिलाले भन्दा, जसले आफ्नो जातिमा वास्तविक मैयाँसाहेब (lady, frowa, Frau – मैयाँसाहेब) कै पदको आदरसम्मान पाएकी हुन्थिन् र आफ्नो चरित्रले पनि त्यस्तै स्थान पाएकी हुन्थिन्, कता हो कता कहाँ हेय सामाजिक स्थान ग्रहण गरेकी हुन्छिन्।

वर्तमान समयमा अमेरिकामा युगल परिवारले सामूहिक विवाहको स्थान लिइसकेको छ या छैन भन्ने कुराको निधो गर्न उत्तर-पश्चिमी अमेरिकाको र खासगरी दक्षिणी अमेरिकाका ती जातिहरूको गहन अध्ययन गर्नु जरुरी छ, जो अहिले पनि जङ्गली युगको उन्नत अवस्थामा नै रहेका छन्। यी जातिहरूसम्बन्धी वर्णनहरूमा यौन स्वतन्त्रताका यति प्रशस्त उदाहरणहरू पाइन्छन् कि यहाँ प्राचीन सामूहिक विवाहप्रथा पूर्णतः लुप्त भइसकेको छ भन्ने



अनुमान गर्नु शायद नै उचित होला। जे भए तापनि यसका सबै अवशेषहरू लुप्त भइसकेका छैनन्। उत्तरी अमेरिकाका कम्तीमा पनि चालीस जातिहरूमा जेठीसित बिहे गर्ने व्यक्तिले उसका सबै उमेर पुगेका दिदीबहिनीहरूसित पनि बिहे गर्न पाउँदछन् – यो कुरा दिदीबहिनीहरूको पूरै समूहले सामूहिक पतिहरू राख्ने प्रथाको अवशेष हो। बैंक्रफ्टको कथनअनुसार क्यालिफोर्नियाका प्रायद्वीपका बासिन्दाहरू (जो जङ्गली युगको उन्नत अवस्थामा छन्) मा त्यस्ता चाडपर्व मनाउने चलन छ, जसमा केही कबीलाहरू स्वच्छन्द सम्भोगको लागि भेला हुन्छन्। स्पष्ट छ, यी त्यस्ता गोत्रहरू हुन्, जसको लागि यी चाडपर्वहरूले त्यस समयको धमिलो सम्झना दिलाउँछन्, जब एउटा गोत्रका सबै स्त्रीहरू अर्को गोत्रका सबै पुरुषहरूका सामूहिक पत्नी हुन्थे र उल्टै किसिमले एउटा गोत्रका सबै पुरुषहरू अर्को गोत्रका स्त्रीहरूका सामूहिक पति हुन्थे। अस्ट्रेलियामा अझसम्म यो प्रथा प्रचलित छ। केही जातिहरूमा जेठाबाहरू, मुखियाहरू र जादूगर-पुरोहितहरू सामूहिक पत्नीहरूको प्रथालाई आफ्नो स्वार्थको लागि प्रयोग गर्दछन् र बहुसंख्यक स्त्रीहरूमाथि एकाधिकार कायम राख्दछन्। तर यसको लागि उनीहरूले निश्चित चाडपर्व र उत्सवहरूको बेलामा पुरानो सामूहिक अस्तित्वमा रहेको सामूहिक पत्नीत्वको प्रथा लागू गर्नु र आफ्ना स्वास्नीहरूलाई जवान केटाहरूसित मुख-भोग गर्ने अनुमति दिन बाध्य हुन्छन्। वेस्टरमार्कले आफ्नो पुस्तकको पृष्ठ २८-२९ मा यस्ता सहोत्सव (सातुर्नालिया) (२३) का धेरै दृष्टान्तहरू प्रस्तुत गरेका छन्, जहाँ थोरै समयको लागि स्वच्छन्द मैथुनको उही पुरानो प्रथा फेरि लागू गरिन्छ। उदाहरणको लागि भारतको हो, सन्थाल, पञ्जा र कोतार जातिहरूमा र अफ्रिकाका केही जातिहरूमा यस्तो प्रथा भेटिन्छ। यी चाडपर्वहरूको आधारमा वेस्टरमार्क अनौठो निष्कर्ष निकाल्छन् भने उनी ती पर्वहरू त्यस सामूहिक विवाहका अवशेषहरू, जसको अस्तित्व उनी अस्वीकार गर्दछन्, नभएर त्यस मैथुन-ऋतुको अवशेष ठान्दछन्, जुन आदिम मानव र अन्य पशुपक्षीहरूको लागि समान छ।

अब हामी बाखोफेनको चौथो महत्त्वपूर्ण आविष्कार अर्थात् सामूहिक विवाहबाट युगल विवाहमा सङ्क्रमणको व्यापक रूपमा प्रचलित स्वरूपको विश्लेषण गर्नतर्फ लागौं। जुन कुरालाई बाखोफेनले प्राचीन देवताहरूको उपदेशको प्रायश्चित्त – त्यो प्रायश्चित्त, जसको मूल्यबाट नारीले पातिव्रत्यको अधिकार प्राप्त गर्दथिन् – भन्ने ठानेका थिए, त्यो वास्तवमा नियमको रहस्यवादी अभिव्यक्ति मात्र हो, जसको मूल्य चुकाएर नारीले एकनिष्ठ

धेरै पतिहरूको पत्नी बन्ने प्राचीन प्रथाबाट मुक्ति पाउँथिइन् र एक मात्र पुरुषको पत्नी बन्ने अधिकार प्राप्त गर्दथिइन्। त्यो रिहाइ निश्चित परिधिमा सीमित रहेर अन्य पुरुषहरूसमक्ष आत्मसमर्पण गर्ने प्रथामा अभिव्यक्त भएको पाइन्छ। उदाहरणको लागि, बेबिलोनका स्त्रीहरूले वर्षको एकपटक मिलिटाको मन्दिरमा परपुरुषलाई आफ्नो सतीत्व सुम्पनुपर्दथ्यो; त्यस्तै मध्य एशियाका अन्य जातिका मानिसहरू आफ्ना छोरीचेलीलाई केही वर्षसम्म अनाइतिसको मन्दिरमा बस्न पठाउँथे, जहाँ उनीहरू आफूले रोजेका पुरुषहरूसित स्वतन्त्र प्रेम-जीवन बिताउँथे र त्यसपछि मात्र उनीहरूले विवाह गर्ने अनुमति पाउँथे। भूमध्य सागरदेखि गङ्गासम्मको विस्तृत भूभागमा बसोबास गर्ने प्रायः सबैजसो एशियाली जातिहरूमा धार्मिक आवरणले ढाकिएका यस्तै रीति-रिवाजहरू प्रचलित भएको पाइन्छ। छुटकाराको उद्देश्यले प्रायश्चित्तको रूपमा गरिएको यस बलिदानलाई शनैःशनैः कालान्तरमा क्रमशः कठोरता घटाउँदै लगिन्छ। यस सन्दर्भमा बाखोफेनले लेखेका छन्: "वर्षेनि दोहोरिने यस बलिदानको स्थानमा अब एकचोटि मात्र आत्मसमर्पण गर्ने प्रथा, विवाहिता स्त्रीहरूको हेटेरिज्म" (बहुपुरुषगमन प्रथा) "को स्थान केटीहरूको हेटेरिज्मले लिन्छ; विवाहित अवस्थामा प्रयोग हुने यो प्रथा अब विवाहअघि प्रयोग हुन्छ। बिनाकुनै भेदभाव कुनै पनि पुरुषसमक्ष आत्मसमर्पण गर्ने प्रथाको स्थानमा अब केही खास व्यक्तिहरूसमक्ष मात्र आत्मसमर्पण गर्ने प्रथा" ('मातृसत्ता', पृष्ठ १९)।

अन्य जातिहरूको प्रथामा यस्तो धार्मिक आवरण भेटिँदैन। केही जातिहरू, जस्तो प्राचीन थ्रासियाली, केल्ट आदिमा र वर्तमान समयमा भारतवर्षका धेरैजसो आदिवासीहरू, मलयाका विभिन्न जातिहरू, प्रशान्त महासागरीय द्वीपहरूका बासिन्दाहरू र धेरैजसो अमेरिकी इन्डियनहरूमा विवाहअघि केटीहरूलाई पूर्ण यौन स्वतन्त्रता प्रदान गरिएको हुन्छ। विशेषतः यो प्रथा प्रायः सम्पूर्ण दक्षिणी अमेरिकामा प्रचलित छ र यस महाद्वीपको भित्री भागमा प्रविष्ट भएका पनि भ्रमण गरेको कुनै पनि व्यक्तिले यस कुराको पुष्टि गर्न सक्दछ। उदाहरणको लागि आगासिजले (सन् १८६८ मा बोस्टन र न्यूयोर्कबाट प्रकाशित 'ब्राजिलको यात्रा', पृष्ठ २६६ मा) एउटा धनी इन्डियन परिवारसम्बन्धी निम्न घटनाको वर्णन गरेका छन्। त्यस परिवारकी छोरीसित परिचित हुँदा उनले केटीका बाबुबारे सोधपुछ गरे। उनले अन्दाजेका थिए, तिनकी आमाका लोग्ने, जो त्यस बेला पाराग्वेसितको लडाइँमा एक अफिसरको हैसियतले गएका थिए, नै तिनका बाबु होलान्। तर आमाचाहिँले मुस्कुराउँदै जवाफ दिइन्: naõ tem pai, é filha da fortuna—यसका बाबु छैनन्, यो त संयोगको फल हो। "इन्डियन आइमाईहरू र वर्णसङ्कर स्त्रीहरू आफ्ना अवैध छोराछोरीहरूबारे यसै बिनाकुनै लाजसरम यस्तै किसिमका कुरा गर्छन् र यो कुनै अपवाद होइन, बरु यसको उल्टो कुरा मात्र अपवाद हुन सक्दछ। प्रायजसो केटाकेटीहरू आफ्नो आमालाई मात्र चिन्दछन्, किनभने स्याहारसुसारको सम्पूर्ण भार र उत्तरदायित्व आमाले नै बोकेकी हुन्छिन्; आफ्ना बाबुबारे तिनीहरूलाई केही थाहा हुँदैन र कुनै आइमाई अथवा उनका केटाकेटीहरूको बाबुबारे कुनै गुनासो गर्नुपर्ने उत्पन्न हुन्छ"। सभ्य मानिसहरूको लागि जुन कुरो अनौठो लाग्न सक्दछ, मातृ-सत्ताअनुसार र सामूहिक विवाहको अवस्थामा सामान्य नियम मानिन्छ।

केही जातिहरूमा दुलहाका साथीहरू र नातेदारहरू अथवा विवाहमा निमन्त्रित अतिथिहरूले दुलहीसित सम्भोग गर्ने आफ्नो परम्परागत प्राचीन अधिकारलाई विहेकै बेलामा प्रयोग गर्दछन्, त्यसमा पनि दुलहाको पालो त अन्तमा मात्रै आउँछ। बालियारिक द्वीपहरूका र अफ्रिकाका अगीला जातिमा प्राचीन कालमा र एबिसिनियाको बारिया जातिमा त वर्तमानकालमा समेत यो प्रथा प्रचलित छ। अन्य केही जातिहरूमा चाहिँ कुनै पदाधिकारी, कुनै जाति अथवा वंशका अगुवा, कासिक* धामी-झाँक्री, पुरोहित-पुजारी, राजा अथवा उसले जेसुकै उपाधि पाएको होस्, त्यस्तो व्यक्ति समुदायको प्रतिनिधिको रूपमा रहेको हुन्छ र उसैले दुलहीसित सुहागरात बिताउने अधिकार प्राप्त गर्दछ। यस तथ्यलाई जति महत्त्व दिए पनि नवरोमान्टिकहरूका सम्पूर्ण प्रयासहरूको विपरीत अलास्काका बहुसंख्यक आदिवासीहरूमा (बैनक्राफ्ट, 'आदिवासीहरू', खण्ड १, पृष्ठ ८१), उत्तरी मेक्सिकोको ताहु जातिमा (त्यहीँ, पृष्ठ ५८४) तथा अन्य केही जातिहरूमा यो jus primae noctis** सामूहिक विवाहको अवशेषको रूपमा अझै पनि प्रचलित छ। सामूहिक विवाहको अवशेषको रूपमा यो प्रथा सम्पूर्ण मध्ययुगमा, कम्तीमा पनि ती देशहरूमा, जहाँ मूलतः केल्ट जाति बसोबास गर्दथ्यो, उदाहरणको लागि आरागोनमा, प्रचलित थियो। कास्टि-

*कासिक—अमेरिकामा युरोपेलीहरूको आगमन कालमा प्रचलनमा रहेको इन्डियन जातिका मुखियालाई सम्बोधन गरिने शब्द।—अनु॰

** सुहागरातको अधिकार—सं॰

जियानमा विवाह पहिल्यै मुक्तको रूपमा रहेको भने आरागोनमा भूदास प्रथाको एक अति घृणित स्वरूप प्रचलित थियो र सन् १४८६ मा जानी सरितको फेर्डिनान्ड क्याथोलिकको (२४) एक अध्यादेशमा भनिएको थियो – "हामी के पनि घोषणा गर्दछौं भने उपर्युक्त महानुभावहरू (senyors, ब्यारोनहरू) ले कुनै किसानले विवाह गर्दा पहिलो रात कुमारीसित बिताउने अथवा दुलही सुत्न गइसकेपछि तिनको बिछ्यौना र सुतिरहेकी दुलहीलाई नाघ्ने अधिकारको, कुनै चलन उक्त महानुभावको प्रभुत्वको प्रतीकस्वरूप गर्दै आएको छ, प्रतिबन्ध लगाउन्छ, त्यस्तै उपर्युक्त महानुभावहरूले किसानका छोरी अथवा छोराबाट, उनीहरूको इच्छाको विरुद्ध पारिश्रमिकसहित अथवा बिनापारिश्रमिक, कुनै पनि प्रकारको सेवाको माग गर्ने अधिकार राख्दैनन्।" (जुग्नहाइमको पुस्तक 'भूदासप्रथा', पिटर्सबर्ग, १८६१, पृष्ठ ३५५।)

बेफेर तथाकथित "हेटेरिज्म" अथवा «Sumpfzeugung» बाट एकनिष्ठ विवाहमा सङ्क्रमणको श्रेय मुख्यतः नारीलाई नै छ भन्ने बाखोफेनको जोडदार तर्क पनि ठ्यासिक्कै सही छ। जीवनका आर्थिक आधारहरूका विकासको फलस्वरूप अर्थात् आदिम साम्यवादी व्यवस्थाको पतन तथा जनसङ्ख्याको घनत्वमा वृद्धिको फलस्वरूप परम्परागत कालदेखि चल्दै आएको पुरुष र नारीका बीचको सम्बन्धले आफ्नो सरल आदिम चरित्र जति गुमाउँदै गयो, नारीहरूलाई ती सम्बन्धहरू त्यतिकै बढी अपमानजनक र असह्य लाग्न थाले र उनीहरूले त्यतिकै दृढतापूर्वक सतीत्वको अधिकारलाई अर्थात् एक मात्र पुरुषसित अस्थायी अथवा स्थायी विवाह गर्ने अधिकारलाई आफ्नो मुक्तिको रूपमा माग गर्नु पर्यो। अरू विभिन्न कारणहरूले गर्दा पनि यस प्रगतिको श्रेय पुरुषलाई हुन सक्दैन, किनभने उनीहरूले वास्तविक सामूहिक विवाहको लाभ अस्वीकार गर्ने कुरा आजसम्म पनि कदापि सोचेका छैनन्। नारीहरूले युग्म-विवाहमा सङ्क्रमण गरेपछि मात्र पुरुषहरूले कठोर एकनिष्ठ विवाहको चलन चलाए र स्वभावतः केवल नारीहरूकै लागि मात्र।

युग्म परिवारको अभ्युदय जङ्गली युग तथा बर्बर युगको सीमाक्षेत्र, धेरैजसो मात्रामा जङ्गली युगको उन्नत चरणमा र कतैकतै मात्र बर्बर युगको निम्न चरणमा भएको थियो। परिवारको यो रूप बर्बर युगको लागि त्यत्तिकै स्वाभाविक छ जति जङ्गली युगको लागि सामूहिक विवाह र सभ्य युगको लागि एकनिष्ठ विवाह छन्। युग्म एकनिष्ठ विवाहप्रथामा युग्म परिवारलाई



विकसित तुल्याउनको लागि हामीले अघि गरेजस्तो प्राकृतिक छनौटबाहेक देखा परेभन्दा अरू नै कारणहरू आवश्यक थिए। युग्म सङ्घबाटसमेत समूह आफ्नो अन्तिम एकाइमा अर्थात् त्यसको अणुहरूमा परिणत भयो, जुन एक नारी तथा एक पुरुषको दुइ अणुहरूबाट बनेको थियो। प्राकृतिक छनौटले सामूहिक विवाहको परिधिलाई अधुरो पार्दै लग्यो र त्यसले अन्तमा आफ्नो काम पूरा गरिसकेको थियो। अब यस दिशामा अरू केही गर्ने बाँकी रहेन। यदि कुनै नयाँ, सामाजिक प्रेरक शक्ति अस्तित्वमा नल्याइदिएको भए युग्म सङ्घबाट परिवारको नयाँ स्वरूपको अभ्युदयको लागि कुनै आधार बन्ने थिएन। परन्तु यस्ता प्रेरक शक्तिहरू अस्तित्वमा आइहाले।

अब हामी युग्म परिवारको जन्मस्थल अमेरिकालाई छाड्छौं। यहाँ परिवारको धेरै उन्नत रूप विकसित थियो, तर महाद्वीपको खोज र जनजातिको विजयभन्दा पहिले यहाँ कुनै समय कुनै उन्नत सुदृढ एकनिष्ठ विवाह अस्तित्वमा थियो भन्ने निष्कर्ष निकाल्नको लागि कुनै पनि प्रकारका प्रमाणहरू देखा परेका छैनन्। तर पुरानो विश्वमा स्थिति अर्कै थियो।

यहाँ पशुपालनको विकासले सम्पदाको तथा नयाँसम्म कल्पना पनि गर्न नसकिने स्रोतको सिर्जना गर्यो र पूर्णतः नयाँ सामाजिक सम्बन्धहरूको स्थापना भयो। बर्बर युगको निम्न चरणसम्म स्थायित्वको सम्पत्तिको रूपमा घर, लुगाफाटो, असाधारण खालका गहनाहरू र खाना, हतियार तथा सामान्य भाँडाकुँडाजस्ता आहार खोज्न र तयार पार्ने प्राथमिक औजारहरू नै थिए। आहारको खोजी हरेक दिन गरिरहनुपर्दथ्यो। तर अब भने आर्यहरूको पञ्चनद प्रदेश तथा वक्षुको मैदान र जक्जार्टीज तथा अक्सस नदीहरूका तटमा रहेका आजभन्दा धेरै हरियाभरिया मैदानहरूमा बसोबास गर्ने आर्यहरू तथा युफ्रेटिस र टिग्रिस नदीको किनारामा बसोबास गर्ने सामी जातिहरूले घोडा, ऊँट, गधा, गाई-भैंसी, भेडा-बाख्रा, सुँगुर आदिको रूपमा एक यस्तो सम्पदा प्राप्त गरे, जसको निम्ति अति सामान्य तरिकाको देखरेख नै पर्याप्त थियो। यो सम्पदा दिन प्रतिदिन बढ्दै गयो र मासु तथा दूधको पर्याप्त स्रोत बन्यो। अब आहार प्राप्त गर्ने सबै पुराना विधिहरू पछि परे। पहिले जीवन धान्नको लागि अनिवार्य शर्तको रूपमा रहेको शिकार पनि अब शोखको कुरा बन्यो।

तर यो नयाँ सम्पदा कसको स्वामित्वमा थियो? शुरुमा त यो निःसन्देह गोत्रको स्वामित्वमा थियो। परन्तु पशुहरूको झुण्डमाथि अति प्राचीन कालदेखि नै निजी स्वामित्व कायम रहेको हुनुपर्दछ। तथाकथित 'मोजेसको पहिलो

पुस्तक" का रचयिताको दृष्टिमा निरानन्द प्रवाहमा एक कुटुम्ब समुदायको धमुवाको नाताले अथवा कुनै गोत्रको वंशपरम्परागत प्रमुखको नाताले आफ्ना गाई-भैंसी र भेडा-बाख्राका बथानका मालिक थिए वा थिएनन् भन्ने शङ्का छ। तर यी बथानहरूलाई हामी उनको आधुनिक अर्थमा मालिक मान्नचाहिँ निस्सन्देह सक्दैनौं। तापनि के कुरा पनि निश्चित छ भने प्रमाणित इतिहासको आरम्भमा नै हामी पशुहरूको बथान त्यसै किसिमले परिवारका प्रमुखहरूको निजी सम्पत्तिको रूपमा रहेको पाउँदछौं, जसरी बर्बर युगका कलाकृतिहरू, धातुका भाँडाकुँडाहरू, ऐश-आरामका सामानहरू र अन्तमा मानव-पशु अर्थात् दासहरू परिवारका प्रमुखहरूको निजी सम्पत्ति मानिन्थे।

यसको कारण के हो भने त्यस बेला दास प्रथाको पनि आविष्कार भइसकेको थियो। बर्बर युगको निम्न चरणमा दासहरूको लागि दासको कुनै आवश्यकता थिएन। त्यसैले अमेरिकी इण्डियनहरूले पराजित शत्रुहरूसित त्यस्तो व्यवहार गर्दैनथे, जस्तो व्यवहार विकासको अझ उच्च चरणमा गरिन्थ्यो। पुरुषहरूलाई उनीहरू या त मार्थे या त विजयी जातिमा आफ्नै दाजुभाइको रूपमा स्वीकार गर्थे। नारीहरूलाई उनीहरू पत्नी बनाउँथे अथवा तिनका जीवित बालबच्चाहरूसहित अन्य कुनै तरिकाले तिनलाई आफ्नो जातिमा स्थान दिन्थे। विकासको यस चरणमा मानव श्रमशक्तिले उसको पालन-पोषणको लागि आवश्यकतासरह भन्दा बढी परिमाणमा उत्पादन गर्न सक्दैनथ्यो। पशुपालन, धातु प्रशोधन, कपडा बुन्ने कार्य र अन्तमा खेतीपातीको आगमनसँगै यस स्थितिमा परिवर्तन ल्यायो। जसरी पहिले स्वास्नी पाउन अति सजिलो थियो तर पछि गएर स्वास्नीको विनिमय मूल्य निर्धारित हुन थाल्यो र स्वास्नी किनिन थाल्यो, त्यसै किसिमले, विशेषतः पशुहरूको बथान अन्तिम रूपमा पारिवारिक सम्पत्ति बनिसकेपछि, श्रम-शक्तिको पनि त्यस्तै हुन थाल्यो। अब गाईवस्तुको हेरचाहको लागि बढी मानिसहरूको आवश्यकता पर्‍यो; यस उद्देश्यको लागि युद्धमा बन्दी बनाइएका शत्रुहरू, जसको सङ्ख्या पनि पशुहरूकै झैं अनियन्त्रित बढ्दै जान्थ्यो, उपयोग गर्न थालियो।

यस्तो सम्पदा, एकपटक परिवारको निजी सम्पत्ति बनिसकेपछि र तीव्रतापूर्वक बढ्दै गएपछि, त्यसले युग्म-विवाह र मातृसत्तात्मक गोत्र प्रथामा आधारित समाजमाथि कठोर आघात पुऱ्याउन थाल्यो। युग्म-विवाहले परिवारमा एक नयाँ तत्वको प्रवेश गरायो। अब आफ्नी आमाको साथै आफ्ना साँच्चैका बाबु पनि देखा परे, जो, शायद, अचेलका केही "बाबुहरू" भन्दा पनि बढी साँच्चै थिए। त्यस बेला परिवारमा विद्यमान श्रम-विभाजनअनुसार



आहार जुटाउने र त्यसको लागि आवश्यक औजारहरू तयार पार्ने काम लोग्नेको हुन्थ्यो, र फलतः यी कुराहरूमा स्वामित्वको अधिकार पनि उसैको हुन्थ्यो; विवाह सम्बन्धविच्छेद भएको अवस्थामा यी कुराहरू पनि लोग्नेले आफूसित लिएर जान्थ्यो र घरेलु सामान स्वास्नीले राख्थिन्। यसै कारणले तत्कालीन सामाजिक परिपाटीअनुसार लोग्ने आहारको नयाँ स्रोत अर्थात् पशुहरू र पछि गएर नयाँ औजारहरू अर्थात् दासहरूको पनि स्वामी बन्न गयो। परन्तु त्यही समाजको चलनअनुसार उसका छोराछोरीले उसको उत्तराधिकार पाउँदैनथे, किनभने उत्तराधिकार निम्न प्रकारले प्रदान गरिन्थ्यो।

मातृ-सत्ताअनुसार अर्थात् त्यस बेलासम्म, जब नारी वंशानुक्रम प्रचलित रह्यो, र त्यसै गोत्रको मूल उत्तराधिकारिक प्रथाअनुसार, गोत्रको कुनै सदस्य मरेपछि उसका नातेदारहरूले उसको सम्पत्ति पाउँथे। त्यो सम्पत्ति गोत्रभित्र नै रहनुपर्दथ्यो। शुरूमा त्यो सम्पत्ति थोरै र महत्वहीन कुराहरूबाट बनेको हुँदा सम्भवतः व्यवहारमा त्यो सम्पत्ति सबैभन्दा नजिकका गोत्र-सम्बन्धीहरूले अर्थात् आमातिरका रक्त-सम्बन्धीहरूले पाउने गर्थे। परन्तु मृत पुरुषका छोराछोरीहरू उसको गोत्रमा नभएर आमाको गोत्रमा जान्थे। शुरूमा ती छोराछोरीहरूले आफ्नो आमाका अन्य रक्त-सम्बन्धीहरूसँगै आमाको सम्पत्तिको एक भाग पाउने गर्थे, तर पछि गएर, सम्भवतः त्यो सम्पत्ति सबभन्दा पहिले उनीहरूले नै पाउन थाले। परन्तु उनीहरूले आफ्ना बाबुको सम्पत्ति पाउँदैनथे, किनभने उनीहरू उसको गोत्रका सदस्य हुँदैनथे, अनि उसको सम्पत्ति उसैको गोत्रभित्र रहनु पनि आवश्यक थियो। त्यसैले पशुहरूको बथानको मालिक मरेपछि, उसका बथानहरू शुरूमा उसका दाजुभाइ-दिदीबहिनीहरूले र दिदीबहिनीहरूका छोराछोरीहरूले अर्थात् माइतपक्षका सम्बन्धीहरूले पाउने गर्थे। परन्तु उसका आफ्नै छोराछोरीहरूचाहिँ उत्तराधिकारबाट वञ्चित हुन्थे।

यस प्रकारले सम्पत्ति बढ्दै जाँदाअनुसार एकातर्फबाट, त्यसले परिवारमा स्वास्नीको भन्दा लोग्नेको स्थितिलाई बढी प्रभावशाली तुल्यायो र अर्कोतर्फबाट, आफ्नो यस सुदृढ स्थितिको प्रयोग गर्दै परम्परागत उत्तराधिकारिक प्रथालाई आफ्ना छोराछोरीको पक्षमा मोड्ने प्रवृत्ति पुरुषहरूमा बढ्न थाल्यो। तर जबसम्म मातृ-सत्ताअनुसार वंशानुक्रम निर्धारित गरिन्थ्यो यो कुरा असम्भव थियो। त्यसैले मातृ-सत्ता हटाउनु आवश्यक थियो र हटाइयो पनि। यो काम वास्तवमा त्यति गाह्रो थिएन, जस्तो हामीलाई आज लाग्छ। किनभने यस क्रान्तिको लागि, जुन मानवजातिले पार गरेको सबभन्दा निर्णायक क्रान्ति-

हकमाथि एक थियो, गोत्रका कुनै पनि जीवित सदस्यको हितमा आघात पुऱ्याउने आवश्यकता थिएन। सबै सदस्यहरू पहिले जस्ता थिए, त्यस्तै रहन सक्थे। कुनै एउटा सामान्य निर्णय नै पर्याप्त थियो र यो निर्णय थियो—भविष्यमा गोत्रिक सन्तानका पुरुष सदस्यहरू आफ्नै गोत्रभित्र रहनेछन्, तर नारी सन्ततिचाहिँ मातृ गोत्रबाट हटाइनेछन् र पतिको पिताको गोत्रमा जानेछन्। यस प्रकारले माताको तर्फबाट वंशानुक्रम निर्धारण गर्ने र मातृ वंशानुक्रमअनुसार उत्तराधिकार प्रदान गर्ने प्रथा अन्त गरियो, पिताको तर्फबाट वंशानुक्रम निर्धारण गर्ने र पितृ वंशानुक्रमअनुसार उत्तराधिकार प्रदान गर्ने प्रथा चलनचल्तीमा ल्याइयो। सभ्य जातिहरूमा यो क्रान्ति कहिले र कसरी भयो भन्ने कुरा हामीलाई थाहा छैन। यो घटना पूर्णतः प्रागैतिहासिक युगमा सम्पन्न भएको थियो। तर यस्तो क्रान्ति **सम्पन्न भएको थियो** भन्ने कुरा मातृसत्ताका अनेकौं अवशेषहरूसम्बन्धी तथ्यहरूले, विशेषतः बाखोफेनद्वारा सङ्कलित तथ्यहरूले पर्याप्त मात्रामा प्रमाणित गरेका छन्। यो कुरा कति सजिलोसित सम्पन्न भएको थियो भन्ने कुरा हामी यो विभिन्न इन्डियन जातिहरूको उदाहरणबाट थाहा पाउन सक्छौं, जहाँ केही समय पहिले मात्र यो परिवर्तन भएको थियो अथवा अझै पनि अंशतः सम्पत्तिको वृद्धि तथा परिवर्तित जीवन प्रणाली (जङ्गलहरूबाट मैदानहरूतिरको बसाइँ सराइ) ले गर्दा र अंशतः सभ्यता तथा इसाई-धर्मप्रचारकहरूको नैतिक प्रभावद्वारा हुँदै छ। मिसुरी नदीको क्षेत्रमा बसोबास गर्ने आठ जनजातिहरूमध्ये ६ जनजातिले पुरुष वंशानुक्रम पाल्दछन्। साउनी, मयामी र डेलावार जनजातिहरूमा पिताको गोत्रका नामहरूमध्ये कुनै एउटा नाम दिएर छोराछोरीलाई गोत्रमा सम्मिलित गराउने र यस प्रकारले उनीहरूलाई पैतृक सम्पत्तिको उत्तराधिकारी बनाउने चलनचल्ती जारी थाल्यो। "वस्तुको नाम बदलेर त्यस वस्तुलाई नै बदल्ने चेष्टा मानिसको लागि स्वाभाविक जन्मजात प्रवृत्ति हो! जब कुनै प्रत्यक्ष स्वार्थले पर्याप्त प्रेरणा प्रदान गर्दछ, त्यस बेला उसले परम्परा तोड्नको लागि परम्पराभित्रै छिद्रहरू खोज्न थाल्दछ" (मार्क्स) (२५)। यसको फलस्वरूप निकै जटिल स्थितिको सृजना भयो र मातृसत्ताको स्थानमा पितृ-सत्ताको स्थापनाद्वारा मात्र यस स्थितिको सुधार गर्न सकिन्थ्यो र अंशतः यस्तै गरियो पनि। "यो उपाय अति स्वाभाविक देखिन्छ" (मार्क्स) (२६)। पुरानो विश्वका सभ्य जातिहरूमा कसरी यो परिवर्तन सम्पन्न भयो भन्ने विषयमा तुलनात्मक विधिको प्रयोग गर्ने कानुनवेत्ताहरूले हामीलाई जुन कुरा भन्दछन्,—प्रायः यी सबै निस्सन्देह



अनुमान मात्रै हुन् (हेर्नुस्, मा० कोभालेभ्स्की, 'परिवार र स्वामित्वको उत्पत्ति तथा विकासको रूपरेखा,' स्टकहोम, सन् १८९०)।

मातृसत्ताको पतन **नारी जातिको विश्व-ऐतिहासिक स्तरको पराजय** थियो। पतिले घरमा शासनको बागडोर आफ्नो हातमा लियो, पत्नी अधिकारच्युत भइन्, दासी बनिन्, पतिको वासनापूर्ति गर्ने साधन बनिन्, सन्तान उत्पन्न गर्ने सामान्य यन्त्रमा परिणत भइन्। युनानको वीर कालमा र अझ बढी आदर्श कालमा विशेष गरेको रूपमा देखा परेको नारीको यो हीन स्थितिलाई शनैःशनैः लालचपोता, आवरणहरूले छोप्दै, सजाउँदै र कहीँकहीँ शालीन गर्दै प्रस्तुत गर्न थालियो, तर त्यसलाई पूर्णतः हटाउने कामचाहिँ गरिएन।

यस प्रकारले स्थापित पुरुषहरूको एकाधिकारको पहिलो नतिजा परिवारको एक अन्तरकालीन रूपमा—पितृसत्तात्मक परिवारमा अभिव्यक्त हुन्छ। यसको प्रमुख लाक्षणिक विशेषता बहुपत्नी प्रथा, जसबारे पछि चर्चा गरिनेछ, नभएर "स्वतन्त्र तथा परतन्त्र व्यक्तिहरूको निश्चित सङ्ख्या सङ्गठित भएको परिवार हुन्छ, जुन स्वयं परिवारको अगुवाको पितृसत्तात्मक अधीनमा रहन्छ। सामी जातिमा त्यस परिवारको अगुवाले एकभन्दा बढी पत्नी राख्दछ, परतन्त्र व्यक्तिका चाहिँ एउटी स्वास्नी र बच्चाहरू हुन्छन् र यस सम्पूर्ण सङ्गठनको उद्देश्य निश्चित क्षेत्रभित्र पशुका बथानहरूको रेखदेख गर्नु हुन्छ।" (२७) परिवारका सदस्यहरूको रूपमा परतन्त्र व्यक्तिहरूको मान्यता र पितृ-सत्ता नै यस्तो परिवारका प्रमुख विशेषता हुन्। त्यसैले रोममा प्रचलित पारिवारिक व्यवस्था नै यस किसिमको परिवारको उत्कृष्ट विकसित रूप हो। सुरुमा familia शब्दको अर्थ भावुकता तथा घरेलु कलहको त्यो सम्मिश्रण थिएन, जुन हाम्रा आधुनिक कूपमण्डूकहरूको आदर्श बनेको छ। सुरुमा त रोमवासीहरू यस शब्दलाई विवाहित दम्पति र उनका छोराछोरीहरूका निमित्त प्रयोग नगरी केवल दासहरूलाई सङ्केत गर्न मात्र प्रयोग गर्दथे। Famulus को अर्थ गार्हस्थ्य दास हुन्छ र familia शब्दको अर्थ एक व्यक्तिको स्वामित्वमा रहेका दासहरूको समूह। गायसको समयमा पनि familia, id est patrimonium (अर्थात् उत्तराधिकार) एक इच्छापत्रद्वारा आफ्नो वंशधरलाई छोड्ने चलन थियो। रोमवासीहरूले एक नयाँ सामाजिक सङ्गठनको अभिव्यक्तिको लागि यस्तो शब्दको आविष्कार गरेका थिए। यस सामाजिक सङ्गठनको अगुवा आफ्ना पत्नी तथा छोराछोरीहरू र केही दासहरूको मालिक हुन्थ्यो, रोमन पितृसत्ताअनुसार उसको अधीनमा रहेका यी सबै

व्यक्तिहरूको जीवन र मृत्युसम्बन्धी निर्णयको पूर्ण अधिकार उसैलाई सुम्पिएको हुन्थ्यो। "तर्सर्थ यो नाम ल्याटिन जातिहरूको त्यस लौह आवेष्टित पारिवारिक व्यवस्थाभन्दा पुरानो थिएन, जुन व्यवस्था कृषिक्षेत्रको खेतीपाती गर्न थालेपछि, दास प्रथाले कानुनी रूप लिनुभन्दा र यूनानीहरू तथा आर्य लातिनीहरू छुट्टिनुभन्दा पछि नै देखा परेको थियो" (२८)।

मार्क्सले यस भनाइमा आफ्नो तर्फबाट निम्न वाक्य थपेका छन्, "आधुनिक परिवारमा दासप्रथा (servitus) मात्र नभएर भूदासप्रथा पनि बीजरूपमा निहित छ, किनभने परिवारको सम्बन्ध शुरूदेखि नै कृषि सेवासँग सम्बन्धित थियो। यस **लघु रूपमा** ती सबै अन्तर्विरोधहरू निहित छन्, जुन पछि गएर समाजमा र त्यस समाजको राज्यमा व्यापक रूपमा विकसित हुन्छन्" (२९)।

यस प्रकारको परिवारले युग्म विवाहबाट एकनिष्ठ विवाहमा आएको संक्रमण बोध गराउँछ। पत्नीको सतीत्व सुरक्षित राख्न र यस प्रकारले छोराछोरीको जन्म पनि निश्चित पिताको तर्फबाट आएको हो भन्ने कुरा निर्धारित गर्न नारीलाई पूर्णतः पुरुषको अधीनमा राखिन्छ; यदि लोग्नेले स्वास्नीको हत्या गर्छ भने उसले आफ्नो अधिकारको प्रयोग गरेको मात्र ठहरिन्छ।

पितृसत्तात्मक परिवारको साथसाथै हामी लिखित इतिहासको क्षेत्रमा प्रवेश गर्दछौं र यो एक त्यस्तो क्षेत्र हो, जहाँ तुलनात्मक कानुनविज्ञानले हामीलाई पर्याप्त सहयोग पुऱ्याउन सक्दछ। वास्तवमा यस विज्ञानको सहायताबाट हामी यस क्षेत्रमा निकै महत्त्वपूर्ण पाइलो अघि सार्न सफल भएका छौं। पितृसत्तात्मक कुटुम्ब समुदाय (Hausgenossenschaft), जुन आज पनि सर्ब र बल्गारियालीहरूमा Zádruga (एक प्रकारको कुटुम्ब) अथवा Bratstvo (बन्धुत्व) को नामले प्रचलित छ र जुन केही परिवर्तित रूपमा पूर्वेली जातिहरूमा भेटिन्छ, युग्म विवाहबाट विकसित मातृसत्तात्मक परिवार र आधुनिक विश्वको व्यक्तिगत परिवारबीचको संक्रमणकालीन अवस्था हो। यस कुराको पुष्टिको लागि हामी माक्सिम कोभालेभ्स्की ('परिवार र स्वामित्वको उत्पत्ति तथा विकासको रूपरेखा', स्टकहोम, सन् १८९०, पृष्ठ ६०-१००) प्रति आभारी छौं। कम्तीमा पनि पुरानो विश्वका सभ्य जातिहरू, आर्य तथा सामी जातिहरूको सम्बन्धमा मात्र भए पनि यो कुरा पूर्णतः प्रमाणित भइसकेको देखिन्छ।

यस प्रकारको अझ पनि अस्तित्वमा रहेको कुटुम्ब-समुदायको सबभन्दा



राम्रो दृष्टान्त हामी दक्षिणी स्लावहरूको Zádruga मा पाउँछौं। त्यसमा एक पिताका अनेकौं पिँढीका सन्तान र उनीहरूका पत्नीहरू सबै सँगसँगै एउटै घरमा बस्दछन्, मिलीजुली खेतीपाती गर्दछन्, एउटै साझा भण्डारबाट भोजन र लुगाफाटो प्राप्त गर्दछन् र उपभोग गरेर बाँकी रहेको सबै वस्तु सामूहिक सम्पत्ति बन्दछ। गृहस्वामी (domácin) यस समुदायको सर्वोच्च प्रबन्धक हुन्छ, उसले बाहिर यस समुदायको प्रतिनिधित्व गर्दछ, सानातिना कुराहरू बेच्ने अधिकार राख्दछ, घरको पैसा उसैसित हुन्छ र आम्दानी-खर्च तथा सम्पूर्ण गार्हस्थ्य कारोबारको जिम्मेवारी उसैमाथि हुन्छ। चुनावद्वारा कुटुम्बको अगुवा छानिन्छ र ऊ उमेरले सबैभन्दा जेठो हुनुपर्छ भन्ने कुनै आवश्यकता छैन। सबै आइमाईहरू र तिनीहरूले गर्नुपर्ने काम गृहस्वामिनी (domácica) को नियन्त्रणमा हुन्छ, जो प्रायशः गृहस्वामीकी पत्नी हुन्थिन्। कुटुम्बका युवतीहरूका लागि केटो रोज्ने काममा तिनले अति महत्त्वपूर्ण र प्रायशः निर्णायक भूमिका खेल्दथिन्। तर सर्वोच्च सत्ता कुटुम्ब-परिषदमा केन्द्रित हुन्छ र यस्तो परिषदको सभामा समुदायका सबै बालिग सदस्यहरू – पुरुष तथा नारीहरू – सम्मिलित हुन्छन्। गृहस्वामीले यस सभामा आफ्नो प्रतिवेदन प्रस्तुत गर्दछ; यही सभाले अन्तिम निर्णय लिन्छ, समुदायका सदस्यहरूमाथि न्यायको कार्यवाही गर्दछ, महत्त्वपूर्ण क्रय-विक्रयसम्बन्धी – विशेषतः जमिन किनबेच गर्ने प्रश्न उठ्दा – निर्णयहरू लिन्छ, इत्यादि।

रुसियामा पनि यस्ता ठूलठूला कुटुम्ब समुदायहरूको अस्तित्व कायमै छ भन्ने कुरा लगभग दश वर्षअघि मात्रै प्रमाणित भएको थियो। ग्राम समुदायहरूले जस्तै यी कुटुम्ब समुदायहरूले पनि रुसियाली लोक परम्परामा गहिरो जरा गाडेको छ भन्ने धारणाले अब पूर्ण मान्यता प्राप्त गरिसकेको छ। रुसियाको प्राचीनतम कानुन-संग्रह यारोस्लावको 'प्रावदा' (३०) मा र दाल्माशियाली कानुनहरू (३१) मा नामकरण गरिएजस्तै (vervj — गोत्र) नामअन्तर्गत तिनको चर्चा भएको पाइन्छ। पोल तथा चेकहरूका ऐतिहासिक स्रोतहरूमा पनि यसको चर्चा भएको पाइन्छ।

हेउस्लरको मतानुसार ('जर्मन कानुनको प्रमुख स्रोत') जर्मनहरूमा पनि शुरूमा आर्थिक एकाइ आधुनिक अर्थमा व्यक्तिगत परिवार नभएर कैयौं पिँढीहरू अथवा कतिपय व्यक्तिगत परिवार र प्रायशः दासहरूसमेत सम्मिलित भएको 'कुटुम्ब-समुदाय' (Hausgenossenschaft) थियो। रोमन परिवारलाई पनि यसै प्रकारमा समावेश गरिन्छ र यस धारणाअनुसार पछिल्लो समय गृहस्वामीको निरङ्कुश सत्ता र उसको तुलनामा परिवारका

बाँकी सदस्यहरूको प्रतिकारहीन स्थितिबारे निर्क गरेका प्रकट गर्ने बालिएको छ। यस प्रकारको कुटुम्ब समुदाय आयरल्याण्डको केल्ट जातिमा प्रचलित थियो भन्ने धारणा छ। फ्रान्सको निभेर्नो प्रदेशमा यस प्रकारका कुटुम्ब समुदायहरू parçonneries नामबाट फ्रान्सेली क्रान्ति सम्पन्न हुनुभन्दा अस्तित्वमा थिए र फ्रान्स-कोम्तेमा त यस्ता समुदायहरू आजसम्म पनि पूर्ण रूपले विनाश भएका छैनन्। लुहाँ क्षेत्र (सोन्त र लुवारा इलाका) मा अझै पनि किसानहरूका ठूलठूला घरहरू भेट्टाइन्छन्, जुन घरहरूको बीचभागमा छानासम्म पुग्ने खुला बैठक कोठा हुन्छ र त्यस कोठाको वरिपरि सुत्ने कोठाहरू हुन्छन्, जुन कोठाहरूमा जानको लागि छ-आठ खुड्किला भएका भऱ्याङहरू हुन्छन्। त्यस्ता घरहरूमा एउटै र त्यही परिवारका कैयौं पिँढीहरू बसोबास गर्दछन्।

भारतमा सामूहिक खेती गर्ने कुटुम्ब-समुदायको अस्तित्वबारे नेआर्कस (३२) ले सिकन्दर महानको समयमा चर्चा गरेका थिए र त्यसै इलाकामा अर्थात् पञ्जाबमा तथा भारतको सम्पूर्ण उत्तर-पश्चिमी भागमा यस प्रकारका समुदायहरू आज पनि भेट्टाइन्छन्। काकेसियामा स्वयम् कोभालेभ्स्कीले यस्तो समुदाय देखेका थिए। अल्जेरियाको काबाइल जातिमा अझै पनि यस समुदाय-को अस्तित्व छ। हुनसक्छ, अमेरिकामा पनि यस्तो समुदायको अस्तित्व थियो। जुरिताले (३३) प्राचीन मेक्सिकोका जुन calpullis*को वर्णन गरेका छन्, त्यो यस्तै किसिमको कुटुम्ब समुदाय थियो भन्ने कुरा प्रमाणित गर्ने प्रयास गरिँदै छ। यसको विपरीत कुनो («Ausland», № 42-44, 1890) (३४) ले पुरुषेली विजयको समयमा पेरुमा मार्क प्रथा (र रमाइलो कुरा त के छ भने यस "मार्क" प्रथालाई marca पनि भनिन्थ्यो) थियो, त्यसमा खेती गरिने जमिनको बेला-बेलामा पुनर्विभाजन गरिन्थ्यो अर्थात् जोत व्यक्ति-गत हुन्थ्यो।

जे भए तापनि जमिनमाथिको सामूहिक स्वामित्व तथा सामूहिक जोतको साथै पितृसत्तात्मक कुटुम्ब समुदायलाई अब पहिलेभन्दा पूर्णतः अर्कै अर्थमा बुझ्न थालियो। मातृसत्तामा आधारित परिवारबाट एकनिष्ठ परिवारमा संक्रमणमा यसले प्राचीन विश्वका सभ्य तथा अन्य केही जातिहरूमा यस समुदायले जुन महत्त्वपूर्ण भूमिका खेलेको थियो, त्यसबारे शंका हुन सक्दैन। कोभालेभ्स्कीले यस पछि कस्तो निष्कर्ष निकालेका थिए भने त्यस

---

* आर्थिक परिवार समुदाय। –अनु०



संक्रमणकालीन अवस्थाबाट ग्राम समुदाय अथवा मार्क समुदायको विकास भयो, जसमा प्रत्येक परिवार स्वतन्त्र रूपमा खेती गर्दथ्यो र खेत तथा गौचर सी परिवारहरूको बीचमा, सुरुमा अस्थायी रूपमा र पछि स्थायी रूपमा, विभाजित गरियो। तर यस विषयमा धेरै पछि चर्चा गर्नेछौं।

यहाँनिर यी कुटुम्ब समुदायहरूभित्र पारिवारिक जीवनको प्रश्न छ, यस सन्दर्भमा के कुरा उल्लेख गर्नु आवश्यक छ भने रुसियालाई नै लिने हो भने पनि त्यहाँ परिवारका मुखियाहरूले समुदायका युवतीहरू र खासगरी आफ्ना बुहारीहरूको सम्बन्धमा आफ्नो स्थितिको नाजायज फाइदा उठाउँदै र प्रायजसो उनीहरूलाई आफ्नो रखेलसरह राख्दछन्। रुसियाली लोकगीतहरूमा पनि यस अवस्थाको स्पष्ट झलक पाइन्छ।

मातृसत्ताको पतनपछि तीव्र गतिले विकसित भएको एकनिष्ठ विवाहबारे चर्चा गर्नुअघि बहुपत्नी एवम् बहुपति प्रथाबारे दुईचार शब्द भन्नु आवश्यक छ। यदि विवाहका यी दुइ प्रथाहरू कुनै पनि देशमा एकसाथ अस्तित्वमा रहन सक्दैनथे भने, र तिनीहरू एकैसाथ भेट्टाइँदैनन् भन्ने कुरा सर्वविदित छ, तब विवाहका यी दुइ प्रकारहरू अपवादकै रूपमा मात्र, अर्थात् विलासका ऐतिहासिक वस्तुहरूका रूपमा मात्र विद्यमान हुन सक्दछन् भन्ने कुरा स्पष्ट छ। जनसंख्याको सामाजिक व्यवस्था जस्तो भए पनि, अहिलेसम्म पनि प्राय रूपमा पुरुष र नारीको संख्या बराबरै रहँदै आएको छ। फेरि बहुपत्नीप्रथामा बाँकी रहेका नारीहरूबाट कसरी प्राप्त गर्ने भन्ने कुरा पनि असम्भव नै थियो, त्यसै कारणले विवाहका यी दुइमध्ये कुनै पनि प्रथा सर्वमान्य हुन सक्दैनथ्यो। वास्तवमा पुरुषले अनेक पत्नी राख्ने प्रथा स्पष्टतः दास प्रथाबाट उत्पन्न भएको हो र यो कुरा विशेष स्थितिमा रहेका केही व्यक्तिहरूको लागि मात्र सुलभ थियो। सामी जातिको पितृसत्तात्मक परिवारमा केवल कुलपति अथवा बढीमा उनका केही छोराहरूले मात्र एकभन्दा बढी स्वास्नी राख्न पाउँथे, परिवारका अन्य सदस्यहरूले एउटै स्वास्नीबाट चित्त बुझाउनु पर्दथ्यो। सम्पूर्ण पूर्वमा आज पनि यही स्थिति छ। बहुपत्नी प्रथा केवल धनीहरू र ठूलठूला सामन्तहरूको विशेषाधिकार बनेको छ र मुख्यतया किनिएका दासीहरू नै पत्नी हुने गर्दछन्। साधारण मानिसहरूले चाहिँ एउटै मात्र स्वास्नी राखेका हुन्छन्। यसै किसिमले भारत र तिब्बतमा पनि बहुपति प्रथा अपवादकै रूपमा मात्र भेट्टाइन्छ, यो प्रथा सामूहिक विवाह-बाट उत्पन्न भएको हो भन्ने कुरा रोचक प्रश्न छ, निस्सन्देह त्यसको बढी गहन अध्ययन आवश्यक छ। जे होस्, व्यवहारमा बहुपति प्रथा कठोर

नियम-कानुनमा बाँधिएका युनानीहरूको हरमभन्दा बढी उदार हुनुपर्दछ। भारतका नायरहरूलाई नै लिने हो भने यस्ति यहाँ तीनतीन, चारचार जना मिलेर एउटै स्वास्नी राखेका हुन्छन्, तर उनीहरूमध्ये प्रत्येकले अरू तीनचार जना पुरुषसित मिलेर अर्की नयाँ स्वास्नी राख्न पाउँदछन् र यसै प्रकारले उनीहरूले तेस्री, चौथी आदि स्वास्नीहरू राख्दै जान सक्छन्। पुरुषले एकैचोटि अनेकौं क्लबहरूको सदस्य बन्ने यस्ता विवाह क्लबहरूको वर्णन गर्दै किन मक-लेननले यसो एउटा विवाह प्रथा—**क्लब विवाह प्रथाको** आविष्कार गर्न पुगेनन्, वास्तवमा आश्चर्यजनक कुरा छ। परन्तु विवाह क्लबहरूको यो प्रथा वास्तविक बहुपति-प्रथा होइन; यसको विपरीत जीरो-टयोलोनले भनेझैं यो सामूहिक विवाहको एक विशेष रूप मात्र हो, जसमा पुरुषहरूले अनेक पत्नी र नारीहरूले अनेक पति राखेका हुन्छन्।

४. **एकनिष्ठ परिवार।** माथि वर्णन गरिएझैं एकनिष्ठ परिवार बर्बर युगको मध्य तथा उन्नत चरणहरूको दोसाँधमा युग्म परिवारबाट उत्पन्न हुन्छ; यस प्रथाको अन्तिम विजय सभ्य युगको प्रादुर्भावको एक लक्षण हो। एकनिष्ठ परिवारमा पतिको आधिपत्य हुन्छ र यसको स्पष्ट उद्देश्य त्यस्तो सन्ततिको प्रजनन हुन्छ, जसको पितृत्वबारे कुनै पनि विवाद उत्पन्न नहोस्। यस्तो निर्विवाद पितृत्व किन आवश्यक हुन्छ भने यथा समयमा सन्तानले प्रत्यक्ष उत्तराधिकारीको रूपमा पैतृकसम्पत्तिमाथि अधिकार प्राप्त गर्नुपर्ने हुन्छ। एकनिष्ठ परिवार युग्म विवाहबाट कुन कुरामा फरक हुन्छ भने यो विवाह-सम्बन्धको धेरै बढी बलियो गाँठोमा बाँधिएको हुन्छ र अब चाहेर दुइ मध्येमध्ये कुनै एक पक्षको इच्छाको भरमा मात्रै यस सम्बन्धलाई तोड्न सकिँदैन। अब नियमअनुसार केवल लोग्नेले मात्रै विवाह सम्बन्ध तोड्न सक्दछ र आफ्नो स्वास्नीलाई त्याग्ने अधिकार राख्दछ। उसको पत्नीनिष्ठामा नरहने अधिकार कायम रहन्छ, र अब कानीमा पनि रीति-रिवाजले गर्दा [Code Napoléon* मा लोग्नेलाई स्पष्ट रूपमा यो अधिकार प्रदान गरिएको छ, यदि उसले आफ्नो रखौटीलाई घर ल्याउन पाउँदैन (१५)] र उत्तरोत्तर सामाजिक विकासअनुसार पुरुषले आफ्नो यो अधिकार झन्झन् बढी प्रयोग गर्न थाल्दछ; यदि पत्नीले प्राचीन यौन-सम्बन्धलाई सम्झेर

* नेपोलियनको समयमा बनेको दीवानी-कानून। —सं०



फेरि त्यस्तो सम्बन्ध राख्न चाहन्छे भने पहिले कुनै समयमा दिइनेभन्दा पनि बढी कठोर दण्ड दिइन्छ।

परिवारको यो नयाँ रूप आफ्नो पूर्ण कठोरतासहित हामी युनानीहरूको जीवनमा पाउँदछौं। मार्क्सले भनेअनुसार (२६), युनानीहरूका पौराणिक कथाहरूमा देवीहरूको जुन स्थान छ, त्यसमा त्यो पूर्वकाल प्रतिबिम्बित भएको छ जुन बेला नारीहरूको स्थिति बढी सम्मानजनक तथा स्वतन्त्र थियो। परन्तु वीर-कालमा हामी युनानी नारीहरूलाई पुरुषको प्रभुत्व र दासीहरूको होडले गर्दा हीन अवस्थामा पुऱ्याइएको पाउँदछौं। यो कुरा युवक टेलेमाकसले आफ्नी आमालाई कसरी झुकाउँथ्यो र चुप लाग्न बाध्य गराउँथ्यो भन्ने कुरा 'ओडिसी'मा पढ्न सकिन्छ (२७)। युद्धको समयमा बन्दी बनाइएका युवतीहरू विजेताहरूको वासनाका शिकार बनेका पर्याप्त दृष्टान्तहरूको वर्णन हामी होमरका रचनाहरूमा पाउँदछौं। सिपाही सेनापतिहरू बन्दी बनाइएका युवतीहरूबाट आफ्नो लागि आफ्नो श्रेणीअनुसार पालैपालो सबभन्दा सुन्दरी युवतीहरू रोज्दछन्। हामी सबैलाई थाहा भएकै कुरा हो यस्तै एउटा दासीको लागि एकिलिस र एगामेम्नोनको बीचमा भएको झगडा नै सम्पूर्ण 'इलियाड'को विषय-वस्तु बनेको छ। होमरका रचनाहरूमा प्रत्येक महत्त्वपूर्ण नायकको सम्बन्धमा यस्तै एउटी बन्दी युवतीबारे चर्चा पाइन्छ, जो उसको पाल र बिछ्यौनाको सहभागी बनेकी हुन्थिन्। विजेताहरूले यस्ता युवतीहरूलाई घर पनि लिएर जान्थे, जहाँ उनीहरूका विवाहिता पत्नीहरू रहन्थे, उदाहरणको लागि एस्किलसका महाकाव्यमा एगामेम्नोनले कसान्द्रालाई आफ्नो घर लिएर गएको थियो (२८)। यस्ता दासीहरूबाट पैदा हुने छोराहरूले पिताको सम्पत्तिबाट एक सानो हिस्सा पाउँदथे र उनीहरू स्वतन्त्र नागरिक मानिन्थे। टेउक्रस टेलामोनको यस्तै एक वर्णसङ्कर छोरो थियो र उसले आफ्नो पिताको नाम ग्रहण गर्ने अनुमति पाएको थियो। विवाहिता पत्नीले यस्ता सबै कुरा चुपचापसँग सहनुपर्छ तर आफूले चाहिँ पतिव्रत जोगाउनुपर्छ र कठोरतापूर्वक पतिव्रताधर्मको पालना गर्नुपर्दछ। हुन त वीर-कालको युनानी नारीले सभ्य युगकी नारीले भन्दा बढी मान पाएकी हुन्थिन्, तैपनि पतिको लागि तिनी उसका वैध उत्तराधिकारीहरूकी आमा, उसको घरकी प्रमुख प्रबन्धकर्ता र उसका ती दासीहरूकी निरीक्षकबाहेक अरू केही हुँदिनन्, जुन दासीहरूलाई पुरुषले आफ्नो इच्छाअनुसार रखौटी बनाउन सक्दछ र बनाउँदछ पनि। एकनिष्ठ परिवारको साथसाथै दास-प्रथाको अस्तित्व र सुन्दरी दासीहरूमाथि **पुरुषहरूको** पूर्ण आधिपत्यले शुरुदेखि

नै एकनिष्ठ परिवारलाई त्यो विशेष चरित्र प्रदान गऱ्यो जसले यसलाई पुरुषहरूको लागि नभएर नारीहरूको लागि मात्र एकनिष्ठ परिवार बनाइदियो। आजसम्म पनि एकनिष्ठ परिवारको यस चरित्रमा कुनै परिवर्तन आएको छैन।

जहाँसम्म नेड़ी पछिल्लो युगका युनानीहरूको प्रश्न छ, डोरियन र इयोनियालीहरूबीचको भेद छुट्याउनुपर्छ। डोरियनहरूका, जसको आदर्श नमुना स्पार्टा थियो, वैवाहिक सम्बन्धहरू होमरका कतिहरूमा वर्णित सम्बन्धहरूभन्दा पनि बढी प्राचीन थिए। हामी स्पार्टामा त्यस्तो युगल विवाह पाउँछौं, जसमा त्यहाँ प्रचलित राज्यसम्बन्धी दृष्टिकोणहरूअनुसार केही परिवर्तनहरू भएका थिए र जसले धेरै कुरामा अझै पनि सामूहिक विवाहको सम्झना गराउँथ्यो। निःसन्तान विवाह-सम्बन्ध विच्छेद गरिन्थ्यो। राजा आनाक्सान्द्रिदासले (लगभग ५६० वर्ष ई० पू०), जसकी पत्नी निःसन्तान थिइन्, दोस्रो विवाह गरे र उनका दुइटा घरबार थिए; त्यसैताका राजा आरिस्तोनले, जसका दुइटी निःसन्तान पत्नीहरू थिए, तेस्रो विवाह गरे र अघिल्ला दुइमध्ये एउटी पत्नीलाई बिदा गरे। यसैगरि केही दाजुभाइहरू मिलेर साझा स्वास्नी पनि राख्न सक्थे; यदि कुनै व्यक्तिलाई आफ्ना साथीकी पत्नी मन परिन् भने दुवै जनाले मिलेर उपभोग गर्न सक्थे र त्यो व्यक्ति विदेशी नै भए पनि, बिस्मार्कको शब्दमा भन्ने हो भने त्यस स्वस्थ "बोक्रा" लाई आफ्नी पत्नी उपभोग गर्न दिनु कुनै लज्जास्पद कुरा मानिँदैनथ्यो। प्लुटार्कको भनाइअनुसार स्पार्टाकी एउटा स्वास्नीले एउटी महिलाले आफ्ना एक प्रेमीलाई, जो तिनीसित सम्भोग गर्न चाहन्थे, आफ्नो लोग्नेको अनुमति लिन पठाएको कुराबाट त्यस बेला अझ बढी यौन स्वतन्त्रता थियो भन्ने कुरा ज्ञात हुन्छ (३६)। यस प्रकारले वास्तविक व्यभिचार अर्थात् लोग्नेबाट लुकाएर स्वास्नीले परपुरुषसित यौन-सम्बन्ध राख्ने कुरा त्यस बेला विरलै पाइन्थ्यो। यसैतिरबाट, स्पार्टामा, कम्तीमा पनि त्यसको उन्नत कालमा, घरेलु दास प्रथा थिएन। स्पार्टाटियनहरूमा (४०) हिलोट नामक भूदासहरूका स्वास्नीहरूसित सम्भोग गर्ने प्रलोभन कमै हुन्थ्यो, किनभने यी भूदासहरू बेग्लै बस्तीहरूमा बस्ने गर्थे। यी सम्पूर्ण कारणले गर्दा स्पार्टाका नारीहरू युनानका अन्य सबै नारीहरूभन्दा बढी सम्मान तथा आदरका पात्र मानिनु स्वाभाविक कुरा थियो। प्राचीन लेखकहरू युनानी स्वास्नीहरूमा केवल स्पार्टा नारीहरू र एथेन्सका हेटेराहरूबारे मात्र



आदरपूर्वक उल्लेख गर्दछन् र उनीहरूका उक्तिहरूलाई आफ्ना रचनाहरूमा स्थान दिन्छन्।

इयोनियालीहरूमा, जसको लाक्षणिक दृष्टान्त एथेन्स थियो, हामी पूर्णतः अर्कै स्थिति पाउँछौं। केटीहरूलाई कात्ने, बुन्ने र सिउने काम मात्रै सिकाइन्थ्यो र धेरै भए अलिकति लेखपढ गर्न सिकाइन्थ्यो। उनीहरू पूर्णतः पर्दाभित्रका बन्दी थिए र स्त्रीहरूसित मात्र सम्बन्ध राख्न सक्थे। घरको छुट्टै भागमा महिलाको कोठामा अथवा घरको पछिल्लो भागमा कोठी हुन्थ्यो, जहाँ पुरुषहरू, विशेषतः पराइ पुरुषहरू त्यति सजिलोसित पस्न सक्दैनथे र यस कोठाबाट आमोमाथिहरू चेढ़न पाउँदैनथे; पाहुनाहरू आएमा बस्थे। आइमाईहरू दासीहरूलाई साथमा नलिई बाहिर निस्कन पाउँदैनथे। घरमा उनीहरू सधैं कैदी जीवन बिताउँथे। आरिस्टोफानसले व्यभिचारीहरूलाई तर्साउने उद्देश्यले मोलोसियन कुकुरहरू घरमा राख्ने चलनको उल्लेख गरेका छन् (४१)। एशियाली शहरहरूको कुरा गर्ने हो भने पनि नारीहरूको रखवारी गर्न हिजडाहरू पालिन्थे। हेरोडोटसको समयमा नै किओसको लागि किओसमा हिजडाहरू तयार गरिन्थे र वाक्समुथको भनाइअनुसार तिनीहरू केवल बर्बरहरूको लागि मात्र तयार गरिँदैनथे (४२)। युरिपिडसमा पत्नीलाई oikurema (४३) अर्थात् गृह प्रबन्धको लागि आवश्यक एक वस्तु (नपुंसक लिङ्गको शब्द) भनिएको छ र एक एथेन्सवासीको लागि तिनी वास्तवमा नै सन्तान जन्माउनको अतिरिक्त प्रमुख नोकर्नीसिवाय अरु केही थिइनन्। पति व्यायामशालामा गएर कसरत गर्थ्यो, सार्वजनिक जीवनमा भाग लिन्थ्यो, तर यी सब कुराबाट पत्नीलाई अलग राखिन्थ्यो, यसको अतिरिक्त उसले दासीहरू पनि राखेको हुन्थ्यो र एथेन्सको उन्नत कालमा त व्यापक रूपमा वेश्यावृत्ति पनि प्रचलित थियो र यस्तो वेश्यावृत्तिलाई राज्यले प्रोत्साहन दिने गर्थ्यो। यसै वेश्यावृत्तिको आधारमा युनानका एक मात्र विख्यात नारीहरू विकसित भए, जो आफ्नो बुद्धि र कलाप्रेममा प्राचीन कालका नारीहरूको सामान्य स्तरभन्दा धेरै माथि थिए, जसरी स्पार्टाका नारीहरू आफ्नो चरित्रमा थिए। तर नारीले नारी बन्नको लागि सबभन्दा पहिले हेटेरा अर्थात् रखौटी बन्नुपर्थ्यो, एथेन्सको पारिवारिक व्यवस्थामाथि योभन्दा ठूलो कलङ्क अरु के हुन सक्ला!

एथेन्सको यो पारिवारिक व्यवस्था कालान्तरमा अन्य इयोनियालीहरूको लागि मात्र नभएर शनैःशनैः देशभित्रका र उपनिवेशहरूका सबै युनानीहरूको लागि पनि एक आदर्श नमुना बन्यो, जसको आधारमा उनीहरू आफ्नो घरेलु

गरिमाहीन बनाउँथे। परन्तु यस्तो पतिव्रता र सम्पूर्ण निष्ठापत्नीको विपरीत युनानी नारीहरू धाम आफ्ना ओडिसिहरूलाई धोका दिने सम्भावना भेटुप्रद्वान्तये र देवताहरूबाहेक आफ्ना पतिहरूप्रति प्रतिकता अनि प्रेम प्रकट गर्न लाज मान्दथे र हेटेराहरूसँगित नाना प्रकारका प्रेम-लीला गर्दथे। परन्तु नारीको अपमानले स्वयम् पुरुष दण्डित भयो र स्वयम् अपमानित भयो। कहिलेसम्म भने उनीहरू केटाहरूसित अप्राकृतिक व्यभिचारमा समेत संलग्न हुन थाले र गानिमेडको पौराणिक कथामा आफ्ना देवताहरू र आफैलाई पनि पतित तुल्याए।

जहाँसम्म हामीलाई थाहा छ प्राचीन कालमा सबभन्दा सभ्य एवम् विकसित जनतामा एकनिष्ठ विवाहको उत्पत्ति यसै किसिमले भएको थियो। एकनिष्ठ विवाह व्यक्तिगत यौन-प्रेमको परिणाम कदापि थिएन र यौन-प्रेमसँग यसको कुनै पनि प्रकारको समानता थिएन, किनभने विवाहहरू पूर्ववत् आफ्नै दृष्टिकोणले गरिन्थे। यो विवाह त्यस परिवारको पहिलो रूप थियो, जुन प्राकृतिक कारणहरूमा नभएर आर्थिक कारणहरू अर्थात् स्वस्फूर्त रूपले पैदा भएको सामूहिक स्वामित्वमाथि निजी स्वामित्वको विजयमा आधारित थियो। परिवारमा पतिको आधिपत्यको स्थापना र त्यही पतिबाट जन्मिएको र उसैको सम्पत्तिको उत्तराधिकारी बन्ने सन्ततिको उत्पादन – युनानीहरूले खुल्लमखुल्ला स्वीकार गरेको एकनिष्ठ विवाहको एक मात्र उद्देश्य यही थियो। अन्य कुरामा भने एकनिष्ठ विवाह उनीहरूको लागि एउटा बोझ थियो, देवताहरू, राज्य र आफ्नै पूर्वजहरूप्रतिको एक कर्तव्य थियो, र यो कर्तव्य पूरा गर्न उनीहरू बाध्य थिए। एथेन्समा कानूनअनुसार मानिसले विवाह गर्ने मात्र आवश्यक नभएर पतिले तथाकथित वैवाहिक कर्तव्यका न्यूनतम शर्तहरूको पालना गर्नु पनि आवश्यक थियो।

यस प्रकारले एकनिष्ठ विवाह इतिहासमा पुरुष र नारीको पारस्परिक मिलनको लागि सहमतिको रूपमा थिएन र त्यस्तो मिलनको सर्वोच्च रूप त झन् हुन सक्दैनथ्यो। यसको विपरीत, एकनिष्ठ विवाह नारीमाथि पुरुषको आधिपत्यको रूपमा र त्यस बेलासम्म सम्पूर्ण विगत इतिहासमा पुरुष र नारीका बीचमा कहिल्यै देखा नपरेको अन्तरविरोधको रूपमा प्रकट हुन्छ। सन् १८४६ मा मार्क्स र मैले संयुक्त रूपमा लेखेको एउटा पुरानो अप्रकाशित पाण्डुलिपिमा मैले निम्न कुरा भेट्टाएँ: "पहिलो श्रम-विभाजन सन्तान उत्पादनको लागि पुरुष र नारीको बीचमा भएको थियो" (४४)। अब यसमा म थप्न सक्छु : इतिहासमा पहिलो पटक देखा परेको वर्गीय



अन्तरविरोध एकनिष्ठ विवाहअन्तर्गत पुरुष र नारीका बीचको अन्तरविरोधको साथै र पहिलो वर्गीय उत्पीडन पुरुषद्वारा नारीमाथिको आधिपत्यको साथसाथै प्रकट हुन्छ। एकनिष्ठ विवाह महान् ऐतिहासिक प्रगति थियो, तर एकनिष्ठ विवाहले दासप्रथा एवम् निजी सम्पत्तिको अतिरिक्त आजसम्म पनि कायमै रहेको त्यस युगको शुरुवात गर्दछ, जसमा हरेक प्रकारको प्रगति तुलनात्मक दृष्टिमा अवनति पनि रहन्छ र जब एक वर्गको समृद्धि र विकास अर्को वर्गको वेदना र उत्पीडनमा आधारित हुन्छ। एकनिष्ठ विवाह सभ्य समाजको त्यो बीज-कोष हो, जसमा हामी पूर्णतः त्यस समाजअन्तर्गत विकसित विरोधाभासहरू र द्वन्द्वहरूको अध्ययन गर्न सक्दछौं।

युग्म विवाह र अझ एकनिष्ठ विवाहको विजयको फलस्वरूप पुरानो सापेक्षिक यौन-स्वतन्त्रता नष्ट भएन। "पुनालुआ समूहको क्रमिक विनाशको फलस्वरूप अझ सङ्कुचित परिधिमा सीमित रहन पुगेको पुरानो विवाहप्रथा अझै पनि त्यस्तो परिवेशको रूपमा रह्यो, जसअन्तर्गत परिवारको विकास भयो र जसले सभ्यताको पहिलो झलक नदेखिएसम्म त्यसको विकासलाई पछ्याइरह्यो...। अन्त्यमा यो पुरानो विवाह प्रथा लुप्त भयो र यसले हेटेरिज्मको नयाँ रूप प्राप्त गर्यो, जसले परिवारमाथि परेको एक कालो छायाको रूपमा सभ्य युगमा पनि मानिसहरूको पिछा गर्दै छ" (४५)।

यहाँ मोर्गनले हेटेरिज्मको अर्थ **एकनिष्ठ विवाहको साथसाथै** विवाह सम्बन्धभन्दा बाहिर पुरुषहरू र अविवाहिता नारीहरूका बीचमा कायम हुने त्यो यौन-सम्बन्ध लगाएका छन्, जुन सम्पूर्ण सभ्य कालमा विभिन्न रूपमा विकसित हुन्छ र क्रमशः अत्यन्त वेश्यावृत्तिमा परिणत हुँदै जान्छ। यस्तो हेटेरिज्म समूह-विवाहसित र फलतः त्यस प्राचीनकालिक प्रथाका रूपमा सम्बन्धित छ, जसको मूलमा नारीहरूले परपुरुषसमक्ष आत्मसमर्पण गरेर सतीत्व कायम राख्ने अधिकार किन्नु पर्थ्यो। पैसा लिएर आत्मसमर्पण गर्नु शुरुमा एक धार्मिक कार्य मानिन्थ्यो, जो काम प्रेम देवीको मन्दिरमा हुने गर्थ्यो र यस कार्यबाट प्राप्त पैसा मन्दिरको कोषमा जान्थ्यो। हायराड्युलहरू (४६), आर्मेनियाका अनाइटिस, कोरिन्थका आफ्रोदिति र यस्तै किसिमले भारतका मन्दिरहरूमा रहने देवदासीहरू अर्थात् तथाकथित "बायडेरहरू" (पोर्तुगाली भाषामा यस शब्दको विकृत रूप bailadeira अर्थात् नर्तकी) इतिहासमा सबभन्दा पहिले देखा परेका वेश्याहरू थिए। परपुरुषसमक्ष आत्मसमर्पण, जुन शुरुमा प्रत्येक नारीको कर्तव्य थियो, पछि गएर सिर्फ देवदासीहरूको मात्र धर्म बन्न गयो, मानौं अब उनीहरू यो काम सबै नारीको

नारीहरूको लागि पनि गर्दैं छन्। अन्य जातिहरूमा हेटेरिज्म विवाहपूर्व युवतीहरूले पाउने यौन-स्वतन्त्रताको रूपमा प्रकट हुन्थ्यो र फलतः यो पनि समूह विवाहको अवशेष हो, अन्तर केवल यति मात्र छ कि यो प्रथा अर्कै तरिकाले हाम्रो समक्ष आइपुगेको छ। आर्थिक असमानताको प्रादुर्भाव भएपछि अर्थात् बर्बर युगको उन्नत अवस्थामा पुगेपछि दास-श्रमको साथसाथै ज्यालादारी श्रम पनि कतैकतै देखा पर्न थाल्यो र यसको अनिवार्य सहगामीको रूपमा पुरुष-हरूसमक्ष दासीहरूको आत्मसमर्पणको, जुन स्त्रीहरूका इच्छामाथि निर्भर हुँदैनथ्यो, साथै कतैकतै स्वतन्त्र नारीहरूको पेशागत वेश्यावृत्ति पनि देखा पर्न थाल्यो। यस प्रकारले जसरी सभ्यताले जन्माएका सब कुरा द्वन्द्वपूर्ण, द्विमुखी, आन्तरिक रूपमा विभाजित र विरोधाभासपूर्ण हुन्छन्, त्यस्तै सभ्य युगले समूह-विवाहबाट प्राप्त गरेको उत्तराधिकार पनि द्वन्द्वपूर्ण हुन्छ: एकातर्फबाट एकनिष्ठ विवाह र अर्कोतर्फबाट आफ्नो चरम रूप अर्थात् वेश्यावृत्ति-सहितको हेटेरिज्म। अन्य समस्त सामाजिक प्रथाहरूजस्तै हेटेरिज्म पनि एक सामाजिक प्रथा हो। यो पुरानो यौन-स्वतन्त्रताकै एक सिलसिला हो, तर केवल पुरुषहरूको लागि मात्र। व्यवहारमा चुपचापसँग स्वीकार गरिएको मात्र नभएर विशेषतः शासकवर्गद्वारा खुल्ला रूपमा प्रयोग पनि गरिएको त्यस प्रथालाई शब्दमा भने निन्दा गरिन्छ। परन्तु व्यवहारमा चाहिँ यस प्रथाको लागि वास्तवमा दोषी अनेक पुरुषहरूको निन्दा नगरेर नारीहरूको मात्र निन्दा गरिन्छ; उनीहरूको अपमान गरिन्छ र समाजबाट उनीहरूको बहिष्कार गरिन्छ, जसले गर्दा नारीमाथि पुरुषको असीमित आधिपत्यलाई प्रमुख सामाजिक नियम घोषित गर्न सकियोस्।

परन्तु यसको साथसाथै स्वयम् एकनिष्ठ विवाहभित्रै एउटा दोस्रो अन्तरविरोध विकसित हुन्छ। हेटेरिज्मको प्रथाद्वारा जुन पतिको जीवन सिंगारिएको छ, ऊ सँगसँगै परित्यक्ता पत्नी हुन्छे। जसरी आधा स्याउ खाइसकेपछि त्यही पुरा स्याउ हातमा राख्न असम्भव हुन्छ, त्यस्तै किसिमले अन्तरविरोध-को एक पक्षविना अर्को पक्षको अस्तित्व असम्भव छ। परन्तु जबसम्म आफ्ना पत्नीहरूले पाठ पढाएनन्, स्पष्टतः पुरुषहरूको यस्तो धारणा थिएन। एकनिष्ठ विवाहको साथै दुइ नयाँ पात्र सामाजिक रङ्गमञ्चमा स्थायी रूपमा देखा परे: एक पत्नीको स्थायी नाठो र अर्को पत्नीद्वारा ठगिएको पति। पुरुषहरूले नारीहरूमाथि विजय प्राप्त गरे, तर विजेताको यस विजयलाई अन्तिम रूप दिने काम बडो उदारतापूर्वक स्वयम् पराजितहरूले आफ्नो हातमा लिए। परपुरुषगमन प्रतिबन्धित थियो, यसको लागि कडा सजाय पाइन्थ्यो, फेरि यो कुरा हटाउन पनि सकिन्नथ्यो, त्यसैले एकनिष्ठ विवाह र हेटेरिज्मको साथै परपुरुषगमन पनि एक अपरिहार्य सामाजिक परिपाटी बन्यो। सन्तानको पिता को हो भन्ने कुरा पूर्ववत् नैतिक विश्वासमा आधारित हुन्थ्यो र कुनै पनि तरिकाले समाधान गर्न नसकिने यस अन्तरविरोधको समाधान गर्न Code Napoléon को धारा ३१२ मा लेखियो: «L'enfant conçu pendant le mariage a pour père le mari» — "पति नै विवाहित कालमा गर्भाधान भएको बालकको पिता मानिनेछ"।

तीन हजार वर्ष पुरानो एकनिष्ठ विवाहको अन्तिम नतिजा यही हो।

यस प्रकारले, यी अवस्थाहरूमा, जहाँ एकनिष्ठ परिवारले वास्तविक ऐतिहासिक उत्पत्तिलाई प्रतिबिम्बित गरेको हुन्छ, र जब पतिको पूर्ण आधिप-त्यले गर्दा पुरुष र नारीका बीचको अन्तरविरोध स्पष्ट रूप लिन पुग्दछ, यस परिवारले तिनै प्रतिद्वन्द्वहरू र अन्तरविरोधहरूको सूक्ष्म चित्र प्रस्तुत गर्दछ, जसद्वारा सभ्य युगको थालनी भएदेखि नै वर्गहरूमा विभाजित समाज परिचालित छ र जुन प्रतिद्वन्द्व तथा अन्तरविरोधहरूलाई त्यस समाजले न समाधान गर्न, न त हटाउनै सक्दछ। स्वभावतः म यहाँ एकनिष्ठ विवाहका तिनै स्थितिहरूको मात्रै चर्चा गर्दै छु, जब दाम्पत्य जीवन यस प्रथाको प्रारम्भिक चरित्रद्वारा निर्धारित परिपाटीहरूकै अनुरूप चलिरहेको हुन्छ, परन्तु जसमा पत्नीले पतिको आधिपत्यको विरुद्ध विद्रोह गर्दैछिन्। तर सबै विवाहहरूले यही रूप लिँदैनन् भन्ने कुरा त्यस जर्मन कूपमण्डूकले सबैभन्दा राम्ररी थाहा पाएको हुन्छ, जो न आफ्नो घरको स्वामी बन्न समर्थ छ, न त आफ्नो राज्यकै शासनमा भाग लिन सक्छ। त्यसैले उसकी पत्नीले पूर्णअधिकारसहित त्यस पुरुष-सत्तालाई आफ्नो हातमा लिन्छिन्, जसको लागि ऊ योग्य हुँदैन। परन्तु उसले चाहिँ आफूलाई आफ्नो विपतका साथमा फ्रान्सेली सहभागीभन्दा, जो धेरै कुरामा बढी दुर्गतिको शिकार बनेको हुन्छ, धेरै माथि उठेको छु भन्ने कल्पना गर्दछ।

परन्तु जो भए तापनि एकनिष्ठ परिवार सधैँभरि र सबैतिर त्यस आदर्श कठोर रूपमा देखा परेको थिएन, जुन रूपमा यो यूनानीहरूको बीचमा देखा परेको थियो। संसारका भावी विजेताहरूको रूपमा यूनानीहरूको भन्दा बढी परिष्कृत नभए पनि बढी व्यापक दृष्टिकोण भएका रोमवासीहरूका पत्नी-हरूले बढी स्वतन्त्रता र बढी आदर पाएका थिए। रोमन पुरुष आफूले पत्नीमाथि पाएको जीवन-मरणको अधिकार नै तिनको सतीत्व सुरक्षित राख्नको लागि पर्याप्त ठान्दथे। यसको अतिरिक्त, यहाँ पत्नीले पनि पुरुषले जस्तै नै आफ्नो इच्छाअनुसार विवाह सम्बन्ध विच्छेद गर्ने अधिकार पाएकी हुन्थिन्। परन्तु निस्सन्देह एकनिष्ठ विवाहको विकासमा पराकाष्ठा त्यस

जस्तो हुन्यो जब जर्मनहरूले ऐतिहासिक रङ्गमञ्चमा प्रवेश गरे र यो पत्ताप-त्ता कुन कारणले हुन्यो भने, सम्भवतः उनीहरूको गरीबीले गर्दा एकनिष्ठ विवाह स्पष्टतः यहाँ युगल विवाहको अवस्थाबाट पूर्णतः विकसित भइसकेको थिएन। टासिटसद्वारा प्रस्तुत निम्न तीन कुराको आधारमा हामी यस निष्कर्षमा पुग्छौं। पहिलो कुरा, विवाहलाई एक अति पवित्र कुरा ठानिए तापनि – "प्रत्येक पुरुष केवल एउटै पत्नीबाट सन्तुष्ट हुन्थ्यो र नारीहरू सतीत्वको पर्खालले घेरिएका हुन्थे" (४७) – जर्मनहरूका अभिजात वर्ग तथा कुलपतिहरूका बीचमा युगल विवाहको प्रथा भएका धर्मजोडीहरूको जस्तै बहुपत्नी प्रथा प्रचलित थियो। दोस्रो कुरा, उनीहरूकहाँ मातृसत्ताबाट पितृसत्तामा सङ्क्रमण यो कुरा सम्पन्न हुनुभन्दा केही समयपहिले मात्र भएको हुनुपर्छ, किनभने आमाका दाजुभाइहरू, मातृसत्ताअनुसार पुरुषनातामा सर्वभन्दा नजीकका नातेदारहरू, उनीहरूकहाँ आफ्नै बाबुभन्दा पनि नजिकको नातेदार मानिन्थे र यो कुरा पनि जर्मनको इण्डियनहरूको दृष्टिकोणअनुरूप छ। यस दृष्टिकोणमा मार्क्सले हाम्रो आफ्नै विगत इतिहासको साँचो भेट्टाउनुभएको थियो र यो कुरा उहाँ धेरै उल्लेख गर्नुहुन्थ्यो। तेस्रो कुरा, जर्मन नारीहरूले निकै आदर पाएका थिए र सामाजिक कार्यहरूमा उनीहरूको ठूलो प्रभाव रहन्थ्यो, जुन कुरा एकनिष्ठ विवाहको लागि लाक्षणिक पुरुष आधिपत्यको पूर्णतः विपरीत थियो। आज यी सब कुरामा जर्मनहरू र स्पार्टावासीहरूमा कुनै अन्तर थिएन, किनभने जस्तो हामीले माथि नै उल्लेख गरिसकेका छौं, स्पार्टावासीहरूमा पनि युगल विवाह पूर्णतः लुप्त भइसकेको थिएन। यस प्रकारले यस मामला पनि जर्मनहरूको प्रवेशले विश्व आधिपत्यमा पूर्णतः एक नयाँ तत्त्व थपिदियो। विभिन्न जनताहरूको सम्मिश्रणको प्रक्रियामा रोमन साम्राज्यको भग्नावशेषबाट विकसित भएको नयाँ एकनिष्ठ विवाहले पुरुषको आधिपत्यलाई अझै उदार रूप दियो र नारीहरूलाई, कम्तीमा पनि बाह्य पक्षबाट, जिनले यति कहिल्यै प्राप्त गर्न नसकेको स्वतन्त्रता तथा सम्मान प्रदान गर्‍यो। यस प्रकारले इतिहासमा पहिलो पटक त्यो पूर्वाधार तयार भयो जसको जगमा एकनिष्ठ विवाहबाट, इसभित्र उसको आवश्यकता र मर्जी विपरीत पनि, स्थितिअनुसार, त्यो महानतम नैतिक प्रगति सम्भव हुन गयो र त्यसै प्रगतिको फलस्वरूप आधुनिक व्यक्तिगत यौन-प्रेमको प्रादुर्भाव भयो, जुन कुरा यसभन्दा पहिले संसारमा कहीँ पनि अस्तित्वमा थिएन।

परन्तु, निस्सन्देह यस प्रगतिको कारण के थियो भने जर्मनहरू अझै पनि युगल परिवारमै बस्दथे र उनीहरूले सम्भावनाअनुसार एकनिष्ठ विवाहमा पनि नारीको स्थितिलाई युगल परिवारकै अनुरूप बनाए। यस प्रगतिको कारण कुनै पनि हालतमा जर्मनहरूको तथाकथित दैविक एवम् आश्चर्यजनक नैतिक शुद्धता थिएन र यसको वास्तविक कारणचाहिँ के हो भने युगल परिवार थोरै पनि एकनिष्ठ परिवारमा विद्यमान तीव्र नैतिक अन्तर्विरोधहरूबाट मुक्त छ। यस उल्टो, जर्मनहरूले बसाइँ सरेका बेलामा, विशेषतः दक्षिण-पूर्वमा कृष्ण सागरका तटवर्ती मैदानका घुमन्तहरूमा बसोबास गर्ने फिरन्ता जातिहरूकहाँ पुगेपछि उनीहरू नैतिक दृष्टिले निकै पतित भएका थिए। यी फिरन्ता जातिहरूबाट जर्मनहरूले घोडसवारी सिकनुको अतिरिक्त निकृष्टतम अप्राकृतिक व्यभिचारहरू पनि सिके। यसको स्पष्ट प्रमाण त एम्मियानसले टाइफाल्स जातिबारे र प्रोकोपियसले हेरुली जातिबारे गरेका वर्णनहरूमा (४८) नै पाइन्छ।

यद्यपि परिवारका सबै परिचित रूपहरूमध्ये एकनिष्ठ विवाह नै एक मात्र त्यस्तो रूप थियो, जसमा आधुनिक यौन-प्रेम विकसित हुन सक्दथ्यो तथापि यसको अर्थ एकनिष्ठ विवाहमा यौन-प्रेम पूर्णतः अथवा मुख्य रूपमा मात्रै भए पनि पति-पत्नीको पारस्परिक प्रेमको रूपमा विकसित भएको थियो भन्ने होइन। पुरुष आधिपत्यअन्तर्गत कठोर एकनिष्ठ विवाहको सम्पूर्ण प्रकृतिले यस कुरालाई असम्भव तुल्याइदिएको थियो। ती सबै वर्गहरूमा, जो ऐतिहासिक रूपले सक्रिय थिए अर्थात् जो शासन गर्दथे, विवाहको त्यही रूप कायम रह्यो जुन युगल विवाहको समयदेखि चल्दै आएको थियो, अर्थात् आमाबाबुले आफ्नो सुविधाअनुसार छोराछोरीको विहे गरिदिन्थे। इतिहासमा अनुरागको रूपमा यौन-प्रेमको जुन पहिलो रूप देखा परेको थियो, त्यो भावना प्रत्येक मानिसले पाउन सक्दथ्यो (कम्तीमा पनि शासकवर्गका प्रत्येक व्यक्तिले) र जसलाई यौन आकर्षणको सर्वोच्च रूप ठानिन्थ्यो – र यही त्यसको खास विशेषता पनि थियो – यौन-प्रेमको त्यो पहिलो रूप, मध्ययुगीन नाइटहरूको प्रेम, दाम्पत्य प्रेमचाहिँ कदापि थिएन। यसको विपरीत, फ्रान्सको प्रोभान्स प्रान्तका शास्त्रीयहरूमा, जहाँ नाइटहरूको यो प्रेम आफ्नो आदर्श रूपमा विद्यमान थियो, उक्त प्रेमले खुल्लमखुल्ला व्यभिचारहरूको रूप लियो, र कविहरूले यस्तो प्रेमको गुणगान गाउँथे। «Albas» ('प्रभातको गीत') प्रोभान्सेली प्रेम काव्यको उत्कृष्ट नमुना हो (४६)। यी गीतहरूमा यस्तो नाइट आफ्नो प्रेमिका, कुनै परस्त्रीसित बिछ्यौनामा पल्टेको हुन्छ, बाहिर पाले बुर्जर बसेको हुन्छ र प्रभातको पहिलो किरण

(अल्बा) जेका पर्वतीय इलाकाई खबर गरिन्छ र उसले गर्दा छ कहीले फाल्न लगाउने गरी निस्कन सकोस् – यी सब कुराको बडो आकर्षक ढङ्गले वर्णन गरिएको पाइन्छ। त्यसपछि सीसको परराजपाठ–विवादको पूर्ण विवरण गरिन्छ। उत्तरी फ्रान्सका कविहरूका भावनामा हाम्रा सुपरिचित जर्मनहरूको नाइटहरूको यस प्रेम-लीलाको भावनामा त्यसैअनुसारको काव्य-शैली पनि मिले र हाम्रा बुढा वुल्फ्राम फोन एशेनबाखले पनि यस आकर्षक विषय-सम्बन्धी तीन उत्कृष्ट गीतहरू छोडेर गएका छन्, जुन मलाई उनका प्रख्यात लामालामा वीर-रसका कविताहरूभन्दा राम्रा हो भन्ता बढी मन पर्छन्।

हाम्रो जमानामा पूर्जीवादीहरूको बीचमा दुइ प्रकारले विवाह सम्पन्न हुन्छ। क्याथोलिक देशहरूमा आमाबाबुले आफ्नो युवा पूर्जीवा-पुत्रको लागि पूर्ववत उपयुक्त पत्नी खोज्दछन् र स्वभावतः यसको परिणामस्वरूप एकनिष्ठ विवाहमा निहित अन्तर्विरोध पूर्णतः विकसित हुन्छ – पति हेटेरिज्ममा व्यस्त रहन्छ भने पत्नीले पनि पतिव्रता धर्मको पूर्णतः परित्याग गर्दछिन्। यसको मृत्युको विरुद्ध संसारमा कुनै औषधि हुन सक्दैन त्यस्तै विशियले व्यभिचार रोक्ने पनि कुनै उपाय हुन सक्दैन भन्ने कुरामा विश्वस्त भएर नै क्याथोलिक चर्चले तलाकमाथिको प्रथा बन्द गरेको हुनुपर्दछ भन्ने धारणा स्वाभाविक लाग्दछ। यसको विपरीत प्रोटेस्टेन्ट देशहरूमा प्रायः पूर्जीवा-पुत्रलाई आफ्नो वर्गबाट पत्नी रोज्ने थोरबहुत स्वतन्त्रता प्रदान गरिन्छ, त्यसैले, निश्चित हदसम्म प्रेम विवाहको आधार बन्न सक्दछ, तर प्रेम होस् अथवा नहोस्, प्रोटेस्टेन्टहरूको पाखण्डी लोकाचारअनुसार यसलाई प्रेम नै मानिन्छ। यहाँ पतिले त्यति तत्परताका साथ परस्त्रीगमन गर्दैन र परपुरुषगमन पनि त्यति व्यापक रूपमा प्रचलित छैन। तर विवाहले मनुष्य रूप लिए तापनि त्यसले मानिसहरूको चरित्रलाई बदल्न सक्दैन र प्रोटेस्टेन्ट देशहरूका अधिकांश पूर्जीवाहरू कूप-मण्डूक हुन्छन्, त्यसैले उत्कृष्ट दृष्टान्तहरूको औसत लिने हो भने यस्तो प्रोटेस्टेन्ट एकनिष्ठ विवाह, जसलाई सामान्य सुखको संज्ञा दिइन्छ, वास्तवमा पति-पत्नीको लागि असह्य रूपमा नीरस लाग्ने सहवास मात्र हो। विवाहका यी दुबै रूपहरूको उत्कृष्ट प्रतिबिम्ब हामी उपन्यासहरूमा नै पाउँदछौं। क्याथोलिक विवाहको बारे बुझ्ने हो भने फ्रान्सेली उपन्यास पढे हुन्छ र प्रोटेस्टेन्ट विवाहको वास्तविक स्वरूप बुझ्ने हो भने जर्मन उपन्यास पढ्नुहोस्। दुबैमा युवकले "आफूले खोजेको कुरा भेट्टाउने गरेको छ"। जर्मन उपन्यासमा युवकले युवती भेट्टाउँदछन् र फ्रान्सेली उपन्यासमा पतिले नामर्दको उपाधि



पाउँदछ। यी दुबैमध्ये कसको अवस्था बढी खराब हो भन्ने कुरा छुट्याउन सधैं त्यति सजिलो छैन। त्यसै कारणले त जर्मन उपन्यासको नीरसताले फ्रान्सेली पूर्जीवालाई त्यस्तै भयभीत पार्छ जति फ्रान्सेली उपन्यासको "अनैतिकता"ले जर्मन कूपमण्डूकलाई गर्दछ। जे होस्, जबदेखि "बर्लिन एक महानगर बन्न थाल्यो" त्यस बेलादेखि हेटेरिज्म र परपुरुषगमनप्रति, जुन कुरा धेरै पहिलेदेखि नै जर्मनीमा प्रचलित थियो, जर्मन उपन्यासमा पहिलेभन्दा बढी निर्धक्कतापूर्वक प्रस्तुत गर्न थालिएको छ।

परन्तु यी दुबै प्रकारका विवाहमा युवक र युवतीको वर्गस्थितिले निर्णायक भूमिका खेलेको हुन्छ र त्यसै कारणले विवाह सधैं लाभको दृष्टिले नै गरिन्छ। लाभको दृष्टिकोणले गरिने यी दुबै प्रकारका विवाहहरू प्रायः महा-भयानक वेश्यावृत्तिमा परिणत हुन्छन् – कहिलेकाहीं पति-पत्नी दुबैको लागि, र प्रायशः पत्नीको लागि, जो सामान्य वेश्याबाट मात्र यै कुरामा फरक हुन्छिन् भने ज्यालामा काम गर्ने मजदुरले जस्तो टुक्रिएको ज्यालाको लागि प्रतिदिन आफ्नो शरीर नबेचेर, जिन्दगी भरको लागि आफ्नो शरीर बेचेर दासी बन्छिन्। फूरियेको निम्न कथनहरू लाभको दृष्टिले गरिने सबै प्रकारका विवाहहरूको लागि समान रूपले लागू हुन्छन्: "जसरी व्याकरणमा दुइ नकार-हरू मिलेर एक सकार बन्दछ, ठीक त्यस्तै विवाहको नैतिकतामा वेश्यावृत्ति र वेश्यागामीपनको योगफल सदाचार हुन्छ"। (५०)

नारीको सम्बन्धमा यौन-प्रेम, यसले यौनव्यावहारिक मान्यता पाएको होस् वा नहोस्, केवल उत्पीडित वर्गहरूको लागि मात्र र वर्तमान समयमा सर्वहारा-वर्गको लागि एक स्वाभाविक कुरा बन्न सक्दछ र वास्तवमा यस्तै हुन्छ पनि। परन्तु यहाँ प्राचीन एकनिष्ठ विवाहको पूरै आधार नष्ट भइसकेको छ। यहाँ कुनै पनि प्रकारको सम्पत्ति हुँदैन, जसको संरक्षण तथा उत्तराधिकारको लागि नै एकनिष्ठ विवाह र पुरुष-सत्ताको आविष्कार गरिएको थियो। त्यसैले यहाँ पुरुष-सत्ताको प्रयोग गर्ने सर्वहारावर्गीय प्रयास पनि हुँदैन। पूँजीवादी कानून, जसले यस सत्ताको संरक्षण गरेको हुन्छ, हुनेखानेहरूको लागि र सर्वहारावर्गसित उनीहरूको पारस्परिक सम्बन्ध नियमित गर्न मात्र प्रयोग गरिन्छ। पूर्जीवा न्याय प्राप्त गर्न पैसा पर्ने भएको हुनाले र मजदुरसित पैसा हुँदैन, त्यसैले पति-पत्नीबीचको सम्बन्धको जहाँसम्म प्रश्न छ, मजदुरको लागि पूर्जीवा कानून-को कुनै महत्त्व रहँदैन। यहाँ बिलकुल अरू नै निजी तथा सामाजिक सम्बन्धहरूले निर्णायक भूमिका खेलेका हुन्छन्। यसको अतिरिक्त, जुन उद्योगले नारीलाई घरबाट निकालेर श्रमको बजार र कारखानामा ल्याएर

उभ्याइदिएको छ र प्रायःजसो तिनलाई परिवारको अन्नदाती बनाइदिएको छ, सर्वहाराको घरमा पुरुष-सत्ताका अन्तिम अवशेषहरूको सम्पूर्ण आधार नष्ट भएको छ। यदि केही कुरा बाँकी रहन्छ भने त्यो हो – नारीप्रति क्रूरताको व्यवहार, जुन एकनिष्ठ विवाहको स्थापना भएदेखि नै पुरुषको जीवनको एक अंश बनेको थियो। यस प्रकारले पति-पत्नीको बीचमा प्रतिस्पर्धी उत्कट प्रेम र इमानदारीको भावना भए तापनि सब प्रकारका धार्मिक एवम् सांसारिक आशीर्वादको विपरीत पनि सर्वहारा परिवार वास्तविक अर्थमा एकनिष्ठ परिवार रहँदैन। तसर्थ एकनिष्ठ विवाहका स्थायी सहगामीहरू अर्थात् वेश्यागमन तथा परपुरुषगमनले यहाँ नगण्य भूमिका खेल्दछन्; पत्नीले वास्तवमा सम्बन्धविच्छेदको वास्तविक अधिकार पाइसकेकी छिन् र पति-पत्नी मिलेर बस्न सक्दैनन् भने उनीहरू छुट्टिनु नै श्रेयस्कर ठान्दछन्। छुट्टै शब्दमा भन्ने हो भने सर्वहारा विवाह व्युत्पत्तिमूलक अर्थमा एकनिष्ठ हुन्छ, परन्तु ऐतिहासिक अर्थमा कदापि होइन।

हाम्रा कानूनवेत्ताहरू मान्दछन्, ऐन-कानूनमा भएको प्रगतिको फलस्वरूप नारीहरूले गुनासो गर्ने सब प्रकारका आधारहरू हटाई सकेका छन्। आधुनिक सभ्य राष्ट्रहरूका ऐन-कानूनले बढ्दो मात्रामा यो कुरा स्वीकार गर्दै छ भने पहिलो कुरा, विवाहलाई वैयक्तिक रूप दिन दुवै पक्षको बीचमा स्वेच्छापूर्ण विवाह-सम्झौता हुनुपर्दछ र दोस्रो कुरा, वैवाहिक जीवनको सम्पूर्ण अवधिमा पति-पत्नी दुवैको एक दोस्रोप्रति समान अधिकार र कर्तव्य हुनुपर्दछ। यदि यी दुवै कुरा वास्तविक रूपमा कार्यान्वित गराइए, नारीहरूको सम्पूर्ण अभिलाषा पूरा हुनेछ होला।

यो विशुद्ध कानूनी तर्क ठीक तर्कसित पूर्णतः मिल्दोजुल्दो छ, जसका अवलम्बी कट्टर गणतन्त्रवादीहरूले सर्वहारालाई सन्तोष दिलाउन बेला-बेलामा प्रयोग गर्दछन्। मजदुर र पुँजीपतिबीच पनि स्वेच्छापूर्वक नै करारमा श्रम-सम्झौता गर्दछन्। परन्तु यो सम्झौता किन स्वेच्छापूर्ण ठानिन्छ भने कागजमा दुवै पक्ष कानूनको अगाडि समान हुन्छन्। विभिन्न वर्गीय स्थितिले एक पक्षलाई जुन आधिपत्य प्रदान गरेको हुन्छ र जस स्थितिले गर्दा एक पक्षले अर्को पक्षमाथि जुन दबाब हाल्दछ अर्थात् दुवै पक्षको वास्तविक आर्थिक स्थितिचाहिँ कानूनको लागि चासोको विषय हुँदैन। कानूनको दृष्टिमा दुइमध्ये कुनै पनि पक्षले निश्चित रूपमा आफ्नो अधिकार त्यागेको छैन भने श्रम-सम्झौता लागू भएको अवधिभरि लागि पनि दुवै पक्ष समानाधिकारसम्पन्न ठानिन्छन्। आर्थिक स्थितिले गर्दा मजदुर आफ्नो बस



रोगार अधिकारको कुनै पनि चिन्हसमेत त्याग्न बाध्य हुन्छ भन्ने कुराचाहिँ फेरि पनि कानूनको लागि चासोको विषय हुँदैन।

जहाँसम्म विवाहको प्रश्न छ, यदि दुवै पक्षले स्वेच्छापूर्वक विवाह-सम्बन्ध जोडेका हुनु भन्ने कुरा औपचारिक रूपमा दर्ता गराउँदछन् भने सबभन्दा प्रगतिशील कानूनले समेत यो कुरा पर्याप्त ठान्दछ। कानूनको पर्दापछाडि, जहाँ वास्तविक जीवन-नाटक खेलिन्छ के हुँदै छ, कसरी यो स्वेच्छापूर्ण सम्झौतामा पुगिन्छ — यस कुराप्रति कानून र कानूनवेत्तालाई कुनै चासो हुँदैन। यद्यपि विभिन्न मुलुकहरूका ऐन-कानूनको केवल अति साधारण तुलनाले मात्रै पनि यो स्वेच्छापूर्ण सम्झौता वास्तवमा के रहेछ भन्ने कुरा कानूनवेत्तालाई स्पष्ट पारिदिन्छ। ती देशहरूमा जहाँ आमाबाबुको सम्पत्तिको एक हिस्सा छोराछोरीले अनिवार्य पाउनुपर्दछ भन्ने कुरा कानूनमा उल्लेख गरिएको हुन्छ अर्थात् जहाँ छोराछोरीहरू उत्तराधिकारबाट वञ्चित हुन सक्दैनन्, जर्मनीमा, फ्रान्सेली ऐन-कानून प्रचलित भएका मुलुकहरूमा र अन्य केही देशहरूमा विवाह गर्दा छोराछोरीले अनिवार्य आमाबाबुको अनुमति प्राप्त गर्नुपर्ने हुन्छ। बेलायती कानून प्रचलित भएका मुलुकहरूमा जहाँ विवाह गर्दा कानूनले आमाबाबुको अनुमतिको माग गर्दैन, आफ्नो सम्पत्तिको उत्तराधिकारी कसलाई बनाउने हो भन्ने कुरामा आमाबाबुले पूर्ण स्वतन्त्रता पाएका हुन्छन् र उनीहरूले आफ्नो इच्छाअनुसार चाहेमा छोराछोरीलाई उत्तराधिकारबाट वञ्चित गर्न सक्दछन्। परन्तु, ती वर्गहरूमा जहाँ आमाबाबुबाट उत्तराधिकारस्वरूप सम्पत्ति पाइन्छ, जस्तै बेलायत र अमेरिकामा, यस कानूनको विपरीत र ठीक यसै कानूनले गर्दा, फ्रान्स र जर्मनीमा भन्दा अलि पनि बढी विवाह स्वतन्त्रता छैन।

विवाहित जीवनमा पुरुष र नारीको बीचमा कानूनी समानताको प्रसङ्गमा पनि स्थिति यसभन्दा राम्रो छैन। हामीले विगतका सामाजिक सम्बन्धहरूबाट उत्तराधिकारस्वरूप पाएको नारी र पुरुषका बीचका कानूनी असमानता पनि नारीको आर्थिक उत्पीडनको कारण होइन, परिणाम हो। प्राचीन साम्यवादी कुटुम्बमा, जहाँ अनेक दम्पतिहरू र उनीहरूका सन्तानहरू सम्मिलित हुन्थे, नारीको जिम्मामा भएको घरेलु कामधन्दा पुरुषको जिम्मामा रहेको भोजन जुटाउने कार्य जत्तिकै सार्वजनिक र सामाजिक दृष्टिले आवश्यक गतिविधि ठानिन्थ्यो। पितृसत्तात्मक परिवारको स्थापनाले र झन् बढी त एकनिष्ठ व्यक्तिगत परिवारको प्रादुर्भावले यस स्थितिमा परिवर्तन ल्यायो। घर-धन्दाले आफ्नो सामाजिक चरित्र गुमायो। यो काम सामाजिक चासोको विषय

जन्म छोड्यो। अब यो निजी काम बन्यो। पत्नी प्रमुख सेविका बनिन् र सामाजिक उत्पादनमा सहभागिताको अधिकारबाट तिनी वञ्चित भइन्। हाम्रो युगको वृहत् उद्योगले मात्रै तिनलाई र त्यो पनि सर्वहारा नारीलाई मात्रै सामाजिक उत्पादनको ढोका खोलिदियो। परन्तु अब नारी आफ्नो परिवारको सेवा गर्ने निजी काममा लाग्दछिन्, त्यस बेला तिनी सामाजिक उत्पादनमा सम्मिलित हुन सक्दिनन् र केही पनि कमाउन सक्दिनन्, जब कि यदि तिनी सामाजिक श्रममा भाग लिन चाहन्छिन् र आफैं कमाउन चाहन्छिन् भने त्यस बेला आफ्नो घरेलु कामकाज गर्न असमर्थ हुन्छिन्। यो कुरा कारखानामा काम गर्ने नारीको लागि जति सत्य छ, डाक्टरी अथवा वकालत गर्ने, कुनकुनै पेशामा लागेकी नारीको लागि पनि त्यत्तिकै सत्य छ। आधुनिक वैयक्तिक परिवार नारीको खुला अथवा गुप्त घरेलु दासतामा आधारित छ र आधुनिक समाज यसै समुदाय हो, जुन पूर्णतः वैयक्तिक परिवारहरूका अणुहरू मिलेर बनेको छ। वर्तमान समयमा धेरैजसो परिवारहरूमा, कमसेकम सम्पत्ति हुँदाखाँदा वर्गहरूमा लोग्नेले पैसा कमाउने काम गर्छ। उसले परिवारको पेट पाल्नुपर्छ र यस कुराले उसलाई परिवारमा त्यो आधिपत्य प्रदान गरेको हुन्छ, जसको लागि कुनै पनि प्रकारको कानुनी विशेषाधिकारको आवश्यकता पर्दैन। ऊ परिवारको पुँजीपति हो भने पत्नी सर्वहारा। परन्तु औद्योगिक विश्वमा सर्वहारा कुन आर्थिक उत्पीडनको बोझले दबाइएको हुन्छ, त्यसको विशिष्ट रूप केवल त्यसै बेला मात्र स्पष्ट हुन्छ, जब पुँजीपतिवर्गका समस्त कानुनी विशेषाधिकारहरू खोसिन्छन् र कानुनको दृष्टिमा दुवै वर्गले पूर्णतः समान अधिकार पाउँछन्। जनतान्त्रिक गणराज्यको स्थापनाले यी दुइ वर्गहरूका बीचको प्रतिद्वन्द्विता नष्ट गर्दैन, बरु, उल्टो, त्यो आधार मात्र सुलभ गर्दछ, जसमा उक्त प्रतिपक्षताको समाधानको लागि सङ्घर्ष मात्र गर्न सकिन्छ। यसै किसिमले आधुनिक परिवारमा पत्नीमाथि पतिको आधिपत्यको विशिष्ट चरित्र र दुवैको बीचमा वास्तविक सामाजिक समानता स्थापना गर्ने आवश्यकताको साथसाथै यसको परिपूर्तिको तरिका त्यसै बेला मात्र पूर्ण स्पष्टतासाथ हाम्रो समक्ष देखा पर्दछ, जब पुरुष र नारी कानुनको दृष्टिमा पूर्णतः समान हुन्छन्। त्यसै बेला मात्र सामाजिक उत्पादनमा सम्पूर्ण नारीजातिको सहभागिताको स्थितिको पुनर्स्थापना नै नारीहरूको मुक्तिको पहिलो पूर्वाधार हो भन्ने कुरा स्पष्ट हुन्छ र यस कुराको लागि व्यक्तिगत परिवार समाजको आर्थिक एकाइ बन्न छोड्नुपर्छ।



* * *

यस प्रकार, हामीले मानवजातिको विकासका तीन मुख्यमुख्य चरणहरूको अनुरूप, प्राय रूपमा र सर्वत्रिमा, विवाहका पनि तीनै प्रमुख रूपहरू छुट्यायौं। जङ्गली युगमा समूह-विवाह प्रचलित थियो, बर्बर युगमा युग्म विवाह प्रचलित थियो र सभ्य युगमा एकनिष्ठ विवाह प्रचलित छ, [illegible] र वेश्यावृत्ति जस्ता कुरा पनि एकनिष्ठ विवाहसित जोडिएका छन्। बर्बर युगको उन्नत अवस्थामा, युग्म परिवार तथा एकनिष्ठ परिवारको बीचमा दासीहरूमाथि पुरुषहरूको आधिपत्य र बहुपत्नी प्रथाको प्रादुर्भाव हुन्छ।

हाम्रो सम्पूर्ण वर्णनबाट स्पष्ट हुन्छ, रूपहरूको यस क्रमिक परिवर्तनमा देखिने प्रगतिको विशेषता के हो भने समूह-विवाहमा निहित यौन-स्वतन्त्रता नारीहरूबाट क्रमशः बढी मात्रामा खोसिँदै जान्छ, तर पुरुषहरूबाट होइन। सोच्ने जाने हो भने पुरुषहरूको लागि त आजै पनि व्यवहारमा समूह-विवाहको अस्तित्व छँदै छ। जुन कुरा नारीको लागि अपराध ठह्रिन्छ र जसको लागि तिनी कठोर सामाजिक तथा कानुनी परिणामको भागी बन्छिन्, पुरुषको लागि त्यो गर्वको कुरा मानिन्छ अथवा हुँदै भए सामान्यतो नैतिक कलङ्क ठानिन्छ र उसले खुसीसाथ यो कलङ्क स्वीकार गर्दछ। तर हाम्रो समयमा पुँजीवादी मालु उत्पादनको प्रभावमा परेर प्राचीन हेटेरिज्म जति बदलिँदै जान्छ र आफूलाई यस उत्पादनको अनुकूल बनाउँदै लैजान्छ, त्यत्तिकै बढी यो खुल्लमखुल्ला वेश्यावृत्तिमा परिणत हुँदै जान्छ। त्यससाथै यसले नारीहरूलाई भन्दा पुरुषहरूलाई कता हो कता बढी भ्रष्ट पार्छ। नारीहरूमा वेश्यावृत्तिले तिनै अभागिनीहरूलाई मात्र भ्रष्ट पार्छ, जो यसको फन्दामा पर्दछन् र तिनीहरूलाई पनि कदापि त्यस हदसम्म होइन, जत्तो प्रायः सोच्ने गर्दछन्। परन्तु वेश्यावृत्तिले संसारका समस्त पुरुषजातिकै चरित्र भ्रष्ट पारिदिएको हुन्छ। यस प्रकारले दसमा नौ दृष्टान्तहरूमा, विवाह-पहिले लामो अवधिसम्म युवकहरूको रूपमा रहने [illegible] परस्त्रीगमनको लागि सौन्दौंको तयारीको पाठशाला बनेको हुन्छ।

अहिले हामी एक यस्तो सामाजिक क्रान्तितर्फ अग्रसर हुँदै छौं, जसमा एकनिष्ठ विवाहको वर्तमान आर्थिक आधार त्यत्तिकै अनिवार्यतासाथ एकनिष्ठ विवाहको सहगामी बनेको वेश्यावृत्तिको आर्थिक आधार पनि नष्ट हुनेछ। निश्चित व्यक्तिहरूको हातमा, त्यो पनि पुरुषहरूको हातमा विपुल सम्पदाको केन्द्रीकरण र त्यो सम्पदा उत्तराधिकारस्वरूप [illegible] [illegible]

पुरुषको सन्तानको हातमा सुम्पने आवश्यकताको फलस्वरूप एकनिष्ठ विवाहको उत्पत्ति भएको थियो। यसको लागि पतिको निमित्त होइन, पत्नीको निमित्त मात्र एकनिष्ठता आवश्यक थियो, यसै कारणले पत्नीको पातिव्रत्य पुरुषको खुल्लमखुल्ला अथवा गुप्त बहुपत्नीत्वको लागि कुनै पनि बाधा बाधा बनेन। परन्तु भावी सामाजिक क्रान्तिले उत्तराधिकारस्वरूप प्राप्त गरिने सम्पत्तिको पनि अधिक सम्पत्ति अर्थात् उत्पादनका साधनहरूको अत्यधिक हिस्सालाई सामाजिक सम्पत्तिमा परिणत गर्नेछ र यस प्रकारले सन्तानलाई उत्तराधिकार सुम्पने हो भन्ने सम्पूर्ण समस्यालाई न्यूनतम बनाई दिनेछ। परन्तु आर्थिक कारणहरूबाट नै एकनिष्ठ विवाहको उत्पत्ति भएको हो भने यी कारणहरू नष्ट भएपछि के स्वयम् एकनिष्ठ विवाह पनि लुप्त हुने त होइन?

एकनिष्ठ विवाह लुप्त नहुने मात्र होइन, बरु उल्टो, तब जैसा मात्र वास्तविक अर्थमा एकनिष्ठ विवाहको अस्तित्व देखा पर्नेछ— यसरी सोधिएको प्रश्नको सम्बन्धमा यस्तो उत्तर दिन्छ भने त्यसलाई निराधार मान्न सकिँदैन। किनभने उत्पादनका साधनहरू सामाजिक सम्पत्ति बन्नुको साथसाथै ज्यालादारी श्रम र सर्वहारावर्ग पनि मिल्नाउनेछ, फलतः सख्याबाट स्वरूपमा सकिने नारीहरूको निश्चित संख्या पैसाको लागि आफ्नो शरीर बेच्ने आवश्यकताबाट मुक्त हुनेछन्। वेश्यावृत्ति मिल्नाउनेछ र एकनिष्ठ विवाहले आफ्नो अस्तित्व गुमाउनुको सट्टा, अन्ततोगत्वा पुरुषको लागि समेत एक वास्तविकता बन्नेछ।

यस प्रकारले पुरुषको स्थितिमा निस्सन्देह ठूलो परिवर्तन आउनेछ। यसको साथै नारीहरूको, **सबै** नारीहरूको स्थितिमा पनि महत्वपूर्ण परिवर्तन हुनेछ। उत्पादनका साधनहरू सामाजिक सम्पत्ति बनेपछि व्यक्तिगत परिवार सामाजिक-आर्थिक एकाइ बन्न छोड्नेछ। घरेलु कामधन्दा सामाजिक उद्योगको एक क्षेत्रमा परिणत हुनेछ — केटाकेटीको पालन-पोषण र शिक्षादीक्षा सार्वजनिक कार्य बन्नेछ। विवाहिता र अविवाहिता आमाहरूबाट जन्मेका सबै बालबच्चाहरूको समाजले एकैनासले स्याहारसुसार गर्नेछ। यस प्रकारले आज जुन चिन्ताले गर्दा अविवाहिता युवतीले आफूले प्रेम गर्ने पुरुषसामु स्वतन्त्रतापूर्वक आत्मसमर्पण गर्न असमर्थ हुन्छिन्, अर्थात् "यसको परिणाम के होला" भन्ने जस्तो वर्तमान समाजमा सबभन्दा महत्वपूर्ण सामाजिक-नैतिक तथा आर्थिक तत्व पनि यही चिन्ता बनेको हुन्छ, त्यस्तो चिन्ता-बाट नारी पूर्णतः मुक्त हुन्छिन्। तर के यस कुराले स्वच्छन्द यौन-सम्बन्धलाई र यसको साथसाथै कौमार्य-मर्यादा तथा नारी लज्जाजस्ता कुराहरूमाथि कडी



उदासताको भावनालाई त प्रोत्साहन गर्दैन? फेरि अन्तमा, के हामीले यो कुरा माथि नै देखेनौं, एकनिष्ठ विवाह र वेश्यावृत्ति एक अर्काको उल्टो कुरा हुँदाहुँदै पनि एउटै सामाजिक परिपाटीका दुइ ध्रुवहरू मात्र हुन् र त्यसैले तिनलाई एक अर्काबाट अलग्याउन सकिँदैन? वेश्यावृत्ति त लोप हुन्छ, तर के यसले आफैंसाथ साथ नलगेर एकनिष्ठ विवाहलाई समेत खतम पार्दैन?

यहाँ एक नयाँ तत्व देखा पर्छ, जुन एकनिष्ठ विवाह विकसित हुने बेलामा केवल भ्रूण अवस्थामा मात्र अस्तित्वमा थियो र यो तत्व हो — व्यक्तिगत यौन-प्रेम।

मध्य युगभन्दा पहिलेका व्यक्तिगत यौन-प्रेमजस्तो कुनै कुरा अस्तित्वमा थिएन। त्यसबेला पनि शारीरिक सौन्दर्य, घनिष्ठ सम्बन्ध, समान रुचि आदि कुराले पुरुष र नारीमा एक अर्कासित सहयोग गर्ने इच्छा पैदा गर्दथ्यो, दोस्रो यौनसम्बन्ध स्थापना गरिन्छ भन्ने कुरा पनि पुरुष र नारी दुवैको लागि महत्वहीन थिएन। तर त्यस बेलाको प्रेम र आधुनिक यौन-प्रेमको बीचमा आकाश जमिनको अन्तर छ। सम्पूर्ण प्राचीनकालमा छोरा-छोरीहरूका आमाबाबुले नै विवाह-सम्बन्ध गरिदिन्थे र छोराछोरीहरूचाहिँ चुपचाप-सँग यो कुरा स्वीकार गर्थे। प्राचीन कालमा पतिपत्नीको बीचमा जुन किञ्चित प्रेम पाइन्थ्यो त्यो मनोगत भावना नभएर वस्तुगत कर्तव्य थियो, विवाहको आधार नभएर त्यसको पूरक थियो। आधुनिक अर्थको प्रेम-सम्बन्ध प्राचीनकालमा समाजको औपचारिक परिधिबाहिर मात्र पाइन्थ्यो। ती गोठा-लाहरू, जसको प्रेमसम्बन्धी हर्ष र विषाद थियोक्रिटस र मोस्कसले अथवा लोङ्गसले आफ्नो 'डाफ्निस र क्लोए' मा वर्णन गरेका छन्, दासहरू मात्र थिए, राज्यसत्ता तथा स्वतन्त्र नागरिकहरूको कार्यक्षेत्रमा उनीहरूको सहभा-गिता हुँदैनथ्यो। दासहरूको बीचमा पाइने प्रेमसम्बन्धबाहेक यस्ता सम्बन्धहरू पतनोन्मुख प्राचीन संसारको पतनको प्रतिफलको रूपमा मात्र भेट्टाइन्थे र त्यो पनि त्यस्ता नारीहरूबीच मात्र, जो अधिकृत समाजको परिधिबाहिर हुन्थे, अर्थात् हेटेराहरूसित, अनाइको तात्पर्य विदेशी नारीहरूसित वा स्वतन्त्र नारीहरूसित मात्र। यो कुरा एथेन्सका यूनानी राज्यको पतनको समयमा र रोममा सम्राटहरूको शासनकालमा पाइन्थ्यो। यदि स्वतन्त्र नागरिकहरूमा पुरुष र नारीबीच साँच्चै यस्ता प्रेम-सम्बन्धहरू देखिन्थे भने केवल विवाह बन्धनको उल्लङ्घनको रूपमा मात्र। प्राचीनकालका विख्यात प्रेम-कवि वयोवृद्ध आनाक्रियोनलाई नै लिनोस्, आधुनिक अर्थमा यौन-प्रेम उनको लागि कहि

महत्त्वहीन थियो भने प्रेम गरिएको व्यक्ति पुरुष हो वा नारी सम्भोगसम्म पनि उनलाई थाहा हुँदैनथ्यो।

आधुनिक यौन-प्रेम प्राचीनकालको प्रेम-आकर्षण (eros) बाट धेरै फरक छ। सबभन्दा पहिले त, आधुनिक यौन-प्रेमले पारस्परिक प्रेमको रूप लिएको हुन्छ र यस दृष्टिकोणले नारीको स्थिति पनि पुरुषकै समान हुन्छ, तर प्राचीन (eros) मा भने यहाँ नारीको सहमति आवश्यक हुँदैनथ्यो। दोस्रो कुरा, यौन-प्रेम यति तीव्र र यति स्थायी हुनसक्छ भने एक अर्कोलाई नपाउनु अथवा एक अर्काबाट टाढा रहनु नारीपुरुष दुवैको लागि सबभन्दा ठूलो नभए तापनि धेरै ठूलो दुर्भाग्य मानिन्छ। एक अर्कोलाई पाउनको लागि उनीहरू भयङ्कर खतराको सामना गर्दछन्, आफ्नो जीवनलाई जोखिममा पार्न समेत हिचकिचाउँदैनन् तर प्राचीनकालमा कहिँ विवाह-सम्बन्धको उल्लङ्घन गरेर जोडिने प्रेम-सम्बन्धमा मात्र यस्तो कुरा हुने गर्थ्यो। अन्ततया यौन-सम्बन्धको औचित्य अथवा अनौचित्य निर्धारित गर्ने नयाँ नैतिक कसौटी पैदा गर्दछ: यस्तो यौन-सम्बन्ध वैवाहिक सम्बन्धभित्र पर्छ वा पर्दैन भन्ने मात्र नभएर यस्तो सम्बन्ध पारस्परिक प्रेमको आधारमा स्थापित भएको हो वा होइन भन्ने प्रश्न पनि सोधिन्छ। स्पष्ट कुरा छ, सामन्ती अथवा पूँजीवादी जगतमा अन्य नैतिक नियमहरूको जस्तै यस नयाँ नियमको स्थिति पनि हुन सकेको छैन, अर्थात् यस नियमको पनि बेवास्ता नै गरिएको छ। परन्तु यस नियमप्रति अन्य नियमहरूप्रतिभन्दा खराब दृष्टिकोण पनि छैन। यस नियमहरूजस्तै यस सिद्धान्तमा पनि सिद्धान्तमा, कागजमा मान्यता पाएको छ। यसैले यसलाई यसभन्दा बढी आशा पनि गर्न सकिँदैन।

गुन बिन्दुमा प्राचीन विश्वमा यौन-प्रेमका प्रारम्भिक पक्षहरू देखा परेका थिए, त्यहीँबाट मध्ययुगको निषिद्ध यौन सम्बन्ध शुरु हुन्छ। शास्त्रीय प्राचीनताको गीतकला काव्यहरूमा उल्लिखित नायकहरूको प्रेमबारे वर्णन गरिसकेका छौं। विवाह परिपाटीलाई नष्ट पार्ने भएको यो प्रेम तथा विवाह-सम्बन्धको आधार अनुरूप प्रेमको बीचमा फरक हुनु कारण छ र नायकहरूको प्रेमको सम्बन्धमा यो कारण कहिल्यै पुगिएन। उच्चकुलका रोमान्टिक जातिहरूलाई छोडेर सदाचारी जर्मनहरूलाई नै लिने हो भने पनि हाम्रो 'निबेलुङ्गहरूको गीत' काव्यमा नै पाउँदछौँ जब क्रिमहिल्ड मनमनै जिगफ्रिडलाई त्यत्तिकै प्रेम गर्दथिन्, जति उनी आफैं तिनलाई प्रेम गर्दथे, तापनि जब गुन्थरले तिनको विवाह एक नाइटसित गरिदिने वचन दिइसकेका छन् भन्ने कुरा क्रिमहिल्डलाई बताउँदछन् र त्यस नाइटको नामसम्म पनि बताउँदैनन्,



क्रिमहिल्डले मात्र यस्तो उत्तर दिइन् "हजुरले मलाई सोधिबक्सने आवश्यकता छैन, हजुर जस्तो हुकुम गरिबक्सन्छ म त्यहीँ गर्छु। सरकारले जसलाई छानिबक्सन्छ म सहर्ष उनीलाई आफ्नो पति स्वीकार गर्नेछु" (२१)। तिनको प्रेमले कुनै महत्त्व राख्न सक्दछ भन्ने कुरा क्रिमहिल्ड कल्पनासम्म पनि गर्न सक्दिनन्। गुन्थरले ब्रुनहिल्डलाई देखेकासम्म पनि थिएनन्, तैपनि उनीसित गुन्थरको विवाह-सम्झौता हुन्छ र यस्तै किसिमले एट्जेल पनि मृत्यु नदेखी क्रिमहिल्डसित विवाह गर्न तयार हुन्छिन्। 'गुद्रुन' नामक काव्यमा पनि यस्तै हुन्छ। यस काव्यमा आयरल्याण्डका जीगेबान्ट नर्वेवाली उटेसित विवाह गर्न चाहन्छन्, हेगेलिङकेनका हेटेल आयरल्याण्डकी हिल्डेसित विवाह गर्न चाहन्छन् र अन्तमा मोरल्याण्डका जिगफ्रिड, ओर्मेनीका हार्टमुट र जीलाण्डका हेरविग, तीनै जना गुद्रुनसित विवाह गर्न चाहन्छन्। यहाँ केवल गुद्रुनले मात्र स्वेच्छापूर्वक हेरविगलाई आफ्नो भावी पतिको रूपमा छान्छिन्। सामान्यतः प्रत्येक युवा राजकुमारको लागि आमाबाबुले नै दुलही खोज्दछन्। आमाबाबु जीवित छैनन् भने राजकुमार आफैंले मुख्यमुख्य सामन्तहरूको सल्लाहअनुसार आफ्नो लागि दुलही खोज्दछन्। यस कुरामा सामन्तहरूको रायको निकै कदर गरिन्छ। अन्यथा हुन पनि सक्दैन। नाइट अथवा ब्यारनको लागि र स्वयम् सम्राट् राजकुमारको लागि पनि विवाह एक राजनीतिक कार्य हो, नयाँनयाँ सम्बन्धद्वारा आफ्नो शक्ति बढाउने मौका हो: **कुलको** हितले नै निर्णायक भूमिका खेल्नुपर्दछ, तर व्यक्तिगत इच्छाले कदापि होइन। यस्तो स्थितिमा कसरी प्रेमको आधारमा विवाह सम्बन्ध जोड्न सकिन्छ?

मध्य युगमा शहरहरूका शिल्पसङ्घका सदस्यहरूको लागि पनि यही कुरा मान्य थियो। उनको संरक्षण गर्ने विभिन्न विशेषाधिकारहरू, उनले शिल्पसङ्घका अधिकारपत्रहरू तथा एक अर्कामा अन्य शिल्पसङ्घहरूबाट, अर्को तर्फमा आफ्ना सहकर्मीहरूबाट र तेस्रो तर्फमा आफ्ना चेला तथा शिष्यहरूबाट कानुनी रूपमा उनलाई अलगाउने कृत्रिम बन्देजहरूले गर्दा उनले आफ्नो लागि योग्य पत्नी रोज्ने परिधि धेरै हदसम्म सीमित हुन गयो। कुनचाहिँ केटी योग्य हुन्छ भन्ने प्रश्नको समाधान यस जटिल प्रणालीमा निश्चयनै कुनै व्यक्तिगत इच्छाद्वारा नभएर परिवारको हितअनुसार गरिन्थ्यो।

यस प्रकारले मध्य युगको अन्तसम्म विवाहको अधिकांश रूप त्यही रह्यो जुन शुरुदेखि रहँदै आएको थियो, अर्थात् यो एक त्यस्तो सम्झौता

रूपमा कायम रह्यो जसको निर्णय दुइ वंशका पक्ष – दुलहा र दुलहीले गर्दथिए। शुरुमा मानिसहरू जन्मदेखि नै विवाहित हुन्थे – पुरुष स्त्रीहरूको एउटा पुरै समूहसित र स्त्री पुरुषहरूको समूहसित। युग्म विवाहका पछिल्ला रूपहरूमा पनि यस्तै किसिमको स्थिति कायम रह्यो, केवल समूहको संख्या धेरै मात्रामा घट्दै गयो। युग्म विवाहमा आमतः आमाहरू आफ्ना छोरा-छोरीको विवाहबारे सम्झौता गर्दथिए र यहाँ पनि नयाँनयाँ नाताहरू सम्बन्ध स्थापना गर्ने इच्छाले निर्णायक भूमिका खेलेको हुन्थ्यो, जस्तो सम्बन्धले युवा दम्पतिलाई गोत्र र जातिमा आफ्नो स्थिति बलियो पार्ने मौका पुऱ्याउँदथ्यो। सामूहिक स्वामित्वको सट्टा निजी स्वामित्व कायम भएपछि र आफ्नो सन्तानलाई सम्पत्ति उत्तराधिकारको मामला प्रमुख प्रश्न उठेपछि त पितृसत्ता र एकनिष्ठ विवाहले आधिपत्य नै जमायो र विवाह पहिलेभन्दा पनि धेरै बढी मात्रामा आर्थिक कारणहरूद्वारा निर्धारित हुन थाल्यो। क्रय विवाहको रूप बिलाउँदै गयो, तर विवाह सम्झौता अधिकाधिक यस्तो तरिकाले हुन थाल्यो जसमा स्वास्नीको मात्र नभएर पुरुषको पनि व्यक्तिगत गुणहरूको आधारमा नभएर सम्पत्तिको आधारमा मूल्याङ्कन हुन थाल्यो। शुरुदेखि नै शासकवर्गहरूमा यस्तो परिपाटी चलेको थियो भने पारस्परिक आकर्षणले गर्दा एक अर्का प्रकारको फाइदालाई बेवास्ता गर्न सकिन्छ भन्ने कुरा सोच्नसम्म पनि सकिँदैनथ्यो। यस्तो कुरा त काल्पनिकमा अथवा काव्यहरूमा मात्र सम्भव थियो, जसको गणना नै हुँदैनथ्यो।

जुन बेला भौगोलिक आविष्कारहरूपछि पुँजीवादी उत्पादनले विश्व व्यापार तथा उद्योगको विकासको फलस्वरूप विश्व आधिपत्यको युगमा पाइला टेक्यो, त्यस बेला स्थिति यही थियो। विवाह-सम्बन्धको यो रूप पुँजीवादी उत्पादनको लागि सबभन्दा अनुकूल उपयोगी हो भन्ने सोच्नु स्वाभाविक हो र यथार्थमा कुरा पनि यस्तै थियो। परन्तु विश्व इतिहासको विडम्बना पनि बुझिनसक्नु छ – विवाहको यस रूपमा सबभन्दा ठूलो प्रहार पुँजीवादी उत्पादनले नै गऱ्यो। सब कुरालाई वस्तुमा परिणत गरेर पुँजीवादी उत्पादनले परम्परागतदेखि संरक्षित रहँदै आएका सबै प्राचीन सम्बन्धहरूलाई नष्ट पारिदियो र परम्परागत रीति-रिवाज तथा ऐतिहासिक अधिकारको स्थानमा खरीद-बिक्री, "स्वतन्त्र" सम्झौताको स्थापना गरिदियो। अंग्रेजी कानूनवेत्ता एच० एस० मेइनले अब सम्पूर्ण विगत युगहरूको तुलनामा हाम्रो युगको प्रगति from status to contract— परम्परागत परिपाटीबाट स्वतन्त्र सम्झौताद्वारा स्थापना भएको परिपाटीतिरको संक्रमण (३२) मा निहित



छ भन्ने कुरालाई आफ्नो ठूलो आविष्कार ठानेका छन्। असावधानीवश भनिएको, यो यथार्थसम्म सही छ भने यसमा छैन भन्ने कुरा "कम्युनिस्ट घोषणापत्र" मा नै उल्लेख भइसकेको छ (३३)।

परन्तु स्वतन्त्र मानिसहरूले मात्र सम्झौता गर्न सक्दछन् जसले आफ्नो व्यक्तित्व, आफ्नो श्रम-शक्ति तथा सम्पत्तिको स्वतन्त्रतापूर्वक आफूले चाहे जस्तो उपयोग गर्न सक्दछन् र एक-अर्काका समान छन्। ठीक यस्तै "स्वतन्त्र" तथा "समान" मानिसहरूको सिर्जना नै पुँजीवादी उत्पादनको एक मुख्य कार्य थियो। यद्यपि शुरुमा यो कुरा अर्द्धचेतन तरिकाले त्यो पनि धार्मिक जामा लगाएर हुन्थ्यो भने लुथर र काल्भिनका सुधारहरूको बेलादेखि कुनै पनि व्यक्ति तबसम्म आफ्नो कामको लागि पूर्णतः जिम्मेवार हुन सक्दैन, जबसम्म उसले यो काम पूर्णतः आफ्नो इच्छाअनुसार गर्ने स्वतन्त्रता पाएको हुन्छ र यदि कसैले कुनै व्यक्तिलाई जबरजस्ती यो अनैतिक कार्य गराउन खोज्दछ भने त्यसको विरोध गर्नु त्यस व्यक्तिको नैतिक कर्तव्य हो भन्ने कुराले निर्धारित सिद्धान्तको रूप लियो। अब पुरानो विवाह प्रथासित कसरी यस कुराले मेल खान सक्थ्यो? बुर्जुवा धारणाअनुसार विवाह एक सम्झौता हो र सबै व्यवसायभन्दा महत्वपूर्ण कानूनी बन्दोबस्त पनि हो, किनभने यसले सम्पूर्ण जीवनको लागि नै दुइ व्यक्तिको शरीर र आत्माको भाग्य निर्धारित गरेको हुन्छ। साँचो कुरा हो, त्यस बेला यस्तो सम्झौता औपचारिक रूपमा स्वेच्छापूर्वक नै हुने गर्दथ्यो र दुबै पक्षको सम्झौताबिना यो कुरा सम्पन्न हुँदैनथ्यो। तर कसरी यस्तो सम्झौताका पुरिन्थ्यो र वास्तवमा कसले विवाह सम्झौता गर्दछ भन्ने कुरा सबैलाई थाहा हुन्थ्यो। परन्तु यदि अन्य सबै सम्झौताहरू गर्दा वास्तवमा नै स्वतन्त्र निर्णय हुनु आवश्यक हुन्थ्यो भने विवाह सम्झौताको लागि किन यो कुरा आवश्यक थिएन? के विवाह-सम्बन्धमा जोडिन लागेका युवक एवं युवतीलाई आफ्नो बारेमा स्वतन्त्र निर्णय गर्ने, आफ्नो शरीर र अङ्गहरूको प्रयोग आफ्नै इच्छाअनुसार गर्ने अधिकार छैन र? के नाइटहरूले गर्दा यौन-प्रेम एक फेसन बन्न पुगेको थिएन र? के नाइटहरूको विवाहेतर अनुरागसित सम्बन्धित प्रेमको विपरीत पतिको सही बुर्जुवा रूप दाम्पत्य प्रेम थिएन र? तर यदि एक अर्कालाई प्रेम गर्नु पतिपत्नीको कर्तव्य हो भने प्रेमी र प्रेमिकाको लागि पनि एक अर्कासित नभएर अरूसँग विवाह-सम्बन्ध जोड्नु पनि त्यत्तिकै ठूलो कर्तव्य हुँदैन र? के प्रेमी र प्रेमिकाको यो अधिकार आमाबाबु, नातागोता र अन्य परम्परागत दलाल तथा जमीहरूको अधिकारभन्दा बढी पवित्र होइन र? यदि

स्थान व्यक्तिगत करारको अधिकारले स्वतन्त्रतापूर्वक गर्ने र यसैको क्षेत्रमा प्रवेश गरिसकेको छ भने के यो अधिकार युवा पिँढीको शरीर, आत्मा, सम्पत्ति, सुख र दुःखको निर्णय आफ्नो इच्छाले लिने युवा पिँढीको अगाडि प्रेमको असाधि कामितामा र ?

सम्पूर्ण पुराना सामाजिक बन्धनहरू खुकुला भएको र समस्त परम्परागत विचारहरूको जग हल्लिन थालेको युगमा यस्ता प्रश्नहरू उठ्नु स्वाभाविक कुरा हो। संसार एकैचोटि पहिलेभन्दा दश गुना ठूलो लाग्न थालेको छ; एउटा गोलार्द्धको चतुर्थांशको सट्टो अहिलेमा युरोपेलीहरूको दृष्टिमा अब सम्पूर्ण भूमण्डल देखापरेको छ र अब उनीहरू बाँकी सात चतुर्थांश पनि कब्जा गर्न हतारिँदै छन्। अब मानिसलाई उसको मातृभूमिको सीमाभित्र सीमित राख्ने प्राचीन अनेकहरूको साथै परम्परागत मध्ययुगीन विचार प्रणालीका हजारौँ वर्ष पुराना सिमानाहरू पनि भत्किए। मानवका अगाडि बाह्य र आन्तरिक एक नयाँ असीम क्षितिज देखापरेको छ। युवकलाई भारतको विपुल सम्पदा, मेक्सिकोको तथा पोटोसीका सुन र चाँदीका खानीहरूले बोलाउँदै छन्, उसलाई सामाजिक प्रतिष्ठा र शिल्प-संघका परम्परागत विशेषाधिकारहरूले कसरी रोक्न सक्थे ? यो पूँजीपतिवर्गको वीर-युग थियो। यसमा पनि रोमान्स थियो, यसमा पनि आफ्नै खालका प्रेमका सपनाहरू थिए, तर जिनको आधार पूँजीवादी थियो र जो सब कुराको अन्तिम लक्ष्य पूँजीवाद नै थियो।

यस प्रकारले उदीयमान पूँजीपतिवर्गले, विशेषत: ती प्रोटेस्टेन्ट धर्मावलम्बी मुलुकहरूमा, जहाँ तत्कालीन व्यवस्थाको जग सबभन्दा बढी डगमगाएको थियो, विवाहको सम्बन्धमा पनि सम्झौता स्वतन्त्रतालाई कतिपय मात्रामा मान्यता दिन थाल्यो र उपर्युक्त तरिकाले त्यसको कार्यान्वयन गर्न थाल्यो। विवाहले आफ्नो वर्गीय चरित्र गुमाएन, तर त्यस वर्गको सीमाभित्र केटा र केटी दुवैले निश्चित हदसम्म आफ्नो जीवन साथी छान्ने स्वतन्त्रता पाए। कागजमा, नैतिक उपदेशहरूमा र कविहरूका कविताहरूमा परस्पर यौन-प्रेमबिना र भावी पतिपत्नीको वास्तविक स्वतन्त्र सहमतिबिना गरिने विवाहको अनैतिकतासम्बन्धी सिद्धान्तभन्दा अटल र दिगो अरू कुनै सिद्धान्त भएन। छोटकरीमा भन्ने हो भने प्रेम विवाहलाई मानव अधिकारको रूपमा घोषित गरियो र यो droit de l'homme* मात्र नभएर अपवादको रूपमा droit de la femme** पनि घोषित गरियो।

* शब्दको खेल – «droit de l'homme» को अर्थ "मानव अधिकार" मात्र नभएर "पुरुषको अधिकार" पनि हुन्छ। –अनु०

** नारीको अधिकार। –अनु०



परन्तु यो मानव अधिकार अन्य सबै तथाकथित मानव अधिकारहरूभन्दा एउटा कुरामा फरक थियो। यी तथाकथित मानव अधिकारहरूको उपयोग व्यवहारमा एउटा वर्ग अर्थात् पूँजीपतिवर्गले मात्र गर्दथ्यो र उत्पीडित अर्थात् सर्वहारावर्गलाई प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा यी सब अधिकारहरू खोसिएका हुँदा यस पटकमा फेरि पनि इतिहासको विडम्बना नै चरितार्थ भयो। शासकवर्ग अहिले पनि निश्चित आर्थिक प्रभावहरूको वशमा हुन्छ र यस कारण त्यस वर्गमा स्वेच्छापूर्वक गरिएका विवाहहरू अपवादस्वरूप मात्र देखा पर्दछन्, तर उत्पीडित वर्गमा भने, हामीले देखिहाल्यौँ, यी कुरा व्यापक रूपमा प्रचलित हुन्छन्।

यस प्रकारले पूर्ण स्वतन्त्रतापूर्वक विवाह-सम्बन्ध जोड्ने र यस पद्धतिलाई सार्वजनिक रूप दिने कार्य त्यसपछि मात्र हुन सक्दछ, जब पूँजीवादी उत्पादनको उन्मूलन र त्यसको फलस्वरूप देखापरेको स्वामित्वका नयाँ सम्बन्धहरूले ती सम्पूर्ण आर्थिक एवम् अन्य धारणाहरूलाई खतम पारिदिन्छन्, जसले आज जीवन साथीको छनोटमा पनि यत्रो प्रभाव पार्दै गरेका छन्। त्यस बेला पारस्परिक प्रेमबाहेक विवाहको अरू कुनै उद्देश्य हुनेछैन।

यौन-प्रेम आफ्नो स्वभावैले एकनिष्ठ हुने हुँदा—हुन त यो कुरा पहिले स्त्रीहरूले मात्र पालना गर्दै आएका छन्—यौन-प्रेममा आधारित विवाह पनि स्वभावत: एकनिष्ठ नै हुन्छ। समूह विवाहबाट एकनिष्ठ विवाहसम्मको प्रगतिको श्रेय मुख्यतया स्त्रीहरूलाई नै छ भन्ने बाखोफेनको विचार कति सही छ भन्ने कुरा त हामीले देखिसकेका छौँ। पुरुषहरूका हात भने युगल विवाहलाई एकनिष्ठ विवाहसम्म पुऱ्याउनमा मात्र रह्यो; ऐतिहासिक दृष्टिले हेर्ने हो भने यस परिवर्तनले गर्दा वास्तवमा नारीको स्थिति पहिलेभन्दा नराम्रो भयो र पुरुषहरूलाई आफ्नी पत्नीलाई धोका दिन अझ सजिलो भयो। त्यसैले जब ती आर्थिक कारणहरू, जसले गर्दा नारीहरू पुरुषको धोका सहन बाध्य थिए, खतम हुन्छन्, अर्थात् स्त्रीहरूलाई आफ्नो जीविकाको प्रश्न र अझभन्दा पनि बढी आफ्ना बालबच्चाको भविष्यको चिन्ता रहनेछैन—र यस प्रकारले जब स्त्री र पुरुषको बीचमा वास्तविक समानता स्थापित हुनेछ, तब, सम्पूर्ण विगत अनुभवले के बताउँछ भने, यस समानताको परिणामस्वरूप नारीहरूको बहुविवाहलाई भन्दा पुरुषहरूको पत्नीव्रतलाई कता हो कता बढी सघाउ पुऱ्याउनेछ।

परन्तु एकनिष्ठ विवाहबाट निस्सन्देह ती सबै लाक्षणिक विशेषताहरू बिलाउनेछन्, जुन स्वामित्वका सम्बन्धहरूको उत्पत्तिको फलस्वरूप लादिएका

छन् अर्थात् गहिरो कुरा, पुरुषको आधिपत्य र दोस्रो कुरा, विवाह-सम्बन्ध विच्छेद गर्न असम्भाव्यता। दाम्पत्य जीवनमा पुरुषको आधिपत्य उसको आर्थिक आधिपत्यको सामान्य नतिजा हो र आर्थिक आधिपत्य नष्ट हुनासाथै यो कुरा पनि स्वतः बिलाएर जानेछ। विवाह-सम्बन्ध विच्छेद गर्नेमा स्वामहरू-को प्रतिबन्ध अंशतः ती आर्थिक परिस्थितिहरूको परिणाम हो, जसबाट एकनिष्ठ विवाहको उत्पत्ति भएको थियो, अंशतः त्यस बेलादेखि चल्दै आएको परम्परा हो, जब एकनिष्ठ विवाहसित यी आर्थिक परिस्थितिहरूको सम्बन्ध सही रूपमा बुझिएको थिएन र धर्मले यसको विकृत रूप नबनाएको थियो। विवाह-सम्बन्ध विच्छेदमाथि लगाएको यस प्रतिबन्धको आजै पनि हजारौं तरिकाले उल्लङ्घन गरिन्छ। यदि प्रेममा आधारित विवाह मात्रै नैतिक हुन्छ भने त्यसै बेलासम्म मात्र त्यस्ता विवाहहरूलाई नैतिक मान्न सकिन्छ, जबसम्म पारस्परिक प्रेम कायम रहन्छ। परन्तु व्यक्तिगत यौन-प्रेमको आवेगको अवधि प्रत्येक व्यक्तिको लागि र खासगरी पुरुषहरूको लागि बेग्लाबेग्लै हुन्छ र यो आवेग पूर्णतः बिलायो अथवा नयाँ प्रेमको अनुरागले यसको स्थान लियो भने पारस्परिक त्यस दम्पतिको सम्बन्धले समाजको लागि सबैभन्दा बरदान बन्न पुग्छ। केवल मानिसहरूलाई पारस्परिक सम्बन्धी मामिला बेहोर्नुपर्ने असाधारण अनेकौं बाट मात्र मुक्त पार्नुपर्दछ।

यस प्रकारले पूँजीवादी उत्पादनको भावी अन्त्यपश्चात नारी र पुरुषका बीचको सम्बन्धले कस्तो रूप लिनेछ भन्ने विषयमा हामी मूल रूपमा नकारात्मक अनुमानहरू मात्र गर्न सक्दछौं, अर्थात् हाम्रा यी अनुमानहरू मुख्यतया कुनकुन कुरा विलाउनेछन् भन्नेमै सीमित रहन्छन्। तर कस्ता नयाँ सम्बन्धहरूको स्थान लिनेछ? जब एक नयाँ पिढी, पुरुषहरूको त्यस्तो पिढी, जसले पैसा अथवा सत्ताका अन्य सामाजिक साधनहरूको मूल्यमा कदापि नारीको शरीर किनी हेर र नारीहरूको त्यस्तो पिढी, जो वास्तविक प्रेमबाहेक अन्य कुनै पनि कारणले पुरुषसमक्ष आत्मसमर्पण गर्न बाध्य हुनेछैन, आर्थिक परिणाम-स्वरूप आफ्नो प्रेमीसित यौन-सम्बन्ध राख्न बाध्य हुनेछैन, हुर्किनेछ, त्यसै बेला मात्र यस कुराको टुङ्गो लाग्नेछ। जब यी मानिसहरू पैदा भएछन् तिनीहरूले यी सब कुरा वास्ता गर्नेछैनन्, उनीहरू वर्तमान धारणाअनुसार उनीहरूले गर्नुपर्ने हुन्छ; आफ्नो व्यवहार कस्तो हुनुपर्दछ भन्ने कुरा उनीहरू आफैंलाई थाहा हुन्छ र उनीहरू आफैंले तदनुसार नै प्रत्येक व्यक्तिको व्यवहारबारे जनमतको निर्माण गर्नेछन् र त्यसैमा यस समस्या हल भइहाल्नेछ।



परन्तु, अब हामी मोर्गनको छलफलतिर फर्कौं, जसलाई हामी सार्वभौम प्रसङ्गबाट निकै टाढा छुटिसकेका छौं। सभ्य युगमा कुन सामाजिक संस्थाहरू विकसित भए, तिनको ऐतिहासिक अन्वेषण मोर्गनको पुस्तकको सीमाभन्दा बाहिरको कुरा हो। यसैले यस कालमा एकनिष्ठ विवाहले कस्तो रूप लियो भन्ने विषयमा उनले संक्षेपमा मात्रै चर्चा गरेका छन्। मोर्गन पनि एकनिष्ठ परिवारको भावी विकासलाई एक प्रगतिशील कदमको रूपमा लिन्छन्, नारी तथा पुरुषका बीचको पूर्ण समानतातर्फ लम्किने प्रक्रिया मान्दछन्, तर उनी यो लक्ष्य पूरा भइसकेको ठान्दैनन्। परन्तु मोर्गन भन्दछन्, "परिवारले अनेक प्रकार आफ्ना चार क्रमिक रूप गरिसकेको छ र अब पाँचौं रूपमा छ भन्ने तथ्य स्वीकार गर्छौं भने प्रश्न उठ्छ–के भविष्यमा यो रूप धेरै लामो अवधिसम्म टिक्न सक्नेछ? यसको एउटै मात्र उत्तर हुन सक्दछ–जस्तो अतीतमा भएको थियो त्यसै किसिमले सामाजिक विकासअनुसार यस रूपले पनि प्रगति गर्दै जानुपर्छ र समाजमा परिवर्तन हुँदै गएअनुसार यो रूप पनि बदलिँदै जानुपर्छ। निश्चित सामाजिक व्यवस्थाले जन्माएको यस रूपले त्यसै व्यवस्थाको विकासको स्थिति प्रतिबिम्बित गर्दछ। सभ्य युगको प्रारम्भ भएदेखि एकनिष्ठ परिवार धेरै परिष्कृत भइसकेको छ र आधुनिक युगमा यो कुरा विशेष उल्लेखनीय रूपमा देखिएको छ, यसैले भविष्यमा पनि यो कुरा अनुमान गर्न सकिन्छ भने परिवारको यस रूपले त्यस बेलासम्म विकास गर्दै जाने क्षमता राख्दछ, जबसम्म नारी र पुरुषको बीचमा पूर्ण समानता कायम हुनेछैन। सुदूर भविष्यमा एकनिष्ठ परिवार समाजका आवश्यकताहरूको पूर्ति गर्न असमर्थ साबित भएको अवस्थामा परिवारको कुन रूपले यसको स्थान लिने हो भन्ने कुराबारे अहिलेदेखि भविष्यवाणी गर्नु असम्भव छ" (५४)।

३

# इरोक्वा गोत्र

अब हामी मोर्गनको अर्को खोजतर्फ लागौं, जुन, कमसेकम पनि, रक्तसम्बन्धप्रथाको प्रणालीमा आधारित आदिम रूपको पुनर्रचना जत्तिकै महत्त्वपूर्ण छ। अमेरिकी इण्डियनहरूमा प्रजातिहरूभित्र रहेका जनावरको नाम राखिएका गणोत्रीय समूहहरू र युनानीहरूको genea तथा रोमनहरूको gentes आधारभूत रूपमा एउटै हुन्, यसको अमेरिकी रूप प्रारम्भिक हो र युनानी-रोमन रूप पछि देखापरेको हो, व्युत्पन्नात्मक हो; प्राचीन कालमा युनानीहरू र रोमनहरूमा पाइने सम्पूर्ण सामाजिक सङ्गठनहरू, गोत्रहरू, फ्राट्रीहरू (phratry— बान्धव समुदाय) तथा प्रजातिहरूमा र अमेरिकी इण्डियनहरूका सङ्गठनहरूमा पूर्ण समानता छ; गोत्र एक यस्तो सङ्गठन हो, जुन सभ्य युगमा प्रवेश गर्नुभन्दा पहिले र धेरै त्यसपछि पनि (अहिलेसम्म प्राप्त उपलब्ध स्रोतहरूबाट हामी थाहा पाउन सक्छौं) संसारका सबै बर्बर जातिहरूमा पाइन्छ; —यी सब कुरा मोर्गनले प्रमाणित गरे। यी कुरा प्रमाणित भएपछि युनान तथा रोमको प्राचीनतम इतिहासका सबभन्दा जटिल प्रश्नहरू एकैचोटि सुल्झिए र साथै यस खोजले हामीलाई अप्रत्याशित रूपमा आदिम कालका अर्थात् **राज्यको** प्रादुर्भाव हुनुभन्दा पहिलेको सामाजिक व्यवस्थाका आधारभूत विशेषताहरूबारे जानकारी दियो। एक पटक थाहा भइसकेपछि जतिसुकै सामान्य लागे तापनि, यो आविष्कार मोर्गनले भर्खरै मात्र गरेका थिए। सन् १८७१ मा प्रकाशित आफ्नो अघिल्लो पुस्तक (४९) मा उनले अझै यो रहस्य पत्ता लगाइसकेका थिएनन्। यस रहस्यको खोजीले वैज्ञानिकहरू प्रायः अति आत्माभिमानी अंग्रेज इतिहासका विशेषज्ञहरूलाई पनि केही समयसम्मको लागि मत पनि चुप लाग्न बाध्य तुल्याएको छ।

लातिन शब्द gens, जसलाई मोर्गनले यस गणोत्रीय समूहको लागि



सर्वत्र प्रयोग गरेका छन्, समानार्थक युनानी शब्द genos जस्तै सामान्य आर्य धातु gan (जुन जर्मन भाषामा आर्य भाषाको g बाट k बने झैं kan हुन्छ) बाट व्युत्पन्न भएको हो, जसको अर्थ हुन्छ "जन्माउनु"। Gens, genos, संस्कृत भाषाको "जनस", गोथिक भाषाको kuni (यो शब्द पनि उपर्युक्त नियमअनुसार नै बनेको हो), प्राचीन नोर्डिक तथा आङ्ग्ल-स्याक्सन भाषाको kyn, अङ्ग्रेजी भाषाको kin र मध्यकालीन जर्मन भाषाको künne — यी सबै शब्दहरूको एउटै अर्थ हुन्छ र त्यो हो, रक्त-सम्बन्ध, वंश। परन्तु लातिन भाषाको gens र युनानी भाषाको genos विशेष रूपले गणोत्रीय समूहको लागि प्रयोग गरिन्छ, जसले आफूलाई एउटै वंशबाट (यस प्रसङ्गमा एउटै पुर्खाबाट) उत्पत्ति भएकोमा गर्व गर्छ र जुन केही निश्चित सामाजिक एवम् धार्मिक संस्थाहरूमा बाँधिएर एक विशिष्ट जन-समुदाय बन्न गएको छ, परन्तु त्यसको उत्पत्ति र प्रकृतिबारे अहिलेसम्म पनि हाम्रा सबै इतिहासकारहरू अनभिज्ञ रहे।

प्रारम्भिक अवस्थामा गोत्रको रूप कस्तो थियो भन्ने कुरा हामीले पुनालुआ परिवारको प्रसङ्गमा नै देखिसकेका छौं। यस गोत्रमा ती सबै व्यक्तिहरू सम्मिलित थिए, जसबाट पुनालुआ विवाहको फलस्वरूप र त्यस विवाह प्रथाअन्तर्गत अनिवार्य रूपमा प्रचलित धारणाअनुसार एक निश्चित पुर्खा अर्थात् त्यस गोत्रको स्थापना गर्ने नारीको वर्तमान सन्ततिको वाधु-भवि बन्यो। परिवारको यस रूपमा बाबु को हो भन्ने कुरा निश्चित रूपमा निर्धारित हुन नसक्ने हुँदा नारीको नामबाटै वंशानुक्रम चल्दथ्यो। दाजु-भाइले आफ्ना दिदीबहिनीसित बिहे गर्न सक्दैनथे र केवल अन्य वंशका नारीसित मात्र विवाह गर्दथे, त्यसैले त्यस नारीबाट जन्मने बेटाबेटी मातृसत्ताको नियमअनुसार उक्त गोत्रको बाहिर रहन्थे। यस प्रकारले प्रत्येक पिँढीमा **छोरीहरूका** सन्तान मात्रै गोत्रमा बस्न पाउँथे र छोराहरूका सन्तानहरू आफ्ना आमाहरूका गोत्रका सदस्य बन्दथे। यस रक्तसम्बद्ध समुदायले एउटै प्रजातिभित्रका त्यस्तै अन्य समुदायहरूमध्ये एक विशिष्ट समुदायमा सङ्गठित भएपछि कस्तो रूप लियो?

मोर्गनले इरोक्वाइहरू र विशेषतः सेनेका प्रजातिको गोत्रलाई आदिम गोत्रको आदर्श रूप मानेका छन्। यस प्रजातिमा आठवटा गोत्रहरू छन् र प्रत्येक गोत्रलाई कुनै न कुनै पशुको नाम दिइएको छ, १) ब्वाँसो, २) भालु, ३) कछुवा, ४) बीभर, ५) मृग, ६) कुनाल, ७) बकुला, ८) बाज। प्रत्येक गोत्रमा निम्नलिखित प्रथाहरू प्रचलित छन्।

१) गोत्रले आफ्नो "साकेम" (अर्थात् शान्तिकालका अगुवा) र मुखिया (युद्धकालका सेनापति) छान्दथ्यो। साकेम गोत्रबाट नै छानिन्छ र गोत्रभित्र वंशानुक्रमअनुसार त्यस पदको पूर्ति गरिन्थ्यो, त्यो पद खाली हुनासाथ यथासम्भव चाँडो व्यक्ति त्यस पदमा राखिन्थ्यो। युद्धकालका सेनापति गोत्रबाहिरबाट पनि छानिन सक्थे र केही समयको लागि यो पद खाली पनि रहन सक्दथ्यो। अघिल्लो साकेमको छोरो कहिल्यै पनि साकेमको रूपमा निर्वाचित हुन सक्दैनथ्यो, किनभने इरोक्वा जातिमा मातृसत्ता प्रचलित भएकाले छोरो अर्कै गोत्रको सदस्य हुन्थ्यो। परन्तु प्रायः अधिकांशतः साकेमका भाइ अथवा उनकी बहिनीका छोरा साकेमको रूपमा निर्वाचित हुन्थे। चुनावमा पुरुषनारी सबैले भाग लिन्थे। तर यस प्रकारले निर्वाचित हुने व्यक्तिको अनुमोदन बाँकी सातै गोत्रहरूले गर्नु आवश्यक हुन्थ्यो र त्यसपश्चात् मात्र निर्वाचित व्यक्तिले विधिवत् आफ्नो पद ग्रहण गर्दथ्यो। यो काम सम्पूर्ण इरोक्वा जातिको महापरिषद्ले गर्दथ्यो। यस कार्यको महत्त्व पछि गएर स्पष्ट हुनेछ। गोत्रभित्र साकेमको अधिकार पिताको जस्तो हुन्थ्यो र त्यो विशुद्ध नैतिक चरित्रको हुन्थ्यो। उसँग दमनको कुनै साधन हुँदैनथ्यो। यसको अतिरिक्त ऊ सेनेका प्रजातीय परिषद्को साथै इरोक्वा जातिको महापरिषद्को पनि पदेन सदस्य हुन्थ्यो। सामरिक सेनापतिले चाहिँ सैनिक अभियानको समयमा मात्रै आदेश दिन सक्दथ्यो।

२) गोत्रले साकेम र युद्धकालीन सेनापतिलाई आफ्नो इच्छाअनुसार हटाउन सक्दथ्यो। त्यस्तो निर्णय पनि सम्पूर्ण गोत्रका स्त्रीपुरुष सबै मिलेर गर्दथे। यसरी पदबाट हटाइएका व्यक्तिहरू गोत्रका अन्य सदस्यहरूजस्तै साधारण योद्धा तथा सामान्य व्यक्ति बन्दथे। प्रजातीय परिषद्ले गोत्रको इच्छाविरुद्ध समेत साकेमलाई उसको पदबाट हटाउन सक्दथ्यो।

३) गोत्रको कुनै पनि सदस्यले गोत्रभित्र विवाह गर्न पाउँदैनथ्यो। यो गोत्रको मूल नियम थियो, जसले सम्पूर्ण गोत्रलाई एकबद्ध तुल्याउने हुन्थ्यो; यस नकारात्मक रूपबाट वास्तवमा एक अति निश्चित रक्तसम्बन्धको अभिव्यक्ति पाइन्थ्यो, जसको माध्यमबाट यस समुदायमा एकत्रित व्यक्तिहरू एक गोत्रको रूपमा सङ्गठित थिए। यस सामान्य तथ्यको आविष्कारद्वारा मोर्गनले पहिलो पटक गोत्रको वास्तविक सारको उद्घाटन गरे। मानिसहरूलाई अहिलेसम्म यस सारको कति कम ज्ञान रहेछ भन्ने कुरा जङ्गली तथा बर्बर जातिहरूसम्बन्धी यो विगत विवरणहरूबाट ज्ञात हुन्छ, जसमा गोत्र प्रथाको गठनका प्रथम बनेका विभिन्न समुदायहरूलाई बिनाकुनै



सोचविचार गल्तीले त्यसमा मिसाइदिएका थिए र यस्ता समुदायहरूलाई प्रजाति, कुटुम्ब, "थुम" इत्यादि भनी वर्णन गर्दै र यस्ता समुदायहरूभित्र विवाहसम्बन्ध प्रतिबन्धित छ भन्ने कुरा पनि प्रायः बताइन्थ्यो। यसै कारणले त्यो अस्पष्टता पैदा हुन गयो, जसले गर्दा महाशय मक-लेनन्ले नेपोलियनले जस्तो बनेर आदेश गरे र आफ्नो फरमानद्वारा सबै प्रजातिहरू दुई श्रेणीमा विभाजित भए, एक प्रजाति, जसमा आन्तरिक विवाह-सम्बन्ध प्रतिबन्धित थियो (बाह्यविवाही) र अर्को त्यस्तो प्रजाति, जसभित्र विवाह गर्न अनुमति थियो (अन्तर्विवाही)। अन्त्यमा यसरी कुरा पूरा अलमल्याएर मक-लेनन् यो दुई अनर्थक श्रेणीहरूमध्ये कुन चाहिँ पुरानो हो — अन्तर्विवाही श्रेणी अथवा बाह्यविवाही भन्ने जस्तो गहन वैचारिक अनुसन्धानमा फसे र यस प्रकारले रक्तसम्बन्धमा आधारित गोत्रको उद्घाटन तथा यस गोत्रका सदस्यहरूको बीचमा विवाहसम्बन्ध असम्भव छ भन्ने निष्कर्षमा यो सम्पूर्ण निरर्थक कुराहरू स्वतः बिलाए। स्पष्ट छ, विकासको त्यस चरणमा, जुन चरणमा हामीले इरोक्वा जातिलाई भेट्टायौं, गोत्रभित्र विवाह-सम्बन्ध पूर्णतः प्रतिबन्धित थियो।

४) मृत व्यक्तिको सम्पत्ति गोत्रका बाँकी सदस्यहरूको बीचमा बाँडिन्थ्यो, त्यो सम्पत्ति गोत्रभित्रै रहनुपर्दथ्यो। एक इरोक्वाले छोडेर गएको सम्पत्ति धेरै कम हुन्थ्यो, त्यसैले गोत्रभित्रका उसका निकटतम सम्बन्धीहरूको बीचमा यो सम्पत्ति बाँडिन्थ्यो। कुनै पुरुष मर्दा उसका सहोदर दाजुभाइ दिदीबहिनीहरू र मामाहरूका बीचमा उसको सम्पत्ति बाँडिन्थ्यो; नारीको मृत्यु हुँदा तिनका छोराछोरीहरू र आफ्नै दिदीबहिनीहरूका बीचमा (तर दाजुभाइहरूका बीचमा होइन) तिनको सम्पत्ति बाँडिन्थ्यो। यसै कारणले लोग्ने र स्वास्नीले एक अर्काबाट उत्तराधिकार पाउँदैनथे, छोराछोरीले बाबुको सम्पत्ति उत्तराधिकारस्वरूप पाउन सक्दैनथे।

५) एक अर्कालाई मदत गर्नु, एक अर्काको संरक्षण गर्नु र बाहिरका मान्छेले पुऱ्याएको क्षतिको बदला लिनमा सहयोग पुऱ्याउनु गोत्रका प्रत्येक सदस्यको कर्तव्य हुन्थ्यो। प्रत्येक व्यक्ति आफ्नो सुरक्षाको लागि गोत्रमाथि भर पर्न सक्दथ्यो र भर पर्थ्यो पनि। कसैले गोत्रको कुनै सदस्यमाथि प्रहार गर्नु भने त्यो सम्पूर्ण गोत्रमाथि नै प्रहार ठानिन्थ्यो। गोत्रको यस रक्तसम्बन्धले रक्तप्रतिशोधको प्रादुर्भाव गरायो र यस कर्तव्यलाई इरोक्वाहरू निर्विवाद मान्यता दिन्थे। यदि गोत्रका कुनै सदस्यलाई कुनै अर्को गोत्रको मानिसले मार्यो भने रक्तप्रतिशोधद्वारा त्यसको उत्तर दिन सम्पूर्ण गोत्रको

कर्तव्य हुन्थ्यो। त्यसमा त मेलमिलाप गराउने प्रयास गरिन्थ्यो ; हत्याराको गोत्रको परिषद् बोला हुन्थ्यो र हत व्यक्तिको गोत्रको परिषद्लाई यो अगाडि मेलमिलापद्वारा छिनाफाना गर्ने प्रस्ताव राखथ्यो, प्रायशः उक्त घटनाप्रति खेद प्रकट गरिन्थ्यो र केही मूल्यवान उपहारहरू पठाइन्थ्यो। यो प्रस्ताव स्वीकार गरियो भने यहीं त्यस विवादको टुङ्गो लाग्थ्यो। अन्यथा हत व्यक्तिको गोत्रले आफ्नो एक वा एकभन्दा बढी सदस्यहरूलाई हत्याको बदला लिन नियुक्त गर्दथ्यो, उनीहरूले हत्याराको पिछा गर्नुपर्दथ्यो र उसको हत्या गर्नुपर्दथ्यो। यो काम पूरा भयो भने हत व्यक्तिको गोत्रले गुनासो गर्न पाउँदैनथ्यो र यो झगडा छिनाफाना भएको मानिन्थ्यो।

६) गोत्रका आफ्नै निश्चित नामहरू हुन्थे अथवा नामहरूको एक निर्दिष्ट शृङ्खला हुन्थ्यो र सम्पूर्ण प्रजातिमा एउटै बेला कोहीले पनि नामहरूको प्रयोग गर्न सक्दथ्यो, त्यसैले कुनै व्यक्ति विशेषको नामले ऊ कुन गोत्रको सदस्य हो भन्ने कुरा देखाउँदथ्यो। गोत्रीय नामसँग गोत्रीय अधिकार अविच्छिन्न रूपमा सम्बन्धित हुन्थ्यो।

७) गोत्रले गोत्रबाहिरका मानिसहरूलाई आफ्नो गोत्रमा अपनाउन सक्दथ्यो र त्यो व्यक्ति सम्पूर्ण प्रजातिको सदस्य मानिन्थ्यो। ती युद्धबन्दीहरू, जो लडाईंमा मारिएका थिएनन्, कुनै एउटा गोत्रको सदस्य बन्थे र यस प्रकारले उनीहरूले त्यस गोत्र र सम्पूर्ण प्रजातिको सदस्य अधिकारहरू प्राप्त गर्दथे। गोत्रका कुनै सदस्यको अनुरोधमा यस्तो सदस्यता प्रदान गरिन्थ्यो। गोत्रका कुनै पुरुषले बाहिरबाट भाइलाई भाइ अथवा बाहिरीको रूपमा स्वीकार गर्दथ्यो अथवा गोत्रको कुनै नारीले कुनै व्यक्तिलाई छोरा वा छोरीको रूपमा स्वीकार गर्दथिन्। गोत्रले त्यस व्यक्तिलाई एक विशेष समारोहमा सदस्यता प्रदान गर्दथ्यो। विशिष्ट अवस्थामा कुनै गोत्रको सदस्य सङ्ख्या निकै घट्यो भने त्यसले प्रायशः अन्य गोत्रहरूका सदस्यहरूलाई ती गोत्रहरूको सहमति-सहित सामूहिक रूपमा सदस्यता प्रदान गर्दथे र यस प्रकारले त्यो गोत्र फेरि शक्तिशाली रूपमा पुनरुत्थान हुन्थ्यो। इरोक्वाइहरू प्रजातीय परिषद्को खास सभामा बाहिरका मानिसहरूलाई सदस्यता प्रदान गर्दथे र यस्ता सभाहरूले धार्मिक समारोहको रूप लिन्थे।

८) इण्डियन गोत्रहरूमा विशिष्ट धार्मिक समारोहहरू अस्तित्वमा थिए वा थिएनन् भन्ने कुरा ठम्याउन गाह्रो छ। परन्तु इण्डियनहरूका धार्मिक चाडपर्वहरू प्रायशः गोत्रसित सम्बन्धित छन्। इरोक्वा जातिका छवटा



वार्षिक धार्मिक समारोहहरूमा विभिन्न गोत्रहरूका साखेमहरू र प्रायशः सेनानायकहरू पनि 'धर्मरक्षक' मानिन्थे र पुरोहितको काम गर्दथे।

९) प्रत्येक गोत्रको सामूहिक मसान हुन्छ। न्यूयोर्क राज्यका इरोक्वा-हरूको पनि आफ्नै सामूहिक मसान थियो, तर गोराहरूले उनीहरूलाई चारैतिरबाट घेर्दै लगे र हाल यो मसान अस्तित्वमा छैन। कतिपय इण्डियन जातिहरूका यहाँ पनि यस्ता मसानहरू विद्यमान छन्, उदाहरणार्थ, इरोक्वा-हरूसित घनिष्ठ रूपमा सम्बन्धित टुस्कारोरा जाति यद्यपि इसाई धर्मावलम्बी भए तापनि उनीहरूको मसानमा प्रत्येक गोत्रको लागि बेग्लाबेग्लै पङ्क्तिहरू छुट्याइएका हुन्छन् र यस्ता चिहानहरूमा आमाको नाम खोपिएको ढुङ्गामा ने छोराछोरीको पनि नाम खोपिन्छ, तर बाबुको नामचाहिं त्यहाँ खोपिँदैन। इरोक्वा जातिमा पनि गोत्रका सबै सदस्यहरू अन्त्येष्टिमा भेला हुन्छन्, मातम गर्दछन्, चिहानको हेरविचार गर्दछन्, इत्यादि।

१०) गोत्रको एक परिषद् हुन्छ। यो गोत्रका वयस्क पुरुष, सबै वयस्क स्त्रीहरू सम्मिलित भएको जनसभा हो। त्यस्तो जनसभाले साखेमहरू तथा सेनानायकहरूलाई छान्ने र हटाउने काम गर्दथ्यो भने "धर्मरक्षक" हरूलाई छान्ने र हटाउने काम गर्दथ्यो। त्यही जनसभाले गोत्रका मारिएका सदस्यहरू बापत जरिवाना (वैम्पेम) लिएपछि ही बदला लिनुपर्दछ कि भन्ने निर्णय गर्दथ्यो। बाहिरका मानिसहरूलाई सदस्यता प्रदान गर्ने काम पनि यसै जनसभाले गर्दथ्यो। संक्षेपमा भन्ने हो भने जनसभा गोत्रको सर्वोच्च सत्ता थियो।

यिनै हुन सामान्य इण्डियन गोत्रका अधिकारहरू।

"गोत्रका सबै सदस्यहरू स्वतन्त्र व्यक्तिहरू हुन् र एकअर्काको स्वतन्त्रताको रक्षा गर्नु उनीहरूको कर्तव्य हो ; सबै सदस्यहरूले समान व्यक्तिगत अधिकार-को उपभोग गर्दछन्—न साखेम, न त सेनापतिले नै कुनै विशेषाधिकार पाएको हुन्छ। रक्त सम्बन्धमा बाँधिएका यी सबै मानिसहरू एउटै बान्धव समुदायका सदस्यहरू हुन्। स्वतन्त्रता, समानता, बन्धुत्व इत्यादि सिद्धान्तको कहिल्यै घोषित नभए तापनि गोत्रका मूल सिद्धान्तहरूको रूपमा थिए। अनि गोत्रचाहिं सम्पूर्ण सामाजिक व्यवस्थाको एकाइ थियो, सङ्गठित इण्डियन समाजको आधार थियो। आत्मसम्मान र स्वतन्त्रताको त्यो भावना, जुन सर्वत्र इण्डियनहरूको चरित्रको विशेषता मानिएको छ, यसैको उपज हो"। (५६)

अमेरिका पत्ता लाग्ने समयमा सम्पूर्ण उत्तरी अमेरिकाका इण्डियनहरू

मातृसत्ताको आधारमा गोत्रहरूमा संगठित थिए। इरोक्वाहरूका थोरै प्रजाति-हरूमा मात्रै गोत्रप्रथाको पतन भयो र ओड्जिब्वा र पोटावाटामी अन्य केही प्रजातिहरूमा उनीहरू पितृसत्तानुसार संगठित हुन्छ।

पाँच-छवटा गोत्र भएका अमेरिकी इण्डियन प्रजातिहरूमा हामी तीन, चार अथवा अझ बढी गोत्रहरूलाई एकबद्ध पार्ने विशिष्ट समूहहरू भेट्टाउँदछौं। मोर्गनले इण्डियन नामलाई यसखाले ठीकै पुरानो भाषाको अनुवाद गरेर यस विशिष्ट समूहलाई "फ्राट्री" (phratry अथवा भ्रातृत्व समुदाय) भनेका छन्। यस प्रकारले सेनेका प्रजातिमा दुइ फ्राट्रीहरू छन्; पहिला समूहमा पहिला चारवटा गोत्रहरू सम्मिलित छन् भने दोस्रोमा पछिल्ला चारवटा। बढी गहन अनुसन्धान गर्दा के कुरा थाहा पाइन्छ भने प्रायः यी फ्राट्रीहरू नै ती प्रारम्भिक गोत्रहरू हुन्, जसबाट शुरूमा प्रजाति विभाजित भएको थियो। किनभने गोत्रभित्र विवाह-सम्बन्ध जोड्न प्रतिबन्ध लगाइँदा, प्रत्येक प्रजातिभित्र त्यसले आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्नको लागि कम्तीमा पनि दुइवटा गोत्रहरू सम्मिलित हुनु आवश्यक थियो। प्रजाति वृद्धि हुँदै गएअनुसार त्यसभित्रको प्रत्येक गोत्र दुइ वा दुइभन्दा बढी गोत्रहरूमा विभाजित भए र अहिले विभाजित भएका गोत्रहरूले अहिले स्वतन्त्र रूप लिएका छन्, जबकि त्यस प्रारम्भिक गोत्रले, जसअन्तर्गत सबै सन्तति गोत्रहरू सम्मिलित छन्, अब फ्राट्रीको रूपमा आफ्नो अस्तित्व कायम राखेको छ। सेनेका प्रजातिमा तथा अन्य बहुसंख्यक इण्डियनहरूमा भित्रमा एउटा फ्राट्री-अन्तर्गतका गोत्रहरू बन्धु गोत्रहरू मानिन्छन् र अर्को फ्राट्रीका गोत्रहरू उनीहरूका लागि चचेरा गोत्र मानिन्छन्। हामीले माथि नै देखिसकेका छौं रक्तसम्बन्धहरूको अमेरिकी प्रणालीमा यी नामहरूको वास्तविक र अति अर्थपूर्ण अर्थ हुन्छ। शुरूमा त सेनेका प्रजातिको कुनै पनि सदस्यले आफ्नो फ्राट्रीभित्रसमेत विवाह-सम्बन्ध जोड्न पाउँदैनथ्यो, तर यो प्रथा धेरै पहिले नै अप्रचलनबाट हट्न गयो र अब त्यो गोत्रभित्र मात्र लागू हुन्छ। सेनेका प्रजातिमा प्रचलित किंवदन्तीअनुसार 'भालु' र 'मृग' ती दुइ प्रारम्भिक गोत्रहरू थिए, जसबाट अन्य गोत्रहरू पैदा भए। यस नयाँ संगठनले जरा किसाउनेपछि, आवश्यकताअनुसार यस संगठनमा परिवर्तन हुन थाल्यो। एउटा फ्राट्रीका गोत्रहरू नष्ट भए भने सन्तुलन कायम राख्नको लागि कहिले-काहिं अन्य फ्राट्रीका सिंगै गोत्रहरू त्यस समाजमा सारिन्थे। यसै कारण हामी विभिन्न प्रजातिहरूका फ्राट्रीहरूमा एउटै नामका अनेक गोत्रहरूका विभिन्न समूहहरूमा संगठन पाउँदछौं।



इरोक्वा जातिमा फ्राट्रीका कार्यहरू कुनै भागमा सामाजिक र कुनै भागमा धार्मिक हुन्छन्। १) बलुको खेलमा एउटा फ्राट्रीले अर्को फ्राट्रीको विरुद्ध खेल्दछ। प्रत्येक समाजले आफ्नो तर्फबाट सबभन्दा राम्रा खेलाडी-हरूलाई पठाउँदछन्। समाजका अन्य सदस्यहरू दर्शक बनेका हुन्छन् र दर्शकहरू पनि सामाजिक विभाजनअनुसार नै बसेका हुन्छन्। एक फ्राट्रीका सदस्यले अर्को फ्राट्रीको सदस्यसित आफ्नो खेलाडीको विजयको लागि बाजी थाप्दछ। २) प्रजाति-परिषद्मा प्रत्येक फ्राट्रीका साकेमहरू र सेनानायकहरू सँगसँगै बस्दछन्, एउटा समूह अर्कोको अभिमुख बस्दछ र प्रत्येक वक्ताले बोल्दा एउटा समाजको प्रतिनिधिलाई अर्को समाजको प्रतिनिधिबाट छुट्याएर सम्बोधन गर्दछ। ३) यदि प्रजातिमा कसैको हत्या गरियो र हत्यारा र हत व्यक्ति एउटै फ्राट्रीका सदस्य होइनन् भने जुन गोत्रको सदस्यको हत्या गरिएको छ, त्यस गोत्रले आफ्ना बन्धु गोत्रहरूसित अपील गर्दथ्यो। ती गोत्र-हरूले आफ्नो फ्राट्रीको परिषद्को सभा डाक्दथे, अर्को फ्राट्रीसित एक समूहको रूपमा कुराकानी शुरू गर्दथे र विवाद सुल्झाउन अर्को फ्राट्रीले पनि आफ्नो परिषद्को बैठक डाकोस् भन्ने अनुरोध गर्दथे। यस प्रकारले, फ्राट्री फेरि प्रारम्भिक गोत्रको रूपमा देखापर्दछ र यस फ्राट्रीबाट निस्केको गोत्रभन्दा पूरै समूहमा बढी शक्तिशाली हुन्छ र उसले विवादमा सफलता प्राप्त गर्ने बढी सम्भावना राख्दछ। ४) कुनै फ्राट्रीको महत्वपूर्ण व्यक्तिको मृत्यु भएको खण्डमा अर्को फ्राट्रीले अन्त्येष्टिसम्बन्धी सम्पूर्ण जिम्मा आफ्नो हातमा लिन्थ्यो र मृत व्यक्तिको फ्राट्रीका सदस्यहरूले अन्त्येष्टिमा उक्त व्यक्तिका शोकग्रस्तहरूको रूपमा भाग लिन्थे। साकेम मर्दा अर्को फ्राट्रीले इरोक्वा महापरिषद्लाई साकेमको पद रिक्त भएको सूचना दिन्थ्यो। ५) साकेमको चुनावमा पनि फ्राट्री परिषद् नै सामुन्ने आउँथ्यो। बन्धु गोत्रहरूद्वारा यस चुनावको अनुमोदनलाई स्वाभाविक कुरा ठानिन्थ्यो, तर अर्को फ्राट्रीका गोत्रहरूले विरोध गर्न सक्दथे। यस्तो अवस्थामा उक्त फ्राट्रीको परिषद् बोलाइन्थ्यो र परिषद्ले विरोध सही हो भन्ने ठहऱ्यायो भने उक्त चुनावको नतिजा रद्द गरिन्थ्यो। ६) पहिले इरोक्वाहरू विशिष्ट गोप्य धार्मिक समारोहहरू मनाउने गर्दथे, त्यस्ता समारोहहरूलाई गोराहरूले medicine-lodges (झाँक्रीहरूको बैठक) भन्ने गर्दथे। सेनेका प्रजातिमा दुइ धार्मिक संस्थाहरूले यस्ता समारोहहरूको आयोजना गर्दथे र त्यस्ता समारोहहरूमा नयाँ सदस्यता प्रदान गर्ने विशेष नियमहरूको पालना गरिन्थ्यो; प्रत्येक फ्राट्रीको आफ्नो आफ्नै सभा हुन्थ्यो। ७) कुर्जोलीले विजयको समयमा (४७)

तस्काटल्याण्डका चार्य खण्डमा जारवटा lineages (रक्तसम्बद्ध समुदायहरू) अस्तवे र ती जारवटा फाट्रीहरूका रूपमा लिए भने, कुन कुरा स्वाथम निश्चित नै छ, यसले युनानीहरूको फ्राट्रीजस्तै र जर्मनहरूमा विद्यमान रक्तसम्बद्ध समुदायहरूजस्तै यहाँ पनि फ्राट्रीहरूले सैनिक टुकडीहरूको भूमिका पूरा गर्दथे भन्ने कुरा प्रमाणित गर्दछ। यी जारवटा lineages लडाईमा जान्थे, प्रत्येक बेग्लै सैनिक टुकडीको रूपमा रहन्थ्यो र प्रत्येकको आफ्नै बेग्लै वर्दी, बेग्लै झण्डा र बेग्लै नेता हुन्थ्यो।

जसरी केही गोत्रहरू मिलेर फ्राट्री बन्दछ, त्यसैगरी केही फ्राट्रीहरू मिलेर, यदि उनको क्लासिकल रूप लिने हो भने, प्रजाति बन्दछ। केही अवस्थाहरूमा केही कमजोर प्रजातिहरूमा बीचको तह अर्थात् फ्राट्री हुँदैन। अमेरिकाका कुनै पनि इण्डियन प्रजातिका लाक्षणिक विशेषताहरू के के हुन् त?

१) प्रत्येक प्रजातिको आफ्नै खास इलाका र खास नाम हुन्थ्यो। प्रत्येक प्रजातिको लागि आफूले बसोबास गर्ने खास इलाकाका अतिरिक्त शिकार खेल्न र माछा मार्नको लागि पनि ठूलो भूभाग छुट्टयाइएको हुन्थ्यो। यस इलाकाबाहिर निकै ठूलो तटस्थ भूमि हुन्थ्यो र यो भूमि अर्को प्रजातिको इलाकासम्म फैलिएको हुन्थ्यो। यदि दुई प्रजातिहरूको भाषा मिल्दोजुल्दो हुन्थ्यो भने उनीहरूका बीचको तटस्थ भूमि तुलनात्मक रूपमा सानो हुन्थ्यो र दुई प्रजातिहरूको भाषा नमिलेको खण्डमा यो भूमि निकै फराकिलो हुन्थ्यो। जर्मनहरूका सीमावर्ती जङ्गलहरू अर्थात् त्यो विरानो प्रदेश, जसलाई सेजरका प्रतिनिधि स्वेवी जातिले आफ्नो इलाकाका वरिपरि बनाएका थिए; डेनमार्क र जर्मनीका बीचको Isarnholt (डेनिस भाषामा jarnved, limes Danicus) जर्मनहरू र स्लाभियालीहरूलाई छुट्टयाउने स्याक्सोनियाका जङ्गलहरू र branibor (स्लाभियाली भाषामा सुरक्षा-जङ्गल), जसबाट ब्रान्डेनबुर्ग नाम उत्पन्न भएको हो — यी सबै यस्तै तटस्थ भूमिका उदाहरणहरू हुन्। यस्ता अस्पष्ट सिमानाहरूद्वारा छुट्टयाइएको क्षेत्र दुवै प्रजातिहरूको सामूहिक जमिन मानिन्थ्यो, छिमेकका प्रजातिहरूले यसै रूपमा मान्यता दिन्थे र प्रजातिले नै यस क्षेत्रलाई बाह्य आक्रमणबाट रक्षा गर्दथ्यो। आफ्नो जनसङ्ख्याको धेरै ठूलो वृद्धि भएपछि मात्र यस अस्पष्टताले व्यावहारिक कठिनाइ उत्पन्न गराउँथ्यो। प्रजातिको नामचाहिँ सोचविचार गरेरभन्दा संयोगवश नै राखिएको हो भन्ने बढी सम्भावना छ। समय बित्दै जाँदा प्रायः कुनै प्रजातिले आफ्नो लागि कुनै निश्चित नाम प्रयोग गर्ने तापनि छिमेकी प्रजातिले कुनै अर्कै नामले त्यस प्रजातिलाई बोलाउन सक्दथ्यो। उदाहरणको लागि



जर्मनहरूलाई (die Deutschen) उनीहरूको व्यापक रूपमा प्रचलित पहिलो ऐतिहासिक नाम "जर्मनहरू" (Germanen) केल्टहरूले राखेका थिए।

२) प्रत्येक प्रजातिको आफ्नै भाषिका हुन्छ। व्यवहारमा प्रजाति र भाषिकाको विस्तार प्रायः एकैसाथ हुने गर्दछ। अमेरिकामा विभाजनद्वारा प्रजातिहरू र भाषिकाहरूको नवनिर्माण प्रक्रिया केही समयअगाडिसम्म पनि जारी थियो र शायद अहिले पनि यो प्रक्रिया बन्द भइसकेको छैन। जब दुई सङ्ख्यात्मक रूपमा कमजोर प्रजातिहरू एउटै प्रजातिमा गाभिन्छन्, त्यस अवस्थामा एउटै प्रजातिभित्र पनि अपवादस्वरूप दुई मिल्दाजुल्दा भाषिकाहरूमा बोलिन्छन्। अमेरिकी प्रजातिहरूको औसत जनसङ्ख्या २,००० भन्दा कम छ। परन्तु चिरोकी प्रजातिमा २६,००० मानिस छन् र यो संयुक्त राज्य अमेरिकामा एउटै भाषिकामा कुरा गर्ने इण्डियनहरूको सबैभन्दा ठूलो सङ्ख्या हो।

३) प्रजातिहरूले गोत्रहरूका निर्वाचित साचेमहरू र सेनानायकहरूलाई एक विशेष समारोहमा पदारोहरण गराउने अधिकार प्राप्त गरेका हुन्छन्।

४) यी साचेमहरू तथा सेनानायकहरूलाई उनीहरूका गोत्रहरूको इच्छाविरुद्ध पनि पदच्युत गर्ने अधिकार प्राप्त छ। यी साचेम तथा सेनानायकहरू प्रजातीय परिषद्का सदस्य हुन्छन्, जसले उनीहरूको सम्बन्धमा प्रजातिलाई यस्तो अधिकार प्राप्त हुनु स्वाभाविक हो। जहाँ प्रजातिहरूको सङ्घ गठित भएको हुन्छ र त्यस सङ्घमा सम्मिलित सबै प्रजातिहरूले प्रजातीय महापरिषद्मा प्रतिनिधित्व गरेका हुन्छन्, त्यहाँ यी अधिकारहरू महापरिषद्को हातमा जान्छन्।

५) सबै प्रजातिहरूका धार्मिक धारणाहरू (पौराणिक कथाहरू) हुन्छन् र सबै एकै किसिमले नाचपूजा गर्दछन्। "इण्डियनहरू आफ्नै बर्बर तरिकाले धर्मभीरु थिए" (५८)।

इण्डियनहरूका पौराणिक कथाहरूको समीक्षात्मक अध्ययन अझै भैसकेको छैन। उनीहरूले आफ्ना धार्मिक विचारहरू तथा नानाथरीका भूतप्रेतहरूलाई मानव रूप दिएका थिए, परन्तु बर्बर युगको तल्लो अवस्थामा उनीहरू थिए, त्यस अवस्थामा उनीहरूले अझै मूर्त चित्रण गर्ने अर्थात् तथाकथित मूर्ति बनाउन सिकिसकेका थिएनन्। त्यो प्रकृति तथा प्राकृतिक शक्तिको पूजा थियो, जसले शनैःशनैः बहुदेववादतर्फ विकास गर्दै थियो। विभिन्न प्रजातिहरूका आफ्ना नियमित चाडपर्वहरू हुन्थे जसमा, विशेषगरी नृत्य तथा खेलकुदद्वारा, निश्चित पूजापाठ गरिन्थ्यो। खासगरी नृत्यहरू सबै प्रकारका

धार्मिक समारोहहरूका आवश्यक अङ्गको रूपमा रहन्थे; प्रत्येक प्रजातिले आफ्ना चाडपर्वहरू अलग्गै मनाउँथे।

६) सामूहिक समस्याहरूमाथि छलफल गर्नको लागि प्रजातिको आफ्नै परिषद् हुन्थ्यो। त्यस परिषद्मा अलगअलग गोत्रका सम्पूर्ण सरदारहरू तथा सेनानायकहरू सम्मिलित हुन्थे, जो तिनीहरूका वास्तविक प्रतिनिधि हुन्थे, किनभने तिनीहरूलाई जुनसुकै समयमा पनि आफ्नो पदबाट हटाउन सकिन्थ्यो; त्यस्तो परिषद्को बैठक प्रजातिका बाँकी सबै प्रकारका सदस्यहरूको उपस्थितिमा सार्वजनिक रूपमा बस्थ्यो, जुन सदस्यहरूलाई छलफलमा भाग लिने र आफ्नो विचार व्यक्त गर्ने अधिकार थियो; निर्णय परिषद्ले लिन्थ्यो। सामान्यतया, आफ्नो इच्छाअनुसार प्रत्येक उपस्थित व्यक्तिले आफ्नो विचार व्यक्त गर्न सक्दथ्यो; स्त्री महिलाहरूले पनि उनीहरूद्वारा नियोजित वक्तामार्फत आफ्नो विचार प्रस्तुत गर्न सक्दथे। इरोक्वा जातिमा अन्तिम निर्णय लिन सबैको एकमत हुनु आवश्यक हुन्थ्यो। जर्मनीका मार्क समुदाय-हरूमा पनि कुनै प्रस्तावसम्बन्धी निर्णय लिनुपर्दा यही कुरा लागू हुन्थ्यो। खासगरी: अन्य प्रजातिहरूसँगका सम्बन्धहरूको नियमन गर्नेजस्ता कामहरू पनि प्रजातीय परिषद्को अधिकार क्षेत्रअन्तर्गत पर्दथे; परिषद्ले अन्य प्रजातिहरूकहाँ आफ्ना दूत पठाउने र अन्य प्रजातिहरूबाट आएका दूतहरूलाई स्वागत गर्ने, युद्धको घोषणा गर्ने र शान्ति सन्धि गर्ने काम गर्दथ्यो। युद्धको स्थिति खडा भएको खण्डमा अधिकतर त्यस्तो युद्धमा स्वयंसेवकहरूले भाग लिन्थे। प्रायशः प्रत्येक प्रजातिले अन्य जुनसुकै प्रजातिहरूसँग सबै प्रकारका शान्ति सम्झौताहरू नगरेसम्म तिनीहरूसँग युद्धावस्थामा रहेको मानिन्थ्यो। त्यस्ता वैरीहरूविरुद्ध सामरिक अभियानहरू एकाध महान योद्धाहरूले सञ्चालन गर्दथे; उनीहरू सैनिक नृत्यको आयोजना गर्दथे र त्यस नृत्यमा भाग लिने प्रत्येक व्यक्तिले त्यसैबाट अभियानमा आफ्नो सहभागिता व्यक्त गरेको मानिन्थ्यो। तत्कालै तुरुन्तै सैनिक दस्ताको गठन गरिन्थ्यो र अभियानको प्रारम्भ हुन्थ्यो। त्यसैगरी प्रजातिको भूभागमा रहेका इलाकाको सुरक्षाको लागि पनि अधिकतर स्वयंसेवकहरूलाई आह्वान गरिन्थ्यो। यस्ता दलहरू अभियानमा प्रस्थान गर्दा र त्यहाँबाट फर्केर आउँदा पनि सामाजिक समारोहका साथ सम्पन्न गरिन्थ्यो। यस्ता अभियानहरूका लागि प्रजातीय परिषद्को अनुमतिको आवश्यकता पर्दैनथ्यो, कसैले त्यस्तो अनुमतिको माग पनि गर्दैन-थ्यो र उनीलाई दिँदैनथ्यो पनि। टासिटस (५६) को वर्णनअनुसार जर्मन सामन्ती सरदारहरूका निजी सामरिक अभियानहरू र यस कुरामा पूर्ण सादृश्य



छ, फरक केवल यति मात्र हो कि जर्मनीका यस्ता सहयोगीहरूले बढी स्थायी चरित्र धारण गरिसकेका छन् अर्थात् तिनले आफ्नो स्थायी केन्द्रबिन्दु बनाइ लि-सकेका छन्, जसको गठन शान्तिकालमै गरिएको हुन्छ र जसको वरिपरि युद्ध गर्नको खण्डमा अन्य स्वयंसेवकहरू सामेल गराइन्छन्। त्यस्ता सैनिक दलहरू कुनै सङ्ख्यामा कमै हुन्थे; इन्डियनहरूका धेरै टाढा दूरी पार गर्नको लागि तयार गरिएका सामरिक अभियानहरूमा पनि सैनिक सङ्ख्या नगण्य नै हुन्थ्यो। यस्ता केही दलहरू कुनै महत्त्वपूर्ण युद्धको लागि एकत्रित भएको खण्डमा पनि प्रत्येक दल केवल आफ्नै सेनानायकको मात्र आज्ञापालन गर्दथ्यो, अभियानसम्बन्धी योजनाको अनुमोदन कुनै न कुनै हदसम्म ती सेनानायकहरूको परिषद्द्वारा गरिन्थ्यो। एमियानस मार्सेलिनसको वर्णनअनुसार चौथो शताब्दीमा उपल्लो राइनका आलेमान्नहरूको युद्ध सञ्चालन तरिका पनि यस्तै थियो।

७) कुनैकुनै प्रजातिहरूमा हामी प्रधान मुखिया पनि पाउँदछौँ, तर उसले धेरै कम अधिकार पाएको हुन्छ। त्यो प्रधान मुखिया सरदारहरूमध्येकै एक जना हुन्छ, जसले अविलम्ब समाधान गर्नुपर्ने कुनै समस्या खडा भएको खण्डमा परिषद्को बैठक बसाली अन्तिम निर्णय नलिएसम्म तात्कालिक पाइला-हरू चाल्नुपर्दछ। यहाँ हामीलाई त्यस्तो अधिकारीको भर्खरै उत्पन्न भएको तर बृहत् हदसम्म विकसित गठनसँगको प्रतिरूप देखापर्दछ, जसमा हालमा कार्यपालिकाको अधिकार निहित हुन्छ; यस्तो अधिकारी सर्वत्र नभए पनि धेरै अवस्थाहरूमा प्रधान सेनापतिको अधिकारको विकासको फलस्वरूप सिर्दै अस्तित्वमा आयो भन्ने कुरा हामीले देख्नेछौँ।

अमेरिकी आदिवासी इन्डियनहरू प्रजातीय एकीकरणभन्दा अगाडि बढ्न सकेनन्। तिनीहरूका विभिन्न सङ्ख्यामा रहेका प्रजातिहरूले, जो एक अर्काबाट विस्तृत सीमान्त भूभागहरूद्वारा अलगअलग र निरन्तर युद्धहरूद्वारा कमजोर हुनपुगेका थिए, विशाल इलाकाहरू आफ्नो अधीनमा राखेका थिए, विभिन्न रक्तसम्बद्ध प्रजातिहरूका बीचमा तात्कालिक आवश्यकताअनुसार विभिन्न ठाउँमा अस्थायी सङ्घ गठित गर्थे र समस्या सुल्झिएपछि तिनलाई विघटित गरिन्थ्यो। परन्तु कुनैकुनै ठाउँमा, शुरुमा सम्बन्धित तर पछि अलग्गिएका प्रजातिहरू फेरि कुनै स्थायी सङ्घहरूमा एकत्रित हुन्थे र यहीँबाट जातिको निर्माणको पहिलो पाइला शुरू भयो। संयुक्त राज्यमा यस प्रकारको सङ्घको अधिकतम विकसित रूप हामी इरोक्वाहरूको बीचमा पाउँदछौँ। आफ्नो पहिलेको बसोबास गरेको ठाउँ, मिसिसिपि नदीका पश्चिमतिरबाट,

जहाँ सम्भवतः उनीहरू डकोटा नामक एक ठूलो रक्तसम्बन्धित समूहको शाखाको रूपमा थिए, र उनीहरू लामो समयसम्मको परिभ्रमणहरूपश्चात् वर्तमान न्युयोर्क राज्यमा पर्ने भूभागमा बस्न थाले र त्यहाँ सेनेका, कायुगा, ओनोन्डागा, ओनिडा तथा मोहक नामक पाँच प्रजातिमा विभाजित भए। उनीहरू माछा मार्ने काम, शिकार तथा साधारण किसिमका काठबारी-हरूबाट प्राप्त आहारमा बाँच्थे र ढेरै हदसम्म बारले घेरिएका गाउँहरूमा बसोबास गर्थे। उनीहरूको संख्या कहिल्यै पनि २०,००० व्यक्तिभन्दा बढी हुन सकेन; पाँचैवटा प्रजातिहरूभित्र अनेकौं मिल्दाजुल्दा गोत्रहरू थिए; तिनीहरू एउटै भाषाबाट आएका र एक अर्कासँग ढेरै मात्रामा सम्बन्धित उपभाषाहरूमा कुरा गर्थे र पाँचैवटा प्रजातिहरूबीच विभाजित निकै विस्तृत भूभागहरूमा बसोबास गर्थे। यी भूभागहरूमाथि उनीहरूले केही समयअघि मात्र विजय प्राप्त गरेको हुँदा आफूबाट पराजित प्रजाति-हरूविरुद्ध उनीहरूको प्रयोग गरेका संयुक्त क्रियाकलापहरू स्वाभाविक प्रक्रियाको रूपमा विकसित भए र परम्पराको रूपमा परिणत भए। यसरी पन्ध्रौं शताब्दीको शुरूसम्ममा सङ्गठित "स्थायी सङ्घ"ले त्यसरी महासङ्घको रूप लियो, जसले आफ्नो नयाँ शक्ति अनुभव गर्दै अविलम्ब आक्रमणकारी नीति धारण गर्‍यो र लगभग सन् १६७५ तिर आफ्नो सामर्थ्यको सर्वोच्च अवस्थामा पुगेपछि आफू वरिपरिका विशाल भूभागहरूका स्थानीय बासिन्दा-हरूमध्ये केहीलाई भगाएर र केहीलाई तिरो तिर्न बाध्य गराउँदै त्यहाँ आफ्नो आधिपत्य जमायो। इरोक्वाहरूको सङ्घ बर्बर युगको निम्न चरण पार नगरि-सकेका इण्डियनहरूले (अर्थात् मेक्सिको, न्यूमेक्सिको र पेरूका आदिवासी-हरूलाई छोडेर) गठन गर्न सक्ने सबभन्दा विकसित सामाजिक सङ्गठनको रूप हो। त्यस सङ्घका प्रमुख विशेषताहरू निम्न प्रकारका थिए :

१) प्रजातिहरूका सम्पूर्ण आन्तरिक मामिलाहरूमा पूर्ण समानता तथा स्वाधीनताको आधारमा पाँचवटै रक्तसम्बद्ध प्रजातिहरूबीच स्थायी सङ्घ हुन्थ्यो। रक्तसम्बन्ध नै त्यस सङ्घको वास्तविक आधार थियो। पाँचवटा प्रजातिहरूमध्ये तीनवटा पितृप्रजाति कहलिन्थे र तिनीहरूको बीचमा भ्रातृसम्बन्ध कायम थियो; बाँकी दुइवटा प्रजातिहरू पुत्र प्रजाति कहलिन्थे र त्यसैगरी तिनीहरूबीच पनि भ्रातृसम्बन्ध नै कायम थियो। पुराना तीन गोत्रहरू अझै पनि पाँचवटै प्रजातिहरूमा जीवित सदस्यका रूपमा रहेका थिए, अन्य तीन गोत्रहरूका सदस्यहरू भने केवल तीनवटा प्रजातिहरूमा मात्र पाइन्थे। यी प्रत्येक गोत्रका सबै सदस्यहरू पाँचवटै प्रजातिमा दाजुभाइसरह मानिन्थे।



केवल हरेक प्रजातिको बोली-चालीमा मात्र फरक पाइने उनीहरूको सामूहिक भाषाले नै उनीहरूका पुर्खा एउटै भएको कुरा अभिव्यक्त एवम् साबित गर्दथ्यो।

२) सङ्घको प्रमुख अङ्गको रूपमा सङ्घीय परिषद् थियो, जसमा समान पद तथा प्रतिष्ठा भएका ५० जना साखेमहरू रहन्थे; त्यस परिषद्ले सङ्घका सम्पूर्ण कार्यहरूमाथि अन्तिम निर्णय लिन्थ्यो।

३) नयाँ पदाधिकारीहरूको रूपमा रहेका यी ५० जना साखेमहरूको लागि सिर्जना गरिएका पदहरू सबै प्रजाति तथा गोत्रहरूको बीचमा विभाजित गरिएका थिए। पद रिक्त हुनासाथ त्यसको पूर्ति सम्बन्धित गोत्रबाट पुनर्निर्वाचनद्वारा गरिन्थ्यो; त्यसै हरेक गोत्रले जुनसुकै बेला पनि आफ्नो साखेमलाई पदबाट हटाउन सक्दथ्यो; तर साखेमलाई पदासीन गराउने अधि-कार चाहिँ सङ्घीय परिषद्लाई मात्र थियो।

४) यी सङ्घीय साखेमहरू आफ्ना प्रजातिहरूमा पनि साखेम रहन्थे र उनीहरूलाई आफ्ना प्रजातीय परिषद्हरूमा पनि भाग लिने र मतदान गर्ने अधिकार प्राप्त थियो।

५) सङ्घीय परिषद्का सम्पूर्ण निर्णयहरू सर्वसम्मतिबाट पारित गरिँद-थ्यो।

६) मतदान अलगअलग प्रजातिको आधारमा गरिन्थ्यो र त्यसमा लिइएको निर्णय सदर मानिनको लागि प्रत्येक प्रजाति एवम् प्रत्येक प्रजातीय परिषद्का सम्पूर्ण सदस्यहरूको सहमत हुनु आवश्यक हुन्थ्यो।

७) सङ्घीय परिषद्को बैठक पाँचवटा प्रजातिहरूमध्ये कुनै एउटाको परिषद्ले एक्लै मात्र पनि बोलाउन सक्दथ्यो तर सङ्घीय परिषद् आफैंले बैठक बोलाउन सक्दैनथ्यो।

८) परिषद्का बैठकहरू उपस्थित आम जनतासमक्ष बस्थे; प्रत्येक इरोक्वाले बोल्न पाउँदथ्यो, तर निर्णयचाहिँ परिषद्ले मात्र लिन्थ्यो।

९) सङ्घको नेतृत्व कुनै एक व्यक्तिमा मात्र सीमित रहँदैनथ्यो र कार्य-पालिकाको अधिकार पनि कुनै व्यक्तिविशेषमा निहित थिएन।

१०) परन्तु सङ्घमा दुइ जना समान अधिकार तथा अख्तियार भएका सर्वोच्च सैनिक अधिकृतहरू रहन्थे (जस्तो स्पार्टावासीहरूका दुइ "राजा" तथा रोमका दुइ राजदूतहरू)।

जस्तो थियो त्यो सामाजिक प्रणाली, जसअन्तर्गत इरोक्वाहरूले चार सय वर्षभन्दा बढी बिताए र अझ पनि त्यसै प्रणालीमा गुज्रँदै छन्। मोर्गनको

PROPERTY OF THE SITARI

ओगाइलाई आधार मानी यैले यहाँ यस प्रणालीको विस्तृत वर्णन गरें", किनभने हामीलाई यहाँ त्यस्तो समाजको संगठनको अध्ययन गर्ने सम्भावना प्राप्त छ, जसलाई "राज्य" नै हो भन्ने कुरा थाहै थाहा थिएन। राज्यको अस्तित्व-को लागि त्यस्तो विशिष्ट सार्वजनिक सत्ताको आवश्यकता पर्दछ, जुन सत्ता त्यसै राज्यका सम्पूर्ण स्थायी नागरिकहरूको समष्टिदेखि अलग्गिएको हुन्छ। यस कारण माउरेरले जर्मनीको मार्क प्रणालीलाई राज्यभन्दा धेरै फरक एक स्वच्छ सामाजिक संस्थाको रूपमा लिएर आफ्नो सही अन्तर-बोधको परिचय दिएका छन्, यद्यपि त्यही सामाजिक संस्था पछिबाट धेरै मात्रामा राज्यको उत्पत्तिको आधार बनेको थियो। उनले आफ्ना सम्पूर्ण कृतिहरूमा पुरानो मार्कीय, ग्रामीण, किसी तथा शहरीय व्यवस्थाबाट र त्यसको समानान्तर कसरी क्रमशः सार्वजनिक सत्ताको उत्पत्ति भयो भन्ने कुराको विश्लेषण गरेका छन्। उत्तरी अमेरिकाका इण्डियनहरूको उदाहरणमा हामीलाई कसरी शुरूमा एकत्रित अवस्थामा रहेको प्रजाति विस्तारै विशाल महाद्वीप-भरि फैलन्छ, कसरी प्रजातिहरू विभाजित हुँदै जातिहरूमा, प्रजातिहरूको एक पूरै समूहमा परिणत हुन्छन्, कसरी भाषाहरू एक अर्कालाई बुझ्न नसक्ने हुँदै जाने मात्र नभएर तिनले आफ्नो शुरूको एकरूपताका प्रत्येक चिह्न-हरूसमेत गुमाउँदै जान्छन्, कसरी त्यसको साथसाथै प्रजातिहरूभित्र गोत्रहरू पनि अनेकौं गोत्रमा विभाजित हुँदै जान्छन्, तर कसरी पुराना मातृ गोत्र-हरूचाहिँ फ्राट्रीहरूको रूपमा कायमै रहन्छन् र त्यसमा पनि यी अत्यन्त पुराना गोत्रहरूका नामहरू भौगोलिक रूपमा एक अर्काबाट अलगिएका र धेरै पहिलेदेखि छुट्टिइसकेका प्रजातिहरूमा पनि एकै प्रकारका हुन्छन् — जस्तो "भेडियो" तथा "भालु" संज्ञाहरू सबैजसो इण्डियन प्रजातिहरूमा अझै पनि विद्यमान् भन्ने कुरा थाहा हुन्छ। माथि हामीले जुन प्रणालीको वर्णन गर्‍यौं, त्यो सारतः सम्पूर्ण प्रजातिहरूमा लागू हुन्छ। फरक केवल मात्र छ भने तिनीहरूमध्ये केही प्रजातिहरू रक्तसम्बद्ध प्रजातीय संघको स्थापनासम्म आइपुगेका थिएनन्।

तर हामी के पनि देख्दछौं भने, गोत्र नै प्रमुख सामाजिक एकाइ भएकोले यसैबाट प्रायः अत्यन्त अनिवार्यतापूर्वक – र यो पूर्णतः स्वाभाविक कुरा पनि हो – गोत्रहरू, फ्राट्रीहरू र प्रजातिहरूको सम्पूर्ण प्रणाली विकसित हुन्छ। यी तीनवटै समूहहरूले रक्त-सम्बन्धका विभिन्न चरणहरूको प्रतिनिधित्व गर्दछन्। त्यसमा पनि प्रत्येक समूह आफैंभित्र सीमित रहेको हुन्छ र आफ्नो कारोबार आफैंले सञ्चालन गर्दछ, तर प्रत्येक समूह अन्य समूहहरूको अनु-



पूरकको रूपमा रहेको हुन्छ। उनीहरूको कार्यक्षेत्रमा माथिल्लो स्तरका ती सम्पूर्ण कार्यहरू समाविष्ट हुन्छन्, जुन कार्यहरू अर्को अवस्थाको निम्न चरणमा रहेका नागरिकहरूको लागि स्वाभाविक हुन्छन्। त्यसैले यदि हामी कुनै जनतामा गोत्रलाई प्रमुख सामाजिक एकाइको भूमिका खेलेको देख्दछौं भने त्यस जनताको प्रजातीय संगठन पनि यहाँ वर्णन गरिएजस्तै हुनेछ भन्ने अपेक्षा गर्नुपर्दछ। अनि यहाँ गोत्रहरू प्रशस्त मात्रामा पाइन्छन्, जस्तो यूनानीहरू तथा रोमनहरूको अवस्थामा हुन्छ, हामी त्यस्तो संगठन अस्तित्वमा रहेको पत्तो लगाउन सक्दछौं र कुनै स्रोतहरू नपाइएको अवस्थामा पनि त्यस अमेरिकाली सामाजिक प्रणालीसँग तुलना गरेर हेरेको खण्डमा अत्यधिक कठिन समस्या तथा रहस्यहरू पनि हामी समाधान गर्न सक्दछौं।

अनि सिधासाधा एवम् सरलताले परिपूर्ण यो गोत्र प्रथा कति आश्चर्य-जनक छ! न सेना छन्, न सिपाहीहरू छन्, न पुलिसहरू नै छन्, न सामन्त छन्, न राजा छन्, न त हाकिम र न्यायाधीशहरू नै छन्, न अदालत छ, न त जेल नै छ, तर पनि सब कुरा आफ्नै नियमितताले चलिरहेको छ। सबै प्रकारका विवाद तथा मनोमालिन्यहरू तिनसँग सम्बन्धित समुदाय-हरूले अर्थात् गोत्रले, प्रजाति अथवा विभिन्न गोत्रहरूले नै आपसमा मिली-जुली छिनाफाना गर्दछन्। बदलाको चिरन्तन रूपमा हुने रक्त प्रतिशोध मात्र एक अन्तिम साधनको रूपमा रहेको र हाम्रो मृत्युदण्ड केवल यसैको सभ्य रूप मात्र हो, जसमा सभ्यताका सकारात्मक पक्षहरूका साथै नकारात्मक पक्षहरू पनि हुन्छन्। हुन त हिजोआजभन्दा धेरै बढी सामूहिक कार्यहरू भए तापनि केही परिवारहरू मिलेर साम्यवादी आधारमा आ-आफ्नो कारोबार चलाउँछन्, जमिनमाथि सम्पूर्ण प्रजातिको सामूहिक स्वामित्व कायम रहन्छ; केवल केही परिवारलाई केवल अस्थायी रूपमा कान्छा बारीहरू मात्र उपयोग गर्न दिइन्छ — तैपनि आजकैका जस्तो जटिल र अनावश्यक रूपमा विस्तारित प्रशासन व्यवस्था अस्तित्वमा रहँदैन। जसलाई जे कुरा सम्बन्धित छ, उसैले त्यसको समाधान गर्दछ, धेरैजसो प्रश्नहरू कुनै पुरानो रीति-रिवाजले नै स्वतः समाधान गरिसकेको छ। गरिब र अभावग्रस्त व्यक्तिहरू हुँदैनन् — सामूहिक परिवारहरू तथा गोत्रलाई वृद्धहरूका, रोगी र युद्धमा अपाङ्ग भएका व्यक्तिहरूको कसरी हेरविचार गर्नुपर्छ भन्ने कुरा राम्ररी थाहा छ। नारीहरूसमेत सबै समान र स्वतन्त्र छन्। दासहरूको अस्तित्व अझ देखा-परिसकेको छैन; अन्य प्रजातिहरूलाई दास बनाउने प्रथा पनि अझै नियमित रूपमा देखापरिसकेको छैन। जबकि सन् १६५१ मा इरोक्वाहरूले एरी जाति

र "असभ्य जाति" (५०) भनि विजय प्राप्त गरे, उनीहरूले ती जातिहरूलाई सर्वाधिकारसम्पन्न सदस्यहरूको रूपमा आफ्नो सङ्घमा प्रवेश गर्ने प्रस्ताव राखे; पराजित जातिहरूले उक्त प्रस्ताव अस्वीकार गरेपछि मात्र तिनीहरू आफ्नो इलाकाबाट निकालिए। यस्तो समाजले कस्ता पुरुष तथा स्त्रीहरूलाई जन्म दिन्छ भन्ने कुरा स्वच्छ इण्डियनहरूसँग सम्पर्कमा आएका गोराहरूले ती बर्बरहरूको आत्मसम्मानको भावना, निश्छलता, चारित्रिक सामर्थ्य तथा साहसको विषयमा प्रकट गरेका प्रशंसापूर्ण उद्गारहरूबाट स्पष्ट हुन्छ।

यस सिलसिलाका उदाहरणहरू हामीले केही समयअघि मात्र अफ्रिकामा देखेका थियौं। केही वर्षअघिका जुलु-काफिरहरूले र त्यसै केही महिना-पहिले नुबियनहरूले—यी दुइ प्रजातिहरूमा गोत्रीय संस्थाहरू अझै लुप्त भइसकेका छैनन्—त्यस्तो काम गरेका थिए, जुन काम कुनै पनि युरोपेली सेनाले गर्न सक्दैन (५१)। केवल भाला तथा भालाजस्ता हतियार मात्र भएका र कुनै पनि आग्नेयास्त्र नभएका ती प्रजातिहरू अङ्ग्रेजी स्वच पैदल-सेनाका—एकत्रित पङ्क्तिमा लड्न जानेमा जुन हाम्रो नै ठाउँ चाहिने, सेना—तर्फबाट...

[note: paragraph reading continues] वा सेनाका—मङ्गोलिन बन्दुकहरूबाट हतियारहरूको गोली वर्षाका अगाडि बढ्दै हात्तीले चेहराको दुनिया पुगेर स्वत अङ्ग्रेजी सेनाको पङ्क्तिलाई कैयौं पटक तितरबितर पारिदिए। अस्त्रशस्त्रमा अत्यधिक असमानता हुँदाहुँदै पनि, कुनै प्रकारको नियमित सैनिक तालिम नपाएका र कुचकानायत ज्ञान नभएका ती प्रजातिहरूले अङ्ग्रेजी सेनालाई पछाडि हट्न बाध्य तुल्याए। उनीहरू कतिसम्म सहन र के कस्ता काम पूरा गर्न समर्थ छन् भन्ने कुरा एक जना काफिरले चिरसरिसम्म कुनै घोडाले भन्दा पनि छिटो र लामो दुरी पार गर्न सक्दछ भन्ने अङ्ग्रेजहरूको गुनासोले बताउँछ। एक जना अङ्ग्रेज चित्रकारको भनाइअनुसार काफिरका इस्पातजस्तो कडा मांसपेशीहरू कोर्राका डोरीजस्तै देखिन्छन्।

विभिन्न वर्गहरूमा विभाजित हुनुअघि मानिसहरू र मानव समाज यस्ता देखिन्थे। अनि यदि हामीले आधुनिक सभ्य मानिसहरूको अत्यधिक बहुसङ्ख्याको स्थितिसँग उनीहरूको स्थिति दाँजेर हेर्ने हो भने वर्तमान सर्वहारा अथवा किसानहरू र प्राचीनकालका कुनै गोत्रका स्वतन्त्र सदस्यको बीचमा धेरै ठूलो अन्तर पाउँदछौं।

यो त वर्णित विषयको एक पक्ष भयो। तर यस सङ्गठनको पतन अनिवार्य थियो भन्ने कुरा पनि हामीले बिर्सनु हुँदैन। यो सङ्गठन प्रजातिको परिधिमै सीमित रह्यो; प्रजातीय सङ्घका निर्माणको तात्पर्य नै त्यस



सङ्गठनको पतनको थालनी हो, जुन कुरा हामीले इरोक्वाहरूले अन्य प्रजातिहरूलाई आफ्नो वशमा राख्न गरेका प्रयासहरूको उदाहरणबाट देखि-सकेका छौं र पछि पनि देख्दै जानेछौं। जे जति कुरा प्रजातिको परिधि-बाहिर हुन्थे ती सब अमान्य थिए। विधिवत सम्पन्न गरिएका शान्ति सम्झौ-ताको अभावमा प्रजातिहरूका बीचमा युद्ध भइरहन्थ्यो र यस्तो युद्ध त्यति क्रूरतापूर्वक चलाइन्थ्यो, जुन कुराले मानिसलाई अन्य पशुहरूबाट भिन्न तुल्याउँछ। यस्तो क्रूरता पछिमात्र भौतिक स्वार्थको प्रभावले गर्दा मात्र केही हदसम्म कम भयो। पूर्णतः उन्नत अवस्थामा रहेको गोत्र-प्रणाली, जुन हामीले अमेरिकामा देख्यौं, सो उत्पादन अत्यन्तै अविकसित थियो र फलतः विस्तृत भूभागहरूमा जनसङ्ख्या अत्यन्तै पातलो थियो। यसै कारणले गर्दा मानिस आफ्नो निम्ति अनुत्पादक एवम् अज्ञात रूपमा रहेको बाह्य प्रकृतिप्रति प्रायः पूर्ण पराधीनस्थ थियो, जुन कुरा बालसुलभ सरल धार्मिक धारणाहरूमा पनि प्रतिबिम्बित हुन्छन्। हरेक प्रजाति अर्को प्रजातिहरूका व्यक्तिहरूको लागि त्यसरी नै आफूभित्रका सदस्यहरूको लागि पनि एक निर्दिष्ट परिधिको रूपमा थियो: प्रजाति, गोत्र तथा तिनका संस्थाहरू पवित्र एवम् अनुल्लङ्घनीय थिए, प्रकृतिप्रदत्त त्यस्तो सर्वोच्च अधिकारको रूपमा थिए, जसप्रति प्रत्येक व्यक्तिका भावना, सोचाइ तथा व्यवहारहरू अधीनस्थ थिए। त्यस युगका मानिसहरू हामीलाई अतिसुन्दर प्रभावशाली लाग्ने भए पनि उनीहरू एक अर्कोबाट अलग थिएनन्, र मार्क्सको शब्दमा उनीहरू आदिम समुदायको नाभिनालबाट मुक्त भइसकेका थिएनन्। आदिम समुदायको सत्ता तोडिनुपर्थ्यो र तोडियो पनि। तर त्यो सत्ता त्यस्ता कारणहरूबाट तोडिन गयो, जुन कारणहरू हामीलाई पुरानो गोत्र समाजको उच्च नैतिक स्तरको तुलनामा सीधै पतन तथा नैतिकच्युति झैं लाग्दछन्। अति तुच्छ प्रवृत्तिहरू—निकृष्ट कुलतता, पाशविक काम वासना, तुच्छ लोलुपता, सामूहिक सम्पत्ति हत्याउने स्वार्थ प्रवृत्ति—यी सम्पूर्ण कुरा नयाँ सभ्य वर्गीय समाजका उपज हुन्; चोरी, बलात्कार, छलकपट, विश्वासघातजस्ता अत्यन्तै घृणित साधनहरूले पुरानो वर्गहीन गोत्रीय समाजलाई भ्रष्ट पार्दछन् र त्यसको अन्त गर्दछन्। अनि नवीनतम समाज स्वयं तापनि यस ढाइ हजार वर्षसम्मको अवधिमा मुट्ठीभर शोषित तथा पीडितहरूको अत्यधिक बहुसङ्ख्याको मूल्यमा मुट्ठीभर व्यक्तिहरूको विकासका निमित्तमात्र बाहेक केही होइन र त्यो आज सम्पूर्ण विगतभन्दा बढी मात्रामा त्यस रूपमा रहेको छ।

PROPERTY OF THE STATE

# ४

# युनानी गोत्र

पैलास्जियन तथा अन्य सजातीय समुदायहरू झैं युनानीहरू प्रागैतिहासिक कालमै अमेरिकालीहरूकस्तै एउटै पद्धतिमा सङ्गठित भएका थिए : गोत्र, फ्राट्री, प्रजाति तथा प्रजातीय समाज। फ्राट्री नहुन पनि सक्दथ्यो, जस्तो डोरियनहरूमा त्यो थिएन; प्रजातीय समाज सबै ठाउँमा गठित नहुन सक्दथ्यो, तर गोत्रचाहिँ सबै अवस्थाहरूमा आधारभूत एकाइको रूपमा थियो। ऐतिहासिक पृष्ठभूमिमा देखापर्ने बेलामा युनानीहरू सभ्यताको सँघारमा थिए; तिनीहरू र माथि वर्णन गरिएका अमेरिकाली प्रजातिहरूका बीचमा विकासका त्यस्ता दुइवटा ठूलठूला र प्राय सिङ्गा कालहरू रहेका छन्, जुन कालहरूमा वीर-युगीन युनानीहरूले इरोक्वाहरूलाई उछिनेका थिए। यसै कारण युनानी गोत्र इरोक्वाहरूको गोत्रजस्तो पुरानो खुर्रे खालको थिएन, समूहविवाहको छाप मिर्दै मेटिन थालेको थियो। मातृ सत्ताले पितृ सत्तालाई ठाउँ छोडिसकेको थियो; त्यसैले निजी स्वामित्वले धनद्वारा गोत्र प्रणालीमा पहिलो प्वाल पार्‍यो। दोस्रो प्वाल पहिलेको स्वाभाविक परिणाम थियो : पितृ सत्ता लागू भएपछि धनी धनाढ्य उत्तराधिकारिणीको सम्पत्ति तिनको विवाहपश्चात् लोग्नेले पाउने र फलतः अर्को गोत्रमा सर्ने हुँदा सम्पूर्ण गोत्र-संहिताको आधार नै उल्टा हुने भयो र यस्तो अवस्थामा त्यो सम्पत्ति आफ्नै गोत्रभित्र राख्ने उद्देश्यले केटीको विवाह गोत्रभित्रै गरिदिने कुरालाई मान्यता दिने मात्र नभएर त्यसलाई अनिवार्य तुल्याइयो।

ग्रोटद्वारा (६२) लिखित युनानसम्बन्धी इतिहासअनुसार एथेन्सको गोत्र, खासगरी, निम्न कुराहरूमा आधारित थियो –

१) सामान्य धार्मिक उत्सवहरू र एक निश्चित देवताको, जुन देवता गोत्रको आदिपुरुष मानिन्थ्यो र जो त्यस प्रकारको विशेष उपनामबाट कहलिन्थ्यो, सम्मानमा धार्मिक संस्कारहरू पूरा गर्ने विशेष अधिकार।



२) सामान्य मसान (डेमस्थिनस (६३) को 'इयुबुलिडस' सँग तुलना गर्नोस्)।

३) पारस्परिक उत्तराधिकार।

४) कसैले क्षत प्रयोग गरेको अवस्थामा एक अर्कालाई सहयोग, सुरक्षा तथा सहारा दिने पारस्परिक कर्तव्य।

५) निश्चित स्थितिहरूमा र खासगरी छुट्टा केटीहरू अथवा उत्तराधिकारिणीहरूसँग सम्बन्धित कुरामा एउटै गोत्रभित्र विवाह गर्ने पारस्परिक अधिकार तथा कर्तव्य।

६) कम्तीमा पनि केही स्थितिहरूमा सामूहिक सम्पत्तिमा अधिकार राख्ने तथा आफ्नै आर्कोन (मुखिया) र कोषाध्यक्ष रहने।

त्यसपछि केही गोत्रहरू एउटा फ्राट्रीमा एकत्रित भए, तर तिनका सम्बन्धहरू त्यति घनिष्ठ थिएनन्। अर्थात् यहाँ पनि हामी त्यस्तै प्रकारका पारस्परिक अधिकार तथा कर्तव्यहरू र विशेषगरी निश्चित धार्मिक समारोहहरूमा संयुक्त सहभागिता राख्ने तथा आफ्नो फ्राट्रीको सदस्यको हत्या गरिएको अवस्थामा मुद्दा चलाउने अधिकार आदि पाउँछौं। एउटा जातिभित्रका सबै फ्राट्रीहरूका आफ्ना सामूहिक, नियमित रूपमा दोहोरिइरहने धार्मिक उत्सवहरू हुन्थे, जसको सञ्चालन कुलीन (eupatridi) हरूका बीचबाट छानिएको फ्राट्रीको मुखिया (phylobasileus) ले गर्दथ्यो।

ग्रोटको भनाइ यस्तो छ। यसमा मार्क्सले जोडिदिएका छन् : "परन्तु युनानी गोत्रमा पनि हामी त्यही जङ्गली मानिस (उदाहरणको लागि इरोक्वा) लाई स्पष्ट रूपमा देख्दछौं" (६४)। हाम्रो आफ्नो अनुसन्धान अझ अगाडि बढाएको अवस्थामा त्यो अझ स्पष्टसँग देखिनेछ।

वास्तवमा युनानी गोत्रमा निम्न अतिरिक्त लक्षणहरू पनि पाइन्छन् :

७) पितृ सत्ताअनुसार वंशको गणना।

८) उत्तराधिकारिणीहरूलाई छोडेर अरूलाई गोत्रभित्र विवाह-सम्बन्ध जोड्न निषेध। यो अपवाद हो र यसको कानुनी मान्यताले पुरानो नियम अझ पनि लागू थियो भन्ने कुरा प्रमाणित गर्दछ। त्यसैगरी यो कुरा त्यस सर्वमान्य नियमबाट पनि सिद्ध हुन्छ, जसअनुसार विवाहपछि स्त्रीले आफ्नो गोत्रका धार्मिक रीति-रिवाजहरूको पालना गर्न छोडेर लोग्नेको फ्राट्रीका रीति-रिवाजहरू स्वीकार गर्दथिन् र त्यसै फ्राट्रीको सदस्य बन्दथिन्। यसअनुसार र त्यस्तै दिकेआर्खसको कृतिको एक प्रसिद्ध उद्धरणअनुसार आफ्नो गोत्र-बाहिर विवाह गर्ने नियम थियो र अझ बेकरले त आफ्नो «Charicles» मा

मोही के नेवैका छन्, भने आफ्नो गोत्रभित्र कहीले पनि विवाहसम्बन्ध जोड्न पाउँदैनथ्यो।

९) यसलाई आफ्नो गोत्रको सदस्यता प्रदान गर्ने अधिकार : कुनै परिवारलाई सदस्यता प्रदान गर्ने यस अधिकारको प्रयोग गरिन्थ्यो तर त्यसमा सार्वजनिक औपचारिकताहरूको पालना गरिनुपर्दथ्यो। यो अधिकार अपवादको रूपमा मात्र प्रयोग गरिन्थ्यो।

१०) मुखियाहरू छान्ने र तिनलाई हटाउने अधिकार। प्रत्येक गोत्रको आफ्नै आर्कोन हुन्थ्यो भन्ने कुरा हामीलाई थाहै छ। तर यो पद केही परिवार-का सदस्यहरूले मात्र उत्तराधिकारस्वरूप प्राप्त गर्थे भन्ने कुरा कहीं पनि उल्लेख गरिएको छैन। यो कुरामा ध्यान दिनु आवश्यक छ भने बर्बर युगको अन्त्यसम्म अनिवार्य रूपमा पदको उत्तराधिकार प्राप्त गर्ने प्रथा अस्तित्वमा आउनेछैन, किनभने यो कुरा गोत्रभित्रका सम्पूर्ण धनी तथा गरिबहरूको समान अधिकार उपर्युक्त गर्ने पाउने व्यवस्थासँग एकदमै मेल खाँदैन।

ग्रोटले मात्र नभएर नियुर, मोम्सेन तथा शास्त्रीय प्राचीन युगसम्बन्धी अन्य सबै इतिहासकारहरूले पनि गोत्र भनेको के हो भन्ने कुरा मुश्किलसम्म बुझ्न सकेनन्। गोत्रका कतिपय लक्षणहरू सही रूपमा चित्रण गरे तापनि उनीहरूले त्यसलाई सधैं एक **परिवारको समूहको** रूपमा मात्र देखे र यसै कारणले गर्दा उनीहरूले गोत्रको उत्पत्ति तथा त्यसको प्रकृतिलाई बुझ्न सकेनन्। गोत्रप्रथामा परिवार कहिल्यै सामाजिक संगठनको एकाइको रूपमा थिएन र हुन पनि सक्दैनथ्यो, किनभने लोग्ने तथा स्वास्नी अनिवार्य रूपमा दुईटा बेग्लाबेग्लै गोत्रका सदस्य रहन्थे। गोत्र पूर्ण रूपमा फ्रात्रीभित्र पर्दथ्यो र फ्रात्री कबीलाभित्र; परिवारचाहिं आधा लोग्नेको गोत्रभित्र पर्दथ्यो भने आधा स्वास्नीको गोत्रभित्र। स्वयंराज्यको सार्वजनिक कानूनमा पनि परिवारले मान्यता पाएको छैन र अहिलेसम्म पनि त्यसलाई केवल दीवानी कानूनको रूपमा मात्र मान्यता दिइएको छ। यद्यपि आजसम्मको हाम्रो सम्पूर्ण लिखित इतिहास विशेषतः अठारौं शताब्दीदेखि अपरिहार्य मानिएको त्यस मूर्खतापूर्ण धारणामा आधारित छ, जसअनुसार आफ्नै पुरानो एकनिष्ठ परिवार त्यसको केन्द्रबिन्दु बन्यो, जसको वरिपरि क्रमशः समाज तथा राज्यको निर्माण हुन गयो।

"महाशय ग्रोटले के कुरा पनि ध्यानमा आवश्यक दिनुपर्छ भने", – मार्क्सले भन्नुभएको छ – "यूनानीहरूको धारणा गोत्रहरू पौराणिक कथाअनुसार उत्पन्न



भएका हुन् भन्ने ठाने तापनि ती गोत्रहरू **उनीहरू आफैले** सिर्जना गरेका देवता तथा अर्द्धदेवताहरूले बनिसकेका भएका पौराणिक कथाहरूभन्दा पनि पुराना हुन्" (६५)।

मोर्गन ग्रोटका भनाइ उद्धृत गर्न मन पराउँदछन्, किनभने ग्रोट एक प्रसिद्ध तथा विश्वासनीय साक्षी हुन्। ग्रोटले यसअघि नै भनेका छन् भने एथेन्सको प्रत्येक गोत्रको आफ्नो नाम हुन्थ्यो, जुन नाम त्यसले आफ्नो सम्भाव्य पूर्वजबाट पाएको हुन्थ्यो। उनले के पनि भनेका छन् भने सामान्य नियम-अनुसार आम रूपमा सोलोनको समयपहिले र उनीपछि दानपत्र नभएको खण्डमा, मृत व्यक्तिको गोत्र (gennetes) का सदस्यहरूले त्यस व्यक्तिको उत्तराधिकार प्राप्त गर्थे र कसैको हत्या भएको खण्डमा अपराधीलाई अदालतमा उभ्याउने अधिकार एवम् कर्तव्य सर्वप्रथम मृत व्यक्तिका नातेदार-हरूलाई, त्यसपछि गोत्रका सदस्यहरूलाई र अन्त्यमा फ्रात्रीका सदस्य-हरूलाई प्राप्त थियो: "हामीलाई प्राचीन एथेन्सका कानूनहरूबारे जेजति कुरा थाहा छन्, ती सबै गोत्रीय तथा फ्रात्रीय विभाजनमा आधारित छन्" (६६)।

एउटै पूर्वजहरूबाट गोत्रको उत्पत्ति भएको हो भन्ने कुराले "पुस्तकमुखी विद्वानहरूको लागि" (मार्क्स) (६७) निकै पेचिलोपूर्ण समस्या खडा गरिदियो। किनभने तिनीहरूले स्वभावतः ती पूर्वजहरूलाई केवल पौराणिक पात्रहरूको रूपमा मात्र चित्रण गर्दछन् र एक अर्कोसँग नजिक रहेका र साथ बुझ्दा रक्त-सम्बन्धमा नभएका परिवारहरूबाट कसरी गोत्रको उत्पत्ति भयो भन्ने कुरा उनीहरू कुनै पनि तरिकाले व्याख्या गर्न सक्दैनथे, तापनि उनीहरूले जेनकेनप्रकारेण गोत्रको अस्तित्वको व्याख्या गर्नको लागि यो काम गर्नैपरेको छ। यसरी उनीहरू निरर्थक शब्दहरूको जालजाल-मा फँसेछन् र निम्न भनाइभन्दा अघि बढ्न सक्दैनन्: वंशावली त काल्पनिक नै हो तर गोत्रको अस्तित्वचाहिं वास्तविक नै हो र अन्ततोगत्वा ग्रोट भन्दछन् (कोष्ठभित्रका शब्दहरू मार्क्सका हुन्):

"यस वंशावलीबारे हामी विरलै सुन्दछौं, किनभने त्यस विषयमा केवल निश्चित विशिष्ट समारोहहरूमा मात्र सार्वजनिक रूपमा स्मरण गराइन्छ। तुलनात्मक गोत्रहरूका जस्तै सानातिना गोत्रहरूका पनि आफ्नै सामान्य धार्मिक रीति-रिवाजहरू थिए" (कस्तो गजबको कुरा गर्नुहुन्छ, मिस्टर ग्रोट!) "र त्यसैगरी उनीहरूको एउटै अलौकिक पूर्वज तथा एउटै वंशावली हुन्थ्यो।" (**सानातिना गोत्रहरूको** लागि १? कस्तो अनौठो कुरा गर्नुहुन्छ, मिस्टर ग्रोट!)

"सबै गोत्रहरूका ढाँचा तथा आदर्श (जिन महाशय, ideal दैहिक, carnal, हाम्रो भाषामा fleischlich*)) "आधार एकै प्रकारका थिए" (६०)।

मोर्गनले यस प्रश्नमा दिएको उत्तरलाई मार्क्सले निम्न शब्दहरूमा सङ्क्षिप्त रूपमा प्रस्तुत गर्नुभएको छ: "गोत्रको शारीरिक रूप – अथवा आधुनिक सरह नै युनानीहरूमा पनि कुनै बेला त्यस्तो रूप थियो – अनुसार रक्त-सम्बन्ध पत्ता लगाउने गोत्रहरूका सबै सदस्यहरूलाई तिनका पारस्परिक नाता-सम्बन्धहरूबारे थाहा भएकै हुन्थ्यो। उनीहरूले बाल्यावस्थादेखि नै आफ्नो लागि अत्यन्त महत्त्वपूर्ण यो ज्ञान व्यवहारबाट हासिल गरेका थिए। तर एकनिष्ठ परिवारको उत्पत्ति हुनासाथ त्यो ज्ञान विलुप्त हुन गयो। गोत्र-सङ्गठनले वंशावलीको सृजना गर्‍यो र त्यस वंशावलीको अगाडि अलगअलग परिवारको वंशावलीको कुनै महत्त्व रहेन। यस गोत्र संस्थाले पहिले त्यो संज्ञा धारण गर्ने गोत्रहरूका पूर्वज एउटै थिए भन्ने तथ्यको पुष्टि गर्नुपर्ने थियो; तर गोत्रको वंशावलीले त्यति लामो समयावधि पार गरिसक्यो, जसले गर्दा धेरैजसो गोत्रका सदस्यहरू उनीहरूबीचमा भएको वास्तविक कुटुम्बसम्बन्धलाई प्रमाणित गर्न असमर्थ भइसकेका थिए। केवल धेरै समय पछि मात्र पहिले एउटा पूर्वजबाट उत्पन्न भएका गोत्रहरूले मात्र उनीहरूबीच रक्त-सम्बन्ध रहेको कुरा प्रमाणित गर्न सक्थे। स्वयम् गोत्र संज्ञा नै सामान्य पूर्वज भएको कुराको निर्विवाद प्रमाण थियो। यो कुरा केवल कुनै गोत्रमा सदस्यता प्राप्त गरेर आएका व्यक्तिहरूमा मात्र लागू हुँदैनथ्यो। तर यसको विपरीत गोत्रलाई कुनै काल्पनिक वस्तु एवम् कवितात्मक रचनाको रूपमा परिणत गर्ने ग्रोट तथा निबुरले जुन गोत्रका सदस्यहरूबीचको कुनै पनि प्रकारको रक्त-सम्बन्धलाई अस्वीकार गर्ने काम गरे, "आदर्श" अर्थात् कोठे किताबी विद्वानहरूको लागि मात्र शोभनीय छ। किनभने विभिन्न पुस्ताहरूबीचको सम्बन्ध, विशेषगरी एकनिष्ठ विवाहको उत्पत्तिपश्चात्, धेरै पुरानो भइसकेकोले र त्यस अतीतको वास्तविकता केवल कुनै कथा-कथाको काल्पनिक प्रतिबिम्बको रूपमा मात्र देखिने हुँदा, यी कूपमण्डूक बूढाबूढीहरूले काल्पनिक वंशावलीबाट वास्तविक गोत्रहरूको सृजना भएको हो भन्ने कुराको शिक्षा दिएका हुन् र अझै दिँदै छन्" (६६)।

अमेरिकालीहरूका जस्तै, फ्राट्री अर्को उपगोत्रहरूमा विभाजित भएको थियो र त्यसले त्यस्तो मातृगोत्रको रूप लिएको थियो, जसले सबै गोत्रहरू-

*fleischlich शारीरिक – अनु०



लाई एक सूत्रमा बाँधेको हुन्थ्यो र उसले प्रायः सबै गोत्रहरूको उत्पत्ति एउटै पूर्वजबाट भएको कुरा दर्शाउँथ्यो। ग्रोटकै भनाइअनुसार "हेकाटियस फ्राट्रीका सम्पूर्ण समकालीन सदस्यहरूले सोह्रौँ पिँढीसम्म पुगेर एउटै देवतालाई आफ्नो पूर्वजको रूपमा मान्दथे" (७०)। यस कारण त्यस फ्राट्रीका सबै गोत्रहरू शब्दशः भातृ गोत्र थिए। होमरको पनि त्यस प्रसिद्ध श्लोकमा, जहाँ नेस्टोरले अगामेम्नोनलाई "मानिसहरूलाई आफ्ना फ्राट्री तथा प्रजातिअनुसार त्यसरी पङ्क्तिबद्ध गर्नुहोस्, जसले गर्दा फ्राट्रीले फ्राट्रीलाई र प्रजातिले प्रजातिलाई सहयोग पुर्‍याओस्" (७१) भन्ने सल्लाह दिन्छन्, फ्राट्री एउटा सैनिक एकाइको रूपमा प्रस्तुत गरेका छन्। त्यसबाहेक आफ्नो कुनै सदस्यको हत्या गरिएको खण्डमा त्यसको विरुद्ध मुद्दा चलाउनु फ्राट्रीको अधिकार तथा कर्तव्य हुन्थ्यो र त्यस कारण यस प्राचीनकालमा त रक्त-प्रतिशोध पनि फ्राट्रीको कर्तव्यमा पर्दथ्यो। त्यसको अतिरिक्त फ्राट्रीका सामूहिक देवस्थल तथा धार्मिक उत्सवहरू हुन्थे। अनि प्राचीन आर्यहरूमा प्रचलित प्रकृति पूजाको परम्पराबाट आएको सम्पूर्ण युनानी पौराणिक कथाहरूको विकास पनि मूलतः गोत्र तथा फ्राट्रीहरूमै आधारित थियो र यो विकास तिनीहरूभित्रै भएको थियो। त्यसको साथै फ्राट्रीमा मुखिया (phratriarchos) हुन्थ्यो र दे कुलाँजको भनाइअनुसार, फ्राट्रीले आमसभा बोलाउँथ्यो र अनिवार्य निर्णयहरू लिन्थ्यो। फ्राट्रीमा अदालत तथा प्रशासन व्यवस्था पनि थियो। धेरै पछिल्लो समयको राज्यले समेत, जसले गोत्रको अवहेलना गरेको थियो, फ्राट्रीलाई प्रशासनिक चरित्रका विभिन्न सामाजिक कार्यहरू सुम्पेको थियो।

केही सम्बन्धित फ्राट्रीहरू मिलेर प्रजाति बन्दथ्यो। उदाहरणको लागि एटिकामा चारवटा प्रजातिहरू थिए, जसमध्ये प्रत्येक प्रजातिमा तीनतीनवटा फ्राट्रीहरू र प्रत्येक फ्राट्रीमा तीसवटा गोत्रहरू सम्मिलित थिए। समूहहरूको यस्तो निर्दिष्ट विभाजनले एक स्वतःस्फूर्त रूपमा स्थापित व्यवस्थामा सचेतन एवम् योजनाबद्ध हस्तक्षेप भएको कुरा देखाउँदछ। यो घटना कसरी, कहिले र किन घट्न गयो भन्ने कुराप्रति युनानी इतिहास मौन छ र स्वयम् युनानीहरूमा पाइने त्यस इतिहाससम्बन्धी स्मृतिहरू पनि केवल वीरयुगसम्मका मात्र हुन्।

तुलनात्मक सानो भूभागहरूमा एकत्रित भएर बसेका युनानीहरूबीच विभिन्न भाषिकाहरूको उत्पत्ति हुने सम्भावना अमेरिकाका विस्तृत जङ्गलहरूमा भन्दा कम थियो; तर यहाँ पनि हामीहरू के पाउँदछौँ भने केवल

PROPERTY of THE STATE

एकै प्रकारको मुख्य उपभाषा भएका प्रजातिको रूपमा गठित हुन्छन्। त्यो सानो प्रान्तिकमा समेत हामी त्यस्तो विशिष्ट भाषिका भेट्टाउँदछौं, जुन भाषिकाले पछिगएर सम्पूर्ण युनानी गद्य साहित्यको लागि सामुहिक भाषा-को रूपमा आफ्नो आधिपत्य जमायो।

होमरका काव्यहरूमा हामी कतिपय: के कुरा पाउँदछौं भने विभिन्न युनानी प्रजाति आफ्नाजिना शक्तिहरूमा परिणत भइसकेका थिए। तापनि जातिभित्रका त्यस्ता प्रजाति, भातृ तथा गोत्रहरूले आफ्नो स्वाधीनता कायमै राखेका थिए। त्यस बेला उनीहरू पहाडीको घेरिएका शहरहरूमा बसोबास गर्ने गरिसकेका थिए; परन्तु जनावरका बथानहरूको वृद्धि र खेतीपाती तथा शिल्पकलाको विस्तारणको साथसाथै जनसंख्याको पनि वृद्धि भयो। यसको साथसाथै आर्थिक विषमताको उत्पत्ति भयो, जसको परिणामस्वरूप प्राचीन आदिम जनवादी समाजभित्र अभिजातवर्गीय तत्त्वको पनि प्रादुर्भाव भयो। बलप्रयोग समान: जातिहरूले प्रजाति लक्षित हत्याउन र त्यस्तो मानविक लूटको लागि पनि निरन्तर युद्धहरू चलाइरहन्थे; युद्धबन्दीहरूलाई दास बनाउने प्रथा सर्वमान्य बन्न गयो।

ती प्रजाति तथा समान जातिहरूको प्रशासनिक संगठन निम्न प्रकारले हुन्थ्यो:

१) जनताको स्थायी अङ्ग **परिषद्**, (bule) हुन्थ्यो, जसमा शुरूमा, शायद, गोत्रका मुखियाहरू सम्मिलित हुन्थे, तर पछि गएर, उनीहरूको संख्या धेरै मात्रामा बढ्दै गएपछि, यो मुखियाहरूका बीचबाट छानिएका प्रतिनिधिहरू त्यसमा सम्मिलित गरिन्थे। यसबाट अभिजात तत्त्वलाई विकसित तथा शक्तिशाली हुने सम्भावना मिल्यो। दियोनीसियसले पनि वीरयुगको त्यस्तो परिषद्लाई यसरी नै चित्रित गरेका छन्, जुन परिषद्मा कुलीनहरू व्यक्तिहरू (kratistoi) (७२) सम्मिलित हुन्थे। महत्त्वपूर्ण प्रश्नहरूसम्बन्धी निर्णयहरू परिषद्ले लिन्थ्यो; उदाहरणको लागि एस्किलसका थिविस नगर परिषद्ले त्यहाँ उत्पन्न स्थितिअनुरूप एटियोक्लिसको अन्त्येष्टि सम्मानपूर्वक गर्ने र पोलिनिडसेसको लाशलाई चाहिँ कुकुरहरूले खानेगरी फालिदिनको लागि आदेश दिएको कुरा हामी भेट्टाउँदछौं (७३)। पछि नगर राज्यको उत्पत्ति भएपछि-पछि त्यस्तो परिषद् सिनेटमा परिणत भयो।

२) **जनसभा** (agora)। इरोक्वाहरूमा जनता–पुरुष तथा स्त्रीहरू–परिषद्को बैठकमा उपस्थित भएर नाबेस तोकिएको नियमअनुसार छलफलमा भाग लिन्छन् र यसरी परिषद्का निर्णयहरूमा आफ्नो प्रभाव पार्दछन् भन्ने



कुरा हामीले देखिसकेका छौं। होमरका युनानी पात्रहरूमा यो "घेरा" (Umstand), यदि प्राचीन जर्मन अदालती शब्दको प्रयोग गर्न हो भने, वास्तविक जनसभाको रूपमा विकसित भइसकेको थियो, जुन कुरा प्राचीन जर्मनीमा समेत घटेको थियो। कुनै महत्त्वपूर्ण प्रश्नको समाधान गर्नुपर्दा परिषद्ले त्यस्तो बैठक बोलाउँदथ्यो; बैठकमा प्रत्येक पुरुषले बोल्न पाउँदथ्यो। निर्णय दिँदा हात उठाइन्थ्यो (जस्तो एस्किलसको 'आविका') अथवा हर्षध्वनि प्रकट गरिन्थ्यो। अन्तिम निर्णय दिने सर्वोच्च अधिकार जनसभामा निहित थियो, किनभने श्योमनले 'युनानी प्राचीनता' मा भनेका छन्: "जब कुनै त्यस्तो समस्यासम्बन्धी प्रश्न उठ्दछ, जसको समाधानको लागि जनताको सहभागिताको आवश्यकता पर्दछ, होमरले हामीलाई कुनै त्यस्तो उपाय देखाएका छैनन्, जुन उपायद्वारा जनतालाई आफ्नो इच्छाविरुद्ध त्यस्तो समस्याको समाधान गर्ने बाध्य तुल्याउन सकियोस्"।

त्यस समयमा, जब प्रजातिको प्रत्येक वयस्क पुरुष योद्धा हुन्थ्यो, जनताबाट अलगिएको त्यस्तो सार्वजनिक सत्ताको कुनै अस्तित्व थिएन, जसलाई जनताको विरुद्धमा खडा गर्न सकियोस्। आदिम जनवाद अझ पनि अक्षुण्णरूपमा नै थियो र, जसरी परिषद्को त्यसरी नै सेनानायकको पनि, राजा तथा स्थितिको विश्लेषण गर्दा हामीले यसै कुरालाई आधार बनाउनुपर्दछ।

३) **सेनानायक** (basileus)। यस सन्दर्भमा मार्क्सले भन्नुभएको छ: "युरोपेली विद्वानहरूले, जसमध्ये बहुसङ्ख्यक जन्मजात दरबारीय अनुचर हुन्थे; सेनानायकलाई यस्तो रूपमा प्रस्तुत गर्दछन्, मानौं ती आधुनिक अर्थमा राजा थिए। तर गणतन्त्रवादी याङ्की मोर्गन त्यस कुराको विरोध गर्दछन्। उनले धेरै व्यङ्ग्यात्मक रूपले, तर पूर्ण निष्पक्षतापूर्वक चिप्ले ग्ल्याडस्टोन र उनको 'युवावस्थाको युवावस्था' नामक पुस्तकबारे भनेका छन्: "महाशय ग्ल्याडस्टोनले हामीसमक्ष वीरयुगका युनानी मुखियाहरूलाई राजाराजौटाको रूपमा प्रस्तुत गर्नुको अतिरिक्त उनीहरूलाई भद्रपुरुषहरूको रूपमा समेत चित्रित गरेका छन्; परन्तु उनी स्वयंले के कुरा स्वीकार गर्नु आवश्यक छ भने सामान्यतः हामी कुलीनहरूमा, अति स्पष्ट रूपमा तथापि पनि पर्याप्त मात्रामा चाहिँ, ज्येष्ठाधिकारी कानून अथवा प्रथा भेट्टाउँदछौं" (७४)। के कुरा अपेक्षाकृत होला भने यस्ता अनावश्यक शर्तहरूमाहितको त्यो ज्येष्ठाधिकारको प्रश्न, चाहे त्यति स्पष्ट रूपमा अभिव्यक्त नभएको नै किन नहोस्, पूर्णतः निरर्थक छ भन्ने कुरा महाशय ग्ल्याडस्टोनलाई पनि थाहा भएको हो।

इरोक्वा तथा अन्य इण्डियनहरूमा मुखियाको पद उत्तराधिकारस्वरूप थियो भन्ने कुरा हामीले देखिसकेका छौं। बहुसङ्ख्यक अवस्थाहरूमा निर्वाचनद्वारा पदपूर्ति गरिने काम गोत्रका परिधि-भित्र हुन्थ्यो र त्यसै कारणले त्यो पद पनि गोत्रको परिधिभित्र उत्तराधि-कारस्वरूप नै रहन्थे। रिक्त पदहरूको परिपूर्ति गर्दा क्रमशः पदाधिकारीका निकटतम सम्बन्धीहरूलाई, अर्थात् तिनका दाजुभाइहरूलाई अथवा दिदीबहिनीका छोराहरूलाई, यदि तिनलाई अयोग्य ठहऱ्याउने कुनै कारण छैन भने, प्राथमिकता दिइन्थ्यो। यस कारण यदि युनानीहरूमा पितृसत्ता कायम रहेको समयमा सेनानायकको पद प्रायः तिनको छोरा अथवा छोराहरूमध्ये एक जनालाई प्राप्त हुन्थ्यो भने यसले के कुरा मात्र प्रमाणित गर्दछ भने त्यहाँ सार्वजनिक निर्वाचनको आधारमा मात्र छोराहरूले उत्तराधिकार प्राप्त गर्ने आशा गर्न सक्थे, तर यसको तात्पर्य त्यस्तो निर्वाचनबिना प्राप्त गरिएको उत्तराधिकारले कानुनी मान्यता पाउँदछ भन्ने होइन। यहाँ इरोक्वा तथा युनानीहरूमा हामी गोत्रभित्र विशिष्ट कुलीन परिवारहरूको उत्पत्तिको अङ्कुर पाउँछौं, र अझ युनानीहरूमा त पछिबाट देखापरेको मुखियापद अथवा राजसत्ताको उत्तराधिकारको प्रथम चिन्हसमेत पाउँदछौं। यस कारण, के कुरा मान्नु आवश्यक छ भने युनानीहरूमा मुखिया कि त जनताद्वारा निर्वाचित हुन्थ्यो, कि त जनताद्वारा मान्यताप्राप्त संस्थाहरूद्वारा अर्थात् परिषद् अथवा agora द्वारा अनुमोदित हुन्थ्यो, जस्तो रोमका "राजा" (rex) को सम्बन्धमा प्रयोगमा ल्याइएको थियो।

'इलियड' महाकाव्यमा, एउटा घेरामा परेको शहरको समीपमा, "पुरुषहरूका स्वामी" एगामेम्नोनलाई युनानीहरूको सर्वोच्च शासकको रूपमा नभएर संयुक्त सेनाको प्रधान सेनापतिको रूपमा प्रस्तुत गरिएको छ। अनि युनानीहरूको बीचमा कुनै मतभेदशिल्य पैदा हुँदा ओडिसियसले यस महा-काव्यको एक प्रसिद्ध अंशमा एगामेम्नोनको त्यस स्थितिप्रति सङ्केत गर्दै भनेका छन्: धेरै सेनानायकहरू हुनु ठीक छैन, सेनापति एउटै हुनुपर्दछ, इत्यादि (त्यसपछि राजदण्डको विषयमा स्मरण गराउने एक पद्यांश पाइँदछ, तर त्यो पद्यांश पछि थपिएको हो) (७४)। "ओडिसियसले यहाँ कस्तो शासन प्रणाली हुनुपर्दछ भन्ने विषयमा व्याख्यान सुनाएका होइनन्, बरु उनले युद्धमा प्रधान सेनापतिको आज्ञापालन गर्ने माग गरेका हुन्। ट्रोयनजिकै सेनाको रूपमा मात्र रहेका युनानीहरूको सभामा अत्यन्त प्रजातान्त्रिक ढङ्गमा सञ्चालित भएको पाइन्छ: एकिलिसले उपहार अर्थात् युद्धमा प्राप्त



लुटहरूको विभाजनको विषयमा कुरा गर्दा त्यो काम एगामेम्नोन अथवा अन्य कुनै सेनानायकले गरून् भन्दैनन्, उनी भन्छन् त्यो काम "आकियनहरूका पुत्रहरू" अर्थात् जनताले गरून् भन्दछन्। "जिउसले जन्माएको", "जीउसले पालन-पोषण गरेको" भन्ने गुणात्मक शब्दहरूबाट केही कुरा पनि सिद्ध हुँदैन, किनभने प्रत्येक गोत्रको उत्पत्ति कुनै एक देवताबाट भएको हुन्छ, र कबीलाका मुखियाको गोत्रको उत्पत्तिचाहिँ "बढी प्रतापिलो" देवता अर्थात् यस प्रसङ्गमा, जीउसबाट हुन्छ। व्यक्तिगत रूपमा स्वतन्त्र नरहेका व्यक्तिहरू, उदाहरणका लागि सुँगुरपालक ऐउमेउस (Eumaeus) तथा अन्य व्यक्तिहरू 'ओडेसी'मा समेत, र त्यसमा 'इलियड'मा भन्दा धेरै पछिको समयमा पनि "देवकुल" (dioi र theioi) भनेर आएका मानिन्छन्। त्यही 'ओडेसी'मा पनि हामी सन्देशवाहक मुलियस र अन्धो गायक डिमोडोकसलाई "वीर" को उपाधि दिइएको पाउँछौं। सङ्क्षेपमा भन्दा basileia शब्दको अर्थ, जुन शब्दलाई युनानी लेखकहरूले होमरको तथाकथित राजसत्ताको लागि (किनभने त्यस राजसत्ताको मुख्य विशेषता नै सामरिक नेतृत्व थियो) र त्यसको साथै मुखिया-परिषद् र जनसभाको लागि समेत प्रयोग गरेका छन्, सैनिक प्रजातन्त्रबाहेक अरू केही होइन" (मार्क्स) (७५)।

Basileus लाई सैनिक अधिकारको अतिरिक्त केही धार्मिक एवम् कानुनी अधिकारहरू पनि सुम्पिएको हुन्थ्यो। पछिल्ला दुइ अधिकारहरू ठोस रूपमा निर्धारित गरिएका थिएनन्, भने पहिलो अधिकारचाहिँ उसलाई जनजाति अथवा जनजातीय सङ्घको सर्वोच्च प्रतिनिधिको रूपमा सुम्पिएको हुन्थ्यो। नागरिक तथा प्रशासनिक सर्वाधिकारहरूको विषयमा कुनै चर्चा गरिएको छैन, तापनि हुनसक्छ, basileus परिषद्का पदेन सदस्य हुन्थे। यसरी «basileus» शब्दलाई जर्मन भाषामा अनुवाद गर्दा «König» शब्द प्रयोग गर्नु सही ठहरिन्छ किनभने König (Kuning) शब्द «Kuni अथवा Künne शब्दबाट आएको हो र त्यसको अर्थ "गोत्रको अगुवा" हुन्छ। तर «König» (राजा) शब्दको आधुनिक अर्थसँग प्राचीन युनानी शब्द basileia पटक्कै मिल्दैन। थुसिडिडसले प्राचीन basileia लाई स्पष्टै patrikê अर्थात् गोत्रज भनेका छन् र साथ के पनि भनेका छन् भने उसले निश्चित र फलतः सीमित अधिकारहरू पाएको हुन्थ्यो (७६)। त्यस्तै अरिस्टोटलले पनि वीर युगका basileia स्वतन्त्र नागरिकहरूको नेतृत्व गर्दथे र basileus चाहिँ सेनापति,

न्यायाधिश तथा प्रमुख पुरोहित हुन्थे (७८), यसैले पछि जुन अर्थमा बासल शब्दको प्रयोग गर्न थालियो, त्यस अर्थको सत्ता उनलाई प्राप्त थिएन।*

यसरी हामी योरपुयीन युगको सामाजिक प्रणालीमा प्राचीन गोत्रीय सङ्गठन अब पनि शक्तिशाली नै रहेको पाउँदछौं, तर त्यसको साथै त्यस सङ्गठनको पतन पनि शुरु हुन थालिसकेको थियो: सिपाहीहरूलाई सम्पत्तिको उत्तराधिकार प्रदान गर्ने पितृसत्ताको प्रारम्भ भैसकेको, जसले गर्दा परिवारमा सम्पत्ति सञ्चित हुनसक्ने भयो र परिवारलाई गोत्रको विरुद्ध एक शक्तिको रूपमा उभ्याइयो; आर्थिक विषमताले वंशानुगत कुलीनतन्त्र तथा राजतन्त्रका प्रथम अङ्कुरहरू पैदा गर्‍यो र त्यसले प्रशासन व्यवस्थामा प्रतिकूल असर पार्‍यो; दासप्रथाको आरम्भ भयो, जो शुरुमा युद्धबन्दीहरूमा मात्र सीमित थियो, तर जसले आफ्नै जातिका व्यक्तिहरू र यहाँसम्म कि सगोत्रीहरूलाई समेत दास बनाउने सम्भावना प्रदान गर्‍यो; प्राचीन समयमा एक जातिले अर्को जातिका विरुद्ध चलाउने युद्धको क्रम बढ्दैगएर पशुहरू, दासहरू र धनसम्पत्ति कब्जा गर्ने उद्देश्यले जमिन तथा समुद्रमा गरिने नियमित लुटको रूप लिन पुग्यो र यसरी युद्ध स्थायी व्यवस्थामा परिणत भयो; एक शब्दमा, सम्पत्तिलाई सर्वोच्च ऐश्वर्यको रूपमा प्रशंसा तथा पूजा गर्न थालियो र सम्पत्तिको जबरजस्त अपहरणलाई उचित ठहर्‍याउने

---

*Aztec सेनानायकलाई पनि युनानी basileus जस्तै आधुनिक राजाको रूपमा चित्रण गरिएको छ। Aztec वासीहरूलाई शुरुमा गलत तरिकाबाट बुझे, तिनको अतिशयोक्ति गरे र पछि गएर त तिनको सोझै गलत व्याख्या गर्न थाले, स्पेनवासीहरूको यस्तो व्याख्याको ऐतिहासिक आलोचना सर्वप्रथम मोर्गनले गरेका छन्। उनले के कुरा पनि प्रमाणित गरेका छन् भने, मेक्सिकोवासीहरू बर्बर युगको मध्य अवस्थामा पुगेका थिए तर आफ्नो विकासमा तिनीहरूले न्यूमेक्सिकोका पुएब्लो इण्डियनहरूलाई केही मात्रामा उछिनिसकेका थिए, र जहाँसम्म यी विकृत रूपमा प्रस्तुत गरिएका विवरणहरूको आधारमा भन्न सकिन्छ, उनीहरूको सामाजिक सङ्गठन निम्न विशेषताहरूले गर्दा फरक थियो: त्यो सङ्गठन तीनवटा प्रजातिहरूको सङ्घको रूपमा थियो, जुन सङ्घले केही अन्य प्रजातिहरूलाई रैताल बनाई आफ्नो अधीनमा राख्यो; त्यस सङ्घको प्रशासन सङ्घीय परिषद् तथा सङ्घीय सेनापतिको हातमा हुन्थ्यो। त्यस सङ्घीय सेनापतिलाई स्पेनवासीहरूले "सम्राट" मा परिणत गरे।



उद्देश्यले प्राचीन गोत्रीय परम्पराको दुरुपयोग गर्न थालियो। अब केवल एउटै कुराको मात्र कमी रह्‌यो — त्यो कुरा त्यो संस्था थियो, जसले केही व्यक्तिहरूको नवार्जित निजी सम्पत्तिलाई गोत्र प्रणालीका साम्यवादी परम्पराहरूबाट जोगाउने काम मात्र नगरेर, र जसले पहिले त्यति कम महत्त्व राख्ने निजी सम्पत्तिलाई पवित्र तुल्याउने मात्र नभएर त्यस पवित्रीकरणलाई हर प्रकारको मानव समाजको सर्वोच्च उद्देश्य घोषित गरोस् र एकपछि अर्को गर्दै विकसित भएका धनोपार्जनका नयाँनयाँ रूपहरूमा अर्थात् धन-सम्पत्तिको निरन्तर अभिवृद्धिमा सर्वव्यापी मान्यताको छापसमेत लगाइदेओस्; त्यस्तो संस्थाको कमी थियो, जसले समाजलाई वर्गहरूमा विभाजित गर्ने भर्खरै मात्र शुरु भएको प्रक्रियालाई मात्र नभएर ऐश्वर्यसम्पन्नवर्गले निर्धनवर्गको शोषण गर्ने अधिकार तथा धनिको वर्गद्वारा पछिल्लोमाथिको प्रभुत्वलाई चिरस्थायी तुल्याइदेओस्।

अनि त्यस्तो संस्थाको प्रादुर्भाव भयो। राज्यको उत्पत्ति भयो।

## ५

# एथेन्स राज्यको उत्पत्ति

कसरी आंशिकतः गोत्र प्रणालीका संस्थाहरूको पुनर्गठन गर्दै, आंशिकतः नयाँ संस्थाहरूको प्रवेशद्वारा तिनलाई विस्थापित गर्दै र अन्ततः तिनीहरूको ठाउँमा पूर्णतः वास्तविक राज्यसत्तात्मक संस्थाहरूको स्थापना गर्दै राज्यको विकास हुँदै आयो र कसरी आफूलाई आफ्नै शक्तिद्वारा आफ्ना गाउँ तथा प्रजातिहरूबीच सुरक्षित राख्ने वास्तविक रूपमा "सशस्त्र जनता" को स्थान त्यस सशस्त्र "सार्वजनिक सत्ता" ले लियो र फलतः त्यो जनताको विरुद्ध प्रयोग गर्न पनि सकिने भयो भन्नेजस्ता सम्पूर्ण कुराहरू, कम्तीमा पनि प्रारम्भिक चरणमा, प्राचीन एथेन्समा जस्तो अन्यत्र कहीं पनि हामी त्यति स्पष्ट रूपमा केलाउन सक्दैनौं। आधारभूत रूपमा राज्यका रूपहरूको परिवर्तनको चित्रण मोर्गनले गरिसकेका छन्। त्यस परिवर्तनलाई जन्म दिने आर्थिक विषयवस्तुको विश्लेषणचाहिँ धेरै मात्रामा मैले थप्नुपरेको छ।

वीरयुगमा चारवटै एथेन्सवासी प्रजातिहरूले आटिकामा पृथक्पृथक् क्षेत्रहरू ओगटेका थिए; सम्भवतः उनीहरूका बाह्रवटा फ्राट्रीहरूले त्यस बेला केक्रोपका बाह्रवटा शहरहरूको रूपमा अलगअलग बस्तीहरू बसालेका थिए। प्रशासन व्यवस्था वीरयुगअनुरूपकै थियो: जनसभा, जनपरिषद्, सेनानायक आदि। त्यस युगमा, जुन बेलादेखि लिखित इतिहासको सुरुवात गर्यो, जमिनको बाँडफाँट भइसकेको थियो र जमिनमा निजी स्वामित्व कायम रहिसकेको थियो। बर्बरयुगको उन्नत चरणको अन्त्यतिरको तुलनात्मकतः उन्नत वस्तु-उत्पादन तथा तदनुरूप वस्तुको आदानप्रदानको लागि यो कुरा स्वाभाविक थियो। अन्नको साथसाथै रक्सी तथा वनस्पति तेलको उत्पादन पनि गरिन्थ्यो; एजियन सागरको बाटो भएर हुने सामुद्रिक व्यापार फिनिसियालीहरूका हातबाट छिटछिटै खोसिँदै गयो र ठूलो मात्रामा आटिकावासीहरूको हातमा पर्न थाल्यो। जग्गाको किनबेचले गर्दा र कृषिकर्मी तथा



शिल्पको बीचमा एवम् व्यापार तथा नौवाहनहरूको बीचमा कार्य-विभाजनको थप विकासले गर्दा चाँडै, फ्राट्री तथा प्रजातिका सदस्यहरूले निकट भविष्यमै पारस्परिक आवागमन गर्नुपर्ने भयो। फ्राट्री तथा प्रजातिको भूभागमा त्यस्ता बासिन्दाहरू बसोबास गर्थे, जो एउटै देशबाट आएका भए तापनि ती समूहअन्तर्गत पर्दैनथे र फलतः उनीहरू आफ्नू बसोबास गरेको ठाउँमा पनि पराई नै थिए। किनभने शान्तिकालमा प्रत्येक फ्राट्री तथा प्रजाति एथेन्सस्थित जनसभा अथवा सेनानायकलाई नसोधी आफ्नै आफ्ना कार्यहरू सम्पादन गर्थे। तर फ्राट्री अथवा प्रजातिहरूका भूभागमा बसोबास गर्नेहरू, जो तिनका समूहमा पर्दैनथे, निश्चय नै त्यहाँको प्रशासनमा भाग लिन सक्दैनथे।

यी सम्पूर्ण कुराले गोत्र प्रणालीका संस्थाहरूको सामान्य कार्यसञ्चालनमा यस्तो बाधा पुऱ्यायो, जसको फलस्वरूप वीरयुगमै तिनको उन्मूलनको लागि उचित उपायहरू चाल्नु आवश्यक हुनगयो। थेसियसद्वारा प्रचलनमा ल्याइएको प्रणाली लागू गरियो। सर्वप्रथम यो कुरामा परिवर्तन ल्याइयो भने एथेन्समा केन्द्रीय प्रशासनको स्थापना भयो, अर्थात् त्यस बेलासम्म प्रजातिहरूको स्वतन्त्र अधिकार क्षेत्रमा रहेका कार्यहरूमध्ये केहीलाई सार्वजनिक महत्त्वका कार्यको रूपमा घोषित गरियो र तिनलाई एथेन्सस्थित आम परिषद्को अधिकार क्षेत्रमा सुम्पियो। यस नवपरिवर्तनको फलस्वरूप एथेन्सवासीहरू पहिलो विकासमा अमेरिकाका कुनै पनि आदिवासी जातिहरूभन्दा धेरै अगाडि बढे: छिमेकमा रहेका प्रजातिहरूको साधारण एकताको सट्टा एकबद्ध जातिको रूपमा उनीहरूको एकीकरण भयो। यसै क्रममा एथेन्सको सार्वजनिक जातीय कानूनको जन्म भयो, जुन भइसकेका प्रजाति एवम् गोत्रहरूका निर्धारित परम्पराहरूभन्दा माथि रहन गयो; एथेन्सको नागरिकले आफ्नू वैधानिक मामिले भूभागहरूमा पनि निश्चित अधिकार तथा नयाँ आधिकारिक संरक्षण प्राप्त गऱ्यो। परन्तु यो कुरा गोत्रबाहिर नागरिकहरूका समूहमा रहेका व्यक्तिहरूलाई प्रविष्ट गराउने कार्यमा पहिलो कदम हुनगयो, जब व्यक्तिहरू सम्पूर्ण आटिकामा विजातिको रूपमा रहेका थिए र जो त्यसपछि र त्यसपछि पनि पूर्णतः एथेन्सको गोत्र प्रणालीबाट बाहिर रहेका थिए। दोस्रो, थेसियसको नाममा उल्लिखित नयाँ अधिकारक्षेत्रअनुसार गोत्र, फ्राट्री अथवा प्रजातिको भेदभावबेगर सम्पूर्ण जनतालाई तीन वर्गमा विभाजित गरिएको थियो: eupatrides अथवा कुलीनवर्ग, geomoroi अथवा कृषकवर्ग तथा demiurgi अथवा शिल्पकारवर्ग, र कुलीन वर्गलाई विभिन्न ओहोदा ओगट्ने विशेषाधिकार प्राप्त थियो।

PROPERTY OF THE STATE

यद्यपि यस विभाजनबाट कुलीनहरूद्वारा ओहोदाको पूर्ति हुनुजस्तो कुनै नतिजा प्राप्त हुँदैनथ्यो, किनभने त्यसले वर्गहरूका बीचमा अन्य कुनै पनि कानुनी भेदभावहरू स्थापित गरेको थिएन। तर त्यस कुराले निकै महत्त्व राख्दछ, किनभने त्यसले हामीलाई यस्ता, अस्पष्ट रूपमा विकसित भएका तत्त्वहरूको उद्घाटन गर्दछ। त्यसले के कुरा दर्शाउँछ भने कुनै निश्चित परिवारका सदस्यहरूले गोत्रका विभिन्न ओहोदाहरू पूर्ति गर्ने परम्पराले ती परिवारहरूको प्रायः निर्विवाद रूपमा सामाजिक ओहोदात्मक ओगट्ने अधिकारको जग निर्दै गयो, आफ्नो सम्पत्तिले गर्दा त्यस्ता अधिकारहरूभन्दा पनि शक्तिशाली ती परिवारहरू आफ्ना गोत्रहरूबाट अलग्गिएर एक विशेष, सर्वाधिकारसम्पन्न वर्गको रूपमा एकत्रित हुनथाले र तिनका यस्ता धनीहरूलाई अझै भर्खरै जन्म लिएको राज्यले वैधानिक रूप प्रदान गर्‍यो। त्यस विभाजनले पछि गएर के कुरा दर्शाउँछ भने कृषक तथा शिल्पकारहरूको बीचमा आपसको विभाजन पनि प्रभावी हुँदै गयो, जसको परिणामस्वरूप पहिले आएको गोत्र तथा प्रजातिबीचको विभाजनको सामाजिक महत्त्व दोस्रो श्रेणीमा झर्ने गयो। फलतः त्यसले गोत्रीय समाज र राज्यको बीचमा सम्बोधनविहीन असमरविरोधको बीजारोपण गर्‍यो। राज्यको सृजना गर्ने प्रथम प्रयास प्रत्येक गोत्रका सदस्यहरूलाई विशेषाधिकारसम्पन्न र विशेषाधिकारविहीन वर्गहरूमा विभाजित गरेर र विशेषाधिकारविहीनहरूलाई पनि शिल्पीहरूका आफ्नो प्रकारअनुरूप दुई वर्गहरूलाई एकअर्काको विरोधमा खडा गर्न सकिने गरी दुइटा वर्गमा विभाजित गरेर गोत्रीय सम्बन्धहरू विच्छिन्न पार्ने कामका आधारित छ।

त्यसपछिको शताब्दीभरको एथेन्सको राजनीतिक इतिहास धेरै अधुरो रूपमा ज्ञात छ। basileus को पदले आफ्नो महत्त्व गुमायो, राज्यको नेतृत्वमा कुलीनहरूबाट छानिएका archons (म्याजिस्ट्रेट) हरू आए। कुलीनहरूको आधिपत्य झन्झन् शक्तिशाली हुँदै गयो र ६०० ई० पू० सम्ममा त त्यसले असह्य रूप लिन पुग्यो। यसमा पैसा र सुदखोरी जनस्वतन्त्रताको दमन गर्ने आधारभूत साधनको रूपमा रहे। कुलीनहरूको प्रमुख निवासस्थान एथेन्स तथा त्यस वरिपरिका इलाकाहरूमा थियो, जहाँ सामुद्रिक व्यापारको साथै अझ पनि यदाकदा गरिहुने डकैतीले कुलीनहरूलाई धन धनवान् तुल्यायो र धनसम्पत्ति यति तिनीहरूको हातमा केन्द्रित हुँदै गयो। यहाँबाट विकसित भएको मौद्रिक कारोबारले ग्रामीण समाजमा प्रवेश गर्‍यो, जसले ठीक तिखारले दियाउने झैं तिनीहरूको परम्परागत जीवन पद्धतिमा प्रभाव पार्‍यो। मौद्रिक कारोबार गोत्र प्रणालीसित पटक्कै मेल नखाने किसिमको थियो। आटिकाका निम्न तहका कृषकहरूको हातबाट र शिल्पीहरूको संरक्षण गर्ने पुराना गोत्रीय सम्बन्धहरूको ह्रास गर्न सहज हुनगयो। ऋणपत्र नराउने र जमिनको धरौटी राख्ने कामका (किनभने एथेन्सवासीहरूले त्यस बेलासम्म बन्धक राख्ने चलन चलाइसकेका थिए) गोत्र अथवा फ्राट्रीको कुनै परवाह गर्दैनथ्यो। तर पुरानो गोत्र प्रणालीलाई न पैसाको ज्ञान थियो, न ऋणको, न त नगद-कर्जाको। यस कारण बृहत् रूपमा विस्तारित हुँदै गएको कुलीनहरूको मौद्रिक प्रभुत्वको परिणामस्वरूप साहूलाई आसामीको विरुद्ध सुरक्षित राख्नको लागि र पैसावालहरूद्वारा निम्न तहका कृषकहरूमाथिको शोषणलाई पवित्र तुल्याउनको लागि त्यस्तै गरी एक सामान्य अधिकारको पनि रचना गरियो। आटिकाका जमिनहरूमा जहाँतहीं ढुङ्गाहरू गाडेर ठड्याइएका हुन्थे, जसको सतहमा जमिनको मालिको ढुङ्गा गाड्ने व्यक्तिलाई यति रकममा धितो राखिएको हो भन्ने हुन्थ्यो। तिनीहरूको ऋणको अथवा ब्याज तोकिएको म्यादभित्र नचुकाएको कारणले जफत भइसकेका जग्गाहरूमाथि प्रायः यस्तो ढुङ्गा गाडिएको हुँदैनथे र त्यस्ता जग्गाहरूमाथि सूदखोर-कुलीनहरूको स्वामित्व कायम रहन्थ्यो। यदि कुनै कृषकले त्यस्ता जमिनका टुक्राहरूमा भाडाको रूपमा बसेर आफ्नो परिश्रमबाट उत्पादित अन्नको छ भागमा पाँच भाग साहूलाई कुतको रूपमा दिएर बाँकी एक भाग आफूले पाउन सके चित्त बुझाउनुपर्थ्यो। जमिनको टुक्रा बेच्दा पाएको रकमले ऋण चुक्ता नभए अथवा लिएको ऋण तिर्नको लागि धितो नभए आफ्ना ऋणीले ऋण तिर्नको लागि आफ्ना छोराछोरीलाई दासको रूपमा पर देशहरूमा बेच्न बाध्य हुनुपर्दथ्यो। बाबुबाट आफ्ना छोराछोरीको बिक्री नै पितृसत्ता र एकनिष्ठ विवाहको पहिलो फल थियो! यति गर्दा पनि यदि रक्तपिपासु ऋण पूरा नभए साहूले आसामीलाई पनि दासका रूपमा बेच्न सक्दथ्यो। यस्तो थियो एथेन्सका जनताको सभ्यताको स्वच्छ प्रभात।

शुरुमा, जब जनताका जीवन स्थितिहरू यही गोत्र प्रणालीअनुकूल थिए, त्यस्तो क्रान्ति असम्भव थियो। तर अब त्यो कुरा भइसकेको, कसरी भयो भन्ने कुरा कसैलाई पनि थाहा थिएन। त्यो एक क्षण फेरि हाम्रा इरोक्वाहरूतिर फर्कौं। त्यहाँ एथेन्सवासीहरूमाथि, सोच्दै भन्ने हो भने, उनीहरूको सहभागिताविना र निस्सन्देह उनीहरूको इच्छा विपरीत लादिएको यस्तो स्थिति त्यहाँ कसैको कल्पनामा थिएन। त्यहाँ जहाँ उत्पादन

अपरिवर्तित रूपमा रहेको जीविकोपार्जनका साधनहरूको उत्पादन पद्धतिले यस्ता कहिल्यै नाघिएका जस्ता विवादहरू र धनी तथा दरिद्र एवम् शोषक तथा शोषितहरूका बीचमा यस्तो विरोधाभास पैदा गराउन कदापि सक्दैनथ्यो। इरोक्वाइहरू यसै प्रकृतिमाथि प्रभुत्व जमाउनबाट धेरै टाढा थिए। तर तिनीहरू आफ्नो लागि निर्दिष्ट एवम् निश्चित प्राकृतिक सीमाभित्र निजी उत्पादनका मालिक थिए। आफ्ना साना बगैंचाहरूमा बाली बिग्रने, आफ्ना तलाउ तथा नदीहरूमा माछाको भण्डार रित्तिने र आफ्ना जङ्गलहरूमा शिकारजन्य खाद्य पदार्थ प्राप्त गर्ने सम्भावना तीव्र गतिमा घट्न जाने जस्ता कुराहरू नदीहरूको अवस्थामा आफ्नो जीविकोपार्जनका साधनहरूबाट सीमित कुरा प्राप्त गर्न सकिन्छ भन्ने उनीहरूलाई पहिल्यै थाहा हुन्थ्यो। त्यस उपायबाट, चाहे अपर्याप्त मात्रामा होस् वा प्रचुर मात्रामा, जीवन-वृत्तिको लागि आवश्यक वस्तुहरूको प्रबन्ध गर्नुपर्दथ्यो, तर त्यसले गोत्रीय सम्बन्धहरूको विच्छेदन तथा गोत्र एवम् एउटै प्रजातिका सदस्यहरूलाई परस्पर-विरोधी, आपसी सङ्घर्षमा संलग्न वर्गमा विभाजन गर्नेजस्ता खालैखाल सामाजिक परिवर्तनहरू कदापि ल्याउन सक्दैनथ्यो। उत्पादन कार्य अत्यन्तै सङ्कुचित परिधिमा हुन्थ्यो, तर उत्पादित वस्तु पूर्णरूपेण उत्पादकहरूको हातहरूमा रहन्थ्यो। यो बर्बरयुगीन उत्पादनको महान विशिष्टता थियो, अर्थात् यो त्यस्तो विशिष्टता थियो, जो सभ्ययुगमा आएर हराएर गयो। भविष्यवर्ती पिढीहरूको कर्तव्य त्यसैको पुनर्प्राप्ति हुनेछ, तर त्यो प्राप्ति मानिसले आजभोलि प्रकृतिमाथि हासिल गरेको शक्तिशाली आधिपत्य तथा आजको समयमा सम्भव भइसकेको स्वतन्त्र सङ्गठनको आधारमा हुनेछ।

यूनानीहरूको स्थिति अर्कै थियो। जनावरका बथान तथा विलासिताका सामानहरूमाथि निजी स्वामित्व कायम भइसकेको हुँदा त्यसले अलगअलग व्यक्तिहरूका बीचमा उत्पादित सामानहरू साटफेर गर्ने र तिनलाई **वस्तुमा** परिणत गर्ने सिलसिला शुरु भयो। अनि त्यसपछि आउने सम्पूर्ण परिवर्तनको भ्रूण पनि यसैमा निहित थियो। आफ्ना उत्पादित वस्तुहरूको उपभोग उत्पादकहरू आफैंले मात्र गर्न छोडेर तिनलाई विनिमयको माध्यमबाट अरूलाई हस्तान्तरित गर्न थाले र उनीहरूले तिनमाथिको आफ्नो प्रभुत्व गुमाए। ती वस्तुहरूलाई के गरिन्छ भन्ने कुरा उनीहरूलाई थाहा हुन छोड्यो। उत्पादित वस्तुलाई उत्पादकको विरुद्ध प्रयोग गर्न सकिने सम्भावना खडा भयो, उसको शोषण तथा उत्पीडनको लागि। यस कारण यदि कुनै



समाजले अलगअलग व्यक्तिहरूबीचको विनिमयलाई अन्त गर्दैन भने त्यसले आफ्नो निजी उत्पादनमाथि प्रभुत्व कायम राख्न र आफ्नो उत्पादन प्रणालीका सामाजिक परिणामहरूमाथि नियन्त्रण कायम राख्न धेरै समयसम्म समर्थ हुनेछैन।

अलगअलग व्यक्तिहरूबीच विनिमयको उत्पत्ति र उत्पादित सामानहरूलाई वस्तुमा परिणत गर्ने कार्यपश्चात कति छिटै उत्पादित वस्तुहरूको प्रभुत्व तिनको उत्पादकमाथि प्रकट हुन थाल्दछ भन्ने कुरा एथेन्सवासीहरूले आफैं-माथि बेहोर्नुपर्‍यो। वस्तु उत्पादनको साथसाथै अलगअलग व्यक्तिहरूले आफ्नै जिम्मामा जमिनको खनजोत गर्ने काम र त्यसपछि छिटै गएर अलगअलग व्यक्तिहरूको जमिनमाथिको स्वामित्व अस्तित्वमा आयो। त्यसपछि सर्वव्यापी वस्तुको रूपमा मुद्राको उत्पत्ति भयो, जससँग अन्य सबै प्रकारका सामानहरू साट्न हुने भयो। तर मुद्राको आविष्कार गर्दा मानिसहरूले त्यसको साथ-साथै एक नयाँ सामाजिक शक्तिको अर्थात् एक मात्र त्यस्तो सर्वव्यापी प्रभाव भएको शक्तिको सिर्जना गरिरहेका छन्, जसको सामु सम्पूर्ण समाजले झुक्न बाध्य हुनुपर्नेछ, भन्ने कुरा बुझ्न सकेनन्। अनि आफ्ना सृष्टिकर्ताहरूको इच्छाविना र उनीहरूलाई थाहै नगरी अचानक उत्पन्न भएको त्यस नयाँ शक्तिले आफ्नो जवानीको सम्पूर्ण कठोरतासाथ आफ्नो प्रभुत्व एथेन्सवासीहरूलाई चखायो।

के गर्नुपर्थ्यो त ? प्राचीन गोत्र प्रणाली पैसाको विजययात्रा सामुन्ने निर्बल मात्र साबित भएको होइन, त्यो प्रणाली धन, साहू, असामी र ऋण भुक्तानी गर्न बाध्य तुल्याउने जस्ता कुराहरूलाई आफूभित्र कुनै पनि स्थान दिनसमेत पूर्णतः असमर्थ देखियो। तर नयाँ सामाजिक शक्ति जीवितै रहन्थ्यो र यस्ता शक्तिपूर्ण पुनर्स्थापनाहरू एवम् त्यो पुरानो रमणीय समय फिर्ता ल्याउने उत्कट अभिलाषाले पैसा र सुदखोरीलाई लोप गराउन सकेनन्। यस त्यस-माथि यस गोत्र प्रणालीमा अन्य दोस्रो स्तरका धेरै छिद्रहरू परिए। पुस्तौं-पुस्तासम्म विभिन्न गोत्र तथा फ्राट्रीका सदस्यहरू आटिकाको सम्पूर्ण भूभागमा र विशेषगरी एथेन्स शहरमा अनुक्रमै परस्पर बसाइँ सर्ने काम गर्दै गए, यद्यपि त्यस बेला एथेन्सवासीले आफ्नो गोत्रबाहिरका व्यक्तिहरूलाई केवल आफ्नो जमिनको टुक्रा मात्र बेच्न पाउँथ्यो तर आफ्नो घरचाहिँ बेच्न पाउँदैनथ्यो। उद्योग तथा विनिमयको अझ बढ्दो विकासले गर्दा उत्पादनका विभिन्न क्षेत्रहरू, जस्तो खेतीपाती, शिल्पकारी–शिल्पकारीभित्र पनि त्यसका असङ्ख्य प्रकारहरू, व्यापार, नौकाविहार इत्यादिका बीचमा श्रम् बढी

भागमा श्रमको विभाजन हुँदै गयो; तत्पश्चात् सब आफ्नो पेशाअनुरूप निश्चित स्थायी समूहहरूमा विभाजित भयो; त्यस्ता समूहहरूमध्ये प्रत्येकमा सामूहिक हितका नयाँ कुराहरू ठूलै मात्रामा देखापरे, जसको लागि गोत्र अथवा फ्राट्रीको परिधिभित्र कुनै स्थान थिएन र फलत: जसको सेवाको लागि नयाँ पदहरूको आवश्यकता देखापर्‍यो। दासहरूको संख्या धेरै मात्रामा बढ्दै गयो र सम्भवत: त्यस बेला ऐथेन्सका स्वतन्त्र नागरिकहरूभन्दा तिनको संख्या धेरै गुणाको थियो; सुरुमा गोत्र प्रणालीलाई दास प्रथाको पूर्व ज्ञान थिएन र फलत: पराधीनहरूको यस समूहलाई लगाम लगाएर राख्न सक्ने साधनहरूको पनि आवश्यकता थिएन। अनि, अन्ततोगत्वा, व्यापारले तो धेरै विदेशीहरूलाई एथेन्सप्रति आकर्षित गरायो, जसले धनको कमाइको लागि त्यहाँ बसोबास गर्ने गर्थे; पुरानो परिपाटीको प्रभावले गर्दा तिनीहरू पनि अधिकारविहीन तथा असुरक्षित नै रहे र परम्परागत सहिष्णुताको विपरीत, त्यहाँका जनतामाझ एक अशान्त तथा पराई तत्त्वको रूपमा रहन गए।

एक शब्दमा भन्ने हो भने गोत्र प्रणाली पतनोन्मुख भयो। समाज दिन प्रतिदिन अनुरूप गोत्र प्रणालीको परिधिबाट बाहिर निस्कँदै गयो; त्यसले सबैका आँखा सामुन्ने उत्पन्न भएका ती सबभन्दा दुर्भिक्षपूर्ण कष्टहरूलाई न रोक्न सक्यो न हटाउन नै। तर यस बेला चुपचाप भित्रभित्रै राज्यको विकास भइरहेको थियो। सुरुमा शहर तथा गाउँहरूका बीचमा र पछि शहरिया श्रमका विभिन्न क्षेत्रहरूका बीचमा भएको श्रम विभाजनले गर्दा उत्पन्न भएका नयाँ समूहहरूले आफ्नो हितको संरक्षणका लागि नयाँ संस्थाहरूको गठन गरे; विभिन्न प्रकारका ओहदाहरूको स्थापना गरियो। त्यसपछि त्यस नवोदित राज्यलाई आफ्ना फाटफुट युद्धहरू सञ्चालन गर्न र व्यापारिक पोतहरूको सुरक्षाको लागि सर्वप्रथम आफ्नै सामरिक शक्तिको आवश्यकता पर्‍यो र समुद्र यात्रा गर्ने एथेन्सवासीहरूको लागि सुरुमा केवल सामुद्रिक सेना नै त्यस्तो शक्ति बन्न सक्दथ्यो। केही समयमा क्षेत्रीय इलाकाहरू, जसलाई naucrary भनिन्थ्यो, स्थापित भए र प्रत्येक जातिको भागमा त्यस्ता बाह्रवटा इलाकाहरू पर्थे। तर यो कुरा सोलोनभन्दा कति समय पहिले भएको थियो, त्योबारेमा थाहा छैन; प्रत्येक naucrary ले एउटा जहाज तयार गर्नुपर्दथ्यो, त्यसलाई अस्त्रशस्त्रले सुसज्जित गर्नुपर्दथ्यो र त्यसमा एउटा चालक-दलको लागि प्रबन्ध गर्नुपर्दथ्यो। यी सब कुराको अतिरिक्त कुछ अन्य जिम्मेवारीहरूको पनि व्यवस्था गर्नुपर्दथ्यो। यस संस्थापनाले गोत्रीय परिपाटीलाई दुई किसिमबाट विघटित पार्‍यो। प्रथमत: यसले सार्वजनिक सत्ताको सृजना



गर्‍यो, जुन सत्ता सामान्यतया सशस्त्र जनताको समानार्थक हुन छाडेको थियो; द्वितीयत: यसले जनतालाई सर्वप्रथम सामाजिक अभिप्रायहेतु कुटुम्ब सम्बन्धका आधारमा नभएर **एउटै भूभागमा बसोबासको आधारमा** विभाजित गर्‍यो। यसको के महत्त्व रहन्छ भन्ने कुरा पछिको वर्णनबाट दृष्टिगोचर हुनेछ।

गोत्र प्रणालीले शोषित जनतालाई कुनै प्रकारको सहयोग पुर्‍याउन नसकेको हुँदा त्यसको आशा केवल नवोदित राज्यमा मात्र गर्नुपर्ने भयो। अनि त्यस राज्यले पनि यस्तो सहयोग प्रशासनिक व्यवस्थाको रूपमा तत्कालै पुर्‍यायो, जुन व्यवस्था सोलोनले पुरानो प्रणालीको मूलमा चोट पुर्‍याई सबल शक्तिशाली तुल्याउँदै लागु गराएका थिए। सोलोनको व्यवस्थाले — हामीलाई यहाँ उसले ५९४ ई० पू० मा जुन तरिकाले सुधार गरेका थिए भन्ने कुरासँग मतलब छैन — विभिन्न तथाकथित राजनीतिक क्रान्तिहरूको प्रारम्भ गर्नुको साथै स्वामित्वको सम्बन्धमा त एक अतिक्रमण नै गर्‍यो। आजसम्मका सम्पूर्ण क्रान्तिहरू एक प्रकारको स्वामित्वको विरुद्ध अर्को प्रकारको स्वामित्वलाई सुरक्षित राख्ने ध्येयले घटेका हुन्। त्यस्ता क्रान्तिहरूले एक प्रकारको स्वामित्वमाथि हस्तक्षेप नगरी अर्को प्रकारको स्वामित्वको सुरक्षा गर्न सक्दैनन्। महान फ्रान्सेली क्रान्तिको समय पुँजीवादी स्वामित्वको संरक्षणको लागि सामन्तवादी स्वामित्वको बलिदान गरिएको थियो; सोलोनले गरेको क्रान्तिमा ऋणदाताहरूको स्वामित्वको हितमा साहुहरूको स्वामित्वले नोक्सान खप्नुपरेको थियो। ऋण सोझै बदर गरियो। हामीलाई विस्तृत विवरणको सही जानकारी छैन, तर आफ्ना कविताहरूमा सोलोनले कसरी आत्मप्रशंसा गरेका छन् भने उसले आफ्ना कार्यकालमा राखिएका जग्गाहरूमा गाडिएका कुइलाहरू उखालेका र ऋण तिर्न नसकेकाहरूमा अन्य देशलाई बेचेका र भागेर विदेश गएका मानिसहरूलाई फिर्ता ल्याए। यस्तो काम केवल स्वामित्विक अधिकारको खुला उल्लंघनबाट मात्र हुन सक्दथ्यो। अनि यथार्थमा सुरुदेखि अहिलेसम्मका सम्पूर्ण तथाकथित राजनीतिक क्रान्तिहरू, कुनै एक प्रकारको स्वामित्वको संरक्षणको लागि गरिएका हुन् र ती क्रान्तिहरू अर्को प्रकारको स्वामित्वको अपहरण अर्थात् तथाकथित डकैतीको सहायताबाट गरिएका छन्। यसरी के कुरा निर्विवाद छ भने केवल स्वामित्विक अधिकारको उल्लंघन गरेर मात्र निजी स्वामित्व दुई हजार पाँच सय वर्षसम्म सुरक्षित रहन सक्यो।

तर अब स्वतन्त्र एथेन्सवासीहरूलाई यस्तो पटक दासत्वमा पर्नबाट बचाउनु आवश्यक थियो। यो काम सर्वप्रथम धनाढ्यहरूले ऋणी कृषकहरूको अनिवार्यतामा प्रतिबन्ध लगाउने जस्ता सामान्य कदमहरूद्वारा गरियो। त्यसपछि,

जमिनको स्वामित्वमाथि हदबन्दी तोकियो, जसअनुसार प्रत्यक्षरूपले व्यक्तिले निश्चित क्षेत्रफलभन्दा बढी जमिन राख्न पाउँदैनथ्यो। यो गाइनो हलक-हरूको जमिन पूरै कुलीनहरूको कब्जामा नपाउने इच्छालाई केही हदसम्म भए पनि नियन्त्रित गर्ने कामिलाको थियो। यति त्यसपछि स्वयम् प्रणालीमा पनि परिवर्तनहरू भए; जसको लागि टीकाले निम्न परिवर्तनहरू मुख्य छन्:

परिषद्मा हरेक कबीलाबाट एकसय सय गरी जम्मा चार सय सदस्यहरू सम्मिलित गराउने निर्णय भयो, यसरी यहाँ कुनै पनि मुख्य आधारको रूपमा प्रजाति नै रहेको पाइन्छ। तर सर्वोदित राज्यले पुरानो प्रणालीबाट ग्रहण गरेको यही एक पक्ष मात्र थियो। यहाँसम्म अन्य पक्षहरूको प्रश्न छ, सोलोनले सम्पूर्ण नागरिकहरूलाई, उनीहरूको जमिनको आम्दानी तथा त्यसबाट हुने आयको आधारमा, चार वर्गमा विभाजित गरे; पहिला तीन वर्गहरूको निम्ति आयको न्यूनतम मात्रा ५००, ३०० र १५० मेडिम्नास (१ मेडिम्नस बराबर लगभग ४१ लिटर हुन्छ) अन्न हुन्थ्यो; त्योभन्दा कम आय भएका अथवा जमिन नभएकाहरू चौथो श्रेणीमा पर्दथे। सम्पूर्ण पदहरूमा केवल पहिला तीन वर्गका प्रतिनिधिहरू रहन्थे र सबभन्दा उच्च तहका पदहरूमा चाहिँ पहिलो श्रेणीका प्रतिनिधिहरू मात्र, चौथो वर्गका मानिसहरूलाई जनसभामा बोल्ने र मत दिने अधिकार मात्र प्राप्त थियो, सम्पूर्ण पदाधिकारीहरू यहीँ निर्वाचित हुन्थे, यहीँ उनीहरूले आफ्ना क्रियाकलापहरूको प्रतिवेदन दिनुपर्थ्यो, सम्पूर्ण नियमकानुनहरू यहीँ तयार गरिन्थ्यो र यहाँ चौथो वर्गबाट आएका प्रतिनिधिहरूको बहुसङ्ख्या हुन्थ्यो। कुलीन विशेषाधिकारहरूलाई आंशिकतः सम्पत्ति दिइने विशेष सुविधाको रूपमा पुनरावृत्त गरिन्थ्यो, तर निर्णायक सत्ता जनताकै हातमा थियो। यसबाहेक जनतालाई चार वर्गमा बाँडिएको विभाजनले सेनाको पुनर्गठनमा आधारभूत भूमिका खेल्यो। पहिला दुई वर्गबाट घोडचढी सेना गठित हुन्थ्यो, तेस्रो वर्गले सशस्त्र स्थल सेनामा भर्ती भएर सेवा गर्नुपर्दथ्यो र चौथो वर्गका मानिसहरूले चाहिँ सुरक्षार्थ कवच नलगाइएका साधारण स्थल अथवा जल सेनामा सेवा गर्दथे र सम्भवतः उनीहरूले आफ्नो सेवाका लागि वेतन पनि पाउँदथे।

यसरी यहाँ समाजको प्रशासन व्यवस्थामा पूर्णतः नयाँ तत्त्वको, निजी स्वामित्वको प्रवेश गराइन्छ। राज्यका नागरिकहरूका अधिकार तथा कर्तव्य तिनीहरूको आफ्नो स्वामित्वमा रहेका जग्गाहरूको आयतनको अनुपातमा निर्धारित गर्न थालियो र धनाढ्यवर्गसम्पन्न वर्गहरूले आफ्नो प्रभुत्व जमाए-



अनुरूप नै पुराना रक्तसम्बद्ध समुदायहरू विस्थापित हुन थाले, गोत्र प्रणालीले अर्को पराजय भोग्नुपर्‍यो।

तर अब सम्पत्तिको अनुपातमा राजनीतिक अधिकार प्रदान गर्ने काम पूर्ण हालतमा पनि त्यस्ता व्यवस्थाहरूमा पर्न सक्दैनथ्यो, जुन व्यवस्थाविनागर राज्यको अस्तित्व रहन नसकोस्। यस नियमले राज्य प्रणालीको इतिहासमा ठूलो भूमिका खेल्यो तापनि धेरैजसो राज्यहरूले, र त्यसमा पनि धेरै विकसितले, त्यस बेगर पनि काम चलाएका थिए। अनि एथेन्समा पनि राज्यले केवल अल्पकालिक भूमिका खेलेको थियो; अरिस्टिडसका पालादेखि सबै सार्वजनिक पदहरूमा प्रत्येक नागरिक रहनसक्ने भयो। (७६)

त्यसपछिका असी वर्षको अवधिमा एथेन्स समाजको विकासले क्रमशः त्यो दिशा लियो, जुन दिशामा त्यो त्यसपछि कैयौँ शताब्दीसम्म विकसित हुँदै गयो। सोलोनपूर्वको सुदखोर अर्थतन्त्रको जमिनको सुदखोरी प्रथाको साथै भूसम्पत्तिको असीमित केन्द्रीकरणमाथि हदबन्दी लगाइयो। व्यापारलाई र त्यसको साथै दास श्रमको आधारमा द्रुत गतिमा विकसित हुँदै गएका शिल्प-कारी तथा शिल्पकारितालाई प्रमुख पेशा बनाइयो। मानिसहरू बढी शिक्षित हुँदै गए। पुर्खाका आफ्ना सहनागरिकहरूको निर्मम शोषणको सट्टा अब विशेष-गरी दासहरू र एथेन्समा उत्पादित वस्तु खरिद गर्ने एथेन्सबाहिरका उपभोक्ताहरूको शोषण गर्न थालियो। चल सम्पत्ति अर्थात् पैसा, दासहरू र जहाजहरूको रूपमा रहेको सम्पत्ति क्रमशः बढ्दै गयो; तर अब आएर त्यसले पूर्वकालको सङ्कुचितता एवम् सीमितताभन्दा जस्तो भूस्वामित्व प्राप्त गर्ने साधनको रूपमा मात्र नरहेर आफैँ एक लक्ष्य बन्न पुग्यो। यसको परिणाम-स्वरूप, एकातर्फ, एक नयाँ वर्गबाट—उद्योग तथा व्यापारमा संलग्न धनवान-हरूबाट—पुरानो शक्तिशाली कुलीन वर्गविरुद्ध विजयवान प्रतिस्पर्धाको उत्पत्ति भयो र अर्कोतर्फ, पुरानो गोत्र प्रणालीका अवशेषहरूले आफ्नो अन्तिम आधार गुमाए। यस कारण, गोत्र, फ्राट्री तथा कबीलाहरू, जसका सदस्यहरू अब आएर सम्पूर्ण एटिकामा फैलिइसकेका र एक अर्कासँग पूर्ण रूपमा मिसिइ-सकेका थिए, राजनीतिक संस्थाहरूको रूपमा पूर्ण अयोग्य हुन गए; एथेन्सका अधिकांश नागरिकहरू कुनै गोत्रअन्तर्गत पनि पर्दैनथे; उनीहरू अन्यत्रबाट आएका थिए, र उनीहरूलाई नागरिक अधिकार प्राप्त भए तापनि पुरानो कुनै पनि गोत्रीय सङ्गठनमा सम्मिलित गराइएका थिएनन्। यसको साथसाथै यस्ता विदेशी आप्रवासीहरूका सङ्ख्या निरन्तर बढ्दै गयो, जसलाई केवल संरक्षण मात्र प्राप्त थियो (८०)।

PROPERTY & THE STATE

त्यसको अतिरिक्त वस्तुहरूको मालको मात्रमा रह्यो। अभिजातवर्गले आफ्ना पहिलेका विशेषाधिकार फिर्ता लिने प्रयत्न गऱ्यो र केही समयको लागि, क्लिस्थिनिसको क्रान्तिले (५०९ ई० पू०) त्यस अभिजातवर्गको साथै गोत्रप्रणालीका अन्तिम अवशेषहरूको समेत उन्मूलन नगरेसम्म, यो विजयी पनि भयो (८१)।

क्लिस्थिनिसद्वारा प्रतिपादित नयाँ प्रशासन प्रणालीमा गोत्र तथा फ्राट्रीहरूमा आधारित चारवटा प्राचीन प्रजातिहरूलाई उपेक्षित गरियो। त्यस प्रणालीको स्थान पहिल्यै naucrary हरूमा अभिव्यक्त व्यवस्थाले पूर्णतः नयाँ व्यवस्थाले लियो, जसअनुसार नागरिकहरूलाई केवल उनीहरूको निवासस्थानको आधारमा विभाजित गरिन्थ्यो। अब निर्णायक महत्व गोत्रीय समूहहरूसँगको सम्बन्धले नभएर केवल स्थायी बासस्थानले राख्न थाल्यो। मिल्ने जनता होइन भूमि नभएर जमिन हुनपुग्यो। राजनीतिक सन्दर्भमा जनता जमिनको सामान्य उपाङ्गको रूपमा परिणत हुन गयो।

सम्पूर्ण एटिकालाई सयवटा स्वशासित सामुदायिक क्षेत्रहरू अर्थात् डेमहरू (deme) मा विभाजित गरिएको थियो। प्रत्येक डेममा बसोबास गर्ने नागरिकहरू (demot) ले आफ्नो मुखिया (demarch) तथा कोषाध्यक्षको साथै सानातिना मुद्दाहरू हेर्ने तीस जना न्यायाधीशहरू छान्दथे। सबै डेमहरूमा आफ्नै मन्दिर तथा कुलदेवता अथवा वीर-नायक हुन्थे, जसका पुजारीहरू पनि त्यहीँका बासिन्दाहरूले छान्थे। डेमको सर्वोच्च सत्ता डेमोटहरूको आम सभामा निहित थियो। वास्तवमा मोर्गनले सही रूपमा भनेका छन् — यो अमेरिकाका स्वशासित नागरिक समुदायहरूको प्रतिरूप हो (८२)। नवोदित राज्यले एथेन्समा पनि त्यहीँ एकाइबाट शुरू गरेको थियो, जुन एकाइमा आफ्नो सर्वोच्च विकासको परिणामस्वरूप वर्तमान राज्य आइपुगेका छ।

दसवटा त्यस्ता एकाइहरू — डेमहरू मिलेर एक प्रजाति बनाइयो, जुन प्रजाति पुरानो गोत्रीय प्रजाति (Geschlechtsstamm) को ठाउँ बस क्षेत्रीय प्रजाति (Ortsstamm) को नामले कहलिन थाल्यो। त्यस्तो प्रजाति स्वशासित राजनीतिक सङ्गठनको रूपमा मात्र नभएर एक सैनिक सङ्गठनको रूपमा पनि थियो, त्यसले एक phylarch अर्थात् प्रजातिको मुखिया छान्दथ्यो, जसले घोडचढी सेनाको नेतृत्व गर्दथ्यो, एक ट्याक्सियार्क (taxiarch) छान्दथ्यो, जसले पैदल सेनाको नेतृत्व गर्दथ्यो र एक स्ट्राटेगोस (strategos) छान्दथ्यो, जसले प्रजातिका क्षेत्रभरका सम्पूर्ण सेनाको नेतृत्व गर्दथ्यो। त्यसमाथि त्यसले पाँचवटा तथा चालक समितिहरूका पाँचवटा जङ्गी जहाजहरूको प्रबन्ध गरेको थियो र



आफ्नो धार्मिक पुरुषको रूपमा हरेक प्रजातिलाई कुनै एक एटिक वीर-नायक प्राप्त थियो, जसको नामबाट नै सम्बन्धित प्रजाति बोलाइन्थ्यो। अन्तमा त्यसले एथेन्स परिषद्मा ५० जना प्रतिनिधिहरू छानेर पठाउँदथ्यो।

एथेन्स राज्य नै सम्पूर्ण कुराको शिखर थियो, जसको प्रशासन दस प्रजातिहरूबाट छानिएका पाँच सय प्रतिनिधिहरू सम्मिलित भएको परिषद्ले चलाउँदथ्यो र अन्तिम अधिकार जनसभाको हातमा थियो, जहाँ प्रत्येक एथेन्स नागरिकको पहुँच थियो र जहाँ उसले मतदानको अधिकार प्रयोग गर्न पाउँदथ्यो; त्यसको साथै आर्कोन (archon) तथा अन्य पदाधिकारीहरूले विभिन्न प्रशासनिक विभाग तथा न्यायालयहरूको कार्य सञ्चालन गर्दथे। एथेन्समा कार्यपालिकाको प्रमुख पदाधिकारीको रूपमा कोही पनि थिएन।

यस नयाँ प्रशासनिक व्यवस्थाको स्थापनाले र आश्रितहरूको ठूलो सङ्ख्या (Schutzverwandter) — कुनै अंशमा आप्रवासीहरू र कुनै अंशमा स्वतन्त्रताप्राप्त दासहरूलाई नागरिक श्रेणीमा प्रवेश गराउने कार्यले गर्दा गोत्र प्रणालीका निकायहरू सामाजिक कार्यबाट निष्कासित हुन गए र तिनले सामाजिक सङ्घ तथा धार्मिक सम्प्रदायहरूको रूप लिए। परन्तु पुरानो गोत्रीय युगको नैतिक प्रभाव, परम्परागत धारणा र विचार पद्धतिहरू धेरै लामो समयसम्म उनीहरूका रीति-रिवाजमा जीवित रहे र धेरै मन्द गतिमा बिलाउँदै गए। यो कुरा पछिको एउटा राज्य संस्थाको दृष्टान्तबाट स्पष्ट हुन्छ।

हामीले यो कुरा देख्यौँ कि राज्यको प्रमुख लक्षण जनसमुदायबाट अलग्गिएको सार्वजनिक सत्तामा निहित छ। त्यस बेला एथेन्सवासीहरूसँग केवल जनप्रहरी सेना मात्र थियो, जुन सेनाहरू जनता आफैँले तयार पार्दथे र उनीहरू नै त्यसमा सेवा पनि गर्दथे। जनप्रहरी सेनाले बाह्य शत्रुहरूबाट सुरक्षा गर्दथे र आन्तरिक सङ्ख्याका ठूलो हिस्सा ओगट्ने दासहरूलाई आफ्नो कब्जामा राख्दथे। नागरिकहरूको लागि सार्वजनिक सत्ता शुरूमा केवल त्यस्तो प्रहरीको रूपमा मात्र थियो, जुन प्रहरी राज्यजत्तिकै पुरानो थियो, जति शासन थियो। यस कारणले अठारौँ शताब्दीका भोलाभाला फ्रान्सेलीहरूले सभ्य जातिको विपरीत असभ्य प्रहरीकृत जनता (nation policées) को विषयमा चर्चा गरेका हुन्। यसरी एथेन्सवासीहरूले आफ्नो राज्यको साथसाथै प्रहरीको पनि स्थापना गरे, जुन प्रहरीमा पैदल तथा घोडचढी धनुर्धारीहरू अर्थात् दक्षिणी जर्मनी तथा स्विट्जरल्याण्डमा भन्ने गरिए जस्तो landjäger हरू सम्मिलित थिए, जुन वास्तवमा सशस्त्र प्रहरी थियो। परन्तु त्यस समस्त प्रहरीमा दासहरू भर्ती गरिन्थे। एक स्वतन्त्र एथेन्स नागरिकको लागि यो

सेवा अति अपमानजनक मानिन्थ्यो कि आफैंले त्यस्तो लज्जाजनक काम गर्नुभन्दा एक सशस्त्र दासले आफूलाई गिरफ्तार गर्नेको कुरा उसको लागि मान्य हुन्थ्यो। यस कुरामा पनि प्राचीन गोत्र प्रथाको मनोवृत्ति प्रतिबिम्बित हुन्छ। प्रहरीबिना राज्य टिक्न सक्दैनथ्यो, तर राज्य भर्खर पनि आफ्नो बाल्यावस्थामै रहेकोले त्यसले त्यस्तो पर्याप्त नैतिक प्रतिष्ठा प्राप्त गर्न सकेको थिएन, जसले भूतपूर्व गोत्रका सदस्यहरूलाई पनि घृणित लाग्ने त्यस कामप्रति श्रद्धाको भावना जगाउन सकियोस्।

आफ्ना प्रमुख रूपरेखाहरूमा पूर्ण भइसकेको राज्य कतिसम्म एथेन्सवासीहरूको नयाँ सामाजिक स्थितिअनुकूल थियो भन्ने कुरा धनसम्पत्ति, व्यापार तथा उद्योगको द्रुत प्रगतिबाट प्रमाणित हुन्छ। त्यो वर्गीय अन्तर्विरोध, जसमा सामाजिक तथा राजनीतिक संस्थाहरू आधारित हुन गए, अब कुलीन अभिजातवर्ग तथा जन साधारणबीचको अन्तर्विरोधको रूपमा नरहेर दास तथा स्वतन्त्र, र आश्रित व्यक्तिहरू तथा अधिकारप्राप्त नागरिकहरूका बीचको अन्तर्विरोधमा परिणत भयो। एथेन्सको सर्वोच्च उन्नतकालमा स्त्री तथा बालबच्चाहरूसहित सम्पूर्ण स्वाधीन नागरिकहरूको संख्या लगभग ९०,००० थियो; दुवै लिङ्गका दासहरूको संख्या ३,६५,००० व्यक्ति र आश्रित विदेशीहरू तथा दासत्वबाट मुक्त व्यक्तिहरूको संख्या ४५,००० थियो। यसरी पुरुषवालिग प्रत्येक नागरिकको भागमा कम्तीमा १८ जना दासहरू र २ जनाभन्दा बढी आश्रित व्यक्तिहरू पर्दथे। दासहरूको ठूलो संख्या के कुरासँग सम्बन्धित थियो भने तिनीहरूमध्ये धेरैजसो त्यस्ता उद्योग-धन्दामा सम्मिलित थिए, जुन कार्य निरीक्षकहरूको रेखदेखमा ठूलाठूला ठाउँहरूमा गरिन्थ्यो। परन्तु व्यापार तथा उद्योगको विकाससँगै मुट्ठीभर व्यक्तिहरूको हातमा सम्पत्तिको सञ्चय तथा केन्द्रीकरण हुनुको साथै धेरैजसो स्वतन्त्र नागरिकहरू पनि दरिद्र हुँदै गए र उनीहरूले भिन्न दुइ कुरामध्ये एउटा कुरा रोज्नुपर्ने भयो: कि त उनीहरूले आफैं शिल्पकारीमा लागेर दास श्रमसँग प्रतिस्पर्धामा लाग्नुपर्थ्यो, जुन काम अझ लज्जाजनक एवम् निम्नस्तरीय मानिन्थ्यो र त्यसबाट खास उपलब्धि पनि हुन सक्दैनथ्यो, कि त कङ्गाली बन्नुपर्दथ्यो। निर्दिष्ट परिस्थितिहरूमा तिनीहरूले अनिवार्य रूपमा पछिल्लो बाटो लाग्नुपर्‍यो, र तिनीहरूको संख्या धेरै ठूलो भएको हुँदा उक्त कुराको परिणामस्वरूप सम्पूर्ण एथेन्स राज्यको पतन हुनगयो। प्रजातन्त्रले एथेन्सको पतन गराएको होइन, जस्तो राजतन्त्रसमक्ष चाप्लुसी गर्ने युरोपेली शिक्षक विद्वानहरू वकालत गर्दछन्, बरु त्यसको पतन त्यही



दास प्रथाबाट हुन गएको हो, जसले एक स्वतन्त्र नागरिकको श्रमलाई हेय तुल्यायो।

एथेन्सवासीहरूमा भएको राज्यको उत्पत्ति खास रूपमा कसरी राज्यको अभ्युदय हुन्छ भन्ने कुराको उत्कृष्ट दृष्टान्त हो, किनभने त्यसको उत्पत्ति एकातर्फ कुनै प्रकारको बाह्य अथवा आन्तरिक जबरजस्त हस्तक्षेपबेगर विशुद्ध रूपमा हुन्छ – जस्तो पिसिस्ट्राटसद्वारा भएको क्षणिक सत्ता-अपहरणका कुनै चिन्हहरू बाँकी रहेनन् (८२) – अर्कोतर्फ सोझैं गोत्र समाजबाट हुन्छ, किनभने यस दृष्टान्तमा राज्यको निकै विकसित रूप अर्थात् जनतान्त्रिक गणराज्यको चर्चा भइरहेको छ र अन्ततः किनभने हामीलाई यस राज्यको उत्पत्तिसम्बन्धी प्रायः सबै आधारभूत विवरणहरू अवगत छन्।

# ६

# रोममा गोत्र तथा राज्य

रोमको स्थापनासम्बन्धी आख्यानबाट के थाहा हुन्छ भने विभिन्न ल्याटिन गोत्रहरूले (आख्यानअनुसार तिनीहरूको संख्या सय जति थियो) एकबद्ध भएर पहिलो बस्ती बसालेका थिए र त्यसको लगत्तैपछि एक थर्को साबेल प्रजाति तिनीहरूसँग सम्मिलित भयो, जसका गोत्रहरूको संख्या पनि लगभग सय नै थियो भनिन्छ। अन्तमै त्यसपछि विभिन्न तत्वका समूहहरू, किंवदन्ती-अनुसार सयवटै गोत्रहरू, भएको तेस्रो प्रजाति सम्मिलित भयो। सम्पूर्ण उपाख्यानले पूर्णरूपले नै के कुरा स्पष्ट गर्छ भने यहाँ गोत्रबाहेक अन्य कुनै कुरा पनि नैसर्गिक उपजको रूपमा देखिँदैनन् र त्यही गोत्र पनि कुनै न कुनै परिस्थितिमा एक आदिम्भक गोत्रको हाँगाको रूपमा मात्र उत्पन्न भएको थियो, मूल गोत्र आफ्नो पुरानो जन्मभूमिमा अझै पनि अस्तित्वमा थियो। यी प्रजातिहरूमा तिनको गठन कृत्रिम तरिकाबाट भएको हो भन्ने कुराको छाप पाइन्छ, यद्यपि त्यस छापमा कुनै कृत्रिम रूपमा निर्मित प्रजातिको सट्टा अधिकतः रक्तसम्बद्ध तत्त्वहरू र नैसर्गिक रूपमा विकसित भएको प्रजाति प्रजातिकै ढाँचा रही पाइन्छ; त्यसको अतिरिक्त के कुरा पनि असम्भव नहोला भने ती तीनमध्ये हरेक प्रजातिको केन्द्रबिन्दुको रूपमा कुनै एक खास पुरानो प्रजाति रहेको हुनसक्छ। अन्तरिम कडीको रूपमा रहेको फ्राट्रीमा दसवटा गोत्रहरू सम्मिलित थिए र त्यसलाई कुरिया (curia) भनिन्थ्यो, यसरी तिनीहरूको संख्या तीस थियो।

के कुरा सर्वसम्मत छ भने रोमन गोत्र पनि त्यस्तै संस्थाको रूपमा थियो, जस्तो यूनानी गोत्र थियो; यदि यूनानी गोत्रले त्यस्तो सामाजिक एकाइको अधिक विकासको प्रतिनिधित्व गर्दछ, जसको आदिम रूप हामीले अमेरिकाली रेड इन्डियनहरूमा पाउँदछौं, भने यो कुरा रोमन गोत्रमा पनि पूर्णतः लागू हुन्छ। यसैले हामी यहाँ त्यसको चर्चा अधिक संक्षिप्त रूपमा गर्न सक्दछौं।



कम्तीमा पनि रोम शहरको अस्तित्वको प्राचीन कालमा रोमन गोत्रको बनोट निम्न प्रकारको थियो

१) गोत्रका सदस्यहरूको आपसी पारस्परिक उत्तराधिकार; सम्पूर्ण सम्पत्ति गोत्रभित्रै रहन्थ्यो। रोमन गोत्रमा पनि यूनानी गोत्रमा जस्तै पितृसत्ता कायम रहिसकेको हुँदा मातापक्षीहरूका सन्तानहरूले उत्तराधिकार पाउन छाडे। 'द्वादश विधि संहिता' (८४), जुन हामीलाई थाहा भएको रोमन कानूनको प्राचीनतम अभिलेख हो, अनुसार पहिलो हकवालाको रूपमा मृत व्यक्तिका छोराछोरीहरूले उत्तराधिकार प्राप्त गर्दथे र छोराछोरी नभएको अवस्थामा आग्नेट (Agnaten) हरू (**पुरुषपक्षीहरूका** नातेदारहरू) ले र तिनको पनि अभावमा गोत्रका अन्य सदस्यहरूले प्राप्त गर्दथे। सम्पत्ति जुनसुकै अवस्थामा पनि गोत्रभित्रै रहन्थ्यो। हामी यहाँ गोत्रीय परम्पराभित्र क्रमशः सम्पत्तिको अभिवृद्धि तथा कानूनी एकनिष्ठ विवाह प्रथाको फलस्वरूप उत्पन्न नयाँ कानूनी मर्यादाहरूको प्रवेश भएको पाउँदछौं: शुरुमा सम्पत्तिको समान उत्तराधिकार व्यवहारतः गोत्रका सम्पूर्ण सदस्यहरूलाई प्राप्त थियो, पछि माथि उल्लेख गरिए झैं त्यो अधिकार छिट्टै आग्नेटहरूमा मात्र सीमित हुन गयो र अन्ततः केवल मृत व्यक्तिका छोराछोरीहरू र पुरुषपक्षीहरूका सन्तानले मात्र पाउन थाले; तर 'द्वादश विधि संहिता' मा यी सब कुराहरू विपरीत क्रममा प्रस्तुत गरिएको स्पष्ट छ।

२) सबैको एउटै चिहानघारी हुन्थ्यो। क्लाडियस नामक पेट्रिशियन गोत्रले रेगिलस शहरबाट रोममा बसाइँ सरेपछि जमिनको एक खण्ड र त्यसबाहेक शहरमा सामूहिक चिहानघारी प्राप्त गरेको थियो। अगस्तसकै पालामा ट्युटोबर्गको जङ्गलमा मारिएका भारस (८५) को शिर रोममा ल्याएर gentilitius tumulus मा गाडिएको थियो र यसरी गोत्र (क्विन्टिलिया गोत्र) को विशेष समाधि थियो।

३) सामूहिक धार्मिक उत्सवहरू। यी sacra gentilitia प्रसिद्ध छन्।

४) गोत्रभित्र विवाह नगर्ने कामको बन्देज। रोममा यो नियम शायद कहिल्यै पनि लिखित कानूनको रूपमा रहेन तर एक परम्पराको रूपमा चाहिँ कायम रह्यो। आजसम्म हामीलाई नाम थाहा भएका असंख्य रोमन दम्पतिहरूमध्ये कुनै एउटा अवस्थामा पनि हामी लोग्ने र स्वास्नी दुवैको एउटै गोत्रीय संज्ञा भएको पाउँदैनौं। यस नियमको पुष्टि उत्तराधिकारसम्बन्धी कानूनले पनि गर्दछ। कुनै स्त्रीको विवाहपछि तिनले आफ्नो आग्नेटको अधिकार गुमाउँथिइन् र आफ्नो गोत्रबाट बाहिर पर्दथिइन्, आफ्नो बाबु

अथवा उनका सजातीयहरूका उत्तराधिकार न तिनले पाउन सक्दथिन्, न तिनका छोराछोरीहरूले नै, किनभने त्यसो भएमा पिताको गोत्रले आफ्नो सम्पत्तिको केही अंश गुमाउनुपर्ने हुन्थ्यो। त्यसैले आफ्नो गोत्रको कुनै पनि सदस्यसँग विवाह गर्न वर्जित थियो भन्ने कुरा मानिलिएको अवस्थामा मात्र यसको अर्थ रहन्छ।

४) जमिनमा सामूहिक स्वामित्व। यो कुरा आदिम समाजमा, प्रजातिहरूले जमिनको बाँडफाँट गर्न थालेदेखि, सधैँ अस्तित्वमा थियो। ल्याटिन प्रजातिहरूमा हामी जमिन आंशिकतः प्रजातिको, आंशिकतः गोत्रको अधीनमा र आंशिकतः परिवारको अधीनमा रहेको पाउँछौं, जुन बेलासम्म त्यस बेलासम्म केही परिवारहरूले आफ्नो गर्दैथे। सर्वप्रथम रोमुलसले व्यक्तिहरूलाई लगभग एक हेक्टर (दुइ "युगेर") को दरले जमिन बाँडेका थिए। अपितु हामी त्यसभन्दा पछि पनि गोत्रहरूको अधीनमा भूसम्पत्ति रहेको पाउँछौं; त्यस राजकीय जमिनको त कुरै छोडौं, जसमा गणराज्यको सम्पूर्ण आन्तरिक इतिहास केन्द्रित छ।

५) गोत्रका सदस्यहरूको रक्षा गर्नु र एकअर्कालाई सहयोग गर्नु गोत्रका सदस्यहरूको कर्तव्य हो। लिखित इतिहासले हामीलाई केवल त्यस परम्पराका अवशेषहरू मात्र देखाउँदछ; रोमन राज्य यति छिटै एक प्रचण्ड शक्तिको रूपमा देखा पर्‍यो कि गोत्रहरूको रक्षा गर्ने अधिकार उसको हातमा आयो। अपियस क्लाडियसलाई गिरफ्तार गरेको बेलामा उसको गोत्रका सम्पूर्ण सदस्यहरूदेखि उनका व्यक्तिगत शत्रुहरूले समेत शोकवस्त्र धारण गरेका थिए (८६)। दोस्रो प्युनिक युद्ध (८७) को समयमा आफ्ना बन्दी बनाइएका सदस्यहरूलाई मुक्त गर्न गोत्रहरू एकबद्ध भएका थिए; सिनेटले यस कुरामा **प्रतिबन्ध** लगायो।

७) गोत्रको नाम ग्रहण गर्ने अधिकार। यो अधिकार रोमन साम्राज्यकालसम्म पनि प्रचलित थियो; दासत्वबाट मुक्त व्यक्तिहरूलाई आफ्नो पहिलेको मालिकको गोत्रको नाम ग्रहण गर्ने छुट दिइएको थियो, तर उनलाई गोत्रका सदस्यहरूले उपभोग गरेका अधिकारहरू प्राप्त थिएनन्।

८) विरानाहरूलाई गोत्रको सदस्यता प्रदान गर्ने अधिकार। यो काम सम्बन्धित व्यक्तिलाई कुनै परिवारमा सम्मिलित गराएर (धर्मपुत्रहरूमा जस्तो) सम्पन्न गरिन्थ्यो, जसको परिणामस्वरूप ऊ गोत्रको पनि सदस्य मानिन्थ्यो।

९) मुखिया छान्ने र उसलाई पदच्युत गर्ने अधिकारको विषयमा कहीँ पनि चर्चा गरिएको छैन। तर रोमको प्रारम्भकालमा निर्वाचित राजादेखि



लिएर सबै पदहरू निर्वाचन अथवा मनोनयनद्वारा भरिने र क्युरियाहरूले आफ्ना पुरोहितहरू आफैं नै छान्ने हुँदा हामी गोत्रका मुखिया (principes) हरूको सम्बन्धमा पनि त्यही कुरा अनुमान गर्न सक्दछौं। तथापि गोत्रको कुनै एउटा परिवारबाट मात्र पदाधिकारी छान्ने कुरा त्यस बेलासम्ममा एक परम्परा नै बनिसकेको हुनसक्थ्यो।

रोमन गोत्रका काम यस्ता थिए। पहिले पितृसत्तामा सङ्क्रमण भइसकेको कुरालाई छोडेर तिनीहरूका बाँकी सम्पूर्ण अधिकार तथा कर्तव्यहरू इरोक्वा गोत्रका जस्तै छन्; यहाँ पनि "प्रत्यक्ष रूपमा इरोक्वा नै प्रतिबिम्बित छ" (८८)।

यहाँ पनि रोमन गोत्र प्रथासम्बन्धी प्रश्नमा हाम्रा प्रसिद्धतम इतिहासकारहरूमा समेत कस्तो भ्रम फैलिएको छ भन्ने कुरा हामी एउटै उदाहरणमा देखाउन सक्दछौं। रोमन गणराज्य र औगस्तसको कालका रोमनहरूका व्यक्तिवाचक नामहरूको विषयमा लेखिएको मोमसनको कृति ('रोमको इतिहाससम्बन्धी अनुसन्धानहरू', बर्लिन, सन् १८६४, खण्ड १) मा निम्न कुरा भनिएको छ:

"गोत्रको नाम दासहरूबाहेक गोत्रका सम्पूर्ण पुरुष सदस्यहरू र अन्य गोत्रबाट भित्र्याइएका व्यक्तिहरूको साथै स्त्रीहरूमा समेत लागू गरिएको छ...। प्रजाति" (मोमसनले यहाँ gens शब्दलाई यसरी अनुवाद गरेका छन्) "—गोत्रको एक यस्तो जनसमुदाय हो, जसको उत्पत्ति एउटै—वास्तविक अथवा अनुमानित, अथवा आफ्नो काल्पनिक पुर्खाबाट भएको हो, र जुन सामूहिक उत्सव, सामूहिक समाधिस्थल तथा समान उत्तराधिकारजस्ता भ्रातृत्वपूर्ण सम्बन्धहरूको कडीमा बाँधिएको थियो, अर्थात् यो त्यस्तो जनसमुदाय थियो, जसको सदस्यको रूपमा समस्त स्वतन्त्र व्यक्तिहरू र अतः नारीहरू पनि रहन सक्दथे र रहनुपर्दथ्यो। कठिनाइ केवल विवाहिता स्त्रीहरूको गोत्रीय नाम निर्धारित गर्ने कुरामा मात्र थियो। तर नारीले आफ्नो गोत्रभित्र कुनै सदस्यसँग विवाह गर्ने पाउन्जेलसम्म यस्तो कठिनाइ सायद पनि हुँदैनथ्यो र के कुरा प्रमाणित हुन सक्दछ भने धेरै लामो समयसम्म नारीहरूलाई आफ्नो गोत्रभित्र भन्दा गोत्रबाहिर विवाह गर्न धेरै बाधा पर्थ्यो, किनभने यस्तो आफ्नो गोत्रबाहिर विवाह गर्ने अधिकार —gentis enuptio— छैटौं शताब्दीसम्म पनि केवल व्यक्तिगत विशेषाधिकार तथा पुरस्कारस्वरूप मात्र कसैलाई दिइन्थ्यो...। तर जहाँ यस्तो गोत्रबाहिर विवाह गर्ने चलन थियो, त्यहाँ सायद आदिमकालदेखि नै नारीजातिले पतिको प्रजातिमा सामेल हुनुपर्दथ्यो।

प्राचीन धार्मिक विवाहअनुसार नारी पूर्णत: आफ्नो पतिको कानुनी तथा धार्मिक समुदायकी सदस्या बन्दथिन् र आफ्नो गोत्रबाट हटदथिन् भन्ने कुरामा कुनै सन्देह छैन। विवाहिता स्त्री आफ्नो बाँसीको अधिकारबाट वञ्चित हुन्थिन् र तिनले आफ्नो सम्पत्ति आफ्नो बाबुको गोत्रका अन्य सदस्यहरूलाई दिन पाउँदिनन् तर तिनी आफ्नो लोग्ने, आफ्ना छोराछोरी र लोग्नेका गोत्रका अन्य सदस्यहरूको उत्तराधिकारी समूहमा पर्दथिन् भन्ने कुरा सबैलाई थाहा भएकै हो। तुल गरि अझि तिनी आफ्नो लोग्नेकै आवास भित्र उसको परिवारमा प्रवेश गर्दथिन् भने कसरी त्यस गोत्रबाट अलग रहन सक्थिन् र?" (पृष्ठ ८-११)।

यसरी मोम्जन के कुरा साबित गर्दछन् भने कुनै न कुनै गोत्रमा रहेका रोमन स्त्रीहरू यसमा केवल आफ्नो गोत्रभित्र मात्र विवाह गर्न सक्दथे र फलत: रोमन गोत्र अन्तर्विवाही थियो, न कि बाह्यविवाही। यो, अन्य जातिहरूको सम्पूर्ण व्यवहारविपरीत धारणा, मुख्यतया, यदि अनामान्य कतमा होइन भने, लिभी (खण्ड ३६, अध्याय १९) (८६) को एउटै मात्र अपर्ने विवादास्पद अंशमा आधारित छ, जसमा रोम सहरको स्थापनादेखि ५६८ वर्षपछि अर्थात् १८६ ई० पू० मा सिनेटले निम्न आदेश दिएअनुसार: «Uti Feceniae Hispalae datio, deminutio, gentis enuptio, tutoris optio item esset quasi ei vir testamento dedisset; utique ei ingenuo nubere liceret, neu quid ei qui eam duxisset, ob id fraudi ignominiaeve esset»—"फिसेनिया हिस्पालाले आफ्नो सम्पत्तिको बन्दोबस्त आफैँले गर्ने त्यो सम्पत्ति घटाउने, तथा आफ्नो गोत्रबाहिर विवाह गर्ने र आफ्नो अभिभावक छान्ने अधिकार पाएको हुनुपर्दछ, मानौँ" लेखेको" (मूल) "पतिले नै यो अधिकार इच्छापत्रद्वारा तिनलाई दिएको हो। तिनलाई कुनै स्वतन्त्र व्यक्तिसँग विवाह गर्न छुट हुनुपर्दछ र तिनीसित विवाह गर्ने व्यक्तिको लागि यो काम दुराचारी अथवा बेइज्जती ठहरिनु हुँदैन"।

यसरी यहाँ स्पष्टतयाबाट मुक्त फिसेनियालाई आफ्नो गोत्रबाहिर विवाह गर्ने अधिकार दिइएको कुरा निस्सन्देह छ। अनि यसबाट त्यतिकै निर्विवाद रूपमा के कुरा पनि सिद्ध हुन्छ भने लोग्नेले इच्छापत्रद्वारा आफ्नो मृत्युपछि आफ्नी स्वास्नीलाई गोत्रबाहिर विवाह गर्ने पाउने अधिकार दिन सक्दथ्यो। तर कुन गोत्रबाहिर?

यदि मोम्जनले अनुमान गरेअनुसार कुनै स्त्रीले आफ्नै गोत्रभित्र विवाह गर्नुपर्दथ्यो भने तिनी विवाहपछि पनि त्यही गोत्रमा रहन्थिन्। तर प्रथमत:



गोत्रमा जहाँ अन्तर्विवाह प्रथा थियो भन्ने कुरा नै प्रमाणित गर्नु पर्नेछ। अनि द्वितीयत: यदि नारीले आफ्नो गोत्रभित्रै विवाह गर्नुपर्दथ्यो भने स्वभावत: पुरुषले पनि त्यसै गर्नुपर्दथ्यो, किनभने अन्यथा उसले आफ्नो पत्नि स्वास्नी पाउन सक्दैनथ्यो। तर त्यस बेला लोग्नेले आफूसँग नभएको र आफ्नो लागि पनि प्रयोग गर्न नसकिने अधिकार इच्छापत्रको रूपमा आफ्नी स्वास्नीलाई प्रदान गर्न सक्दो रहेछ; कानुनी दृष्टिले हेर्दा हो भने यो कुरा निरर्थक देखिन्छ। स्वयम् मोम्जनले पनि यो कुरा बुझेर निम्न अनुमान लगाएका छन्: "के कुरा सम्भव छ भने गोत्रबाहिर विवाह गर्नको लागि कानुनी रूपमा केवल अधिकृत व्यक्तिको मात्र नभएर गोत्रका सम्पूर्ण सदस्यहरूको पनि सहमति आवश्यक थियो" (पृष्ठ १०, टिप्पणी)।

प्रथमत: यो सिर्फ साहसिलो अनुमान हो र द्वितीयत: यो कुरा उक्त उद्धरणको स्पष्ट भावार्थ विरोधमा जान्छ; लोग्नेको सट्टा सिनेटले फिसेनियालाई यो अधिकार प्रदान गर्दछ, सिनेटले तिनलाई आफ्नो लोग्नेले दिन सक्ने अधिकार मात्र प्रदान गर्छ, त्यसभन्दा बढी पनि होइन र घटी पनि होइन, तर जुन अधिकार सिनेटले उसलाई प्रदान गर्दछ, त्यो निरपेक्ष अधिकार हुन्छ, जुन अन्य कुनै प्रकारका बन्देजहरूसँग सम्बन्धित छैन, यसरी यदि उनीले त्यस्तो अधिकारको प्रयोग गरेको अवस्थामा त्यसबाट उसको दोस्रो पतिले आइपर्न जानुपर्ने स्थिति आउनु हुँदैन। त्यस अधिकारको आधारमा फिसेनियालाई कुनै प्रकार अनुचित भन्ने कुरामा ध्यान दिन सिनेटले आफ्ना वर्तमान तथा भावी राजदूत एवम् राज्यकर्मचारीहरूलाई समेत निर्देशन दिन्छ। यसरी मोम्जनको अनुमान पूर्णत: अग्राह्य ठहरिन्छ।

अथवा अर्कोतर्फ मानिलियौँ, ती महिलाले अर्को गोत्रको पुरुषसँग विवाह गरिन्, तर आफूचाहिँ पहिलेकै गोत्रमा रहिन्। यस्तो स्थितिमा, माथि प्रस्तुत उद्धरणअनुसार, तिनको लोग्नेले स्वास्नीलाई तिनको गोत्रबाहिर विवाह गर्ने दिने अधिकार आफूमा सुरक्षित राख्दछ। यसको तात्पर्य के हुन्छ भने उसलाई आफूसँग सम्बन्धी नभएको गोत्रका मामिलामा हस्तक्षेप गर्ने अधिकार प्राप्त छ। यो कुरा त्यसरी मूर्खतापूर्ण ठहरिन्छ, जसबारे यहाँ चर्चा गर्नु नै व्यर्थ छ।

यसरी हामीले के कुरा मात्र मानिलिनु बाँकी रहन्छ भने ती महिलाले आफ्नो पहिलो विवाह अर्के गोत्रका पुरुषसँग गरेकी थिइन् र त्यसको परिणाम-स्वरूप तुरुन्तै उनी आफ्नो लोग्नेको गोत्रकी सदस्या हुनगइन्, जुन कुरा व्यवहारत: मोम्जनले पनि तदनुरूप स्थितिहरूको लागि मानेका छन्। विवाह-

को परिणामस्वरूप आफ्नो पुरानो गोत्रबाट अलग्गिएर जाने। आफ्नो लोग्नेको गोत्रमा प्रवेश गरेकी स्वैरिणी नारी गोत्रमा पूर्णतः विशिष्ट स्थान प्राप्त गर्थिइन्। तिनी त्यस गोत्रकी सदस्या बन्थिइन् तापनि त्यस गोत्रभित्र तिनको रक्तसम्बन्ध हुँदैन; तिनले सदस्यता प्राप्त गर्ने तरिका नै कस्तो छ भने कुन गोत्रमा तिनले विवाह-सम्बन्धको माध्यमबाट प्रवेश गरेकी थिइन्, त्यहीँ गोत्रभित्र विवाह गर्ने सार्वजनिक बन्देजबाट तिनी शुरुदेखि नै मुक्त भइसकेकी हुन्थिइन्। त्यसबाहेक, शाम उत्तराधिकारको प्रचलन भएको समुदायमा तिनलाई सदस्यता प्रदान गरिएको हुँदा आफ्नो लोग्नेको मृत्यु भएको अवस्थामा तिनले उसको सम्पत्ति – त्यस गोत्रको एक सदस्यको सम्पत्तिको उत्तराधिकार प्राप्त गर्दथिइन्। गोत्रभित्रै सम्पत्ति सुरक्षित राख्ने उद्देश्य अनुसार म भर्दै आफ्नो पहिलो लोग्नेको गोत्रको कुनै एक सदस्यसँग विवाह गर्न बाध्य तुल्याउनेभन्दा स्वाभाविक नियम अरू कुन हुन सक्ला? अनि यदि कुनै अपवाद नै प्रस्तुत गर्छौं हो भने पनि तिनलाई आफ्नो अधिकार प्रदान गर्न तिनको पहिलो लोग्नेभन्दा बढी सक्षम अरू को हुन सक्ला, जसले आफ्नो सम्पत्ति तिनलाई सुम्पेर गयो? वसीयतमा लोग्नेले आफ्नो सम्पत्तिको एक अंश आफ्नी स्वास्नीलाई छोड्दै इच्छापत्र दिन्छ र त्यसको साथै विवाहद्वारा अथवा विवाहको फलस्वरूप त्यो सम्पत्ति अन्य गोत्रमा पुऱ्याउने अनुमति दिन्छ, त्यस बेलासम्म पनि त्यो सम्पत्ति उसकै अधीनता रहन्छ। फलतः उसले केवल आफ्नै सम्पत्तिको मात्र बाँडफाँट गरिरहेको छ। जहाँसम्म स्वयम् पत्नी तथा आफ्नो पतिको गोत्रभित्र तिनको सम्बन्धको प्रश्न छ, त्यो गोत्रमा लोग्नेले नै तिनलाई स्वतन्त्र इच्छापूर्वक विवाहद्वारा उस गोत्रमा प्रवेश गराएको हो; यस कारण आफ्नी स्वास्नीलाई दोस्रो विवाहद्वारा त्यस गोत्रबाट निस्कने अधिकार दिनसक्ने व्यक्ति केवल-क मात्र हो भन्ने कुरा पनि त्यत्तिकै स्वाभाविक छ। एक शब्दमा, हामीले रोमन गोत्रको अन्तर्विवाह प्रथासम्बन्धी यस विचित्र अनुमानलाई त्यागेर विशिष्ट र मोर्गनकै त्यस प्रथालाई मुक्त बाह्यविवाहको भनेर स्वीकार्ने बित्तिकै यो कुरा सरल तथा स्वतः स्पष्ट हुन जान्छ।

अब अर्को एउटा अन्तिम अनुमान बाँकी रह्यो, जसले पनि त्यत्तिकै धेरै पक्षधरहरू प्राप्त गरेको छ, शायद सबभन्दा ठूलो संख्यामा – अनन्धित ग्रंथमा के कुराबारे मात्र उल्लेख गरिएको प्रतीत हुन्छ भने, "मुक्तिप्राप्त दासीहरू (libertae) विशेष अनुमतिबेगर e gente enubere (गोत्रबाहिर विवाह गर्ने) " अथवा अरू कुनै त्यस्तो विवाह गर्न सक्दैनथे, जुन विवाह capitis diminutio minima (पारिवारिक अधिकारको गुमाइ – सं०) सँग



सम्बन्धित भएको हुँदा त्यसको परिणामस्वरूप liberta ले गोत्रीय समूहबाट निस्कनु पर्थ्यो" (लाङगे, 'रोमन प्राचीनता', बर्लिन, सन् १८५६, भाग १, पृष्ठ १९५, जहाँ हुश्केको दृष्टान्त दिँदै तितोबाट उक्त उद्धरण प्रस्तुत गरिएको हो)।

यदि यो अड्कल सही हो भने उपर्युक्त अंशबाट स्वतन्त्र रोमन नारीहरूको स्थितिबारे कुनै कुरा पनि प्रमाणित हुँदैन, र त्यस अवस्थामा तो स्वतन्त्र नारीहरूले आफ्नो गोत्रभित्र विवाह गर्ने बाध्यताको प्रश्नै उठ्न सक्दैन।

Enuptio gentis शब्द केवल यही एक ठाउँमा मात्र भेटिन्छ र सम्पूर्ण रोमन साहित्यमा कहीँ पनि त्यस शब्दको यही प्रयोग भएको पाइँदैन; enubere शब्द, जसको अर्थ बाह्यविवाह गर्नु हुन्छ, लिभीको रचनामा केवल तीन ठाउँमा मात्र भेटिन्छ र त्यसमा पनि गोत्रको सम्बन्धमा होइन। रोमन नारीहरू केवल गोत्रभित्र मात्र विवाह गर्न सक्दथिन् भन्ने यस्तो कपोलकल्पित धारणाको उत्पत्ति केवल यही एक उद्धरणमा मात्र आधारित छ। तर यो धारणा तर्कको कसौटीमा कदापि टिक्न सक्दैन। वास्तवमा यो उद्धरण कि त मुक्तदासीहरूको लागि विशेष प्रतिबन्ध लगाइएको कुरासँग सम्बन्धित छ, र त्यसो भएको अवस्थामा यसले स्वतन्त्र नारीहरू (ingenuae) को सम्बन्धमा कुनै पनि कुरा साबित गर्न सक्दैन; कि त यो कुरा स्वतन्त्र नारीहरूसँग पनि सम्बन्धित छ र त्यस अवस्थामा यसले सोही के कुरा प्रमाणित गर्दछ भने महिलाले, सामान्य नियमअनुसार, आफ्नो गोत्रबाहिर विवाह गरिन् तर विवाहपश्चात् लोग्नेको गोत्रमा सरिन्, फलतः यस कुराले मोम्जनको धारणाको खण्डन गर्दछ र मोर्गनको धारणाको पुष्टि गर्दछ।

रोमको स्थापनाको झण्डै तीन सय वर्षपछिसम्म पनि गोत्रीय बन्धन कति बलियो थियो भने फाबियस नामक एउटै पेट्रिसियन गोत्र सिनेटको अनुमतिमा आफ्नै शक्तिको भरमा भियेकाको छिमेकी सहरविरुद्ध सामरिक अभियान सञ्चालन गर्न समर्थ भएको थियो। उक्त अभियानमा तीन सय छ जना फाबियसहरूले भाग लिएका थिए, तर तिनीहरू सबैलाई घेराबन्दी गरेर मारियो; केवल एउटा केटो जीवित रह्यो र उसैद्वारा गोत्र कायम रह्यो।

माथि उल्लिखित गरिए झैँ दसवटा गोत्रहरू मिलेर एक क्युरी बनेको थियो, जसलाई यहाँ कुरिया भनिन्थ्यो र ग्रिसेली फ्रात्रीको भन्दा बढी महत्त्वपूर्ण सामाजिक जिम्मेदारी पूरा गर्दथ्यो। प्रत्येक कुरियाका आफ्नै धार्मिक रीतिरिवाजहरू, धर्मस्थलहरू र पुरोहितहरू हुन्थे। पुरोहितहरूले एकत्रित

भएर एउटा रोमन पुरोहित-प्रमुख खडा गरेका थिए। दसवटा कुरियाहरू एउटा प्रजाति बनेका थियो, जुन प्रजातिको पनि, शायद शुरुमा अन्य लातिन प्रजातिहरूझैं, आफ्नो निर्वाचित मुखिया – सेनानायक तथा प्रमुख पुरोहित हुन्थ्यो। यी तीनैवटा प्रजातिहरू मिलेर रोमन जाति – populus romanus बनेको थियो।

यसरी रोमन जातिमा केवल त्यस्तो व्यक्ति मात्र पर्न सक्दथ्यो, जो गोत्रको सदस्य हुन्थ्यो र त्यसकारण त्यसले कुरिया एवम् प्रजातिको सदस्य पनि। यस जातिको प्रारम्भिक प्रशासनिक व्यवस्था यस्तो प्रकारको थियो। शुरुमा सार्वजनिक मामिलाहरू सिनेटले हेर्दथ्यो, जसमा तीन सय गोत्रका मुखियाहरू सम्मिलित थिए (६०), जुन कुरा सर्वप्रथम निबुरले सही रूपमा पत्ता लगाए। यही कारणले गोत्रीय मुखियाका रूपमा उनीहरूलाई बाबु, patres र उनीहरू सबैको समष्टिलाई सिनेट भनिन्थ्यो (सिनेटको अर्थ परिषद् हुन्छ र यो senex अर्थात् वयोवृद्ध शब्दबाट आएको हो)। यहाँ प्रत्येक गोत्रको एउटै मात्र परिवारबाट मुखिया छान्ने परम्पराले यहाँ पनि प्रथम वंशगत कुलीन वर्गको सृजना गर्‍यो। त्यस्ता परिवारहरू आफूलाई पेट्रिसियन भन्दथे र सिनेटको सदस्य बनेर अन्य विभिन्न पदहरूमा बस्ने विशेषाधिकारको दाबी गर्दथे। कालान्तरमा जनताले त्यस्ता दाबीहरूलाई मान्यता दियो र तिनले वास्तविक अधिकारको रूप लिए भन्ने तथ्य रोम्युलसले प्रथम सिनेटरहरू र तिनका उत्तराधिकारीहरूलाई पेट्रिसियनको पद र त्यससँग सम्बन्धित विशेषाधिकारहरू प्रदान गरेको कुरासम्बन्धी पौराणिक कथनमा अभिव्यक्त भएको छ। एथेन्सको bulē जस्तै सिनेटलाई पनि विभिन्न प्रश्नहरूमा अन्तिम निर्णय लिने र तिनमध्ये प्रमुखतर प्रश्नहरूमाथि र विशेषतः नयाँ कानूनहरूमाथि पहिल्यै छलफल गर्ने अधिकार प्राप्त थियो। कानूनहरू अन्तिम रूपमा जनसभाले पारित गर्दथ्यो, जुन सभालाई comitia curiata (कुरियाहरूको सभा) भनिन्थ्यो। जनता सभामा जम्मा हुँदा कुरियाका सदस्यहरू आ-आफ्ना कुरियामा र गोत्रहरू आ-आफ्ना कुरियाभित्रैपनि एकठ्ठा भएर बस्दथे; निर्णयहरू पारित गर्दा तीसवटा कुरियाहरूमध्ये प्रत्येकलाई एक मत दिने अधिकार थियो। कुरियाहरूको सभाले सबै प्रकारका कानूनहरू पारित गर्न अथवा खारेज गर्न सक्दथ्यो; त्यसले rex (तथाकथित राजा) लगायत सम्पूर्ण उच्चस्तरीय पदाधिकारीहरू छान्दथ्यो, युद्धको घोषणा गर्दथ्यो (शान्ति-सन्धिचाहिँ सिनेटले गर्दथ्यो) र रोमको कुनै नागरिकलाई मृत्युदण्ड दिनुपरेको खण्डमा त्यस कुराकोसँग सम्बन्धित सम्पूर्ण स्थितिहरूमा सर्वोच्च पुनरावेदन-



सम्बन्धी अन्तिम निर्णय सर्वोच्च न्यायालयको रूपमा गर्दथ्यो। अन्ततमा, सिनेट र जनसभाको अतिरिक्त rex पनि अस्तित्वमा थियो, जो ठीक यूनानी basileus जस्तै थियो र मोम्जनले (६१) चित्रित गरेजस्तो, प्राय निरङ्कुश राजाको रूपमा कदापि थिएन*। ऊ पनि सेनापति र प्रमुख पुरोहित थियो र न्यायालयका केही बैठकहरूको अध्यक्षता गर्दथ्यो। सेनानायकको अनुशासनात्मक अधिकार अथवा दण्डादेशको कार्यान्वयन गर्ने न्यायकारिताको प्रधानको अधिकारसँग सम्बन्धित कुराहरूबाहेक उसलाई सार्वजनिक प्रशासन, नागरिकहरूको जीवन तथा तिनको स्वतन्त्रता एवम् सम्पत्तिमाथि कुनै विशेषाधिकार प्राप्त थिएन। रेक्सको पद वंशगत थिएन। उल्टो विपरीत ऊ, शायद, शुरुमा पहिलेको रेक्सको प्रस्तावअनुसार कुरियाहरूको सभाद्वारा निर्वाचित हुन्थ्यो, र त्यसपछि दोस्रो सभामा भव्य समारोहका साथ उसलाई पदासीन गराइन्थ्यो। उसलाई पनि पदबाट निष्कासित गर्न पनि सकिन्थ्यो भन्ने कुरा टारक्वीनियस सुपर्बसले भोगनुपरेको कुराबाट सिद्ध हुन्छ।

वीरयुगका यूनानीहरूमा जस्तै तथाकथित राजाहरूको समयमा रोमनहरूमा पनि गोत्र, फ्राट्री तथा प्रजातिहरूमा आधारित र तिनीहरूबाटै विकसित सैनिक जनतन्त्र अस्तित्वमा थियो। यद्यपि कुरिया तथा प्रजातिहरू केही हदसम्म कृत्रिम सङ्गठनहरूको रूपमा नै थिए, तापनि तिनीहरू त्यस समाजका वास्तविक एवम् नैसर्गिक रूपमा सृजित स्वरूपहरूको आधारमा गठित भएका थिए, जुन समाजबाट तिनीहरूको उत्पत्ति भएको थियो र जसको

---

*लातिन शब्द rex केल्ट र आयरल्याण्डको righ (प्रजातिको मुखिया) सँग र गोथको reiks शब्दसँग मिल्दछ; reiks शब्दको र शुरुमा जर्मन भाषाको Fürst शब्द (जसको अर्थ अङ्ग्रेजी भाषाको first र डेनिस भाषाको förste अर्थात् "प्रथम" हुन्छ) को अर्थ पनि गोत्र अथवा प्रजातिको मुखिया भन्ने नै हुन्थ्यो। यसबाट के कुरा स्पष्ट हुन्छ भने गोथहरूले चौथो शताब्दीमै भविष्यका राजा र जातिका सेनापतिको लागि एक विशिष्ट शब्द : thiudans प्रयोग गर्ने गर्थे। बाइबलका अनुदित अनुवादमा आर्तसिर्सेस (Artaxerxes) र हेरोदलाई कहीँ पनि reiks भनिएको छैन, केवल thiudans भनिएको छ र सम्राट टिबेरियसको राज्यलाई reiki भनेर thiudinassus भनिएको छ। गोथिक thiudans, अथवा हामीले गलत ढङ्गबाट अनुवाद गरेअनुसार, राजा Thiudareiks, Theodorich र अझ पछि जर्मनमा Dietrich यी दुवै शब्द एकै हुन पुगे।

परिवारमा आर्ने पनि तिनीहरू वञ्चित थिए। अनि नैसर्गिक रूपमा विकसित हुँदै गएको पैट्रिशियन अभिजातवर्गले आफ्नो बलियो आधार प्राप्त गरिसकेको थियो र [illegible] हुनले पनि स्वीकार गर्दै आफ्ना विशेषाधिकारहरूको दायरा बढाउने प्रयास गरिरहेका थिए, तापनि यी सम्पूर्ण कुराले वर्णित प्रणालीको प्रारम्भिक आधारभूत चरित्रमा परिवर्तन गर्न सकेनन् र यसैमा नै सब कुरा निहित छ।

यसको अतिरिक्त रोम शहर तथा विजयको फलस्वरूप विस्तारित रोमन इलाकाको जनसङ्ख्या अंशत: आप्रवासीहरू र अंशत: विजित त्याटिन इलाकाका बासिन्दाहरूबाट वृद्धि हुन गयो। राज्यका यी सम्पूर्ण नयाँ नागरिकहरू (यहाँ हामी आश्रितहरूसम्बन्धी प्रश्नलाई छोडिदिन्छौं) पुराना गोत्र कुरिया तथा प्रजातिहरूबाट बाहिर पर्न गए र, फलत: populus romanus अर्थात् खास रोमन जनताको सङ्घटक अङ्ग बन्न सकेनन्। उनीहरू व्यक्तिगत रूपमा स्वतन्त्र थिए, उनीहरू जमिनका मालिक हुन सक्थे र उनीहरूले तिरो तिर्नु र सैनिक सेवा पूरा गर्नुपर्दथ्यो। परन्तु उनीहरू न कुनै पदमा रहेर काम गर्न पाउँथे, न कुरियाका सभाहरूमा भाग लिन सक्थे, न त विजयद्वारा प्राप्त राजकीय जमिनको वितरणमा सहभागी हुन नै। उनीहरू सम्पूर्ण राजनीतिक अधिकारबाट वञ्चित प्लेबियनको रूपमा थिए। आफ्नो सङ्ख्यामा भएको निरन्तर अभिवृद्धि, सैनिक तालिम एवम् शस्त्रीकरणको फलस्वरूप उनीहरू एक भयानक शक्तिको रूपमा खडा हुन थाले, जुन शक्ति अब बाहिरबाट आएका सबै प्रकारका व्यक्तिहरूको प्रवेशले गर्दा हुने सङ्ख्या-वृद्धिबाट पूर्णत: सुरक्षित पुरानो populus को विरुद्ध लक्षित थियो। यसको अतिरिक्त populus तथा प्लेबियनको बीचमा भूसम्पत्ति प्राय: समान रूपले वितरित भएको देखिन्छ भने व्यापारिक तथा औद्योगिक सम्पत्ति विकसित भइ-सकेको औद्योगिक सम्पत्तिचाहिँ धेरै मात्रामा प्लेबियनको हातमा रहेको थियो।

रोमको सम्पूर्ण प्राचीन पौराणिक इतिहासलाई आवेष्टित गरेको घना अन्धकारले गर्दा — यो नवीनतम कानूनविद्हरू, जसका कृतिहरूले हाम्रोलागि स्रोत-सामग्रीको काम गरेका छन्, को विवेकवादी-व्यवहारवादी भावनामा आधारित व्याख्या गर्ने प्रयासहरूबाट झन् बढी घना हुन्थ्यो को अन्धकारले गर्दा — त्यस प्राचीन गोत्र प्रणालीको अन्त गर्ने क्रान्ति कहिले, कसरी र कुन अवस्थाहरूमा भयो भन्ने कुरा निश्चित रूपमा उल्लेख गर्नु असम्भव छ। एउटै कुरा मात्र निर्विवाद छ — प्लेबियन तथा populus बीचको सङ्घर्षमा त्यस क्रान्तिको कारण निहित थियो।



सर्भियस तुलियसको नाममा उल्लिखित र प्राचीन ग्रीसमा सोलोनको प्रणालीमा आधारित नयाँ प्रशासनिक व्यवस्थाअनुसार एक नयाँ जनसभाको स्थापना गरियो, जसमा populus तथा प्लेबियनहरूले भाग लिन पाउने अथवा सभाबाट उनीहरूलाई निकालिने कुरा, बिना भेदभाव, उनीहरूले सैनिक सेवा पूरा गरे वा गरेनन् भन्ने आधारमा निर्धारित गरि-न्थ्यो। आफ्नो सम्पत्तिअनुसार सम्पूर्ण सैनिक सेवाको लागि योग्य पुरुष-हरूको जनसङ्ख्या क्रमश: छ वर्गमा विभाजित थियो। पहिला पाँचवटा वर्गमध्ये प्रत्येकको सम्पत्तिको निम्नतम मात्रा यस प्रकार थियो: पहिलो वर्ग — १००,००० आसेस; दोस्रो वर्ग — ७५,००० आसेस; तेस्रो वर्ग — ५०,००० आसेस; चौथो वर्ग — २५,००० आसेस र पाँचौं वर्ग — ११ आसेस; र्‍यूरो द ला मालको अनुमानअनुसार यो क्रमश: १४,००० ; १०,५०० ; ७,००० ; ३,६०० र १,५७० मार्क बराबर हुन्छ (६२)। छैटौं वर्ग, अर्थात् सर्वहारामा कम सम्पत्ति भएका र सैनिक सेवा र तिरोबाट छुटकारा पाएकाहरू पर्दथे।

नयाँ जनसभामा, जसलाई सेन्चुरियाहरूको सभा (comitia centuriata) भनिन्थ्यो, नागरिकहरू सैनिक ढङ्गबाट, अर्थात् एक सय जनाको सेन्चुरि-यामा पङ्क्तिबद्ध भएर बस्थे, जसमा प्रत्येक सेन्चुरियाले एउटा मत प्रदान गर्ने अधिकार पाएको हुन्थ्यो। पहिलो वर्गबाट ८० सेन्चुरियाहरू पठाइन्थे, दोस्रोबाट — २२, तेस्रोबाट — २०, चौथोबाट — २२, पाँचौंबाट — ३० र त्यस्तै छैटौंबाट पनि मर्यादाको लागि १ सेन्चुरिया पठाइन्थ्यो। त्यसबाहेक सबभन्दा धनी नागरिकहरूबाट छानिएका घोडसवारहरूका १८ सेन्चुरियाहरू हुन्थे; जम्मा १९३ सेन्चुरिया हुन्थे; बहुमतको लागि ९७ सेन्चुरिया चाहि-न्थ्यो। तर घोडसवारहरू र पहिलो वर्गका प्रतिनिधिहरू मिलाएर ९८ मत अर्थात् बहुसङ्ख्या हुन्थ्यो। उनीहरू एकमत भएको अवस्थामा अरूलाई सोधे-सम्म पनि नसोधिने र अन्तिम निर्णय पारित भएको ठहरिन्थ्यो।

अब पहिलेका कुरियाहरूको सभाका सम्पूर्ण राजनीतिक अधिकारहरू (केही नाम मात्रका अधिकारहरूबाहेक) अब सेन्चुरियाहरूको नयाँ सभामा प्राप्त भए; यसको फलस्वरूप कुरियाहरू र तिनमा पर्ने गोत्रहरूले पनि एथेन्समा जस्तै आफ्नो पूर्वस्थितिबाट झरेर साधारण सामाजिक एवम् धार्मिक सङ्घहरूको भूमिका मात्र निभाउन थाले र लामो अवधिसम्म यही अवस्थामा निष्क्रिय रहे; अनि छिट्टै गएर कुरियाहरूको सभा पनि जनताको स्मृति-पटबाट पूर्णत: विलीन भयो। तीनवटा पुराना गोत्रका प्रजातिहरूलाई राज्य-

बाट पछिल्ला गर्नको लागि चारवटा क्षेत्रीय प्रजातिहरू स्थापित भए, जसमध्ये प्रत्येक प्रजाति शहरको विशेष इलाकामा बसोबास गर्दथ्यो र प्रत्येकलाई विभिन्न राजनीतिक अधिकारहरू प्राप्त हुन्थे।

यसरी तथाकथित राजतन्त्रको अन्त्य हुनुभन्दा नै रोममा व्यक्तिगत रक्त-सम्बन्धमा आधारित प्राचीन सामाजिक व्यवस्था नष्ट गरियो र त्यसको स्थानमा क्षेत्रीय विभाजन तथा आर्थिक विषमतामा आधारित नयाँ वास्तविक राज्य व्यवस्थाको स्थापना भयो। यहाँ सार्वजनिक सत्ता सैनिक सेवामा संलग्न नागरिकहरूका हातमा केन्द्रित थियो र केवल दासहरूका विरुद्ध मात्र नभएर सैनिक सेवाबाट बहिष्कृत र सर्वहाराहरूबाट वञ्चित तथाकथित सर्वहाराहरूको विरुद्ध लक्षित थियो।

अन्तिम रेक्स टार्क्वीनियस सुपर्बसलाई, जसले वास्तविक राजसत्ता हडप गरेका थिए, निष्कासित गरेपछि र तिनको स्थानमा दुइ जना समान अधिकारप्राप्त (इरोक्वाहरूमा जस्तै) सेनापति (राजदूत) हरू नियुक्त गरेपछि मात्र यसले लाजो विकास प्राप्त गर्न सफल भएको यस नयाँ प्रथा-लीको परिधिभित्र रोमन राज्यको सम्पूर्ण इतिहास विकसित हुन्छ। यस इतिहासमा विभिन्न ओहदा प्राप्त गर्न र राजकीय जमिनहरूको उपयोगमा सहभागी बन्नको लागि पेट्रिसियन तथा प्लेबियनहरूबीच भएका सम्पूर्ण संघर्षहरू र अन्ततोगत्वा पेट्रिसियन कुलीनवर्गलाई ठूलाठूला भूमिपति तथा वित्तपतिहरूको नयाँ वर्गमा विलयन गराउनेजस्ता कुराहरू पर्दछन्। ती भूमिपति तथा वित्तपतिहरूले सैनिक सेवाको फलस्वरूप टाट पल्टिएका कृषकहरूका सम्पूर्ण जग्गाजमिन क्रमिक रूपमा कब्जा गरे, यसरी प्राप्त विशाल जग्गा-हरूमा दासहरूलाई खेती गर्न लगाए, इटालीलाई निर्जन अवस्थामा पुऱ्याए र त्यसको परिणामस्वरूप साम्राज्यको लागि मात्र नभएर त्यसका उत्तराधि-कारीहरू – जर्मन बर्बरहरूको लागि समेत बाटो खोलिदिए।

७

## केल्ट तथा जर्मन गोत्र

प्रस्तुत कृतिको परिधिले हामीलाई गोत्र प्रथालीका ती संस्थाहरूको विषयमा विस्तृत विश्लेषण गर्ने सम्भावना प्रदान गर्दैन, जुन संस्थाहरू अहिलेसम्म पनि कतिपय जङ्गली तथा बर्बर जातिहरूमा थोरधेर विशुद्ध रूपमै अस्तित्वमा रहेका छन्, अथवा एशियाका सभ्य जातिहरूको प्राचीन इति-हासमा उल्लिखित त्यस्ता संस्थाहरूका अवशेषका रूपमा भेट्टाइन्छन्। यी संस्थाहरू र तिनका लक्षणहरू सर्वत्र भेट्टाइन्छन्। केही दृष्टान्तहरू नै काफी हुनेछन्। गोत्र भनेको के हो भन्ने कुरा थाहा हुनुभन्दा पहिले नै मक-लेननले, जसले यस अवधारणाको तात्पर्य बुझ्नमा सबभन्दा बढी कोशिश गरेका थिए, काल्मिक, चेर्केस, सामोयेदहरू र तीन भारतीय जातिहरू – वारली, मगर तथा मणिपुरीहरूमा गोत्रको अस्तित्व प्रमाणित गरेका थिए र त्यस रूपमा यसको सही वर्णन गरेका थिए। हालसालै मात्र मक्सिम कोभालेव्स्कीले पशाभी, खेव्सुरी, स्वानी तथा अन्य काकेशियाली प्रजातिहरूमा गोत्र भेट्टाएका थिए र त्यसको वर्णन गरेका थिए। यहाँ हामी केल्टहरू र जर्मनहरूमा गोत्रको अस्तित्वबारे संक्षिप्त टिप्पणीहरूमा नै आफूलाई सीमित राख्नेछौं।

केल्टका आजसम्म पनि प्रचलनमा रहेका कानुनहरूबाट हामी गोत्र अझै पनि पूर्णतः जीवित रहेको पाउँछौं; आयरल्याण्डमा, अङ्ग्रेजहरूले पनि अधिक रूपमा अङ्ग्रेजहरूले गोत्र व्यवस्थालाई जबरजस्ती नष्ट पारिसकेतापनि, पनि यो व्यवस्था जनताको चेतनामा जीवितै रहेको पाइन्छ। अठारौं शताब्दीको मध्यावधिसम्म स्कटल्याण्डमा गोत्र पूर्णतः विकसित अवस्थामा थियो र यहाँ पनि अङ्ग्रेजहरूको हतियार, कानुन तथा अदालतले यसलाई नष्ट पाऱ्यो।

अङ्ग्रेजहरूको विजयभन्दा केही शताब्दीअघि (अन्तीमा पनि ११ औं शताब्दीअघि) (६३) लेखिएका प्राचीन वेल्सका कानुनहरूले पहिले ग्राम

हाम्रा पैतिलाको जमनको आवश्यकता पुगे मात्रै मिलेर भोगिने सामूहिक सम्पत्तिको चलन, अवश्यकै कतिमा मात्र भए पनि, त्यस बेलासम्म अस्तित्वमा रहेको कुरा साबित गर्दछन्। प्रत्येक परिवारसित आफ्नै जनजीवन गर्ने पनि एउटा जमीन हुन्थ्यो, यसको भने जमिनको एउटा त्यस्तो हिस्सा हुन्थ्यो, जसमा अन्य परिवारहरूसँग मिलेर सामूहिक रूपमा धनजन गरिन्थ्यो र उब्जनी आपसमा बाँडफाँड गरिन्थ्यो। यी आर्यीय समुदायहरू गोत्र अथवा गोत्रहरूका उपशाखाहरू हुन् भन्ने कुरामा शङ्का छैन। बेलाका कानुनहरूसम्बन्धी नयाँ खोज, जुन काम एमएको प्रभावले गर्दा म अहिले गर्न असमर्थ छु (मेरा टिप्पणीहरू १८५६ का हुन् (६४)), ले अवश्य रूपमा यस कुराको पुष्टि गर्नेछ। आयरल्यान्ड र स्कटल्यान्डका सदृश उदाहरणहरूले यो कुरा प्रमाणित गरेका छन्। परन्तु बेल्सका कानूनहरूले र तिनका साथसाथै आयरल्यान्डका कानूनहरूले पनि के कुरा प्रत्यक्ष रूपमा प्रमाणित गर्दछन् भने एघारौं शताब्दीसम्म एकनिष्ठ विवाहले पूर्णतः युगल परिवारको स्थान लिइसकेको थिएन। बेल्समा पारपाचुके अर्थात् यहाँ भनेका भन्ने हो भने कुनै एक पक्षको मागको आधारमा विवाह-सम्बन्ध विच्छेद गर्ने काम केवल सात वर्ष पुगेपछि मात्र हुनसक्दथ्यो। सात वर्ष पुग्न तीन रात मात्रै बाँकी रहेका भए पनि लोग्नेस्वास्नी छुट्टिन सक्दथे। त्यस अवस्थामा सम्पत्तिको बाँडफाँट गरिन्थ्यो, स्वास्नी भाग लगाउँथिन्, लोग्ने आफ्नो भाग रोज्दथ्यो। घरायसी सरसामान एक निश्चित र ज्यादै रोचक नियमको आधारमा बाँडफाँड गरिन्थ्यो। लोग्नेले विवाह-सम्बन्ध विच्छेद गरेको अवस्थामा उसले स्वास्नीलाई तिनको दाइजो र अरू केही सामान फर्काउनुपर्दथ्यो; तर स्वास्नीले गरेको अवस्थामा भने तिनी कम पाउँदथिन्। केटाकेटीहरू पनि लोग्नेले दुई जना पाउँदथ्यो भने स्वास्नीले एक जना, त्यसमा पनि बीचको मात्र। यदि स्वास्नीले पारपाचुकेपछि अर्को विहे गरिन् र पहिलो लोग्नेले तिनलाई फर्काउन चाहयो भने तिनले नयाँ लोग्नेको ओछ्यानमा एउटा खुट्टाले टेकिसकेकी भए पनि तिनले पुरानै लोग्नेको पछि लाग्नु पर्दथ्यो। तर लोग्नेस्वास्नीले सात वर्ष सँगै बिताइसकेका रहेछन् भने पुरुषका विधि-पूर्वक विवाह नगरिएको अवस्थामा पनि उनीहरू लोग्नेस्वास्नी बन्दथे। विवाहपूर्व कन्याले कुमारीत्व जोगाउने कुरामा त्यति सारै ध्यान दिइँदैनथ्यो र यसको आवश्यकता पनि पर्दैनथ्यो; यससँग सम्बन्धित नियमहरू निकै हलुका प्रकृतिका देखिन्छन् र पुर्जुवा नैतिकतासित पूर्णतः मेल खाँदैनन्। स्वास्नीले परपुरुषको उल्लङ्घन गरिन् भने लोग्नेले तिनलाई कुट्न सक्दथ्यो (यो तीनवटा



स्थितिमध्ये एक हो, अरूमा लोग्नेले स्वास्नीलाई कुट्न पाउँदथ्यो), अन्य स्थितिमा भने गर्नेको अवस्थामा उसले जरिवाना भोग्नुपर्थ्यो), तर त्यसपछि उसले तिनबाट अरू कुनै पनि माग गर्न पाउँदैनथ्यो, किनभने "एउटै र उही अपराधको लागि या त प्रायश्चित्त गराउनुपर्दथ्यो, या त प्रतिशोध, तर दुवै एकैचोटि होइन" (६५)।

ती कारणहरू, जसको आधारमा स्वास्नीले सम्पत्तिको बाँडफाँट गर्दा आफ्नो कुनै पनि अधिकार नगुमाई पारपाचुकेको माग गर्न सक्दथिन्, अति विभिन्न प्रकारका हुन्थे: उदाहरणको लागि लोग्नेको मुख गन्हाउनु नै पर्याप्त हुन्थ्यो। प्रथम रातमा अधिकार बापत प्रदान गरिने रकम राजा अथवा प्रजातिका मुखियालाई तिर्नुपर्ने रकम (gobr merch, मध्ययुगीन शब्द marcheta, फ्रान्सेली शब्द marquette) ले कानुन-संग्रहमा निकै महत्त्वपूर्ण भूमिका खेलेको छ। स्त्रीहरूले जनसभाहरूमा मतदान गर्ने अधिकार राख्दथे। आयर्ल्यान्डमा पनि यस्तै कुरा पाइन्छ भन्ने आयरल्यान्डमा पनि अस्थायी विवाह चल्ने कुरा प्रमाणित भइसकेको छ; त्यहाँ पनि अस्थायी विवाह प्रथा प्रचलित थियो र पारपाचुके गर्दा स्वास्नीले ठोस रूपमा निर्धारित विभिन्न सुविधाहरू पाउने हुन्थिन्, यहाँ सम्म कि घरायसी कामकाज गरेबापत पारिश्रमिक पाउँदथिन्; त्यहाँ अरू स्वास्नीहरूका साथसाथै "पहिलो स्वास्नी" पनि हुन्थिन् र बाबुको मृत्युमा छोराछोरीलाई ज्वाइँहरू र ज्वाइँहरूका अंशहरू भन्ने कुनै भेदभाव गरिँदैनथ्यो। यस प्रकारले हामीसामु युगल विवाहको त्यस्तो चित्र प्रस्तुत छ, जसको तुलनामा उत्तरी अमेरिकामा विद्यमान विवाह प्रथा कठोर देखिन्छ, तर त्यस जमानाका लागि जसको शताब्दीमा यो कुनै अनौठो कुरा थिएन, जो अझ सिजरको पालामा समूह विवाह प्रथामा बाँचेको थियो।

आयरल्यान्डको गोत्र (sept, प्रजातिलाई पनि clanne, कुल भनिन्थ्यो) को अस्तित्व थियो भन्ने कुरा साबित भइसकेको छ र प्राचीन कानुन-संग्रह-हरूमा मात्र नभएर सत्रौं शताब्दीमा कुलहरूको स्वामित्वमा रहेको जमिन-लाई बेलायती राजाको राजसम्पत्तिमा परिणत गर्न आयरल्यान्ड पठाइएका अङ्ग्रेज कानुनवेत्ताहरूद्वारा प्रस्तुत वर्णनहरूमा पनि यसको उल्लेख पाइएको पाइन्छ। यस बेलासम्म पनि जमिन कुल अथवा गोत्रको सामूहिक सम्पत्ति नै हुन्थ्यो, तर सबभन्दा त्यस अवस्थामा मात्र, यदि त्यस जमिनलाई मुखिया-हरूले आफ्नो निजी जिम्मामा परिणत गरिसकेका थिएनन् भने। जब गोत्रको कुनै सदस्यको मृत्यु हुन्थ्यो र फलतः उसबाट परिवारको खेती रोकिन जान्थ्यो,

सुविधा ( बाधमेज कानूनविज्ञहरूले उसलाई caput cognationis भन्ने नामकरण गरेका थिए ) ले लाभ जमिनको पुनर्विभाजन गरी बाँडिएका जमीनहरूद्वारा गरिने खेतीमा सार्वजनिक थियो। तत्पश्चात् यो काम, खास गरेर, जमीनमा प्रचलित नियमअनुसार नै हुने गर्दथ्यो। वर्तमान समयमा पनि गाउँहरूमा कहीँकहीँ त्यस्ता खेतहरू पाइन्छन्, जुन वर्षवर्षमा (rundale) प्रणाली-भित्र पर्दछन्। चालीस–पचास वर्षसम्म पनि त्यस्ता खेतहरू प्रचलित हुन्थे। पहिले सम्पूर्ण गाउँको जमीनमा गएँ र पछि मात्र आयरल्याण्डको जिल्लाहरूले कब्जा गरेका जमिनका वेल्सप्रदेशमा जातिहरूको रूपमा रहेका किसानहरूमध्ये प्रत्येकले आफ्नो खेतको लागि लिएर लिने, तर नयाँ प्रकारमा कृषियोग्य जमिन तथा गौचरहरू एकत्रित गर्दछन् र त्यो जमिन स्थान तथा उत्पादनअनुसार खण्डखण्डमा बाँडेर «Gewanne» हरूमा, जस्तो मोजेल प्रदेशमा भन्ने गर्दछन्, विभाजन गर्दछन् र प्रत्येक खण्डमा प्रत्येकले आफ्नो हिस्सा पाउँदछ ; खास जग्गा र गौचरलाई सामूहिक रूपमा प्रयोग गरिन्छ। पचास वर्षसम्म मात्र पनि बेलाबेलामा, कहिलेकाहीँ त प्रतिवर्ष नै, यस्तो जमिन पुनर्विभाजित हुन्थ्यो। त्यस्तो कुनै गाउँको मानचित्र, जहाँ rundale व्यवस्था प्रचलित छ, मोजेल प्रदेश अथवा होक्वाल्डमा किसान परिषद्को कुनै जर्मन समुदाय (Gehöferschaft) को मानचित्र जस्तै देखिन्छ। यसै प्रकारले «factions» हरूमा पनि गोत्र जीवित रहेको पाइन्छ। आयरल्याण्डका किसानहरू प्रायशः त्यस्ता दलहरूमा विभाजित भएका हुन्छन्, जुन बाह्य दृष्टिमा पूर्णतः निरर्थक तथा मूर्खतापूर्ण भेदभावहरूले गर्दा बनेका देखिन्छन्, जुन अंग्रेजहरूको लागि बुझ्न नसकिने हुन्छन् र मानौं यसदलको एकमात्र यी दलहरूका लागि समान हुने सर्वप्रिय पारस्परिक झिंगाजानीको खेलसिवाय तिनीहरूको अरू कुनै उद्देश्य हुँदैन। यो विनाशलेखा गोत्रहरूको कृत्रिम पुनर्जन्म हो, तिनको प्रतिस्थापना हो, जुन तिनको पतनपछि देखा परेको हो र जसले वंशानुगत मूलगत गोत्र–चेतनाको जीवन्तता प्रकट गर्दछ। परन्तु केही स्थानहरूमा गोत्रका सदस्यहरू अहिले पनि आफ्नो पुरानो थलोमा बसोबास गर्दै छन् ; जस्तो, तीसौं दशकसम्म पनि मोनाहन प्रान्तका बहुसंख्यक बासिन्दाहरूका जम्मा चारवटा मात्रै थर थिए, अर्थात् उनीहरू सबैको उत्पत्ति चारवटा गोत्रहरू अथवा कुलबाट भएको थियो।*

* आयरल्याण्डमा केही दिन बस्दा (६६) त्यहाँका ग्रामीण जनतामा अहिले पनि कुल युगका गोत्रीय धारणाहरू जीवित रहेछन् भन्ने कुरा



स्कटल्याण्डमा गोत्रप्रथाको पतन सन् १७४५ को विद्रोहको दमनबाट शुरु हुन्छ (६७)। स्कटल्याण्डको कुल यस गोत्रको कुनचाहिँ कडी हो भन्ने कुरा अध्ययन गर्न बाँकी नै छ, तर यो एउटा कडी हो भन्ने कुरामा चाहिँ कुनै शङ्का छैन। वाल्टर स्कटका उपन्यासहरूमा स्कटल्याण्डको पहाडी भेगमा रहेको यस कुलको सजीव वर्णन हामी पाउँदछौं। यो कुल–मोर्गन लेख्दछन्, "आफ्नो संगठन र भावनाको दृष्टिले गोत्रको उत्कृष्ट नमूना हो, गोत्रका सदस्यहरूमाथि गोत्रीय जीवनको प्रभावको उल्लेखनीय उदाहरण हो...। उनीहरूको पारस्परिक कलह र रक्तप्रतिशोधमा, कुलहरूको बीचमा हुने जमिनको बाँडफाँडमा, आफ्नो जमिनको सामूहिक स्वामित्वमा र मुखिया-प्रति तथा एक अर्काप्रति कुलका सदस्यहरूको वफादारीमा हामी गोत्र समाजका सर्वव्यापी स्थायी लक्षणहरू देख्न पाउँदछौं...। वंशानुक्रम पितृसत्तामा आधा-

मैले यसबारे अनुभव गरें। त्यस भूमिपतिलाई, जसको जमिन उसले पट्टामा लिएको हुन्छ, उक्त कृषकले अझै पनि एक प्रकारले आफ्नो कुलको मुखिया नै ठानेको हुन्छ र त्यस भूमिपतिले सबैको हितार्थ खेतीपातीको प्रबन्ध गरिदिएको हुन्छ भन्ने उसको धारणा हुन्छ ; कृषकले ठेकेदारीको रूपमा उसलाई कुत बुझाउँदछ। तर उसले आवश्यकता परेको बखतमा भूमिपतिबाट कुनै सहयोग पाउने आशा पनि राख्दछ। त्यहीँ थरी ओखाद पनि रहेछ भने कुनै पनि धनी सम्पन्न व्यक्तिले आफना कम सम्पन्न छिमेकीहरूलाई खाँचो परेको बेलामा सहयोग पुर्याउनु आवश्यक हुन्छ। यस्तो सहयोग कुनै दानधर्मस्य होइन, कुलको कम सम्पन्न सदस्यले कुलको धनी सम्पन्न सदस्य अथवा मुखियाबाट यस्तो सहयोग प्राप्त गर्नु उसको अधिकार मानिन्छ। आयरल्याण्डका किसानहरूलाई आधुनिक पूँजीवादी स्वामित्वको धर्म बुझाउन असम्भव छ भन्ने अर्थशास्त्री तथा कानूनवेत्ताहरूको गुनासो सही हो। स्वामित्वको अधिकार मात्र हुन्छ र कुनै पनि कर्तव्य हुँदैन भन्ने कुरा आयरल्याण्डवासीको दिमागमा घुस्नै सक्दैन। त्यसैले गोत्रप्रथाको लागि स्वाभाविक यति सीधासाधा विचार भएका आयरल्याण्डवासीहरू जब नैतिक तथा कानूनी विचारधाराले भरिपूर्ण वातावरण भएका ठूलाठूला बेलायती अथवा अमेरिकाली शहरहरूमा अकस्मात् आइपुग्छन् त्यहाँको नैतिक एवम् कानूनी दोधारमा परेर रनभुल्लमा पर्दछन्, अलमलमा पुग्दछन्, र प्रायशः व्यापक रूपमा अनैतिकताको शिकार बन्न पुग्दछन् भन्ने आश्चर्य मान्नुपर्ने कुनै कुरा छैन। (सन् १८९१ को संस्करणमा एंगेल्सको टिप्पणी।)

लिन थियो, यस प्रकारले पुरुषका छोराछोरी कुलभित्रै रहन्थे भने स्त्रीका छोराछोरीहरूचाहिँ उनीहरूको आफ्नो कुलका सदस्य बन्दथे" (९८)। स्कटल्याण्डमा मातृसत्ताको प्रभुत्व थियो भन्ने कुरा, बीडको वर्णनअनुसार, पिक्ट राजवंशमा नारी वंशानुक्रम प्रचलित थियो भन्ने तथ्यबाट प्रमाणित हुन्छ (९९)। वेल्सवासीहरूका मात्र स्कटहरूमा पनि मध्ययुगसम्म नै पुनालुआ परिवारको अवशेष प्रथम रातीको अधिकारको रूपमा प्रचलित थियो, जुन अधिकार, बेहुलाले आफैं उपभोग गर्नको लागि निश्चित रकम नतिरेको अवस्थामा, प्राचीनकालमा प्रचलित सामूहिक पतिप्रथाका अन्तिम प्रतिनिधिहरूको रूपमा कुलका मुखिया अथवा राजाले प्रत्येक बेहुलीमाथि प्रयोग गर्न सक्दथे।

* * *

जर्मनहरूको आप्रवासनकालसम्म पनि जर्मनहरू गोत्रप्रथामा नै आबद्ध थिए भन्ने कुरामा कुनै शङ्का छैन। उनीहरूले सम्भवतः हाम्रो युग शुरू हुनुभन्दा केही शताब्दी पहिले मात्र डेन्यूब, राइन, भिस्चुला तथा उत्तरी सागरहरूको बीचको भूभागमा बसोबास गर्न थाले; सिम्ब्रि र ट्युटनहरूको आवागमन त्यस बेला भर्खर जोडतोडले चल्दै थियो, स्वेभहरूले चाहिँ सीजरको समयमा मात्रै स्थायी रूपमा बसोबास गर्न थालेका थिए। स्वेभहरूको बारेमा चाहिँ सीजरले उनीहरूले गोत्र तथा रक्तसम्बन्धित समूहहरू (gentibus cognationibusque) (१००) मा आबद्ध थिए भनेका छन्, अनि जुलियस गोत्रका एक रोमनको मुखबाट निस्केको gentibus शब्दको एक निश्चित र निर्विवाद अर्थ हुन्छ। यो कुरा सबै जर्मनहरूको लागि चरितार्थ थियो; सम्भवतः विजित रोमन प्रान्तहरूमा समेत उनीहरू आफैं पनि गोत्रहरूकै रूपमा बसोबास गरेका थिए। डेन्यूब नदीको दक्षिणपट्टिको विजित इलाकामा आलेमानहरूले गोत्र (genealogiae) प्रथाअनुसार बसोबास गर्न थाले भन्ने कुरा 'अलेमान्नी कानून' बाट पनि प्रमाणित हुन्छ (१०१); यहाँ genealogiae शब्दको प्रयोग पूर्णतः त्यही अर्थमा भएको छ, जुन अर्थमा मार्क (Mark) समुदाय अथवा ग्रामीण (Dorfgenossenschaft) समुदायको प्रयोग भएको छ। हालै मात्र कोभालेभस्कीले के विचार व्यक्त गरेका थिए भने genealogiae ठूला-ठूला कुटुम्ब समुदायहरूको रूपमा थिए, जसका बीचमा जमिनको बाँडफाँट गरिन्थ्यो र जसबाट पछि गएर मात्र ग्रामीण समुदाय विकसित भयो (१०२)। fara



शब्दको सम्बन्धमा पनि यही कुरा लागू हुन सक्छ। यस शब्दलाई बर्गुण्डीहरू तथा लाङ्गोबार्डी र फलतः गोट, हेर्मिनोन, अथवा उच्च जर्मन प्रजातिहरूले यदि ठीक पूरै नभए पनि, प्रायः 'अलेमान्नी कानून' मा genealogia शब्दको लागि प्रयोग गरिएकै अर्थमा प्रयोग गर्दथे। वास्तवमा genealogia गोत्र हो वा कुटुम्ब समुदाय भन्ने कुरा समाधानचाहिँ अझ थप अनुसन्धानको आवश्यकता पर्दछ।

गोत्रको लागि सम्पूर्ण जर्मनहरू एउटै नाम प्रयोग गर्दथे अथवा गर्दैनथे र गर्दथे भने त्यो नाम के थियो भन्ने प्रश्न भाषिक दृष्टिकोणले हालसम्म खुला छोडिएको छ। शब्द व्युत्पत्तिअनुसार युनानी शब्द genos, ल्याटिन शब्द gens र गोट भाषाको kuni तथा उच्च जर्मन भाषाको künne शब्द समान हुन्, र यी सबै शब्दहरू एकै अर्थमा प्रयोग गरिन्छन्। युनानी शब्द gyne, स्लाभ शब्द zena, गोट शब्द qvino र प्राचीन स्कैण्डिनेभियाली भाषाको kona, kuna — "स्त्री" शब्दका यी सबै पर्यायहरू एउटै धातुबाट उत्पन्न भएका हुन् र तिनले मातृसत्तातर्फ सङ्केत गर्दछन्। माथि उल्लेख गरिए झैं लाङ्गोबार्डी र बर्गुण्डहरू fara नाम प्रयोग गर्दछन्, जुन शब्दलाई ग्रिमले कल्पित धातु fisan अर्थात् "जन्माउनु" बाट बनाइएको हो भन्ने अनुमान गरेका छन्। मलाईचाहिँ यो शब्द बढी स्पष्ट धातु faran बाट नै उत्पत्ति भएको हो भन्ने ठान्दछु। किनभने यसको अर्थ यात्रा गर्नु,* कताइ जानु, फर्कनु हुन्छ, यस शब्दले केही फिरन्ते समूहहरूको निश्चित हिस्सातर्फ सङ्केत गर्दछ, र स्वतःसिद्ध छ, जसमा नातेदारहरू मात्र सम्मिलित हुन्थे। सुरुमा पूर्वतिर र त्यसपछि पश्चिमतिर गर्दै कैयौं शताब्दीसम्म चलिरहेका आप्रवासहरूको समयमा यस शब्दको अर्थ क्रमशः गोत्र-समुदाय भन्ने हुन गयो। त्यसको अतिरिक्त गोट शब्द sibja, आङ्ग्ल-स्याक्सन sib, प्राचीन उच्च जर्मनीको sippia, sippa — नातेदार** जस्ता शब्दहरू पनि छन्। प्राचीन स्कैण्डिनेभियाली भाषामा बहुवचन sifjar — नातेदारहरू मात्र भेटिन्छ; यो शब्द एक वचनमा देवीको नाम — सिफ (sif) — को रूपमा मात्र प्रयोग गरिन्छ। अन्तमा, 'हिल्डेब्राण्डको गीत' (१०३) मा, अर्को एउटा अभिव्यक्ति पनि ठीक त्यही प्रसङ्गमा भेटिन्छ, जहाँ हिल्डेब्राण्डले

* जर्मन भाषामा fahren — सं०

** जर्मन भाषामा Sippe — सं०

12*

ह्यादुब्राण्डलाई सोधेका छन्: "मानिसका पुरुषहरूमध्ये तिम्रो बाबु को हो... अर्थात् तेरो गोत्र के हो?" (welihhes cnuosles du sis)

यदि गोत्रको लागि सबै जर्मनहरू एउटै नाम प्रयोग गर्दथे भने त्यो शब्द गथिकमा गोट अथवा kuni थियो मिल्दोजुल्दो हुनुपर्दछ, किनभने यसमध्ये अन्य भाषाहरूमा मात्र यस शब्दको प्रयोग भएको होइन, अपितु kuning अर्थात् 'राजा'* शब्द, जसको अर्थ शुरुमा गोत्र अथवा कबीलाको मुखिया भन्ने थियो, पनि यस शब्दबाट व्युत्पन्न भएको हो। Sibja—नातेदार शब्द त्यति ध्यान दिन योग्य छैन; कमसेकम पनि प्राचीन स्क्यान्डिने-भियाली शब्द siljar को अर्थ केवल नातेदार मात्र हुँदैन, अपितु विवाह-सम्बन्धमा प्रतिबद्ध मानिसहरू पनि यसै सम्बन्धअन्तर्गत पर्दछन्, अर्थात् यस शब्दले कमसेकम पनि दुई गोत्रका सदस्यहरूलाई समेट्दछ र यस प्रकारले sif शब्द गोत्रको अर्थमा प्रयोग गर्न सकिँदैन।

मेक्सिकोली तथा यूनानीहरूजस्तै जर्मनहरू पनि घोडसवारी सेना तथा पैदल सेनाका दस्ताहरूलाई गोत्रीय संगठनको आधारमा नै समूहहरूमा विभाजित गरेर व्यूहको रचना गर्दथे। टासिटसले परिवार तथा नातेदारहरूको समूहको आधारमा (१०४) भन्ने व्यूहको रचना गरिन्थ्यो भन्नेबारेमा अस्पष्ट अभिव्यक्ति किन प्रयोग गरे भने उसको समयमा रोममा गोत्रले धेरै पहिले नै एक जीवन्त एकाइको रूपमा आफ्नो अस्तित्व गुमाइसकेको थियो।

टासिटसको कृतिको त्यो स्थल निर्णायक महत्त्वको छ, जहाँ मामाले आफ्नो भान्जालाई छोराजस्तो ठान्दछ र कतिकतिले त मामा र भान्जाको रक्तसम्बन्धलाई बाबुछोराको भन्दा बढी पवित्र र घनिष्ठ ठान्दछन्, यसै कारणले कुनै व्यक्तिको जमानीको माग गर्दा सम्बन्धित व्यक्तिको छोराभन्दा पनि भान्जो बढी पक्का जमानी मानिन्छ। यहाँ हामी मातृसत्ताअनुसार संगठित गोत्रको जीवित अवशेष भेट्टाउँदछौं र यसै कारणले यो आदिम गोत्र हो र यसबाहेक पनि त्यस्तो गोत्र हो, जो जर्मनहरूको विशिष्टताको परिचायक मानिन्छ।** यदि यस्तो गोत्रको सदस्यले कुनै कुराको प्रतिज्ञा

* जर्मन भाषामा König—सं०

** मामा र भान्जाबीच अति नजिकको सम्बन्ध, जुन मातृसत्ताकालको अवशेष थियो र जुन अनेकौं जनताहरूमा भेटिन्छ, यूनानीहरूलाई वीरयुगको पौराणिक कथाबाट मात्र थाहा भएको छ। डियोडोरसको कथनअनुसार (खण्ड ४, अध्याय ३४) मिलिआगर आफ्नी आमा आल्थियाका भाइहरू



गर्दा आफ्नो छोरालाई जमानी राख्दथ्यो र बाबुले वचन पूरा नगरे-बापत छोराले दण्ड पाउँदथ्यो भने त्यो बाबुकै सरोकारको कुरा मात्र हुन्थ्यो। तर भान्जोले यस्तो दण्ड पाएको खण्डमा भने गोत्रको अति पवित्र नियमको अवहेलना हुन्थ्यो; मामाले केटा अथवा किशोरको निकटतम नातेदारको रूपमा सबभन्दा बढी आफ्नो भान्जाको रक्षा गर्नुपर्दथ्यो, उसको मृत्युप्रति उत्तरदायी हुनुपर्दथ्यो; मामाले या त आफ्नो भान्जोलाई जमानी राख्नु हुँदैनथ्यो या त आफ्नो वचन पूरा गर्नुपर्दथ्यो। यदि जर्मन-हरूमा गोत्रप्रणालीका अन्य कुनै चिन्हहरू नभेटिएको भए पनि यही एउटा अंश नै पर्याप्त हुन्थ्यो।

देवयुगको अन्तकाल र महाप्रलयसम्बन्धी प्राचीन स्क्यान्डिनेभियन गीत, «Völuspá»को एउटा अंश अझै निर्णायक महत्त्वको छ, किनभने यो उपर्युक्त अंशभन्दा ८०० वर्षपछिको कुरा हो। यस गीतमा, जसलाई 'सिब्यलहरूको भविष्यवाणी' भनिन्छ, जसमा अहिले बांग र बुगे (१०६) ले साबित गरेका छन्, इसाई धर्मका केही तत्त्वहरू पनि सम्मिलित छन्; महाप्रलय-भन्दा पहिले सर्वव्यापी भ्रष्टाचार तथा अधःपतनको युग आउँछ, जसको वर्णन निम्न अनुसार गरिएको छ:

> «Broedhr munu berjask ok at bönum verdask,
> munu systrungar sifjum spilla»

अर्थात् थेस्तियसका छोराहरूलाई मार्दछन्। आल्थिआ यस कार्यलाई प्रायश्चित्त नै हुन नसक्ने पाप ठान्दछिन्, उनी हत्यारालाई—आफ्नै छोरालाई श्राप दिन्छिन् र उसको मृत्युको लागि प्रार्थना गर्दछिन्। "देवताहरूले तिम्रो प्रार्थना सुने र मिलिआगरको जीवनको अन्त गरे भन्ने किंवदन्ती छ"। तिनै डियोडोरसको कथनअनुसार (खण्ड ४, अध्याय ४३ र ४४) आर्गोनट-हरू हेराक्लसको नेतृत्वमा थ्रासियामा ओर्लिंदा फिनियसले आफ्नी कान्छी स्वास्नीको कुरा सुनेर आफ्नो पहिली पत्नी क्लियोपात्राबाट जन्मेका दुई छोराहरूलाई अति दुर्व्यवहार गरिरहेको कुरा थाहा पाउँदछन्। परन्तु आर्गोनटहरूमा बोरियाड नामका केही व्यक्तिहरू अर्थात् क्लियोपात्राका भाइहरू पनि हुन्छन्, जो यातना भोगेका केटाहरूका मामाहरू हुन्। मामाहरूले तुरुन्त आफ्ना भान्जाहरूलाई रक्षा गर्दछन्, उनीहरूलाई मुक्त पार्दछन् र पहरेदारहरूलाई मारिदिन्छन् (१०५)।

"दाजुभाइहरू आपसमा युद्ध गर्नेछन् र एकअर्काको हत्या गर्नेछन्,
दिदीबहिनीहरूका सन्तानले रक्तसम्बन्धको गाँठो चुँडाल्नेछन्"।

sysirunger को अर्थ आमाको बहिनीको छोरा हो, र ती दिदीबहिनी-का छोराहरूले आपसमा रक्तसम्बन्धको परित्याग गरेको कुरा कविको लागि बन्धुहत्याभन्दा ठूलो अपराध लाग्दछ। अपराधको यो महत्ता sysirungar शब्दमा, जसले मातृपक्षीय रक्तसम्बन्धप्रति जोड दिन्छ, अभिव्यक्त भएको पाइन्छ; यदि यस शब्दको सट्टा syskina-burn दाजुभाइ तथा दिदीबहिनीका सन्तान – अथवा syskina-synir – दाजुभाइ तथा दिदीबहिनीका छोराहरू भन्ने शब्द रहेको भए पहिलो पङ्क्तिको भन्दा दोस्रो पङ्क्तिले गहनता नभएर हलुकोपन जनाउँदथ्यो होला। यस प्रकारले भिकिङहरूको समयमा पनि, जुन बेला 'दिव्यदर्शिनीको भविष्यवाणी' को रचना भएको थियो, स्क्यान्डिने-भियामा अहिले मातृसत्ताका संस्मरणहरू बिलाइसकेका थिएनन्।

परन्तु, टासिटसको समयमा जर्मनहरूमा, कम्तीमा पनि तिनीहरूका बीचमा, जसबारे उनलाई बढी ज्ञान थियो, पितृसत्ताले मातृसत्ताको स्थान ग्रहण गरिसकेको थियो। छोराछोरीहरू बाबुका उत्तराधिकारी बन्थे। छोरा-छोरीको अभावमा बाबु अथवा आमाका दाजुभाइहरू उत्तराधिकारी बन्थे। आमाका दाजुभाइलाई पनि उत्तराधिकारमा सहभागिता प्रदान गर्ने चलनलाई भर्खरै मात्र स्मरण गराइएको परिपाटीसित सम्बन्धित छ र त्यसले जर्मन-हरूमा पितृसत्ता त्यस बेलासम्म पनि कति नौलो कुरा थियो भन्ने प्रमाणित गर्दछ। मातृसत्ताका चिन्हहरू मध्ययुगमा पनि धेरै लामो अवधिसम्म कायम रहेको पाइन्छ। त्यस बेला पनि, विशेषतः भूदासहरूमा, कसलाई बाबु को हो भन्ने कुरा राम्ररी छुट्याउन सकिँदैनथ्यो; यस प्रकारले जब कुनै सामन्तले भागेर गएको कुनै भूदासलाई कुनै शहरबाट फिर्ता माग्दथ्यो, उदाह-रणार्थ आग्जबर्ग, बासेल र काइजेरस्लाउटेरनमा, तब केवल त्यस भूदासका आमा पक्षका ६ जना निकटतम रक्तसम्बन्धीहरूले मात्र ऊ त्यस सामन्तको भूदास हो भन्ने कुरा किरिया खाएर प्रमाणित गर्नुपर्दथ्यो, (माउरेर, 'नगर व्यवस्था', खण्ड १, पृष्ठ ३८१)।

भर्खरै मात्र लुप्त हुन लागेको मातृसत्ताको अर्को एक अवशेष नारी-हरूप्रति जर्मनहरूको त्यस आदरको भावनामा पाइन्छ, जुन कुरा बुझ्न रोमवासीहरूलाई अति कठिन हुन्थ्यो। जर्मनहरूसित सम्झौता गर्दा उनीहरूका खान्दानी परिवारका छोरीबेटीहरू बन्धकका रूपमा जमानी ठानिन्थे; उनीहरूका स्वास्नी तथा छोरीबेटी कैदी बन्न सक्दछन् भन्ने विचार उनीहरूको लागि अति कष्टप्रद हुन्थ्यो र यस कुनै पनि कुराले भन्दा यस कुराले लडाईं-मा उनीहरूको साहसलाई बढी उत्तेजित तुल्याउँदथ्यो; उनीहरू नारीमा एक प्रकारको पवित्रता तथा भविष्यवक्तृत्व निहित हुन्छ भन्ने ठान्थे; अत्यन्त महत्त्वपूर्ण कुराहरूमा समेत उनीहरू तिनको सल्लाह मान्ने गर्दथे; लिप्पे नदीको आसपास ब्रुक्टेर प्रजातिकी पुजारिनी भेलेडा सम्पूर्ण बटावीहरूको विद्रोहकी प्रेरक शक्ति बनेकी थिइन्। यस विद्रोहमा सिभिलिसको नेतृत्वमा जर्मनहरू र बेल्गीहरूले गालियामा रोमन शासनको जग हल्लाइदिएका थिए (१०७)। घरभित्र चाहिँ स्त्रीको एकछत्र शासन थियो; यद्यपि तिनले, बुढाबुढीहरूले र केटाकेटीहरूले घरको सबै कामकाज गर्नुपर्दथ्यो; लोग्ने शिकार खेल्न जान्थ्यो, रक्सी पिउँथ्यो अथवा बेकाममा समय खेर फालेर बस्दथ्यो। टासिटसले यो कुरा त उल्लेख गरे, तर खेतीपातीको काम कसले गर्थ्यो भन्ने कुराचाहिँ उनले उल्लेख गरेका छैनन्, र सीधै भनेका छन् दासहरूले कर मात्रै तिर्नुपर्थ्यो र बेगारी गर्नुपर्दैन-थ्यो। यसबाट के देखिन्छ भने खेतीपातीसित सम्बन्धित थोरै मात्रैको कामचाहिँ सम्पूर्ण बालक पुरुषहरूले नै गर्नुपर्दथ्यो।

माथि उल्लेख गरिए झैँ विवाहको रूप क्रमशः एकनिष्ठ विवाहमा परिणत हुन लागेको युग्म विवाह नै थियो। कठोरका साथ एकनिष्ठ विवाह-प्रथाको पालना अहिले गरिँदैनथ्यो, किनभने खान्दानी परिवारका मानिसहरू-लाई बहुविवाह गर्ने अधिकार पनि छुट थियो। प्रायः कन्या छोरीबेटीको कौमार्य कडाइसाथ सुरक्षित राखिन्थ्यो (केल्टहरूको विपरीत), र टासिटसले जर्मनहरूमा प्रचलित विवाहसम्बन्धको अनुल्लङ्घनीयताबारे विशेष दृढताका-पूर्वक वर्णन गरेका छन्। पत्नीद्वारा परपुरुषगमनलाई मात्र उनले पारपाचुकेको कारणको रूपमा प्रस्तुत गरेका छन्। तर उनको वर्णनमा धुप्रै त्रुटिहरू छन् र त्यसको अतिरिक्त, दुराचारी रोमवासीहरूलाई नैतिकताको पाठ पढाउने नियतिले प्रयास गरिएको कुरा छर्लङ्ग देखिन्छ। एउटा कुराचाहिँ निर्विवाद छ: यदि जर्मनहरू आफ्ना जङ्गलहरूमा सदाचारको अवतार नै थिए भने पनि उनीहरूलाई यस औसत युरोपेलीहरूको स्तरमा झार्न बाहिरको विल्कुल सिमित संसर्ग नै पर्याप्त थियो; रोमन संसारको भुमरीमा जर्मनहरूको नैतिक कठोरताको अन्तिम अवशेष आफ्ना भाषाभन्दा धेरै पहिले लोप भइसकेको थियो। यस सम्बन्धमा तूर्सका ग्रेगरीको कृति पढ्नु नै पर्याप्त छ। जर्मनीका घना जङ्गलहरूमा रोममा जस्तो परिष्कृत भोगविलास र ऐसआरामले

प्राधिपत्य जमाउन सकेको थिएन भन्ने कुरा स्वतःसिद्ध छ र यस्तो यस सम्बन्धमा तीन जर्मनहरूको स्थान, – यदि हामीले उनीहरूलाई तात्त्विक सम्पन्नताबाहेक त्यस्तो विचक्षण प्राप्त गरेको श्रेय नदिएकै खण्डमा पनि, तुल नियन्त्रण पुग्ने निर्जी जातिको लागि कहिँ पनि र कहिल्यै पनि सर्वमान्य नियम बनेको थिएन – रोमन संसारको दृष्टिमा यो उत्कृष्ट छ।

गोत्रप्रणालीमा आफ्ना बाबु अथवा नातेदारहरूका शत्रुतासँग मैत्रीपूर्ण सम्बन्धहरू मात्र नभएर शत्रुतापूर्ण सम्बन्धहरू पनि कायम राख्ने अनिवार्य परम्परा बन्न गयो। यसैको हत्या गरेको क्षतिपूर्ति अथवा यसैलाई क्षति पुऱ्याएको बदलामा रक्तप्रतिशोधको सट्टा तिरिने "वेर्गेल्ड" (wergild) अर्थात् प्रायश्चित्त-जरिवाना पनि त्यस्तै परम्परा बन्न गयो। अघिल्लो पिढीमा केवल जर्मन परिपाटीको रूपमा मात्र मान्यता प्राप्त गरेको यो प्रायश्चित्त-जरिवाना सबै जातिहरूमा प्रचलित भयो। यो गोत्रप्रणालीबाट शुरू भएको रक्तप्रतिशोधको नरम स्वरूप हो। त्यस्तै हामी यस परिपाटीलाई एक अनिवार्य अतिथिसत्कारको रूपमा अमेरिकाली इण्डियनहरूमा पनि पाउँछौं; टासिटसले अतिथिसत्कारका परम्पराको विषयमा गरेको वर्णन ('जर्मनी', अध्याय २१) र मोर्गनका आफ्ना इण्डियनहरूको अतिथिसत्कार-सम्बन्धी कथाहरूमा प्रायः सानातिना कुराहरूसम्म पनि मिल्दाजुल्दा छन्।

टासिटसको समयमा जर्मनहरूले आफ्ना बस्तीहरूको बाँडफाँट अन्तिम रूपमा गरिसकेका थिए अथवा थिएनन् र टासिटसका यससँग सम्बन्धित अंशहरूलाई कसरी बुझ्ने भन्ने कुरासँग सम्बन्धित जर्मनहरूको र कहिल्यै नटुङ्गिने विवाद अब अतीतमा परिणत भइसकेको छ। प्रायः सम्पूर्ण जाति-हरूमा शुरूमा गोत्रले र पछि गएर साम्यवादी पारिवारिक समुदायहरूले, जो, सेजरको वर्णनअनुसार, स्वेभहरू (१०८) मा पनि अस्तित्वमा थिए, सामूहिक रूपमा जमिनमा खेतीपाती गर्थे; अनि त्यसपछि अलगअलग परिवारहरूबीच जमिनको विभाजन र समयसमयमा त्यो जमिनको पुनर्विभाजन गर्ने उक्त परिपाटीको स्थान लियो, र समयसमयमा खेतीयोग्य जमिनको पुनर्विभाजनप्रथा जर्मनीका कतिपय ठाउँमा आजसम्म पनि प्रचलित छ – यो सब कुरा साबित भइसकेकोले अब त्यस मै यस विषयमा थप चर्चा गरिरहने आवश्यकता छैन। यदि जर्मनहरू सेजरको समयदेखि टासिटसको समयसम्मका १५० वर्षको अवधिमा जमिनको सामूहिक खनजोत, जुन सेजरले स्पष्ट रूपमा स्वेभहरूमा देखाएका थिए (उनको भनाइअनुसार स्वेभहरूमा विभाजित अथवा निजी खेतीपाती थिएन), बाट व्यक्तिगत पुनर्विभाजन गर्नेगरी अलगअलग



परिवारले जमिनको खनजोत गर्ने प्रथामा संक्रमण गरे भने यो वास्तवमा नै ठूलो प्रगति थियो; यस्तो छोटो अवधिमा र बाहिरबाट कुनै पनि प्रकारको हस्तक्षेपबिना जमिनको सामूहिक खनजोतबाट जमिनमाथि पूर्ण निजी स्वामित्वमा संक्रमण असम्भव नै थाल्दछ। त्यसैले म टासिटसमा शब्दको त्यही अर्थ लगाउन सक्दछु, जुन उनले पनि संक्षिप्त रूपमा लेखेका छन्: उनीहरू प्रतिवर्ष खेतीयोग्य जमिन बाँड्छन् (अथवा पुनर्विभाजन गर्दछन्) र पनि बाँकी सामूहिक जमिन पर्याप्त मात्रामा बाँकी रहन्छ (१०९)। कृषि व्यवसाय र जमिनको ओगटाइको यो त्यो चरण थियो, जुन पूर्णतः जर्मनहरूको तत्कालीन गोत्रव्यवस्थाअनुरूप थियो।

अघिल्लो अनुच्छेदलाई मैले पहिलेका संस्करणहरूमा जस्तो थियो त्यस्तै छोडिदिएको छु। तर यसबीचमा वस्तुस्थितिले अर्कै रूप लिइसकेको छ। मातृसत्तामा आधारित साम्यवादी परिवार र आधुनिक पितृक परिवारका बीचको अन्तरिम चरणको रूपमा पितृसत्तात्मक कुटुम्ब समुदाय सर्वत्र नभए तापनि व्यापक रूपमा पाइएको थियो भन्ने कुरा कोभालेभ्स्कीले प्रमाणित गरिसकेपछि (हेर्नुहोस् माथि पृष्ठ ८८*) अब कुरा माउरेर र वाइट्सको बीचमा जमिनमा सामूहिक अथवा निजी स्वामित्व थियो भन्ने प्रश्नमा चलेको विवाद-सम्बन्धी होइन, अपितु सामूहिक स्वामित्वको रूप के थियो भन्ने सम्बन्धमा छ। सेजरको समयमा स्वेभहरूमा सामूहिक स्वामित्व मात्र नभएर सामूहिक खेतीपाती पनि अस्तित्वमा थियो भन्ने कुरामा कुनै सन्देह छैन। शोध, कुटुम्ब समुदाय अथवा यो कुरा प्रथाबीचको कुनै अन्तरिम साम्यवादी कुटुम्ब समूह आर्थिक एकाइको रूपमा थियो अथवा भूमिस्वामित्वअनुसार यी तीनै समूह-हरू अस्तित्वमा थिए भन्ने प्रश्नलाई लिएर निकै बहस गर्न सकिन्छ। तर कोभालेभ्स्कीको भनाइ छ – टासिटसले वर्णन गरेको अवस्थाले मार्क अथवा ग्रामीण समुदायको चित्रण नगरेर सामुदायिक कुटुम्बको चित्रण गर्दछ; यही कुटुम्ब समुदायबाट धेरै पछि गएर जनसङ्ख्यावृद्धिको फलस्वरूप ग्रामीण समुदायको विकास भएको हो।

यस धारणाअनुसार जर्मनहरूले रोमनकालमा आफूले ओगटेका र पछि गएर रोमनहरूबाट खोसेका अन्य जमिनहरूमा बसोबास गरेका बस्तीहरू गाउँको रूपमा नभएर त्यस्ता विशाल पारिवारिक समुदायहरूको रूपमा थिए, जुन समुदायअन्तर्गत कैयौं पुस्ताहरू सम्मिलित थिए र जसले आफ्नो आवश्यकताअनुसारका

*हेर्नुहोस्, यस पुस्तकको पृ० ११३।–सं०

जमिनका किल्लाहरूमा खेतीपाती गर्दथे र छिमेकीहरू मिलेर वरि-परिका बाँझा जमिनहरू सामूहिक मार्कको रूपमा उपयोग गर्दथे। जुन ठाउँमा टासिटसले उनीहरू बाकुले खनजोत गरेका जमिनहरू बाहुले गर्दथे भनेका छन्, त्यसलाई वास्तवमा कृषिविज्ञानको तात्पर्यअनुसार बहुनुवर्तक: प्रत्येक पारिवारिक समुदायले प्रतिवर्ष नयाँ जमिनमा खनजोत गर्दथ्यो र अघिल्लो वर्ष खनजोत गरेको जग्गा बाँझो छोडिदिन्थे अथवा त्यहीं घाँस उमार्नेको लागि छोडिदिन्थे। पातलो आबादी भएको अवस्थामा यसै बाँझो जग्गा प्रशस्त रहन्थ्यो, जसले गर्दा जमिन बारेको आपसमा पर्ने कुराहरू निम्त्याउने कठिनाइहरू अनावश्यक हुन्थे। केही शताब्दीपछि मात्र, जब पारिवारिक समुदायका सदस्यहरूको संख्यामा भएको ठूलो वृद्धिले गर्दा तात्कालिक उत्पादनका अवस्थाहरूमा सामूहिक रूपमा खेतीपाती गर्नु असम्भव हुन गयो, ती समुदायहरू भङ्ग हुन गए; त्यसपछि सामूहिक स्वामित्वअन्तर्गत रहेका खेती गरिने जमिन र चौरहरूलाई अब पछि उत्पन्न भएका अलगअलग परिवारहरूबीच पहिला केही समयसम्म र पछि सधैंका लागि बाँडफाँट गर्न थालियो। जुन बाँडफाँट सुरुमा अस्थायी हुन्थ्यो भने पछि गएर स्थायी लागि हुने भयो; तर जङ्गल, चरन र पानीपँधेराहरूचाहिँ सामूहिक नै रहन्थे।

रसियाको लागि यस प्रकारको विकासक्रम ऐतिहासिक दृष्टिकोणमा पूर्णत: साबित भएको देखिन्छ। जहाँसम्म जर्मनी र त्यसपछि अन्य जर्मन भाषी देशहरूको प्रश्न छ, त्यस सम्बन्धमा के कुरा स्वीकार गर्नु उचित छैन भने विभिन्न दृष्टिमा यस अनुमानले धेरै सामग्रीको व्याख्या, ग्रामीण समुदाय-लाई टासिटसको समयसम्म धकेल्ने त्यो कुरा आफ्नो प्रमुख जमाउनेहरूको दृष्टिकोणले भन्दा बढी सही ढङ्गमा गर्दछ र कठिनाइहरूलाई अझै सरल बनिदिने हुन सक्छ। Codex Lauresliamensis (११८) जस्ता प्राचीनतम दस्तावेजहरू प्राय: ग्रामीण मार्क-समुदायबाट भन्दा धेरै यही रूपमा स्पष्ट हुन्छन्। अर्कोतिर यस पुष्टिले यस नयाँ कठिनाइहरू र नयाँ प्रश्नहरू उत्पन्न गराउँछन्, जसको समाधान गर्नु पनि त्यत्तिकै आवश्यक हुन्छ। यस क्षेत्रमा केवल नयाँ अनुसन्धानहरूले मात्र अन्तिम निष्कर्षमा पुर्‍याउन सक्दछन्; यद्यपि जर्मनी, स्कान्डिनेभिया र बेलायतमा समेत एक मध्ययुगकालीन भएको रूपमा पारिवारिक समुदाय अस्तित्वमा थियो भन्ने कुराको ठूलो सम्भावनालाई म इन्कार गर्न सक्दिन।

यदि सिजरको समयमा जर्मनहरूले आंशिकत: भर्खरै मात्र स्थायी बसोबास



लिए र आंशिकत: अझै पनि स्थायी बसोबासको लागि उपयुक्त ठाउँहरूमा खोजिरहेका थिए भने टासिटसको समयसम्ममा उनीहरूले पूरै एउटै जीवनको शिकारी शताब्दी पार गरिसकेका थिए; भौतिकिकरणसँगका साधनहरूको उत्पादनमा भएको निर्विवाद प्रगति पनि यसै क्रममा छ। उनीहरू काठका घरहरूमा बसेर यस्तै बनाइएका घरहरूमा बस्दथे, अझ पनि आदिम जङ्गलवासीहरूले जस्तो उनका भद्दा लबेदा र जनावरको छालाका लुगा लगाउँदथे; आइमाई र धनीमानीहरूका लिनेन लुगा लगाएका हुन्थे। उनीहरूको आहार दूध, मासु, जङ्गली फलफूल, प्लिनीका अनुसार ओट्स पनि (१११) (यो आजसम्म पनि आयरल्यान्ड र स्कटल्यान्डमा केल्टहरूको जातीय भोजनको रूपमा रहेको छ) नै हुन्थ्यो। पशुहरू नै उनीहरूको सम्पत्तिको रूपमा थिए, तर ती पशुहरू कमसल नस्लका थिए, गाईवस्तु—होचा तथा साहै हौसला, नराम्रा र सिङ नभएका; घोडाहरू—साना टट्टूहरू र नचल्ने घोडाहरू। पैसाको चलन कम थियो र त्यसको प्रयोग गरिन्थ्यो, पनि त्यसमा पनि रोमन पैसा मात्र। उनीहरू सुन र चाँदीका गरगहनाहरू बनाउन जान्दैनथे र तिनलाई कुनै महत्त्व पनि दिँदैनथे, फलाम दुर्लभ नै थियो र, कम्तीमा पनि राइन तथा डेन्युब नदीको आसपासमा बसोबास गर्ने प्रजातिहरूमा प्राय पूर्णत: बाहिरबाट त्यसको आयात गर्दथे तर आफैं खानी गर्दैनथे। अक्षर लिपि (यूनानी अथवा ल्याटिन वर्णको अनुकरण) केवल गुप्त लिपिको रूपमा प्रचलित थियो र त्यसको प्रयोग केवल धार्मिक टुनामुनाहेतु मात्र गरिन्थ्यो। मानिसको बलि दिने प्रथा अझ पनि प्रचलनमा थियो। यस अवस्थामा यहाँ हामीसामु त्यस्तो जाति खडा छ, जुन भर्खरै मात्र बर्बर युगको मध्यअवस्थाबाट उन्नत अवस्थातिर प्रवेश गर्दै छ। परन्तु त्यस समयमा यदि रोमनहरूको छिमेकमा रहेका प्रजाति-हरूमा रोमन औद्योगिक उत्पादनका वस्तुहरू सजिलैसँग आयात गर्न सकिने हुँदा आफ्नै धातु तथा कपडाको स्वतन्त्र उत्पादनको विकासमा बाधा पुग्न गएको थियो भने त्यस्तो उत्पादन उत्तरपूर्वमा बाल्टिक सागरको तटवर्ती क्षेत्रमा निस्सन्देह विकसित भएको थियो। श्लेस्विगका दलदलहरूमा भेट्टाइए-का दोस्रो शताब्दीको अन्त्यतिरका रोमन सिक्काहरूसहित अन्य हातहतियारहरू—लामो फलामे तरवार, कवच, चाँदीको शिरस्त्राण इत्यादि, र त्यसको अतिरिक्त वस्तुहरूको पायसमेत गर्दा विभिन्न ठाउँमा फैलिएका जर्मनहरूका प्रमुख सरसामानहरू निकै उच्चस्तरीय शिल्पको तयारीका परिचायक हुन् र तिनीहरू, सुरुका रोमन नमूनाहरूसँग केही मिल्दाजुल्दा नै भएको अवस्थामा पनि, पूर्णत: आफ्नै विशिष्ट खालका थिए। सभ्य रोमन साम्राज्यतिरको

घाउबाटाले गर्दा बेलायतबाहेक अन्य सम्पूर्ण ठाउँको मौलिक उत्पादनको अन्त्य हुन गयो। यस उत्पादनको उत्पत्ति तथा यसको विकासमा कसरी एकरूपता भेट्टाउन सकिन्छ भन्ने कुरा कविलाका बीचहरूको उदाहरणले सिद्ध गर्दछ; पुरस्कृत, स्कैन्डिनेभियामा र ग्रामीण भागका किसानहरूमा भेट्टाइएका यी बीचहरू बेलायत तथा स्विट्जरल्यान्डका ग्रामीणहरूका अनेका पनि हुन सक्दछन् तर तिनीहरू जर्मन किसानका नमुना हुन् भन्ने कुरामा चाहिँ कुनै सन्देह छैन।

उनीहरूको प्रशासनिक व्यवस्था पनि जर्मनयुगको उन्नत स्वरूपअनुरूप थियो। टासिटसको भनाइअनुसार मुखियाहरूको परिषद (principes) सबै ठाउँमा अस्तित्वमा थियो, जसले कम महत्त्वपूर्ण समस्याहरू आफैँले समाधान गर्दथ्यो र बढी महत्त्वपूर्ण समस्याहरू जनसभामा समाधानार्थ पेश गर्नको लागि आवश्यक पूर्व तयारी गर्दथ्यो; जर्मनयुगको निम्नस्तरमा, – कम्तीमा पनि यो हामीलाई ज्ञात भएका ठाउँहरूमा, जस्तो – अमेरिकालीहरूमा, त्यस्तो जनसभा प्रजाति अथवा प्रजाति समूहमा नभएर केवल गोत्रमा मात्र अस्तित्वमा रहेको पाइन्छ। इरोक्वाइहरूमा जस्तै मुखियाहरू (principes) र सेनानायक (duces) हरूमा अझ पनि ठूलो अन्तर देखिन्थ्यो। मुखियाहरू अधिकांशतः प्रजातिका सदस्यहरूबाट भेटीकोसिसीको रूपमा प्राप्त पशु, अन्न तथा अन्य वस्तुहरूको आधारमा आफ्नो जीविका चलाउँदथे; उनीहरू अमेरिकामा जस्तै अधिकांशतः एउटै परिवारबाट छानिन्थे। युनान र रोममा जस्तै पितृसत्ताको स्थापनाले प्रारम्भिक निर्वाचन प्रथालाई क्रमशः वंशगत उत्तराधिकारमा परिणत गराउन र त्यसैको परिणामस्वरूप प्रत्येक गोत्रमा अभिजात परिवारको उत्पत्ति गराउन अनुकूल वातावरणको सिर्जना गर्‍यो। यो प्राचीन तथाकथित कुलीन अभिजातवर्गको ठूलो भागमा कि त जातिहरूको आप्रवासको समयमा कि त त्यसको लगत्तैपछि अन्त्य भयो। सेनापतिहरूको चुनाव उनीहरूको पारिवारिक उत्पत्तिको भेदभावबेगर केवल तिनको प्रतिभाको आधारमा हुन्थ्यो। तिनीहरूलाई त्यति धेरै अधिकारहरू प्राप्त हुँदैनथे, र उनीहरूले आफ्नो आचरणबाट प्रभाव पार्नुपर्दथ्यो; टासिटसको भनाइअनुसार सेनामित्र अनुशासन कायम राख्ने विशेष अधिकार पुरोहितहरूलाई प्राप्त थियो र वास्तविक सत्ताचाहिँ जनसभामा केन्द्रित थियो। राजा अथवा प्रजातिका मुखियाले सभापतिको आसन ग्रहण गर्दथ्यो; जनताले आफ्नो निर्णय दिन्थ्यो: उनीहरूको मन्द गुनगुनाहटले "विरोध" जनाउँदथ्यो भने ठूलो स्वरमा चिच्याएर हतियार बजाउने कामले "समर्थन" जनाउँदथ्यो। त्यसबाहेक न्यायालयको काम पनि जनसभाले गर्दथ्यो; जातिहरू जनसभामा



आफ्ना गुनासाहरू पेश गर्दथे र तिनको समाधान पनि त्यहीँ हुन्थ्यो; मृत्युदण्ड पनि त्यहीँ दिइन्थ्यो, मृत्युदण्ड केवल कायरता, आफ्ना जनताप्रति विश्वासघात र अप्राकृतिक दुराचारको लागि मात्र दिइन्थ्यो। त्यसैगरी गोत्र तथा अन्य उपविभागहरूभित्र पनि न्यायनिसाफ आफ्नो सभापतिद्वारा मुखियाको सभापतित्वमा गरिन्थ्यो, जुन मुखिया, सम्पूर्ण प्राचीन जर्मन कानुनी कारबाहीमा जस्तै, निवापकमा नेतृत्व गर्ने र प्रश्नहरू दिन मात्र सक्दथ्यो। जर्मनहरूमा दण्ड दिने काम पहिले पनि र पछि पनि केवल सम्पूर्ण समुदायले गर्दथ्यो।

सिजरको समयदेखि प्रजातिहरूका संघहरूको गठन भयो, केही प्रजातिहरूमा त्यसै बेला राजाहरू देखापरिसकेका थिए; प्रमुख सेनापतिले त्यसै बेलादेखि, युनानी तथा रोमनहरूमा जस्तै, तानाशाही शासनको आकांक्षा गर्न थालिसकेको थियो र कहिलेकाहीँ त्यो प्राप्त गर्न सफल पनि हुन्थ्यो। यद्यपि त्यस्ता भाग्यशाली अधिकारीहरू सबैँ निरङ्कुश शासक बन्न सकेनन् तापनि तिनीहरूले गोत्रप्रणालीको बन्धन चुँडाल्न भने थालिसकेका थिए। यदि मुक्तिप्राप्त दासहरू प्रायः कुनै पनि गोत्रअन्तर्गत नपर्ने हुँदा पूर्णतः पराधीन अवस्थामा रहेका थिए भने ती नयाँ राजाहरूका कृपापात्रहरूले चाहिँ प्रायः उच्च पद, सम्पत्ति तथा मानसम्मान पाइसकेका थिए। रोमन साम्राज्यमाथि विजय प्राप्त गरिसकेपछि त्यहाँका सेनानायकहरूबीच पनि यस्तै घटना घटेको थियो, जुन सेनानायकहरू पछि गएर ठूलाठूला देशका राजा बन्न पुगे। फ्राङ्कहरूमा राजाका दास तथा मुक्तिप्राप्त दासहरूले सुरुमा दरबारभित्र र त्यसपछि राज्यभरि नै ठूलो भूमिका खेलेका थिए; नयाँ अभिजातवर्गको उत्पत्ति ठूलो संख्यामा तिनीहरूबाटै हुन गयो।

राजतन्त्रको उत्पत्तिमा एउटा संस्थाले सहयोग पुऱ्याएको थियो। त्यो संस्था हो – निजी सैन्य दल। आफ्नै इच्छाअनुसार युद्धको लागि निजी संस्थाहरूको सिर्जना गरिन्थ्यो भन्ने कुरा हामीले पहिल्यै अमेरिकाली रेड इन्डियनहरूको दृष्टान्तमै देखिसकेका छौँ। जर्मनहरूमा भने यस्ता निजी संस्थाहरूले स्थायी सङ्घको रूप लिइसकेका थिए। कुनै ख्यातिप्राप्त सेनानायकले लुटको सामान प्राप्त गर्ने इच्छुक युवा योद्धाहरूलाई आफ्नो वरिपरि सङ्गठित गर्दथ्यो। त्यो दल सेनानायकप्रति व्यक्तिगत रूपमा वफादार हुन्थ्यो र सेनानायक आफ्नो दलपति। उसले ती योद्धाहरूलाई पाल्दथ्यो र इनाम दिन्थ्यो, उनीहरूको मर्यादाक्रम तोक्दथ्यो। सानातिना युद्ध अभियानहरूमा उनीहरू अङ्गरक्षकको भूमिका निभाउँदथे र सधैँ एक सैन्य दलको रूपमा लडाइँको मैदानमा डटेर तयार रहन्थे; ठूलठूला युद्ध अभियानहरूमा चाहिँ उनीहरू

प्रतिष्ठित अधिपतिहरूको दासको भूमिका पूरा गर्दथे। यी निजी सैन्य दलहरू जति कमजोर हुनुपर्ने थियो र वास्तवमा त्यतिकै थिए पनि, जस्तो पछि गएर इटालीमा ओदोएसरसँग पर्न गयो, तापनि तिनको अस्तित्व प्राचीन जन स्वतन्त्रताको ह्रासको बीजारोपण बन्न पुग्यो र जातिहरूको आप्रवास-कालमा र त्यसपछि पनि तिनीहरूले ठीक त्यही भूमिका खेले। किनभने उनी-हरूले प्रथमतः राजसत्ताको अभ्युदयको लागि अनुकूल स्थिति खडा गरे; द्वितीयतः, जस्तो टासिटसले लेखेका छन्, निरन्तर चलिरहने लडाइँहरू र लुटपाटपूर्ण हमलाहरूको आधारमा मात्र उनीहरूलाई एक सङ्गठित एकाइको रूपमा कायम राख्न सकिन्थ्यो। लूट नै उद्देश्य बन्यो। यदि सैन्य दलका अगुवाले आसपासमा केही नपाएमा भने आफ्नो सेना लिएर ती अन्य जाति-हरूकहाँ पुग्दथ्यो, जहाँ लडाइँ चलिरहेको हुन्थ्यो र लुट्न पाइन्थ्यो; जर्मन सहायक सेनाहरू, जो ठूलठूला संख्यामा रोमन झण्डामुनि स्वयम् जर्मन-हरूकै विरुद्धसमेत युद्धमा भाग लिन्थे, आंशिक रूपमा यस्तै निजी सैन्य दलबाट भर्ती भएका थिए। भाडाका सिपाहीहरू (Landsknecht) को व्यवस्था—जर्मनहरूको कलङ्क र अभिशाप—को प्रारम्भिक रूप यहीँ देखापरिसकेको थियो। रोमन साम्राज्यको विजयपछि राजाहरूका यी निजी सैन्य दलहरू, दासहरू तथा रोमनहरूबाट आएका दरबारी नोकरचाकरहरूका साथसाथै सर्वोत्तम अभिजात-वर्गको दोस्रो प्रमुख संघटक अङ्ग बने।

यसरी क्रमशः जातिको रूपमा एकत्रित भएका जर्मन प्रजातिहरूमा पनि त्यस्तै प्रशासन व्यवस्था अस्तित्वमा थियो, जस्तो वीरयुगीन युनानीहरू र तथाकथित राजाहरूको युगमा रोमनहरूमा विकसित भएको व्यवस्था थियो: जनसभा, गोत्रीय मुखियाहरूको परिषद् र सेनानायक, जो वास्तविक राजसत्ता खोज्दै थियो। यो आम रूपमा गोत्रप्रणालीमा सङ्गठित हुनसक्ने सबभन्दा विकसित प्रशासन-व्यवस्था थियो; बर्बरयुगको उन्नत अवस्थाको लागि त्यो व्यवस्था एक आदर्शको रूपमा थियो। त्यस प्रशासनव्यवस्थाले जुन परिस्थि-तिमा रहेर आफ्नो भूमिका पूरा गर्‍यो, त्यस परिस्थितिबाट समाज बाहिर निस्कनासाथ गोत्रप्रणालीको अन्त्य भयो; गोत्रप्रणाली ध्वस्त भयो र त्यसको स्थान राज्यले लियो।

८

# जर्मनहरूमा राज्यको उत्पत्ति

टासिटसको वर्णनअनुसार जर्मनहरूको संख्या धेरै ठूलो थियो। जर्मन जातिहरूको संख्याबारे अनुमान हामी सिजरको भनाइबाट पाउँदछौँ; उनको भनाइअनुसार राइन नदीको बायाँ किनारामा देखापरेका उसीपेट तथा तेङ्क-टेरहरूको संख्या १,८०,००० थियो, जसमा नारी एवम् बालबच्चाहरू पनि पर्दथे। यसरी प्रत्येक जातिमा लगभग १,००,००० व्यक्ति पर्न आउँछन्,* जुन संख्या आफ्नो विकसित अवस्थामा रहेका इरोक्वाहरूको कुल संख्या-भन्दा धेरै नै बढी भइसकेको थियो। जुनबेला महासरोवरदेखि लिएर ओहायो तथा पोटोमैक नदीसम्म सम्पूर्ण देशको लागि उनीहरू एक आतङ्कको रूपमा खडा भएका थिए, त्यति बेलासम्म उनीहरूको संख्या २०,००० पनि पुगेको थिएन। यदि राइन नदी आसपास बसोबास गरेका सुपरिचित जातिहरू कसरी फैलिएका थिए भन्ने कुरा आजसम्म प्राप्त विवरणहरूको आधारमा नक्सामा अङ्कित गर्ने प्रयास गरेको अवस्थामा त्यस्तो प्रत्येक जाति एक्लैले औसतः लगभग प्रशियाको एक प्रशासनिक इलाका जत्रो क्षेत्रफल अर्थात् झन्डै १,००,००० वर्ग किलोमिटर अथवा १८२ भौगोलिक वर्ग माइल जमिन ओगटेको पाइन्छ। तर रोमनहरूको Germania Magna** भिस्चुला नदीसम्म

---

* यहाँ प्रस्तुत संख्याको पुष्टि गालिया प्रदेशका केल्टहरूको विषयमा दियोदरसले भनेको कुराबाट हुन्छ: "गालियामा धेरै जातिहरू बसोबास गर्दथे, जसमा सबैको संख्या समान थिएन। तीमध्ये सबभन्दा ठूलो जातिको जनसंख्या झण्डै २,००,००० थियो र सबभन्दा सानोको ५०,०००" (Diodorus Siculus V, 25)। फलतः औसत संख्या १,२५,००० थियो। केही गालिया जातिहरू विकासको निकै माथिल्लो स्तरमा पुगिसकेकाले जर्मनहरूको भन्दा केही बढी उनीहरूको संख्या थियो भन्ने कुरामा कुनै शङ्का छैन।

** महान जर्मनी।—सं०

फैलिएको छ र त्यसको क्षेत्रफल लगभग ५,००,००० वर्ग किलोमिटर हुन्छ। अनुमानित जातिको औसत जनसंख्या १,००,००० व्यक्ति भएको खण्डमा सम्पूर्ण Germania Magna का जनसंख्या पचास लाखसम्म पुगेको हुनुपर्छ; बर्बरयुगका एउटा समूहको निम्ति यो संख्या धेरै ठूलो हो, तर हाम्रो समयको लागि अर्थात् वर्ग किलोमिटरमा १० जना अथवा एक भौगोलिक माइलमा ५५० जना हुनु अत्यन्तै कम हो। तर त्यस बेलाका सम्पूर्ण जर्मनहरूको संख्या यति मात्र थिएन। हामीलाई के थाहा छ भने कार्पेथियन पर्वतमालादेखि डेन्युब नदीको मुहानसम्म गोट प्रजाति समूहका जर्मन जातिहरू अर्थात् बास्टर्नी, पेउकोनि तथा अन्य जातिहरू धेरै ठूलो संख्यामा बसोबास गरेको कुरालाई प्लिनीले पनि जर्मन जातिको पाँचौं प्रमुख प्रजाति समूह मानेका थिए। १८० ई० पू० मा नै मैसिडोनियाका राजा पेर्सेउस भाडाका सिपाही बनिसकेका यी प्रजातिहरू ओगस्तसको शासनकालको शुरुमा आद्रियानोपोलको नजिकसम्म पुगिसकेका थिए। यदि हामीहरूले तिनको त्यस बेलाको संख्या दश लाख मात्र मान्ने हो भने पनि इस्वी सम्वत्को शुरुसम्ममा जर्मनहरूको सम्भाव्य संख्या कम्तीमा पनि साठी लाखसम्म पुगिसकेको हुनुपर्दछ।

जर्मनीमा बसोबास गरिसकेपछि तिनीहरूको आबादी अविच्छिन्न तीव्र रूपमा बढ्दै गएको हुनुपर्दछ। यो कुरा उत्पादनको क्षेत्रमा अन्य माथि उल्लिखित प्रकरणहरूबाटै प्रमाणित हुन सक्दछ। श्लेस्विगका खाडलहरूमा प्राप्त पुरातात्विक वस्तुहरूमध्येका रोमन सिक्काहरूको अध्ययन गर्दा ती वस्तुहरू तेस्रो शताब्दीका प्रतीत हुन्छन्। यसरी, त्यस बेलासम्ममा बाल्टिक सागरको तटवर्ती इलाकामा धातु तथा कपडाका वस्तुहरूको उत्पादनको विकास भइसकेको थियो, रोमन साम्राज्यसँग जीवित व्यापारिक सम्बन्ध कायम भइसकेको थियो र धनाढ्य धनीहरूले केही हदसम्म ऐसआरामको जीवन बिताउन थालिसकेका थिए भन्ने कुरा सम्पूर्ण कुराहरू सघन आबादीका लक्षणहरू हुन्। लगभग यसै समयमा जर्मनहरूले राइन नदी, रोमको सीमावर्ती पर्खालको पश्चिम र डेन्युब नदीको एक छेउदेखि अर्को छेउसम्म र त्यहाँ उत्तरी सागरदेखि लिएर कृष्ण सागरसम्म प्राय सैनिक आक्रमण गरेको कुरा त्यस आबादीको निरन्तर अभिवृद्धिको ज्वलन्त उदाहरण हो, जुन आबादी आफ्नो भूक्षेत्रको विस्तारतर्फ लक्षित थियो। यो संघर्ष तीन सय वर्षसम्म चलेको थियो, जुन अवधिमा गोट जातिहरूका (स्कान्डिनेभियाली गोट तथा बुरगुण्डहरूबाहेक) मुख्य समूह दक्षिण-पूर्वतिर बढेर बायाँ



र त्यसले एक विशाल आक्रमणकारी मोर्चाको बायाँ भाग खडा गर्‍यो), उसको बेकका जर्मनहरू (गेर्मिनोनहरू) त्यस मोर्चाको बीच भागबाट उपरि डेन्युबतिर पुगे, र इस्कीभोनहरूबाहेक, जसलाई अहिले फ्रान्क भनिन्छ, राइनतिर बढेर उक्त मोर्चाको दायाँ भागमा खडा भए; ब्रिटेनमाथि विजय गर्ने अभियानचाहिँ इङ्गोनोनहरूमा आइपर्‍यो। पाँचौं शताब्दीको अन्त्यमा निर्बल, उजाड तथा निस्सहाय स्थितिमा पुगेको रोमन साम्राज्यको ढोका जर्मन आक्रमणकारीहरूका लागि खोलिन गयो।

यसअघि हामी प्राचीन युनानी तथा रोमन सभ्यताको पौढवकालमा थियौं। अब हामी त्यसको चिहानमा आइपुग्यौं। भूमध्यसागरीय उपत्यकाका सबै देशहरूमा कैयौं शताब्दीसम्म रोमको विश्वव्यापी आधिपत्यले त्यहाँ जग्गाहरूलाई थिचेको थियो। जहाँ युनानी भाषाले कुनै प्रतिरोध खडा गरेन, त्यहाँ सम्पूर्ण जातीय भाषाहरूले आफ्नो स्थान विकृत ल्याटिन भाषालाई छोडिदिनुपर्‍यो; सम्पूर्ण जातीय भिन्नताहरू मेटिन गए र गालि, इबेरियाली, लिगुर तथा नोरिकजस्ता सम्पूर्ण प्रजाति समूहहरू रोमन जातिमा परिणत भए। रोमन प्रशासन तथा कानुनहरूले प्राचीन गोत्रीय समूहहरूलाई र त्यसै गरी स्थानीय तथा जातीय स्वाधीनतालाई पनि सबै ठाउँमा नष्ट पारिदिए। यस्तो नवप्रतिष्ठित रोमन नागरिकताले ती सम्पूर्ण कुराको बदलामा केही नयाँ कुरा प्रदान गरेन; त्यसले कुनै जातीयताको अभिव्यक्ति नभएर केवल जातीयताको अभावको मात्र अभिव्यक्ति गर्‍यो। यद्यपि नयाँ जातिका तत्त्वहरू मौजूद थिए; विभिन्न प्रान्तहरूका ल्याटिन भाषिकाहरू एकअर्काबाट अधिकाधिक भिन्न हुँदै गए। कुनै बेला इटाली, गालिया, स्पेन तथा अफ्रिकालाई स्वाधीन भूभागहरूमा विभाजित गर्ने प्राकृतिक सीमाहरू अझै पनि मौजूद थिए र तिनको प्रभाव पनि कायमै थियो। तर यी तत्त्वहरूलाई नयाँ जातिहरूको रूपमा एकीकृत गर्न सक्षम शक्ति कहीं पनि देखिँदैनथ्यो। कुनै सिर्जनात्मक शक्तिको त कुरै छोडौं, विकास तथा प्रतिरोधसम्बन्धी सामर्थ्यको चिन्हसमेत कहीं पाइँदैनथ्यो। त्यस विशाल भूभागमा बसोबास गरेका विशाल जनसमुदायको लागि परस्पर एकत्रित तुल्याउने एक मात्र बन्धन केवल रोमन राज्य नै थियो, तर कालान्तरमा त्यही राज्य उनीहरूको उत्पीडक एवम् घातक शत्रुको रूपमा परिणत थियो। प्रान्तहरूले रोमलाई नष्ट पारे; स्वयम् रोम अन्य शहरहरू जस्तै एक प्रान्तीय शहरमा परिणत भयो; त्यसलाई विशेषाधिकार प्राप्त थियो तापनि अब त्यहाँ प्रभावशाली थिएन र विश्वव्यापी साम्राज्यको केन्द्र तथा सम्राट एवम् तिनका सह-शासकहरूको

निवारणसम्मतसमेत बन्द होइसकेको थियो; यी सम्राट तथा तिनका मह-मालाहरू अब कोन्स्टान्टिनोपोल, ट्रिभेर र मिलानमा बस्न थाले। रोमन राज्य एक विराट एवम् जटिल यन्त्रको रूपमा परिणत भयो, जसको ध्येय केवल यसका नागरिकहरूको शोषण गर्नु मात्र थियो। कर, राजकीय सेवाहरू र विभिन्न प्रकारका शुल्कहरूले आम जनसमुदायलाई अधिकाधिक दरिद्रताको खाडलमा धकेलिए; यस उत्पीडनलाई शासक, कर असुलक तथा सिपाहीहरूका ठगाइले बढाउँदै लगेर असह्य तुल्यायो। यसको विश्व-व्यापी आधिपत्यले गर्दा रोमन राज्य यस्तो स्थितिमा आइपुग्यो: त्यसले आफ्नो अस्तित्वको औचित्यलाई आन्तरिक व्यवस्था कायम गर्नु र बर्बरहरूका आक्रमणबाट सुरक्षित राख्ने कुरामा आधारित तुल्यायो; परन्तु यसको अवस्था दुष्टतम दुर्व्यवस्थाभन्दा पनि दुष्कर थियो, अनि जुन बर्बरहरूबाट उसले आफ्ना नागरिकहरूलाई सुरक्षित राख्ने ढोंग रचेको थियो, तिनै बर्बरहरूबाट नागरिकहरूले आफ्नो संरक्षणको प्रतीक्षा गरे।

समाजको स्थिति पनि कम निराशाजनक थिएन। गणराज्यको अन्तिम कालदेखि नै रोमन आधिपत्य विजित प्रान्तहरूको निर्मम शोषणमा आधारित थियो; यस साम्राज्यले त्यस शोषणको अन्त गर्नु त परै जाओस्, उल्टो त्यसलाई एक प्रणालीको रूपमा परिणत गर्‍यो। जतिजति साम्राज्य दुर्बल हुँदै गयो, त्यतित्यति कर तथा बेगारी बढ्दै गयो र त्यतित्यति नै कर्मचारीहरूले निर्लज्जतापूर्वक आफ्नो [illegible] जनतालाई लुट्न थाले। सम्पूर्ण जनताभाथि विजय प्राप्त गरेका रोमनहरूका लागि व्यापार तथा उद्योग कहिल्यै पनि पेशाको रूपमा रहेनन्; केवल सूदखोरीमा मात्र उनीहरू आफू-पहिलेको र आफूपछिका सबैभन्दा अगाडि थिए। व्यापारमा पहिले जेजति उपलब्धि भएको थियो र जेजति त्यसबाट बचेको थियो, त्यो पनि कर्मचारीहरूको अत्याचारी लुटले गर्दा नष्ट भयो। त्यसबाट बचेको व्यापार पनि साम्राज्यको पूर्वी अर्थात् युनानी भागमा मात्र हुन्थ्यो, जसलाई हामी हाम्रो विषयको परिधिभन्दा बाहिर गर्दछौं। आम गरिबी, व्यापार, शिल्पकारी तथा कलामा ह्रास, जनसंख्यामा घटोती, शहरहरूको निर्जनता, खेतीपातीमा निम्न स्तरसम्मको गिरावट – यस्ता थिए विश्वव्यापी रोमन साम्राज्यका अन्तिम परिणामहरू।

सम्पूर्ण प्राचीन विश्वमा उत्पादनको निर्णायक क्षेत्रको रूपमा रहेको कृषि अवस्थाले फेरि पुनः सदाभन्दा बढी महत्त्व राख्न थाल्यो। इटालीमा गण-राज्यको अन्त भएपछि प्रायः सम्पूर्ण भूभागलाई ओगटेका विशाल एकत्रित



भोगाहरू (latifundia) को उपयोग दुई प्रकारबाट गरिएको थियो – कि त गोचरको रूपमा प्रयोग गरियो र जहाँको आबादीको ठाउँ भेडाबाख्रा तथा गाईगोरुले लिए, जसको हेरचाहको निम्ति केवल दासहरूको सानो सङ्ख्या नै पर्याप्त थियो; कि त भोगाहरूको रूपमा, जहाँ दासहरूको ठूलो सङ्ख्याद्वारा ठूला आयतनका फलफूलबारीहरू लगाउने काम गरिन्थ्यो। यी फलफूलबारीहरूबाट आएको उत्पादन आंशिकतः ऐशआरामपूर्वक जीवन बिताइरहेको मालिकको लागि हुन्थ्यो र आंशिकतः शहरिया बजारहरूमा बेच्नको लागि। ठूलाठूला गोचरहरू सुरक्षित राखिनुको साथै तिनको विस्तार पनि गरियो; तर भोगाबालीका जग्गाहरू र फलफूलबारीहरूमा चाहिँ तिनका मालिकहरू गरिब हुँदै जाने र शहरहरू उजाड हुँदै जाने प्रक्रियाको साथसाथै ह्रास आउन थाल्यो। भोगाहरूको दासश्रममा आधारित खेतीबाट कुनै मुनाफा हुन छोड्यो; यद्यपि त्यस्तो खेती त्यस युगको लागि वृहत् कृषि व्यवसायको एक मात्र सम्भव रूप थियो। यसरी सानाखाले खेतीपातीले फेरि पनि कृषिको एक मात्र लाभदायक रूप लिन पुग्यो। भोगाहरू एकपछि अर्को गर्दै सानासाना खण्डमा टुक्रिँदै गए र ती खण्डहरू कि त मोहियानी बापत मोहीहरूलाई दिन थालियो, जसले निश्चित रकम तिर्थे, कि त partiarii* हरूले प्राप्त गर्थे, जो मालिकको रूपमा भन्दा बढी प्रबन्धकको रूपमा थिए र जसले आफ्नो कामको लागि वार्षिक उत्पादनको छ भागमा एक भाग, अथवा कुनै अवस्थामा त केवल दस भागमा एक भाग पाउँथे। तर यसका साथ पनि बढी मात्रामा ती सानासाना खण्डहरू कोलोन (coloni) हरूलाई दिइयो, जसले प्रतिवर्ष निश्चित रकम बुझाउँथे। तिनीहरू जमिनसँग बाँधिएका थिए र आफ्नो जमिन-को टुक्रासँगै बेचिन पनि सक्थे; तिनीहरू दासको रूपमा थिएनन्, तर स्वतन्त्र पनि थिएनन्; तिनीहरू स्वतन्त्र नागरिकहरूसँग विवाह गर्न पाउँदैनथे र तिनीहरूका आपसी विवाहहरू पनि कानुनी मान्यता प्राप्त नभएर केवल दासहरूका विवाहजस्तै एक सामान्य सहवास (contubernium) को रूपमा लिइन्थ्यो। तिनीहरू मध्ययुगीन भूदासहरूका पूर्वजको रूपमा थिए।

प्राचीन दासप्रथाले आफ्नो आयु पूरा गर्‍यो। त्यसले अब न त वृहत् कृषि व्यवसायमा, न त शहरिया उद्योगहरूमा नै त्यस्तो आमदनी दिन सक्थ्यो, जुन आमदनी अर्जित श्रम गुहाउँथ्यो; उनका उत्पादित वस्तुहरूको बजार लुप्त हुन गयो। अनि साम्राज्यको समृद्धिकालीन वृहत् उत्पादनबाट

* हिस्सेदार – सं॰

दुनियाँमा ल्याउन सहयोग गर्ने खेतीपाती र शिल्पकारीमा दासहरूको ठूलो संख्याले स्थान पाउन थाल्यो। केवल धनीहरूको घरको कामधन्दा र तिनीहरूको ऐसआराम-पूर्ण जीवन यापनको भिन्नि सेवामा संलग्न दासहरूको लागि मात्र समाजमा स्थान रहने भयो। परन्तु हर प्रकारको उत्पादनशील काम दासको काम हो, र यो काम स्वतन्त्र रोमनहरूका लागि – र अब सबैजसो नागरिकहरू यस्तै भइसकेका थिए – अशोभनीय छ भन्ने धारणाको पुष्टि दिन भने यो मरणोन्मुख व्यवस्था अझै समर्थ नै थियो। यी सब कुराको परिणाम के भयो भने एकातिर स्वतन्त्रताप्राप्त दासहरूको संख्या बढेर उनीहरू अनावश्यक बोझ बन्न पुगे भने अर्कोतिर कोलोन तथा दरिद्र स्वतन्त्र (विकृत दासप्रथावाला अमेरिकाली प्रान्तहरूका poor whites सरह) व्यक्तिहरूको संख्यामा वृद्धि हुन गयो। प्राचीन दासप्रथाको अन्तिम अवसानमा इसाई धर्मको कुनै दोष छैन। त्यो धर्म रोमन साम्राज्यमा कैयौं शताब्दीहरूको अवधिभरि दास-प्रथासँग मेलमिलापपूर्वक रहेको थियो र पछि गएर पनि इसाई धर्मावलम्बीहरूलाई दासहरूको व्यापार गर्नबाट रोक्न सकेन न उत्तरका जर्मनहरू र भूमध्यसागरीय क्षेत्रका भेनिसवासीहरूमा नै कुनै प्रतिबन्ध लगाएको थियो, न त त्यसपछिको तुर्की-व्यापारमा नै *। दासप्रथाश्रित सम्बन्धित धर्मको अनुसरण हुन छोडेकोले नै दासप्रथाको अन्त भएको थियो। परन्तु मरणासन्न दासप्रथाले उत्पादनशील श्रमप्रति स्वतन्त्र नागरिकहरूको तिरस्कारपूर्ण दृष्टिको रूपमा आफ्नो विषालु डंक छोडेर गयो। यो त्यो अन्धकार गल्ली थियो, जसमा रोमन संसार हुतवल भयो – आर्थिक दृष्टिले दासप्रथाको अस्तित्व असम्भव हुन गयो, र स्वतन्त्र व्यक्तिहरूले परिश्रम गर्नु नैतिक दृष्टिकोणमा नीच ठानिन्थ्यो। अब पहिलो कुरा भविष्यमा सामाजिक उत्पादनको आधारभूतस्वरूप बन्न पाउँदैनथ्यो भने पछिल्लो कुरा त्यस्तो हुन बाँकी नै थियो। यस विकराल स्थितिबाट छुटकारा दिलाउन केवल आमूल क्रान्ति मात्र समर्थ थियो।

प्रान्तहरूमा पनि त्यही स्थिति थियो। त्यसभन्दा बढी विवरण गालिया प्रदेशको सम्बन्धमा नै उपलब्ध छन्। यहाँ कोलोनहरूका साथै

---

* क्रेमोनाका विशप लिउतप्रान्दको भनाइअनुसार दसौं शताब्दीमा भेर्डुनमा अर्थात् पवित्र जर्मन साम्राज्यमा हिजडाहरू तयार पार्ने काम नै प्रमुख उद्योग थियो, र यी हिजडाहरू ठूलो मुनाफामा साथ मोरिशियसका रनिवासहरूको लागि स्पेनमा निर्यात गरिन्थे (११२)।



अझ अलग्गै स्वतन्त्र कृषकहरू पनि अस्तित्वमा थिए। कर्मचारीहरू, न्यायाधीशहरू र सूदखोरहरूको अत्याचारबाट बच्न तिनीहरू प्रायतः कुनै शक्तिशाली व्यक्तिको संरक्षण तथा आश्रय लिन पुग्थे, अलगअलग कृषकहरू मात्र नभएर पूरै समुदायहरू नै त्यसो गर्ने गर्थे, जसले गर्दा चौथो शताब्दीका सम्राटहरूले कैयौं पटक यस प्रक्रियामाथि रोक लगाउन आज्ञाप्तिहरूसमेत जारी गरेका थिए। तर संरक्षणको खोजीमा रहेकाहरूलाई त्यसले के दियो? संरक्षकले उनीहरूसमक्ष यस्तो शर्त राख्थ्यो, जसले गर्दा उनीहरू आफ्ना जमिन-का हकहरूको स्वामित्व संरक्षकलाई प्रदान गर्ने बाध्य हुन्थे र त्यसको सट्टा संरक्षकले त्यही जमिन उनीहरूलाई जीवनभरको लागि दिने गर्थ्यो। पवित्र गिर्जाघरहरूले यस चालबाजीलाई अपनाउँदै नवौं तथा दसौं शताब्दीहरूमा भगवानको राज्य विस्तारित गर्ने र आफ्नो भूमिको जमिन बढाउन ठूलो उत्साहका साथ त्यसको प्रयोग गर्ने गर्थे। हुन त त्यस बेला लगभग ४७५ ई० सं० तिर पनि मार्सेलका विशप साल्भियनसले यस्तो डकैतीको विरुद्ध कडाइका साथ गरेका छन्, र के पनि भनेका छन् भने रोमका कर्मचारी तथा ठूलाठूला जमिन्दारहरूको अत्याचार यति असह्य भइसकेको थियो, जसले गर्दा "रोमन" हरू पहिल्यै बर्बरहरूले आक्रमण गरिसकेका क्षेत्रतिर भाग्न थाले, र त्यहाँ ती क्षेत्रहरूमा बसाइँ सरेका रोमन नागरिकहरूलाई फेरि पनि रोमको आधिपत्यमा पर्नुभन्दा कि बर्बरभन्दा ठूलो डर अरू कुनै थिएन। अनि त्यस बेला गरिबीको कारणले गर्दा आमाबाबुले आफ्ना छोराछोरीहरूलाई दासको रूपमा बेच्ने गर्दथे भन्ने कुरा पनि उक्त कुराको विरुद्ध जारी गरिएको कानुनबाट सिद्ध हुन्छ। (११३)

जर्मन बर्बरहरूले आफूले रोमन नागरिकहरूलाई तिनको आफ्नै राज्यबाट मुक्त गरिदिएबापत तिनीहरूको सम्पूर्ण जमिनको दुई तिहाइ आफूले लिन्थे र आपसमा बाँडफाँड गर्दथे। यस्तो बाँडफाँड गोत्र प्रथाकै नियमअनुसार हुन्थ्यो; 'तुलनात्मक दृष्टिमा विजेताहरूको संख्या कम हुने हुँदा विस्तृत भूभागहरू अविभाजित नै रहेका हुन्थे र तिनका केही खण्ड आंशिकतः जनताको सामूहिक स्वामित्वमा पर्थे भने केही खण्ड अलगअलग प्रजाति तथा गोत्रको स्वामित्वमा। प्रत्येक गोत्रभित्र खेती गरिने जमिन तथा चउरहरू अलगअलग खेतीवालाहरूबीच गोला हालेर बराबर खण्डमा बाँडिन्थ्यो; त्यसरी विभाजनहरू पछि गएर पनि दोहोर्‍याइन्थे अथवा दोहोर्‍याइँदैनथे भन्ने कुरा हामीलाई थाहा छैन; जे भए तापनि रोमन प्रान्तहरूमा चाहिँ त्यस्तो विभाजन तथा छिट्टै बन्द गरियो र अलगअलग खण्डहरू पुनर्व्यक्तिगत निजी स्वामित्व –

'आलोडियम' को रूपमा परिणत भए। जङ्गल तथा चउरहरू सामूहिक उपभोगको निम्ति अविभाजित नै राखिए, उनीहरूले ती जङ्गल तथा चउरहरूको उपभोग गर्ने र बाँडफाँट गरिएका जग्गाहरूको बनजोत गर्ने ढाँचाहरू, प्राचीन रीतिरिवाज तथा सम्पूर्ण समुदायका निर्देशनअनुसार निश्चित हुन्थे। जति लामो समयसम्म गोत्र आफ्नो गाउँमा रहन्थ्यो र जति बढी क्रमिक रूपमा रोमन तथा जर्मनहरू आपसमा घुलमिल हुन गए, त्यति नै बढी क्षेत्रीय सम्बन्धसामु रक्तसम्बन्धको चरित्र गौण बन्दै गयो; गोत्र मार्क-समुदायमा विलीन भयो तापनि समुदायका सदस्यहरूका नातेदारी सम्बन्धहरूका प्रायः अवशेषहरू त्यसमा अझ पनि पर्याप्त मात्रामा पाइन्छे। यसरी, कम्तीमा पनि ती देशहरूमा, जहाँ मार्क-समुदाय कायम रहेको थियो – उत्तरी फ्रान्सको उत्तरी भाग, बेलायत, जर्मनी तथा स्क्यान्डिनेभियामा – गोत्रीय व्यवस्था बिस्तारैबिस्तारै क्षेत्रीय व्यवस्थामा परिवर्तन हुँदै गयो र यस प्रकारले राज्य व्यवस्था अनुरूप ढाल्नलाई सक्षम हुँदै गयो। परन्तु त्यसमा नैसर्गिक रूपमा प्रादुर्भूत आफ्नो जनवादी चरित्र, जसले सम्पूर्ण गोत्र प्रणालीलाई अलग्याउँदथ्यो, यथावत् थियो र पछि गएर लादिएको ह्रास पतित रूपमा समेत वर्तमान समयसम्म त्यस गोत्र-प्रणालीका जीवित तत्त्वहरू सुरक्षित रहे, जुन तत्त्वहरू उत्पीडितहरूका हातमा हतियार बन्न गए।

यसरी गोत्रमित रक्तसम्बन्धले आफ्नो महत्त्व छिट्टै गुमाउँदै जानु के कुराको परिणाम थियो भने प्रजाति तथा सम्पूर्ण जातिमा नै विजयको फलस्वरूप गोत्रीय निकायहरूको पनि ह्रास भइसकेको थियो। पराधीनहरूमाथिको आधिपत्यले गोत्र प्रणालीसँग मेल खान नसक्ने कुरा हामीलाई थाहै छ। यहाँ हामी यो कुरा बृहत् परिमाणमा देख्दछौं। रोमन प्रान्तहरूका मालिक बनेका जर्मन जातिहरूको लागि आफूले विजय गरेको भूभागमा प्रशासनिक व्यवस्थाको स्थापना गर्नु आवश्यक थियो। परन्तु न रोमनवासीहरूको विशाल जनसमुदायलाई गोत्रीय संस्थाहरूमा सम्मिलित गराउन सम्भव थियो न त ती संस्थाहरूको सहायताद्वारा तिनीहरूमाथि शासन चलाउन नै। रोमनहरूमा अझ पनि धेरै हदसम्म अस्तित्वमा रहेका स्थानीय प्रशासनिक निकायहरूको नेतृत्वमा अब रोम राज्यको सट्टा पुनः वैकल्पिक व्यवस्था स्थापित गर्नु आवश्यक थियो र त्यस्तो विकल्प केवल अर्को राज्यको स्थापना मात्र हुन सक्दथ्यो। यस कारण गोत्र प्रणालीका निकायहरूलाई राज्यका निकायहरूमा परिणत गर्नु आवश्यक भयो र त्यसमा पनि परिस्थितिको दबाउले गर्दा यो काम अति नकरी छिटो गर्नुपर्ने भयो। तर विजयी जनताको



प्रमुखतम प्रतिनिधि सेनानायक थियो। विजित प्रदेशहरूलाई आन्तरिक एवम् बाह्य खतराबाट सुरक्षित राख्न सेनानायकको सत्ता शक्तिशाली हुनुपर्ने भयो। त्यसैले सेनानायकको सत्तालाई राजसत्तामा परिवर्तन गर्नुपर्ने स्थिति उत्पन्न भयो र त्यो परिवर्तन सम्पन्न पनि भयो।

अब हामी फ्रान्क राज्यलाई लिऔं। यहाँ विजयवान सेलियन फ्रान्क जातिको पूर्ण अधीनमा रोमन राज्यका विशाल भोगाहरू मात्र नभएर त्यस्ता सम्पूर्ण बृहत् इलाकाहरू पनि प्राप्त भए, जुन इलाकाहरू – विशेषतः सबै सानाठूला जङ्गलहरू बाहेकका, ठूला एवम् साना जिल्लाहरू (Gau) तथा मार्क-समुदायका सामूहिक स्वामित्वमा गाभिएका थिएनन्। एक सामान्य प्रमुख सेनानायकबाट वास्तविक अधिराजमा परिणत भएका फ्रान्क राजाको पहिलो काम नै यस सार्वजनिक सम्पत्तिलाई शाही सम्पत्तिमा परिवर्तन गर्नु र जनताको भूसम्पत्ति लुटेर आफ्ना सेनापतिलाई बक्सिस अथवा उपहारको रूपमा दिनु भयो। सुरुमा आफ्ना व्यक्तिगत सैनिक नोकरचाकरदेखि लिएर आफ्नो अधीनमा रहेका सेनानायकहरूलाई समेत् मिलाएर खडा गरिएको त्यो सैन्य दललाई बढाउन, छिटै गएर ती रोमनहरू अर्थात् रोमनीकृत गालीहरूलाई पनि सम्मिलित गराइयो, जो आफ्नो लेखाइ, पढाइ, रोमन भाषाको बोलीचाली तथा ल्याटिन भाषाको साहित्यिक ज्ञानको साथै स्थानीय नियमकानूनको अनुभवले गर्दा राजाको लागि छिट्टै आवश्यक बन्न गए; त्यसै साथ सैन्यदलको वृद्धि गर्ने दासहरू, भूदासहरू र मुक्तिप्राप्त दासहरूलाई पनि भर्ती गरियो, जो राजाका दरबारीहरूका रूपमा रहन्थे र जसबाट राजाले आफ्ना कृपापात्रहरू छान्थे। तिनीहरू सबैले सार्वजनिक जमिनबाट सुरुमा टुक्राटुक्रा जग्गाहरू उपहारको रूपमा र पछि गएर बेनेफिस (beneficium) को रूपमा अधिकारस्वरूप प्राप्त गर्थे, र त्यसमा पनि, सुरुमा प्रायः राजाको जीवनकालसम्मको लागि प्राप्त गर्थे (११४)। यसरी जनताको मूल्यमा नयाँ अभिजातवर्गको आधार खडा भयो।

यति मात्र होइन। राज्यको विस्तृत फैलावटको कारणले गर्दा पुरानो गोत्र प्रणालीका निकायहरूको प्रयोगद्वारा शासन चलाउन असम्भव थियो; मुखियाहरूको परिषद्को बैठक पनि, यदि परिषद् पहिल्यै लुप्त भइसकेको थिएन भने, असम्भव भइसकेको थियो र छिट्टै गएर राजाका स्थायी भारदारहरूले त्यसको स्थान लिए; पुरानो जनसभालाई देखावटी रूपमा कायम राखियो, तर क्रमशः त्यसले बिस्तारैबिस्तारै राजाका अधीनस्थ सेनानायकहरू र नयाँ कुलीनवर्गको सभाको रूप लिँदै गयो। आफ्नो जग्गा भएका

स्वतन्त्र कृषकहरू, जसमा फ्राङ्क बासिन्दा अधिकांश जनता पर्दथे, निरन्तर रूपमा चलिरहने पारस्परिक एवम् आक्रमणकारी युद्धहरूबाट क्षीण एवम् दरिद्र तुल्याइए र यो घटना विशेषगरी शार्लमानको समयमा त्यसरी नै घटेको थियो, जसरी पहिले रोमन कृषकहरू रोमन गणराज्यको अन्तिम समयमा क्षीण एवम् दरिद्र तुल्याइएका थिए। ती कृषकहरू, जसबाट शुरूमा सम्पूर्ण सेनाको गठन गरिएको थियो र जो फ्रान्सेली भूभागहरूमाथि विजय प्राप्त गरेपछि झन् त्यस सेनाको मूल नै बनेका थिए, नवौं शताब्दीको शुरूमध्यमा यति कङ्गाल बनिसकेका थिए भने प्रत्येक पाँच जना कृषकहरूमध्ये केवल एक जना मात्र पनि मुश्किलैसँग सैनिक अभियानमा भाग लिन समर्थ हुन्थ्यो। स्वयम् राजाको उर्दीमा भर्ति भएको स्वतन्त्र कृषकहरूको स्वयंसेवक सेनाको स्थान अब त्यस्तो सेनाले लियो, जसमा नयाँ कुलीनवर्गबाट आएका कर्मचारीहरूलगायत पहिले आफ्नो राजाबाहेक अरू कुनै मालिक नभएका र अब त्यसभन्दा पनि पहिले त राजालगायत अरू कुनै मालिक नभएका पूर्वजहरूका सन्तति – पराधीन कृषकहरू सम्मिलित थिए। विभिन्न गृहयुद्धहरू, राजतन्त्रको शक्तिहीनता तथा तदनुरूप भिन्नताहरू – अब शार्लमानद्वारा मनोनीत काउण्टहरू (Gaugrafen) (११२), जसले आफ्ना ओहदाहरू वंशानुक्रमिक उत्तराधिकारको रूपमा परिणत गर्ने प्रयास गरेका थिए, समेत तिनीहरूसँग सम्मिलित थिए – को स्वेच्छाचारिता र अन्तमा नोर्मान्स् (Normans) हरूको आक्रमणले गर्दा शार्लमानका उत्तराधिकारीहरूको शासनकालमा फ्राङ्क कृषकहरूको सर्वनाश आफ्नो शिखर चुमिसकेको थियो। शार्लमानको देहावसानको पचास वर्षपछि नै फ्राङ्कहरूको साम्राज्य त्यत्तिकै निस्सहाय भएर नोर्मान्‌हरूको पाउमा परेको थियो, जसरी त्यसको चार सय वर्ष पहिले रोमन साम्राज्य फ्राङ्कहरूको पाउमा परेको थियो।

अनि फ्राङ्क साम्राज्य बाह्य शत्रुहरूसमक्ष आफ्नो शक्तिहीनताको कारणले मात्र नभएर आफ्नो आन्तरिक सामाजिक व्यवस्था अथवा, सही अर्थमा भन्ने हो भने अव्यवस्थाको कारणले गर्दा पनि त्यस्तो स्थितिमा पुगेको थियो। स्वतन्त्र फ्राङ्क कृषकहरू पनि त्यही स्थितिमा पुगे, जुन स्थितिमा पूर्ववर्ती रोमन कोलोनहरू पुगेका थिए, युद्ध तथा लुटाइबाट कङ्गाल तुल्याइएका फ्राङ्क कृषकहरू नवजात कुलीनवर्ग अथवा गिर्जाघरको आश्रय लिन बाध्य भए, किनभने राजसत्ता तिनीहरूको संरक्षण गर्न ज्यादै अक्षम भइसकेको थियो; तर उनीहरूले त्यो आश्रय प्राप्त गर्न ठूलो मूल्य चुकाउनु परेको थियो। पहिले गल्ली कृषकहरूले झैं उनीहरूले पनि, आफ्नो भूसम्पत्ति-



मालिकको अधिकार संरक्षणदाताको लागि दिन बाध्य हुनुपर्दथ्यो; त्यस्तो जमिन कृषकहरूलाई संरक्षणदाताबाट विभिन्न प्रकारका हेरफेर गरिएकी शर्तहरूमा उसकै अधीनमा रहेर उपभोग गर्न फिर्ता दिइन्थ्यो, तर त्यो पनि तिनीहरूले त्यसबापत सधैं बेथ-बेगार तथा कुत तिरेको अवस्थामा मात्र; एक पटक यस्तो पराधीनताका परिवेशपछि तिनीहरूले बिस्तारैबिस्तारै आफ्नो व्यक्तिगत स्वतन्त्रता गुमाउँदै गए। केही पुस्तापछि उनीहरूमध्ये धेरैजसो भूदास बन्न पुगे। स्वतन्त्र कृषकवर्ग कति छिटो लोप भयो भन्ने कुरा त्यस बेला पेरिसनजिक र हाल पेरिसभित्रै रहेको सेन्ट-जेर्मैन-दे-प्रे मठको भूमि जमिनसम्बन्धी इर्मिनोनले तयार पारेको सूचीबाट देखिन्छ (११६)। शार्लमानको जीवनकालमै पनि त्यस मठवरिपरिका इलाकाहरूमा फैलिएका भूमि जमिनहरूमा २,७८८ परिवारहरू रहन्थे, जसमा जर्मन नामले परिचित फ्राङ्कहरू पर्दथे। उक्त संख्यामा २,०८० कोलोन, ३५ liti, २२० दासहरू र ८ स्वतन्त्र नागरिकहरूका परिवार पर्दथे! संरक्षणतसले धर्मविरोधी भनी घोषित गरेको प्रथा, जसअनुसार संरक्षणदाताले कृषकलाई उसको निजी जमिन आफूलाई दिन बाध्य तुल्याउँथ्यो र त्यसपछि त्यही जमिन त्यही कृषकलाई उसको जीवनभरि मात्र उपभोग गर्न दिन्थ्यो, त्यो अब आएर गिर्जाघरहरूले कृषकहरूमाथि प्रयोग गर्न थाले। अहिले अधिकाधिक प्रचलनमा आएको बेथ-बेगार प्रथा, जसरी रोमन angariae अर्थात् राज्यको स्वार्थमा बेगारजस्तो गराइने कामहरूको (११७), त्यसरी नै जर्मन मार्क-समुदायले पुल तथा सडक निर्माण एवम् अन्य सार्वजनिक कार्यहरूको रूपमा पूरा गर्नुपर्ने बेगारहरूको प्रतिरूप थियो। यसरी, यस्तो लाग्दछ, मानौं आम जनसमुदायहरू चार सय वर्षपछि घुमेर फेरि पूर्णतः आफ्नो प्रारम्भिक स्थितिमै आइपुगे।

परन्तु यो केवल दुई कुराको साक्षी मात्र हो भने, प्रथमतः आफ्नो पतनोन्मुख कालको रोमन साम्राज्यमा विभिन्न तहहरूमा समाजको विभाजन तथा सम्पत्तिको वितरण पूर्णतः तत्कालिक कृषि तथा उद्योगको उत्पादनस्तरअनुरूप थिए र फलतः यो कुरा अनिवार्य पनि थियो; अनि द्वितीयतः त्यस उत्पादनस्तरमा त्यसपछिका चार सय वर्षहरूभन्दा न कुनै खास अधोवृद्धि भयो न त अभिवृद्धि नै, र यसैले गर्दा त्यसले अनिवार्य रूपमा त्यस स्तरले फेरि तदनुरूपको सम्पत्तिको वितरण तथा आबादीको वर्गविभाजन उत्पन्न गरायो। रोमन साम्राज्यको अस्तित्वका अन्तिम शताब्दीहरूमा शहरले गाउँहरूमाथिको आफ्नो पहिलेको प्रभुत्व गुमायो र जर्मनहरूको आधिपत्यका पहिला शताब्दीहरूमा पनि त्यो प्रभुत्व फिर्ता लिन सकेन। यसको के तात्पर्य हुन्छ भने

कृषि विकासको साथै उद्योगको विकास पनि निम्न स्तरको थियो। यस्तो खाल स्थितिले अनिवार्य रूपमा ठूलाठूला भूस्वामित्वमाथि आधिपत्य जमाउने भू-स्वामीहरू र पराधीन निम्न कृषकहरूको सृजना गर्‍यो। यस्तो समाजमा एकातिर दासहरू-बाट खेती गराउने रोमन भीलाहरूको खेतीपाती र अर्कोतिर बेगार प्रथाबाट गरिने नवीनतम विस्तृत खेतीपाती व्यवहारमा ल्याउन् कतिसम्म असम्भव थियो भन्ने कुरा शार्लमानले विख्यात शाही भीलाहरूमा गरेका प्रयोगहरू, जो निशान नै नराखी लोप भए, बाट सिद्ध हुन्छ। ती प्रयोगहरू-लाई पछिबाट केवल मठहरूले मात्र व्यवहारमा ल्याउने गरेका थिए र केवल तिनीहरूको लागि मात्र फाइदाजनक ठहरिए; परन्तु मठहरू ब्रह्मचर्यमा आधारित असामान्य सामाजिक संस्थाको रूपमा थिए; तिनले अपवादपूर्ण उपलब्धिहरू दिन सक्दथे र यसै कारणले नै तिनीहरूले अपवादको रूपमा रहनुपर्‍यो।

यति भनि हुँदाहुँदै पनि ती चार सय वर्षहरूमा केही प्रगति भयो। हुन त हामी त्यस अवधिको अन्त्यमा पनि त्यसको शुरुमा जस्तै प्रायः तिनै आधारभूत वर्गहरू अस्तित्वमा रहेको देख्दछौं तापनि ती वर्गहरूमा सम्मिलित मानिसहरूमा भने निश्चित परिवर्तन आइसकेको थियो। प्राचीन दासप्रथा लुप्त भइसकेको थियो र भयभीत दासहरूको काम गर्ने घृणाको दृष्टिले हेर्ने ती दास पछ्याउनेका स्वतन्त्र नागरिकहरू पनि लुप्त भइसकेका थिए। रोमन कोलोन र नयाँ भूदासको बीचमा एक स्वतन्त्र फ्रान्क कृषक आविर्भूत भइसकेको थियो। पतनोन्मुख रोमन विश्वका "निरर्थक स्मृतिहरू र निरर्थक संघर्ष" सदाको लागि विलीन भए। नवौँ शताब्दीका सामाजिक वर्गहरूको जन्म मरणासन्न सभ्यताको अधोगतिको वातावरणमा भएको होइन, तिनको जन्म नयाँ सभ्यताको प्रसव वेदनाको वातावरणमा भएको हो। नयाँ पुस्ता-बारी मालिक त्यसरी नै नोकर पनि – आफ्ना रोमन पूर्वजहरूको तुलनामा पराक्रमीहरूको पुस्ता थियो। शक्ति सम्पन्न भूस्वामीहरू र पराधीन कृषकहरूबीचका सम्बन्धहरू, जो रोमनहरूका लागि प्राचीन विश्वको महाविनाशको रूपमा थिए, अब नयाँ पुस्ताको लागि नयाँ उन्नतिको प्रारम्भिक बिन्दु बन्न पुगे। अनि, ती चार सय वर्षहरू जति नै निष्फल लागिए तापनि तिनले एक विशाल उपलब्धि भने छोडेर गए, त्यो हो – वर्तमान जातिहरूको उत्पत्ति, भावी इतिहासको लागि पश्चिमी युरोपेली मानव समाजको नयाँ संरचना तथा विभाजन। जर्मनहरूले वास्तवमै युरोपलाई पुनर्जीवित तुल्याए र यस कारण जर्मन कालमा देखिएका राज्यहरूको विघटन "नोर्मान्-सेरासेन" आधि-



पत्यले पूरा गरेको होइन, त्यो काम भौजा प्रणाली (beneficium) तथा संरक्षण (commendation) (११८) सम्बन्धहरूको सामन्तवादमा भएको विकासले र जनसंख्याको त्यस्तो वृहत् वृद्धिले गर्दा पूरा भयो, जुन वृद्धिले गर्दा दुई सय वर्षभन्दा कम अवधिमै घटेका धर्मयुद्धहरूले गरेका भयानक रक्तपातहरूलाई पनि कुनै खास क्षतिको अनुभव नगरिकन नै सहियो।

त्यो कुन रहस्यमय जादुमयी साधन थियो, जसको सहायताबाट जर्मन-हरूले मरणासन्न युरोपमा नयाँ जैविक शक्ति सेचन गरिदिए? के यो हाम्रा अन्धराष्ट्रवादी इतिहासकारहरूले कल्पेजस्तो जर्मन जातिको लागि जन्मजात अनौठो चमत्कारी शक्ति थियो होला? पक्कै होइन। जर्मनहरू, विशेषगरी त्यस समयमा, आर्य समुदायको निकै प्रतिभाशाली शाखाको रूपमा र त्यसमा पनि आफ्नो सामर्थ्यको पूर्ण विकसित अवस्थामा त अवश्य थिए नै। तर युरोपलाई नयाँ जीवन प्रदान गर्ने कामलाई तिनीहरूका विशिष्ट जातीय लक्षणहरूले गरेको होइन, यो त केवल तिनीहरूको बर्बरता एवम् गोत्र प्रथा-लीले गरेको हो।

उनीहरूको व्यक्तिगत सामर्थ्य तथा बहादुरी, उनीहरूको स्वाधीनता-प्रेम तथा सम्पूर्ण सामाजिक कार्यहरूलाई आफ्नो कार्य सम्झने उनीहरूको जनवादी प्रवृत्ति – एक शब्दमा ती सम्पूर्ण गुणहरू, जसलाई रोमनहरूले गुमाए-का थिए र जसका सहायताले मात्र रोमन संसारको हिलोबाट नयाँ राज्यहरू खडा गर्न र नयाँ जातिहरूको वृद्धिमा मद्दत दिन सम्भव थियो – ती सम्पूर्ण कुरा बर्बर युगको उच्च चरणमा रहेको मानिसका विशिष्ट लक्षणहरू र उसको गोत्रीय व्यवस्थाका प्रतिफल नभएर अरू के हुन सक्दथे?

यदि जर्मनहरूले एकनिष्ठ विवाहको प्राचीन स्वरूपमा परिवर्तन ल्याए, परिवारमा पुरुषको प्रभुत्वलाई परिसीमित तुल्याए र स्त्रीजातिलाई प्राचीन विश्वमा कहिल्यै प्राप्त न भएको त्यति उच्च स्थान प्रदान गरे भने यो सम्पूर्ण कामका लागि उनीहरूलाई आफ्नो बर्बरयुगीन स्थिति, आफ्ना गोत्रीय परम्पराहरू र आफ्ना मातृसत्तात्मक युगका जीवित अवशेषहरूबाहेक अरू के कुराले सक्षम तुल्याएको होला?

यदि उनीहरूले, कम्तीमा पनि जर्मनी, उत्तरी फ्रान्स र इंग्ल्याण्डजस्ता तीनवटा महत्त्वपूर्ण देशहरूमा, वास्तविक गोत्रीय व्यवस्थाको एक अंशलाई मार्क-समुदायको रूपमा अक्षुण्ण राखन र त्यसलाई सामन्तवादी राज्यमा समेत कायम गराउन समर्थ भए र यसैद्वारा मध्ययुगीन कठोरतम भूदासप्रथात्मक परिस्थितिहरूमा पनि उत्पीडित कृषकवर्गलाई स्थानीय ऐक्यबद्धता एवम्

प्रतिरोधको साधन प्रदान गर्‍यो, जुन कुरा पूर्वनिर्मित रूपमा न प्राचीन दासहरूले प्राप्त गरेका थिए, न त वर्तमान सर्वहाराहरूले नै — यदि यो कुरा तिनीहरूको बर्बरता र तिनीहरूको बोलीहरूमा एकत्रित भएर बस्ने, केवल बर्बरयुगको लागि मात्र लाक्षणिक, परिपाटीबाहेक अरू केको परिणाम हुन सक्थ्यो?

अनि, अन्त्यमा, यदि उनीहरू पहिल्यै आफ्नो जन्मभूमिमा अस्तित्वमा आइसकेको पराधीनताको नरम रूपलाई विकसित तुल्याउन र दास पराधीनताको रूपमा पुऱ्याउन सफल भए, — जुन रूपमा रोमन साम्राज्यकालको दासप्रथाले पनि अधिकाधिक मात्रामा स्थानग्रहण गरेको थियो — जुन रूपले, सर्वप्रथम फूरिये उल्लेख गरेजस्तो, पराधीनहरूलाई एक वर्गको रूपमा क्रमिक मुक्ति प्राप्त गर्नको लागि एक साधन प्रदान गर्दछ (fournit aux cultivateurs des moyens d'affranchissement *collectif et progressif*), — जुन रूप, उपर्युक्त कारणले गर्दा त्यस दासप्रथाभन्दा श्रेष्ठ छ, जुन अन्तर्गत केवल व्यक्तिगत दासलाई मात्र सङ्क्रमणकालीन अवस्थाको लागि छुटकारा पाउने सम्भावना मिल्दथ्यो (प्राचीन जगत्‌लाई आन्दोलनद्वारा दासप्रथाको अन्त गर्ने ज्ञान थिएन), भने मध्ययुगीन कृषकहरू अनि एक वर्गको रूपमा प्राप्त गर्न समर्थ भए — भने यसको लागि उनीहरूको त्यस बर्बरताबाहेक, जसको प्रभावले गर्दा उनीहरूले आफूमा त्यस पराधीनतालाई पूर्ण विकसित दासत्वसम्म: दास-प्रथाको प्राचीन रूपसम्म अथवा पूर्वीय घरेलु दासत्वसम्म पनि पुऱ्याएनन्, अन्य कुन कुराप्रति हामी कृतज्ञ हुन सक्छौं?

जर्मनहरूले रोमन संसारमा जेजति जीवित सामर्थ्य र फलदायक तत्त्व सेचन गरे, ती सबै बर्बरयुगकै उपज थिए। वास्तवमा केवल बर्बरहरू मात्र त्यस पतनोन्मुख सभ्यताको जीर्ण संसारलाई नवजीवन प्रदान गर्न समर्थ थिए। अनि त्यो बर्बर युगको सर्वोच्च चरण, जसमा र जसमाथि विभिन्न जातिहरूको प्रवासपूर्व जर्मनहरूले आरोहण गरे, त्यो नै यस प्रक्रियाको लागि सबभन्दा अनुकूल परिस्थिति थियो। यसैबाट सम्पूर्ण कुरा स्पष्ट हुन्छ।

९

# बर्बरता र सभ्यता

हामीले दासप्रथाको पतनलाई यूनानी, रोमन र जर्मनहरूका तीन बेग्लाबेग्लै र ठूलठूला उदाहरणहरूलाई लिएर विश्लेषण गर्‍यौं। अब अन्तमा हामी ती साम आर्थिक अवस्थाहरूको विवेचना गरौं, जसले आफ्नो बर्बर रूपको उच्च चरणमा पुगेको समाजको गोत्रीय संगठनलाई विखण्डित पारेका थिए र सभ्यताको उदय भएपछि त त्यसलाई जरैदेखि नै उखेलिदिए। यसको अध्ययनमा हामीलाई मोर्गनको पुस्तक झैं मार्क्सको 'पूँजी' पनि त्यत्तिकै आवश्यक हुनेछ।

मूल सामग्रीहरूको मद्दतबाट नेकनि विश्लेषण गर्न सकिन्छ, तिनका आधारमा हामी के कुरा ठम्याउन सक्छौं भने गोत्र जङ्गली युगको मध्य चरणमा उत्पन्न भएर उन्नत चरणमा विकसित हुँदै जान्छ र बर्बरताको निम्न चरणमा प्रवेश गरेपछि यो आफ्नो उन्नत रूपमा पुग्दछ। त्यसैले विकासको यसै चरणबाट नै हामी आफ्नो विश्लेषण शुरु गर्दछौं।

हामी यहाँ गोत्रीय व्यवस्थाको त्यस्तो पूर्ण विकसित चरण फेला पार्दछौं, जसको उदाहरणको भूमिका अमेरिकाली रेड इण्डियनहरूले पूरा गर्दछन्। हरेक प्रजाति केही गोत्रहरू, प्रायजसो दुइ गोत्रहरू, मा विभाजित हुन्थ्यो र यी आदिम गोत्रहरू, जनसंख्या बढ्दै गएपछि, एकपछि अर्को टुट्दै जान्थे र सन्तति गोत्रहरूमा विभाजित हुन्थे, जसको लागि प्रारम्भिक गोत्रले फ्राट्रीको भूमिका खेल्दथ्यो; स्वयं त्यही प्रजाति पनि कतिपय अन्य प्रजातिहरूमा विभाजित हुन पुग्दछ र तीमध्ये प्रत्येकमा हामी धेरैजसो तिनै पुराना गोत्रहरू भेट्टाउँदछौं। कहाँकहीं, कम्तीमा पनि केही खास अवस्थाहरूमा, सगोत्री प्रजातिहरू सम्मिलित भएका हुन्छन्। यो सामान्य संगठन आफू उत्पन्न भएको सामाजिक अवस्थासँग पूर्ण रूपले मेल खान्छ। यो संगठन ती अवस्थाहरूअनुरूप नै स्वाभाविक रूपमा हुर्किएको संरचनाविनाय अरू

केही होइन। यस प्रकारले गोत्रमण्डित समाजभित्र उत्पन्न हुनसक्ने सबै विवाद सुल्झाउन उक्त संगठन सक्षम हुन्छ। बाह्य संसारसँगको विवाद युद्धद्वारा टुङ्ग्याइन्छ; यस्तो युद्धको अन्त्य एउटा प्रजातिको पूर्ण विनाशमा आएर हुन सक्छ तर कुनै प्रजातिको पराधीनतामा कदापि होइन। गोत्र व्यवस्थाको महानताका साथै संकीर्णता के कुरामा प्रकट हुन्छ भने यहाँ आधिपत्य र दासत्वको लागि कुनै स्थान हुँदैन। गोत्र व्यवस्थाभित्र अहिले पनि अधिकार र दायित्वबीच कुनै भेद देखिएको थिएन। एक इण्डियनको लागि सामाजिक कुराकानीमा सहभागिता, रक्तप्रतिशोध अथवा क्षतिपूर्ति अधिकार हो कि कर्तव्य भन्ने प्रश्नको अस्तित्व नै छैन। यस्तो प्रश्न उसको लागि त्यत्तिकै मूर्खतापूर्ण लाग्न हुँदो हो, जति भोजन, निद्रा र शिकार अधिकार हो कि कर्तव्य भन्ने प्रश्न। यस प्रकारले विभिन्न वर्गहरूमा प्रजाति तथा गोत्रको विभाजन पनि असम्भव नै हुन्छ। यसले निर्वतिले हामीलाई यस व्यवस्थाको आर्थिक आधारको जाँचतिर डोऱ्याउँछ।

जनसंख्या धेरै पातलो थियो। प्रजाति बसोबास गरेको ठाउँमा मात्र अलिक घना जनसंख्या पाइन्थ्यो, यस स्थानको वरिपरि सबभन्दा पहिले शिकार खेल्ने फराकिलो जङ्गली क्षेत्र हुन्थ्यो, त्यसपछि एउटा प्रजातिलाई अर्कोबाट छुट्याउने र त्यस प्रजातिको सुरक्षा गर्ने तटस्थ जङ्गली इलाका हुन्थ्यो। श्रम-विभाजन विशुद्ध नैसर्गिक किसिमको थियो; यसले लिङ्गभेदका आधारमा कामको बाँडफाँट गर्दथ्यो। पुरुषहरू लडाईंमा भाग लिन्थे, शिकार खेल्न जान्थे, माछा मार्थे, कच्चा खाद्य पदार्थ जम्मा गर्थे र यी सबै कामका लागि आवश्यक औजारहरू बनाउँथे। महिलाहरू घरको काम गर्ने गर्थे। प्रत्येक आफ्नो क्षेत्रको मालिक हुन्थ्यो: पुरुष—जङ्गलको, र महिला—घरको। हरेक आफूले बनाएको र प्रयोगमा ल्याएको वस्तु र औजारहरूको स्वामी हुन्थ्यो: पुरुष—औजारहरूको, शिकार खेल्ने हतियार र माछा मार्ने साधनहरूको, र महिला—घरायसी सरसामान भाँडाकुँडा, आदिको। परन्तु कामकाज केही परिवारहरू मिलेर र प्रायशः धेरै परिवारहरू मिलेर साम्यवादी ढङ्गले सञ्चालन गरिन्थ्यो*। जुन वस्तु संयुक्त रूपले बनाइन्छ र उपयोग

* विशेषतः अमेरिकाको उत्तर-पश्चिमी सामुद्रिक तटवर्ती इलाकामा—बैंक्रफ्टको रचना हेर्नुहोस्। क्वीन चार्लट नामक द्वीप समूहका हाइडा प्रजातिमा एउटा घरेलु अर्थव्यवस्थाअन्तर्गत एउटै छानामुनि सात सय व्यक्तिसम्म रहने गर्दथे। नुटकाहरू एउटै छानामुनि सम्पूर्ण प्रजाति नै बसोबास गर्दथे।



गरिन्छ, त्यसमा सबैको सामूहिक स्वामित्व रहन्छ: जस्तै—घर, बारी, डुङ्गा। यसरी यहाँ र केवल यहीं मात्र सभ्य समाजका कानूनवेत्ता तथा अर्थशास्त्रीहरूले "आफ्नै श्रमद्वारा आर्जित सम्पत्ति" भनी कल्पना गरेको त्यो अन्तिम झूटो कानूनी आधारको वास्तविक अस्तित्व निहित छ, जुन आधारमा अहिले पनि आधुनिक पूँजीवादी स्वामित्व टिकेको छ।

तर मानिसहरू सबै ठाउँमा यही चरणमा थामिइरहेका थिएनन्। एशियामा उनीहरूले त्यस्ता जनावरहरू फेला पारे, जसलाई काबुमा ल्याउन र त्यसबाट प्रजनन गराउन सकिन्थ्यो। जङ्गली भैंसीको शिकार गर्नुपर्थ्यो, र यसरी काबुमा ल्याएको त्यही भैंसीले भने वर्षेनि पाडो पनि जन्माउँथ्यो र दूध पनि दिन्थ्यो। केही विकसित प्रजातिहरूमा—आर्य, सामी र शायद तुरानीहरूमा पनि,—मुख्यतः जनावरहरूलाई काबुमा ल्याउने काम र पछि गएर त्यसको प्रजनन र हेरचाह श्रमको प्रमुख क्षेत्र बन्यो। पशुपालनमा लागेका प्रजातिहरू अन्य बर्बर जातिहरूबाट अलग्गिए—यो **पहिलो वृहत् सामाजिक श्रम-विभाजन** थियो। पशुपालक प्रजातिहरूले अन्य बर्बर जातिहरूले भन्दा बढी उत्पादन गर्ने मात्र होइन, उनीहरूको जीवननिर्वाहका साधनहरूसमेत अर्कै हुन्थे। उनीहरूसँग अरूको भन्दा धेरै बढी मात्रामा दूध, दुग्ध पदार्थ र मासु मात्र नभएर छाला, ऊन र भुवाहरूका साथै कपडा पदार्थको परिमाण बढ्दै गएअनुसार बढ्दो मात्रामा धागो र कपडा पनि हुने गर्दथे। यसले पहिलो पटक नियमित वस्तु विनिमय सम्भव तुल्यायो। विकासका प्रारम्भिक चरणहरूमा केवल आकस्मिक विनिमय मात्र हुन सक्दथ्यो। हतियार तथा औजारहरूको निर्माणमा देखिएको विशिष्ट कौशलताले अस्थायी श्रम-विभाजन ल्याउन सक्दथ्यो। उदाहरणको लागि, धेरै ठाउँमा पाषाणयुगको पछिल्लो शताब्दीमा ढुङ्गे औजार बनाउने कारखानाहरूका भग्नावशेषहरू फेला परेका छन्; आफ्नो यस्तो कौशललाई परिष्कृत तुल्याउँदै गएका कालिगढहरू सम्भवतः सम्पूर्ण समूहको तर्फबाट र समूहकै लागि काम गर्दथे, जसरी अहिले पनि भारतमा गोत्र समुदायका स्थायी शिल्पकर्मीहरू गर्दछन्। विकासको यो चरणमा वस्तु विनिमय एउटै प्रजातिभित्र मात्र उत्पन्न हुन सक्दथ्यो, र त्यहाँ पनि अपवादात्मक घटनाको रूपमा मात्र। यसका विपरीत, अब भने अन्य प्रजातिहरूबाट पशुपालक प्रजातिहरू अलग्गिएपछि हामी विभिन्न प्रजातिका सदस्यहरूबीच वस्तु विनिमयका लागि, एक स्थायी परिपाटीको रूपमा त्यसको विकास र सुदृढीकरणका लागि सबै परि-

गर्न थालेका रहेको पाउँदछौं। शुरूमा प्रजातिहरूबीच वस्तु विनिमय हुँदा यसका मुखियाहरूको माध्यमबाट हुने गर्थ्यो तर जब पशुहरूको बथानले पृथक सम्पत्तिको रूप लिन थाल्यो, व्यक्तिहरूका बीचको वस्तु विनिमयले बढ्दो मात्रामा प्रमुख स्थान लिन थाल्यो र अन्ततोगत्वा वस्तु विनिमयको एक मात्र पद्धति बन्न पुग्यो। पशुपालक प्रजातिहरूले आफ्ना छिमेकीहरूबीच विनिमय गर्ने प्रमुख वस्तु पशु थियो; पशु नै त्यो वस्तु बन्यो, जसको माध्यमबाट अन्य वस्तुहरूको मूल्याङ्कन गरिन्थ्यो र जसलाई जहाँतहीँ सहर्ष स्वीकारिन्थ्यो; संक्षेपमा, पशुले मुद्राको स्थान ग्रहण गर्‍यो र यस चरणदेखि नै मुद्राको भूमिका पूरा गर्न थाल्यो। वस्तु विनिमयको उत्पत्तिकालबाट नै एक विशिष्ट वस्तुको रूपमा मुद्राको माग यसै अनिवार्यता तथा शीघ्रतासाथ बढ्दै गयो।

बर्बरयुगको निम्न चरणमा रहेका एसियावासीहरूको निम्ति सम्भवतः अपरिचित रहेको बगैंचाबारी-व्यवसाय, जुन खेतीपातीको पूर्वरूपमा देखा परेको थियो, त्यस युगको मध्य चरणमा पहिल्यै अस्तित्वमा आयो। तुरानी समथर भूमिको हावापानीमा लामो र कठोर हिउँदको लागि आहारको व्यवस्थाबिना गोठाले जीवन असम्भव थियो। त्यसै कारणले त्यहाँ घाँस-खेती तथा अन्नखेती आवश्यक थिए। कृष्ण सागरको उत्तरी भेकमा रहेका स्टेप फाँटहरूमा पनि यही स्थिति थियो। शुरूमा अन्न गाईवस्तुको लागि मात्र उत्पादन गरिन्थ्यो भने छिट्टै यो मानिसको लागि पनि भोजन बन्न पुग्यो। खेतीयोग्य जमिन अझै पनि प्रजातिको सम्पत्ति थियो। शुरूमा गोत्रलाई, त्यसपछि स्वयम् गोत्रद्वारा कुटुम्ब समुदायलाई र अन्ततोगत्वा अलगअलग व्यक्तिहरूलाई खेती गर्न दिइयो। उनीहरूले जमिनमाथि स्वामित्वको सीमित अधिकार पाएका हुन्थे, तर बढी होइन।

यस चरणमा औद्योगिक गतिविधिको क्षेत्रमा प्राप्त उपलब्धिहरूमध्ये दुई कुराले विशेष महत्व राख्दछन्: पहिलो कपडा बुन्ने तान, दोस्रो – धातु पगाल्ने काम र धातुका वस्तुहरूको निर्माण। धातुहरूमा तामा, टिन र तिनको सम्मिश्रणबाट बनाइएको काँस नै सबभन्दा महत्वपूर्ण धातुहरू थिए। काँसबाट धेरै उपयोगी औजार तथा हातहतियारहरू बनाये, तर काँसले ढुङ्गाको औजारलाई विस्थापित गर्न सकेको थिएन। फलामबाट मात्र यो काम पूरा हुन सक्दथ्यो। तर मानिसहरूले अझै पनि फलाम प्रयोग गर्न सिकिसकेका थिएनन्। गहना र विलासपदार्थको लागि सुन, चाँदीको उपयोग गर्न थालि-



सकेका थिए, र यी धातुहरू सम्भवतः त्यसै बेला तामा र काँसभन्दा बढी मूल्यवान भइसकेका थिए।

उत्पादनका सबै क्षेत्रमा अर्थात् पशुपालन, खेतीपाती तथा घरेलु उद्योगमा भएको वृद्धिले मानिसहरूको श्रम-शक्तिलाई आफूलाई आवश्यकता पर्नेभन्दा बढी मात्रामा वस्तुहरूको उत्पादन गर्न सक्षम तुल्यायो। त्यसको साथै उत्पादन वृद्धिले गोत्र, कुटुम्ब समुदाय वा छुट्टै परिवारका हरेक सदस्यले गर्नुपर्ने दैनिक श्रम परिमाणमा वृद्धि गरायो। अब बढी श्रम-शक्तिको आवश्यकता पर्‍यो। युद्धले यस आवश्यकताको पूर्ति गर्न थाल्यो। युद्धबन्दीहरूलाई दासमा परिणत गर्न थाले। तत्कालीन समष्टिगत ऐतिहासिक परिस्थितिमा पहिलो वृहत् सामाजिक श्रम-विभाजनको साथै श्रमको उत्पादकत्वमा भएको वृद्धि र त्यसको फलस्वरूप धनसम्पत्तिमा भएको वृद्धिले एवम् उत्पादनशील गतिविधिका क्षेत्रमा भएको विस्तारले अनिवार्य रूपमा दासप्रथालाई जन्म दियो। श्रमको पहिलो वृहत् सामाजिक विभाजनबाट नै दुई वर्गहरूमा अर्थात् स्वामी र दासमा, शोषक र शोषितहरूमा समाजको पहिलो वृहत् विभाजन शुरू भयो।

पशुहरूका बथान कहिले र कसरी प्रजाति वा गोत्रहरूको सामूहिक स्वामित्वबाट अलगअलग परिवारका मुखीहरूको सम्पत्तिमा परिवर्तित भए भन्ने विषयमा हामीलाई अहिलेसम्म केही पनि थाहा छैन। तर मूल रूपमा यो संक्रमण यसै चरणमा भएको हुनुपर्दछ। पशुहरूका बथान र अन्य नयाँ सम्पत्तिहरूको आगमनले परिवारको स्वरूपमा क्रान्तिकारी परिवर्तन ल्यायो। उद्यम-व्यवसाय सदा पुरुषको काम भएको थियो, उद्यम व्यवसायका लागि चाहिने साधनहरूको निर्माण उसैले गर्दथ्यो र ती वस्तु उसैको सम्पत्ति हुन्थे। पशुहरूका बथानहरू उद्यम व्यवसायका नयाँ साधन बन्न गए। शुरूमा तिनलाई घरपालुवा बनाउने र त्यसपछि हेरचाह गर्ने काम पनि पुरुषकै हुन्थ्यो। त्यसैले पशुहरू उसका सम्पत्ति भए; पशुहरूको सट्टा प्राप्त हुने वस्तु र दासहरू पनि उसैले पाउन थाल्यो। उद्यम व्यवसायबाट हुने सम्पूर्ण अतिरिक्त उत्पादन अब पुरुषले नै पाउन थाल्यो। स्त्रीले त्यसको उपभोगमा भाग लिन्थिन्, तर त्यस सम्पत्तिमा भने तिनलाई कुनै अंश प्राप्त हुँदैनथ्यो। "जङ्गली" योद्धा र शिकारीले घरमा स्त्रीपछिको दोस्रो स्थानमै चित्त बुझाएर बस्नुपरेको थियो भने "सौम्य" गोठालोचाहिँ आफ्नो धनसम्पत्तिको बलमा पहिलो स्थानमा पुग्यो र उसले स्त्रीलाई दोस्रो स्थानमा धकेलिदियो। तर उनी यस कुराप्रति आफ्नो असन्तुष्टि व्यक्त गर्न सक्दिनथिन्। पारिवारिक

श्रम-विभाजनले पुरुष र नारीबीच सम्पत्तिको बाँडफाँडलाई निर्धारित गर्‍यो। यो श्रम-विभाजन त जस्ताकोतस्तै रह्यो, तर अहिलेसम्म कायम रहेको पारिवारिक सम्बन्धलाई चाहिँ यसले पूर्ण उल्टोपाल्टो पारिदियो र यसको एक मात्र कारण के थियो भने अब परिवारबाहिर श्रम-विभाजनले पुरानो ढर्रा बदलिसकेको थियो। त्यही कारणले, अर्थात् घरेलु कामकाजको परिधिमा नारी श्रमको सीमितताले, जसले तिनलाई घरको सर्वेसर्वा बनाएको थियो, अब घरमा पुरुष आधिपत्य अनिवार्य तुल्याइदियो। अब पुरुषको व्यावसायिक श्रमको तुलनामा नारीको घरेलु श्रमको महत्व शून्य भयो। जबसम्म नारी सामाजिक उत्पादनशील श्रमबाट बाहिरिएकी हुन्छिन् र घरेलु निजी कामधन्दामै सीमित रहन बाध्य हुन्छिन्, तिनको मुक्ति, तिनलाई पुरुष-समान अधिकार प्रदान गर्ने कुरा न अहिले, न त भविष्यमा सम्भव छ भन्ने कुरा यसै बेलादेखि स्पष्ट भइसकेको थियो। नारी मुक्ति त्यति बेला मात्र सम्भव हुन्छ, जब तिनी बृहत् सामाजिक स्तरमा उत्पादन प्रक्रियामा भाग लिन सक्षम हुन्छिन् र घरधन्दाको काममा तिनी केवल नगण्य मात्रामा मात्र संलग्न हुन्छिन्। आधुनिक बृहत् उद्योगले मात्र यो कुरा सम्भव तुल्यायो, जसले नारी श्रमलाई व्यापक रूपमा मान्यता मात्र नदिएर त्यसको प्रबल मागसमेत गरेको छ र जसले निजी कामधन्दालाई सामाजिक उत्पादनमा विलयन गर्ने अनुरूप कडा प्रयास गरिरहेको छ।

घरमा पुरुषको यथार्थ आधिपत्यको अनुमोदनसँगसँगै उसको एकतन्त्रीय शासनमा देखा परेको अन्तिम बाधा पनि हट्यो। मातृसत्ताको विस्थापन र पितृसत्ताको स्थापनाले, युगल विवाहप्रथाबाट एकनिष्ठ विवाहप्रथामा क्रमिक संक्रमणले पुरुषको एकतन्त्रीय शासनको अनुमोदन गर्‍यो र त्यसलाई चीरस्थायी बनायो। यसले प्राचीन गोत्रीय व्यवस्थामा चिरा पार्‍यो — अलगअलग परिवार शक्तिशाली भए र गोत्रको विरुद्ध खतराजनक रूपले खडा हुन पुगे।

अर्को पाइलाले हामीलाई बर्बर युगको उन्नत चरणमा पुर्‍याउँदछ, जुन अवधिमा सबै सभ्य जातिहरूले आफ्नो वीरयुग अर्थात् फलामे तरवार र त्यसको साथसाथै फलामे हलो तथा बन्चरोको युगलाई पार गर्दछन्। धातुको प्रयोग बहुमूल्यहरूमध्ये सबै प्रकारका कच्चा पदार्थमध्येको पछिल्लो र सबभन्दा महत्वपूर्ण, इतिहासमा क्रान्तिकारी भूमिका निभाएको कच्चा पदार्थ फलामलाई मानिसको सेवामा लगाइयो। फलामको आविष्कारले ठूलाठूला फाँटहरूमा खेतीपाती गर्न, खेतीको लागि ठूलाठूला जङ्गलहरू फाँड्न सम्भव तुल्यायो। फलामबाट कालिगढहरूको निम्ति त्यस्ता कडा र धारिला औजारहरू प्राप्त हुने भए, जसको प्रतिस्पर्धामा न ढुङ्गा, न त्यति बेलासम्म उपलब्ध कुनै धातु नै टिक्न सकेको थियो। यी सबै कुरा क्रमशः आएका हुन्। शुरुशुरुका फलाम प्रायः काँसाभन्दा पनि नरम हुन्थ्यो। यसै कारणले ढुङ्गे हतियार पनि बिस्तारै बिस्तारै मात्र हराउँदै गयो। 'हिल्डेब्राण्डको गीत' मा मात्र होइन सन् १०६६ मा भएको हेस्टिङ्गसको युद्धको लडाइँमा समेत ढुङ्गे बञ्चरो प्रयोग गरिएको थियो (११६)। तर प्रगति अदम्य रूपले, कम अवरोध र बढी तीव्रतासाथ अघि बढिरहेको थियो। ठूलाठूला ढुङ्गे पर्खालहरू, बुर्जाहरू, बलिया ढोका पर्खालहरूले घेरिएको, ढुङ्गा तथा ईंटाले बनेका घरहरू भएको, प्रशासनिक तथा प्रजातीय समाजको केन्द्र बनेको शहर वास्तुकलाको व्यापक प्रगतिको परिचायक हुनुको साथै बढ्दो बाह्य खतरा र आत्मसुरक्षाको आवश्यकताको पनि द्योतक थियो। धनसम्पत्ति द्रुत गतिले बढ्दै गयो, तर यो अलगअलग व्यक्तिको सम्पत्तिको रूपमा मात्र। एक धर्कोबाट अनुपम कलात्मक गहना सिलाई-बुनाइ, धातु उद्योग तथा अन्य व्यवसायहरूमा तीव्र गतिले विविधता बढ्दै गयो र उत्पादन कौशल परिष्कृत हुँदै गयो। अब खेतीपातीबाट अन्नको अतिरिक्त केराबुटी तथा फलफूलका साथै मानिसले तेल पेल्न र रक्सी बनाउन पनि सिकिसकेकाले तेल र रक्सी पनि प्राप्त हुन थाल्यो। यति विभिन्न प्रकारका कामहरू अब एउटै व्यक्तिद्वारा पूरा हुन नसक्ने भए; **दोस्रो ठूलो श्रम-विभाजन** भयो — उद्योग व्यवसाय खेतीपातीबाट अलगियो। उत्पादनको साथै उत्पादनशीलताको अटूट वृद्धिले मानव श्रम-शक्तिको मूल्य बढायो; बर्बरयुगको मध्य चरणमा मात्र उत्पन्न भएको र छिटपुट रूपमा देखा परेको दासप्रथाले अब सामाजिक प्रणालीको एक आधारभूत अङ्गको रूप लिन पुग्दछ; दासहरू सामान्य सहायक हुन छोड्छन्; अब उनीहरू दर्जनौंको संख्यामा खेतबारीहरूमा, कार्यशालाहरूमा काम गर्न लगाइन्छन्। दुई प्रमुख विशाल क्षेत्र — खेतीपाती र उद्योग व्यवसायमा उत्पादनको विभाजनका साथसाथै सीधै विनिमयको लागि पनि उत्पादनको विकास हुन थाल्दछ, र यस प्रकारले वस्तु उत्पादनका साथसाथै व्यापारको पनि अभ्युदय हुन्छ, यति धेरै व्यापार कबीलाभित्र र सीमावर्ती क्षेत्रहरूमा मात्र नभएर समुद्रपारका देशहरूसँग पनि हुन थाल्दछ। परन्तु यी सब कुरा अझ निकै पछौटे रूपमै थिए; बहुमूल्य धातुहरूले प्रमुख तथा सर्वमान्य वस्तु-मुद्राको रूपमा मान्यता पाउन थाले, तर तिनले अहिले सिक्काको रूप लिइसकेका थिएनन् र तौलको आधारमा मात्र सट्टापट्टा गरिन्थ्यो।

धनी र गरिबबीचको भेदभावसँगसँगै स्वतन्त्र र दासहरूका बीचको भेदभाव पनि देखापर्दछ। श्रमको नयाँ विभाजनको साथै समाजमा नयाँ वर्ग विभाजन शुरू हुन्छ। विभिन्न परिवारका मुखियाहरूबीचको आर्थिक विषमताले पुरानो साम्यवादी कुटुम्ब समुदायलाई जो सबै ठाउँमा, जहाँ यसको अस्तित्व बाँकी रहेको थियो, नष्ट पार्‍यो; साम्यवादी कुटुम्ब समुदायका साथै त्यसका साधनहरूद्वारा जमिनको सामूहिक खनजोत कार्य पनि हराएर जान्छ। कृषियोग्य जमिन कुलमा केही समयको लागि र पछि गएर सधैंको लागि अलगअलग परिवारहरूलाई उपलब्ध गराइन्छ, जमिनमाथि निजी स्वामित्व कायम गर्ने प्रक्रिया र युगल विवाहबाट एकनिष्ठ विवाहमा संक्रमण शनैःशनैः र समानान्तर रूपमा सम्पन्न हुन्छन्। प्रत्येक परिवार समाजको आर्थिक एकाइ बन्न पुग्दछ।

जनसङ्ख्याको घनत्वमा भएको वृद्धिले आन्तरिक रूपमा मात्र नभएर बाह्य विरुद्धमा पनि बढी घनिष्ठ रूपमा एकबद्ध हुन बाध्य गराउँदछ। सबैतिर सजातीय प्रजातिहरूको एकता आवश्यक हुन जान्छ र छिट्टै तिनीहरूको पारस्परिक मिलन र त्यस पछिको विभिन्न प्रजातीय भूभागहरूलाई एउटै जातिको सामूहिक भूभागमा विलयन गर्नेसमेत आवश्यकता देखापर्दछ। जातिका सेनानायक — rex, basileus, thiudans — आवश्यक तथा स्थायी पदाधिकारी बन्दछन्। ती स्थानहरूमा पनि जनसभाहरूको स्थापना हुन थाल्दछ, जहाँ पहिले तिनको अस्तित्व थिएन। सेनानायक, परिषद्, जनसभाहरू गौत्रीय समाजका त्यस्ता निकायहरूको रूपमा देखापर्दछन्, जसबाट सैनिक जनतन्त्रको विकास हुन्छ। युद्धहरू भइरहने भएको हुनाले सैनिक जनतन्त्र भनिएको हो र यसबेला युद्धको प्रबन्ध जनजीवनको एक अभिन्न काम बन्न जान्छ। छिमेकी जातिको धनसम्पत्तिले यस्ता जातिमा प्रलोभनको भावना उत्पन्न गराउँदछ र सम्पत्ति आर्जन गर्नु नै ती जनताको एक प्रमुख जीवन उद्देश्य बन्न पुग्दछ। उनीहरू बर्बरहरू हुन्, त्यसैले उनीहरूलाई लुटको धन बढी प्रिय र बढी सम्मानजनक लाग्दछ। यदि पहिले युद्ध केवल आक्रमणको बदला लिन वा आफ्नो इलाका, आफ्नो अपर्याप्त भूभागको विस्तार गर्ने उद्देश्यले मात्र चलाइन्थ्यो भने अब केवल लुटको लागि मात्र चलाइन्छ र त्यसले एउटा स्थायी व्यवसायको रूप लिन पुग्दछ। नयाँ किल्लाबन्द शहरका चारैतर्फ भीमकाय पर्खालहरू त्यतिकै बनाइएका होइनन्, त्यसका खाडलहरू गौत्रप्रथाको चिहान बनेका छन् भने त्यसका मीनारहरूले सभ्यताको युगलाई छुन पुगेका छन्। समाजभित्र पनि ठीक त्यही प्रक्रिया चल्दछ। लुटेरीपूर्ण युद्धहरूले प्रथम सेनापतिको शक्तिलाई उसको अधीनमा रहेका सेनानायकहरूको सत्तालाई पनि सबल तुल्याउँदछन्। एउटै परिवारबाट तिनका उत्तराधिकारी चुनिने निर्धारित परिपाटी अब, शनैःशनैः, विशेषतः पितृसत्ता कायम भएपछि, वंशगत उत्तराधिकारमा परिणत हुन्छ, जुन सत्तालाई शुरूशुरूमा सहिन्छ, पछि गएर त्यसको माग गर्ने गरिन्छ र अन्तमा बलजफ्तीसाथ खोसिन्छ। यसरी वंशानुगत राजसत्ता तथा कुलीन सत्ताको आधार बसालिन्छ। यसरी गोत्र व्यवस्थाका निकायहरू क्रमैसँग जनता, गोत्र, फ्राट्री र प्रजातिबीचका आफ्ना जगहरूबाट छुट्टिन पुग्छन्, सम्पूर्ण गोत्र व्यवस्था आफ्नो विपरीततामा परिणत हुन्छ; यसले आफ्ना क्रियाकलापहरूको स्वतन्त्र नियन्त्रण गर्ने प्रजातिहरूको सङ्गठनबाट छिमेकी प्रजातिहरूलाई लुट्ने र उनीहरूको उत्पीडन गर्ने सङ्गठनमा परिणत हुन्छ र यसैअनुरूप जनइच्छा व्यक्त गर्ने निकायहरूबाट आफ्नै जनताको विरुद्ध लक्षित आधिपत्य र उत्पीडनका स्वतन्त्र निकायहरूमा परिणत हुन्छ। यदि धन लोलुपताले गोत्रका सदस्यहरूलाई धनी र गरिबमा विभाजित नगरिदिएको भए, यदि "उही गोत्रभित्रका आर्थिक विषमताले आफ्नो हितको एकरूपतालाई गोत्रका सदस्यहरूबीचको विरोधाभासमा परिणत नगरिदिएको भए" (मार्क्स) (१२०) र यदि दासप्रथाको विस्तारको फलस्वरूप जीविकोपार्जनको लागि दास नै भएर जिउन नहोस्, परिश्रम गर्नुलाई लुटभन्दा पनि लज्जाजनक ठहराइएको भए, शायद कहिल्यै पनि यस्तो हुने थिएन होला।

* * *

अब हामी सभ्यताको सँघारमा आइपुग्यौं। श्रम-विभाजनमा एक नयाँ पाइलाले सभ्यतायुगको श्रीगणेश गर्दछ। बर्बरयुगको निम्न चरणमा मानिसहरू केवल आफ्नो प्रत्यक्ष आवश्यकता पूरा गर्न मात्र उत्पादन गर्दथे; विरल रूपमा हुने छिटपुट विनिमय कार्यहरू आकस्मिक अतिरिक्त उत्पादनसित सम्बन्धित हुन्थे। बर्बरयुगको मध्य चरणमा पशुपालनमा लागेका जातिहरूमा पशुको रूपमा सम्पत्ति देखापर्न थाल्दछ, जुन सम्पत्तिले, पशुहरूको बथान निश्चित सङ्ख्यामा पुगेपछि, उपभोगको लागि आवश्यकताभन्दा केही अतिरिक्त उत्पादन प्रदान गर्दछ। एकैपटक हामी पशुपालक र पशुको बथान नभएका बाँकी प्रजातिबीच श्रम-विभाजन भएको पाउँदछौं, फलतः यसरी उत्पादनका साथसाथै रहेका दुइ पृथक चरणहरूले नियमित रूपमा वस्तु विनिमयको अनुकूल

परिस्थितिले तयार गर्छन्। बर्बरयुगको उच्चतम चरणमा खेतीपाती र दस्तकारी व्यवसायबीच अरू एक श्रम-विभाजन हुन्छ, र फलतः प्रत्यक्ष विनिमयको लागि निरन्तर बढ्दो परिमाणमा वस्तुहरूको उत्पादन गरिन्छ र यस प्रकारले बेग्ला-बेग्लै उत्पादकहरूका बीचमा वस्तु विनिमय समाजको लागि जीवन्त आवश्यकतामा परिणत हुन्छ। सभ्यताले आफ्नो अभ्युदयकालभन्दा पहिले उत्पन्न भएका सबै प्रकारका श्रम-विभाजनलाई, खासगरी शहर र गाउँबीचको पारस्परिक अन्तर्विरोधलाई, थप तीव्र तुल्याउँदै (त्यसमा पनि शहरले गाउँमाथि आर्थिक प्रभुत्व जमाउन सक्दछ, जस्तो प्राचीनयुगमा हुने गर्दथ्यो अथवा गाउँले शहरमाथि आधिपत्य जमाउन सक्दछ, जस्तो मध्ययुगमा हुने गर्दथ्यो) तिनलाई सुदृढ र शक्तिशाली बनाउँदछ र यस विभाजनमा अन्य पूर्णरूपले मात्र लाक्षणिक, तेस्रो, निर्णायक महत्त्व भएको श्रम-विभाजन थप्दछ, जसले एक त्यस्तो वर्गको सिर्जना गर्दछ, जुन वर्ग उत्पादनमा नलागेर वस्तु विनिमयमा मात्र संलग्न हुन्छ र त्यो वर्ग हो – **व्यापारी वर्ग**। वर्गरचनाका यसपहिलेका आदिमतम चेष्टा उत्पादन प्रक्रियासँग मात्र सम्बन्धित थिए, र तिनले उत्पादनमा लागेका व्यक्तिहरूलाई व्यवस्थापक तथा कार्यकर्ताहरूमा, अथवा ठूलो तथा थोरै परिमाणमा उत्पादन गर्नेहरूमा विभाजित गर्थे। यहाँ पहिलो पटक त्यस्तो वर्ग देखापर्छ, जसले उत्पादनमा कुनै पनि प्रकारले भाग नलिई पूरा व्यवस्था र समष्टिमा त्यस माथिको नेतृत्व कब्जा गर्दछ, उत्पादकहरूलाई आर्थिक रूपले अधीनमा राख्दछ, दुई व्यक्तिका उत्पादकहरूको बीचमा अनिवार्य मध्यस्थ बनेर दुवैको शोषण गर्ने गर्दछ। उत्पादकहरूलाई विनिमयसँग सम्बन्धित श्रम र जोखिमबाट मुक्त गराउने, उनीहरूले उत्पादन गरेका वस्तुहरूलाई अति टाढाटाढासम्मका बजारहरूमा पुऱ्याउने र तिनको खपत विस्तार गरिदिने बहानाले र यस प्रकारले सर्वाधिक उपयोगी वर्गको सिर्जना हुँदै छ भन्ने निहुँले एक त्यस्तो परजीवी वर्गको, समाजका वास्तविक परजीवी वर्गको प्रादुर्भाव हुन्छ, जसले आफ्नो वास्तवमा अति तुच्छ सेवाको लागि स्वदेशी तथा विदेशी उत्पादनको पनि रस चाख्छ, द्रुततिद्रुत विपुल सम्पदा सञ्चय गर्दछ र तदनुरूप समाजमा आफ्नो प्रभाव जमाउँछ र ठीक यसै कारणले, र सभ्यताको अवधिभर आफ्नो उपजस्वरूप नियमित वाणिज्य संकटहरूको सिर्जना नगरेसम्म सभ्यतायुगमा उत्तरोत्तर बढी सम्मानित स्थान ओगट्दै जान्छ र उत्पादनलाई बढ्दो मात्रामा आफ्नो कब्जामा पार्दै लैजान्छ।

हामीले चर्चा गरिरहेको विकासको चरणमा नवोदित व्यापारीवर्गलाई



तिनका भाग्यमा लेखिएका ती महान कार्यहरूको अनुमानसम्म पनि थिएन। तर त्यस वर्गको अभ्युदय भयो र एक अपरिहार्य वर्ग बन्यो, यही कुरा पर्याप्त छ। यसका साथै **धातुका मुद्राहरूको अर्थात्** सिक्काको प्रादुर्भाव हुन्छ र धातुका मुद्राहरूको साथै उत्पादन नगर्नेहरूको उत्पादक तथा उसद्वारा उत्पादित वस्तुहरूमाथि आधिपत्य जमाउने नयाँ साधनको प्रादुर्भाव हुन्छ। यस्तो वस्तुहरूको वस्तुको आविष्कार भयो, जसमा छिपे रूपमा अन्य सबै वस्तुहरू समाविष्ट भएका हुन्छन्, जुन, जति चाहन्छ उति, कुनै पनि आकर्षक र ईप्सित सामानमा परिणत हुन सक्ने जादुगरी साधन हो। जसको हातमा पैसा रहन्छ, उसैले उत्पादन जगत्मा प्रभुत्व जमाउँदछ। यो साधन सबैभन्दा पहिले कसको हातमा गयो? व्यापारीको। पैसाको भक्ति उसका अग्रगामी हातमा निहित थियो। उसले सबै वस्तु र तिनका साथै वस्तु उत्पादकहरू पैसाका अगाडि नतमस्तक हुँदै आउनु पर्छ भन्ने कुराको घोषणा गर्ने दायित्व आफूमा लियो। सम्पदाका अन्य सबै रूपहरू यसको यस साक्षात् रूपसामु केवल छाया मात्र हुन् भन्ने कुरा उसले व्यवहारमा प्रमाणित गरिदियो। पछि आएर पैसाको शक्ति कहिल्यै पनि यति आदिम अशिष्ट एवम् हिंसात्मक रूपमा देखापरेन, जति यो आफ्नो किशोरावस्थामा देखापरेको थियो। पैसामा मालसामानहरूको बिक्रीपश्चात् नगद ऋण र त्यसका साथै ब्याज र सुदखोरी पनि देखापर्‍यो। परवर्तीतम युगमा कुनै पनि व्यवस्थापिकाले ऋणीहरूलाई यति कठोर एवम् निर्ममतापूर्वक साहु-महाजनको चरणमा नतमस्तक तुल्याएन, जति प्राचीन एथेन्स र रोमका व्यवस्थापिकाहरूले गरे। यी दुवै केवल आर्थिक आवश्यकताको रूपमा सामान्य कानुनबाट स्वस्फूर्त रूपले उत्पन्न भएका हुन्।

वस्तुहरू र दासहरूमा निहित सम्पदा एवम् नगद सम्पत्तिको अतिरिक्त भूसम्पत्तिको पनि उत्पत्ति भयो। गणव्यवस्थाका व्यक्तिहरूले शुरूमा गोत्र अथवा कबिलाबाट पाएका भूखण्डहरूमाथि स्वामित्वको अधिकार अति सुदृढ हुन पुग्यो भने यस भूखण्डहरू वंशानुगत अधिकारअन्तर्गत स्वामित्वको रूपमा उनीहरूको निजी सम्पत्तिमा परिणत भए। त्यसैले नै पछिल्लो समयमा उनीहरू यी भूखण्डहरूलाई गोत्र समुदायको अधिकार, त्यस्तो अधिकार, जुन उनीहरूको लागि बन्धन बनेको थियो, बाट मुक्त पार्नेमा नै सबभन्दा बढी प्रयत्नशील रहेका देखिन्छन्। यी बन्धनहरूबाट त उनीहरू मुक्त भए, तर त्यसपछि उनीहरू छिट्टै जमिनमालिकको आफ्नो अतिरिक्त नयाँ स्वामित्वबाट पनि मुक्त भए। जमिनमाथिको पूर्ण एवम् स्वतन्त्र स्वामित्वको अर्थ त्यसमाथि निर्बाध

तथा धर्मोचित अथवा आधिपत्य कायम गर्ने सम्भावना मात्र नभएर अभिन्त्रिको आफ्नो सम्बन्ध तोड्ने सम्भावना पनि थियो। जबसम्म जमिनमा गोत्रको स्वामित्व रहेको थियो, त्यस्तो सम्भावना थिएन। परन्तु, नयाँ भूस्वामीले आफूबाट गोत्र र प्रजातिको सर्वोच्च स्वामित्वका बन्धनहरूलाई पूर्णतः तोडेपछि उसले ती गोठाहरूलाई पनि तोडिदियो, जसले उसलाई अहिलेसम्म जमिनसँग अटुट रूपमा बाँधेर राखेका थिए। यसको अर्थ के हुन्छ भन्ने कुरा उसलाई धनिमाथि निजी स्वामित्वसँगसँगै आविष्कार गरिएको पैसाले स्पष्ट पार्‍यो। अब जमिन किनबेच गर्न र धितो राख्न सकिने वस्तु बन्न पुग्यो। भूस्वामित्व स्थापित हुन पाउनेबित्तिकै धितोप्रथाको आविष्कार भइहाल्यो (एथेन्सको उदाहरण हेर्नुहोस्)। जसरी एकनिष्ठ विवाहको पछिलाग्ति हेटेरिज्म र वेश्यावृत्ति देखापर्दछन्, त्यसरी नै धितोप्रथा पनि अबदेखि भूस्वामित्वको पछिपछि लाग्नेछ। तपाईंले जमिनको पूर्ण, स्वतन्त्र र हस्तान्तरणीय स्वामित्व चाहनु भएको थियो—लौ लिनुहोस् यही हो: Tu l'as voulu George Dandin!*

यसरी व्यापारको विस्तारका साथै, पैसा र सूदखोरीका साथै, भूस्वामित्व र धितोप्रथाकासाथै थोरै गनिने धनसम्पन्न वर्गको हातमा धन सम्पत्तिको एकत्रीकरण र केन्द्रीकरण भयो र यसको अतिरिक्त आम दरिद्रता बढ्यो, गरिबहरूको सङ्ख्या बढ्दै गयो। नवोदित सम्पत्तिशाली अभिजातवर्गले, यदि त्यो सुरुदेखि नै पुरानो कुलीनवर्गबाट आएको थिएन भने, त्यस पुरानो कुलीनवर्गलाई पछिल्तिर धकेलिदियो (एथेन्समा, रोममा र जर्मनहरूमा)। यसको साथसाथै स्वतन्त्र नागरिकहरूको आर्थिक स्थितिअनुसार भएको वर्गीय विभाजनले, विशेषगरी एथेन्समा, दासहरूको** सङ्ख्यामा बृहत् अभिवृद्धि ल्यायो, जसको श्रमले त्यसको आधार खडा गर्‍यो, जसमाथि सम्पूर्ण सामाजिक प्रासाद खडा गरिएको थियो।

अब हेरौँ, यस सामाजिक परिवर्तनले गोत्र व्यवस्थालाई कुन स्थितिमा

* "तिमी यहि त चाहन्थ्यौ, जर्ज दान्देन! (मोल्येर, 'जर्ज दान्देन', अङ्क १, दृश्य ९)—सं०

** एथेन्समा दासहरूको सङ्ख्या माथि हेर्नुहोस् (पृ० १४२—सं०)। कोरिन्थमा शहरको उन्नति कालमा दासहरूको सङ्ख्या ४,६०,००० र एजिनामा ४,७०,००० थियो। दुवै ठाउँको सङ्ख्या स्वतन्त्र नागरिकहरूको तुलनामा दस गुणा बढी थियो।



पुर्‍यायो। आफ्नो सहभागिताबिना विकसित भएका नयाँ सामाजिक तत्वहरूसमक्ष गोत्रप्रथा निरुपाय देखियो। गोत्रको आधार के थियो भने, एउटै गोत्रका वा जातीका सदस्य एउटै प्रजातिका सदस्यहरू उहीँ इलाकामा संयुक्त रूपमा बसोबास गर्दछन्। तर यस्तो स्थिति धेरै पहिले नष्ट भइसकेको थियो। जताततै विभिन्न गोत्र तथा प्रजातिका सदस्यहरू मिसिइसकेका थिए, यताका स्वतन्त्र नागरिकहरूका बीचमा दासहरू, आश्रित व्यक्तिहरू र विदेशीहरू बसेका थिए। बर्बरयुगको मध्य चरणको अन्तसम्म मात्र मानिसहरूले एकै ठाउँमा बसोबास गर्न पाए, तर जनसङ्ख्यामा हुने घटबढ तथा व्यापारिक कार्यकलाप, पेशाको हेरफेर र भूस्वामित्व हुनाको फलस्वरूप बसोबासमा हुने बराबर परिवर्तनले गर्दा त्यसमा बाधाविघ्न झन् उत्पन्न भइरहन्थे। गोत्र सङ्घका सदस्यहरू आफ्ना सामान्य गतिविधिहरूबारे छलफल गर्न भेला हुन नसक्ने भइसकेका थिए; कतैकतै धार्मिक चाडपर्वहरू मनाउनेजस्ता सानातिना कामहरू जसोतसो पूरा गरिन्थे। तर ती आवश्यकताहरू र सरोकारहरूको अतिरिक्त, जसको परिपूर्ति गर्नु गोत्र सङ्घको कर्तव्य थियो र जसअनुरूप तिनीहरू गठित पनि भएका थिए, उत्पादनका अवस्थाहरूमा आएको क्रान्ति तथा त्यसबाट सामाजिक संरचनामा उत्पन्न भएको परिवर्तनको फलस्वरूप त्यस्ता आवश्यकता तथा सरोकारहरू उत्पन्न भए, जुन कुरा प्राचीन गोत्र प्रणालीको लागि पराई मात्र न भएर सम्पूर्ण दृष्टिमा त्यसको विपरीत पनि थिए। श्रम-विभाजनको फलस्वरूप उत्पन्न कालिगढ समूहका नयाँ आवश्यकताहरू र गाउँको विपरीत शहरका विशिष्ट आवश्यकताहरूले नयाँ निकायहरूको माग गरे; तर यीमध्ये प्रत्येक समूहमा विभिन्न गोत्र, फ्राट्री प्रजातिहरूबाट आएका मानिसहरू, विदेशीहरूसमेत सम्मिलित हुन्थे। त्यसैले यस्ता निकायहरू गोत्र व्यवस्थाबाहिर, त्यस व्यवस्थाका समानान्तर निकायको रूपमा, जसको तात्पर्य, त्यसकै विरोधमा उत्पन्न हुन्थे।—अनि फेरि प्रत्येक गोत्र सङ्घभित्र स्वार्थहरूको यो टक्कर प्रतिबिम्बित हुन्थ्यो र त्यस टक्करले आफ्नो सर्वोच्च तीव्रता त्यहाँ प्राप्त गर्दथ्यो, जहाँ धनी र गरिब, साहू र ऋणी एउटै गोत्र अथवा एउटै प्रजातिमा सम्मिलित भएका हुन्थे।—अझ त्यसमाथि गोत्र समुदायहरूभन्दा बाहिरको नयाँ जनसमुदाय अस्तित्वमा थियो, र जो, जस्तो रोममा भएको थियो, देशमा एउटा शक्तिको रूपमा देखापर्न सक्दथ्यो, फेरि त्यसलाई रक्तसम्बन्धमा आधारित गोत्र र प्रजातिहरूमा समावेश गर्ने हो भने पनि त्यस समुदायको सङ्ख्या निकै बढिसकेको थियो। यस समूहको विरुद्ध गोत्र समुदायहरू आफैँभित्र

सीमित, विशेषाधिकारसम्पन्न संस्थानहरूको रूपमा खडा भए। आदिम नैसर्गिक जनवादले घृणित अभिजाततन्त्रको रूप लियो। — अन्ततोगत्वा, गोत्र-व्यवस्था कुनै पनि आन्तरिक विरोधाभासबाट मुक्त समाजमा हुर्केको थियो, तसर्थ त्यस्तै समाजमा मात्र अनुकूल भएकाले आफ्नो अस्तित्व कायम राख्न सक्दथ्यो। त्यसमा सामाजिक जनमतबाहेक बलप्रयोगका अरू कुनै साधन थिएनन्। यहीँ नै त्यस समाजको उत्पत्ति भयो, जहाँ जीवनका सम्पूर्ण आर्थिक अवस्थाहरूको कारणले स्वतन्त्र नागरिकहरू र दासहरूमा, शोषक-धनीहरू र शोषित-गरिबहरूमा विभाजित हुनुपर्थ्यो। यो त्यस्तो समाज थियो, जुन यी विरोधाभासहरूको समाधान गर्न अक्षम मात्र थिएन, अझ तिनलाई चर्काउँदै लैजान्थ्यो। यस्तो समाज यी वर्गहरूका बीचको अविरल प्रत्यक्ष सङ्घर्ष अथवा त्यस्तो तेस्रो शक्तिको आधिपत्य भएर मात्र टिक्न सक्थ्यो, जुन मानौं यी परस्पर सङ्घर्षरत वर्गहरूको माथि खडा हुन्थ्यो र उसले तिनीहरूको खुला सङ्घर्षहरूलाई मिच्दथ्यो र वर्गसङ्घर्षलाई धेरै भए आर्थिक क्षेत्रमा र तथाकथित वैधानिक रूपमा मात्र हुन दिन्थ्यो। गोत्र व्यवस्थाको आयु सकियो। श्रम-विभाजन र त्यसको परिणामस्वरूप समाजको वर्गीय विभाजनले गोत्र व्यवस्थालाई ध्वस्त पार्‍यो। त्यसको स्थान **राज्यले** लियो।

* * *

माथि हामीले ती तीनै रूपहरूबारे बेग्लाबेग्लै विश्लेषण गरिसकेका छौं, जसअन्तर्गत गोत्रव्यवस्थाका भग्नावशेषहरूमा राज्यको अभ्युदय हुन्छ। एथेन्स यसको सबभन्दा विशुद्ध र सबभन्दा आदर्श रूप हो — यहाँ राज्यको जन्म प्रत्यक्ष एवम् मुख्य रूपमा ती वर्गीय अन्तर्विरोधहरूबाट हुन्छ, जुन स्वयम् गोत्र समाजभित्र विकसित हुन्छन्। रोममा गोत्र समाज, त्यस समाज-बाहिर रहेका बहुसङ्ख्यक, अधिकारविहीन तर आफ्ना कर्तव्यहरू पूरा गर्ने प्लेबियनहरूको घेराको बीचमा सीमित अभिजाततन्त्रमा परिणत हुन्छ; प्लेबियनहरूको विजयले पुरानो गोत्र व्यवस्थालाई ध्वस्त पार्दछ र त्यसको भग्नावशेषमा राज्यको स्थापना गर्दछ, अनि त्यस राज्यमा छिट्टै गोत्रीय अभिजातवर्ग र प्लेबियनहरू दुवै पूर्ण रूपमा विलीन हुन्छन्। अन्त्यमा रोमन साम्राज्यका विजेता जर्मनहरूमा विस्तृत पराई भूमि, जसमाथि शासन गर्ने गोत्र प्रणालीले कुनै पनि साधन प्रदान गर्दैन, माथिको विजयको प्रत्यक्ष परिणामको रूपमा राज्यको अभ्युदय हुन्छ। परन्तु यस विजयसित न



पुरानो जनसङ्ख्यासितको गम्भीर सङ्घर्ष, न त अझ नयाँ प्रगतिशील श्रम-विभाजन नै सम्बन्धित छन्; पराजित जातिहरू र विजेताहरूको आर्थिक विकासको स्तर प्रायः एउटैखालको हुँदा र फलतः समाजको आर्थिक आधार पनि पूर्ववत् नै रहेको हुँदा गोत्र प्रणालीको अस्तित्व मार्क-प्रणालीको रूपमा परिवर्तित क्षेत्रीय स्वरूपमा धेरै सदीसम्म कायम रहन सक्दछ र यस पछीको समयको लागि त पछिल्ला दरबारीया तथा पेट्रिशियन गोत्रहरूमा र कृषक गोत्रहरूमा समेत, जस्तो डिथमार्सेनमा भएको थियो*, पुनर्स्थापित हुन सक्दछ।

यस प्रकारले राज्य कदापि त्यस्तो शक्तिको रूपमा प्रतीत हुँदैन, जुन बाहिरबाट समाजमाथि लादिएको होस्। त्यसैगरी राज्य हेगेलले भनेझैं "नैतिक विचारको मूर्तरूप", "विवेकको प्रतिरूप र वास्तविकता" होइन (१२२)। राज्य सामाजिक विकासको निश्चित चरणको उपज हो; राज्य के कुराको मान्यता हो भने, यो समाज आफूभित्रैका असाध्य अन्तर्विरोधहरूको जञ्जालमा जेलिएको छ, सम्झौताविहीन प्रतिपक्षतामा विभाजित भएको छ, जसबाट मुक्त हुन त्यो असमर्थ छ। यी प्रतिपक्षताहरूले, परस्पर-विरोधी आर्थिक स्वार्थ भएका वर्गहरूले एक निरर्थक सङ्घर्षमा एक अर्कालाई नसिध्याउन् भन्नाखातिर एउटा त्यस्तो शक्तिको आवश्यकता पर्‍यो, जो समाज-भन्दा माथि अवस्थित देखियोस्, त्यस्तो शक्ति, जसले त्यस सङ्घर्षलाई मत्थर पारोस् र त्यसलाई "सुव्यवस्था" को परिधिभित्र नियन्त्रित राखोस्। अनि समाजबाटै उत्पन्न भएको तर समाजभन्दा माथि रहेको र त्यसबाट आफूलाई क्रमशः अलग्याउँदै लगिरहेको यो शक्ति नै राज्य हो।

पुरानो गोत्र सङ्गठनको तुलनामा सर्वप्रथम **क्षेत्रीय विभाजन** अनुसार आफ्नो प्रजाको विभाजन राज्यको लाक्षणिक विशेषता हो। रक्तसम्बन्धहरूको आधारमा उत्पन्न भएका र त्यसैमा टिकेका पुराना गोत्रीय सङ्घहरू, जस्तो हामीले देखिसक्यौं, धेरै मात्रामा जुन कारणले अपर्याप्त सावित भए भने, तिनको पूर्वाधार, अर्थात् निश्चित भूभागसित गोत्रका सदस्यहरूको सम्बन्ध बिताइसकेको थियो। भूभाग त स्थिर रह्यो तर मानिसहरू गतिशील बनेका

*गोत्रको बारेमा ठेरकोर सही ज्ञान भएका पहिला इतिहासकार निबुर थिए र यस कुराको लागि र उसले थोरै त्यहीँबाट लिएका गल्तीहरूको लागि पनि उनी डिथमार्सेन (१२१) का गोत्रहरूसँगको आफ्नो परिचयप्रति ऋणी छन्।

थिए। तसर्थ एथेन्स विभाजन नै आरम्भबिन्दु बन्यो, र नागरिकहरूले गोत्र अथवा कबीलेको कुनै वास्ता नगरी आफूले बसोबास गरेका ठाउँमा नै आफ्ना सामाजिक अधिकार तथा कर्तव्यहरू पूरा गर्ने पाउने अधिकार पाए। नागरिकहरूले बासस्थानअनुसार संगठित हुने यस परिपाटीलाई सबै राज्यहरूले मान्यता दिएका छन्। तसर्थ हामीलाई यो कुरा स्वाभाविक लाग्दछ; तर एथेन्स र रोममा कति कठिन र दीर्घकालीन संघर्षपछि मात्र यस परिपाटीले गोत्रमा आधारित पुरानो संगठनको स्थान ग्रहण गर्न सक्यो भन्ने कुरा त हामीले देखिहाल्यौं।

अर्को लाक्षणिक विशेषता हो—त्यस्तो **सार्वजनिक सत्ताको** स्थापना, जुन एक सैन्यशक्तिको रूपमा संगठित जातिको जस्तो अभिन्न हुन्न। यस्तो विशिष्ट सार्वजनिक सत्ता किन आवश्यक भयो भने समाज वर्गहरूमा विभाजित भएपछि जनताको यस्तो स्वचालित सैनिक संगठनको अस्तित्व हुन गयो। दासहरू पनि जनसंख्याकै एक हिस्सा मानिन्थे; ३,६५,००० दासहरूको लागि एथेन्सका ९०,००० नागरिकहरू एक विशेषाधिकारप्राप्त वर्ग मात्र थिए। एथेन्सको जनवादी व्यवस्थाको जननेना भएकावस्थामा दासहरूको विरुद्ध लक्षित अभिजातवर्गीय सार्वजनिक सत्ता थियो, जसले दासहरूलाई काबुमा राखेको थियो; परन्तु यसैभरी नागरिकहरूलाई पनि काबूमा राख्नको लागि भाडे प्रहरीको आवश्यकता थियो। यस्तो सार्वजनिक सत्ताको अस्तित्व प्रत्येक राज्यमा हुन्छ। यस्तो सत्तामा सशस्त्र सैनिकहरू मात्र नभएर जेलखाना र अन्य दमनकारी संस्थाहरूजस्ता भौतिक साधनहरू पनि सम्मिलित हुन्छन्, जुन कुरा समाजको गोत्र प्रणालीमा अज्ञात थिए। वर्गीय प्रतिपक्षता बढी अविकसित अवस्थामा रहेका समाजहरू र दुर्गम क्षेत्रहरूमा, जस्तो संयुक्त राज्य अमेरिकाका कुनैकुनै ठाउँहरूमा यदाकदा देखिन्छ, यो सत्ता अति महत्त्वहीन र नगण्य हुन सक्छ। राज्यभित्र वर्गीय अन्तर्विरोधले तीव्रता प्राप्त गर्दै जानअनुसार, र छिमेकी राज्यहरूको क्षेत्रफल र जनसंख्या बढ्दै जानअनुसार सार्वजनिक सत्ता पनि शक्तिशाली हुँदै जान्छ। वर्तमान युरोपमा मात्रै भए पनि एक दृष्टि दिनुहोस्, यहाँ वर्गसंघर्ष र प्रभुत्वकारी प्रतिस्पर्धाले सार्वजनिक सत्ता कति व्यापक तुल्याएको छ भने यसले सम्पूर्ण समाज र सबै राज्यलाई समेत निलिदिने खतरा उत्पन्न गराउँदछ।

यस्तो सार्वजनिक सत्ताको सम्भाषण गर्न नागरिकहरूबाट आर्थिक **चन्दा-कर** उठाउनु आवश्यक भयो। गोत्र समाजमा करजस्तो कुनै कुरा प्रचलित थिएन।



तर कर हाम्रोलागि आज पर्याप्त मात्रामा परिचित कुरा हो। सभ्यताको विकास हुँदै गएअनुसार करहरू पनि अपर्याप्त भए; राज्यले भविष्यतिर नजरहरूको बिक्री गर्न थाल्दछ, ऋण लिन्छ र यसरी **राजकीय ऋणको** जन्म हुन्छ। यसबारेमा बूढो युरोपले धेरै कुराहरू बताउन सक्छ।

सार्वजनिक सत्ता तथा कर लगाउने र असुल गर्ने अधिकारप्राप्त भएका सरकारी कर्मचारीहरूले समाजका निकायको रूप लिन्छन् र **समाजमाथि** हुन पुग्दछन्। गोत्रीय समाजका निकायहरूप्रति जुन स्वतन्त्र तथा स्वेच्छापूर्ण सम्मानको भावना थियो, त्यो सम्मान प्राप्त गर्न सकेकै भए पनि उनीहरूको लागि अपर्याप्त हुन्थ्यो; समाजबाट पृथक हुँदै गएको सत्ताका वाहक भएकाले उनीहरूले सम्मान प्राप्त गर्ने त्यस्ता असाधारण कानूनहरूको बल लिनुपर्दछ, जसद्वारा उनीहरूले एक विशेष प्रकारको पवित्रता तथा अनुल्लंघनीयता प्राप्त गर्दछन्। सभ्य राज्यको कुनै एउटा सबभन्दा तल्लो तहको पुलिस कर्मचारीले पनि गोत्रीय समाजका सबै निकायहरूले समष्टि रूपमा पाउनेभन्दा बढी "अधिकार" पाएको हुन्छ। तर सभ्य युगका सबभन्दा शक्तिशाली राजा तथा ठूलाभन्दा ठूला राजनेता वा सेनापति गोत्रीय समाजको सानोभन्दा सानो मुखियाले पनि पाउने बलबिना पाएको निर्विवाद सम्मान देखेर ईर्ष्या गर्न सक्दछन्। गोत्रको मुखिया समाजभित्रै रहेको हुन्छ भने यिनीहरूचाहिँ आफूलाई समाजभन्दा बाहिर र समाजमाथि राख्ने प्रयास गर्न बाध्य हुन्छन्।

वर्गहरूको प्रतिपक्षतालाई काबूमा राख्ने आवश्यकताले गर्दा र ती वर्गहरूको प्रतिद्वन्द्विताको फलस्वरूप पनि राज्यको उत्पत्ति भएको हुँदा राज्य स्वभावतः सबैभन्दा शक्तिशाली र आर्थिक रूपले प्रभुत्वशाली वर्गको राज्य बन्दछ, जुन वर्ग राज्यको सहायताबाट राजनीतिक रूपमा पनि प्रभुत्वशाली बन्न जान्छ र यस प्रकारले उत्पीडित वर्गको दमन र शोषणको लागि नयाँ साधनहरू प्राप्त गर्दछ। यसरी, प्राचीन राज्य सबैभन्दा पहिले दासहरूको दमनको लागि बनेको स्वामीहरूको राज्य थियो र सामन्ती राज्य, कुलीन तथा अधीनस्थ किसानहरूको दमनको लागि बनेको कुलीनवर्गाधिकारीहरूको निकाय थियो भने आधुनिक प्रतिनिधि-सत्तात्मक राज्य पुँजीवादी व्यापारद्वारा श्रमको शोषण गर्ने हतियार बनेको छ। परन्तु अपवादस्वरूप यस्ता अवधिहरू पनि भेटिन्छन्, जुन बेला संघर्षशील वर्गहरू यस्तो शक्ति सन्तुलनको स्थितिमा पुग्दछन्, जब राज्यसत्ता एक देखावटी मध्यस्थको रूपमा केही समयको लागि दुवै वर्गहरूबाट स्वतन्त्र रहन्छ। सत्रौं र अठारौं शताब्दीको निरंकुश

मध्यस्थ बन्ने थियो, जसले परस्परविरोधी कुलीनवर्गहरू र बुर्जुवावर्गलाई एकअर्काको विरुद्ध उभ्याएर उनीहरूका बीचमा सन्तुलन कायम राख्ने काम गरेको थियो; जस्तो कि पहिलो र विशेषगरी दोस्रो साम्राज्यको बोनापार्ट-वाद बन्ने थियो, जसले सर्वहारा वर्गलाई बुर्जुवावर्गको विरुद्ध र बुर्जुवा-वर्गलाई सर्वहारावर्गको विरुद्ध उभ्याउने काम गरेको थियो। यस क्षेत्रको नवीनतम उपलब्धि, जसमा शासक र शासित समान रूपले हास्यास्पद देखिन्छन्, बिस्मार्ककालीन नयाँ जर्मन साम्राज्य हो – यहाँ परस्परविरोधी पुँजीजीवीहरू तथा मजदूरहरूका बीचमा सन्तुलन कायम राखिन्छ र उनका तथा जीर्ण प्रशियन भूस्वामी-सामन्तहरूको हितार्थ दुवैलाई समान रूपले धोकाको शिकार बनाइन्छ।

यसको अतिरिक्त, इतिहासमा परिचित धेरैजसो राज्यहरूमा नागरिक-हरूलाई उपलब्ध गराइएका अधिकारहरू तिनको आर्थिक स्थितिको अनुपातमा निर्धारित गरिन्छन् र यसैद्वारा यो कुरा व्यक्त गरिन्छ – राज्य भनेको सम्पन्न वर्गको संगठन हो र निर्धन वर्गबाट उसको रक्षा गर्ने हेतुले खडा गरिएको हो। यस्तो एथेन्स र रोममा नै आर्थिक श्रेणीमा विभाजन हुन थालेपछि भएको थियो। मध्ययुगीन सामन्ती राज्यमा पनि, जहाँ भूसम्पत्तिको परिमाण-को आधारमा राजनीतिक प्रभावको मात्रा निर्धारित गरिन्थ्यो, यस्तै हुने गर्थ्यो। यस कुराले आधुनिक प्रतिनिधित्वात्मक राज्यको मताधिकारमा पनि अभिव्यक्ति पाएको छ। परन्तु आर्थिक स्थितिमा हुने विभेदको यस्तो राजनी-तिक मान्यता त्यति साह्रो महत्वपूर्ण छैन। उल्टो यसले राज्य विकासको निम्नतम चरणको चित्रण गर्दछ। राज्यको सर्वोच्च रूप, अर्थात् जनवादी गणतन्त्र हाम्रा आधुनिक सामाजिक अवस्थाहरूमा अरुअरु अनिवार्य आवश्य-कता बन्दै गइरहेको छ र यो राज्यको त्यस्तो रूप हो, जसमा मात्र सर्वहारा-वर्ग र बुर्जुवावर्गका बीचको अन्तिम र निर्णायक संघर्षलाई अन्तिम चरणसम्म पुऱ्याउन सकिन्छ, – र यस जनवादी गणतन्त्रमा धनसम्पत्तिको आधारमा हुने भेदभावले वैधानिक रूपमा मान्यता पाएको हुँदैन। यसमा सम्पत्तिले अप्रत्यक्ष रूपमा तर बढी प्रभुत्व ढङ्गले आफ्नो शक्तिको प्रयोग गर्दछ: एकातिरबाट सरकारी अधिकारीहरूको प्रत्यक्ष भ्रष्टाचारको रूपमा, जसको आदर्श उदाहरण अमेरिका हो, – अर्कोतिरबाट सरकार र शेयर बजारबीचको मिलेमतोको रूपमा, जसलाई अति बढी राजकीय ऋण आका-लिन्छ र अति बढी साझेदारी संस्थाले यातायात मात्र नभएर स्वयम् उत्पादनलाई समेत आफ्नो हातमा केन्द्रित गर्दछन् र त्यही साझेदारी संस्थालाई नै आफ्नो



केन्द्र बनाउँदछन्, त्यतिकै सरल ढङ्गले व्यवहारमा लागू गरिन्छ। यसको ज्वलन्त उदाहरण अमेरिकाको अतिरिक्त आधुनिक फ्रान्सेली गणराज्य बनेको छ र शुद्धचरित्र स्विट्जरल्याण्डले पनि यस क्षेत्रमा आफ्नो योगदान पुऱ्याएको छ। तर सरकार र शेयर बजारबीचको यो बन्धुत्व गठबन्धनको लागि जनवादी गणराज्यको आवश्यकता पर्दैन भन्ने कुरा बेलायतको अतिरिक्त नयाँ जर्मन साम्राज्यको उदाहरणले पनि पुष्टि गर्दछ, जहाँ सार्वजनिक मताधिकारले बिस्मार्क अथवा ब्लाइखरोडरमध्ये कसलाई बढी माथि उठायो भन्न सकिँदैन। अन्ततः सम्पन्न वर्गले सोझै सार्वजनिक मताधिकारको आधार-मा शासन गर्दछ। जबसम्म शोषित वर्ग, यस सन्दर्भमा स्वभावतः सर्वहारा-वर्ग, 'आफ्नै' आफ्नो मुक्ति गर्ने परिपक्व भइसकेको हुँदैन, तबसम्म उसको अधिकांश भागले वर्तमान सामाजिक परिपाटीलाई नै एक मात्र सम्भाव्य परिपाटी ठान्दछ र राजनीतिक रूपले पुँजीपतिवर्गको पुच्छरमा झुन्डिएर त्यसको उग्र वामपन्थी पक्षको रूपमा हिँड्दछ। तर ऊ जतिजति आफ्नो मुक्तिको लागि परिपक्व हुँदै जान्छ, त्यतित्यति ऊ आफ्नो पार्टीमा संगठित हुन थाल्दछ, पुँजीपतिवर्गका प्रतिनिधिहरूलाई नभएर आफ्नै प्रतिनिधिहरूलाई निर्वाचित गर्दछ। सार्वजनिक मताधिकार मजदूरवर्गको परिपक्वताको कसौटी हो। यसबाहेक सार्वजनिक मताधिकारले अरू कुनै केही दिन सक्दैन र वर्तमान राज्य व्यवस्थामा कहिल्यै दिँदैन पनि; तर त्यति नै पनि पर्याप्त छ। जुन दिन, यही सार्वजनिक मताधिकारको तापमापकयन्त्रले मजदूरहरू आन्दोलनको क्वाथ बिन्दुमा पुगेका छन् भन्ने कुरा देखाउनेछ, त्यस दिन उनीहरूले पनि पुँजी-पतिहरूले जस्तै के गर्नुपर्ने हो भन्ने कुरा थाहा पाउने छन्।

यस प्रकार, राज्य अनादिकालदेखि नै अस्तित्वमा थिएन। त्यस्ता समाजहरू थिए, जहाँ राज्यविना काम चलेको थियो, जसलाई राज्य र राज्यसत्ताको कुनै ज्ञानसम्म थिएन। आर्थिक विकासको एक निश्चित चरण, जुन समाजको वर्गीय विभाजनसँग अनिवार्य रूपले सम्बन्धित थियो, मा राज्य उक्त फूटको कारणले आवश्यक हुन गयो। अब हामी उत्पादनको विकासको त्यस्तो चरणतिर छिटो बढिरहेका छौं, जसमा यी वर्गहरूको अस्तित्व आवश्यक बन्न छोडेको मात्र होइन उत्पादनको लागि सोझै बाधकसमेत बन्न पुगेको छ। अनिवार्यतापूर्वक वर्गहरू लुप्त हुनेछन्, जुन अनिवार्यतासाथ विगतमा उनीहरू-को उत्पत्ति भएको थियो। वर्गको विलोपनसँगसँगै राज्य पनि अनिवार्यतः लुप्त हुनेछ। जुन समाजले उत्पादकहरूको स्वतन्त्र एवम् समान सहयोगको आधारमा नयाँ ढङ्गले उत्पादनको व्यवस्थापन गर्नेछ, त्यसले सम्पूर्ण राज्य-

मान्छेलाई त्यसै पठाउँदैनेछ, जुन ठाउँ त्यति बेला त्यसको लागि सबभन्दा उपयुक्त ठहरिनेछ : त्यो ठाउँ हो—प्राचीन वस्तुहरूको संग्रहालय, जहाँ हाते ताँत र कांसे बन्चरो राखिएका छन्।

* * *

यसरी हाम्रो विश्लेषणले के देखाउँछ भने सभ्यता सामाजिक विकासको त्यो चरण हो, जसमा श्रम-विभाजन, त्यसबाट उत्पन्न वैयक्तिकहरूबीचको वस्तु विनिमय र यी दुवै प्रक्रियाहरूलाई एक सूत्रमा बाँध्ने वस्तु उत्पादनले पूर्ण विकास प्राप्त गर्दछन् र सम्पूर्ण पुरानो समाजमा क्रान्तिकारी परिवर्तन ल्याउँदछन्।

उत्पादन सामाजिक विकासका सबै अघिल्ला चरणहरूमा मूलतः सामूहिक थियो र सबैगरी उपभोग पनि ठूला र साना साम्यवादी समुदायहरूभित्र समान रूपमा वस्तुहरूको प्रत्यक्ष वितरणद्वारा नै गरिन्थ्यो। यस्तो उत्पादनको सामूहिक चरित्र एकदमै साँघुरो घेरामा मात्र सीमित थियो, तर यसले आफ्नो उत्पादन प्रक्रिया र उत्पादित वस्तुमाथि उत्पादकहरूको आधिपत्य कायम गरायो। उत्पादित वस्तुहरूको प्रयोग कसरी गर्ने हो भन्ने कुरा उनीहरूलाई थाहा थियो। उनीहरू त्यसलाई प्रयोग गर्थे, उनीहरूको हातबाट ती वस्तु बाहिर जाँदैनथे र जबसम्म उत्पादन कार्य यसै आधारमा चलिरहन्छ, उत्पादन उत्पादकहरूको नियन्त्रणबाट निस्कन सक्दैन र उनले त्यस्ता रहस्यमय अज्ञात शक्तिहरूलाई जन्म दिँदैन, जस्तो सभ्यतामा स्थायी एवम् अनिवार्य रूपले हुने गर्दछ।

परन्तु यस उत्पादन प्रक्रियामा श्रम-विभाजनले शनैःशनैः प्रवेश गर्ने थाल्यछ। यसले उत्पादन र उपभोगको सामूहिक चरित्रलाई खल्बल्याउँदछ, वैयक्तिक व्यक्तिहरूद्वारा उत्पादनको उपभोगलाई यसले प्रमुख नियमको रूप दिन्छ र तो व्यक्तिहरूबीच विनिमयको जन्म गराउँछ—कसरी यो प्रक्रिया चल्छ भन्ने कुरा हामीले माथि नै विश्लेषण गर्यौं। वस्तु उत्पादनले बिस्तारैबिस्तारै प्रभुत्वशाली रूप लिन्छ।

वस्तु उत्पादनमा, अर्थात् त्यस्तो उत्पादनमा, जहाँ अब आफ्नै उपभोगको लागि नभएर विनिमयको लागि गरिन्छ, उत्पादित वस्तुहरू आवश्यकताअनुसार एक हातबाट अर्को हातमा जान्छन्। विनिमय हुँदा उत्पादकले आफूद्वारा उत्पादित वस्तु अरूलाई सुम्पन्छ; त्यस वस्तुलाई के गरिन्छ भन्ने



कुरा अब उसलाई थाहा हुँदैन। जब उत्पादकहरूका बीचमा उनीहरूको भन्दा अलग रूपमा देखापर्दछ र पैसासँगसँगै व्यापारी पनि, विनिमय पद्धति अझ जटिल हुनजान्छ, उनद्वारा उत्पादित वस्तु कहाँ पुग्दछ भन्ने कुरा अस्पष्ट हुन जान्छ। व्यापारीहरू धेरै छन्, तर ती मध्ये कसैलाई पनि अर्को के गरिरहेको छ भन्ने थाहा हुँदैन। अब वस्तुहरू एक हातबाट अर्को हातमा मात्र नभएर एक बजारबाट अर्को बजारमा पनि जाने थाल्दछन्; अब उत्पादकहरूले आफ्नो व्यक्तिगत जीवनको आधार बनेको सम्पूर्ण उत्पादनमाथि नियन्त्रण गुमाए, तर यो नियन्त्रण व्यापारीहरूको हातमा पनि आउन सकेन। उत्पादित वस्तुहरू र उत्पादन आकस्मिकताको नियन्त्रणमा पर्न गए।

तर आकस्मिकता—यो पारस्परिक निर्भरताको एउटा ध्रुव मात्र हो, त्यसको अर्को ध्रुव हो आवश्यकता। प्रकृतिमा पनि, जहाँ यस्तो आकस्मिकताको राज्य भएजस्तो लाग्दछ, प्रत्येक क्षेत्रविशेषको क्षेत्रमा आन्तरिक आवश्यकता र नियमितता हुन्छन्, जसले यस आकस्मिकताको परिसीमित मार्गलाई बाटो बनाउँदछन् भन्ने कुरा हामीले धेरै पहिले प्रमाणित गर्यौं। तर जुन कुरा प्रकृतिको लागि साँचो छ, त्यो कुरा समाजमा पनि चरितार्थ हुन्छ। जति कुनै पनि एउटा सामाजिक क्रियाकलाप, सामाजिक प्रक्रियाहरूको कुनै पूरै क्रम मानिसहरूको चेतनशील नियन्त्रणअन्तर्गत रहन छोड्छन्, तिनको काबूबाट बाहिर जान्छन्, त्यति नै बढी त्यस्तो क्रियाकलाप केवल आकस्मिकताको फल प्रतीत हुन्छ, त्यति नै बढी उपरोक्त क्रियाकलापका विशिष्ट आन्तरिक नियमहरू यस आकस्मिकताको सीमाभित्र नैसर्गिक अनिवार्यताद्वारा आफ्नो लागि बाटो बनाउन थाल्दछन्। त्यस्ता नियमहरू वस्तु उत्पादन एवम् वस्तु विनिमयका आकस्मिकताहरूमाथि पनि आधिपत्य जमाउँदछन् : वैयक्तिक उत्पादक र विनिमयका सहभागीहरूका सम्बन्धमा यी नियमहरू विरोधीका रूपमा खडा हुन्छन्, सुरुमा त अझ त्यस्ता अज्ञात शक्तिको रूपमा, जसको प्रकृति अझै विस्तृत अध्ययन एवम् अनुसन्धानको क्रममा छ। वस्तु उत्पादनका यी आर्थिक नियमहरूले उत्पादनको यस रूपको विकासका विभिन्न चरणहरूमा आफ्नो स्वरूप बदल्दछन्, परन्तु साम रूपमा एवम् समष्टिमा सभ्यताको पूरै अवधि तिनको आधिपत्यको रूपमा प्रकट हुन्छ। अहिलेसम्म पनि वस्तुले उत्पादकहरूमाथि आधिपत्य जमाएको छ, अहिलेसम्म पनि सम्पूर्ण सामाजिक उत्पादन सामूहिक रूपमा सोचविचार गरिएको योजनाको आधारमा नभएर त्यस्ता अन्धनियमहरूद्वारा नियन्त्रित हुन्छ, जो

स्वरूपको रूपमा र पछिल्लो चरणमा नियमित म्यादमा सञ्चालनहरूका बाँधी-बेहुलीहरूको रूपमा प्रकट हुन्छन्।

यसपछि उत्पादनको विकासको अपेक्षाकृत प्रारम्भिक चरणमा मानव श्रम-शक्तिले उत्पादकको आफ्नो भरणपोषणका लागि आवश्यकभन्दा पनि धेरै बढी उत्पादन गर्न सक्षम हुन्छ र विकासको यो चरण नै मूलतः त्यही चरण हो, जसमा श्रम-विभाजन र समुदायहरूबीच व्यक्तिहरूबीच वस्तु विनिमयको प्रादुर्भाव हुन्छ भन्ने कुरा हामीले देख्यौं। अब मानिस पनि त्यस्तै किसिमले वस्तु बन्न सक्दछ, मानिसलाई दास बनाउन हो भने मानवशक्तिको पनि विनिमय र उपभोग गर्न सकिन्छ भन्ने महान "सत्य" को उद्घाटन गर्न धेरै समय लागेन। मानिसहरूले विनिमय शुरू गर्दा गरेका थिए उनीहरू आफैं विनिमयका वस्तु बन्न पुगे। मानिसहरूले चाहुन् वा नचाहुन् – जो पहिले साधक थियो अब साधन बन्यो।

दासप्रथासँगसँगै, जुन सभ्ययुगमा आएर विकासको सर्वोच्च शिखरमा पुग्यो, शोषक र शोषित दुई वर्गमा समाजको पहिलो बृहत् विभाजन भयो। यो विभाजन सम्पूर्ण सभ्ययुगमा जारी रहँदै आइरहेछ। शोषणको पहिलो रूप दासप्रथा, जो प्राचीन विश्वको लक्षण थियो; त्यसपछि आउँदछ मध्ययुगीन भूदासप्रथा र आधुनिक युगको ज्यालादारी श्रम। पराधीनताका तीन महान रूपहरू यस्ता थिए, यसले सभ्यताका तीन महान युगलाई चरितार्थ गर्दछन्; पहिले खुला रूपमा रहेको र अब केही समयदेखि ढाकछोप गरिएको दासप्रथा सधैँ नै सभ्यताको युगलाई साथ दिँदै आएको छ।

वस्तु उत्पादनको चरण, जसबाट सभ्ययुगको शुरूआत हुन्छ, का निम्न आर्थिक विशेषताहरू थिए: १) धातुमुद्रा र त्यसको साथै पैसाको रूपमा पूँजी, सूद र सूदखोरीको प्रचलन; २) उत्पादकहरूबीच मध्यस्थ वर्गका रूपमा व्यापारीहरूको उत्पत्ति; ३) जमिनमा निजी स्वामित्व र धितोको प्रादुर्भाव र ४) उत्पादनको प्रमुख स्वरूपको रूपमा दास-श्रमको उत्पत्ति। परिवारको एक नयाँ रूप – एकनिष्ठ विवाहले सभ्यताअनुकूल वस्तुको सार्वभौम रूपमा आफ्नो प्रभुत्व, अर्थात् महिलामाथि पुरुषको प्रभुत्व कायम गर्दछ र वैयक्तिक परिवारले समाजको आर्थिक एकाइको रूप लिन्छ। सभ्य समाजको संयोजक शक्तिको भूमिका राज्यले खेल्दछ, जो सबै उल्लेखनीय अवधिहरूमा केवल प्रभुत्वशाली वर्गको राज्य मात्र बन्दछ, र सबै अवस्थाहरूमा मूलतः उत्पीडित तथा शोषित वर्गको दमन गर्ने यन्त्रको रूप लिन्छ। सभ्यताका विभिन्न थप विशेषताहरू पनि छन्: एकातिर सम्पूर्ण सामाजिक



श्रम-विभाजनको आधारको रूपमा शहर र गाउँ बीचको विपरीतताको सुदृढीकरण हुन्छ; र अर्कोतिर इच्छापत्र प्रथा लागू हुन्छ, जसको सहायताले सम्पत्तिको मालिक आफ्नो मृत्युपछि पनि आफ्नो सम्पत्तिको प्रयोगमा हुकुम चलाउन सक्दछ। प्राचीन गोत्र प्रणालीसँग प्रत्यक्ष मेल नखाने किसिमको यो संस्था सोलोनको समयसम्म पनि एथेन्समा अज्ञात थियो; रोममा यसको स्थापना प्रारम्भिक कालमै भइसकेको थियो, तर यही संस्था कहिले भयो भन्ने कुराबारे हामीलाई थाहा छैन*; जर्मनहरूमा यस्तो संस्थाको स्थापना एउटा सिधा जर्मनले आफ्नो उत्तराधिकार कुनै अवरोधबिना गिर्जाघरलाई सुम्पन सकोस् भन्नाका लागि पादरीहरूले गरे।

यस्ता सिद्धान्तहरूको रूपमा आधारित सभ्ययुगले त्यस्ता कामहरू सम्पन्न गर्‍यो, जसको न्यूनतम हदसम्म पनि प्राचीन गोत्र समाज पूरा गर्न सकेको थिएन। तर यस युगले मानिसका नीचतम उत्तेजना र वासनाहरूलाई उक्साएर र उनका अन्य सम्पूर्ण प्रवृत्तिहरूको मूल्यमा ती कार्य सम्पन्न गर्‍यो। निकृष्ट लालचकै सभ्यताको पहिलो दिनदेखि आजसम्म नै त्यसको परिचालक शक्ति बन्दै आएको छ; धनसम्पत्ति, फेरि धनसम्पत्ति र फेरि पनि धनसम्पत्ति, त्यसमा पनि समाजको नभएर केही व्यक्तिहरूको तुच्छ

---

*लासालको कृति 'अर्जित अधिकारहरूको व्यवस्था' को दोस्रो भाग मुख्यतया यसै कुरामा केन्द्रित छ, मानौं रोमन इच्छापत्रप्रथा त्यत्ति नै पुरानो छ, जति स्वयम् रोम, रोमको इतिहासमा "इच्छापत्रप्रथाविनाको समय नै थिएन" र इच्छापत्रप्रथा प्राक्रोमन कालमा नै मृत व्यक्तिहरूप्रति सम्मान अभिव्यक्तिको रूपमा उत्पन्न भएको हो। एक पुरानो कट्टर हेगेलवादीको रूपमा रहेका लासालले रोमन कानुनी धाराहरूलाई रोमनवासीहरूका सामाजिक सम्बन्धहरूमा नभएर इच्छाको "काल्पनिक अवधारणा" मा आधारित भएर व्याख्या गरेका छन् र इतिहाससँग पटक्कै मेल नखाने उपरोक्त निष्कर्ष निकाल्न पुगेका छन्। त्यस हालका लेखक तिनै परिकल्पित अवधारणाहरूको आधारमा रोमनवासीहरूमा उत्तराधिकार प्रथाअन्तर्गतको सम्पत्ति हस्तान्तरण केवल गौण कार्य मात्र थियो भन्ने कुरा निष्कर्षमा पुग्दछन्, त्यो कुनै आश्चर्यजनक कुरा होइन। लासालले रोमन कानुनवेत्ताहरू, विशेषगरी प्रारम्भिक अवधिका रोमन कानुनवेत्ताहरूको भ्रामक अवधारणामा विश्वास गरेका मात्र होइनन्, अपितु त्यसलाई समेत नाघेर अगाडि बढेका छन्।

व्यक्तिको धनसम्पत्ति नै यस सभ्यताको एकमात्र निर्णायक उद्देश्य बन्यो। यदि यस क्रममा उक्त समाजको गर्भमा विज्ञानको बढोभन्दा बढी विकास हुँदै गयो र कलाको उच्च विकासका अवधिहरूसमेत दोहरिँदै आए भने पनि ती कुरा यसको लागि मात्र आए भने तिनको अभावमा धनसम्पत्ति संकलनको क्षेत्रमा आजको समयमा आएका उपलब्धिहरू असम्भव हुन्थे।

एक वर्गद्वारा अर्को वर्गको शोषण नै सभ्यताको आधार भएको हुँदा यसको सम्पूर्ण विकास निरन्तर अन्तर्विरोधको क्रममा हुन्छ। उत्पादनमा हुने एक पाइलो अघि सारिनुको अर्थ, त्यसको सँगसँगै शोषित वर्गको अर्थात् अत्यधिक बहुसङ्ख्याको अवस्थामा एक पाइलो पछि सार्नु पनि हुन्छ। एकका निम्ति को लागि भएको हुने पनि हित अर्कातिरको लागि अनिवार्य अहित बन्दछ, एउटा वर्गको प्रत्येक नयाँ स्वतन्त्रता अर्कोको लागि नयाँ बन्धन बन्दछ। यसको सबभन्दा ज्वलन्त उदाहरणको रूपमा मेसिनको प्रयोगलाई लिन सकिन्छ, जसको परिणाम सर्वविदितै छ। यदि बर्बरहरूको माझमा, जस्तो हामीले देख्यौं, अधिकारबाट कर्तव्यलाई छुट्याउन मुस्किलैले सकिन्थ्यो भने सभ्ययुगले मूर्खलाई समेत अधिकार र कर्तव्यबीचको भेद र भिन्नताबारे एउटा वर्गलाई प्राय सबै अधिकार प्रदान गरेर र अर्को वर्गमाथि प्राय सबै कर्तव्य थुपारिदिएर स्पष्ट पार्दछ।

तर यस्तो हुनु हुँदैन। जुन कुरा शासक वर्गको लागि हितकर छ त्यो कुरा समग्र समाजको लागि पनि हितकर हुनुपर्छ, जुन सत्ताधारी शासक वर्गले आफूलाई सबुत बनाउँदै आइरहेको हुन्छ। त्यसै कारणले जतिजति सभ्यता अगाडि बढ्दै जान्छ, त्यतिकै बढी उसले आफूले अनिवार्य रूपमा जन्माएका नकारात्मक प्रवृत्तिहरूलाई अनुरागको आवरणले ढाक्न, त्यसमा पुलपुर्याउ गर्न अथवा त्यसको मिथ्याख्यापन गर्न बाध्य हुन्छ, – एक शब्दमा भन्ने हो भने त्यो परम्परागत पाखण्डलाई व्यवहारमा प्रयोग गर्न थाल्दछ, जुन कुरा यसभन्दा पहिलेका सामाजिक अवस्थाहरूमा, र यहाँ सभ्यताको प्रारम्भिक चरणहरूमा समेत अवगत थिएन र जुन कुरा अन्ततोगत्वा निम्न कथनमा गएर आफ्नो उच्चतम बिन्दुमा पुग्दछ: शोषक वर्गले उत्पीडित वर्गको शोषण स्वयम् शोषित वर्गको हित संरक्षण गर्ने एक मात्र र विशिष्ट उद्देश्यले प्रेरित भएर गर्दछ र यदि शोषित वर्गले यो कुरा बुझ्दैन भने र उल्टा त्यसको विरुद्ध विद्रोहसमेत गर्न थाल्दछ भने यो कुरा आफ्ना शुभेच्छकहरू– शोषकहरूप्रतिको निकृष्टतम कृतघ्नताको परिचायक हो।*

* यसमा मेरो के विचार रहेको थियो भने सभ्यताबारे फोरियरको र मेरो आफ्नो समालोचनाबीचमै आर्ने पूर्वेका रचनाहरूमा ठाउँठाउँमा भेट्टाइने



अब अन्तमा मोर्गनको सभ्यतासम्बन्धी निर्णयलाई उद्धृत गरौं –

"सभ्यताको आगमनदेखिनै धनसम्पत्तिको वृद्धि यति विशाल, त्यसका रूपहरू यति विविध भए, त्यसको उपयोग यति व्यापक भयो र मालिकहरूका हितमा त्यसको परिचालन यति निपुणतापूर्वक गर्न थालियो, जसले गर्दा त्यो धनसम्पत्ति जनसाधारणको विरुद्ध र्थिकाएको एक अजेय शक्ति बनाइयो। मानव मस्तिष्क आफ्नै सृजनाको अगाडि किंकर्तव्यविमूढ र असहाय अवस्थामा उभिएको छ। तर त्यस्तो समय पनि आउने नै छ, जुन बेला मानव विवेक धनसम्पत्तिमाथि आफ्नो यश कायम गर्न सक्षम हुनेछ र जुन बेला त्यसले जसरी त्यो राज्य, जुन राज्यले त्यस सम्पत्तिको संरक्षण गरेको हुन्छ, को सम्पत्तिप्रतिको सम्बन्ध निर्धारित गर्नेछ, त्यसरी नै सम्पत्तिका स्वामीहरूको अधिकारको सीमा पनि निर्धारित गर्नेछ। समाजको हित व्यक्तिको हितभन्दा निःसन्देह माथि रहन्छ, र तिनीहरूबीच न्यायोचित तथा सामञ्जस्यपूर्ण सम्बन्धहरू स्थापित गरिनु पर्दछ। यदि प्रगति विगतको लागि जस्तै भविष्यको लागि पनि नियमको रूपमा रहन्छ भने केवल धनलोलुपता मात्र मानवजातिको अन्तिम उद्देश्य बन्दैन। सभ्यताको आगमनपछिको समय – यो मानवजातिले गुजारेको र अझै गुजार्नु पर्ने समयको एक सानो अंश मात्र हो। त्यस्तो ऐतिहासिक जीवनपद्धतिको समापन, जसको एक मात्र अन्तिम उद्देश्य धनसम्पत्ति रहन्छ, ले हामीसामु समाजको विध्वंसको खतरा उत्पन्न गर्दछ, किनभने त्यस्तो जीवनपद्धतिमा आफ्नो विध्वंसका तत्वहरू सन्निहित रहन्छन्। प्रशासन व्यवस्थामा जनतन्त्र, समाजभित्र बन्धुत्वको भावना, अधिकारहरूमा समानता तथा सार्वजनिक शिक्षाले समाजको आगामी उच्च चरणलाई आलोकित गर्नेछन्, जसको प्राप्तिको लागि अनुभव, बुद्धि र विज्ञान अविरल प्रयत्नशील रहन्छन्। यो समाजमा प्राचीन गोत्रहरूको स्वतन्त्रता, समानता र बन्धुत्वको पुनर्जन्म हुनेछ, तर केवल उच्च रूपमा।" (मोर्गन, 'प्राचीन समाज,' पृष्ठ ५५२)

सभ्यताको उत्कृष्ट समालोचनालाई पनि प्रस्तुत गर्छ। दुर्भाग्यवश मर्गेस ग्रन्थमा लागिरहने समय थिएँ। उदाहरणको लागि भन्नु भने, फुरियेका लागि एकनिष्ठ विवाह र भूस्वामित्व सभ्यताका विशिष्ट लक्षण बन्दछन्, र उनले सभ्यतालाई धनीहरूको गरिबविरुद्ध संचालित युद्धको नाम दिएका छन्। त्यसरी नै हामी उनमा के कुराको गहिरो समझदारी पनि भेट्टाउँदछौं भने सबै अपूर्ण र आपसी अन्तर्विरोधले छिन्नभिन्न भएका समाजहरूमा फुट्टाफुट्टै परिवारहरू (les familles incohérentes) आर्थिक एकाइको रूपमा रहेका हुन्छन्।

## टिप्पणीहरू

१. यहाँ लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकबारे कार्ल मार्क्सले तयार पार्नुभएको सारांशको चर्चा गरिएको हो। –पृ० ६

२. E. A. Freeman. «Comparative Politics», London, 1873 –पृ० १०

३. L. H. Morgan, «Ancient Society», London, 1877, p. 19-28 –पृ० २७

४. **पुएब्लो** – नयाँ मेक्सिको (वर्तमान संयुक्त राज्य अमेरिकाको दक्षिण-पश्चिमी भाग र उत्तरी मेक्सिको) मा बसोबास गरेका र ऐतिहासिक तथा सांस्कृतिक समानताद्वारा गाँसिएका उत्तर अमेरिकाली इन्डियन प्रजातिहरूको एक समूहको नाम। स्पेनी भाषाको pueblo (जनता, बस्ती, समुदाय) शब्दबाट उत्पन्न भएको यो नाम स्पेनी विजेताहरूले ती प्रजाति तथा तिनका बस्तीहरूको चरित्र-अनुरूप राखेका थिए। ती बस्तीहरू हजार जनासम्म अटाउने पाँच-छ तलासम्म भएका सहरजस्ता देखिने ठूलाठूला सामुदायिक घरहरूबाट बनेका हुन्थे। ती प्रजातिहरूका बस्तीहरूलाई बोध गराउन पनि यही शब्द प्रयोग गरिन्थ्यो। –पृ० ३१

५. यहाँ एङ्गेल्सले गायस जुलियस सेजरको 'गालिको युद्धसम्बन्धी संक्षिप्त विवरण' र टासिटस पुब्लियस कार्नेलियसको 'जर्मनी' नामक कृतिहरूको उल्लेख गर्नुभएको हो। –पृ० ३३

६. L. H. Morgan, «Ancient Society», London, 1977, p. 435

७. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश' –पृ० ३७

८. झोफुरको यो उक्ति A. Giraud-Teulon को «Les origines du



mariage et de la famille», Genève, Paris, 1884, p. XV ('विवाह र परिवारको उत्पत्ति', जेनेभा, पेरिस, सन् १८८४, पृ० १५) मा उद्धृत गरिएको छ। –पृ० ४०

९. Ch. Letourneau. «L'évolution du mariage et de la famille», Paris, 1888, p. 41 –पृ० ४०

१०. E. Westermarck. «The History of Human Marriage», London and New York, 1891, p. 70-71 –पृ० ४१

११. मार्क्सको यो चिठी मेरा नजिको छैन। ११ अप्रिल १८८४ मा काउत्स्कीलाई लेख्नुभएको चिठीमा एङ्गेल्सले यस चिठीको उल्लेख गर्नुभएको हो। –पृ० ४२

१२. यहाँ रिचर्ड वागनरको 'निबेलुङहरूको औँठी' ओपेरा नाटकको मूलपाठको उल्लेख गरिएको हो। यो मूलपाठ स्वयम् संगीतकारले स्कैन्डिनेभियाली महाकाव्य 'एड्डा' तथा जर्मन 'निबेलुङहरूको गीत'को आधारमा लेखेका थिए। हेर्नुहोस्, R. Wagner. «Der Ring des Nibelungen, erster Tag, die Walküre», Zweiter Aufzug (आर० वागनर, 'निबेलुङहरूको औँठी, पहिलो दिन, वाल्किरिया', दोस्रो अङ्क)।

'निबेलुङहरूको गीत' – तथाकथित "जनताहरूको विशाल प्रयाण" (३-५ शताब्दी) कालका प्राचीन जर्मन किंवदन्तीहरू र लोक कथाहरूको आधारमा लेखिएको महान जर्मन वीरकाव्य-स्मृति। यसको वर्तमान रूपमा यो काव्य सन् १२०० तिर रचिएको थियो। –पृ० ४६

१३. एङ्गेल्सले वागनरका गुरु कार्नेली मित्र तथा प्रशंसकको चर्चा गर्नुभएको छ, उनी कार्नेली समाजवादी कार्ल योजे हुन्।

'एड्डा' – स्कैन्डिनेभियाली जनताहरूका पौराणिक किंवदन्तीहरू, वीर-गाथाहरू र गीतहरूको सङ्कलन। तेह्रौँ शताब्दीको हस्तलिखित प्रतिको रूपमा एउटा सङ्कलन सन् १६४३ मा आइसल्याण्डका पादरी स्वेइन्सोनले पत्ता लगाए (तथाकथित 'जेठी एड्डा')। अर्को सङ्कलन (तथाकथित 'कान्छी एड्डा') तेह्रौँ शताब्दीको प्रारम्भमा कवि तथा इतिहासकार स्नोरी स्टुर्लुसोनले

स्काल्डहरूको गीत सङ्ग्रहको रूपमा तयार पारे। 'एड्डा' काव्यहरूमा पौराणिक कथाहरू र जनताहरूको बसोबासको समयमा स्केन्डिनेभियाली समाजको अवस्था प्रतिबिम्बित हुन्छ। यी काव्यहरूमा प्राचीन जर्मन लोककथाका विभिन्न कथाहरू तथा विषयवस्तुहरूको प्रतिबिम्ब पाइन्छ।

**'एगिसड्रेक्का'** – 'जेठी एड्डा' को एउटा गीत। यस सङ्कलनका पछिल्ला संस्करणहरूमा पाइन्छ। एन्गेल्सले यहाँ त्यस गीतको ३२ देखि ३६ औं पङ्क्तिसम्म उद्धृत गर्नुभएको छ। – पृ० ४६

१४. **आस र भान** – स्केन्डिनेभियाली पौराणिक कथाहरूमा देवताहरूका दुई समूहहरूको नाम।

**'इङ्गलिङ्ग गीतगाथा'** – प्राचीन आइसल्याण्डका मध्ययुगीन कवि तथा इतिहासकार स्नोरी स्टुर्लुसोनले तेह्रौं शताब्दीमा पुरातन नर्वेली राजाहरूसित सम्बन्धित ऐतिहासिक घटनाक्रम तथा आइसल्याण्डेली एवम् नर्वेली राजवंशहरूको गाथाको आधारमा सङ्कलन गरेका «Heimskringla» ('विश्ववृत्त'), नर्वेली राजाहरूसम्बन्धी पुस्तकको पहिलो गाथा (प्राचीन कालदेखि तेह्रौं शताब्दीसम्म)। एन्गेल्सले यस गाथाको चौथो भाग उद्धृत गर्नुभएको छ। – पृ० ४६

१५. L. H. Morgan, «Ancient Society», London, 1877, p. 425 – पृ० ४७

१६. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश'। – पृ० ५०

१७. यहाँ ती विवाहवर्गहरू अर्थात् शाखाहरू – विशिष्ट गुटहरूबारे चर्चा गरिएको हो, जसमा अष्ट्रेलियाली प्रजातिहरू विभाजित थिए। प्रत्येक समूहका पुरुषहरू अर्को निश्चित समूहका स्त्रीहरूसित मात्र विवाह गर्न सक्थे। प्रत्येक प्रजातिमा चारदेखि आठवटासम्म यस्ता समूहहरू हुन्थे। – पृ० ५०

१८. सेजर, 'गालिको युद्धसम्बन्धी संक्षिप्त विवरण', पाँचौं खण्ड, अध्याय १४। – पृ० ५१

१९. L. H. Morgan, «Systems of Consanguinity and Affinity of the Human Family», Washington, 1871 – पृ० ५२



२०. फाइसनले होविटसित मिलेर गरेका अनुसन्धानहरूका निष्कर्षहरू निम्न पुस्तकमा प्रस्तुत गरिएका छन् – L. Fison and A. W. Howitt, «Kamilaroi and Kurnai», Melbourne, Sydney, Adelaide and Brisbane, 1880 – पृ० ५३

२१. L. H. Morgan, «Ancient Society», London, 1877, p. 459 – पृ० ५८

२२. एन्गेल्सले यहाँ मोर्गनको पुस्तक «Ancient Society» मा प्रस्तुत गरिएको आ० राइटले १६ मे १८७४ मा लेखेको पत्र उद्धृत गर्नुभएको हो। – पृ० ६०

२३. **सातुर्नालिया** – प्राचीन रोममा मकरसङ्क्रान्तिको समयमा खेतीपाती उब्जाउनेलगायत शनि देवताको सम्मानमा मनाइने वार्षिक महोत्सव। यस महोत्सवकालमा जताततै भोजभतेर र मेला-पीतहरू हुने गर्थे; सातुर्नालियाहरूमा दासहरूले पनि भाग लिन पाउँथे र उनीहरूलाई स्वतन्त्र नागरिकहरूसित एउटै टेबलमा बस्ने अनुमति दिइन्थ्यो। सातुर्नालिया महोत्सवको बेलामा मानिसहरूले पूर्ण यौन-स्वतन्त्रता पाएका हुन्थे। "सातुर्नालिया" शब्द नियमित रूपमा आयोजना गरिने ठाडो र स्वच्छन्द यौन-लीलाको पर्यायवाचक बन्यो। – पृ० ६१

२४. यहाँ २१ अप्रिल १४८६ मा स्पेनका राजा फर्डिनान्ड पञ्चम क्याथोलिकले कातालोनियामा भएको किसान विद्रोहको दबाबमा परेर दिएका तथाकथित 'ग्वाडेलुप फैसला' को चर्चा गरिएको हो। यस फैसलामा राजाले किसान तथा जमिनदारहरूका बीचमा मध्यस्थता गरेका थिए। उपर्युक्त फैसलाअनुसार किसानहरूलाई भूमिसँग बाँधिएर राख्ने प्रथा खारेज गरियो र किसानहरूको लागि असह्य भएका सामन्ती विशेषाधिकारहरू तथा पहिलो रातीको अधिकारसमेत जमिनदारहरूबाट खोसिए। यसको साटो किसानहरूले मुआब्जाको रूपमा ठूलो रकम तिर्नुपर्ने भयो। – पृ० ६४

२५. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश' – पृ० ६८

२६. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश' – पृ० ६८

२७. L. H. Morgan: «Ancient Society», London, 1877, p. 465-466—पृ० ६६

२८. L. H. Morgan. «Ancient Society», London, 1877, p. 470—पृ० ७०

२९. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश'—पृ० ७०

३०. पारीस्कानको 'प्रावदा'—'रूस्काया प्रावदा' को प्राचीन पाठको पहिलो भाग, प्राचीन रूसको विधिसंहिता। त्यस बेलाका सामान्य नियम—कानूनहरूको आधारमा बनाइएको र तत्कालीन आर्थिक एवम् सामाजिक सम्बन्धहरू प्रतिबिम्बित गर्ने यो संहिता ११ औं र १२ औं शताब्दीतिर देखापरेको थियो।—पृ० ७१

३१. डाल्मातियाली कानूनहरू—पन्ध्रौं-सत्रौं शताब्दीहरूमा पोलित्स (डाल्मातियाको एक हिस्सा) मा प्रचलित ऐन-कानून सङ्ग्रह। पोलित्स विधानको नामले विख्यात।—पृ० ७१

३२. उक्त विवरणबारे म्याक्सिम कोभालेभ्स्कीको 'कुलसमाज' पुस्तकको पाँचौं खण्ड, प्रथम अध्यायमा हेर्नोस्।—पृ० ७२

३३. Calpullis—स्पेनले मेक्सिकोमाथि विजय प्राप्त गर्ने बेलातिर बस्तिहरूमा रहेको इण्डियनहरूको एक कुटुम्ब-समुदाय। प्रत्येक कुटुम्ब-समुदाय (calpulli) का सबै सदस्यहरू एउटै पुर्खाका थिए, सामूहिक जमिन हुन्थ्यो र यो जमिन बेच-बिखन गर्न अथवा उत्तराधिकारीहरूका बीचमा बाँडफाँड गर्न पाइँदैनथ्यो। आलोन्सो डे सुरिताले आफ्नो «Rapport sur les différentes classes de chefs de la Nouvelle-Espagne, sur les lois, les moeurs des habitants, sur les impôts établis avant et depuis conquête, etc, etc.» ('नयाँ स्पेनका विभिन्न तहका मुखियाहरूबारे, बासिन्दाहरूका रीति-रिवाजहरूबारे, विजयपहिले र विजयपश्चात् निर्धारित कर-व्यवस्थाबारे, इत्यादि, इत्यादि') पुस्तकमा Calpullis को वर्णन गरेका छन्।—पृ० ७२

३४. २० देखि २७ अक्टोबर र ३ नोभेम्बर १८६० मा «Ausland»



पत्रिकामा प्रकाशित हेनरिख लुनोको «Die altperuanischen Dorf- und Markgenossenschaften» ('प्राचीन पेरूवाली ग्रामीण एवम् मार्कीय समुदायहरू') नामक लेखको यहाँ चर्चा गरिएको हो।

«Das Ausland» ('बाह्य देशहरू')—भूगोलशास्त्र, नृवंशशास्त्र र प्रकृतिविज्ञानसम्बन्धी जर्मन पत्रिका। सन् १८२८ देखि १८९३ सम्म प्रकाशित; सन् १८७३ देखि स्टुटगार्टबाट प्रकाशित।—पृ० ७२

३५. नेपोलियनको शासनकालमा सन् १८०४ देखि लागू भएको मुलुकी ऐनको दफा २३० बारे चर्चा गरिएको हो।—पृ० ७४

३६. हेर्नोस्, कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश'।—पृ० ७६

३७. Homer, «Odyssey», I—पृ० ७४

३८. Aeschylus. «Oresteia. Agamemnon»—पृ० ७४

३९. प्लुटार्क, 'लासेडेमोनियावासीहरूका उक्तिहरू', पाँचौं अध्याय; त्यसैगरी हेर्नोस्; G. F. Schoemann. «Griechische Alterthümer», Bd. I, Berlin, 1855, S. 268 —पृ० ७५

४०. स्पार्टीएट्स—प्राचीन स्पार्टाका पूर्णाधिकारसम्पन्न नागरिक।
हिलोट—प्राचीन स्पार्टाका अधिकारहीन बासिन्दाहरूको एक वर्ग। जमिनसँग बाँधिएका यी भूदासहरूले स्पार्टाका जमिनदारहरूको निम्ति निश्चित काम गर्नुपर्थ्यो। हिलोटहरू र दासहरूको स्थितिमा कुनै वास्तविक अन्तर थिएन।—पृ० ७५

४१. Aristophanes. «Thesmophoriazusae»—पृ० ७७

४२. हेरोडोटस, 'इतिहास', खण्ड ७, अध्याय १०३; त्यसैगरी हेर्नोस्, W. Wachsmuth. Hellenische Alterthumskunde aus dem Gesichtspunkte des Staates, Th. II, Abth. II, Halle, 1830, S. 77—पृ० ७७

४३. Euripides. «Orestes»—पृ० ७७

४४. एंगेल्सले यहाँ मार्क्स र उहाँले संयुक्त रूपमा लेख्नुभएको कृति 'जर्मन विचारधारा' मा प्रकट गरिएको विचार प्रस्तुत गर्नुभएको हो।—पृ० ७८

४५. L. H. Morgan. «Ancient Society», London, 1877, p. 504

४६. हायरड्यूलहरू (hierodule)—प्राचीन युनान तथा युनानी उपनिवेशहरूमा देवमन्दिरहरूको अधीनमा रहेका दासदासीहरू। नारी-हायरड्यूलहरू, जो देवदासीहरू धेरै जसो, विशेषतः एसिया माइनर र कोरिन्थका मन्दिरहरूमा वेश्या-जीवन बिताउँथे।—पृ० ७६

४७. Tacitus. «Germania», XVIII-XIX—पृ० ८२

४८. एम्मियानस मार्सेलिन, '३१ वर्षीय इतिहास', खण्ड ३१, अध्याय ९; प्रोकोपियस अफ सिजरिया, 'गोथहरूसितको लडाईं', खण्ड २, अध्याय १४।—पृ० ८३

४९. एघारौं शताब्दीको अन्तदेखि तेह्रौं शताब्दीको शुरूसम्म दक्षिणी फ्रान्सका चारणहरूले रचेका कविताहरू।—पृ० ८३

५०. Ch. Fourier. «Théorie de l'unité universelle», vol. III, 2-me éd., Oeuvres complètes, T. IV, Paris, 1841, p. 120—पृ० ८५

५१. «Nibelungenlied», Song X—पृ० ९३

५२. H. S. Maine. «Ancient Law: its Connection with the Early History of Society, and its Relation to Modern Ideas»—पृ० ९४

५३. हेर्नुस्, कार्ल मार्क्स र फ्रेडरिख एंगेल्स, 'कम्युनिस्ट पार्टीको घोषणा-पत्र', प्रगति प्रकाशन, मास्को, सन् १९८२, प्रथम अध्याय।—पृ० ९५

५४. L. H. Morgan. «Ancient Society», London, 1877, p. 491-492—पृ० ९६

५५. हेर्नुस्, टिप्पणी १६



५६. यहाँ एंगेल्सले मार्क्सको 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश' अनुसार यो उद्धरण प्रस्तुत गर्नुभएको हो। (हेर्नुस्, L. H. *Morgan*. «Ancient Society», London, 1877, p. 85-86)—पृ० १०३

५७. सन् १५१९-१५२१ मा स्पेनद्वारा मेक्सिकोमाथि प्राप्त विजय।—पृ० १०७

५८. L. H. *Morgan*. «Ancient Society», London, 1877, p. 115—पृ० १०९

५९. Tacitus. «Germania»—पृ० ११०

६०. 'तटस्थ जाति'—सत्रौं शताब्दीमा इरी तालको उत्तरी किनारमा बसोबास गर्ने इरोक्वाहरूसित मिल्दाजुल्दा केही इण्डियन प्रजातिहरूद्वारा स्थापित सामरिक सङ्गठन। वास्तविक इरोक्वा जाति र हुरोन जातिका बीचमा भएका लडाईंहरूमा तिनीहरूले तटस्थ नीति लिएका हुनाले फ्रान्सेली उपनिवेशकहरूले तिनीहरूको लागि 'तटस्थ जाति' नाम प्रयोग गरेका थिए।—पृ० ११६

६१. यहाँ जुलु जाति र नुबियन जातिले बेलायती उपनिवेशवादीहरूको विरुद्ध चलाएको मुक्ति सङ्ग्रामको चर्चा गरिएको हो।

जनवरी १८७९ मा अङ्ग्रेजहरूको हमलापछि राजा चेत्सवायोको नेतृत्वमा जुलु जातिले ६ महिनासम्म ठूलो वीरतासाथ अङ्ग्रेजहरूको विरुद्ध लडे। कैयौं लडाईंहरूपछि र आफ्ना उत्कृष्ट हतियारहरूको बलमा मात्र अङ्ग्रेजहरूले विजय प्राप्त गर्न सके। धेरै समयपछि, सन् १८८७ मा मात्रै अङ्ग्रेजहरूले जुलुहरूलाई पूर्णतः अधीन बनाउन सफल भए। अङ्ग्रेजहरूले अनेक षड्यन्त्रहरूद्वारा विभिन्न प्रजातिहरूलाई एक अर्काको विरुद्ध लडाए र यस्ता आन्तर-जातीय लडाईंहरू धेरै वर्षसम्म जारी रहे। यो सब कुरा अङ्ग्रेजहरूको विजयमा सहायक बने।

नुबियनहरू, अरबहरू तथा सुडानका अन्य जातिहरूले मौलवी मुहम्मद अहमदको नेतृत्वमा सन् १८८१ मा राष्ट्रिय मुक्ति सङ्ग्राम शुरू गरेका थिए। यो मौलवी आफूलाई "महदी" अथवा "मुक्ति-दाता" भन्थे। आठौं दशकको शुरुदेखि सुडानभित्र बस्न थालेका

THE ORIGIN OF THE FAMILY, PRIVATE

वेलाको औपनिवेशिक सेनालाई सन् १८५३-१८८३ सम्ममा युनान-बाट भगाउने र लगभग सम्पूर्ण युनानी भूमिलाई विदेशी आधिपत्यबाट मुक्त गरियो। यस विद्रोहको फलस्वरूप एक स्वतन्त्र केन्द्रीय सत्तादेवेको राज्यको स्थापना भयो। परन्तु विभिन्न जातिहरूका बीचको आन्तरिक कलहको फलस्वरूप छिटै यो राज्य आन्तरिक रूपमा अति कमजोर भयो र अबर्डेवहरूले यस कमजोरीको लाभसाथै आफ्नो उत्कृष्ट सैनिक शक्तिको प्रयोग गर्दै सन् १८८६ मा युनानमाथि पूर्ण विजय प्राप्त गरे। –पृ० ११५

६२. G. Grote «A History of Greece», vol. I-XII –पृ० ११८

६३. यहाँ एन्गेल्सले ड्युबुलियसको विरुद्ध डेमस्थिनसले व्यायालयमा दिएको भाषणको चर्चा गर्नुभएको हो। यस भाषणमा कुनै गोत्रको मृत व्यक्तिलाई त्यसै गोत्रको चिहानमा गाड्नै पाइने प्राचीन प्रथाको उल्लेख गरिएको छ। –पृ० ११६

६४. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश' –पृ० ११६

६५. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश' –पृ० १२१

६६. G. Grote. «A History of Greece», A New Ed., vol. III. London, 1869, p. 66 –पृ० १२१

६७. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश' –पृ० १२१

६८. G. Grote. «A History of Greece», A New Ed., vol. III. London, 1869, p. 60 को उद्धरण मार्क्सले आफ्नो रचना 'लुइस मोर्गनको "प्राचीन समाज' नामक पुस्तकको सारांश' मा कोष्ठमा आफ्ना टिप्पणीहरूसहित प्रस्तुत गर्नुभएको थियो। –पृ० १२२

६९. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश' –पृ० १२२

७०. G. Grote. «A History of Greece», A New Ed., vol. III. London, 1869, p. 58-59 –पृ० १२३



७१. Homer, «Iliad», Ode II –पृ० १२३

७२. Dionysius of Helicarnassus «Roman Ancient History», vol. II, ch. 12 –पृ० १२४

७३. Aeschylus «Seven against Thebes» ('थिबिसको विरुद्धमा सात जना') –पृ० १२४

७४. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश'। यो उद्धरण L. H. Morgan को «Ancient Society» बाट लिएको हो। हेर्नोस्, उक्त पुस्तकको पृष्ठ २४८। –पृ० १२४

७५. Homer, «Iliad», Ode II –पृ० १२५

७६. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश' –पृ० १२७

७७. Thucydides «The History of the Peloponnesian War», vol. I, ch. 13 –पृ० १२७

७८. Aristotle «Politics», III, ch. 10 –पृ० १२८

७९. यहाँ एथेन्सका चतुर्थ श्रेणीका नागरिकहरू अर्थात् थेटहरू (स्वतन्त्र तथा निर्धनहरू) लाई नागरिक सेवाका विभिन्न पदहरूमा नियुक्त हुन पाउने अधिकार प्रदान गर्ने सम्बन्धमा चर्चा आएको छ। यस-सम्बन्धी थप विवरणहरू आरिस्तिदस (चौथो शताब्दी ई० पू०) का कृतिहरूमा पाइन्छन्। पृ० १३६

८०. यहाँ स्थायी रूपमा आटिकामा बसोबास गर्ने तथाकथित "मेटिक-हरू" अर्थात् विदेशीहरूको विषयमा चर्चा गरिएको हो। स्वतन्त्र भई तापनि उनीहरूलाई एथेन्सको नागरिकले उपभोग गर्ने अधिकार-हरू (सार्वजनिक सेवासम्बन्धी पदहरूमा नियुक्त हुने अधिकार, जनसभाहरूमा भाग लिने अधिकार, अचल सम्पत्ति राख्न पाउने अधिकार, इत्यादि) प्राप्त थिएनन्। उनीहरू मुख्यतया शिल्पकला तथा व्यापार व्यवसायमा संलग्न थिए; उनीहरूले विशेष कर तिर्नु-पर्दथ्यो र कुनै पूर्णअधिकारसम्पन्न नागरिकको संरक्षण प्राप्त गर्नुपर्दथ्यो र यी "संरक्षकहरू" मार्फत मात्र उनीहरू कुनै प्रशास-निक संस्थामा निवेदन दिन सक्दथे। –पृ० १३६

८१. ५१०-५०७ ई० पू० मा आल्कमेयोनिड वंशका उत्तराधिकारी क्लिस्थिनसले पुरानो वंशका कुलीनहरूको आधिपत्यविरुद्ध एथेन्सका जनताको सङ्घर्षको नेतृत्व गरेका थिए। त्यस विद्रोहको फलस्वरूप कुलीनहरूको आधिपत्यको अन्त्य भयो र गोत्र प्रथाहरूका अवशेषहरूको उन्मूलन गर्ने उद्देश्यले विभिन्न सुधारहरू गरिए। – पृ० १४०

८२. L. H. Morgan. «Ancient Society», London, 1877, p. 271 – पृ० १४०

८३. ५६० ई० पू० एउटा ठाउँ उत्तिएकको कुलीन गोत्रको उत्तराधिकारी पिसिस्ट्राटसले एथेन्सको सत्ता कब्जा गरे र एकतन्त्रीय निरङ्कुश शासनको स्थापना गरे। त्यो सत्ता वंशानुगतरूपमा (पिसिस्ट्राटस एथेन्सबाट दुईपटक निष्कासित भएर पनि फेरि फर्केका थिए) ई० पू० ५२७ मा पिसिस्ट्राटसको मृत्युपश्चात र त्यसपछि पनि ई० पू० ५१० सम्म कायम रह्यो, उनका छोरा हिप्पियस निष्कासित भएपछि तुरुन्तै एथेन्समा क्लिस्थिनसको नेतृत्वमा दासकालीन प्रजातान्त्रिक सत्ता स्थापित भयो। कुलीन वंशको विरुद्ध निम्न तथा मध्यम वर्गीय जमिनदारहरूको हितको संरक्षणउन्मुख पिसिस्ट्राटसको क्रियाकलापले एथेन्स राज्यको राजनीतिक बनोटमा कुनै विनाशकारी परिवर्तन ल्याउन सकेन। – पृ० १४३

८४. 'द्वादश विधि संहिता' – प्राचीनतम रोमन कानुन-सङ्ग्रह। ई० पू० पाँचौं शताब्दीको मध्यावधिमा पेट्रिसियनहरूका विरुद्ध प्लेबियनहरूले गरेको सङ्घर्षको फलस्वरूप पुस्तकबद्ध गरिएको यस सङ्ग्रहले त्यसपछि रोममा प्रचलित सामान्य कानुनको स्थान लियो। यस कानुन-सङ्ग्रहले आर्थिक विषमताको आधारमा विभाजन, दासप्रथाको विकास तथा दासप्रथात्मक राज्यको निर्माण प्रक्रियालाई अभिव्यक्त गर्दछ। यो कानुन-सङ्ग्रह १२ वटा तालिकाहरूमा विभाजित थियो। – पृ० १४४

८५. वारसद्वारा नेतृत्व रोमन आक्रमणकारी सैन्य र जर्मन प्रजातिहरूबीच ट्युटोबर्गको जङ्गलमा भएको युद्ध (९ ई० पू० मा)। यस युद्धमा रोमनहरू पूर्णतः पराजित भए र तिनका सेनापति पनि मारिए। – पृ० १४५

८६. आपियस क्लाउडियस ४५१ र ४५० ई० पू० मा दशसदस्यीय



आयोगमा नियुक्त भएका थिए। त्यस आयोगलाई 'द्वादश विधि संहिता' नामले प्रसिद्ध कानुन-सङ्ग्रहको मस्यौदा गर्ने अधिकार सुम्पिएको थियो। त्यस अवधिको लागि उक्त आयोग सर्वाधिकारसम्पन्न थियो। सो अवधि समाप्त भएपछि आपियस क्लाउडियसले आयोगका अन्य सदस्यहरूसँग मिलेर जबरजस्ती आयोगको समयावधि ४४९ ई० पू० सम्म बढाउने प्रयास गरेका थिए। परन्तु आयोगका सदस्यहरूको, विशेषतः आपियस क्लाउडियसको यो स्वेच्छाचार तथा दमन नीतिको विरुद्ध प्लेबियनहरूले विद्रोह गरे र तिनलाई पदच्युत गरे। आपियस क्लाउडियसलाई बन्दी बनाइयो र केही समयपछि नै जेलमा उनको मृत्यु भयो। – पृ० १४६

८७. दोस्रो प्युनिक युद्ध (२१८-२०१ ई० पू०) – प्राचीन युगका दुई विशालतम दास प्रथात्मक राज्यहरू – रोम तथा कार्थेजबीचको बीचमा पश्चिमी भूमध्यसागरीय प्रदेशमाथि आधिपत्य स्थापना गर्ने, नयाँ भूभागहरू कब्जा गर्ने र नयाँ दासहरू प्राप्त गर्नको लागि भएको एक युद्ध। यस युद्धमा कार्थेजिनिस पराजित भयो। – पृ० १४६

८८. यहाँ एन्गेल्सले युनानी गोत्रबारे मार्क्सले गर्नुभएको टिप्पणी उद्धृत गर्नुभएको हो। – पृ० १४७

८९. Titus Livius. «History of Rome from its Foundation» – पृ० १४८

९०. B. G. Niebuhr. «Römische Geschichte», Th. I-III – पृ० १४९

९१. Th. Mommsen. «Römische Geschichte», Bd. 1, Buch 1, Kap. 5 – पृ० १५३

९२. Dureau de La Malle. «Économie politique des Romains», T. I-II, Paris, 1840. यहाँ पुस्तकको प्रथम खण्डको अन्त्यमा प्रस्तुत पुरानो तथा नयाँ नापतौलका तुलनात्मक तालिका एवम् मौद्रिक एकाइहरूको चर्चा गरिएको हो। – पृ० १५५

९३. अङ्ग्रेजहरूले सन् १२८३ मा वेल्समाथि विजय प्राप्त गरेका थिए, यद्यपि त्यस विजयपश्चात् पनि वेल्समा स्वायत्त शासन कायमै रह्यो; सोह्रौं शताब्दीको मध्यावधिमा मात्र पूर्णतः बेलायतमा सम्मिलित भयो। – पृ० १५७

THE ORIGIN OF THE FAMILY & PRIVATE

९४. सन् १८६९-१८७० मा एंगेल्सले आयरल्याण्डको इतिहाससम्बन्धी एउटा बृहत् कृति लेख्न थाल्नुभएको थियो, जुन कृति पूरा हुन सकेन। यहाँ केल्टहरूको इतिहासको अध्ययनको सन्दर्भमा प्राचीन आयरिश कानूनहरूको पनि विश्लेषण गर्नुभएको थियो।—पृ० १५८

९५. «Ancient Laws and Institutes of Wales», vol. I, 1841, p. 93—पृ० १५९

९६. सन् १८९१ को सेप्टेम्बर महिनामा एंगेल्सले स्कटल्याण्ड तथा आयरल्याण्डको भ्रमण गर्नुभएको थियो।—पृ० १६०

९७. सन् १७४५-१७४६ मा स्कटल्याण्डमा बेलायती तथा स्कटल्याण्डकी कुलीन भूमिपतिहरू तथा पूँजीपतिहरूको स्वार्थमा भएको थिचोमिचो तथा नमिल बोझाइको विरुद्ध पहाडी गोत्रहरूले विद्रोह गरेका थिए। पहाडीहरूले पुरानो गोत्रीय व्यवस्था कायम राख्ने ध्येयले संघर्ष गरेका थिए। पहाडी स्कटल्याण्डका केही कुलीनहरू सामन्ती पितृसत्तात्मक गोत्रीय प्रणालीको संरक्षण गर्ने तथा अङ्ग्रेजहरूको गद्दीमा स्टुअर्ट वंशलाई पुनर्स्थापित गर्ने कामलाई त्यस विद्रोहको लक्ष्यस्वरूप प्रस्तुत गर्ने ध्येयले प्रेरित थिए र तिनले पहाडीहरूको असन्तोषलाई उपयोग गरेका थिए। विद्रोहीहरूको सेनाले शुरूमा तात्कालिक सफलता प्राप्त गरे तापनि पछि त्यसलाई दबाइयो। विद्रोहको दमनको फलस्वरूप पहाडी स्कटल्याण्डको गोत्रप्रणाली नष्ट पारियो; गोत्रको जमिनमाथिको अधिकारका अवशेषहरू उन्मूलन गरिए, स्कटल्याण्डका किसानहरूलाई बसोबास गरेको जमिनबाट खेद्ने प्रक्रिया बढेर गयो, गोत्रीय अदालत खारेज गरिए र केही गोत्रीय रीतिरिवाजहरू पनि प्रतिबन्धित भए।—पृ० १६१

९८. L. H. Morgan. «Ancient Society», 1877, p. 357, 358 पृ० १६२

९९. Beda Venerabilis. «Historia ecclesiastica gentis Anglorum»—पृ० १६२

१००. Caesar. «Commentarii de Bello Gallico», vol. VI, ch. 22—पृ० १६२



१०१. 'अलेमान्नी कानून'—जर्मनीका अलेमान्न (अलमान) हरूका जनजातीय संघको सामान्य कानून संग्रह। पाँचौं शताब्दीको शुरूदेखि आधुनिक एल्सास, पूर्वी स्विट्जरल्याण्ड तथा दक्षिण-पश्चिमी जर्मनीका भूभागहरू यस संघअन्तर्गत पर्न गए। छैटौं शताब्दीको अन्त्य-सातौं शताब्दीको आरम्भ र आठौं शताब्दीमा यस कानून संग्रहको रचना भएको थियो। एंगेल्सले यहाँ उक्त कानून-संग्रहको धारा ८१ को चर्चा गर्नुभएको हो।—पृ० १६२

१०२. यहाँ माक्सिम माक्सिमोविच कोभालेभ्स्कीका कृतिहरू 'प्राचीन कानून', खण्ड १, 'गोत्र', मास्को, सन् १८८६ र «Tableau des origines et de l'évolution de la famille et de la propriété», Stockholm, 1890 को चर्चा गरिएको हो।—पृ० १६२

१०३. 'हिल्डेब्राण्डको गीत'—वीरगाथा तथा आठौं शताब्दीको प्राचीन जर्मन महाकाव्य, यसका केही अंशहरू मात्र प्राप्त छन्।—पृ० १६३

१०४. Tacitus. «Germania», VII—पृ० १६४

१०५. Diodorus Siculus. «Historical Library», IV, ch. 34, 43-44—पृ० १६५

१०६. «Völuspa» ('दिव्यदर्शिनीको भविष्यवाणी')—'जेठी एड्डा' (हेर्नुहोस् टिप्पणी ९१)।—पृ० १६५

१०७. सिभिलिसको नेतृत्वमा रोमन आधिपत्यको विरुद्ध जर्मन तथा गालीय जनजातिहरूले चलाएको विद्रोह। यो विद्रोह कर-वृद्धि, सेनाभर्तीमा थप जबरजस्ती तथा रोमना हाकिमहरूको दुर्व्यवहारले गर्दा सन् ६९-७० (केही स्रोतहरूअनुसार सन् ६९-७१) मा उत्पन्न भएको थियो, त्यसले गालियाको धेरै भाग र रोमको प्रभुत्व रहेका जर्मन इलाकाहरू लपेटेको थियो र त्यसबाट रोमलाई ती अधीनस्थ जर्मन इलाकाहरू गुमाउनुपर्ने स्थिति खडा भएको थियो। शुरूमा केही सफलता हासिल गरेपछि पनि केही पराजयको सामना गर्नुपरेकोले विद्रोहीहरू रोमसँग शान्ति सम्झौता गर्न बाध्य भए।—पृ० १६७

१०८. Caesar. «Commentarii de Bello Gallico», vol. IV, ch. 1—पृ० १६८

१०९. Tacitus. «Germania», XXVI – पृ० १६६

११०. «Codex Laureshamensis» – वर्म्स शहरको समीपस्थित आठौँ शताब्दीको उत्तरार्धमा स्थापित भएको र दक्षिण-पश्चिमी जर्मनीमा एक विशाल सामन्ती स्वामित्वको रूपमा रहेको दानपत्र तथा विशेषाधिकारपत्रहरूको सङ्ग्रह। बाह्रौँ शताब्दीमा तयार पारिएको यो सङ्ग्रह आठौँ-नवौँ शताब्दीका कृषकहरूको भूस्वामित्व तथा सामन्ती प्रथाको इतिहाससम्बन्धी प्रमुख स्रोतहरूमध्ये एक हो। – पृ० १७०

१११. Plinius. «Natural History», XVIII, Ch. 17 – पृ० १७१

११२. Liutprand of Cremona. «Recompenses», VI, Ch. 6 – पृ० १८०

११३. Salvianus. «De gubernatione dei», V, Ch. 8 – पृ० १८१

११४. Beneficium (शाब्दिक अर्थ – उपकार) – जमिनको रूपमा दिइने बक्सिस। यो प्रथा आठौँ शताब्दीको पूर्वार्द्धमा फ्राङ्क राज्यमा व्यापक रूपमा प्रचलित थियो। यस्तो बक्सिसको रूपमा दिइएको जग्गा र त्यस जग्गामा बसोबास गर्ने पराधीन कृषकहरूबाहेक उपहार प्राप्त गर्ने व्यक्तिको आजीवन अधिकार रहन्थ्यो, जसको आधि उसले निश्चित सेवा, विशेषतः सैनिक सेवा पुऱ्याउनुपर्दथ्यो। उपहार प्रदान गर्ने अथवा प्राप्त गर्ने व्यक्तिको मृत्यु भएको खण्डमा र उपहारप्राप्त व्यक्तिले आफ्नो कर्तव्य पूरा नगरेको र यो जग्गामा खेतीपाती नगरेको अवस्थामा त्यो बक्सिस उपहारदाता अथवा उसका उत्तराधिकारीहरूलाई फिर्ता गर्नुपर्दथ्यो र पुनर्प्राप्तिको लागि नयाँ अधिकारपत्रको आवश्यकता पर्दथ्यो। यस्तो बक्सिस राजाहरूले मात्र नभएर चर्च तथा धनाढ्य व्यक्तिहरूले पनि दिने गर्दथे। यस्तो बक्सिस प्रथाले सामन्तवर्ग र विशेषतः निम्न तथा मध्यम दरबारिया वर्गको निर्माण गर्न, कृषकहरूलाई भूदासहरूमा परिणत गर्न र भारदारी प्रथा एवम् सामन्ती मर्यादाक्रमको विकास गर्नमा ठूलो मद्दत पुऱ्याएको थियो। पछिबाट यस्ता बक्सिसहरू उत्तराधिकार (फिफ) मा परिणत हुन थाले। सामन्तवादको उत्पत्तिको इतिहासमा यस बक्सिस प्रथाको भूमिकाको एङ्गेल्सले आफ्नो कृति 'फ्राङ्ककाल' मा विश्लेषण गर्नुभएको छ। – पृ० १८३



११५. जिल्ला बडाहाकिमहरू (Gaugrafen) – फ्राङ्क राज्यका शाही कर्मचारीहरू, जो जिल्ला अथवा प्रान्तका प्रमुख अधिकारीको रूपमा रहन्थे। प्रत्येक बडाहाकिमलाई त्यस जिल्लाको न्यायपालिकाको अधिकार प्रदान गरिएको हुन्थ्यो, उसले त्यस जिल्लामा कर असुल गर्दथ्यो र सैनिक प्रतिष्ठानहरूको समेत सेनाको नेतृत्व गर्दथ्यो। आफ्नो सेवावापत उसले त्यस जिल्लाबाट प्राप्त राजस्वको एक तिहाइ पाउँदथ्यो र फिर्ता जमिन बक्सिस पाउँदथ्यो। शाही अधिकारीको रूपमा नियुक्त यस्ता बडाहाकिमहरू पछिबाट क्रमशः ठूलठूला कुलीन सामन्तहरूमा परिणत हुँदै गए र विशेषगरी सन् ८७७ मा बडाहाकिम पदको उत्तराधिकार प्रथा कायम भएपछि, ती सामन्तहरूले आफ्नो जिल्लामा स्वतन्त्र रूपमा शासन गर्न थाले। – पृ० १८४

११६. यहाँ नवौँ शताब्दीमा सेन्ट-जर्मेन-डे-प्रे मठले तयार गरेको 'पोलिप्टिक' (जमिनको स्वामित्व, जनसङ्ख्या तथा आयको विवरण) अर्थात् 'आबट इर्मिनोनको पोलिप्टिक' नामले विख्यात कृतिको चर्चा गरिएको हो। – पृ० १८४

११७. Angariae – रोमन साम्राज्यका निवासीहरूले गर्नुपर्ने अनिवार्य सेवाहरू, जसअनुसार उनीहरूले सरकारी यातायात सेवाको लागि घोडा तथा गाडाहरूको प्रबन्ध गर्नुपर्दथ्यो। पछि गएर यस्ता सेवाहरूले विस्तृत रूप लिन थाले र नागरिकहरूको लागि ठूलो बोझ बन्न पुगे। – पृ० १८५

११८. Commendation – कृषकहरूले सामन्तहरूबाट अथवा निम्न तहका सामन्तहरूले उच्च तहका सामन्तहरूबाट निश्चित शर्तहरू (आफ्नो "आश्रयदाता"को लागि सैनिक तथा अन्य सेवाहरू पुऱ्याउने, आफ्नो जमिन उसलाई सुम्पने तर निश्चित शर्तमा त्यसैले उपभोग गर्न पाउने) को आधारमा पाउने "आश्रय", जुन आठौँ तथा नवौँ शताब्दीकि युरोपमा प्रचलित थियो। प्रायः बलको प्रयोगद्वारा यो प्रथा लागू गरिने हुनाले यसले कृषकहरूको लागि व्यक्तिगत स्वतन्त्रता गुमाउने र निम्न तहका सामन्तहरूको लागि उच्च तहका सामन्तहरूसँग भारदारी सम्बन्ध स्थापित गर्ने स्थितिको सृजना गर्‍यो पनि। एकातिरबाट कृषकहरूलाई भूदासहरूमा परिणत गराउन मद्दत पुऱ्याउने भने अर्कोतिरबाट सामन्ती मर्यादाक्रम कडा गरायो। – पृ० १८५

११९. 'हिल्डेब्रान्डको गीत' — टिप्पणी १०३ मा हेर्नुस्।

हेस्टिङ्समा सन् १०६६ मा — नर्मान्डीका ड्युक विलियमको फौजले बेलायतको आक्रमण गर्दा एङ्गल-स्याक्सनहरूसँग भीषण युद्ध भएको थियो। आफ्नो सैनिक सङ्गठन विधि आदिम सामुदायिक व्यवस्थाअनुरूप भएको र आदिम युद्धशैलीयुक्त भएको कारणले एङ्गल-स्याक्सन फौज पराजित भयो, तिनका राजा हेरोल्ड युद्धमै मारिए र विलियम बेलायतका राजा बने, विजयपछि उनी "विलियम प्रथम विजेता" को नामले कहलिए। — पृ० १२१

१२०. कार्ल मार्क्स, 'लुइस मोर्गनको 'प्राचीन समाज' नामक पुस्तकको सारांश'। — पृ० १६७

१२१. **डिथमार्शेन** — वर्तमान श्लेस्विग-होल्स्टाइनको दक्षिण-पश्चिमी प्रान्त। प्राचीनकालमा त्यहाँ स्याक्सनहरू बस्दथे। आठौं शताब्दीमा शार्लमानले त्यसमाथि कब्जा गरे। पछिबाट यो प्रान्त विभिन्न धर्माधिकारी तथा धर्मेतर सामन्तहरूको हातमा रह्यो। बाह्रौं शताब्दीको मध्यावधिदेखि, अधिक सङ्ख्यामा स्वतन्त्र कृषकहरू बसोबास गरेको डिथमार्शेनका जनताले विस्तारै स्वाधीनता प्राप्त गर्न थाले र डेनमार्कका राजाहरू र होल्स्टेनका ड्युकहरूको वस्तुतः त्यस प्रान्तमाथि विजय प्राप्त गर्ने आदि गरेका अनेकौं प्रयासहरूलाई विफल तुल्याउँदै त्यो स्वाधीनता तेह्रौं शताब्दीको पूर्वार्धदेखि सोह्रौं शताब्दीको मध्यावधिसम्म कायम रह्यो। डिथमार्शेनको सामाजिक विकास निकै अनौठो तरिकाले हुँदै गयो — पुरानो स्थानीय भारदारी प्रथा तेह्रौं शताब्दीको अन्तसम्म यथार्थतः लोप भइसकेको थियो। स्वाधीन कालमा डिथमार्शेन प्रायः पुराना कृषक गोत्रहरूमा आधारित स्वायत्त कृषक समुदायहरूको समष्टिको रूपमा रहेको थियो। चौधौं शताब्दीसम्म डिथमार्शेनको सर्वोच्च सत्ता सबै स्वतन्त्र जमिनदारहरूको परिषद्‌मा निहित थियो, त्यसपछि त्यो सत्ता तीन निर्वाचित मण्डलहरूलाई हस्तान्तरण गरियो। सन् १५५९ मा डेनमार्कका राजा फ्रेडरिक द्वितीय तथा होल्स्टेनका ड्युक योहान तथा आडोल्फका सेनाले डिथमार्शेनका जनताको प्रतिरोधलाई दबाए र त्यस प्रान्तलाई आपसमा विभाजित गरे। तर त्यहाँ आदिम सामुदायिक परिपाटी तथा आंशिक स्वायत्तता उन्नाइसौं शताब्दीको उत्तरार्धसम्म नै कायम रह्यो। — पृ० २०३

१२२. G. W. Hegel. «Grundlinien der Philosophie des Rechts», §§ 257, 360 — पृ० २०४

THE ORIGIN OF THE FAMILY, PRIVATE

# नाम निर्देशिका

## आ

**आगासिज, लुइ जन रोडोल्फ** (Agassiz, Louis Jean Rodolphe) (सन् १८०७-१८७३) — स्विट्जरल्याण्डका प्रकृतिविद् तथा यात्री, सन् १८४६ देखि संयुक्त राज्य अमेरिकामा बसेका थिए; उनको प्रकृतिविज्ञान-सम्बन्धी विचारधारा अति प्रतिक्रियावादी थियो। — ६२

**आनाक्रेओन** (Anacreon) — छैटौं शताब्दी ई० पू० को उत्तरार्धका प्राचीन युनानी कवि-गायक। — ६१

**आनाक्सान्ड्रिडस** (Anaxandridas) (छैटौं शताब्दी ई० पू०) — स्पार्टाका राजा, लगभग ५६० ई० पू० देखि राज्य गरेका थिए, आरिस्टोनका सहशासक। — ७६

**आपियस क्लाउडियस** (Appius Claudius)) (मृत्यु लगभग ४४८ ई० पू०) — रोमका राजनीतिज्ञ, राजदूत (४५१, ४४९ ई० पू०), 'द्वादश विधि संहिता' वा कानूनहरूका प्रकाशक दश सदस्यीय आयोग (४५१, ४५० ई० पू०) का एक सदस्य; उनले तानाशाही शासन चलाउने प्रयास गरेका थिए। — १४६

**आरिस्टोफानिस** (Aristophanes) (लगभग ४४६-३८५ ई० पू०) — प्राचीन युनका नाटककार, राजनीतिक हास्य लेखक। — ७७

**आरिस्टिडस** (Aristides) (लगभग ५४०-४६७ ई० पू०) — राजनीतिज्ञ तथा सेनापति, एथेन्सका दासयुगीन कुलीनवर्गका प्रतिनिधि। — १२८

**आरिस्टोटल** (Aristotle) (३८४-३२२ ई० पू०) — प्राचीन युनानका दार्शनिक तथा वैज्ञानिक, जसका कृतिहरूमा त्यस समयमा प्राप्त सम्पूर्ण

ज्ञानहरू उपलब्ध छन्; दार्शनिक दृष्टिकोणमा उनी भौतिकवाद तथा भाववादका बीचमा डगमगाएका थिए।—१२८

**आरिस्तिदेस** (Aristides) (छैटौं शताब्दी ई० पू०)—स्पार्टाका राजा (५३७-४६७ ई० पू०) धनतन्त्रीयताका समर्थक।—७६, १३३

**आर्तक्सेर्क्सेस** (Artaxerxes)—प्राचीन फारसका आकेमेनिया वंशका तीन जना राजाहरूको नाम—आर्तक्सेर्क्सेस प्रथम (शासनकाल लगभग ४६५-४२४ ई० पू०), आर्तक्सेर्क्सेस द्वितीय (शासनकाल लगभग ४०५-३५९ ई० पू०) र आर्तक्सेर्क्सेस तृतीय (शासनकाल लगभग ३५९-३३८ ई० पू०)।—१३१

**आल्फिला** (Ulfila) (लगभग ३११-३८३ ई० सं०)—पश्चिमी गोथहरूका धार्मिक अधिकारी, राजनीतिज्ञ तथा विशप, गोथहरूका बीचमा इसाई धर्मका प्रचारक, गोथ भाषाको वर्णमालाका रचयिता र गोथ भाषामा बाइबलका अनुवादक।—१३६

## इ

**इर्मिनोन** (Irminon) (लगभग ८२६ ई० सं० मा देहान्त)—सेन्ट-जर्मेन-डे-प्रे मठको महन्त (८१२-८१७ ई० सं०)।—१६२

## ए

**एम्मियानस मार्सेलिनस** (Ammianus Marcellinus) (लगभग ३३२-४०० ई० सं०) रोमका इतिहासकार, 'इतिहास' (Rerum Gestarum Libri) नामक कृतिका लेखक, जसमा ई० सं० ९६ देखि ३७८ सम्मको रोमको इतिहास उल्लिखित छ।—८६, ११०

**एस्किलस** (५२५-४५६ ई० पू०)—प्राचीन युनानी नाटककार, प्राचीन दुःखान्त नाटकहरूका रचयिता।—५४-५५, ७५, १२४-१२५

**एस्पिनास, अल्फ्रेड भिक्टर** (Espinas, Alfred Victor) (सन् १८४४-१९२२)—फ्रान्सेली दार्शनिक तथा समाजशास्त्री, विकासवादी सिद्धान्तका पक्षधर।—४०-४१



## औ

**औगस्तस औक्टाभियनस** (Augustus Octavianus) (६३ ई० पू०-१४ ई० सं०)—रोमका सम्राट (२७ ई० पू०-१४ ई० सं०)।—१४५, १४७, १७६

**ओडोएसर** (Odoacer) (लगभग सन् ४३४-४९३)—जर्मन भाडाका सेनाका एक नेता, जो पश्चिमी रोमका सम्राटहरूको सेवामा थिए; सन् ४७६ मा सम्राट रोमुलस अगस्टुलसलाई गद्दी पल्टाएर इटाली भूभागको प्रथम "बर्बर" राज्यका राजा बने।—१७४

## क

**कुनो, हेनरिख विल्हेल्म कार्ल** (Cunow, Heinrich Wilhelm Karl) (सन् १८६२-१९३६)—जर्मन सामाजिक-जनवादी, इतिहासकार, समाजशास्त्री तथा नृवंशशास्त्री; उन्नाइसौँ शताब्दीका नब्बे तथा उनी दशकहरूमा मार्क्सवादीहरूप्रति झुकाव; पछिबाट अवसरवादी।—८२

**केइ, जोन विल्यम** (Kaye, John William) (सन् १८१४-१८७६)—अङ्ग्रेज औपनिवेशिक अधिकारी, भारतको इतिहास तथा नृवंशशास्त्र-सम्बन्धी अनेकौं ग्रन्थहरूको साथै अफगानिस्तान तथा भारतमा अङ्ग्रेजहरूले चलाएका औपनिवेशिक युद्धहरूसम्बन्धी इतिहासका लेखक।—२१

**कोभालेभ्स्की, माक्सिम माक्सिमोविच** (Kovalevsky, Maxim Maximovich) (सन् १८५१-१९१६)—रुसी समाजशास्त्री, इतिहासकार, नृवंशशास्त्री तथा अधिवक्ता; आदिम सामुदायिक व्यवस्थासम्बन्धी इतिहासका विभिन्न अनुसन्धानात्मक कृतिहरूका लेखक।—६८, ७०, ७८, १२७, १६६

**क्युभे, जोर्ज** (Cuvier, George) (सन् १७६९-१८३२)—फ्रान्सेली प्रकृतिविद्, तुलनात्मक शरीरविज्ञान, जीवविज्ञान तथा जीवाश्मविज्ञानका क्षेत्रमा विभिन्न कृतिहरूले प्रसिद्ध; विनाशसम्बन्धी अवैज्ञानिक आपत्-वादी सिद्धान्तका रचयिता।—३०

**क्लाउडिया** (Claudia)—रोमको एक पेट्रिसियन गोत्र।—१४२

क्लिस्थिनस (Cleisthenes)—एथेन्सका राजनीतिज्ञ, जसले ५१०-५०७ ई० पू० मा गोत्र प्रणालीका अवशेषहरूको विघटन तथा एथेन्समा दासकालीन प्रजातन्त्रको स्थापना गर्ने उद्देश्यले विभिन्न सुधारहरू गरेका थिए।—१४०

क्विंक्टिलिया (Quinctilia)—रोमको एक पेट्रिसियन गोत्र।—१४५

ग

गायस (Gaius) (इस्वीको दोस्रो शताब्दी)—रोमका एक अधिवक्ता, रोमन कानूनसम्बन्धी एक पुस्तकका सिलसिलाकार।—६६

ग्योटे, योहान वोल्फगाङ्ग (Goethe, Johann Wolfgang) (सन् १७४९-१८३२)—जर्मनीका एक महान लेखक, प्रकृतिविज्ञानको क्षेत्रमा धारणा इत्यादिद्वारा ख्यातिप्राप्त।—४७

ग्रीम, याकब (Grimm, Jacob) (सन् १७८५-१८६३)—जर्मन भाषाविद् तथा संस्कृतिका इतिहासकार, जर्मन भाषा, कानून, पौराणिकता एवम् साहित्यका इतिहासकार।—१६३

ग्रेगरी, सन्त तुर्स, गेओर्गियस फ्लोरेन्टियस (Gregory of Florentius) (लगभग सन् ५४०-५९४)—इसाई पादरी, धर्मशास्त्री तथा इतिहासकार; सन् ५७३ देखि तुर्सका बिशप, 'फ्राङ्क जनताको इतिहास' तथा 'धार्मिक सन्तहरू' का लेखक।—१६७

ग्रोट, जर्ज (Grote, George) (सन् १७९४-१८७१)—अङ्ग्रेज पूँजीवादी इतिहासकार, 'युनानको इतिहास' ग्रन्थहरूका रचयिता।—११०-१२३

ग्ल्याडस्टोन, विलियम युवर्ट (Gladstone, William Ewart) (सन् १८०९-१८९८)—अङ्ग्रेज राजनीतिज्ञ, उन्नाइसौँ शताब्दीको उत्तरार्द्धमा लिबरल पार्टीका नेता; प्रधानमन्त्री (सन् १८६८-१८७४, १८८०-१८८५, १८८६, १८९२-१८९४)।—१२५

ज

जीरो-टयुलोन, अलेक्सिस (Giraud-Teulon, Alexis) (जन्म १८३९)—जेनेभामा इतिहासका प्राध्यापक, आदिम समाजको इतिहाससम्बन्धी विभिन्न कृतिहरूका रचयिता।—२२, २५, ४०, ४२, ७४



जुगनहाइम, सामुएल (Sugenheim, Samuel) (सन् १८११-१८७७)—जर्मन इतिहासकार।—६४

ट

टर्क्विनियस सुपर्बस (Tarquinius Superbus) (५३४ देखि लगभग ५०९ ई० पू०)—प्राचीन रोमका अन्तिम (सातौँ) अर्धपौराणिक राजा; किंवदन्तीअनुसार जनविद्रोहको फलस्वरूप रोमबाट निष्कासित; तत्पश्चात् राजसत्ताको अन्त्य भयो र गणराज्यात्मक प्रणालीको स्थापना भयो।—१४१, १४६

टाइलर, एडवर्ड बर्नेट (Tylor, Edward Burnett) (सन् १८३२-१९१७)—अङ्ग्रेज नृवंशविद्, आदिम संस्कृतिका इतिहासकार।—११३

टासिटस, पुब्लियस कोर्नेलियस (Tacitus, Publius Cornelius) (लगभग ५५-१२० ई० सं०)—रोमन इतिहासकार; 'जर्मनी', 'इतिहासहरू' तथा 'इतिवृत्त' नामक ग्रन्थहरूका रचयिता।—१०, २१, ३३, ८२, ११०, १६४, १६६-१७२, १७४-१७५

टिबेरियस (Tiberius) (४२ ई० पू०—३७ ई० सं०)—रोमका सम्राट (१४-३७ ई० सं०)—१५३

ट्रियर, गेर्सन (Trier) (जन्म सन् १८५१)—डेन्मार्कका सामाजिक-जनवादी, शिक्षक पेशामा संलग्न।—१२

ड

डार्विन, चार्ल्स रोबर्ट (Darwin, Charles Robert) (सन् १८०९-१८८२)—अङ्ग्रेज भौतिकवादी जीवविज्ञानी, जीवजगत्को विकाससम्बन्धी वैज्ञानिक सिद्धान्तका संस्थापक।—२३

डिज, योहान हाइनरिख विल्हेल्म (Dietz, Johann Heinrich Wilhelm) (सन् १८४३-१९२२)—जर्मन पुस्तक प्रकाशक, सामाजिक-प्रजातान्त्रिक प्रकाशनका संस्थापक।—११

THE ORIGIN OF THE FAMILY PRIVATE

**द्युरो दे ला माल** (Dureau de La Malle), आदोल्फ जुल सेजार ओग्युस्त (सन् १७७७-१८५७) – फ्रान्सेली कवि एवम् इतिहासकार। – १३३

थ

**थुसिदिदस** (Thucydides) (लगभग ४६०-३९५ ई० पू०) प्राचीन युनानी इतिहासकार, 'पेलोपोनेसियनको युद्धको इतिहास' नामक कृतिका रचयिता। – १२७

**थेओक्रितस** (Theocritus) (तेस्रो शताब्दी ई० पू०) – प्राचीन युनानी कवि। – ६१

**थेओदोरिख** (Theodorich) – गोटका तीन राजाहरूका नाम : थेओदोरिख प्रथम (शासनकाल लगभग ४१७-४५१ ई० सं०) तथा थेओदोरिख द्वितीय (शासनकाल लगभग ४५३-४६६ ई० सं०) पश्चिम गोटका र थेओदोरिख (शासनकाल लगभग ४७४-५२६) पूर्वी गोटका राजा थिए। – १५३

द

**दियोदोरस, सिकलस** (Diodorus, Siculus) (लगभग ८०-२९ ई० पू०) – प्राचीन युनानी इतिहासकार, 'ऐतिहासिक पुस्तकालय' नामक विश्वव्यापी ऐतिहासिक कृतिका रचयिता। – १२४, १३४

**दियोनीसियस हलिकार्नासस** (Dionysius Halicarnassus) (प्रथम शताब्दी ई० पू० – प्रथम शताब्दी ई० सं०) – प्राचीन युनानी इतिहासकार तथा अलङ्कारशास्त्री, 'प्राचीन रोमको इतिहास'का लेखक। – १२८

**दिकेआर्कस** (Dicaearchus) (चौथो शताब्दी ई० पू०) – प्राचीन युनानी विद्वान, आरिस्तोतलका शिष्य, विभिन्न ऐतिहासिक, राजनीतिक, दार्शनिक, भूगोलशास्त्रीय तथा अन्य कृतिहरूका रचयिता। – ११८

**देमस्थिनस** (Demosthenes) (३८४-३२२ ई० पू०) – प्राचीन युनानी प्रवक्ता तथा राजनीतिक कार्यकर्ता, दासमालिक प्रजातन्त्रका पक्षपाती। – ११६



न

**निबुर, बार्थोल्ड गेओर्ग** (Niebuhr, Barthold Georg) (सन् १७७६-१८३१) – जर्मन इतिहासकार, प्राचीन विश्वको इतिहाससम्बन्धी विभिन्न ग्रन्थहरूका रचयिता। – १२०, १२२, १४२

**नियार्कस** (Nearchus) (लगभग ३६०-३१२ ई० पू०) – मेसिडोनियाका नौसेनापति तथा सिकन्दर महानका अभियानहरूमा सहचर तथा सहभागी, उसले भारतबाट मेसोपोटामियासम्मको मेसिडोनियाली जहाजको अभियान (३२६-३२४ ई० पू०) सम्बन्धी वर्णन तयार गरेका थिए। – ८२

**नेदेज्दे** (Nadejde) इयोन (सन् १८५४-१९२८) – रूमानियाली पत्रकार, ग्रामावित-जनवादी। – १२

**नेपोलियन प्रथम, बोनापार्ट** (Napoleon I, Bonaparte) सन् (१७६९-१८२१) – फ्रान्सेली सम्राट (सन् १८०४-१८१४ र सन् १८१५)। – १०३

प

**पिसिस्त्रेतस** (Pisistratus) (लगभग ६००-५२७ ई० पू०) – एथेन्सका तानाशाह (५६०-५२७ ई० पू० क्रमशः पदावरुद्धकाहरी)। – १४३

**पेर्से** (Perseus) (२१२-१६६ ई० पू०) – मेसिडोनियाका अन्तिम राजा (१७९-१६८ ई० पू०)। – १६६

**प्रोकोपियस अफ सिजारिया** (Procopius of Caesarea) (पाँचौँ शताब्दीको अन्त, लगभग ५६२ ई० सं०) – बिजान्तियमको इतिहासकार; उनीद्वारा रचित 'जुस्टिनियनका शत्रुहरूको फारसी, भण्डल तथा गोटहरूसँगको युद्धको इतिहास' नामक ८ ग्रेडीको कृतिमा उल्लिखित विभिन्न सैनिक अभियानहरूका सहभागी। – ८६

**प्लिनी अर्थात् गायस प्लिनियस सेकुन्डस** (Pliny or Gaius Plinius Secundus) (२३-७९ ई० सं०) – रोमन वैज्ञानिक प्रकृतिविद्, ३७ ठेलीमा 'प्रकृति इतिहास' नामक कृतिका रचयिता। – १७१, १७६

**प्लुतार्क** (Plutarch) (अनुमानतः ४६-१२५ ई० सं०) – प्राचीन युनानका लेखक तथा भाववादी दार्शनिक। युनान तथा रोमका ३० जना

महान व्यक्तिहरूका 'तुलनात्मक जीवनीहरू' जस्तो महत्त्वपूर्ण ऐतिहासिक सामग्रीले पूर्ण कृतिका लेखक। – ७७

फ

फाइजन, लोरिमर (Fison, Lorimer) (सन् १८३२-१९०७) – अङ्ग्रेज नृवंशशास्त्री-अस्ट्रेलियाविद्, फिजी टापु तथा अस्ट्रेलियामा धर्म प्रचारक, अस्ट्रेलिया तथा फिजीका प्रजातिहरूसम्बन्धी विभिन्न कृतिहरूका रचयिता, सन् १८७१ देखि उनले A. W. Howitt सँगै काम गरे र उहाँसँग मिलेर «Kamilaroi and Kurnai» तथा «The Kurnai Tribe and Theirs Customs in Peace and War Times नामक ग्रन्थहरू लेखेका थिए। – ४३, ५५

फाबियस (Fabius) – रोमन पैट्रिशियन गोत्र। – १४१

फिसिनिया हिस्पाला (Fecenia Hispalla) – स्वतन्त्रताप्राप्त दासी। – १४८-१४९

फुर्ये, शार्ल (Fourier, Charles) (सन् १७७२-१८३७) – फ्रान्सेली समाजवादी-कल्पनावादी। – २५, ८३, १८८, २१४

फेर्दिनान्द पञ्चम, क्याथोलिक (सन् १४५२-१५१६) – कास्टिलका राजा (सन् १४७४-१५०४) तथा शासक (सन् १५०७-१५१६), फेर्दिनान्द द्वितीयको नामद्वारा आरागोनका राजा (सन् १४७९-१५१६) – ६७

फ्युस्तेल दे कुलाँज, न्युमा देनी (Fustel de Coulanges, Numa Denis) (सन् १८३०-१८८९) – फ्रान्सेली इतिहासकार, प्राचीन विश्व तथा मध्ययुगीन फ्रान्सको इतिहाससम्बन्धी विभिन्न कृतिहरूका रचयिता। – १७३

फ्रीमन, एडवर्ड अगस्टस (Freeman, Edward August) (सन् १८२३-१८९२) – अङ्ग्रेज इतिहासकार, उदारवादी, अक्सफोर्ड विश्वविद्यालयका प्राध्यापक। – ७०

ब

बङ्ग, आन्टोन क्रिश्चियन (Bang, Anton Christian) (सन् १८४०-१९१३) – नर्वेका धर्मज्ञ, स्क्यान्डिनेभियाली पौराणिक कथा तथा नर्वेको क्रिश्चियन धर्मको इतिहाससम्बन्धी कृतिहरूका रचयिता। – १६५

बाखोफन, योहान याकब (Bachofen, Johann Jacob) (सन् १८१५-१८८७) – स्विट्जरल्यान्डका इतिहासकार तथा कानूनवेत्ता, 'मातृसत्ता' नामक कृतिका रचयिता। – ११, १२-१३, १७, २४, ३८-३९, ५०-५१, ६०-६२, ६४, ६८

बिस्मार्क, ओटो (Bismark, Otto) (सन् १८१५-१८९८) – प्रसियाली राजनीतिज्ञ, जसले प्रसियाको एकाधिकारमा जबरजस्ती ढङ्गबाट जर्मनीको एकीकरण गरेका थिए। सन् १८७१-१८९० मा जर्मन साम्राज्यका चान्सेलर। – ७९, २०३

बीड आदरणीय (Bede The Venerable) (लगभग सन् ६७३-७३५) – आङ्ग्ल-स्याक्सन विद्वान, धर्मशास्त्री, इतिहासकार। – १६२

बुग्गे, सोफस (Bugge, Sophus) (सन् १८३३-१९०७) – नर्वेका भाषाविद्, प्राचीन स्क्यान्डिनेभियाली साहित्य तथा पौराणिक कथासम्बन्धी कृतिहरूका रचयिता। – १६५

बेकर, विल्हेल्म आडोल्फ (Becker, Wilhelm Adolf) (सन् १७९६-१८४६) जर्मन इतिहासकार, प्राचीन इतिहाससम्बन्धी कृतिहरूका रचयिता। – १६९

बैनक्रफ्ट, ह्युबर्ट हो (Bancroft, Hubert Howe) (सन् १८३२-१९१८) – अमेरिकाली इतिहासकार, उत्तर तथा मध्य अमेरिकाका इतिहास तथा नृवंशशास्त्रसम्बन्धी विभिन्न कृतिहरूका रचयिता। – ४४, ६१, ६३, १९०

ब्लाइखरोडर, गेर्सन (Bleichröder, Gerson) (सन् १८२२-१८९३) – जर्मन वित्तीय पूँजीपति, बर्लिनका एक विशाल ब्याङ्कका प्रबन्धक, बिस्मार्कका व्यक्तिगत ऋणदाता एवम् अनौपचारिक आर्थिक सल्लाहकार, बिस्मार्कका विभिन्न सट्टेबाजी एवम् भ्रष्टाचारी कार्यहरूमा मतियार। – २०७

भ

भारुस पुब्लियस क्विन्टिलियस (Varus Publius Quintilius) (लगभग ५३ ई० पू०-९ ई० सं० ) – रोमन राजनीतिज्ञ तथा सेनापति, जर्मन प्रान्तका शासक (७-९ ई० सं० ) ; जर्मन प्रजातिहरूको विद्रोहको समयमा ट्युटोबर्गरको जङ्गलमा भएको लडाईमा मृत्यु भयो। – १४५

THE ORIGIN OF THE FAMILY PRIVATE


**वेलेदा** (Veleda) (पहिलो शताब्दी ई० सं० ) – ब्रुक्टेरिया नामक जर्मन जनजातिकी पुजारिनी तथा भविष्यवक्त्री, जसले रोमको आधिपत्यविरुद्ध सिभिलिसद्वारा नेतृत्व जर्मन तथा गाली जनजातिहरूको विद्रोहमा (६९-७१ ई० सं० ) सक्रिय भाग लिएकी थिइन् । – १६६

**वोल्फ्राम फन एशेनबाख** (Wolfram von Eschenbach) (लगभग सन् ११७०-१२२०) – मध्ययुगीन जर्मन कवि । – ८४

म

**मक-लेनान, जोन फेर्गुसन** (Mac-Lennan, John Ferguson) (सन् १८२७-१८८१) – स्कटल्याण्डका कानूनवेत्ता तथा इतिहासकार, विवाह तथा परिवारको इतिहाससम्बन्धी विभिन्न कृतिहरूका रचयिता । – ११, ११-१७, २१-२२, २४, ३६, ४८, ७४, १०३, १६०

**माउरेर, गेओर्ग लुडविग** (Maurer, Georg Ludwig) (सन् १७९०-१८७२) – जर्मन इतिहासकार, प्राचीन तथा मध्ययुगीन जर्मनीको सामाजिक प्रणालीको अन्वेषक ; मध्ययुगीन मार्क-समुदायको इतिहाससम्बन्धी अध्ययनमा उनले ठूलो योगदान पुऱ्याएका थिए । – ११८, १६६, १६८

**मार्क्स, कार्ल** (Marx, Karl) (सन् १८१८-१८८३) – वैज्ञानिक साम्यवादका संस्थापक, अन्तर्राष्ट्रिय सर्वहारावर्गका नेता एवम् गुरु । – ८, २३, २४, ३०, ४५-४६, ५०, ७४, ७८, ८२, ११७, ११८, १२२, १२५, १२७, १८६

**मार्तिनेत्ती** (Martignetti), **पास्कुआले** – इटालीका समाजवादी । – १२

**मेइन, हेनरी जेम्स सम्नर** (Maine, Henry James Sumner) (सन् १८२२-१८८८) – अंग्रेज कानूनवेत्ता, कानूनशास्त्रसम्बन्धी इतिहासकार । – ६४

**मोमसन, थेओडर** (Mommsen, Theodor) (सन् १८१७-१९०३) – जर्मन इतिहासकार, प्राचीन रोमको इतिहाससम्बन्धी विभिन्न कृतिहरूका रचयिता । – १२०, १४७-१५१, १५३

**मोर्गन** (Morgan) – अमेरिकाली सेनाका कर्नेल, लुइस मोर्गनका दाजु । – २६

**मोर्गन, लुइस हेनरी** (Morgan, Lewis Henry) (सन् १८१८-१८८१) – अमेरिकाली नृवंशशास्त्री, पुरातत्त्ववेत्ता, आदिम समाजका इतिहासकार तथा अचेतन भौतिकवादी । – ८-११, २१-२७, ३४-३६, ३८-३९, ४५, ४७-४८, ५२-५३, ५०, ७६, ९६-१०२, १०३, १११, १२०-१२३, १४०-१४१, १६८, १८६, २१३

**मोल्येर, जाँ बतिस्त** (Moliere, Jean Baptiste) (वास्तविक थर पोकलेन) (सन् १६२२-१६७३) – फ्रान्सेली नाटककार । – २००

**मोउस** (Moschus) – ई० पू० दोस्रो शताब्दीको मध्यतिरका प्राचीन युनानी कवि । – ६१

य

**यारस्लाव, जस्कन** (Jaroslav The Wise) (सन् ९७८-१०५४) – किएवका महाराज । – ७१

**युलिया** (Julia) – रोमको एक पेट्रिसियन गोत्र । – १६३

**युरिपिडस** (Euripides) (लगभग ४८०-४०६ ई० पू० ) – प्राचीन युनानी नाटककार, शास्त्रीय दुःखान्त नाटकहरूका रचयिता । – ७७

र

**राइट, आर्थर** (Write, Arthur) (सन् १८०३-१८७५) – अमेरिकाली धर्मप्रचारक ; उनी सन् १८३१ देखि १८७५ सम्म सेनेका इन्डियनहरूका बीचमा रहेका थिए र उनले ती इन्डियनहरूको भाषाको शब्दकोश तयार पारेका थिए । – ४६

**राभे** (Rave), **आन्री** – फ्रान्सेली पत्रकार । – १२

ल

**लब्बक, जोन** (Lubbock John) (सन् १८३४-१९१३) – अंग्रेज जीवविज्ञ, भाषाविद् तथा नृवंशशास्त्री ; तुलनात्मक नृवंशशास्त्रसम्बन्धी विभिन्न ग्रन्थहरूका लेखक । – २१-२२

**लाङ्गे, क्रिश्चियान कोनराड लुडविग** (Lange, Christian Konrad Ludwig) (सन् १८२५-१८८५) – जर्मन भाषाविद्, प्राचीन रोमको इतिहाससम्बन्धी विभिन्न कृतिहरूका रचयिता । – १५१

**लासाल, फेर्दिनान्द** (Lassale, Ferdinand) (सन् १८२५-१८६४) – जर्मन निम्नपुँजीवादी समाजवादी, अखिल जर्मन मजदुर सङ्घका संस्थापकहरूमध्ये एक (सन् १८६३)। मजदुर आन्दोलनको लागि त्यस सङ्घको स्थापनाको ठूलो महत्व थियो, तर त्यस सङ्घको अध्यक्ष पदमा चुनिएका लासालले सङ्घलाई अवसरवादी बाटोमा निर्देशित गरे। – २११

**लिउतप्रन्द** (Liutprand) (लगभग सन् ९२२-९७२) – मध्ययुगीन धार्मिक तथा राजनीतिक कार्यकर्ता, इतिहासकार, लाङ्गोबार्डवासी; सन् ९६१ देखि क्रेमोना (उत्तरी इटाली) का बिशप, 'एन्टापोडोसिस' नामक ग्रन्थका रचयिता। – १८०

**लिभी टिटस** (Livius Titus) (५९-१७ ई० पू०) – रोमन इतिहासकार, 'रोम शहरको स्थापनाकालदेखिको इतिहास' नामक ग्रन्थका लेखक। – १४०, १५१

**लुसियन** (Lucian) (लगभग १२०-१८० ई० सं०) प्राचीन युनानी व्यङ्ग्य-लेखक, नास्तिक। – ४६

**लेतुर्नो, चार्ल्स जाँ मारी** (Letourneau, Charles Jean Marie) (सन् १८३१-१९०२) – फ्रान्सेली समाजशास्त्री तथा नृवंशशास्त्री। – ३९-४०, ४४

**लेथम, रोबर्ट गोर्डन** (Latham, Robert Gordon) (सन् १८१२-१८८८), अङ्ग्रेज चिकित्सक, भाषाविद् तथा नृवंशशास्त्री, तुलनात्मक नृवंशशास्त्र-सम्बन्धी विभिन्न ग्रन्थहरूका लेखक। – ६१

**लोङ्गस** (Longus) – दोस्रो शताब्दीको अन्त्य तथा तेस्रो शताब्दीका शुरुका प्राचीन युनानी लेखक। – ६१

## व

**वाट्सन, जोन फोर्ब्स** (Watson, John Forbes) (सन् १८२७-१८९२) – अङ्ग्रेज चिकित्सक, औपनिवेशिक अधिकारी। सन् १८५८ देखि १८७९ सम्म लण्डनस्थित भारतीय सङ्ग्रहालयका प्रबन्धक, भारतसम्बन्धी विभिन्न कृतिहरूका लेखक। – ६१

**वाइत्स, गेओर्ग** (Waitz, Georg) (सन् १८१३-१८८६) – मध्ययुगीन जर्मन इतिहासकार, मध्ययुगीन जर्मनीको इतिहाससम्बन्धी विभिन्न कृतिहरूका रचयिता। – १६६



**वाक्समुथ, एर्न्स्ट विल्हेल्म गोटलीब** (Wachsmuth, Ernst Wilhelm Gottlib) (सन् १७८४-१८६६) – जर्मन इतिहासकार, प्राचीनयुग तथा युरोपीय इतिहाससम्बन्धी विभिन्न कृतिहरूका रचयिता। – ७७

**वाग्नर, रिचर्ड** (Wagner, Richard) (सन् १८१३-१८८३) – जर्मनका महान सङ्गीतकार। – ४२-४३

**वेस्टरमार्क, एडवर्ड अलेक्जेन्डर** Westermarck Eduard Alexander) (सन् १८६२-१९३९) – फिनल्याण्डका नृवंशशास्त्री तथा समाजशास्त्री। – ४०, ४२-४४, ५१

## श

**शार्लमान** (Charlemagne) (लगभग ७४२-८१४) – फ्राङ्कका राजा (सन् ७६८-८००) तथा सम्राट (सन् ८००-८१४)। – १८४-१८५

**श्योमन, गेओर्ग फ्रेडरिख** (Schömann, Georg Friedrich) (सन् १७९३-१८७९) – जर्मन भाषाविद् तथा इतिहासकार, प्राचीन युनानको इतिहाससम्बन्धी विभिन्न कृतिहरूका रचयिता। – ७६, १२५

## स

**सल्भियानस** (Salvianus) (लगभग ३९०-४८४ ई० सं०) – क्रिश्चियन धर्मप्रचारक तथा लेखक, मार्सेलका पादरी, 'ईश-प्रशासनको विषयमा' नामक ग्रन्थका लेखक। – १८१, १८४

**सिकन्दर महान** (Alexander The Great) (३५६-३२३ ई० पू०) – प्रख्यात सेनापति तथा प्राचीन विश्वका एक राजनीतिज्ञ। – ७२

**सेजर, गायस जुलियस** (Caesar, Gaius Julius) (लगभग १००-४४ ई० पू०) – प्रसिद्ध रोमन सेनापति, राजनीतिज्ञ, लेखक, 'गालिको युद्धसम्बन्धी संक्षिप्त विवरण' नामक पुस्तकका रचयिता। – २१, २३, ३०, १०८, १२६, १६२, १६८-१७०, १७३-१७४

सिभिलिस, जुलियस (Civilis, Julius) (पहिलो शताब्दी) – रोमन आधिपत्यको विरुद्ध विद्रोह गर्ने (६९-७० अथवा ७१) जर्मन तथा गालिका प्रजातिहरूका नेता, जर्मन बटावी जातिका मुखिया। – १६७

सुरिता, आलोन्सो (Zurita, Alonso) – सोह्रौं शताब्दीको मध्यार्धतिर मध्य अमेरिकामा रहेका एक स्पेनेली औपनिवेशिक अधिकारी। – ७४

सेर्भियस तुलियस (Servius Tullius) (५७८-५३४ ई० पू०) – प्राचीन रोमका अर्द्धपौराणिक छैटौं राजा। – १५४

सोलोन (Solon) (लगभग ६३८-५५८ ई० पू०) – एथेन्सका कानून-निर्माता; उनले जनसमुदायको दबावमा धेरै वैटौं मन्त्रा सुधार गरेका थिए, जुन सुधारहरू गोत्रीय कुलीनवर्गविरुद्ध लक्षित थिए। – १२१, १२२, १२६-१३६, १४४, २११

सोस्युर, हनरी दे (Saussure, Henry de) (सन् १८२९-१९०५) – स्विट्जरल्यान्डका जीवशास्त्री। – ४०

स्कट, वाल्टर (Scott, Walter) (सन् १७७१-१८३२) – स्कटिश लेखक, स्कट, पश्चिमी युरोपीय साहित्यमा ऐतिहासिक उपन्यासका रचयिता। – १६१

## ह

हुस्के, गेयोर्ग फिलिप एडुआर्ड (Huschke, Georg Philip Eduard) (सन् १८०१-१८८६) – जर्मन कानूनवेत्ता, रोमन कानूनी व्यवस्थासम्बन्धी विभिन्न कृतिहरूका रचयिता। – १४१

हेगेल, गेयोर्ग विल्हेल्म फ्रेडरिख (Hegel Georg Wilhelm Friedrich) (सन् १७७०-१८३१) – जर्मनीका शास्त्रीय दर्शनशास्त्रका महानतम प्रतिनिधि, वस्तुपरक अध्यात्मवादी; उनले अध्यात्मवादी द्वन्द्ववादको बहुपक्षीय विकास गरेका छन्। – २०३

हेरड (Herod) (७३-४ ई० पू०) – जुडियाका राजा (४०-४ ई० पू०) – १४६

हेरोदोतस (Herodotus) (लगभग ४८४-४२५ ई० पू०) – प्राचीन युनानका इतिहासकार। – ४१, ७७



होइस्लर, आन्द्रेयस (Heusler, Andreas) (सन् १८३४-१९२१) – स्विट्जरल्यान्डका कानूनवेत्ता, स्विस तथा जर्मन कानूनसम्बन्धी विभिन्न कृतिहरूका लेखक, बाजेलमा प्राध्यापन कार्य। – ८१

होमर (Homer) – प्राचीन युनानका अर्द्धपौराणिक काव्य-कवि, 'इलियाड' तथा 'ओडेसी' महाकाव्यहरूका रचयिता। – ३३, ७४-७६, १२३-१२२

होविट, अल्फ्रेड विलियम (Howitt, Alfred William) (सन् १८३०-१९०८) – अङ्ग्रेज नृवंशशास्त्री-अस्ट्रेलियाविद्, अस्ट्रेलियामा औपनिवेशिक अधिकारी (सन् १८६२-१९०१); अस्ट्रेलियाली प्रजातिहरूसम्बन्धी विभिन्न कृतिहरूका रचयिता, सन् १८८१ देखि लोरिमर फाइसनसँग मिलेर «Kamilaroi and Kurnai» तथा «The Kurnai Tribe and Their Customs in Peace and War Times» नामक ग्रन्थहरू लेखेका थिए। – ३४

# जाति नामानुक्रमणिका


## अ

**अर्वीन ( अड्जिन )** – अड्जिन सभ्यालमा बसोबास गर्ने केल्टिक जाति। – ६३

**अलेमान्न ( अलमान )** – तेस्रो-चौथो शताब्दीमा ओडरदेखि एल्बा नदीसम्मको क्षेत्रबाट उपल्लो राइनको सेरोफेरो बसाईं सरेको एक जर्मन प्रजाति समूह। क्रमशः वर्तमान अल्जास, पूर्वी स्विट्जरल्याण्ड तथा दक्षिण–पश्चिम जर्मनीका धेरै भूभागमा बसोबास गर्न थाले। – १११

**अमेरिकाली इण्डियन, अमेरिकाली** – हेर्नोस् रेड इण्डियन।

**अस्ट्रेलियाली हब्शी, अस्ट्रेलियाली** – अस्ट्रेलियाका आदिवासीहरु। – २६, ३१-४३, ५४-५६

## आ

**आर्य** – भारोपेली भाषिक समुदायमा पर्ने जनताहरूको लागि उन्नाइसौँ शताब्दीमा व्यापक रूपमा प्रचलित नाम। – ३१-३२, ६५, ७०, १०७, १६१

## इ

**इओलियाली** – प्राचीन युनानी प्रजातिहरूको एक समूह। इओलियालीहरू थेसालि तथा पेलोपोनिज प्रायद्वीपको उत्तर-पश्चिमपट्टि बसोबास गर्थे। पछिबाट एजियन सागरका टापुहरू तथा एसिया माइनरको तटवर्ती क्षेत्रमा बसाईं सरे। – ७६-७७

**इटालेली प्रजातिहरू, इटालेलीहरू** – प्राचीनकालमा एपेनिनस प्रायद्वीपमा बसोबास गर्ने प्रजातिहरू; ल्याटिनहरू र सबेलहरू यी प्रजातिहरूका दुइ प्रमुख समूहहरू थिए। – ३१, ७७

**इङ्गभीओन** – इस्वी सम्वत्‌को सुरुतिर उत्तरी सागरको आइडेरदेखि हेलगोल्याण्ड-सम्मको तटवर्ती क्षेत्रमा बसोबास गर्ने जर्मन प्रजातिहरूको एक प्रमुख समूह। यस समूहका स्याक्सन तथा एन्गल्स प्रजातिहरूले पाँचौँ-छैटौँ शताब्दीतिर ब्रिटेनमाथि कब्जा गरे। – १०७

**इबेरियाली** – प्राचीनकालमा पेरेनिज प्रायद्वीप, सिसिली भूमध्यसागरीय द्वीपहरू र वर्तमान फ्रान्सको दक्षिणपूर्वी भागमा बसोबास गर्ने प्रजातिहरूको एक समूह; इस्वी सम्वत्‌को सुरुतिर रोमनहरूद्वारा पराजित र तिनको अधिक रोमनीकरणको थालनी। – १०७

**इरोक्वा** – उत्तरी-अमेरिकाली इण्डियनहरूका प्रजातिहरूको एक समूह; इरोक्वाहरू एरी र ओन्टारियो सरोवर क्षेत्रमा र यस क्षेत्रको दक्षिणतर्फ हाल न्युयोर्क राज्यका साथै अप्पालाचियन पर्वतको उत्तरी भागमा बसोबास गर्थे। – ३५, १०१-१०५, १०८, ११०-१११, ११५, ११७-११९, १२४-१२६, १३२-१३४, १४६-१४७, १६५, १७८

**इस्कभीओन ( इस्तीभोन )** – जर्मन प्रजातिहरूको एक प्रमुख समूह; इस्वी सम्वत्‌को सुरुतिर राइन नदीको मध्यम तथा निम्न भागका आसपासका इलाकाहरूमा बसोबास गर्थे; तेस्रो शताब्दीदेखि यस प्रजातिलाई फ्राङ्क भन्न थालियो। – १०७

## उ

**उत्तरी अमेरिकाली इण्डियन** – हेर्नोस् रेड इण्डियन।

**उबीयेर** – राइन नदीको तल्लो भागको दायाँ किनारामा बसोबास गर्ने एउटा जर्मन प्रजाति। इ० पू० पहिलो शताब्दीको मध्यतिरमा बायाँ किनारामा आएर बसोबास गर्न थाले तर रोमनहरूबाट पराजित भएपछि उही ठाउँमा फर्के। – १०५

## ए

**एरी** – उत्तरी अमेरिकाका इण्डियनहरूको इरोक्वा समूहको एक प्रजाति; एरी सरोवर-क्षेत्रमा बसोबास गर्थे। – ११५

## ओ

**ओनिडा** – वर्तमान न्यु-योर्कमा पर्ने भूभागमा इरोक्वा समूहको एक प्रजाति। – ११२

**ओजिब्वा** – महासरोवरहरूको उत्तरी तथा उत्तर-पश्चिमी क्षेत्रमा बसोबास गर्ने एक रेड इन्डियन प्रजाति। – १०१

**ओनोन्डागा** – वर्तमान न्यु-योर्कमा पर्ने भूभागमा इरोक्वा समूहको एक प्रजाति। – ११२

**ओमाहा** – मिस्सुरी नदीको मध्य भाग (वर्तमान नेब्रास्का) मा बसोबास गर्ने एक रेड इन्डियन प्रजाति। – १०१

## क

**करेन** – बर्माको दक्षिण-पूर्वी भागमा बसोबास गर्ने जनजाति। – ८४

**काफिर-कुमु** (अथवा कुमु) – दक्षिण-पूर्वी अफ्रिकाका जनजाति। – ११६

**काबायल** – अल्जेरियाको जुर्जुर पहाडी भेक, कन्स्टान्टिन पहाडी प्रदेश तथा औरेस पठारमा बस्ने जाति। – ७२

**कामिलारोई** – पश्चिम अस्ट्रेलियाको डार्लिङ बेसीमा बसोबास गर्ने आदिवासीहरू। – ३४

**कायुगा** – वर्तमान न्यु-योर्कमा पर्ने भूभागमा बसोबास गर्ने इरोक्वा समूहका एक प्रजाति। – ११२

**काल्मिक** – मङ्गोलिङ उत्पत्तिको एक जाति। सोह्रौं शताब्दीको अन्तसम्म मध्य एसियाको जुङ्गारिया स्तेपमा बस्थे। सत्रौं शताब्दीको उत्तरार्द्धमा रूसका दक्षिण-पूर्वी इलाकाहरूमा सरे र तल्लो भोल्गाको बेसीमा फैलिए। – १२७

**कावियात (कावियाक)** – बेरिङ खाडीको तटवर्ती क्षेत्रमा बस्ने रेड इन्डियन जाति। – ८४

**कुकु** – एक दक्षिण अमेरिकाली इन्डियन प्रजाति, जो वर्तमान चिलीको भू-भागमा बसोबास गर्थे। – ८४



**केल्ट** – प्राचीन कालमा केन्द्रीय एवम् पश्चिम युरोपमा बसोबास गर्ने प्रजाति समूह। – ६२-६३, ७२, १४७, १६७, १७१, १७३

**कैरीबियन (कैरीब)** – उत्तरी र केन्द्रीय ब्राजिल, भेनेजुएला, गायना तथा कोलम्बियाका सिमावर्ती क्षेत्रहरूमा बसोबास गर्ने दक्षिण अमेरिकाली इन्डियन जाति। – ८४

## ग

**गालीय केल्ट (गालिहरू)** – प्राचीन गालियामा बस्ने एक केल्ट जाति (वर्तमान फ्रान्स, उत्तरी इटाली, बेल्जियम, लक्साम्बर्ग, स्विट्जरल्याण्डको भाग तथा नेदरल्याण्ड)। इस्वी सम्वत्को शुरुतिर रोमनहरूद्वारा पराजित। – १६२, १७७, १८३

**गेर्मिनोन** – प्रमुख जर्मन जातिहरूमध्ये एक। इस्वी सम्वत्को शुरुतिर एल्बा नदीदेखि माइनसम्मको भूभागमा बसोबास गर्थे। यही जातिमा स्वाबियाई, हर्मेन, मार्कोमान, क्वाद प्रजाति पनि पर्दछन्। – १६३, १७७

**गोथ** – गोथ समूहको प्रमुख जर्मन जाति। इस्वी सम्वत्को शुरुतिर स्क्यान्डिनेभियाबाट तल्लो भिस्तुलाको बेसीमा अनि तेस्रो शताब्दीतिर कृष्णसागरको तटवर्ती क्षेत्रमा बसाइँ सरेका थिए। चौथो शताब्दीतिर यस क्षेत्रबाट हूणहरूद्वारा निकालिए। गोथ जातिका दुई प्रमुख शाखा थिए – ओस्त्रो-गोथ र भेस्ट-गोथ। पाँचौं शताब्दीको शुरुतिर भेस्ट-गोथहरूले दक्षिण गालियामा अनि पेरेनिज प्रायद्वीपमा आफ्नो अधिराज्य स्थापित गरेका थिए। ओस्त्रो-गोथहरूले पनि त्यही शताब्दीको अन्त्यमा अपेनियन प्रायद्वीपमा आफ्नो अधिराज्यको स्थापना गरे। – १००, १२३, १६३-१६४, १७१

## च

**चिप्पेवा (चाप्पेवाइ)** – ह्युरन खाडीदेखि रक्की पर्वत-मालासम्मको भूभागमा बसोबास गर्ने रेड इन्डियन प्रजाति। – ८४

**चिरोकी** – आपालाच्य पर्वतको दक्षिणवर्ती इलाकाहरूमा बस्ने इरोक्वा समूहको जाति। – १०२

**बेर्बेर** – महान् अक्टोबर समाजवादी क्रान्ति पहिले व्यापक रूपमा प्रचलित उत्तर-पश्चिमी अफ्रिकाका आदिम जनजातिहरूको सामूहिक नाम। यसैमा आदिवे, बेर्बेर तथा काबाइल पनि समावेश छन्।–१३५

## ट

**टाइफाल** – गोट जातको एक जर्मन प्रजाति। तेस्रो शताब्दीमा यिनीहरू कृष्ण सागरको तटवर्ती क्षेत्रमा बसाइँ सरेका थिए् जहाँबाट चौथो शताब्दीको मध्यमा हूणहरूद्वारा धपाइए।–८३

**टिङ्कटेर** – तल्लो राइनको दाहिने किनारमा बसोबास गर्ने एक जर्मन प्रजाति। ई० पू० पहिलो शताब्दीको मध्यमा राइन नदीपारिको क्षेत्रमा बढ्न थाले तर रोमनहरूबाट पराजित भएपछि पछाडि फर्कन बाध्य भए।–१७५

**टुस्कारोरा** – इरोक्वा समूहको एक रेड इण्डियन प्रजाति, जो वर्तमान भर्जिनिया तथा उत्तरी क्यारोलाइनाका आन्ध्र महासागरको तटवर्ती इलाकाहरूमा बसोबास गर्दथ्यो।–१०५

**ट्यूटन** – जुटल्याण्ड प्रायद्वीप तथा तल्लो एल्बाको क्षेत्रमा बस्ने एक जर्मन जाति। ई० पू० दोस्रो शताब्दीमा सिम्ब्रिकसँग मिलेर युरोपको दक्षिणतर्फ बढ्न थाले। रोमनहरूद्वारा पराजित भएपछि बाँकी रहेका ट्यूटनहरू राइन र नेक्कर बेसिनमा बसोबास गर्न थाले।–१६२

## ड

**डकोटा** – उत्तर अमेरिकाको एक रेड इण्डियन जाति जो मिस्सूरी बेसिनमा, क्यानाडादेखि अर्कान्सो नदीसम्म तथा मिसिसिपि नदीदेखि रकी माउन्टेन-सम्मको क्षेत्रमा बसोबास गर्दथे। यो स्यू-होका भाषिक परिवारको जाति हो।–१०६, ११२

**डोरियन** – प्राचीन युनानी जाति। ई० पू० बाह्रौं-एघारौं शताब्दीमा उत्तरी क्षेत्रबाट पेलोपोनेज प्रायद्वीप तथा एजियन सागरको दक्षिणी भागमा पर्ने टापुहरूमा बसाइँ सरेका थिए।–७६, ११०



## त

**ताहू** – एक रेड इण्डियन प्रजाति जो न्यू मेक्सिकोको उत्तरी भागमा बसोबास गर्दथ्यो।–६३

**तिम्नेह** – पश्चिमी क्यानाडाको आन्तरिक क्षेत्रमा भित्री अलास्का तथा केनाइ प्रायद्वीपको तटवर्ती क्षेत्रमा बस्ने रेड इण्डियन जाति।–४४

**तुरानी** – तुरानी निम्नभूमिका बासिन्दाहरूको तुरानी नाम।–१६१

## द

**देलावार** – रेड इण्डियन प्रजाति। सत्रौं शताब्दीको शुरूतिर देलावार बेसिन तथा तल्लो हडसनको क्षेत्रमा बसोबास गर्दथे (वर्तमान न्यू-जर्सी, देलावेर, न्यू-योर्क तथा पेन्सिल्भेनियामा पर्ने भूभाग)। अठारौं शताब्दीको मध्यतिर युरोपेलीहरू तथा इरोक्वा जातिको दबाबमा परेर ओहायो उपत्यकामा बसाइँ सर्न बाध्य भए। पछि आएर अमेरिकीहरूद्वारा मिसिसिपि पारिको क्षेत्रतर्फ पन्छाइए।–६४

## थ

**थ्रासियाली** – प्राचीन कालमा बाल्कन प्रायद्वीपको पूर्वी भागमा बसोबास गर्ने एक जाति।–६२

## न

**नूट्का** – भ्यानकुभर द्वीपको दक्षिण-पश्चिमतर्फ तथा नजिकैका टापुहरूमा बसोबास गर्ने रेड इण्डियन वाकाशन प्रजातिहरूको एक समूह।–१६०

**नुबियन** – पूर्वी सुडानको उत्तरपट्टि तथा मिश्रको दक्षिणवर्ती क्षेत्रमा बस्ने एक जाति।–११६

**नेनेत्स** – सोभियत संघको उत्तरपट्टि एशियाई नदीदेखि श्वेतसागरको पूर्वी तट-सम्मको क्षेत्रमा एवम् कल्गुएव, भाइगाच तथा नोभाया जेम्ल्या द्वीपहरूमा बसोबास गर्ने जाति।–१६७

**नोरिक** – इलिरियाली-केल्ट प्रजातिहरूको समूह जो प्राचीन रोमको नोरिक

17*

प्रदेश (आधुनिक सिलेसिया तथा गालिसियाको भाग) मा बसोबास गर्दथे।–१७७

**नोर्मान्**–युटल्याण्ड तथा स्केण्डिनेभियामा बसोबास गर्ने जर्मन प्रजातिहरू। मध्ययुगमा प्राचीन नर्वे, स्विडेन तथा डेनमार्कवासीहरूको लागि व्यापक रूपमा प्रचलित नाम।–१३, १८४

## प

**पञ्चाली**–पश्चिमाली स्लावहरूको एक जाति जो मुख्यतया उपल्लो इयोरी तथा आदा नदीको मध्यभागमा बसोबास गर्दछ्यो।–१६७

**पार्थव**–ई० पू० पहिलो सहस्राब्दीको मध्यदेखि इरानको उत्तर-पूर्वी पहाडी क्षेत्रमा बसोबास गर्ने इरानी प्रजातिहरूको समूह। छैटौँ-पाँचौँ शताब्दीमा सिथियाली जनजातिहरूबाट पराजित।–७४

**पिक्ट**–प्राचीनकालमा वर्तमान स्कटल्याण्डमा पर्ने भूभागमा बसोबास गर्ने एक जाति। नवौँ शताब्दीमा स्कटल्याण्डवासीहरूद्वारा पराजित।–१६२

**पुएब्लो**–उत्तर अमेरिकाको एक रेड इन्डियन जाति। पुएब्लोहरू वर्तमान न्यू-मेक्सिको, आरिजोना, क्यालिफोर्नियाको दक्षिणी भाग तथा मेक्सिकोको उत्तर-पश्चिमी भूभागमा बसोबास गर्थे।–१२८

**पेउकिन**–जर्मन बास्टर्न प्रजातिको एक जमात। केही प्राचीन लेखकहरू उनीहरू र बास्टार्नलाई एकै जात ठान्थे।–१७६

**पेलास्गियन**–प्राचीनकालमा बाल्कन प्रायद्वीपको दक्षिणी भाग तथा एसिया माइनरको पश्चिम तटवर्ती क्षेत्रमा बसोबास गर्ने एक जाति।–११०

**पोलिनिसियन**–पोलिनेसिया तथा मेलानेसिया द्वीप-समूहका पश्चिमस्थित सानासाना टापुहरूका आदिवासी।–२६

## फ

**फिनिसियाली**–प्राचीन फिनिसियाका बासिन्दाहरू।–१३०

**फ्राङ्क**–जर्मन प्रजातिहरूको एक समूह। तेस्रो शताब्दीसम्म इस्तेभोन अथवा इस्तेभोनहरूको नामबाट परिचित। फ्राङ्कहरू मुख्यतया राइनको मध्य तथा निम्न भागहरूमा बसोबास गर्दथे। तेस्रो शताब्दीदेखि गालियामाथि आक्रमण गर्दै आए र पाँचौं शताब्दीको सुरुतिर त्यसमाथि पूर्ण विजय प्राप्त गरे।–१७६, १७७, १८३-१८६

## ब

**बताबी**–इस्वी सम्वत्को सुरुतिर मास, राइन र वाल नदीहरूबीचको भूभाग (वर्तमान हल्याण्ड) मा बसोबास गर्ने एक जर्मन जाति।–१६७

**बारेआ**–पश्चिमी इथियोपियाको सिमानाको क्षेत्रमा बस्ने प्रजाति।–६३

**बास्टर्न**–गोट जातिको एक जर्मन प्रजाति, जो इस्वी सम्वत्को सुरुतिर डेन्युब नदीदेखि कार्पेथियनतर्फको भूभागमा बसोबास गर्दथ्यो।–१७५

**बुरगुण्ड**–गोट समूहको एक जर्मन प्रजाति, जो इस्वी सम्वत्को सुरुतिर स्केण्डिनेभियाबाट भिस्टुला नदीदेखि ओडर नदीसम्मको क्षेत्रमा बसाइँ सरेका थिए। पछिगएर दक्षिण-पश्चिमतर्फ बढ्दै पाँचौँ शताब्दीतिर रोन नदीमा बसोबास गर्न थाले।–११३, १२६

**बेल्गी**–उत्तरी गालियाका सेन र राइन नदीबीचको भूभागमा तथा ब्रिटेनको पश्चिमी तटवर्ती क्षेत्रमा बसेको गालीय केल्टहरूको एक प्रजाति।–१६७

**ब्रिटेन**–प्राचीन ब्रिटेनका आदिवासी केल्ट प्रजातिहरू। आङ्ग्ल-स्याक्सन विजयको परिणामस्वरूप यी प्रजातिहरू आंशिक रूपमा समाहित भए र आंशिक रूपमा वेल्स, स्कटल्याण्ड तथा ब्रेटान प्रायद्वीपतिर निष्कासित।

**ब्रुक्टेर**–इस्वी सम्वत्को सुरुतिर लिपे र एम्स नदीहरूबीचको क्षेत्रमा बसेको एक जर्मन प्रजाति।–१६७

## म

**मयामी (मियामी)**–सत्रौँ शताब्दीमा मिशिगन तालकावरिपरिको क्षेत्रमा बसोबास गर्ने एक रेड इन्डियन प्रजाति, जो अठारौँ शताब्दीतिर वर्तमान इलिनोइस, इन्डियाना र ओहायोमा पर्ने भूभागमा बसाइँ सरेको थियो

र उसलाई पछिमएर अमेरिकीहरूद्वारा मिसिसिपि नदीपारि पश्चिमतर्फ निकालियो। – ९८

**मोहौक** – उत्तर अमेरिकाको इरोक्वा समूहको रेड इण्डियन प्रजाति, जो वर्तमान न्यू-योर्कको क्षेत्रमा बसोबास गर्दथ्यो। – ११२

## र

**रेड इण्डियन** – उत्तर अमेरिकाका आदिवासीहरू। – २०, २८, ३१, ३६, ३९, ४७-६१, ६६, ६८, ८२, १००, १०४-१०६, १०८-१०९, १११-११२, ११४, ११६, ११८, १२२, १२४, १२८, १३१, १४४, १६८, १७२-१७३, १८९-१९०

## ल

**लाइगोबार्ड** – एक जर्मन प्रजाति, जो पाँचौं शताब्दीसम्म तल्लो एल्बाको बायाँ किनारमा बसेका थिए। पछिमएर मध्य डेन्युबको बेसी र उत्तरी एपस् गण्ड इटालीमा सरे। – १६३

**लिगुर** – प्राचीन कालमा अपेनिनस प्रायद्वीपको अधिकांश भूभागमा बस्ने प्रजातिहरू। छैटौं शताब्दीतिर इटालिली प्रजातिहरूद्वारा तिनीहरूलाई उक्त प्रायद्वीपको। उत्तर-पश्चिम तथा गालियाको दक्षिण पूर्वी तटवर्ती भागतर्फ धपाइयो इस्वी सम्वत्‌को शुरुमा तिनीहरू रोमनहरूद्वारा पराजित भए र तिनको क्रमिक रोमनीकरणको थालनी भयो। – १५७

**ल्याटिन** – इटालेली प्रजातिहरूका कुइ प्रमुख समूहमध्ये एक। प्राचीन रोमनहरू पनि यसै समूहमा पर्दथे। – ७०, १४६, १५२

## व

**वारली** – महाराष्ट्र तथा आंशिकतः मध्यप्रदेशका उत्तरी इलाकाहरूमा बस्ने एक जाति। – १५७

**वेल्स** – वेल्स प्रायद्वीप तथा एकसलूसी द्वीपमा बस्ने केल्ट उत्पत्तिको एक जाति। – १६२



## स

**साम्री** – सामो-थामी भाषिक समूहभित्र पर्ने साम्री शाखाका जनजातिहरूलाई बोध गराउने उन्नाइसौं शताब्दीमा व्यापक रूपमा प्रचलित नाम। – ३१-३९, ६४, ७०, १६१

**साबेल** – प्राचीन इटालेली प्रजातिहरूका दुइ प्रमुख समूहमध्ये एक। – १४४

**सामोयेद** – हेर्नोस् नेनेच।

**सिम्ब्रि** – दुन्लाण्ड प्रायद्वीपमा बसोबास गर्ने जर्मन जाति। इ० पू० दोस्रो शताब्दीमा ट्युटनसँग मिलेर युरोपको दक्षिणतर्फ सर्ने वाले। रोमनहरूद्वारा पराजित भएपछि बाल, माइन तथा नेक्कर बेसीमा बसोबास गर्ने थाले। – १६२

**सेनेका** – इरोक्वा जातिको एक रेड इण्डियन प्रजाति जो वर्तमान न्यू-योर्कको क्षेत्रमा बसोबास गर्दथ्यो। – ३५, ५१, ६३, १०१-१०२, १०६-१०७, ११२, १६२

**सेलियन फ्राङ्क** – फ्राङ्क जातिका दुइ प्रमुख जर्मन शाखाहरूमध्ये एक। चौथो शताब्दीको मध्यमा उनीहरू राइन मुहानदेखि शेल्डसम्म उत्तर सागरको तटवर्ती क्षेत्रमा बसोबास गर्दथे, पछिमएर उत्तरी गालियामा बसाइँ सरे। – १८२

**स्काट** – प्राचीन आयरल्याण्डमा बसोबास गर्ने केल्ट प्रजातिहरूको एक समूह। सन् ५०० मा स्काटहरू आंशिक रूपमा वर्तमान स्कटल्याण्डमा पर्ने क्षेत्रमा बसाइँ सरेका थिए। नवौं शताब्दीको मध्यातिरमा उनीहरूले पिक्टहरू-माथि विजय प्राप्त गरेका थिए। – १६२

**स्वेब** – इस्वी सम्वत्‌को शुरुतिर एल्बा बेसीमा बसोबास गर्ने जर्मन प्रजाति समूह। – १०८, १६२, १६८-१६६

**स्वानेती** – कोकेशिया पर्वत शृङ्खलाका दक्षिण-पश्चिमी पाखाहरूमा तथा स्वानेतियामा बसोबास गर्ने एक जर्जियाली जाति। – १५७

## श

**शक** – इ० पू० सातौं शताब्दीदेखि इस्वी सम्वत्‌को पहिलो शताब्दीसम्म कृष्ण-सागरको तटवर्ती क्षेत्रमा बसोबास गर्ने प्रजाति समूह। – ४४

**शाउनी** – वर्तमान जर्जिया तथा दक्षिण कैरोलिनाहरूमा पर्ने क्षेत्रमा उपत्यकामा बसोबास गर्ने रेड इण्डियन प्रजाति। – ६८

## ह

**हाइडा** – क्वीन शार्लट द्वीप तथा प्रिन्स-अफ-वेल्स द्वीपको दक्षिणवर्ती भागमा बस्ने एक रेड इण्डियन प्रजाति। – १६०

**हूण** – केन्द्रीय एशियाका घुमन्ते जनजाति, जो ४थी शताब्दीको शुरुतिर ह्वाङ-हो बेसीमा उत्तर तथा पश्चिम क्षेत्रमा बसोबास गर्दथे। पछिल्लो शताब्दीमा पश्चिमतर्फ बढ्न थाले। पाँचौँ शताब्दीमा आत्तिलासम्म पुगेर रोमन तथा अन्य युरोपेली जनताहरूद्वारा पराजित भए। – ४४

**हेम्गुरी** – पूर्वी अफ्रिकाको पहाडी क्षेत्रमा बस्ने आदिवासीहरूको एक समूह। – १२०

**हेरुल** – एक जर्मन जाति, जो ३री शताब्दीको शुरुतिर स्केन्डिनेभियामा बसेको थियो। तेस्रो शताब्दीमा हेरुलहरू कृष्णसागरको तटवर्ती क्षेत्रमा बसाइँ सरे, जहाँबाट हूणहरूद्वारा निकालिए। – ८३

**हो** – बिहारको दक्षिणी भागमा बसोबास गर्ने एक प्रजाति। – ६१

# साहित्यिक तथा पौराणिक पात्रहरू

## अ

**अब्राहम** (Abraham) – बाइबलमा उल्लिखित मतअनुसार प्राचीन यहुदी पूर्वज – ६६

## आ

**आनाइतिस** (Anaitis) – प्राचीन फारसी पौराणिक कथामा जल र उर्वरताकी देवी अनाहिताको प्राचीन युनानी नाम। – ६२, ७६

**आपोलो** (Appollo) – प्राचीन युनानी पौराणिक कथामा घाम र प्रकाशका देवता, कलाका संरक्षक। – १४-१५

**आफ्रोदित** (Aphrodite) – प्राचीन युनानी पौराणिक कथामा उल्लिखित प्रेम र सौन्दर्यकी देवी। – ७६

**आर्गोनटहरू** (Argonauts) – प्राचीन युनानी पौराणिक कथाका पात्रहरू, जो जेसनको संरक्षणमा सुनको छालाको लागि 'आर्गो' नामक जहाजमा कोल्चिस पुगेका थिए। – १६५

**आल्थिया** (Althea) – प्राचीन युनानी पौराणिक कथामा राजा थेस्टियसकी छोरी र मिलियागरकी आमा। – १६५

## उ

**उले-नर्वेली** (Ule The Norwegian) – प्राचीन जर्मन जन-महाकाव्य तथा १३-औं शताब्दीको मध्ययुगीन काव्य 'गुड्रुन' का नायिका। – ८३

## ए

**एकिलिस** (Achilles) – प्राचीन युनानी पौराणिक कथामा वीर नायकहरूमध्ये सबभन्दा पराक्रमी, जसले ट्रोयलाई घेरेका थिए, होमरको कृति 'इलियाड' का मुख्य पात्रहरूमध्ये एक। – ७५, १२६

**एगामेम्नोन** (Agamemnon) – प्राचीन युनानी पौराणिक कथामा उल्लिखित आर्गोलिसका राजा, होमरको कृति 'इलियाड' का पात्रहरूमध्ये एक पात्र, ट्रोयमा भएको युद्धकालमा युनानी सेनापति; एस्किलसको 'एगामेम्नोन' नामक दुखान्त कृतिका मुख्य पात्र। – १४, ७५, १२३, १२६

**एगिस्ट** अथवा **एगिस्थ** – प्राचीन युनानी पौराणिक कथामा क्लिटेम्नेस्ट्राका प्रेमी, एगामेम्नोनको हत्या अपराधका सहभागी; एस्किलसको त्रिखण्डीय कृति 'ओरेस्टिया' को पहिलो तथा दोस्रो खण्डका नायक। – १४

**एट्सेल** (Etzel) – प्राचीन जर्मन जन-महाकाव्य र त्यस्तै मध्ययुगीन जर्मन काव्य 'निबेलुङहरूको गीत' का नायक, हुणहरूका राजा। – ६३

**एडियोफिलस** – हेर्नोस् पोलिफिलस।

**एथेन पाल्लास** (Athene Pallas) – प्राचीन युनानी पौराणिक कथामा युद्ध र विद्याकी देवी, जसलाई एथेन्स राज्यकी संरक्षिका मान्थे। – १४-१५

**एरिन्नीहरू** – प्राचीन युनानी पौराणिक कथामा प्रतिशोधकारी राक्षसीहरू, जो कैलको ठाउँमा सर्पहरू भएका स्वास्नीहरूको रूपमा थिए। – १४-१५

## ऐ

**ऐउमेउस** (Eumaeus) – होमरको काव्य 'ओडेसी' का एक पात्र, इटाका टापुका राजा ओडिसियसका सुँगुरपालक; ओडिसियसको धेरै वर्ष लामो सम्पूर्ण परिभ्रमणकालमा आफ्नो मालिकको साथ रहे। – १२७

## ओ

**ओडिसियस** (Odysseus) – होमरको काव्य 'इलियाड' र 'ओडेसी' का नायक, इटाका टापुका पौराणिक राजा, ट्रोय युद्धको बेला युनानी सेनाका एक सेनापति, आफ्नो बहादुरी, धूर्त्याइँ र चालाकीहरूका लागि विख्यात। – १२६



**ओरेस्टस** (Orestes) – प्राचीन युनानी पौराणिक कथामा एगामेम्नोन र क्लिटेम्नेस्ट्राका छोरा, जसले स्वयम् आफ्नी आमा र एगिस्थसित आफ्ना पिताको हत्याको बदला लिएका थिए। एस्किलसको दुखान्त कृति 'ओरेस्टिया' का नायक। – १४-१५

## क

**कसान्द्रा** (Cassandra) – प्राचीन युनानी पौराणिक कथामा ट्रोयका राजा प्रियामकी छोरी, भविष्यवक्त्री, जसलाई एगामेम्नोनले ट्रोयनाशपछि विजयपछि एउटी दासीको रूपमा युनान ल्याएका थिए; एस्किलसको दुखान्त कृति 'एगामेम्नोन' का पात्रहरूमध्ये एक। – ७५

**क्रिमहिल्ड** (Kriemhild) – प्राचीन जर्मन जन-महाकाव्य तथा मध्ययुगीन जर्मन काव्य 'निबेलुङहरूको गीत' की नायिका। बुरगुण्डहरूका राजा गुन्टेरकी बहिनी, सिगफ्रिडकी पत्नी, सिगफ्रिडको मृत्युपछि हुणहरूका राजा एट्सेलकी पत्नी। – ६२-६३

**क्लोए** (Chloe) – लोङस (दोस्रो-तेस्रो शताब्दी ई० स०) द्वारा लिखित प्राचीन युनानी उपन्यास 'डाफनिस र क्लोए' की नायिका, जसमा परेको गोठालीको चित्रण। – ६१

**क्लियोपात्रा** (Cleopatra) – प्राचीन युनानी पौराणिक कथामा उत्तरी वायुका देवता बोरेइको छोरी। – १६५

**क्लिटेम्नेस्ट्रा** (Clytemnestra) – प्राचीन युनानी पौराणिक कथामा एगामेम्नोनकी पत्नी ट्रोयको युद्धपश्चात् फर्केका आफ्ना पतिको हत्या गरिन्, एस्किलसको दुखान्त कृति 'ओरेस्टिया' की नायिका। – १४

## ग

**गानिमेद** (Ganymede) – प्राचीन युनानी पौराणिक कथामा एक अति सुन्दर युवक जसलाई देवताहरूले चोरेर ओलिम्पमा ल्याएका थिए; ओलिम्पमा त्यस युवकले मुख्य देवता – जीयसको कचौरा बोक्ने केटोको काम गऱ्यो। – ७२

**गुद्रुन (कुद्रुन)** (Gudrun, Kudrun) जर्मन जन-महाकाव्यकी नायिका र

त्यसैले १३ औं शताब्दीको मध्ययुगीन काव्य 'गुड्रुन' की प्रमुख नायिका, आयरल्याण्डका राजा हेतैल (हेगेलिङ्गनका राजा) र हिल्डकी छोरी, जीलेण्डका राजा हेरविगकी दुलही, जसलाई नोर्मण्डीका राजकुमार हार्टमुटले अपहरण गरेका थिए र उनीसँग विवाह गर्न अस्वीकार गरेकोले १३ वर्षसम्म बंदी बनाएर राखेका थिए; हेरविगले उनलाई कैदबाट मुक्त गरे र उनीसँग विवाह गरे। – ६३

गुन्थर (Gunther) – प्राचीन जर्मन जन-महाकाव्यका नायक, र त्यसै मध्ययुगीन जर्मन काव्य 'निबेलुङ्हरूको गीत' का नायक, बुरगुण्डहरूका राजा। – ६२-६३

### ज

जिगफ्रिड (Siegfried) – प्राचीन जर्मन जन-महाकाव्यका एक मुख्य पात्र, मध्ययुगीन जर्मन काव्य 'निबेलुङ्हरूको गीत' का पनि पात्र। – ६२-६३

जिगफ्रिड मोरल्याण्डेली (Siegfried Morland) – प्राचीन जर्मन जन महाकाव्यका नायक, साथै तेन्ह्रौं शताब्दीमा लेखिएको जर्मन काव्य 'गुड्रुन' का पात्र, गुड्रुनका उमेदवार वरहरूमध्ये एक। – ६२-६३

जीगेबान्ट आयरल्याण्डेली – प्राचीन जर्मन जन-महाकाव्य र तेन्ह्रौं शताब्दीको मध्ययुगीन काव्य 'गुड्रुन' का नायक, आयरल्याण्डका राजा। – ६३

जीयस (Zeus) – प्राचीन युनानी पौराणिक कथाका मुख्य देवता। – १२७

जोर्ज डान्डेन (Georges Dandin) – मोलियरको 'जोर्ज डान्डेन' अथवा 'ठगिएको पति' नामक हास्य नाटकका मुख्य पात्र, एक धनी र उल्लू किसानको प्रतिरूप, जसले एउटी ठाट उन्डेकी कुलीन महिलासँग बिहे गर्दछ; त्यस महिलाले बारो कुल्पोदैराम उसलाई ठग्दछिन्। – २००

### ट

टेउक्रस (Teukros) – होमरको काव्य 'इलियाड' का नायक, ट्रोयको लडाईमा भाग लिएका थिए। – ७३



टेलेमाकस (Telemachus) – होमरको काव्य 'ओडिसी' का नायक, इथाका टापुका राजा ओडिसियसका छोरा। – ७४

### ड

डाफनिस (Daphnis) – लोङ्गस (दोस्रो-तेस्रो शताब्दी ई० सं०) को उपन्यास 'डाफनिस र क्लोए' का नायक, प्रेममा परेको गोठालोको प्रतिरूप। – ६१

### त

तेलामोन (Telamon) – प्राचीन युनानी पौराणिक कथाका एक नायक, ट्रोयको विरुद्ध आक्रमणका एक सहभागी। – ७२

### थ

थेसियस (Theseus) – प्राचीन युनानी पौराणिक कथाका प्रमुख पात्रहरूमध्ये एक, एथेन्सका पौराणिक राजा, जसले एथेन्स राज्यको निर्माण गरेको थियो भनिन्छ। – १३१

थेस्तियस (Thestius) – प्राचीन युनानी पौराणिक कथामा एटोलियास्थित प्लेउरोनका राजा। – १६४

### द

दिमोदोकस (Demodocus) – होमरको काव्य 'ओडेसी' का एक पात्र, फायाकियनहरूका पौराणिक राजा आल्किनसको दरबारमा अन्धो गायक। – १२७

### न

नेस्टोर (Nestor) – प्राचीन युनानी पौराणिक कथामा ट्रोयको विरुद्ध युद्धमा भाग लिएका वीरपुरुषहरूमध्ये सबभन्दा बूढो र बुद्धिमान पात्र। – १२३

**न्योर्ड** (Niord) – प्राचीन स्केण्डिनेभियाली पौराणिक कथामा उर्वरताका देवता, प्राचीन स्केण्डिनेभियाली जनकाव्य 'जेठी एड्डा' का नायक। – ४६

**प**

**पोलिनिइसेस** (Polyneices) – प्राचीन युनानी पौराणिक कथामा थिबिसका राजा एडिपसका छोरा, जसले आफ्नो दाजु एटिओक्लिससँग थिबिसको राज्य-सत्ता बाँडेर लिएका थिए; उनले आफ्नो दाजुको हत्या गरे र त्यही द्वन्द्व-युद्धमा आफू पनि मारिए; एस्किलसको दुखान्त कृति 'थिबिसको विरुद्ध सात जना' यसै किंवदन्तीमा आधारित थियो। – १२४

**फ**

**फिनियस** (Phineus) – प्राचीन युनानी पौराणिक कथाका अन्धो ज्योतिषी, जसले आफ्नो पहिलो पत्नीका छोराछोरीहरूलाई दोस्री पत्नीको भनाइमा लागेर यातना दिने गर्थे। उनको पहिलो विवाहबाट बोरेइकी छोरी क्लियोपेट्रा जन्मेकी थिइन्। आफ्ना केटाकेटीहरूप्रतिको यस व्यवहारको लागि उनी देवताहरूद्वारा दण्डित भएका थिए। – १६५

**फ्रेया** (Freya) – प्राचीन स्केण्डिनेभियाली पौराणिक कथाका प्रेम र उर्वरताकी देवी, प्राचीन स्केण्डिनेभियाली जन-महाकाव्य 'जेठी एड्डा' की नायिका। आफ्नो दाजु फ्रेयर देवताकी पत्नी। – ४६

**ब**

**बोरिआडहरू** (Borades) – प्राचीन युनानी पौराणिक कथा उत्तरी बतासका देवता बोरेइ र एथेन्सकी महारानी ओरेइथीयकाका छोराछोरीहरू। – १६५

**ब्रुनहिल्ड** (Brunhild) – जर्मन जन-महाकाव्यकी नायिका, तेरहौं शताब्दीको जर्मन काव्य 'निबेलुङहरूको गीत' की नायिका, आइसल्याण्डकी महारानी, पछिगएर बुरगुण्डहरूका राजा गुन्टेरकी पत्नी। – ६३

**म**

**मिलिआगर** (Meleager) – प्राचीन युनानी पौराणिक कथामा कालिडोन



नगरका पौराणिक राजा एनेइ र आल्थियाका छोरा, जसले आफ्नी आमाका भाइहरूको हत्या गरेका थिए। – १६४-१६५

**मिलित्ता** (Mylitta) – बेबिलोनको पौराणिक कथाका प्रेम र उर्वरताकी देवी इस्टरको प्राचीन युनानी नाम। – ६२

**मुलियस** (Mulios) – होमरको काव्य 'ओडेसी' को एक पात्र। – १२७

**मेफिस्टोफिलिस** (Mephistopheles) – ग्योटेको दुखान्त कृति 'फाउस्ट' का एक चरित्र-नायक। – ४६

**मोसेस** (Moses) – बाइबलमा उल्लिखित भएअनुसार ज्योतिष तथा कानुन निर्माता, जसले प्राचीन यहुदीहरूलाई इजिप्टवासीहरूको कैदबाट मुक्त गरेका थिए र उनीहरूलाई कानुन प्रदान गरे। – १२, ६५

**र**

**रोम्युलस** (Romulus) – प्राचीन रोमको पौराणिक संस्थापक तथा प्रथम राजा। – १४६, १५२

**ल**

**लोकी** (Loki) – प्राचीन स्केण्डिनेभियाली पौराणिक कथामा उल्लिखित एक दुष्ट राक्षस, अग्नि-देवता, प्राचीन स्केण्डिनेभियाली जन-महाकाव्य 'जेठी एड्डा' का नायक। – ४६

**स**

**सिफ** (Sif) – प्राचीन स्केण्डिनेभियाली पौराणिक कथामा मेघदेव थोरकी पत्नी, प्राचीन स्केण्डिनेभियाली जन-महाकाव्य 'जेठी एड्डा' की एक पात्रा। – १६३

**ह**

**हादुब्राण्ड** (Hadubrand) – प्राचीन जर्मन वीरकाव्य 'हिल्डेब्राण्डको गीत' का एक पात्र, वीरकाव्यका मुख्य पात्र हिल्डेब्राण्डका छोरा। – १६४

**हार्टमुट** (Hartmut) – प्राचीन जर्मन जन-महाकाव्य र तेह्रौं शताब्दीको मध्ययुगीन जर्मन काव्य 'गुड्रुन' का पात्र, नोर्मन्डीका राजकुमार, गुड्रुनका अस्वीकृत वरहरूमध्ये एक। – ६३

**हिल्डे** (Hilde) – प्राचीन जर्मन जन-महाकाव्य र तेह्रौं शताब्दीको मध्ययुगीन जर्मन काव्य 'गुड्रुन' की माता, आयरल्याण्डका राजाकी छोरी, हेगेलिङ्गहरूका राजा हेटेलकी पत्नी। – ६३

**हिल्डेब्राण्ड** (Hildebrand) – प्राचीन जर्मन वीरकाव्य 'हिल्डेब्राण्डको गीत' का प्रमुख नायक। – १६३

**हेटेल** (Hettel) – प्राचीन जर्मन जन-महाकाव्य र तेह्रौं शताब्दीको मध्ययुगीन जर्मन काव्य 'गुड्रुन' का पात्र, हेगेलिङ्गहरूका राजा। – ६३

**हेरविग** (Herwig) – प्राचीन जर्मन जन-महाकाव्य तथा तेह्रौं शताब्दीको मध्ययुगीन जर्मन काव्य 'गुड्रुन' का पात्र, जीलाण्डका राजा र गुड्रुनका पति। – ६३

**हेराक्लस अथवा हर्कुलस** (Heracles or Hercules) – प्राचीन यूनानी पौराणिक कथाका एक लोकप्रिय नायक, जो आफ्ना शारीरिक शक्ति तथा असाधारण पराक्रमले गर्दा प्रसिद्ध थिए। – १६४